जोन रिड

संसारलाई हल्लाइदिएका ती दस दिन

जोन रिड

जोन रिड

संसारलाई हल्लाइदिएका ती दस दिन

प्रगति प्रकाशन
मास्को

अनुवादक – राजेन्द्र मास्के

Джон Рид

10 ДНЕЙ,
КОТОРЫЕ ПОТРЯСЛИ МИР

на языке непали

JOHN REED

TEN DAYS
THAT SHOOK THE WORLD

in Nepali

© नेपाली भाषामा अनूदित • प्रगति प्रकाशन • सन् १९८७

सोभियत सङ्घमा मुद्रित

Р $\frac{0505030101-584}{014(01)-87}$ 303–87

अनुक्रमणिका

भ्लादिमिर इलिच लेनिन र नाजेज्दा क्रुप्स्कायाका भूमिकाहरू . . ५
अमेरिकी संस्करणको भूमिका ७
रूसी संस्करणको भूमिका ८
प्रस्तावना १३
टिप्पणी र व्याख्याहरू २०
अध्याय १। पृष्ठभूमि ३५
अध्याय २। हुरीको पूर्वाभास ५३
अध्याय ३। पूर्वबेलामा ८१
अध्याय ४। अस्थायी सरकारको पतन ११४
अध्याय ५। द्रुत अग्रगमन १५३
अध्याय ६। उद्धार समिति १९१
अध्याय ७। क्रान्तिकारी मोर्चा २१७
अध्याय ८। प्रतिक्रान्ति २३९
अध्याय ९। विजय २६४
अध्याय १०। मास्को २९२
अध्याय ११। सत्ताप्राप्ति ३०८
अध्याय १२। किसानहरूको महाधिवेशन ३३९
जोन रिडद्वारा प्रस्तुत परिशिष्ट ३६१
प्रकाशकको भनाइ ४८४
ए० विलिएम्स। जोन रिडको जीवनी ४९३

भ्लादिमिर इलिच लेनिन र नाजेज्दा क्रुप्स्कायाका भूमिकाहरू

रूसी संस्करणको भूमिका

'संसारलाई हल्लाइदिएका ती दस दिन'—जोन रिडले आफ्नो आश्चर्यजनक पुस्तकको यही नाम राखेका छन्। यस पुस्तकमा अक्टोबर क्रान्तिका सुरुका दिनहरूको असाधारण रूपले सजीव तथा सशक्त वर्णन प्रस्तुत गरिएको छ। यो पुस्तक न घटनाहरूको इतिवृत्त मात्रै हो, न त दस्तावेजहरूको सङ्ग्रह नै, यो त कतिपय त्यस्ता सजीव दृश्यहरूको वर्णन हो, जुन कति लाक्षणिक छन् भने क्रान्तिमा भाग लिने प्रत्येक व्यक्तिलाई त्यस्तै कुनै घटनाको स्मरण हुनेछ, जसको उनी सहभागी थिए। स्वयम् जीवनबाट लिइएका यी सम्पूर्ण दृश्यहरूले जनसमुदायको भावनालाई आश्चर्यजनक तरिकाले यथार्थ रूपमा प्रतिबिम्बित गरेका छन्, यो त्यस्तो भावना हो, जसको पृष्ठभूमिमा महान् क्रान्तिको प्रत्येक गतिविधि विशेष रूपमा स्पष्ट हुन्छ।

सुरुमा त तपाईंलाई एक जना विदेशीले, एक अमेरिकीले, जसलाई न यस देशको भाषाकै ज्ञान छ, न त यस जनताको रहनसहनबारे नै केही थाहा छ, कसरी यस्तो पुस्तक लेख्न सक्यो भन्ने कुरामा आश्चर्य पनि लाग्न सक्छ...। त्यस्तो मान्छेले त प्रत्येक पाइलामा हास्यास्पद गल्तीहरू गर्नुपर्ने हो, कतिपय महत्त्वपूर्ण कुराहरू छोड्नुपर्ने हो भन्ने पनि लाग्न सक्छ।

अधिकांश विदेशीहरू सोभियत रसियाबारे अर्कै तरिकाले लेख्दछन्। उनीहरूले कतिपय घटनाहरू त बुझेकै हुँदैनन्, अथवा त्यस्ता पृथक्पृथक् घटनाहरूको सङ्ग्रह गर्दछन्, जुन सधैँ लाक्षणिक हुँदैनन् र तिनको आधारमा निष्कर्ष निकाल्दछन्।

वस्तुतः थोरै विदेशीहरू क्रान्तिका प्रत्यक्षदर्शी थिए।

जोन रिड तटस्थ द्रस्टा थिएनन्, उनी अति निष्ठावान् क्रान्तिकारी थिए, एक कम्युनिस्ट थिए, घटनाहरूको महत्त्व बुझ्दथे, महान् सङ्घर्षको तात्पर्य बुझ्दथे। यसै समझदारीले उनलाई त्यो तृक्ष्णदृष्टि प्रदान गर्‍यो, जसविना यस्तो पुस्तक लेख्नु असम्भव थियो।

रूसीहरू पनि अक्टोबर क्रान्तिबारे अर्कै किसिमले लेख्दछन् – उनीहरू या त क्रान्तिको मूल्याङ्कन गर्दछन्, या त ती घटनाहरूको वर्णन गर्दछन्, जसका उनीहरू सहभागी थिए। जोन रिडको पुस्तकले एक वास्तविक लोकप्रिय जनव्यापी क्रान्तिको आम चित्रण प्रस्तुत गरेको छ र त्यसै कारणले यो पुस्तक युवाहरूको लागि, भावी पीढीहरूको लागि, ती मानिसहरूको लागि, जसको लागि अक्टोबर क्रान्ति एक इतिहास बनिसकेको हुन्छ, विशेष महत्त्वपूर्ण हुनेछ। रिडको पुस्तक आफ्नै किसिमको वीरगाथा हो।

जोन रिडले आफ्नो जीवनलाई रूसी क्रान्तिसँग पूर्णतः सम्बन्धित तुल्याए। सोभियत रसिया उनको लागि स्वदेशजस्तै प्यारो र आत्मिय बन्यो। टाइफाइडको रोगले रसियामै उनको मृत्यु भयो र रातो पर्खालमा* उनको अस्थिसञ्चय सुरक्षित रहेको छ। जोन रिडजस्तो व्यक्ति, जसले क्रान्तिका शहीदहरूको अन्त्येष्टिको वर्णन गरे, उनी यस महान् सम्मानको लागि सर्वथा योग्य छन्।

नाजेज्दा क्रुप्स्काया**

---

*क्रेमलिनको रातो चोकसामुन्नेको पर्खाल, जहाँ सोभियत सङ्घका महान् व्यक्तिहरूको अस्थिसञ्चय सुरक्षित रहेको छ। – **अनु०**

** लेनिनकी पत्नी। – **सं०**

जोन रिड

संसारलाई हल्लाइदिएका ती दस दिन

प्रस्तावना

यो पुस्तक इतिहासको एउटा सानो टुक्रो हो, त्यसै रूपमा इतिहास, जुन रूपमा मैले त्यसलाई देखेको थिएँ। यस पुस्तकले त्यस नोभेम्बर* क्रान्तिको विस्तृत विवरणभन्दा बढी दावा गर्दैन, जब बोल्शेभिकहरूले मजदुर तथा सैनिकहरूको नेतृत्व गर्दै रसियामा राज्यसत्ता आफ्नो हातमा लिएका थिए र त्यो सत्ता सोभियतहरूको हातमा सुम्पेका थिए।

स्वभावतः पुस्तकको अधिकांश हिस्सा "रातो पेत्रोग्रादसँग", विद्रोहको यस राजधानी र मुटुसँग सम्बन्धित छ। तर पाठकले के कुरा नबिर्सनुहोला भने पेत्रोग्रादमा जेजति घटनाहरू घटे, ती सबै विभिन्न समयमा, घेरथोर तीव्रतासाथ झण्डै त्यस्तै रूपमा सम्पूर्ण रसियाभरि दोहोरिएका थिए।

यस पुस्तकमा, जुन मैले लेख्न सुरु गरेको पुस्तकमालाको पहिलो पुस्तक हो, म तिनै घटनाहरूको इतिवृत्तमै आफूलाई सीमित राख्न बाध्य हुनेछु, जुन मैले आफैले देखेको थिएँ र अनुभव गरेको थिएँ अथवा जुन प्रामाणिक दस्तावेजहरूद्वारा साबित भएका छन्, यो इतिवृत्तभन्दा पहिले दुई अध्याय-

---

*त्यस समयको रूसी पात्रोअनुसार अर्थात् तथाकथित पुरानो शैली-अनुसार (यो शैली सम्पूर्ण विश्वभरि प्रचलित आधुनिक पात्रोभन्दा १३ दिन फरक पर्छ) क्रान्ति २५ अक्टोबर १९१७ को दिन सम्पन्न भएको थियो र त्यसै कारणले यस क्रान्तिलाई अक्टोबर क्रान्ति भन्दछन्। आधुनिक पात्रो-अनुसार अर्थात् नयाँ शैलीअनुसार ७ नोभेम्बरको दिन क्रान्ति भएको थियो। त्यसै कारणले जोन रिडले सर्वस्वीकृत यस नामको विपरीत नोभेम्बर क्रान्ति भन्नुभएको हो। लेखकको पाण्डुलिपिमा सबै मितिहरू नयाँ शैलीअनुसार राखिएका छन् (र कोष्ठभित्र पुरानो मिति राखिएको छ)। पुस्तकमा गाभिएका कागतपत्रहरूमा र लेनिनका कृतिहरूमा सबै मिति पुरानो शैली-अनुसार राखिएका छन्।

हरूमा नोभेम्बर क्रान्तिको पृष्ठभूमि तथा कारणहरूको सङ्क्षिप्त वर्णन गरिएको छ। यी दुई अध्यायहरू पढ्न त्यति सजिलो पर्नेछैन भन्ने कुरा म बुझ्दछु, तर पछिल्ला अध्यायहरू बुझ्नको लागि ती अति आवश्यक छन्।

स्वभावतः पाठकसमक्ष कतिपय प्रश्नहरू उठ्नेछन्। बोल्शेभिकवाद भनेको के हो? बोल्शेभिकहरूले कुन प्रकारको राजनीतिक व्यवस्था खडा गरे? यदि नोभेम्बर क्रान्तिपहिले बोल्शेभिकहरूले संविधान सभाको लागि सङ्घर्ष गरेका थिए भने किन उनीहरूले पछि गएर शस्त्र प्रयोगद्वारा यो सभा भङ्ग गरे? यदि बोल्शेभिकवादको खतरा स्पष्ट रूपमा देखा नपरून्जेलसम्म बुर्जुवावर्गले संविधान सभाको विरोध गरेको थियो भने त्यसपछि बुर्जुवा-वर्गले किन त्यसै संविधान सभाको समर्थन गर्न पुग्यो?

यी र अन्य कतिपय प्रश्नहरूको उत्तर यस पुस्तकमा दिन सकिँदैन। 'कर्निलोभ-काण्डदेखि ब्रेस्त-लितोभ्स्क सन्धिसम्म'* नामक अर्को पुस्तकमा जर्मनीसँग भएको शान्ति सन्धिसम्म क्रान्तिको प्रक्रिया मैले वर्णन गरेको छु। त्यस पुस्तकमा मैले क्रान्तिकारी सङ्गठनहरूको उत्पत्ति र कार्य, जनभावनाको विकास, विधान सभाको विघटन, सोभियत राष्ट्रको बनोट, ब्रेस्त-लितोभ्स्क सन्धि वार्ताको प्रक्रम तथा परिणामहरूको वर्णन गरेको छु।

बोल्शेभिकहरूको लोकप्रियता किन बढ्दै गयो भन्ने कुरामाथि विचार गर्दा के कुरा बुझ्नु आवश्यक छ भने रसियाली आर्थिक जीवनको पतन ७ नोभेम्बर (२५ अक्टोबर) १९१७ मा नभएर त्यसभन्दा धेरै महिना-पहिले, अझ १९१५ मा नै देखा परेको प्रक्रियाको अनिवार्य तथा तर्कसङ्गत परिणामस्वरूप सुरु भइसकेको थियो। जारको दरबारमा जुन भ्रष्ट प्रति-क्रियावादीहरूको बोलबाला थियो, उनीहरूले जर्मनीसँग पृथक् शान्तिसन्धि गराउन जानाजान रसियालाई तहसनहस पार्ने चाल चलेका थिए। युद्ध-क्षेत्रमा हतियारहरूको कमी, जसले गर्दा सन् १९१५ को ग्रीष्ममा रूसी सेनाले नराम्ररी पछि हट्नुपरेको थियो, ठूलठूला शहरहरूमा र सेनामा खाद्य सामग्रीको अभाव, सन् १९१६ मा औद्योगिक उत्पादन तथा परिवहन-को पूर्ण विनाश—हामीलाई थाहा छ, यी सबै कुरा एक सुनियोजित ध्वंसात्मक कारबाईको परिणाम थियो, जसलाई मार्च** क्रान्तिले त्यस्तो

---

*«Kornilov to Brest-Litovsk»—यो पुस्तक प्रकाशित हुन सकेन। जोन रिडको मृत्यु हुँदा पुस्तक पूरा भइसकेको थिएन।—सं०

**पुरानो शैलीअनुसार फेब्रुअरी।—सं०

समयमा रोकिदिएको थियो, जब किञ्चित ढिलाइ पनि घातक सिद्ध हुन सक्दथ्यो।

नयाँ शासनको स्थापनापश्चात् केही महिनाहरूमा, एक महान् क्रान्ति-द्वारा अविर्भूत त्यस स्थितिको विपरीत पनि, जब संसारका सबैभन्दा सताइए-का १६ करोड मानिसहरूले एक्कासि स्वतन्त्रता प्राप्त गरे, देशको आन्त-रिक अवस्थाका साथै सेनाको सामरिक क्षमतामा पनि वास्तविक सुधार भयो।

तर यो "मधुरात्रि" धेरै लम्बिएन। सम्पन्न वर्गहरूले केवल त्यस्तो राजनीतिक क्रान्ति खोजेका थिए, जसले राज्यसत्ता जारबाट खोसेर उनी-हरूको हातमा सुम्पिदेओस्। उनीहरू रसियामा पनि फ्रान्स अथवा संयुक्त राज्य अमेरिकामा जस्तै वैधानिक गणतन्त्र अथवा बेलायतमा जस्तै वैधानिक राजतन्त्र स्थापना गर्न चाहन्थे। तर आम जनताचाहिँ मजदुरहरू तथा कि-सानहरूको एक वास्तविक प्रजातन्त्र चाहन्थे।

विलियम इङ्गलिस वलिङले* आफ्नो पुस्तक 'रसियाको सन्देश' («Russia's Message») मा, जसमा सन् १९०५ को क्रान्तिको विवरण प्रस्तुत गरिएको छ, ती रूसी मजदुरहरूको मानसिक स्थितिको उत्कृष्ट चित्रण प्रस्तुत गरेका छन्, जसले पछि गएर झण्डै सर्वसम्मतिद्वारा बोल्शे-भिकहरूको समर्थन गरेका थिए। वलिङ लेख्दछन्—

"उनीहरूले (श्रमिक जनताले) सबैभन्दा स्वतन्त्र सरकार कायम भए तापनि, यदि त्यस्तो सरकार अन्य सामाजिक वर्गहरूको हातमा पर्दछ भने, उनीहरूले यथावत् भोकै बस्नुपर्ने स्थिति पैदा हुन सक्दछ भन्ने कुरा बुझेका थिए।

"रूसी मजदुर क्रान्तिकारी हो, तर उसमा हिंसावृत्ति छैन। ऊ न जडसूत्रवादी हो, न त मूर्ख नै। ऊ लड्न मर्न तयार छ, तर मोर्चाबन्दी के हो भन्ने कुरा पनि उसलाई थाहा छ र सम्पूर्ण विश्वभरिका मजदुरहरू-मध्ये उही एक मात्र त्यस्तो मजदुर हो, जसले आफ्नै अनुभवमा यस कुराको

---

*विलियम इङ्गलिस वलिङ (William English Walling) (सन् १८७७-१९३६)—अमेरिकी अर्थशास्त्री तथा समाजशास्त्री। मजदुर आन्दोलन तथा समाजवादसम्बन्धी कतिपय पुस्तकहरूका लेखक। 'रसियाको सन्देश' नामक पुस्तक, जसका केही उद्धरणहरू जोन रिडले यहाँ प्रस्तुत गरेका छन्, सन् १९०८ मा अमेरिकामा प्रकाशित भएको थियो।—सं०

अध्ययन गरेको छ। ऊ आफ्नो उत्पीडकको विरुद्ध, पुँजीपतिवर्गको विरुद्ध अन्त्यसम्म सङ्घर्ष गर्न तयार छ र तत्पर पनि छ। तर उसले अन्य वर्गहरूको अस्तित्वलाई पनि बिर्सेको छैन। उसको एक मात्र माग के छ भने नजिकिँदै आएको उग्र सङ्घर्षमा उनीहरू यस अथवा त्यस पक्षमा सम्मिलित होउन्।

"उनीहरूको राजनीतिक व्यवस्थाभन्दा हाम्रो (अमेरिकी) व्यवस्था श्रेयस्कर छ भन्ने कुरामा उनीहरू (मजदुरहरू) सबै सहमत छन्, तर उनीहरू एक जना तानाशाहको स्थानमा अर्कोलाई (अर्थात् पुँजीपतिवर्गलाई) राख्नचाहिँ तयार छैनन्।

"मास्को, रिगा र ओदेसामा सयौँ हजारौँ रूसी मजदुरहरू गोलीको शिकार बने, फाँसीमा लटकाइए, प्रत्येक रूसी झ्यालखाना हजारौँ हजार रूसी मजदूरहरूले भरिएका छन्, उनीहरू मरुभूमि र ध्रुवीय प्रदेशहरूमा कालापानीको सजाय भोग्दै छन्। गोल्डफिल्डस् र क्रिपल्-क्रिकका मजदुरहरूले जस्तो सन्दिग्ध विशेषाधिकारहरू प्राप्त गर्नको लागि उनीहरूले यस्तो बलिदान गरेका होइनन्।"

रसियामा बाह्य युद्ध चर्किएको बेलामा राजनीतिक क्रान्ति सामाजिक क्रान्तिमा विकसित हुनु र त्यस क्रान्तिले बोल्शेभिकवादको विजयमा आफ्नो उत्कृष्टतम अभिव्यक्ति प्राप्त गर्नुको मुख्य कारण यही थियो।

अमेरिकास्थित सोभियत सरकारविरोधी रूसी सूचना ब्यूरोका निर्देशक ए० झि० साकले आफ्नो 'रसियाली जनवादको जन्म' नामक पुस्तकमा भनेका छन्–

"बोल्शेभिकहरूले आफ्नै मन्त्रिमण्डल गठन गरेका छन्, जसको प्रधानमन्त्री निकोलाइ लेनिन हुनुहुन्छ र परराष्ट्र मन्त्री लेभ त्रोत्स्की। उनीहरूले सत्ता आफ्नो हातमा लिइहाल्नेछन् भन्ने कुरा मार्च क्रान्तिको झण्डै तत्कालैपश्चात् स्पष्ट भइसकेको थियो। क्रान्तिपश्चात् बोल्शेभिकहरूको इतिहास उनीहरूको सतत उत्कर्षको इतिहास हो।"

विदेशीहरू र विशेषत: अमेरिकीहरू प्रायश: रूसी मजदुरहरूको "अनभिज्ञतामाथि" जोड दिन्छन्। सत्य हो, उनीहरूसँग पश्चिमेली जनताहरूको राजनीतिक अनुभव छैन, तर उनीहरूले आफ्ना स्वैच्छिक सङ्गठनहरूको उत्कृष्ट पाठशाला समाप्त गरेका छन्। सन् १९१७ मा रूसी उपभोक्ता समाजहरूमा (सहकारी संस्थाहरूमा) १ करोड २० लाखभन्दा बढी सदस्यहरू थिए, अनि स्वयम् सोभियतहरू रूसी मजदुरहरूको सङ्गठन प्रतिभाका

आश्चर्यजनक दृष्टान्त हुन्। यसको अतिरिक्त सम्पूर्ण संसारभरि शायद नै अरू कुनै त्यस्तो जनता होला, जसले समाजवादी सिद्धान्त र यसको व्यावहारिक प्रयोगमा यस्तो दक्षता प्राप्त गरेको होस्।

विलियम इङ्गलिस वलिङले निम्न प्रकारले उनीहरूको चित्रण गरेका छन् –

"बहुसङ्ख्यक रूसी मजदुरहरू लेखपढ गर्न जान्दछन्। धेरै वर्षदेखि देशमा कस्तो उथलपुथलको वातावरण व्याप्त छ भने मजदुरहरूले आफ्नै बीचबाट निस्केका प्रबुद्ध व्यक्तिहरूको मात्र नभएर क्रान्तिकारी शिक्षित वर्गको समेत त्यस ठूलो हिस्साको नेतृत्व प्राप्त गर्ने सौभाग्य पाएका छन्, जो रसियाको राजनीतिक तथा सामाजिक पुनरुत्थानको विचार लिएर श्रमिक जनतासमक्ष उपस्थित भएका छन्।"

कतिपय लेखकहरू सोभियत सत्ताप्रति आफ्नो वैरभावको औचित्य प्रमाणित गर्दै भन्दछन्, रूसी क्रान्तिको अन्तिम चरण बोल्शेभिकवादको ताण्डव नृत्यविरुद्ध समाजका "प्रतिष्ठित" तत्त्वहरूको सङ्घर्षसिवाय अरू केही थिएन। परन्तु वास्तवमा चाहिँ कसरी क्रान्तिकारी जनसङ्गठनहरूको शक्ति बढ्दै गइरहेको छ भन्ने कुरा देखेपछि सम्पन्न वर्गहरूले तिनलाई नष्ट पार्ने र क्रान्तिको गति रोक्ने प्रयास गरेका थिए। यस लक्ष्यप्राप्तिको लागि सम्पन्न वर्गले अन्ततोगत्वा निराशाले उत्तेजित भएर दुस्साहसी उपायहरूको सहारा लियो। केरेन्स्कीको मन्त्रिमण्डल र सोभियतहरूलाई नष्ट पार्न यातायात व्यवस्था अस्तव्यस्त पारियो र आन्तरिक हूलदङ्गा मच्चाइयो; कारखाना समितिहरूलाई नष्ट पार्ने उद्देश्यले कलकारखानाहरू बन्द गरिए र इन्धन तथा कच्चा पदार्थहरू लुकाइए। मोर्चाहरूमा गठित सैनिक समितिहरूलाई निष्क्रिय तुल्याउने उद्देश्यले मृत्युदण्ड पुनः लागू गरियो र सामरिक पराजयलाई प्रसय दिन थालियो।

यी सबै कुराले बोल्शेभिक आगोमा घिउको काम गरे। वर्गयुद्धको प्रचार तथा सोभियतहरूको सर्वोपरिताको घोषणाद्वारा बोल्शेभिकहरूले यसको जवाफ दिए।

यी दुई चरम धाराहरूबीच त्यस्ता समूहहरू थिए, जसले बोल्शेभिकहरूलाई पूर्णतः अथवा अंशतः समर्थन गरेका तथाकथित "नरमपन्थी" समाजवादीहरू – मेन्शेभिकहरू र समाजवादी-क्रान्तिकारीहरू तथा अन्य केही सानासाना पार्टीहरू थिए। सम्पन्न वर्गहरूले यी समूहहरूमाथि पनि प्रहार

गरे, तर यी समूहहरूको आफ्नै सिद्धान्तले उनीहरूको प्रतिरोध-शक्ति कुण्ठित तुल्याइदिएको थियो।

आम रूपमा मेन्शेभिकहरू र समाजवादी-क्रान्तिकारीहरू रसिया आर्थिक दृष्टिकोणले सामाजिक क्रान्तिको लागि परिपक्व भइसकेको छैन—यहाँ राजनीतिक क्रान्ति मात्रै सम्भव छ भन्ने कुरामा विश्वस्त थिए। उनीहरूको भनाइअनुसार रसियाली जनसमुदाय आफ्नो हातमा सत्ता लिन पर्याप्त मात्रामा तयार भइसकेको छैन र हर प्रकारको यस्तो प्रयासले अनिवार्यतः प्रतिक्रियावादको सुरुआत गर्नेछ, जसको मदतबाट कुनै क्रूर अवसरवादी फेरी पुरानो व्यवस्था कायम गर्न सफल हुनेछ। यसको नतिजा के भयो भने जब "नरमपन्थी" समाजवादीहरू आफ्नो हातमा सत्ता लिन बाध्य भए, उनीहरूले त्यो सत्ता प्रयोग गर्न हिचकिचाए।

रसियाले राजनीतिक तथा आर्थिक विकासका ती खुड्किलाहरू पार गर्नु पर्नेछ, जुन पश्चिम युरोपले पनि पार गरिसकेको छ र तत्पश्चात् मात्र विश्वका अन्य जनताहरूसँग मिलेर रसिया पनि विकसित समाजवादसम्म पुग्न सक्नेछ भन्ने उनीहरूको विश्वास थियो। स्वभावतः यसै कारणले रसिया सबैभन्दा पहिले संसदीय राज्य बन्नुपर्छ भन्ने कुरामा उनीहरू सम्पन्न वर्गहरूसँग सहमत थिए, यद्यपि पश्चिमा प्रजातान्त्रिक व्यवस्थाभन्दा यो व्यवस्था बढी परिमार्जित हुनुपर्छ भन्ने उनीहरूको धारणा थियो। फलतः उनीहरूले सरकारमा सम्पन्न वर्गहरूको सहभागिताको लागि जोड दिन थाले।

अब सम्पन्न वर्गहरूलाई पूर्ण समर्थन गर्न एक पाइलो मात्रै अगि सार्नु बाँकी थियो। "नरमपन्थी" समाजवादीहरूलाई बुर्जुवावर्गको आवश्यकता थियो, तर बुर्जुवावर्गलाई "नरमपन्थी" समाजवादीहरूको आवश्यकता थिएन। यसको नतिजा के भयो भने समाजवादी मन्त्रीहरू शनैः शनैः आफ्नो सम्पूर्ण कार्यक्रम परित्याग गर्न बाध्य भए भने सम्पन्न वर्गहरू झन्झन् ढिठा हुँदै गए।

अन्ततोगत्वा, जब बोल्शेभिकहरूले यो सम्पूर्ण खोक्रो सम्झौतालाई भताभुङ्ग पारिदिए, मेन्शेभिकहरू र एसेरहरूले आफूलाई सम्पन्न वर्गहरूको शिविरमा सङ्घर्षरत पाए...। वर्तमान समयमा विश्वका झण्डै सबैजसो देशमा यही कुरा पाइन्छ।

मेरो विचारमा बोल्शेभिकहरू ध्वंसात्मक शक्ति होइनन्, बरु उनीहरू रसियाका एक मात्र त्यस्तो पार्टी हुन्, जोसँग रचनात्मक कार्यक्रम र यो कार्यक्रम कार्यान्वयन गर्ने पर्याप्त शक्ति छ। यदि त्यस बेला उनीहरूले सत्ता

थाम्न नसकेका भए, मेरो विचारमा, डिसेम्बरमा नै शाही जर्मनीका सेनाहरूले पेत्रोग्राद र मास्कोमा प्रवेश गरिसक्थे होलान् र रसिया फेरि पनि कुनै अर्को जारको फन्दामा परिसक्थ्यो होला भन्ने कुरामा मलाई किञ्चित शङ्का छैन।

आज सोभियत सत्ता कायम भएको पूरै एक वर्षपछि पनि बोल्शेभिकहरूको विद्रोहलाई "जोखिमी कार्य" भन्ने फेसन छँदै छ। हो, यो वास्तवमा नै एक जोखिमी कार्य थियो र अझ त्यसमाथि आजसम्म मानवजातिले आँटेका सबै जोखिमी कार्यहरूमा सबभन्दा आश्चर्यजनक थियो,—यो त्यस्तो जोखिमी कार्य थियो, जसले श्रमिक जनसमुदायको नेतृत्वमा प्रबल वेगले इतिहासमा प्रवेश गरेको थियो र जसले त्यस जनसमुदायको अत्यावश्यक तथा महान्तम आकाङ्क्षाहरूको परिपूर्तिको लागि सबै कुराको बाजी लगाइदिएको थियो। ठूलठूला बिर्ताहरू किसानहरूका बीचमा बाँड्नको लागि आवश्यक यन्त्र त्यसै बेला तयार भइसकेको थियो। उद्योगधन्दामाथि मजदुर नियन्त्रण कायम गर्नको लागि कारखाना समितिहरू तथा ट्रेड युनियनहरू छँदै थिए। प्रत्येक गाउँमा, प्रत्येक शहरमा, प्रत्येक जिल्ला र अञ्चलमा मजदुर, सैनिक तथा किसान प्रतिनिधिहरूका सोभियत विद्यमान थिए, जो स्थानीय प्रशासनको कार्यभार आफ्नो हातमा लिन तयार थिए।

कसैले बोल्शेभिकवादबारे जेसुकै किन नसोचोस्, रूसी क्रान्ति मानव इतिहासमा एक महान् घटना हो र बोल्शेभिकहरूको उत्कर्षले विश्वव्यापी महत्त्व प्राप्त गरेको छ भन्ने कुरा निर्विवाद छ। जसरी इतिहासकारहरू पेरिस कम्युनसम्बन्धी सानासाना कुराहरूको पनि खोजीनिती गर्दछन्, त्यस्तै किसिमले उनीहरूले नोभेम्बर १९१७ मा पेत्रोग्रादमा घटेका सबै घटनाहरूबारे पनि थाहा पाउन चाहनेछन्—त्यस बेला कस्तो भावनाले जनतालाई अनुप्राणित गरेको थियो, उनीहरूका नेताहरू कस्ता थिए, उनीहरू के भन्दथे र के काम गर्दथे—सबै कुरा एकएक गरी बुझ्न खोज्नेछन्। प्रस्तुत पुस्तक लेख्दा मैले यिनै कुराहरूमाथि ध्यान दिएको थिएँ।

यस सङ्घर्षमा कुनै पनि पक्षप्रति मेरो सहानुभूति थिएन भन्ने होइन। परन्तु ती महान् दिनहरूको इतिहास वर्णन गर्दा मैले सत्य कुरा लेख्न इच्छुक एक इमानदार इतिवृत्तकारको दृष्टिले ती घटनाहरूको मूल्याङ्कन गर्ने प्रयास गरेको छु।

न्यूयोर्क, १ जनवरी, १९१९ जे० आर०

टिप्पणी र व्याख्याहरू*

सामान्य पाठकहरूलाई] बहुसङ्ख्यक रसियाली सङ्गठनहरूका राजनीतिक समूहहरू, समितिहरू तथा केन्द्रीय समितिहरू, दुमाहरू तथा युनियनहरूको चरित्र बुझ्न निकै कठिनाइ पर्नेछ। यसै कारणले यहाँ मैले सङ्क्षेपमा केही परिभाषाहरू र व्याख्याहरू प्रस्तुत गरेको छु।

राजनीतिक पार्टीहरू

संविधान सभाको लागि चुनावमा पेत्रोग्रादमा १६ वटा पार्टीहरूको तर्फबाट र कतिपय प्रान्तीय शहरहरूमा त ४० वटासम्म पार्टीहरूको तर्फबाट उमेदवारहरू खडा भएका थिए। परन्तु राजनीतिक पार्टीहरूको उद्देश्य तथा सङ्गठनसम्बन्धी जुन सारांश तल प्रस्तुत गरिएको छ, त्यो यस पुस्तकमा चर्चित पार्टीहरू तथा समूहहरूमै सीमित राखिएको छ। यहाँ तिनीहरूका कार्यक्रमहरूका मुख्यमुख्य बुँदाहरू मात्र प्रस्तुत गरिएका छन् र त्यस जन आधारको सामान्य चित्रण मात्र प्रस्तुत गरिएको छ, जसको उनीहरूले प्रतिनिधित्व गरेका थिए।

---

*केही सानातिना गल्तीहरू हुँदाहुँदै पनि जोन रिडले प्रस्तुत गर्नुभएको यी 'टिप्पणीहरू र व्याख्याहरू' पाठकको लागि निकै रोचक ठहरिनेछन्। अक्टोबर क्रान्तिपूर्व रसियामा विद्यमान राजनीतिक सम्बन्धहरूको उहाँले कति गहन अध्ययन गर्नुभएको थियो भन्ने कुरा यसबाट स्पष्ट हुन्छ र अझ महत्त्वपूर्ण कुरा त के हो भने यसको आधारमा लेखको राजनीतिक समर्थन र विरोधबारे थाहा पाउन सकिन्छ, परस्पर सङ्घर्षरत पार्टीहरू र समूहहरूबारे उहाँका आफ्नै मूल्याङ्कनहरूबाट परिचित हुन सकिन्छ। —**सं०**

१) **राजतन्त्रवादीहरू** – विभिन्न किसिमका राजतन्त्रवादीहरू, जस्तै **अक्टोबरवादीहरू**, आदि। यी समूहहरू, जो कुनै बेला शक्तिशाली थिए, अब खुला रूपमा काम गर्दैनथे। उनीहरू या त लुकीचोरी काम गर्थे, या त उनीहरूका सदस्यहरू **कादेत** पार्टीमा सम्मिलित भइसकेका थिए, किनभने **कादेतहरूले** शनैः शनैः उनीहरूको राजनीतिक कार्यक्रम स्वीकार गरिसकेका थिए। यस पुस्तकमा ती समूहहरूका प्रतिनिधिहरूमध्ये रोद्ज्यान्को र शुल्गिन-को चर्चा गरिएको छ।

२) **कादेतहरू**। यस पार्टीको रूसी नाम "कन्स्तित्युत्सिओन्निये देमोक्राती" का ('संवैधानिक जनवादीहरू') – प्रथमाक्षरहरूको आधारमा उनीहरूलाई **कादेत** भन्दथे। कादेत पार्टीको औपचारिक नाम 'जनस्वतन्त्रता पार्टी' हो। जारकालमा सम्पन्न वर्गहरूका प्रतिनिधिहरू, तथाकथित उदार-वादीहरूबाट बनेको **कादेत** पार्टी **राजनीतिक** सुधारहरूको कार्यक्रम लिएर अगाडि बढ्ने सबैभन्दा ठूलो पार्टी थियो र आम रूपमा अमेरिकाको प्रोग्रेसिभ पार्टीजस्तै थियो। मार्च १९१७ मा क्रान्ति सुरु भएपछि **कादेतहरूले** पहिलो अस्थायी सरकार गठन गरे। अप्रिलमा कादेत मन्त्रिमण्डललाई सत्ताबाट हटाइयो, किनभने यसले जारशाही सरकारका साम्राज्यवादी लक्ष्यहरूका साथसाथै मित्रराष्ट्रका साम्राज्यवादी लक्ष्यहरूको पनि हाकाहाकी समर्थन गरेको थियो। क्रान्तिले जतिजति एक सामाजिक एवम् आर्थिक क्रान्तिको रूप लिँदै गयो कादेतहरू पनि त्यत्तिकै रूढिवादी बन्दै गए। यस पार्टीका नेताहरूमध्ये मिल्युकोभ, भिनाभेर र शात्स्कीको यस पुस्तकमा चर्चा गरिए-को छ।

२ (क) **'सामाजिक कार्यकर्ताहरूको समूह'**। कर्निलोभपन्थी प्रतिक्रा-न्तिसँग आफ्नो साठगाँठको लागि कादेतहरू बदनाम हुन थालेपछि मास्कोमा **'सामाजिक कार्यकर्ताहरूको समूह'** स्थापित भयो। केरेन्स्कीको अन्तिम मन्त्रिमण्डलमा यस समूहका प्रतिनिधिहरूले मन्त्रिपदहरू पाएका थिए। रोद्-ज्यान्को र शुल्गिनजस्ता व्यक्तिहरूलाई आफ्नो बौद्धिक नेता ठाने तापनि यस **समूहले** आफूलाई दलगत राजनीतिबाट पृथक् घोषित गरेको थियो। यस समूहमा बढी "आधुनिक" बैंकपतिहरू, बेपारीहरू तथा उद्योगपतिहरू सम्मिलित थिए, जो सोभियतहरूसँग उनीहरूकै हतियारद्वारा अर्थात् आर्थिक सङ्गठनद्वारा सङ्घर्ष गर्नुपर्छ भन्ने कुरा बुझ्ने क्षमता राख्दथे। लिआनो-जोभ, कनभालोभजस्ता व्यक्तिहरू यस **समूहका** नेता थिए।

३) **जन समाजवादीहरू** अथवा **त्रुदाभिकहरू** (श्रम-समूह)। सङ्ख्या-

त्मक दृष्टिले सानो पार्टी, जसका सदस्यहरू खूब सोचविचार गरी पाइला टेक्ने बुद्धिजीवीहरू, सहकारी समाजहरूका नेताहरू र रूढिवादी किसानहरू थिए। आफूलाई समाजवादी भन्ने यी त्रुदाभिकहरू वास्तवमा निम्नबुर्जुवा-वर्गको–कर्मचारीहरू तथा पसलेहरू, आदिको हित संरक्षण गर्दथे। उनीहरू प्रत्यक्ष "वंशानुक्रमअनुसार" चौथो राजकीय दुमाका त्रुदाभिक दलका, जसका अधिकांश सदस्यहरू किसानहरूका प्रतिनिधि थिए, सम्झौतापरस्त परम्पराका उत्तराधिकारी थिए। जब मार्च १९१७ मा क्रान्ति सुरु भयो, केरेन्स्की राजकीय दुमामा त्रुदाभिकहरूका नेता थिए। जन समाजवादीहरू राष्ट्रवादी पार्टी थिए। प्रस्तुत पुस्तकमा यस समूहका प्रतिनिधिहरू पेशेखोनोभ र चाइकोभ्स्की हुन्।

४) **रसियाली सामाजिक-जनवादी मजदुर पार्टी।** सुरुमा मार्क्सवादी-समाजवादीहरू। सन् १९०३ को पार्टी महाधिवेशनमा कार्यनीतिक प्रश्नमा उत्पन्न मतभेदको फलस्वरूप पार्टी दुई भागमा बाँडियो–बहुसङ्ख्यक (बोल्शेन्स्तभो) र अल्पसङ्ख्यक (मेन्शेन्स्तभो) समूहहरू, जसको फलस्वरूप यी समूहहरूको नाम पनि "बोल्शेभिक" (अर्थात् बहुमतका सदस्यहरू) र "मेन्शेभिक" (अर्थात् अल्पमतका सदस्यहरू) रहन गयो। यी दुई पक्षहरूले दुई बेग्लाबेग्लै पार्टीको रूप लिए। दुवै पक्षले आफ्नो नाम रसियाली सामाजिक-जनवादी मजदुर पार्टी राखेका थिए र आफूलाई मार्क्सवादी विचारधाराको अनुयायी ठान्दथे। सन् १९०५ को क्रान्तिपश्चात् बोल्शेभिकहरू वास्तवमा अल्पमतमा थिए र सेप्टेम्बर १९१७ मा मात्रै फेरि आफ्नो बहुमत कायम गर्न सफल भए।

(क) मेन्शेभिकहरू। यस पार्टीमा त्यस्ता सबै किसिमका समाजवादीहरू सम्मिलित छन्, जो समाजले नैसर्गिक क्रमिक विकासद्वारा मात्रै समाजवाद-सम्म पुग्न सक्दछ र मजदुरवर्गले सबैभन्दा पहिले राजनीतिक सत्ता प्राप्त गर्नुपर्दछ भन्ने कुरामा विश्वास गर्दछन्। यो पार्टी राष्ट्रवादी पनि हो। यो बुद्धिजीवी समाजवादीहरूको पार्टी थियो, सबै प्रबोधन साधनहरू सम्पन्न वर्गहरूको हातमा थियो, त्यसै कारणले स्वभावतः बुद्धिजीवीवर्ग उनीहरूकै विचार शैलीप्रति बढी आकृष्ट हुन्थे र यिनै वर्गहरूको पक्ष ग्रहण गर्दथे। उनीहरूका प्रतिनिधिहरूमध्ये दान, लिबेर तथा चेरेतेलीको नाम यस पुस्तकमा उल्लेख गरिएको छ।

(ख) **मेन्शेभिक-अन्तर्राष्ट्रियतावादीहरू। मेन्शेभिकहरूको** चरमपन्थी समूह, अन्तर्राष्ट्रियतावादीहरू, सम्पन्न वर्गहरूसँग कुनै पनि प्रकारको संश्रयको विरोधी; तैपनि उनीहरूले रूढिवादी मेन्शेभिकहरूसँग सम्बन्ध विच्छेद

गर्न चाहेनन्, उनीहरूले मजदुरवर्गको अधिनायकत्वको विरोध गरे, जसको स्थापनाको लागि बोल्शेभिकहरू सङ्घर्ष गर्दै थिए। त्रोत्स्की धेरै लामो अवधिसम्म यस समूहका सदस्य थिए। मार्तोभ र मार्तीनोभ यस समूहका प्रमुख नेताहरू थिए।

(ग) **बोल्शेभिकहरू।** हाल यिनीहरूले त्यस "नरमपन्थी" अथवा "संसदीय" समाजवादको परम्परासँग आफ्नो पूर्ण सम्बन्ध विच्छेद स्पष्ट पार्ने उद्देश्यले आफूलाई **कम्युनिस्ट पार्टी** भन्न थालेका छन्, जुन सबै देशका मेन्शेभिकहरू र तथाकथित "बहुसङ्ख्यक समाजवादीहरूका" बीचमा व्याप्त छ। **बोल्शेभिकहरू** अविलम्ब सर्वहारा क्रान्ति सुरु गर्न र राज्यको बागडोर आफ्नो हातमा लिन चाहन्थे, जसको फलस्वरूप उद्योग, भूमि, प्राकृतिक सम्पदा तथा वित्तीय संस्थाहरूमाथि शक्ति प्रयोगद्वारा सामाजिक स्वामित्व कायम गरेर शीघ्रातिशीघ्र समाजवादको स्थापना गर्न सकियोस्। यस पार्टीले मुख्यतया औद्योगिक मजदुरहरूका साथसाथै गरिब किसानहरूको अधिकांश हिस्साको पनि आकाङ्क्षा अभिव्यक्त गर्दछ। बोल्शेभिक" शब्द "पराकाष्ठावादीको" पर्याय **होइन।** पराकाष्ठावादीहरूको आफ्नै विशेष समूह छ (हेर्नोस् अनुच्छेद ५ (ख))।

(घ) **संयुक्त सामाजिक-जनवादी-अन्तर्राष्ट्रियतावादी दल** अर्थात् उनीहरूको अति प्रभावशाली मुखपत्र 'नोभया झीज्न' ('नयाँ जीवन') को नामबाट **नोभया झीज्न** दल पनि भन्दथे। यो बुद्धिजीवीहरूको एउटा सानो दल थियो। त्यस समूहका नेता माक्सिम गोर्कीका अनुयायीहरूलाई नगन्ने हो भने मजदुर-वर्गको बीचमा त्यस दलको प्रभाव नगन्यतुल्य थियो। यी त्यस्ता बुद्धिजीवीहरू थिए, जसको कार्यक्रम लगभग त्यस्तै थियो, जस्तो मेन्शेभिक-**अन्तर्राष्ट्रियतावादीहरूको** थियो। अन्तर मात्र के थियो भने **नोभया झीज्न** समूहले दुई प्रमुख गुटहरूमध्ये कसैको पनि समर्थन गर्न चाहेको थिएन। यस समूहका सदस्यहरू बोल्शेभिकहरूसँग सहमत थिएनन्, तर यस समूहले सोभियत सरकारमा आफ्नो स्थान छोडेको थिएन। प्रस्तुत पुस्तकमा चर्चित यस दलका अन्य नेताहरू हुन्–आभिलोभ, क्रामरोभ।

(ङ) **'येजिन्स्तभो'** ('एकता')। एक अति सानो, समाप्तप्राय दल, जसका लगभग सबैजसो सदस्यहरू गत शताब्दीको नवौँ दशकमा रसियाली सामाजिक-जनवादी आन्दोलनका पथप्रदर्शक तथा सबैभन्दा ठूला सिद्धान्तकार प्लेखानोभका व्यक्तिगत अनुयायीहरू थिए। यस बेला बूढो भइसकेका प्लेखानोभ चरमपन्थी राष्ट्रवादी थिए र मेन्शेभिकहरूको लागि समेत अति

रूढिवादी बनिसकेका थिए। बोल्शेभिक **विद्रोहपश्चात् 'येजिम्नतभो'** समूह लुप्त भयो।

५) **समाजवादी-क्रान्तिकारीहरूको पार्टी।** **छोटकारीमा** यस पार्टीलाई "**एसेरहरू**" भन्दछन्। सुरुमा किसानहरूको क्रान्तिकारी पार्टी—"लडाकू सङ्गठनहरूका" आतङ्कवादी पार्टी। मार्च क्रान्तिपश्चात् यस पार्टीमा त्यस्ता कतिपय मानिसहरू सम्मिलित भए, जो पहिले कहिल्यै समाजवादी थिएनन्। यस बेला एसेरहरू भूमिमा मात्रै निजी स्वामित्व उन्मूलन गर्ने पक्षमा थिए र अझ त्यसमाथि पनि भूस्वामीहरूले आफ्नो जमिनको लागि कुनै प्रकारको मुआवजा पाउनुपर्छ भन्ने उनीहरूको धारणा थियो। अन्ततोगत्वा किसान-हरूका बीचमा क्रान्तिकारी भावनाको उत्तरोत्तर विकासले गर्दा एसेरहरू आफ्नो कार्यक्रमबाट "मुआवजाको" बुँदा हटाउन बाध्य भए र जसको फलस्वरूप पछि गएर युवा तथा बढी ओजस्वी बुद्धिजीवीहरूले सन् १९१७ को शरद ऋतुमा मुख्य पार्टीबाट अलग्गिएर एउटा नयाँ पार्टी **वामपन्थी समाजवादी-क्रान्तिकारी पार्टीको** स्थापना गरे। **एसेरहरूले**, जसलाई पछि गएर चरमपन्थी गुटले सदा "**दक्षिणपन्थी समाजवादी-क्रान्तिकारीहरू**" भन्ने गर्दथे, मेन्शेभिकहरूको राजनीतिक दृष्टिकोण ग्रहण गरे र उनीहरूसँग मिलेर काम गरे। अन्ततः उनीहरूले धनी किसानहरू, बुद्धिजीवीहरू र दुर्गम ग्रामीण क्षेत्रहरूका राजनीतिक रूपले पछौटे जनताको प्रतिनिधित्व गर्न थाले। यद्यपि राजनीतिक तथा आर्थिक प्रश्नहरूमा विभिन्न दृष्टिकोण राख्ने गुटहरू मेन्शे-भिकहरूका बीचमा भन्दा उनीहरूका बीचमा धेरै बढी थिए। प्रस्तुत पुस्तक-मा उनीहरूका नेताहरूमध्ये आभ्सेन्त्येभ, गोच, केरेन्स्की, चेर्नोभ, "बा-बुश्का"* ब्रेश्कोभ्स्कायाको चर्चा गरिएको छ।

(क) **वामपन्थी समाजवादी-क्रान्तिकारीहरू** सैद्धान्तिक रूपमा बोल्शे-भिकहरूद्वारा प्रस्तुत मजदुरवर्गको अधिनायकत्वको कार्यक्रम स्वीकार गरे तापनि सुरुमा उनीहरूले अनिच्छापूर्वक बोल्शेभिकहरूको कडा कार्यनीतिको अनुसरण गरे। तैपनि वामपन्थी समाजवादी-क्रान्तिकारीहरू सोभियत सरकार-मा सामेल हुने गरेका थिए र विभिन्न मन्त्रिपदहरू, विशेषतः कृषि मन्त्रीको पद उनीहरूको हातमा थियो। उनीहरू धेरै पटक मन्त्रिमण्डलबाट निस्के, तर सधैँ फेरि फर्कने गर्दथे। किसानहरू अधिकाधिक सङ्ख्यामा एसेरहरू (दक्षिणपन्थी) को पार्टी छोडेर वामपन्थी समाजवादी-क्रान्तिकारीहरूको

---

* "बज्यै" — **सं०**

पार्टीमा सम्मिलित हुन थाले र यस प्रकारले यो पार्टी एक विशाल किसान पार्टीमा परिणत भयो, जसले सोभियत सत्तालाई समर्थन गरेको थियो। यो पार्टी ठूलठूला बिर्ताहरू जफत गर्ने र ती बिर्ताहरू स्वयम् किसानहरूलाई सुम्पने पक्षमा थियो। यस पार्टीका उल्लेखनीय नेताहरू—स्पिरिदोनोभा, कारेलिन, काम्कोभ, कालेगायेभ आदि हुन्।

(ख) **पराकाष्ठावादीहरू।** सन् १९०५ को क्रान्तिकालमा **समाजवादी-क्रान्तिकारी पार्टीबाट** अलग्गिएको एक समूह, जसले त्यस बेला एक शक्तिशाली किसान आन्दोलनको प्रतिनिधित्व गरेको थियो र अधिकतम समाजवादी कार्यक्रम अविलम्ब लागू गरियोस् भन्ने माग राखेको थियो। हाल किसान अराजकतावादीहरूको एक नगण्य दल।

संसदीय पद्धति

रसियामा आयोजित हुने सभा तथा महाधिवेशनहरू हामीसँग भन्दा युरोपेलीहरूसँग बढी मिल्दाजुल्दा हुन्छन्। प्रायशः उनीहरू सबैभन्दा पहिले अधिकारीहरू तथा अध्यक्षमण्डलको निर्वाचन गर्दछन्।

अध्यक्षमण्डल सभापतित्व गर्ने त्यस्तो समिति हो, जसमा सभामा सम्मिलित सबै दलहरू र राजनीतिक गुटहरूले आफ्नो सङ्ख्याअनुसार प्रतिनिधित्व प्राप्त गरेका हुन्छन्। अध्यक्षमण्डलले कार्यसूची तयार पार्दछ र मण्डलका सदस्यहरूले अध्यक्षको निर्देशनअनुसार पालैसँग बैठकको सभापतित्व गर्न सक्दछन्।

प्रत्येक प्रश्न (भाप्रोस) बारे सबैभन्दा पहिले सामान्य प्रतिवेदन प्रस्तुत गरिन्छ र तत्पश्चात् त्यस प्रश्नमाथि बहस हुन थाल्दछ, बहसको अन्तमा विभिन्न दलहरूले आआफ्नो प्रस्ताव प्रस्तुत गर्दछन् र प्रत्येक प्रस्तावमाथि बेग्लाबेग्लै मतदान गरिन्छ। सुरुको आधा घण्टाभित्र नै पूर्वनिर्धारित कार्यक्रमको उलङ्घन हुनसक्छ र प्रायशः यसै हुने गर्दछ। प्रश्नको "विशिष्ट महत्त्व" देखाएर (र यस कुरालाई सभासद्हरूले सधैँजसो स्वीकार गर्दछन्) प्रत्येक उपस्थित व्यक्तिले उठेर कुनै पनि विषयमा जे पनि भन्न सक्दछ। सभामा भीडको पूरा आधिपत्य हुन्छ र अध्यक्षको काम वस्तुतः घण्टी बजाएर सभालाई शान्त पार्नु र वक्ताहरूको परिचय दिनुमै सीमित रहन्छ। सभाको प्राय सबैजसो वास्तविक कार्य विभिन्न दलहरू तथा राज-

नीतिक गुटहरूका गुप्त बैठकहरूमै सम्पन्न हुन्छ। यस्ता **दलहरू** र गुटहरू, जसको प्रतिनिधित्व उनीहरूका सदन-नेताहरूले गर्दछन्, प्राय सदा एकमत भएर नै मतदान गर्दछन्। फलतः के हुनजान्छ भने प्रत्येक नयाँ महत्त्वपूर्ण प्रश्न उठ्दा अथवा मतदान हुँदा सभा स्थगित गरिन्छ र विभिन्न दल तथा राजनीतिक गुटलाई आफ्नो गुप्त बैठक आयोजना गर्ने सम्भावना दिइन्छ।

सभामा उपस्थित भीडले निकै हल्ला मच्चाउँदछ, सम्मतिसूचक शब्दहरू-द्वारा वक्ताप्रति समर्थन जनाउँदछन् अथवा आलोचनात्मक टिप्पणीहरूद्वारा वक्तालाई बीचबीचमा रोक्ने गर्दछन् र यस प्रकारले **अध्यक्षमण्डलको** योजना नै भताभुङ्ग पार्दछन्। प्रायशः बीचबीचमा यस्ता टिप्पणीहरू सुनिन्छन् –"**प्रोसिम !**" ("कृपया !" "भन्दै जानोस् !"), "**प्राभिल्ना !**" अथवा "**भेर्ना !**" ("सही कुरा हो !" "ठीक हो !"), "**दाभोल्ना !**" ("पुग्यो ! पुग्यो !"), "**दालोइ !**" ("मुर्दाबाद !"), "**पाजोर !**" ("लाज लाग्दैन ?"), "**चोखो !**" ("चूप लाग !" "शान्त हुनोस् !") इत्यादि।

सबैभन्दा महत्त्वपूर्ण सङ्गठनहरू

१. **सोभियत**। रूसी भाषामा **सोभियत** शब्दको अर्थ हो परिषद्। जारको समयमा शाही राजकीय परिषद्लाई **गसुदार्स्तभेन्नी सोभियत** भन्दथे। परन्तु क्रान्तिपश्चात् **सोभियत** शब्दले एक विशेष प्रकारको संसदको बोध गराउन थाल्यो, जुन श्रमिक उत्पादन सङ्गठनहरूका सदस्यहरूद्वारा निर्वाचित हुन्छ र जसलाई मजदुर, सैनिक तथा कृषक प्रतिनिधिहरूको सोभियत भनिन्छ। तसर्थ मैले "सोभियत" शब्दलाई यिनै निकायहरूको लागि मात्र प्रयोग गरेको छु। अन्य जुनसुकै ठाउँमा प्रयोग हुँदा मैले यस शब्दलाई परिषद्को रूपमा अनुवाद गरेको छु।

स्थानीय **सोभियतहरूको** अतिरिक्त, जुन रसियाको प्रत्येक शहर तथा गाउँमा निर्वाचित हुन्छन्, बहुसङ्ख्यक शहरहरूमा वार्ड (**रायोन्नी**) सो-भियतहरू पनि निर्वाचित हुन्छन्। त्यसै गरी आब्लास्तनोई अथवा **गुबेर्नस्की** (अञ्चलीय) सोभियतहरू र राजधानीमा अखिल रसियाली केन्द्रीय कार्य-कारिणी समितिको **सोभियत** निर्वाचित हुन्छ, जसलाई छोटकरीमा चेइक भन्दछन् (हेर्नोस्, तल केन्द्रीय समितिसम्बन्धी अनुच्छेद)। मार्च क्रान्तिको लगत्तैपछि प्राय सबैजसो ठाउँमा मजदुर प्रतिनिधिहरूका सोभियतहरू र सैनिक

प्रतिनिधिहरूका सोभियतहरू ऐक्यबद्ध भए। परन्तु विशेष मामिलाहरूमा, जब उनीहरूको विशेष हितको प्रश्न उठ्थ्यो, मजदुर तथा सैनिकहरूका शाखाहरूले बेग्लाबेग्लै बैठक गर्दथे। किसान प्रतिनिधिहरूका **सोभियतहरू** बोल्शेभिक **विद्रोहपश्चात्** मात्र अन्य दुई प्रकारका सोभियतहरूसँग मिसिए। कृषक सोभियतहरू पनि मजदुर तथा सैनिक प्रतिनिधिहरूका सोभियतहरूजस्तै सङ्गठित हुन्थे र अखिल रसियाली कृषक **सोभियतहरूको** कार्यकारिणी समितिको रूपमा तिनको प्रमुख निकाय राजधानीमा थियो।

२. **ट्रेड युनियन**। यद्यपि रसियामा अधिकांश रूपमा मजदुर सङ्गठनहरू उत्पादनको प्रकारअनुसार गठित हुन्थे, तापनि यस्ता सङ्गठनहरूलाई ट्रेड युनियन नै भन्ने गर्दथे र बोल्शेभिक क्रान्तिको समयमा ३०-४० लाख मजदुरहरू ट्रेड युनियनका सदस्य थिए। यस्ता ट्रेड युनियनहरू एक अखिल रसियाली निकायको रूपमा सङ्गठित थिए र यो अमेरिकी फेडरेशन अफ लेबरजस्तै थियो, जसको राजधानीमा स्थापित आफ्नै केन्द्रीय कार्यकारिणी समिति थियो।

३. **कारखाना समिति**। यी त्यस्ता स्वत:स्फूर्त संस्थाहरू थिए, जुन मजदुरहरूले क्रान्तिपश्चात् प्रशासन व्यवस्था भताभुङ्ग भएको परिस्थितिबाट फाइदा उठाएर उद्योग व्यवसायमाथि आफ्नो नियन्त्रण कायम गर्ने प्रयासको सिलसिलामा कारखानाहरूमा खडा गरेका थिए। क्रान्तिकारी सङ्घर्षद्वारा कारखानाहरूमाथि कब्जा गर्नु र त्यस्ता कारखानाहरू चालू राख्नु नै यी संस्थाहरूको कार्य थियो। **कारखाना समितिहरूको** पनि आफ्नै अखिल रूसी सङ्गठन थियो, जसको केन्द्रीय समिति पेत्रोग्रादमा थियो र जसले ट्रेड युनियनहरूसँग मिलेर काम गर्थ्यो।

४. **दुमा**। दुमा शब्दको सामान्य अर्थ हो–"विचारक निकाय"। पुरानो राजकीय दुमाको, जुन क्रान्तिपश्चात् छ महिनासम्म एक प्रजातान्त्रिक निकायको रूपमा कायम रहेको थियो, सेप्टेम्बर १९१७ मा स्वाभाविक मृत्यु भयो। यस पुस्तकमा, जुन **नगर दुमाको** उल्लेख गरिएको छ, त्यो पुनर्गठित नगरपालिका परिषद् थियो, जसलाई प्रायश: 'नगरपालिका स्वशासन निकाय' पनि भन्दछन्। यो निकाय प्रत्यक्ष तथा गुप्त मतदानद्वारा निर्वाचित भएको थियो र यसले बोल्शेभिक क्रान्तिको समयमा जनसमुदायलाई आफ्नो नियन्त्रणमा राख्न नसक्नुको एक मात्र कारण थियो–**आर्थिक** सूत्रमा बाँधिएका समूहहरूमा आधारित सङ्गठनहरूको प्रभाव बढ्दै गएअनुसार विशुद्ध

राजनीतिक प्रतिनिधित्वमा आधारित **संस्थाहरूको** प्रभाव पनि आम रूपमा घट्दै गयो।

५. **जेम्स्तभो।** सामान्य रूपमा जेम्स्तभो भनेको "जिल्ला परिषद्" हो। जारकालीन रसियामा भूस्वामी वर्गका उदारवादी बुद्धिजीवीहरूद्वारा विकसित तथा मुख्यतया उनीहरूद्वारा नै नियन्त्रित अर्द्ध-राजनीतिक, अर्द्ध-सामाजिक निकाय, जसको हातमा अति कम शासन-सत्ता थियो। किसान-हरूको बीचमा शिक्षा प्रचार र सामाजिक सेवा नै उनीहरूको सबैभन्दा महत्त्वपूर्ण कार्य थियो। लडाइँको समयमा **जेम्स्तभोहरूले** शनैः शनैः रूसी सेनाको लागि रसद तथा लुगाफाटो पुऱ्याउने सम्पूर्ण काम आफ्नो हातमा लिए र यसको अतिरिक्त तिनीहरूले विदेशबाट सामान किन्ने काम पनि गर्न थाले र मोर्चामा सिपाहीहरूबीच कतिपय त्यस्ता कामहरू गर्न थाले, जस्तो प्रायश अमेरिकी वाइ० एम० सि० ए० (इसाई युवक सङ्घ) ले गर्दछ। मार्च क्रान्तिपश्चात् **जेम्स्तभोहरूलाई** ग्रामीण इलाकाहरूमा स्थानीय शासनको अङ्ग बनाउने उद्देश्यले प्रजातान्त्रिक रूप दिइयो। परन्तु **नगर दुमाहरूजस्तै** यिनीहरू सोभियतहरूसमक्ष टिक्न सकेनन्।

६. **सहकारी संस्थाहरू।** यी मजदुर तथा किसानहरूका त्यस्ता उपभोक्ता संस्थाहरू थिए, जसका सदस्यहरू क्रान्तिपूर्व सम्पूर्ण रसियाभरि कैयौं लाखको सङ्ख्यामा थिए। उदारपन्थीहरू तथा "नरम" समाजवादीहरूद्वारा सञ्चालित यस सहकारी आन्दोलनलाई क्रान्तिकारी समाजवादी दलहरूको समर्थन प्राप्त थिएन, किनभने यो आन्दोलन उत्पादन तथा वितरणका साधनहरू पूर्णतः मजदुरहरूको हातमा सुम्पने आन्दोलनको एक विकल्प थियो। मार्च क्रान्तिपश्चात् **सहकारी संस्थाहरू** तीव्र गतिले फैलिन थाले, जन समाजवादीहरू, मेन्शेभिकहरू तथा समाजवादी-क्रान्तिकारीहरूद्वारा नियन्त्रित थिए र बोल्शेभिक क्रान्ति सम्पन्न नहुञ्जेलसम्म एक रूढिवादी राजनीतिक शक्तिको भूमिका खेल्दै थिए। यद्यपि जब वाणिज्य तथा परिवहनको पुरानो व्यवस्था नष्टभ्रष्ट भयो, **सहकारी संस्थाहरूले** नै रसियाको पेट पाल्ने काम गरेका थिए।

७. **सैनिक समितिहरू। सैनिक समितिहरू** मोर्चाका सिपाहीहरूले पुरानो शासनसँग सम्बन्धित अफिसरहरूको प्रतिक्रियावादी प्रभावको सामना गर्न खडा गरेका थिए। प्रत्येक कम्पनी, रेजिमेन्ट, ब्रिगेड, डिभिजन र कोरको आफ्नै समिति हुन्थ्यो र यी सबै समितिहरूको सर्वोच्च समितिको रूपमा **सैनिक समिति** निर्वाचित हुन्थ्यो। **केन्द्रीय सैनिक समितिले** सेनाको जनरल

स्टाफसँग सहयोग कायम राखेको हुन्थ्यो। क्रान्तिको फलस्वरूप सेनाको प्रशासन व्यवस्था भताभुङ्ग भएकोले क्वार्टरमास्टर विभागका अधिकांश अभिभाराहरू र कुनैकुनै ठाउँमा त सैनिक कमानको जिम्मेदारीसमेत **सैनिक समितिहरूले** नै पूरा गर्नु पर्ने भयो।

८. **नौसैनिक समितिहरू।** नौसेनामा पनि सैनिक समितिहरूकै अनुरूप सङ्गठनहरू थिए।

केन्द्रीय समितिहरू

सन् १९१७ को वसन्त र गृष्ममा पेत्रोग्रादमा सबै किसिमका सङ्गठनहरूको अखिल रसियाली सम्मेलनहरू आयोजित भए। मजदुरहरू, सैनिकहरू तथा किसानहरूका प्रतिनिधिहरूका सोभियतहरू, ट्रेड युनियनहरू, कारखाना समितिहरू, सैनिक तथा नौसैनिक समितिहरू (सैनिक तथा नौसैनिक सेवाका प्रत्येक शाखाको अतिरिक्त), सहकारी समितिहरू, विभिन्न जातिय महाधिवेशनहरू सम्पन्न भए। यस्तो प्रत्येक महाधिवेशनले शासन-केन्द्रमा आफ्नो विशेष हितको संरक्षण गर्ने उद्देश्यले एउटा केन्द्रीय समिति अथवा केन्द्रीय कार्यकारिणी समितिको निर्वाचन गर्दथ्यो। अस्थायी सरकार जतिजति कमजोर हुँदै गयो, यी केन्द्रीय समितिहरू पनि झन्झन् बढी मात्रामा प्रशासनिक अधिकारहरू आफ्नो हातमा लिन बाध्य हुँदै गए।

यस पुस्तकमा उल्लिखित सबैभन्दा महत्त्वपूर्ण केन्द्रीय समितिहरू निम्न प्रकारका छन्—

व्यावसायिक सङ्गठनहरूको युनियन। सन् १९०५ को क्रान्तिको सिलसिलामा प्रोफेसर मिल्युकोभ तथा अन्य उदारवादीहरूले डाक्टर, वकिल, चिकित्सकहरूका व्यावसायिक सङ्गठनहरू स्थापना गरेका थिए। यी व्यावसायिक सङ्गठनहरूलाई **व्यावसायिक सङ्गठनहरूको युनियन** नामक केन्द्रीय सङ्गठनअन्तर्गत ऐक्यबद्ध तुल्याइयो। सन् १९०५ मा **व्यावसायिक सङ्गठनहरूको युनियनले** क्रान्तिकारी जनवादसँग मिलेर काम गऱ्यो; तर सन् १९१७ मा यसले बोल्शेभिक क्रान्तिको विरोध गऱ्यो र सोभियत सत्ताको विरुद्ध हडताल गर्ने सरकारी कर्मचारीहरूलाई एकजुट पाऱ्यो।

चेइक। मजदुरहरू तथा सैनिकहरूका प्रतिनिधिहरूको केन्द्रीय कार्यकारिणी समिति, जसलाई यस नामका रूसी प्रथमाक्षरहरूको आधारमा **चेइक** भनिन्थ्यो।

चेन्त्रफ्लोत। 'नौसेना केन्द्र' – केन्द्रीय नौसैनिक समिति।

भिक्भेल। अखिल रसियाली रेल मजदुर युनियनको कार्यकारिणी समिति, जसलाई यस नामका प्रथमाक्षरहरूको आधारमा **भिक्भेल** भन्दथे।

अन्य सङ्गठनहरू

लाल गार्ड। रसियाका हतियारबन्द कारखाना मजदुरहरू। सन् १९०५ को क्रान्तिकालमा पहिलो पटक लाल गार्डहरूको स्थापना गरिएको थियो र मार्च १९१७ मा, जब शहरमा शान्ति सुव्यवस्था कायम राख्नको लागि एक सैनिक शक्तिको आवश्यकता पर्‍यो, फेरि लाल गार्डहरू अस्तित्वमा आए। त्यस बेला लाल गार्डहरू हतियारबन्द थिए र उनीहरूलाई निश्शस्त्र पार्ने अस्थायी सरकारका सम्पूर्ण प्रयासहरू विफल भए। क्रान्तिकालमा कुनै पनि ठूलो सङ्कट पैदा हुनासाथ तालिम प्राप्त नगरेका र कुनै पनि प्रकारको अनुशासनमा नबाँधिएका, तर क्रान्तिकारी उत्साहले भरिपूर्ण यी **लाल गार्ड-हरू** सडकहरूमा देखा परिहाल्दथे।

श्वेत गार्ड। बुर्जुवावर्गका स्वयंसेवकहरू, जो बोल्शेभिकहरूद्वारा निजी स्वामित्वको उन्मूलन प्रयासमाथि बाधा पुर्‍याउन क्रान्तिको अन्तिम चरणमा देखा परेका थिए। अधिकांश श्वेत गार्डहरू विश्वविद्यालयका विद्यार्थी थिए।

तेकिनेच सेनाका तथाकथित 'बर्बर डिभिजन', जो मध्य एसियाका मुसलमान आदिवासीहरूबाट बनेको थियो र व्यक्तिगत रूपमा जर्नेल कर्निलोभप्रति निष्ठा र भक्ति राख्दथे। तेकिनेचहरू आफ्नो अन्ध आज्ञापालना र युद्धमा पाशविक क्रूरताको लागि कुख्यात थिए।

'**मृत्यु बटालियन**' अथवा '**प्रहार बटालियन**'। नारी बटालियन मृत्यु बटालियनहरूको रूपमा संसारमा विख्यात छ, तर पुरुषहरूबाट बनेका पनि कतिपय **मृत्यु बटालियनहरू** अस्तित्वमा थिए। वीरताको उदाहरणद्वारा सेनामा अनुशासन र सामरिक जोश बढाउने उद्देश्यले केरेन्स्कीले यस्ता बटालियनहरू सन् १९१७ को गृष्ममा गठन गरेका थिए। **मृत्यु बटालियन-हरूका** सैनिकहरू मुख्यतया उग्रपन्थी-राष्ट्रवादी युवकहरूबाट बनेका हुन्थे र अधिकांशतः सम्पन्न परिवारहरूका सन्तान हुन्थे।

अफिसरहरूको युनियन। सैनिक समितिहरूको बढ्दो शक्तिविरुद्ध राज-नीतिक रूपमा सङ्घर्ष गर्न सेनाका प्रतिक्रियावादी अफिसरहरूबीच गठित एक सङ्गठन।

सेन्ट जर्जका शुरवीरहरू। सेन्ट जर्ज पदक* सामरिक वीरताको लागि प्रदान गरिन्थ्यो। यो पदक प्राप्त गर्ने व्यक्ति स्वत: **सेन्ट जर्ज शुरवीर** सङ्गठनको सदस्य बन्दथ्यो। यस सङ्गठनमा सैनिकवादका समर्थकहरूको बोलबाला थियो।

किसान सङ्घ। सन् १९०५ मा किसान सङ्घ क्रान्तिकारी किसानहरूको सङ्गठन थियो। परन्तु सन् १९१७ मा यो सङ्गठन अधिक समृद्ध किसान-हरूद्वारा किसान प्रतिनिधिहरूका सोभियतहरूको बृद्धिमान् शक्ति र क्रान्ति-कारी उद्देश्यको विरुद्ध सङ्घर्ष गर्ने राजनीतिक अभिव्यक्ता बनेको थियो।

कालक्रम तथा वर्णविन्यास

मैले यस पुस्तकमा सर्वत्र रूसी पञ्चाङ्गको साटो, जुन तेन्ह दिन पछि पर्छ, हामीकहाँ प्रचलित पञ्चाङ्गको प्रयोग गरेको छु।

रूसी नामहरू तथा शब्दहरूको जुन हिज्जे मैले दिएको छु, तिनमा मैले लिप्य-तरणको कुनै वैज्ञानिक नियमको अनुसरण गर्ने प्रयास गरेको छैन, मैले तिनै हिज्जे दिने प्रयत्न गरेको छु, जसबाट अङ्ग्रेजी भाषामा बोल्ने पाठकले तिनको उच्चारणका सरलतम तथा निकटतम रूप भेट्टाउन सकुन्**।

पुस्तकका स्रोतहरू

यस पुस्तकमा अधिकांश सामग्रीहरू मेरो आफ्नै टिपोट पुस्तिकाबाट लिइएका हुन्। यद्यपि मैले सयौं सङ्कलित रूसी अखबारहरूको एउटा पञ्चमेल फाइल पनि प्रयोग गरेको छु, जसमा वर्णित कालसम्बन्धी प्राय: प्रत्येक दिनको खबर पाइन्छ। यसमा अङ्ग्रेजी अखबार «Russian Daily

---

*यो पदक जारशाही रसियामा सन् १७६९ देखि प्रचलनमा आएको थियो र सामरिक वीरता तथा दीर्घसेवाबापत जर्नेलहरू तथा अफिसरहरूले पाउँदथे।—**सं०**

अनुवादकले रूसी नामहरू तथा शब्दहरूको हिज्जे दिँदा यथासम्भव रूसी उच्चारणको निकट होस् भन्ने प्रयास गरेको छ।—अनु०**

News» ('रूसी दैनिक समाचार') तथा दुई फ्रान्सेली अखबारहरू «Journal de Russie» ('रूसको पत्रिका') र «Entente» ('सहयोग') का फाइलहरू उल्लेखनीय छन्। परन्तु यी सबै सामग्रीहरूभन्दा पेत्रोग्रादस्थित फ्रान्सेली सूचना ब्यूरोद्वारा प्रतिदिन प्रकाशित «Bulletin de la Presse» कता हो कता बढी मूल्यवान छ, जसमा रूसी अखबारहरूमा प्रकाशित सबैजसो महत्त्वपूर्ण घटनाहरू, भाषणहरू तथा टिप्पणीहरूको रिपोर्ट प्रस्तुत गरिएको छ। मसँग यस बुलेटिनको सन् १९१७ को वसन्तदेखि १९१८ को जनवरीको अन्त्यसम्मको लगभग सम्पूर्ण फाइल सुरक्षित छ।

उपर्युक्त सामग्रीको अतिरिक्त मध्य सेप्टेम्बर १९१७ देखि जनवरी १९१८ को अन्तसम्म पेत्रोग्रादका पर्खालहरूमा टाँसिएका लगभग प्रत्येक घोषणा, आज्ञप्ति तथा विज्ञप्ति मसँग सुरक्षित छन्। साथै सबै सरकारी आदेशहरू तथा आज्ञप्तिहरूका अधिकारिक प्रकाशनहरू तथा बोल्शेभिक-हरूले सत्ता हातमा लिंदा परराष्ट्र मन्त्रालयमा भेट्टाइएका गुप्त सन्धिहरू तथा अन्य कागतपत्रहरूका आधिकारिक सरकारी प्रकाशनहरू पनि मसँग सुरक्षित छन्।



भ्लादिमिर इलिच लेनिन
(सन् १९१७ मा)

पहिलो अध्याय

पृष्ठभूमि

सेप्टेम्बर १९१७ को अन्ततिर रसियाको भ्रमणमा आएका समाज-शास्त्रका एक जना विदेशी प्रोफेसर पेत्रोग्रादमा मलाई भेट्न आएका थिए। व्यवसायीहरू तथा बुद्धिजीवीहरूबाट उनले क्रान्तिको गति ढिलो हुँदै छ भन्ने सूचना पाएका थिए। प्रोफेसरले यस सम्बन्धमा एउटा लेख लेखे र तत्पश्चात् रसियाको भ्रमण सुरु गरे। उनले औद्योगिक नगरहरू तथा किसान समुदायहरूको भ्रमण गरे – तर सबै ठाउँमा क्रान्तिको गति तीव्र भएको अनुभव गर्दा उनलाई आश्चर्य लाग्यो। मजदुर तथा किसानहरूको बीचमा सधैं एउटै कुरा सुनिन्थ्यो – "जोताहाहरूलाई जमिन, मजदुरहरूलाई कार-खाना!" यदि प्रोफेसर साहेबले मोर्चाको भ्रमण गरेका भए, सम्पूर्ण सेनामा शान्तिकै मात्र कुरा सुन्थे।

प्रोफेसर साहेब रनभुल्लमा परे, यद्यपि यसको लागि कुनै आधार थिएन; दुवै कुरा सही थिए। सम्पन्न वर्गहरू झन्झन् रूढिवादी बन्दै थिए भने आम जनसमुदाय बढी क्रान्तिकारी।

क्रान्ति निकै टाढा पुगिसकेको छ र ज्यादै लम्बिइसक्यो, अब व्यवस्था मिलाउने बेला भइसकेको छ भन्ने धारणा व्यवसायीहरू र बुद्धिजीवीहरूको माझमा सामान्य रूपमा फैलिएको थियो। केरेन्स्कीको अस्थायी सरकारको समर्थन गर्ने प्रमुख नरमपन्थी समाजवादी गुटहरू – मेन्शेभिक-आबारोनेच (१) * र समाजवादी-क्रान्तिकारीहरूको यस्तै धारणा थियो।

---

*पुस्तकमा प्रस्तुत गरिएका सूचना अङ्कहरूले जोन रिडका टिप्पणी-हरूतर्फ इङ्गित गर्दछन्। यी टिप्पणीहरूमा लेखकले प्रत्येक अध्यायको लागि बेग्लाबेग्लै सिलसिलेवार अङ्क दिनुभएको छ। – सं०

१४ अक्टोबरको दिन "नरमपन्थी" समाजवादीहरूको आधिकारिक मुखपत्रले* लेखेको थियो –

"क्रान्तिको नाटक दुई अङ्कमा विभाजित छ – पुरानो व्यवस्थाको विनाश तथा नयाँ व्यवस्थाको रचना। पहिलो अङ्क धेरै लम्बियो। अब अर्को अङ्क थाल्ने बेला भइसकेको छ र यो काम जति सक्यो चाँडो गरिहाल्नुपर्दछ। जस्तो एक जना महान् क्रान्तिकारीले भन्नुभएको छ – "साथीहरू, आउनोस्, हतारो गरौं र क्रान्ति पूरा गरौं, जसले धेरै समय लगाएर क्रान्ति गर्छ, उनीहरूले त्यसको फल भोग्न पाउँदैनन्..."।

परन्तु मजदुर, सैनिक तथा किसान जनसमुदायमा "पहिलो अङ्क" नै पूरा भइसकेको छैन भन्ने भावनाले गहिरो जरा गाडेको थियो। मोर्चाहरूमा ती अफिसरहरूसँग सैनिक समितिहरूको सधैं टक्कर परिरहन्थ्यो, जसलाई अझै पनि सैनिकहरूसँग मानिससरह व्यवहार गर्ने बानी परिसकेको थिएन। मोर्चापछाडि किसानहरूद्वारा निर्वाचित भूमि समितिहरूका सदस्यहरूले भूमिसम्बन्धी सरकारी नियमहरू कार्यान्वयन गराउने प्रयासबापत जेलको सजाय पाउँदै थिए र कारखानाहरूमा मजदुरहरू (२) कालो सूची र तालाबन्दीको विरुद्ध सङ्घर्ष गर्दै थिए। यति मात्र कहाँ हो र, विदेशबाट फर्केका राजनीतिक प्रवासीहरूलाई "अवाञ्छनीय" नागरिक भन्दै देशबाहिर राख्ने प्रयास हुँदै थियो। केही मामिलाहरूमा त विदेशबाट आफ्नो गाउँ फर्केका मानिसहरूमाथि सन् १९०५ मा गरेको क्रान्तिकारी कारबाईको लागि मुद्दा चलाइन्थ्यो र जेल पठाइन्थ्यो।

जनतामा व्याप्त अनेकानेक असन्तोषको लागि "नरमपन्थी" समाजवादीहरूसँग एउटै मात्र नुस्खा थियो – डिसेम्बरमा डाकिने संविधान सभा पर्खनोस्। तर जनतालाई यस आश्वासनले चित्त बुझाउन सकेन। संविधान सभा धेरै राम्रो कुरा हो, तर त्यस्ता कतिपय निश्चित लक्ष्यहरू थिए, जसको लागि रूसी क्रान्ति सम्पन्न भएको थियो र जसको लागि क्रान्तिकारी शहीदहरू मार्स मैदानको** बन्धु समाधिमा गाडिएका थिए र ती लक्ष्यहरू

---

*यहाँ जोन रिडले 'केन्द्रीय कार्यकारिणी समितिको समाचारपत्र' ('इज्भेस्तिया चेइक') को चर्चा गर्नुभएको हो। उक्त समाचारपत्र त्यस बेला मेन्शेभिकहरू र समाजवादी-क्रान्तिकारीहरूको हातमा थियो। – **सं०**

मार्स मैदान – पेत्रोग्राद (हाल लेनिनग्राद) को एउटा मैदान, जहाँ जारशाही एकतन्त्रीय शासनको विरुद्ध मार्च (फेब्रुअरी) प्रजातान्त्रिक क्रान्तिमा शहीद भएका मानिसहरू ५ अप्रिल (२३ मार्च) को दिन गाडिएका थिए। – **सं०

पूरा हुनै पर्दथ्यो। संविधान सभा डाकियोस् अथवा नडाकियोस्, तर शान्ति, भूमि र उद्योगधन्दामाथि मजदुर नियन्त्रण प्राप्त नगरी हुँदैनथ्यो। संविधान सभा डाक्ने काम पछि सारिँदै थियो र फेरि पनि पछि सारिन्छ होला, त्यस बेलासम्म, जबसम्म मानिसहरू पूर्णतः शान्त हुने छैनन् – शायद त्यस बेला उनीहरूका मागहरूमा काटछाँट गर्न सकिनेछ! जे होस्, क्रान्ति भएको आठ महिना बितिसक्यो, तर यसबीच के कति गरियो भन्ने देखाउने कमै कुरा छन्।

यसबीच सिपाहीहरूले फौजबाट भाग्दै अति सामान्य तरिकाले शान्तिको प्रश्न समाधान गर्न थाले, किसानहरूले बिर्तावालहरूको घरबारी जलाउँदै ठूलठूला बिर्ताहरूमाथि कब्जा गर्न थाले, मजदुरहरूले तोडफोड गर्न थाले र काम गर्न छोडे...। स्वभावतः उद्योगपतिहरू, जमिनदारहरू र सैनिक अफिसरहरूले कुनै पनि प्रकारको प्रजातान्त्रिक सम्झौता हुन नदिन आफ्नो सम्पूर्ण प्रभाव लगाए।

अस्थायी सरकारको डाँवाडोल नीति कहिले प्रभावशून्य सुधारहरूतिर त, कहिले दमनकारी कारबाईहरूतिर झुक्दथ्यो। समाजवादी श्रममन्त्रीले अबदेखि मजदुर समितिहरूले कामको समयपछि मात्रै आफ्नो बैठक गर्न पाउनेछन् भन्ने आज्ञप्ति जारी गरे। मोर्चाहरूमा विरोधी पक्षका राजनीतिक पार्टीहरूको आन्दोलनमा लागेका सिपाहीहरू गिरफ्तार गरिए, चरमपन्थी अखबारहरूमाथि प्रतिबन्ध लगाइयो, क्रान्तिकारी प्रचारकहरूले मृत्युदण्ड पाउन थाले। लाल गार्डहरूलाई निरस्त्र पार्ने प्रयास गरियो। प्रान्तहरूमा शान्ति सुव्यवस्था कायम गर्न कजाकहरूलाई पठाइयो!

"नरमपन्थी" समाजवादीहरू र मन्त्रिमण्डलमा रहेका उनका नेताहरूले जो सम्पन्न वर्गहरूसँग सहयोग कायम राख्नु जरूरी ठान्दथे, यी कारबाईहरूको समर्थन गरे, जनताले उनीहरूको साथ दिन छोडे र बोल्शेभिकहरूतिर लाग्न थाले। अब उनीहरू शान्ति, किसानहरूलाई भूमि र उद्योगधन्दामाथि मजदुर नियन्त्रण तथा मजदुरवर्गको सरकार स्थापनाको लागि सङ्घर्ष गर्दै थिए। सेप्टेम्बर १९१७ मा स्थिति सङ्कटावस्थामा पुग्यो। आम जनताको इच्छाको विपरीत केरेन्स्की र "नरमपन्थी" समाजवादीहरूले सम्पन्न वर्गहरूसँग मिलेर संयुक्त सरकार स्थापना गर्न सफल भए; फलतः मेन्शेभिकहरू र समाजवादी-क्रान्तिकारीहरूले सदाको लागि जनताको विश्वास गुमाए।

मध्य अक्टोबरतिर 'राबोची पुच' ('मजदुरहरूको बाटो') पत्रिकामा

'समाजवादी मन्त्रीहरू' नामक एउटा लेख छापियो (३), जुन लेखमा "नरमपन्थी" समाजवादीहरूको विरुद्ध सामान्य जनताको भावना व्यक्त गरिएको थियो –

"उनीहरूको सेवाको सूची यस प्रकार छ –

चेरेतेली – जर्नेल पोलोभ्चेभसँग मिलेर मजदुरहरूलाई निरस्त्र पारे, क्रान्तिकारी सैनिकहरूलाई "शान्त पारे" र सैनिकहरूको मृत्युदण्डको नियम लागू गराए।

स्कोबेलेभ – उनको कार्य पुँजीपतिहरूको सतप्रतिशत नाफा खोस्ने आश्वासनबाट सुरु भयो र मजदुरहरूका कारखाना समितिहरू विघटन गर्ने प्रयासमा गएर समाप्त भयो।

आभ्सेन्त्येभ – भूमि समितिहरूका सदस्यहरू, सयौँ किसानहरूलाई जेल पठाए र मजदुर तथा सैनिकहरूका दर्जनौँ अखबारहरू बन्द गराए।

चेर्नोभ – त्यस "शाही" घोषणापत्रमा हस्ताक्षर गरे, जसमा फिनल्याण्डको संसद भङ्ग गर्ने आदेश थियो।

साभिन्कोभ – जर्नेल कर्निलोभसँग ह्राकाह्राकी साठगाँठ गरे। यस राष्ट्र उद्धारक (कर्निलोभ) ले पेत्रोग्रादमाथि कब्जा गर्न सकेनन् भने यो त्यस्तो कारणले हुन गएको थियो, जसमाथि साभिन्कोभको कुनै वश थिएन।

जारूद्नी – अलेक्सिन्स्की र केरेन्स्कीको अनुमतिद्वारा क्रान्तिका कतिपय उत्कृष्टतम कार्यकर्ताहरूलाई, सैनिकहरू तथा नौसैनिकहरूलाई जेल पठाए।

निकीतिन – रेल मजदुरहरूसँग एक जङ्गली पुलिसले जस्तो व्यवहार गरे।

केरेन्स्की – उनको विषयमा चुप लाग्नु नै बेस हुन्छ। उनको सेवा-सूची धेरै लामो छ।"

बाल्टिक नौसेनाका प्रतिनिधिहरूको हेल्सिङफोर्समा सम्पन्न महाधिवेशनमा एउटा प्रस्ताव पारित भएको थियो, जुन निम्न पङ्क्तिहरूबाट सुरु हुन्छ –

"हामी तथाकथित "समाजवादी" राजनीतिक ठग केरेन्स्कीलाई, जसले निर्लज्जतापूर्ण राजनीतिक धोकाबाजीद्वारा पुँजीजीवीवर्गको हितार्थ महान् क्रान्तिका साथसाथै क्रान्तिकारी जनसमुदायलाई बदनाम गर्दै छ र भ्रष्ट पार्दै छ, अस्थायी सरकारबाट अविलम्ब हटाउने माग गर्दछौँ।"

बोल्शेभिकहरूको उत्कर्ष यी सबै घटनाहरूको प्रत्यक्ष परिणाम थियो।

मार्च १९१७ मा, जब मजदुर तथा सैनिकहरूको गर्जायमान लहरले

ताभ्रिचेस्की प्रासादलाई ढाकेको थियो र निस्क्रिय राजकीय दुमालाई रसियाको सर्वोच्च सत्ता आफ्नो हातमा लिन बाध्य तुल्याएको थियो, जनसमुदाय नै अर्थात् मजदुर, सैनिक तथा किसानहरू नै क्रान्तिको दिशामा प्रत्येक परिवर्तनको लागि उत्तरदायी थिए। उनीहरूले मिल्युकोभ मन्त्रिमण्डल भङ्ग गरे; यो उनीहरूकै सोभियत थियो, जसले विश्वसमक्ष रसियाका शर्तहरू घोषित गरेको थियो – "विनासंयोजन, विनाहर्जाना, सबै जातिहरूलाई आत्मनिर्णयको अधिकारसहित शान्ति"; जुलाई महिनामा असङ्गठित सर्वहारावर्गले फेरि स्वस्फूर्त विद्रोह गरे र ताभ्रिचेस्की प्रासादमाथि हमला गरेर रसियाको शासन व्यवस्था सोभियतहरूले आफ्नो हातमा लेओस् भन्ने माग गरे।

बोल्शेभिकहरूले, जो त्यस बेला एउटा सानो राजनीतिक गुट मात्रै थिए*; यस आन्दोलनको नेतृत्व गरे। विद्रोहको घातक असफलताले गर्दा जनमत उनीहरूको विरोधी बन्यो, मजदुरहरूको नेतृत्वविहीन भीड चुपचाप भिबर्ग इलाकामा, जसलाई पेत्रोग्रादको सें-आन्तुआन** भन्न सकिन्छ, फर्के। तत्पश्चात् बोल्शेभिकहरूको अन्धाधुन्ध खेदो सुरु भयो; सयौँ मानिसहरू गिरफ्तार गरिए, जसमध्ये त्रोत्स्की***, श्रीमति कलन्ताई**** र कामेनेभ

---

*जोन रिडले यहाँ "गुट" शब्द प्रयोग गरेर मार्च (फेब्रुअरी) १९१७ को बुर्जुवा क्रान्तिको लगत्तैपछि भर्खरै मात्र भूमिगत अवस्थाबाट निस्केको बोल्शेभिक पार्टीको सदस्य सङ्ख्या अपेक्षाकृत रूपमा कम थियो भन्न खोज्नुभएको हो। – **सं०**

** **सें-आन्तुआन** – पेरिसको एउटा उपनगर। यो उपनगर आफ्नो मजदुर आवादीको त्यस लडाकूपनको लागि विख्यात थियो, जुन यसले १८ औँ शताब्दीको अन्त र १९ औँ शताब्दीमा सम्पन्न क्रान्तिकारी विद्रोहको समयमा प्रदर्शन गरेको थियो। भिबर्ग इलाका पेत्रोग्रादको एउटा मजदुर बस्ती थियो।

***त्रोत्स्की (ब्रन्स्तेन), ले० दा०, सन् १८९७ देखि रसियाली सामाजिक-जनवादी मजदुर पार्टीको सदस्य, मेन्शेभिक। सन् १९१७ को गृष्ममा बोल्शेभिक पार्टीमा सम्मिलित भए। परन्तु उनले बोल्शेभिक नीति स्वीकार गरेनन् र लेनिनवाद तथा पार्टी नीतिको विरुद्ध प्रत्यक्ष तथा परोक्ष रूपले सङ्घर्ष गरे। यस क्रियाकलापको लागि उनी सन् १९२७ मा पार्टीबाट निष्कासित भए। – **सं०**

****कलन्ताई, अ० म० (सन् १८७२-१९५२) – सन् १९१५ देखि बोल्शेभिक पार्टीकी सदस्य, नोभेम्बर क्रान्तिपश्चात् जनकल्याण मन्त्रालयकी जनकमिसार।

थिए; लेनिन र जिनोभ्येभ* कानुनको फन्दाबाट निस्केर गुप्तबासमा जान सफल भए; बोल्शेभिक अखबारहरूमाथि प्रतिबन्ध लगाइयो। जासुसहरू तथा प्रतिक्रियावादीहरूले बोल्शेभिकहरू जर्मनहरूका दलाल हुन् भन्ने हल्ला फैलाए र अन्ततोगत्वा सम्पूर्ण संसारले यस कुरामा विश्वास गरे।

परन्तु अस्थायी सरकार यी आरोपहरू प्रमाणित गर्न असमर्थ थियो। जर्मनहरूसँग मिलेर षडचन्त्र गरेको आरोप प्रमाणित गर्ने कागतपत्रहरू जाली ठहरिए**; बोल्शेभिकहरूलाई मुद्दा नचलाईकनै नाम मात्रैको जमानत अथवा विनाजमानत एकएक गर्दै जेलबाट छोडे। अन्तमा जम्मा ६ जना बोल्शेभिकहरू

सन् १९२० मा कम्युनिस्ट पार्टीको केन्द्रीय समितिमा महिला विभागकी अध्यक्ष। सन् १९२१-१९२२ मा कम्युनिस्ट इन्टर्नेशनलको अन्तर्राष्ट्रिय नारी सचिवालयकी सचिव। सन् १९२३ देखि विख्यात कूटनीतिज्ञ। —सं०

*जिनोभ्येभ (रादोमीस्लस्की) ग्रि० ये०,—विभिन्न समयमा बोल्शेभिकवादबाट विचलित र अन्ततोगत्वा मार्क्सवाद-लेनिनवादसँग पूर्ण सम्बन्ध-विच्छेद। नोभेम्बर १९१७ मा उनले र कामेनेभले मेन्शेभिक समाचारपत्र 'नोभया झीज्न' ('नव जीवन') मा एउटा लेख छपाए, जसमा उनीहरूले सशस्त्र विद्रोहसम्बन्धी केन्द्रीय समितिको निर्णयप्रति विरोध प्रकट गरेका थिए र यस प्रकारले बोल्शेभिक पार्टीका सदस्यहरूको नाममा लेखिएको एक चिठीमा लेनिनले यस कार्यलाई गद्दारीपूर्ण भन्नुभएको थियो र जिनोभ्येभ र कामेनेभलाई पार्टीबाट निष्कासन गर्ने माग गर्नुभएको थियो। नोभेम्बर क्रान्तिको विजयपश्चात् जिनोभ्येभले मेन्शेभिकहरू, समाजवादी-क्रान्तिकारीहरू तथा "जनवादी समाजवादीहरूका" प्रतिनिधिहरू सम्मिलित भएको संयुक्त सरकार गठन गर्ने विचारको समर्थन गरेका थिए। सोभियत सङ्घमा समाजवादको निर्माण असम्भव छ भन्ने कुरामा जोड दिँदै उनले सन् १९२५ मा त्रोत्स्कीसँग मिलेर तथाकथित "नयाँ विरोधी पक्ष" खडा गरे। सन् १९२७ मा निरन्तर पार्टीविरोधी गुटपरस्त कारबाईहरूमा सङ्लग्न भएबापत जिनोभ्येभ पार्टीबाट निष्कासित भए।—सं०

**यी कागतपत्रहरू कुख्यात 'सिस्सन दस्तावेजको' एक हिस्सा थिए। —जोन रिड

सिस्सन—एक प्रतिक्रियावादी अमेरिकी पत्रकार। बोल्शेभिक नेताहरूको बदख्वाइँ गर्ने उद्देश्यले उनले जाली दस्तावेजहरूको एउटा सङ्ग्रह अमेरिकामा प्रकाशित गराएका थिए।—सं०

मात्रै जेलमा बाँकी रहे। निरन्तर बदलिइरहने अस्थायी सरकारको नपुंसकता र हिचकिचाहटको स्थिति एउटा त्यस्तो तर्क थियो, जसको कसैले पनि खण्डन गर्न सक्दैनथ्यो। बोल्शेभिकहरूले फेरि पनि त्यही नारा दिन थाले, जुन जनसाधारणमा अति लोकप्रिय थियो—"समस्त सत्ता सोभियतहरूलाई!" यो नारा मात्र स्वार्थसिद्धिको साधन थिएन, किनभने त्यस बेला सोभियतहरूमा उनीहरूका कट्टर शत्रु "नरमपन्थी" समाजवादीहरूको बहुमत थियो।

बोल्शेभिकहरूको यसभन्दा पनि क्रियाशील पाइलो के थियो भने उनीहरूले मजदुर, सैनिक तथा किसानहरूका सीधासादा अपरिष्कृत आकाङ्क्षाहरूको आधारमा आफ्नो तात्कालिक कार्यक्रम बनाएका थिए। यस प्रकारले मेन्शेभिक-**आबारोनेच** (प्रतिरक्षावादीहरू) तथा समाजवादी-क्रान्तिकारीहरूले आफूलाई बुर्जुवावर्गसँग सम्झौतामा फँसाए भने बोल्शेभिकहरूले धेरै छिटो रसियाली जनसमुदायको विश्वास प्राप्त गरे। जुलाईमा उनीहरूको खेदो खनिन्थ्यो र उनीहरूलाई घृणा गरिन्थ्यो भने सेप्टेम्बरसम्ममा राजधानीका मजदुरहरू, बाल्टिक नौसैनिकहरू तथा सिपाहीहरू पूर्णतः उनीहरूको पक्षमा आइसकेका थिए। सेप्टेम्बर महिनामा ठूलठूला शहरहरूमा सम्पन्न भएका नगरपालिका चुनावहरू (४) अति महत्त्वपूर्ण ठहरिए; निर्वाचित व्यक्तिहरूमध्ये केवल १८ प्रतिशत मेन्शेभिक तथा समाजवादी-क्रान्तिकारीहरू थिए, जबकि जूनमा तिनको सङ्ख्या ७० प्रतिशतभन्दा बढी थियो।

एउटा घटनाले विदेशी पर्यवेक्षकहरूलाई रनभुल्लमा पाऱ्यो—सोभियतहरूका केन्द्रीय कार्यकारिणी समिति, केन्द्रीय सैनिक तथा नौसैनिक समितिहरू*, कतिपय ट्रेड युनियनहरू, विशेषतः हुलाक तथा आकाशवाणी कार्यकर्ताहरू र रेल मजदुरहरूका युनियनहरूका केन्द्रीय समितिहरूले अति उग्र तथा हिंस्र भावले बोल्शेभिकहरूको विरोध गरे। यी सबै केन्द्रीय समितिहरू मध्यगृष्म अथवा त्यसभन्दा पनि पहिले छानिएका थिए, जब मेन्शेभिकहरू तथा समाजवादी-क्रान्तिकारीहरूका अनुयायीहरू धेरै ठूलो सङ्ख्यामा थिए र यी समितिहरूले नयाँ चुनाव पछि सारे अथवा कुनै चुनाव नै हुन दिएनन्। यस प्रकार, हामी पाउँदछौँ, मजदुर तथा सैनिक प्रतिनिधिहरूका सोभियतहरूको अखिल रसियाली महाधिवेशन संविधानअनुसार **सेप्टेम्बरमा सम्पन्न हुनुपर्ने थियो**। परन्तु **चेइकले** मात्र दुई महिनापछि संविधान सभाको उद्घाटन हुँदै छ भन्ने बहाना देखाएर महाधिवेशन डाक्न अस्वीकार गऱ्यो र

---

* हेर्नोस् 'टिप्पणी तथा व्याख्याहरू'।—**जो० रि०**

त्यसै बेला मात्र सोभियतहरूले आफ्नो अधिकार सुम्पनेछन् भन्ने सङ्केत दियो। यसबीच सम्पूर्ण देशभरि स्थानीय सोभियतहरूमा, ट्रेड युनियनहरूका शाखाहरूमा र सैनिक तथा नौसैनिकहरूका पङ्क्तिहरूमा बोल्शेभिकहरूले एकपछि अर्को विजय प्राप्त गर्दै थिए। किसानहरूका सोभियतहरू अझै पनि अनुदार विचारधाराकै अनुसरण गर्दै थिए, किनभने सुसुप्त अवस्थामा रहेका देहाती इलाकाहरूमा राजनीतिक चेतना अति मन्द गतिमा विकसित हुँदै थियो र त्यहाँ समाजवादी-क्रान्तिकारी पार्टीले किसानहरूको बीचमा आन्दोलन चलाउँदै आएको पूरै पीढी बितिसकेको थियो। परन्तु किसानहरूको बीचमा पनि क्रान्तिकारी पक्षको निर्माण हुँदै थियो। अक्टोबरमा, जब समाजवादी-क्रान्तिकारीहरूको बामपक्ष उनीहरूबाट अलग्गियो र उनीहरूले एउटा नयाँ राजनीतिक दल, बामपन्थी समाजवादी-क्रान्तिकारी पार्टीको स्थापना गरे, यो कुरा स्पष्ट रूपमा देखा पर्‍यो।

साथै प्रतिक्रियावादी तत्त्वहरूको आत्मविश्वास बढ्दै गइरहेको छ भन्ने कुरा सर्वत्र प्रकट हुँदै थियो (५)। उदाहरणको लागि, पेत्रोग्रादको त्रोइत्स्की नाचघरमा '**जारको अपराध**' नामक नाटक चलिरहेको बेला, राजतन्त्रवादी-हरूको एक समूहले अभिनेताहरूलाई "सम्राट्को अपमान गरेबापत" बदला लिने धम्की दिएका थिए। कतिपय अखबारहरूले एक "रसियाली नेपोलि-यनको" सपना देख्न थालेका थिए। बुर्जुवा **बुद्धिजीवीहरूको** माझमा मजदुर प्रतिनिधिहरूका (राबोचिख देपुतातोभ) सोभियतहरूलाई **सबाचिख देपुतातोभ** अर्थात् कुकुरहरूका प्रतिनिधिहरू भन्नु एक सामान्य कुरा भइसकेको थियो।

१५ अक्टोबरको दिन एउटा ठूलो रूसी पुँजीपति स्तेपान गेओर्गिएभिच लिओनोजोभसँग मेरो कुराकानी भएको थियो। उनलाई "रूसी रकफेल्लर" भन्दछन् र राजनीतिमा उनी कादेत मताबलम्बी हुन्।

"क्रान्ति एउटा रोग हो", उनले भनेका थिए। "ढिलोचाँडो विदेशी शक्तिले हाम्रो मामिलामा हस्तक्षेप नगरी सुख पाउनेछैन। त्यस्तै किसिमले, जसरी रोगी बालकलाई निको पार्न अथवा उसलाई हिंड्न सिकाउन डाक्टरले हस्तक्षेप गर्दछ। निस्सन्देह यो कुरा धेरथोर बेमुनासिब ठहरिनेछ, तर बोल्शेभिकवाद अथवा "सर्वहारा अधिनायकवाद" र "विश्व सामाजिक क्रान्ति" जस्ता संक्रामक विचार उनीहरूको आफ्नै देशको लागि कति खतर-नाक छ भन्ने कुरा सबै जनताहरूले बुझ्नु आवश्यक छ...। यस्तो हस्त-क्षेपको आवश्यकता नपर्न पनि सक्दछ। परिवहन व्यवस्था भताभुङ्ग छ,

कारखानाहरू बन्द हुँदै छन् र जर्मनहरू अगाडि बढ्दै छन्। भोकमरी र पराजयले रूसी जनताको दिमाग ठीक पार्ला कि ? ..."।

जेसुकै होस्, बेपारीहरू र उद्योगपतिहरूको लागि मजदुरहरूका कारखाना समितिहरूको अस्तित्व र उद्योगधन्दाको प्रबन्धमा उनीहरूको सहभागिता सह्य हुन सक्तैन भन्ने कुरामा श्री लिआेनोजोभ विश्वस्त थिए।

"जहाँसम्म बोल्शेभिकहरूको प्रश्न छ, दुईमध्ये एक तरिकाले उनीहरू-लाई वशमा ल्याइनेछ। सरकारले पेत्रोग्राद खाली गर्न सक्छ र युद्धस्थितिको घोषणा गर्न सक्दछ, तत्पश्चात् इलाकाको सैनिक कमान्डरले विनाकुनै वैधानिक औपचारिकता यी महानुभावहरूलाई ठीक पार्न सक्दछ... **अथवा, उदाहरणको लागि, संविधान सभाले कुनै कल्पनावादी प्रवृत्ति देखाएको खण्डमा हतियारको बलले त्यसलाई भङ्ग गर्न सकिनेछ...**"।

जाडो आउँदै थियो – त्यही भयङ्कर रूसी जाडो। मैले यस सम्बन्धमा व्यवसायीहरूले भनेको सुनें – "जाडो सधैं रूसको अन्तरङ्ग मित्र रहँदै आएको छ। हुन सक्छ, अब यसैले हामीलाई क्रान्तिबाट छुट्कारा दिनेछ"। जाडोले कक्रिएका उत्साहहीन सैनिकहरू मोर्चामा भोकभोकै मर्दै थिए। रेल यातायात भताभुङ्ग थियो, खाद्य सामग्री पुग्दैनथ्यो र कारखानाहरू बन्द हुँदै थिए। निराशाको चरम सीमामा पुऱ्याइएको जनता गुनासो गर्दै थियो – बुर्जुवावर्गले नै जनताको जीवन नष्ट पारेको हो र मोर्चामा पराजयको लागि पनि उही जिम्मेदार छ। जर्नेल कर्निलोभले सार्वजनिक रूपमा "राष्ट्र-लाई आफ्नो दायित्वप्रति सचेत गराउनको लागि के हामीले रिगा सुम्पेर मोल चुकाउनु पर्नेछ ?" भनेको लगत्तैपछि यो शहर शत्रुको हातमा सुम्पियो।

वर्गयुद्धले यति उग्र रूप लिन सक्छ भन्ने कुरामा अमेरिकीहरू विश्वासै गर्न सक्तैनन्। परन्तु उत्तरी मोर्चामा मैले आफैले त्यस्ता अफिसरहरूसँग भेट गरेको छु, जो सैनिक समितिहरूसँग सहयोग गर्नको अपेक्षा युद्धमा पराजय श्रेयस्कर ठान्दछन्। कादेत पार्टीको पेत्रोग्राद शाखाका सचिवले मलाई भनेका थिए, देशको आर्थिक जीवन भताभुङ्ग पार्ने काम क्रान्तिलाई बदनाम गर्ने षड्यन्त्रकै एक हिस्सा थियो। एउटा मित्रराष्ट्रका कूटनीतिज्ञले, जसको नाम नखोल्ने मैले वचन दिएको छु, आफ्नो जानकारीको आधारमा यस कुराको पुष्टि गरेका थिए। खार्कोभनजिकको त्यस्ता केही कोइला खानीहरूबारे मलाई थाहा छ, जसका मालिकहरूले ती खानीहरूमा आगो लगाइदिएका थिए अथवा पानी भरिदिएका थिए, मास्कोका केही सूती

मिलहरूका इन्जिनियरहरूले मिल छोडेर जानुभन्दा पहिले मेसिनहरू बिगारिदिएका थिए, रेलवे अधिकारीहरूले रेल-इन्जिन बिगारिरहेको बेला मजदुरहरूद्वारा समातिएका थिए...।

सम्पन्न वर्गहरूको एक ठूलो हिस्सा क्रान्तिको अपेक्षा, अझ अस्थायी सरकारको पनि अपेक्षा, जर्मनहरूको विजय नै श्रेयस्कर ठान्दथे र यो कुरा स्वीकार गर्न हिचकिचाउँदैनथे। जुन रूसी परिवारमा म बस्दथें, त्यहाँ खाने बेलामा सधैं एउटै कुरा चल्थ्यो – जर्मनहरू आउनेछन् र "शान्ति सुव्यवस्था" कायम गर्नेछन्...। मैले मास्कोको एउटा महाजनको घरमा एक साँझ बिताएको थिएँ। चिया पिउने बेलामा टेबुलवरिपरि बसेका एघारै जना मानिसहरूलाई हामीले सोध्यौं – उनीहरू "विल्हेल्म अथवा बोल्शेभिकहरूमध्ये" कसलाई बेस ठान्दछन्, एघारमध्ये दस जनाले विल्हेल्मको पक्षमा हात उठाए...।

अवैधबेपारीहरूले आम अस्तव्यस्तताबाट फाइदा उठाएर सम्पत्ति जम्मा गर्न थाले र यो सम्पत्ति मोजमज्जा र सरकारी कर्मचारीहरूलाई घूस ख्वाउनमा खर्च गरे। खाद्य सामग्री र इन्धन लुकाइन्थ्यो अथवा लुकीचोरी देशबाहिर स्विडेन पठाइन्थ्यो। उदाहरणको लागि क्रान्तिको चार महिनाभित्र पेत्रोग्राद नगरपालिकाका ठूलठूला गोदामहरूबाट जगेडा अन्न लुटियो र दुई वर्षलाई पुग्ने अन्नको बचत कोष नगरवासीहरूलाई एक महिना पाल्न पनि नपुग्ने भयो...। अस्थायी सरकारका अन्तिम खाद्यमन्त्रीले प्रस्तुत गरेको औपचारिक प्रतिवेदनअनुसार भ्लादिभास्तोकमा कफी एक पाउण्डको दुई रूबलको दरले थोक भाउमा किनिन्थ्यो भने त्यही कफीको लागि पेत्रोग्रादमा उपभोक्ताले १३ रूबल तिर्थ्यो। ठूलठूला शहरहरूका सबै पसलहरू अन्न र कपडाले भरिएका थिए, तर यी वस्तु धनीहरूले मात्र किन्न सक्दथे।

एउटा प्रान्तीय शहरको बेपारी परिवारसँग मेरो परिचय थियो। त्यो बेपारी, रूसीहरूले भन्ने गरेजस्तो, **मराद्योर** (लुटाहा, नरपिशाच) अथवा अवैधबेपारी बनेको थियो। उसका तीन जना छोराहरूले घूस दिएर सैनिक सेवाबाट छुट्कारा पाएका थिए। एक जना अन्नको चोरबजारीमा लागेको थियो। अर्कोले लेना नदीबाट अवैध तरिकाले ल्याइएको सुन फिनल्याण्डका केही रहस्यमय बेपारीहरूलाई बेच्ने गर्दथ्यो। तेस्रो एउटा चकलेट कारखानाको हिस्सेदार थियो र उसैको नियन्त्रणमा कारखाना चल्दथ्यो। ऊ आफ्नो सामान स्थानीय सहकारी समितिहरूलाई बेच्दथ्यो र यी समितिहरूले उसको

लागि आवश्यक सबै वस्तुहरूको पूर्ति गर्नुपर्दथ्यो। यस प्रकारले, त्यस बेला जब जनसाधारणले आफ्नो राशनकार्डबाट चौथाइ पाउण्ड कालो रोटी पाउँदथे, उसकहाँ पाउरोटी, चीनी, चिया, मिस्री, केक र मखनको रास लागेको हुन्थ्यो...। यद्यपि मोर्चामा सिपाहीहरू भोक, जाडो र थकाइले लाचार भएर लड्न नसक्दा यस परिवारका मानिसहरू रिसले चिच्च्याउँदथे– "डरछेरूवाहरू!" र "रूसी भएकोमा" आफ्नो "लज्जा" व्यक्त गर्दथे...। अन्तमा जब बोल्शेभिकहरूले चोर गोदामहरूमा लुकाएर राखिएको पर्याप्त खाद्यसामग्री भेट्टाए, यी बेपारीहरूको दृष्टिमा बोल्शेभिकहरू भयङ्कर "लुटाहा" ठहरिए।

यस सम्पूर्ण बाह्य सडाइमुनि निकोलाइ द्वितीयको पतनकालदेखि अपरिवर्तित अवस्थामा रहेका काला शक्तिहरू गुप्त रूपमा कार्यरत थिए र अति सक्रिय थिए। कुख्यात आख्रान्का (राजनीतिक पुलिस) का एजेन्टहरू अझै पनि काम गर्दै थिए, जारको लागि र जारको विरुद्ध, केरेन्स्कीको लागि र केरेन्स्कीको विरुद्ध–जसले पैसा दिन्छ, उसैको हातमा बिक्न तयार थिए... अन्धकारमा काला सयजस्ता किसिमकिसिमका भूमिगत सङ्गठनहरू कुनै न कुनै रूपमा प्रतिक्रियावादी व्यवस्थाको पुनर्स्थापनाको लागि प्रयत्नशील थिए।

भ्रष्टाचार तथा बीभत्स अर्द्धसत्यको यस वातावरणमा एउटा स्पष्ट आवाज दिन प्रतिदिन सुनिँदै थियो र त्यो आवाज थियो–बोल्शेभिकहरूको झन्झन् चर्किंदै गएको समूहगान– "सम्पूर्ण सत्ता सोभियतहरूलाई सुम्प! लाखौँ करोडौँ सामान्य मजदुरहरू, सिपाहीहरू तथा किसानहरूका प्रत्यक्ष प्रतिनिधिहरूको हातमा सत्ता सुम्प! हामीलाई जमिन चाहिएको छ, रोटी चाहिएको छ! विनामतलबको लडाइँ खतम गर, गुप्त कूटनीति, चोरबजारी र धोकाबाजी खतम गर... क्रान्ति खतरामा छ, संसारभरिका जनताहरूको उद्देश्य खतरामा छ!"

सर्वहारावर्ग र मध्यम वर्गबीच, सोभियतहरू र सरकारबीच जुन सङ्घर्ष मार्चको पहिलो हप्तातिर सुरु भएको थियो, अब आफ्नो पराकाष्ठामा पुग्दै थियो। एकै फड्कोमा मध्य युगबाट बीसौँ शताब्दीमा प्रवेश गरेर रसियाले आश्चर्यचकित विश्वसमक्ष क्रान्तिका दुई प्रणालीहरूलाई–एक राजनीतिक र अर्को सामाजिक–साङ्घातिक सङ्घर्षको अवस्थामा प्रकट गऱ्यो।

यी सम्पूर्ण महिनाहरूको भोकमरी र नैराश्यपश्चात् रूसी क्रान्तिले कस्तो आश्चर्यजनक जीवन्तता देखायो त! बुर्जुवावर्गलाई आफ्नो रसियाको बढी

राम्रो ज्ञान हुनुपर्थ्यो। रसियामा क्रान्तिको "रोगको" यो सिलसिला छिटै व्यापक रूपले फैलिनुपर्थ्यो...।

पछाडि फर्केर हेर्दा नोभेम्बर क्रान्तिपहिलेको रसिया अर्कै युगको र अति रूढिवादी लाग्दछ। कति छिटो हामी नयाँ, बढी गतिशील जीवनको अभ्यस्त भएछौं त! सम्पूर्ण रसियाली राजनीतिले वामपन्थी मोड लिँदै गएअनुसार हामी पनि बदलिँदै गयौं, कहाँसम्म भने कादेतहरूलाई "जनताको शत्रु" भन्ने आरोप लगाएर गैरकानुनी घोषित गरियो, केरेन्स्की "प्रतिक्रान्तिकारी" बने, चेरेतेली, दान, लिबेर, गोच र आब्सेन्त्येभजस्ता मध्यमार्गी समाजवादी नेताहरू उनीहरूका आफ्नै अनुयायीहरूको लागिसमेत अति प्रतिक्रियावादी बन्न पुगे, भिक्तर चेर्नोभजस्ता मान्छेहरू र अझ माक्सिम गोर्कीसमेत दक्षिणपन्थी ठहरिए...।

सन् १९१७ को मध्यडिसेम्बरतिर केही समाजवादी-क्रान्तिकारी नेताहरूले ब्रिटिश राजदूत सर जर्ज ब्युकननसँग अनौपचारिक भेटघाट गरेका थिए र उनीहरूको आगमनबारे कसैसँग चर्चा नगर्ने अनुरोध गरेका थिए, किनभने उनीहरू "अति दक्षिणपन्थी गनिन्थे"।

"एक पटक सोचेर हेर्नोस् त," सर जर्जले भनेका थिए। "एक वर्षपहिले मात्रै मेरो सरकारले मलाई मिल्युकोभसँग भेटघाट नगर्ने निर्देशन दिएको थियो, किनभने उनी अति खतरनाक वामपन्थी ठानिन्थे!"

रसियामा, विशेषत: पेत्रोग्रादमा, सेप्टेम्बर र अक्टोबर सबैभन्दा खराब महिना हुन्। फिक्का, उदास र धमिलो आकाश, लम्बिँदै गएका रातहरू, रातोदिन अनवरत रूपमा वर्षने मुसलधारे वर्षा। गहिरो चिप्लिने हिलो बुटमा लाग्थ्यो र जताततै आफ्नो छाप छोड्थ्यो। नगरपालिका प्रशासन अस्तव्यस्त भएपछि त हालत अझ खराब हुन गएको थियो। फिनल्याण्डको खाडीबाट चिसो बिझाउने हावा चल्थ्यो र ओसिलो कुइरोले सडकहरू ढाकिएका हुन्थे। राती, किफायतको दृष्टिकोणले र जेप्लिनहरूको डरले पनि सडकमा कमै ठाउँमा बत्ती बलेको हुन्थ्यो। मानिसहरू आफ्ना घरहरूमा साँझ छ बजेदेखि आधा रातसम्म मात्रै बत्ती बाल्दथे, एउटा मैनबत्तीको ४० सेन्ट पर्थ्यो र मटीतेल त देख्न पनि पाइँदैनथ्यो। दिउँसो ३ बजेदेखि बिहान १० बजेसम्म अँध्यारो हुन्छ। चोरीडकैती बढ्दै गइरहेको थियो र लोग्नेमानिसहरू गोली भरिएको बन्दुक लिएर पालोपालो गरी रातभरि पहरा दिन्थे। अस्थायी सरकारको शासन यस्तै थियो।

प्रत्येक हप्ता खाद्य सामग्रीको कमी बढ्दै गइरहेको थियो। पाउरोटीको

दैनिक राशन डेढ पाउण्डबाट घटेर एक पाउण्ड भयो, फेरि तीन चौथाइ, आधा र त्यसपछि एक चौथाइ पाउण्ड पुग्यो। अन्तमा एक हप्तासम्म मानिसहरूले पाउरोटी नै पाएनन्। एक व्यक्तिले महिनाको दुई पाउण्डको डरले चिनी पाउँदथ्यो – यदि उसले पाउन सक्छ भने, यद्यपि यस्तो सौभाग्य कमै मानिसले पाउँदथे। एक पाता चकलेट अथवा स्वाद नभएको एक पाउण्ड मिस्री जहाँ पनि ७ देखि १० रूबलसम्म पर्थ्यो अथवा कम्तीमा पनि एक डलर। दूध शहरका आधा बच्चाहरूको लागि मात्रै पुग्थ्यो। अधिकांश होटेलहरू र घरहरूमा महिनौँसम्म दूधको दर्शनै पाइँदैनथ्यो। फलफूलको मौसममा सडकका मोडहरूमा स्याउ अथवा नासपाती एउटाको एक रूबलको दरले बेचिन्थ्यो...।

दूध र पाउरोटी, चिनी र सूर्तिको लागि मानिसहरू पानी परेको बेला जाडोले काम्दै घण्टौँ लाइनमा पर्खन्थे। रातभरि चलेको एउटा सभाबाट फर्कंदा मैले बिहान उज्यालो हुनुभन्दा पहिले नै **ख्वोस्त** (पुच्छर*) बन्न थालेको देखेँ; अधिकांश महिलाहरू थिए, जसमध्ये धेरैले बच्चा बोकेका थिए... कार्लैलले आफ्नो पुस्तक 'फ्रान्सेली क्रान्ति'मा भनेका छन् – फ्रान्सेली जनता अरू सबै जनताहरूभन्दा के कुरामा फरक छन् भने उनीहरू लाइनमा उभिने क्षमता राख्दछन्। रसिया यस प्रथाको अभ्यस्त भइसकेको छ, जुन सन् १९१५ मा निकोलाइ "महामान्य"को शासनकालमा सुरु भएको थियो र त्यस बेलादेखि सन् १९१७ को वर्षाकालसम्म बीचबीचमा चल्दै रह्यो र यस गृष्ममा त एक नियमित व्यवस्थाको रूपमा पूर्णतः स्थापित भइसकेको छ। एक पटक कल्पना गरेर हेर्नोस् त, रसियाको कडा जाडोमा मानिसहरू झुत्रोझाम्रो लुगा लगाएर पेत्रोग्रादका सडकहरूमा जुन सेतो टीन ओछ्याएजस्तो हिँउले टम्म भरिएको हुन्छ, दिनदिनभरि लाइनमा उभिएका हुन्छन्! पाउरोटीको लागि उभिएको यस लाइनमा मैले रूसीहरूको भीडको आश्चर्यजनक सद्भावनापूर्ण प्रकृतिको बीचमा असन्तोषको कटु, तीक्ष्ण स्वर बारम्बार सुन्ने गरेको छु...।

सबै नाचघरहरूमा आइतबारसमेत प्रत्येक राती नाटक चल्छ भन्ने कुरा त बताइरहने आवश्यकता छैन। मारिइन्स्की नाचघरमा कर्साभिनाको अभिनयमा नयाँ ब्याले चल्दै थियो, सम्पूर्ण नृत्यप्रेमी रसिया तिनको नाच हेर्न ओइरिए। तिनै दिनहरूमा शाल्यापिनको गायन चल्दै थियो। अलेक्सान्द्रीइस्की नाचघरमा अलेक्सेइ ताल्सटोइको कृति 'इभान भयङ्करको मृत्यु'

---

*अर्थात् पुच्छरजस्तो देखिने मानिसहरूको लामो लाम। – **अनु०**

मेयरखोल्दको* नाट्य रूपान्तरमा खेलिँदै थियो। मलाई सम्झना छ, त्यो नाटक चलिरहेको बेलामा शाही पेज स्कूलका** एक विद्यार्थीले, जसले आफ्नो स्कूलको वर्दी लगाएको थियो, नाटकको दुई अङ्कबीच, शून्य शाही बक्स-तिर हेरेर, जसबाट राज्य-चिन्ह मेटिएको थियो, सलाम ठोक्ने मुद्रामा उभेको थियो...। 'क्रिभोये जेर्कलो' ('टेढो ऐना') नामक नाचघरमा श्नित्स-लेरको*** कृति 'रिगन'को एक भव्य अभिनय चल्दै थियो।

यद्यपि एर्मिताज तथा अन्य चित्रशालाहरू पेत्रोग्रादबाट मास्को पठाइए-का थिए, तापनि प्रत्येक हप्ता चित्र प्रदर्शनीहरू हुन्थे। बुद्धिजीवी परिवारका महिलाहरू साहित्य, कला तथा सुगम दर्शनबारे भाषण सुन्न जान्थे। सोफिस्टहरूको क्रियाकलाप विशेष रूपले चर्किएको थियो र मोक्ष सेनाले (साल्भेसन आर्मी), जसलाई इतिहासमा पहिलो पटक रसियामा प्रवेश गर्न दिइएको थियो, शहरका पर्खालहरूमा जताततै आफ्नो पर्चा टाँसेका थिए, जुन पर्चाहरूमा दिव्य सन्देश सभाहरूसम्बन्धी सूचनाहरू हुन्थे। रूसी दर्शकहरूको लागि यी सभाहरू विनोद र आश्चर्यको वस्तु बनेका थिए...।

यस्तो बेला प्रायशः हुने गरेजसो शहरको कूपमण्डूक दैनिक जीवन यथा-सम्भव क्रान्तिको अवहेलना गर्दै अगाडि बढिरहेको थियो। कविहरू कविता लेख्दथे, तर क्रान्तिबारे होइन। यथार्थवादी चित्रकारहरू मध्ययुगीन रूसी इतिहासका दृश्यहरू आफ्ना चित्रहरूमा अङ्कित गर्दथे, यस्ता चित्रहरू कुनै पनि विषयमा हुन्थे, तर क्रान्तिको विषयमा होइन। प्रान्तहरूबाट युवतीहरू फ्रेन्च भाषा अथवा गाउने कला सिक्न राजधानी आउँदथे। सुनौला झल्लरदार गाढा रातो **बाश्लिक** (एक प्रकारको वर्दी) लगाएका र नक्कासीदार ककेसियाली तरवार भिरेका युवा, सुन्दर, हँसिला अफिसरहरू होटेलहरूका दलानहरूमा घुमिरहेका हुन्थे। सानातिना पदाधिकारीहरूका पत्नीहरू दिउँसो-पख एक अर्काको घरमा चिया पिउन जान्थे, प्रत्येक महिलाले पञ्जा लगाए-को हातमा सुन, चाँदी अथवा रत्नजडित चिनीदानी र आधा पाउरोटी लिएका हुन्थे। उनीहरू जार फर्कोस् अथवा जर्मनहरू आइपुगुन् अथवा कुनै

---

* मेयरखोल्द, भ० ए० (१८७४-१९४०) – एक सोभियत नाट्य-निर्देशक तथा अभिनेता। – सं०

** शाही पेज स्कूल – जारशाही रसियामा एक विशेष सैनिक पाठशाला, जसमा जर्नेलहरू तथा उच्च पदाधिकारीहरूका छोराहरू पढ्दथे। – सं०

*** श्नित्सलेर, आर्थर (१८६२-१९३१) – अस्ट्रियाका एक लेखक। – सं०

कारखाना समितिहरूको पेत्रोग्राद सम्मेलन
(३० मे – ३ जुन १९१७)

ग्रेनाद्योर ब्यारेकहरूमा सिपाहीहरूको एक आमसभा , अक्टोबर १९१७ ।
बाल्टिक बेडाका एक जना नौसैनिक भाषण गर्दै छन्

त्यस्तो घटना घटोस्, जसले गर्दा नोकर राख्ने समस्या हल होस् भन्ने प्रार्थना गर्थे... एक दिन साँझपख मेरा एक मित्रकी छोरी रिसले काँप्दै घर फर्किन्, किनभने तिनलाई ट्राम-गाडीकी एक महिला कन्डक्टरले "कमरेड" भनेर सम्बोधन गरिन्!

तिनीहरूको चारैतिर महान् रसिया प्रसव वेदनाले छट्पटाउँदै थिइन् र एउटा नयाँ विश्वलाई जन्माउँदै थिइन्। ती नोकरहरू, जोसँग पशुवत व्यवहार गरिन्थ्यो र जसले दुईचार पैसामा काम गर्थे, अब स्वतन्त्र हुँदै थिए। एक जोर जुत्ताको मोल सय रूबलभन्दा पनि बढी पर्थ्यो र मासिक तलब औसतमा करिब ३५ रूबल थियो, नोकरहरू लाइनमा उभेर आफ्नो जुत्ता खियाउन चाहँदैनथे। नयाँ रसियामा प्रत्येक पुरुष तथा महिलालाई मतदान गर्ने अधिकार थियो; मजदुर अखबारहरू निस्कन्थे, जसमा नयाँ र आश्चर्यजनक कुराहरू लेखिएका हुन्थे; सोभियतहरू र युनियनहरू अस्तित्वमा थिए। **इज्भोस्चिकहरू** (बग्गीवान) को आफ्नै युनियन थियो; पेत्रोग्राद सोभियतमा उनीहरूका पनि प्रतिनिधि थिए। होटेल कर्मचारीहरू र वेटरहरू पनि सङ्गठित थिए र उनीहरू बक्सिस लिन अस्वीकार गर्दै थिए। रेस्टुराँहरूमा भित्ताहरूमा उनीहरूले सूचना टाँसेका हुन्थे – "यहाँ बक्सिस लिइँदैन!" अथवा "कसैले रेस्टुराँमा काम गरेर आफ्नो पेट पाल्छ भने बक्सिस दिएर तपाईं उसको अपमान गर्न पाउनुहुन्न"।

मोर्चामा सिपाहीहरू आफ्ना अफिसरहरूको विरुद्ध सङ्घर्ष गर्दै थिए र आफ्ना समितिहरूमार्फत स्वशासनको शिक्षा ग्रहण गर्दै थिए। कारखानाहरूमा ती बेजोड रूसी संस्थाहरू – कारखाना समितिहरू* – पुरानो व्यवस्थाको विरुद्ध सङ्घर्षको सिलसिलामा अनुभव, शक्ति र आफ्नो ऐतिहासिक दायित्वको समझदारी आर्जन गर्दै थिए। सम्पूर्ण रसिया लेखपढ गर्न सिक्दै थियो, राजनीतिशास्त्र, अर्थशास्त्र तथा इतिहासको **अध्ययन गर्दै थियो**, किनभने मानिसहरूमा **ज्ञान पिपासा** बढ्दै थियो... प्रत्येक ठूलो शहरमा, अधिकांश सानासाना शहरहरूमा, मोर्चामा प्रत्येक राजनीतिक समूहको आफ्नै समाचारपत्र थियो र कहिलेकहिँ त यस्ता समाचारपत्रहरू एकभन्दा बढी हुन्थे। हजारौँ-हजार सङ्गठनहरूले लाखौँको सङ्ख्यामा पर्चाहरू निकाल्थे र सेनाहरूमा,

---

*हेर्नोस् 'टिप्पणीहरू तथा व्याख्याहरू'। १६ जूनको दिन सम्पन्न कारखाना समितिहरूको पेत्रोग्राद सम्मेलनले बहुमतद्वारा (तीन चौथाइले) बोल्शेभिकहरूको समर्थन गरे। – **सं०**

गाउँहरूमा, कारखानाहरूमा, सडकहरूमा बाँडिन्थे। यतिका दिनसम्म दबाएर राखिएको ज्ञान पिपासा क्रान्तिसँगसँगै एक्कासि प्रज्वलित भयो र अत्यन्त प्रबल तथा उग्र रूपमा प्रकट भयो। स्मोल्नी संस्थानबाट मात्रै, सुरुका छ महिनामा प्रत्येक दिन टनका टन पाठ्य सामग्री ट्रक र रेलमा राखेर पठाइन्थ्यो र यो सामग्री देशका कुनाकुनामा फैलियो। जसरी तातो बालुवामा जति पानी हाले पनि सुक्छ, त्यसैगरी रसियाले पाठ्य सामग्री निल्दै थियो र तैपनि तिनको ज्ञान पिपासा मेटिँदैनथ्यो। यो सामग्री दन्त्यकथा थिएन, कपोलकल्पित इतिहास थिएन, धार्मिक बकवाद थिएन, मानिसहरूलाई भ्रष्ट पार्ने सस्ता उपन्यासहरू थिएनन्, ती थिए – सामाजिक तथा आर्थिक सिद्धान्तहरू, दर्शनशास्त्रसम्बन्धी पुस्तकहरू, तल्सतोइ, गोगल र गोर्कीका कृतिहरू...।

अनि ती सबै छलफलहरू, जसको सामुन्ने कार्लाइलको "फ्रान्सेली वाक्-प्रवाह" केवल एक बिन्दु लाग्दछ। नाचघरहरू, सर्कसहरू, स्कूलहरू, क्लबहरू, सोभियतहरूका सभाकक्षहरू, युनियनहरूका हेडक्वार्टरहरू, ब्यारेकहरूमा भएका लेक्चरहरू, वादविवाद, भाषणहरू...। मोर्चाका खाडलहरूमा, गाउँहरूका चोकहरूमा, कारखानाहरूमा भएका सभाहरू...। पुचिलोभ कारखानाका ४० हजार मजदुरहरूको – सामाजिक-जनवादीहरू, समाजवादी-क्रान्तिकारीहरू, अराजकतावादीहरू, जोसुकै किन नहुन्, जेसुकै किन नभनुन्, सुन्नको लागि मात्र, जबसम्म कसैले बोलिरहन्छ, तबसम्म सुन्नको लागि ओइरिएको भीड कति आश्चर्यजनक दृश्य छ! महिनौंसम्म पेत्रोग्रादमा, सम्पूर्ण रसियामा नै सडक र गल्लीको प्रत्येक मोड सार्वजनिक मञ्च बनेको थियो। रेलगाडीमा, ट्रामगाडीमा, यत्रतत्र आफै बहस सुरु भइहाल्दथ्यो...।

अनि अखिल रसियाली सम्मेलनहरू र महाधिवेशनहरू हुन्थे, जसमा दुई महादेशहरूका मानिसहरू भेला हुन्थे – सोभियतहरूका, सहकारी समितिहरूका, जेम्स्तभोहरूका*, जातिहरूका, पादरीहरूका, किसानहरूका, राजनीतिक पार्टीहरूका सम्मेलनहरू भइरहन्थे; जनवादी सम्मेलन, मास्को सम्मेलन, रसियाली गणतन्त्र परिषद्... पेत्रोग्रादमा सधैं तीन चार वटा सम्मेलनहरू भइरहन्थे। प्रत्येक सभामा वक्ताहरूको लागि बोल्ने समय तोक्ने

---

*हेर्नोस् 'टिप्पणीहरू तथा व्याख्याहरू'।

प्रयास खेर जान्थ्यो, प्रत्येक व्यक्तिले आफ्नो मनमा भएको सम्पूर्ण विचार पोख्न स्वतन्त्र थियो...।

हामी रिगापछाडि अवस्थित बाह्रौं सेनाको मोर्चामा गएका थियौं, जहाँ झुत्रोझाम्रो लुगा लगाएका, जुत्ता नलगाएका सिपाहीहरू हिलोले भरिएको निराशाको खाडलमा अत्यन्त दयनीय जीवन बिताउँदै थिए। हामीलाई देख्नासाथ उनीहरू जुरुक्क उठे र सुकेको अनुहार भएका र फाटेको लुगाबाट जताततै नीलो शरीर देखिने यी सिपाहीहरूले बडो उत्सुकतापूर्वक सोधे, "तपाईंहरूले **पढ्नको लागि** केही कुरा ल्याउनुभएको छ?"

परिवर्तनका कतिपय बाह्य तथा स्पष्ट लक्षणहरू देखिए तापनि – अलेक्सान्द्रीइस्की नाचघरसामुन्ने इकात्रिना महान्‌को मूर्तिले आफ्नो हातमा एउटा सानो रातो झण्डा बोकेको थियो, सबै सार्वजनिक भवनहरूमा अलि रङ्ग उडेका राता झण्डाहरू फरफराइरहेका थिए, शाही निशान अथवा चील हटाइएका थिए अथवा छोपिएका थिए, भयङ्कर **गरदाभोइको** (नगर पुलिस) स्थानमा अब एक शिष्ट, हतियार नलिएको नागरिक मिलिसिया सडकमा पालो बस्दथ्यो – बितेका युगका पर्याप्त अनौठा अवशेषहरू अझै विद्यमान थिए।

उदाहरणको लागि, प्योतर महान्‌को '**ताबेल ओ राङ्गाख**' ('मर्यादाक्रम'), जुन उनले अति कडाइसाथ रसियामा लागू गरेका थिए, अझै पनि चलनचल्तीमा थियो। स्कूलमा पढ्ने विद्यार्थीसमेत प्राय सबैले निर्धारित बर्दी लगाउने गर्थे। बर्दीका टाँकहरू र काँधको पट्टिमा शाही निशान अङ्कित हुन्थ्यो। साँझ पाँच बजेतिर बर्दी लगाएका र हातमा ब्याग बोकेका सौम्य अनुहार भएका बूढापाकाहरू मन्त्रालयहरू अथवा सरकारी संस्थानहरूका ठूलठूला ब्यारेकजस्ता भवनहरूबाट काम सक्याएर सडकमा निस्कन्थे र हुनसक्छ माथिल्लो तहका कति जना पदाधिकारीको मृत्यु भयो भने "कलेजिएट असेसर" अथवा राजसभाको आकाङ्क्षित **चीन** (पद) मा पुग्न सकिएला र राम्रो पेन्सन अथवा हुनसक्छ भने अझ "सेन्ट एन"को* पदकसमेत पाएर रिटायर हुने सम्भावना पाइएला कि भन्ने हिसाब लगाउँदै घर फर्किरहेका होलान्...।

सुनिन्छ, क्रान्ति जोडतोडले चलिरहेको बेला, एक दिन सिनेटर सोको-

---

*जारशाही कालको एक पदक। – सं०

कर्निलोभ-काण्डले सबै समाजवादी दलहरूलाई, "नरमपन्थी" तथा क्रान्तिकारीहरू दुवैलाई, आत्मरक्षाको एक प्रबल आकाङ्क्षाले एक अर्काको निकट ल्यायो। अब अर्को कर्निलोभ-काण्ड कदापि दोहोरिन सक्दैन। क्रान्ति-को समर्थन गर्ने समूहहरूप्रति उत्तरदायी एउटा नयाँ सरकार गठन गर्नु आवश्यक थियो। त्यसै कारणले **चेइकले** सेप्टेम्बर महिनामा पेत्रोग्रादमा हुने जनवादी सम्मेलनमा भाग लिन जन सङ्गठनहरूलाई आआफ्ना प्रतिनि-धिहरू पठाउन निमन्त्रणापत्र पठायो।

चेइकमा अविलम्ब तीन वटा गुटहरू देखा परे। बोल्शेभिकहरूले सोभि-यतहरूको अखिल रसियाली महाधिवेशन डाक्ने माग गरे र उनीहरू आफ्नो हातमा सत्ता लिन चाहन्थे। चेर्नोभको नेतृत्वमा "मध्यमार्गी" समाजवादी-क्रान्तिकारीहरूले, जसलाई काम्कोभ र स्पिरिदोनोभाको नेतृत्वमा वामपन्थी समाजवादी-क्रान्तिकारीहरूले समर्थन गरेका थिए, मार्तोभको नेतृत्वमा मेन्शे-भिक-अन्तर्राष्ट्रियतावादीहरूले र "मध्यमार्गी" मेन्शेभिकहरूले*, जसको प्रतिनिधित्व बग्दानोभ र स्कोबेलेभले गरेका थिए, एक विशुद्ध समाज-वादी सरकार स्थापना गर्ने माग गरे। चेरेतेली, दान र लिबेरको नेतृत्वमा दक्षिणपन्थी मेन्शेभिकहरूका साथै आभ्सेन्त्येभ र गोचका अनुयायी दक्षिण-पन्थी समाजवादी-क्रान्तिकारीहरूले नयाँ सरकारमा सम्पन्न वर्गहरूका प्रतिनि-धिहरूलाई पनि सम्मिलित गराउने माग गरे।

यसको लगत्तैपछि बोल्शेभिकहरूले पेत्रोग्राद सोभियतमा बहुमत प्राप्त गरे। तत्पश्चात् उनीहरूले मास्को, किभ, ओदेसा तथा अन्य नगरहरूका सोभियतहरूमा बहुमत प्राप्त गरे।

मेन्शेभिकहरू र समाजवादी-क्रान्तिकारीहरू, जसले **चेइकमाथि** नियन्त्रण कायम राखेका थिए, तर्से र जे भए तापनि उनीहरूको लागि कर्निलोभ-भन्दा लेनिन नै बढी खतरनाक छन् भन्ने निर्णयमा पुगे।

उनीहरूले जनवादी सम्मेलनको (२) प्रतिनिधित्व योजनामा संशोधन गरे र सहकारी समितिहरू तथा अन्य अनुदार सङ्गठनहरूका प्रतिनिधिहरू-लाई बढी मात्रामा सम्मिलित गरे। प्रतिनिधिहरूलाई छानीछानी डाकिएको यस सभाले पनि सुरुमा **कादेतहरूलाई सम्मिलित नगराई संयुक्त सरकार गठन गर्ने** पक्षमा मतदान गरे। राजीनामा गर्ने केरेन्स्कीको खुला धम्की र

---

*हेर्नोस् 'टिप्पणीहरू तथा व्याख्याहरू'। –**जो० रि०**

"गणतन्त्र खतरामा छ" भन्ने "नरमपन्थी" समाजवादीहरूको चिच्च्याहटले गर्दा मात्रै सम्मेलनले अल्प बहुमतद्वारा बुर्जुवावर्गसँग मिलेर संयुक्त सरकार गठन गर्ने पक्षमा मतदान गर्‍यो र वैधानिक अधिकारहरूद्वारा वञ्चित एक प्रकारको सल्लाहकार संसद स्थापना गर्ने अनुमति दियो, जसलाई "रसियाली गणतन्त्रको अस्थायी परिषद्" भनियो। नयाँ मन्त्रिमण्डललाई वस्तुतः सम्पन्न वर्गहरूले आफ्नो नियन्त्रणमा राखेका थिए र रसियाली गणतन्त्रको परिषद्मा उनीहरूले आफ्नो शक्तिभन्दा कता हो कता बढी स्थान प्राप्त गरेका थिए।

वास्तविक कुरा के थियो भने अब **चेइक** सोभियतहरूका आम सदस्य-हरूको प्रतिनिधि संस्था बन्न छोडेको थियो र यसले सेप्टेम्बरमा सम्पन्न हुनुपर्ने सोभियतहरूको द्वितीय अखिल रसियाली महाधिवेशन डाक्न अस्वीकार गरेर विधानको उलङ्घन गरेको थियो। यो महाधिवेशन डाक्ने अथवा डाक्न अनुमति दिने चेइकको विचार थिएन। यसको औपचारिक मुखपत्र 'इज्भेस्चिया' ('समाचार') ले अब सोभियतहरूको काम पूरा भइसक्यो (३) र छिटै तिनको विघटन गरिनेछ भन्ने सङ्केत दिन थालेको थियो... नयाँ सरकारले यसै बेला "गैरजिम्मेदार सङ्गठनहरू" अर्थात् सोभियतहरूको उन्मूलनलाई आफ्नो नीतिको अङ्ग घोषित गरेको थियो।

यसको उत्तरमा बोल्शेभिकहरूले २ नोभेम्बरको दिन पेत्रोग्रादमा सोभियतहरूको अखिल रसियाली महाधिवेशन डाक्ने र शासन आफ्नो हातमा लिने निर्णय गरे। यसको साथसाथै उनीहरूले रसियाली गणतन्त्रको परिषद्बाट पनि राजीनामा गरे। उनीहरूले भने—हामी "जनतासँग गद्दारी गर्ने सरकारमा" भाग लिन चाहन्नौं (४)।

परन्तु बोल्शेभिकहरूको राजीनामाले यस अभागी परिषद्मा शान्ति कायम गर्न सकेन। सत्तामा बसेका सम्पन्न वर्गहरू ढिठा भए। कादेतहरूले सरकारलाई रसियामा गणतन्त्रात्मक व्यवस्थाको घोषणा गर्ने कुनै पनि वैधानिक अधिकार छैन भन्ने कुरा गर्न थाले। उनीहरूले सेना र नौसेनामा सैनिक तथा नौसैनिक समितिहरू नष्ट पार्न र सोभियतहरूलाई ठीक पार्न कडा कारबाई गर्ने माग गर्न थाले। परिषद्को अर्को पक्षले, जसमा मेन्शेभिक-अन्तर्राष्ट्रियतावादीहरू र वामपन्थी समाजवादी-क्रान्तिकारीहरू थिए, अविलम्ब शान्ति स्थापना गर्ने, किसानहरूलाई जमिन दिने र उद्योगहरूमाथि मजदुर नियन्त्रण कायम गर्ने माग गरे। यो माग वस्तुतः बोल्शेभिकहरूकै कार्यक्रमको समर्थन थियो।

कादेतहरूलाई जवाफ दिँदै मार्तोभले भाषण गरेको मैले सुनेको थिएँ। उनी सिकिस्त बिरामी थिए, त्यसैले टेबुलमा अडेसो लाएर झुक्दै मुश्किलले सुनिने धोत्रे स्वरमा, दक्षिणपन्थीहरूको बेञ्चतिर औंला तेर्स्याउँदै उनले भनेका थिए –

"तपाईंहरू हामीलाई पराजयवादी भन्नुहुन्छ, तर वास्तविक पराजयवादी त ती हुन्, जो शान्ति सन्धिको लागि बढी अनुकूल मौका पर्खेर बसेका छन्, जो शान्ति सम्झौतालाई अनन्तकालसम्म पछि सार्न चाहन्छन्, रूसी सेनाको नामनिशान नमेटिएसम्म, रसिया विभिन्न साम्राज्यवादी गुटहरूको लागि व्यापारको वस्तु नबनुञ्जेलसम्म पर्खेर बस्न चाहन्छन्... तपाईंहरू रूसी जनतामाथि बुर्जुवावर्गको हितानुकूल नीति लाद्ने प्रयास गर्दै हुनुहुन्छ। शान्तिको प्रश्न अविलम्ब समाधान गरिनुपर्छ। त्यति बेला तपाईंहरूले देख्नुहुनेछ, जसलाई आज तपाईंहरू जर्मन दलाल भन्दै हुनुहुन्छ, उनीहरूको कार्य, यी जिम्मेरवाल्डवादीहरूको* कार्य खेर गएको छैन, जसले सबै देशका प्रजातान्त्रिक जनसमुदायको चेतना बिउँझाउन जग तयार पारेका छन्"।

मेन्शेभिकहरू तथा समाजवादी-क्रान्तिकारीहरू यी दुई समूहहरूबीच झुण्डिएका थिए र जनसाधारणको बढ्दो असन्तोषको दबाउमा परेर वामपन्थी दिशामा ढल्कन बाध्य भइरहेका थिए।

गहन अन्तर्विरोधले परिषद्लाई कहिल्यै मिल्न नसक्ने समूहहरूमा विभाजित तुल्याएको थियो।

पेरिसमा मित्रराष्ट्रहरूको दीर्घ प्रतिक्षित सम्मेलन डाक्ने घोषणाले विदेश नीतिको टडकारो प्रश्न उठाउँदा रसियाको स्थिति यही थियो।

सैद्धान्तिक रूपमा रसियाका सबै समाजवादी पार्टीहरू प्रजातान्त्रिक आधारमा यथाशीघ्र शान्ति स्थापना गर्ने पक्षमा थिए। अझ मे १९१७ मा नै पेत्रोग्राद सोभियतले, जुन त्यस बेला मेन्शेभिकहरू तथा समाजवादी-क्रान्तिकारीहरूको हातमा थियो विख्यात रूसी शान्ति शर्तहरूको घोषणा गरिसकेको थियो। यी शर्तहरूमा मित्रराष्ट्रहरूले युद्ध-उद्देश्यबारे छलफल गर्न एउटा सम्मेलन डाकोस् भन्ने माग गरिएको थियो। यो सम्मेलन अगस्तमा डाक्ने आश्वासन दिइएको थियो, अनि यो सम्मेलन सेप्टेम्बरसम्मको

---

*युरोपेली समाजवादीहरूको क्रान्तिकारी अन्तर्राष्ट्रियतावादी पक्ष, जो सन् १९१५ मा जिम्मेरवाल्ड, स्विट्जरल्याण्डमा सम्पन्न अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिएबापत जिम्मेरवाल्डवादी भनिन्थे। – जो० रि०

लागि सारियो, त्यसपछि अक्टोबरको लागि र अब सम्मेलनको लागि १० नोभेम्बर तोकिएको थियो*।

अस्थायी सरकारले रसियाको तर्फबाट सम्मेलनमा भाग लिन दुई जना प्रतिनिधिहरूको प्रस्ताव राख्यो–प्रतिक्रियावादी जर्नेल आलेक्सेयेभ तथा परराष्ट्र मन्त्री तेरेशेन्को। सोभियतहरूले आफ्नो तर्फबाट स्कोबेलेभलाई छाने र एउटा घोषणापत्र प्रस्तुत गरे, जुन **नकाज** (निर्देशनपत्र) (५) को नामले प्रसिद्ध छ। अस्थायी सरकारले स्कोबेलेभलाई प्रतिनिधि बनाएर पठाउने कुरा र **नकाजको** विरोध गऱ्यो। मित्रराष्ट्रहरूका राजदूतहरूले पनि विरोध प्रकट गरे र अन्ततः बोनर लौले** बेलायतको संसदमा एउटा प्रश्नको उत्तर दिँदै रूखो स्वरमा भने, "जहाँसम्म मलाई थाहा छ, पेरिस सम्मेलनले युद्ध-उद्देश्यहरूबारे कुनै पनि प्रकारको छलफल गर्नेछैन, यसमा मात्र कुन तरिकाले युद्ध गर्ने हो भन्ने विषयमा छलफल गरिनेछ"।

यस कुराले रूसका अनुदार समाचारपत्रहरूलाई मक्ख पाऱ्यो। बोल्शेभिकहरूले चाहिँ भने, "देख्यौ, मेन्शेभिकहरू र समाजवादी-क्रान्तिकारीहरूको सम्झौतापरस्त कार्यनीतिले उनीहरूलाई कता पुऱ्यायो!"

लडाइँको १००० माइल लामो मोर्चामा जताततै रूसी सेनाका लाखौं-लाख मानिसहरूबीच समुद्रमा छाल उर्लिएजस्तो हलचल मच्चियो र "शान्ति! शान्ति!" को नारा लगाउँदै सयौं प्रतिनिधिमण्डलहरू राजधानीतिर ओइरिए।

म नेभा नदी पार गरेर सर्कस 'मादेर्न' पुगें, जहाँ एउटा भव्य आमसभा हुँदै थियो। यस्ता सभाहरू रातारात बढ्दो सङ्ख्यामा सम्पूर्ण शहरभरि आयोजित हुँदै थिए। कुनै सरसामान नभएको अँध्यारो गोलो सर्कस-भवन, जहाँ एउटा मसिनो तारमा झुण्डिएका पाँच वटा बत्तीबाट धमिलो प्रकाश आउँदै थियो, छानासम्म नै मानिसहरूले खचाखच भरिएको थियो। सिपाहीहरू, नौसैनिकहरू, मजदुरहरू, आइमाईहरू–सबै कति तल्लीन भएर भाषण सुन्दै थिए भने मानौं उनीहरूको जीवनमरणको प्रश्न सुल्झिँदै छ।

---

*अस्थायी सरकारको पतनले गर्दा यो सम्मेलन डाकिएन।–सं०

****एन्ड्र्यू बोनर लौ** (सन् १८५८-१९२३) बेलायतका लर्ड, कन्जर्भेटिभ पार्टीका नेता, सन् १९१७ मा लोयड जर्जको संयुक्त सरकारमा अर्थ-मन्त्री, हाउस अफ कमन्सका नेता।–सं०

एक जना सिपाही बोल्दै थियो, ऊ ५४८ औं डिभिजनबाट आएको थियो, त्यो डिभिजन कहाँ छ र के हो कसैलाई थाहा छैन।

"साथीहरू", त्यो सिपाही चिच्च्यायो, उसको तन्किएको निराशापूर्ण अनुहारमा वास्तविक वेदनाको भावना थियो। "टुप्पोमा बसेका मानिसहरू हामीलाई सधैं अरू बढी त्याग गर, बढी त्याग गर भन्दछन्, तर जोसँग सबै कुरा छ, उनीहरूचाहिँ केही त्याग गर्दैनन्।

"हामी जर्मनीसँग लडाइँ गर्दै छौं। के हामी जर्मन जर्नेलहरूलाई आफ्नो सैनिक स्टाफमा काम गर्न डाक्दछौं त? तर हामी पुंजीपतिहरूसँग पनि लडाइँ गर्दै छौं, फेरि पनि हामी तिनै पुंजीपतिहरूलाई आफ्नो सरकारमा भाग लिन निमन्त्रणा दिन्छौं?

"सिपाहीहरू भन्दछन्, 'तपाईं, मलाई देखाउनोस् केको लागि म लड्दै छु—कस्तान्तिनोपल अथवा स्वतन्त्र रसियाको लागि? प्रजातन्त्रको लागि म लड्दै छु अथवा पुंजीवादी लुटाहाहरूको लागि? यदि तपाईं म क्रान्तिको संरक्षणको लागि लड्दै छु भन्ने कुरा प्रमाणित गर्न सक्नुहुन्छ भने म खुशीसाथ लडाइँमा जान्छु र मलाई मृत्युदण्डको डर देखाएर लडाइँमा जान बाध्य तुल्याउनु पर्दैन"।

"जब किसानहरूले जमिन पाउनेछन्, कारखानाहरूमाथि मजदुरहरूको नियन्त्रण कायम हुनेछ र सत्ता सोभियतहरूको हातमा आउनेछ, त्यस बेला हामीले बुझ्नेछौं हामीसँग कुनै त्यस्तो कुरा छ, जसको लागि हामीले लड्नुपर्छ र हामी त्यसको लागि लड्नेछौं!"

ब्यारेकहरूमा, कारखानाहरूमा, सडकहरूका मोडहरूमा सिपाहीहरूको भाषणको सिलसिला कहिल्यै टुङ्गिँदैनथ्यो। सबैको माग एउटै थियो—लडाइँ खतम हुनुपर्छ र यदि सरकारले शान्ति सम्झौताको लागि सक्रिय प्रयास गर्दैन भने सैनिकहरू मोर्चा छोडेर घर फर्कनेछन्।

आठौं सेनाका एक प्रवक्ताको भनाइ—

"हामी कमजोर छौं, प्रत्येक कम्पनीमा केही सिपाहीहरू मात्र बाँकी रहेका छन्। हामीले रसद, जुत्ता र थप सहायता पाएनौं भने छिटै मोर्चा खाली हुनेछ। कि शान्ति दिनोस्, कि रसदपानी... कि सरकारले लडाइँ खतम गरोस्, कि त सेनालाई आवश्यक सहयोग पुऱ्याओस्"।

४६ सौं साइबेरियाली तोपखाना डिभिजनको प्रवक्ताको भनाइ—

"अफिसरहरू सैनिक समितिहरूसँग मिलेर काम गर्न चाहँदैनन्, उनीहरू हामीलाई शत्रुको हातमा सुम्पँदै छन्, हाम्रा आन्दोलनकर्ताहरूलाई मृत्यु-

दण्ड दिँदै छन् ; प्रतिक्रान्तिकारी सरकार उनीहरूको समर्थन गर्दै छ। क्रान्तिले शान्ति स्थापना गर्नेछ भन्ने हामीले आशा गरेका थियौं। तर अहिले सरकारले हामीलाई शान्तिको कुरासम्म पनि गर्न मनाही गरेको छ, साथै सरकारले हाम्रो लागि न पर्याप्त रासनकै व्यवस्था गर्न सकेको छ, न त लड्नको लागि गोलाबारुदकै"।

युरोपबाट रसियाको मूल्यमा शान्ति स्थापित हुनेछ भन्ने हल्ला आउँदै थियो (६)।

फ्रान्समा रूसी सैनिकहरूसँग जुन व्यवहार गरिँदै थियो, त्यसको खबरले त असन्तोष अझ चर्कायो। त्यहाँ पहिलो ब्रिगेडले आफ्ना अफिसरहरूको काम सैनिक समितिहरूलाई सुम्पन खोजेको थियो, जस्तो उनीहरूका साथीहरू स्वादेशमा गर्दै थिए ; ब्रिगेडले सालोनिका जाने आदेश पालना गर्न अस्वीकार गरेको थियो र उनीहरूलाई रसिया फर्काइयोस् भन्ने माग गरेको थियो। सम्पूर्ण ब्रिगेडलाई घेरामा पारेर भोकै राखिएको थियो र उनीहरूमाथि तोपबाट गोलाबारी गरिएको थियो, कैयौं सैनिकहरू मारिए (७)।

२६ अक्टोबरको दिन म मारिइन्स्की दरबारको सेतो सङ्गमर्मरबाट बनेको लाल बैठकमा पुगेको थिएँ, त्यहाँ गणतन्त्र परिषद्को बैठक चल्दै थियो। म सरकारको परराष्ट्र नीतिबारे तेरेशेन्कोको वक्तव्य सुन्न चाहन्थें, जुन वक्तव्य युद्धबाट थाकेको र शान्तिको तिर्खाले छटपटाइरहेको सम्पूर्ण राष्ट्रले बडो उत्सुकतापूर्वक पर्खिरहेको थियो।

एक जना अग्लो कदको युवक मृदु, कोमल स्वरमा आफ्नो भाषण पढ्दै थियो। त्यस युवकको पहिरनमा कुनै खोट भेट्टाउन सकिँदैनथ्यो, उसले सफाचट पारेर दाह्री खौरेको थियो र उसका गालाका हाड निस्केका थिए। बडो सावधानीपूर्वक तयार पारिएको यस भाषणमा कुनै खास महत्त्वपूर्ण कुरा थिएन (८)। मित्र राष्ट्रहरूको सहायताबाट जर्मन सैनिकवादलाई दबाउने विषयमा, रसियाको "राजकीय हितबारे" तिनै पुराना खोक्रा शब्दहरू र तिनै कठिनाइहरूको चर्चा, जुन स्कोबेलेभको नकाजले पैदा गरेको थियो। तेरेशेन्कोले निम्न शब्दहरूद्वारा आफ्नो भाषण पूरा गऱ्यो र यिनै शब्द उनको भाषणको सार पनि थियो–

"रसिया एक महान् राष्ट्र हो। अरू कुरा जेसुकै होस्, रसिया महान् राष्ट्र नै रहनेछ। हामी सबैले तिनको रक्षा गर्नुपर्छ, हामीले आफूलाई एक महान् आदर्शको संरक्षक तथा एक महान् राष्ट्रका सन्तानको रूपमा प्रस्तुत गर्नुपरेको छ"।

यस भाषणले कसैको चित्त बुझाउन सकेन। प्रतिक्रियावादीहरू एक "शक्तिशाली" साम्राज्यवादी नीतिको माग गर्दै थिए, प्रजातन्त्रवादी पार्टीहरूचाहिँ सरकारले शान्ति स्थापनाको लागि प्रयत्न गर्नेछ भन्ने आश्वासन चाहन्थे... म यहाँ बोल्शेभिकपक्षीय पेत्रोग्राद सोभियतको मुखपत्र 'राबोची इ सल्दात' ('मजदुर तथा सिपाही') को सम्पादकीय लेख प्रस्तुत गर्न चाहन्छु –

"मोर्चाका सिपाहीहरूलाई सरकारको जवाफ

हाम्रा सबैभन्दा मितभाषी मन्त्री श्री तेरेशेन्कोले मोर्चाका सिपाहीहरूलाई वास्तवतः निम्न उत्तर दिएका छन् –

१) हामी आफ्ना मित्र राष्ट्रहरूसँग घनिष्ठ रूपमा एकताबद्ध छौं (जनताहरूसँग होइन, सरकारहरूसँग)।

२) शीतकालीन अभियान सम्भव छ वा छैन भन्ने कुराको लागि प्रजातान्त्रिक बहस उपयोगी हुन सक्दैन। हाम्रा मित्र राष्ट्रहरूका सरकारहरूले यस कुराको निर्णय गर्नेछन्।

३) पहिलो जुलाईको हमला लाभदायक ठहरियो र यो निकै सुखद घटना थियो। (तर उनले यसको नतिजाबारे एक शब्द भनेनन्)।

४) हाम्रा मित्र राष्ट्रहरूलाई हाम्रो वास्ता छैन भन्ने कुरा साँचो होइन। मन्त्री महोदयको हातमा निकै महत्त्वपूर्ण घोषणाहरू छन् (कुराले त ठीक छ! तर कामले देखाएका खोइ? बेलायती बेडाको व्यवहारबारे के विचार छ त? (६) अनि निर्वासित प्रतिक्रान्तिकारी जर्नेल गुर्कोसँग बेलायती सम्राट्को भेटघाटबारे? मन्त्री महोदयले यी सबै कुराको चर्चा गरेनन्।

५) स्कोबेलेभलाई दिइएको **नकाज** अनुचित छ, मित्रराष्ट्रहरू यस्तो कुरा मन पराउँदैनन्। मित्रराष्ट्रहरूको सम्मेलनमा हामी सबैले "एउटै भाषामा कुरा गर्नुपर्दछ"।

कुरा यत्तिकै हो त? हो, यत्तिकै। कसरी समस्याको समाधान होला त? मित्र राष्ट्रहरू र तेरेशेन्कोमाथि विश्वास गर्नोस्, यही हुनेछ समस्याको समाधान। कहिले शान्ति कायम होला? जब मित्र राष्ट्रहरूले अनुमति देलान्।

यही हो त्यो जवाफ, जुन सरकारले मोर्चाका सिपाहीहरूलाई दिएको छ!"

रूसी राजनीतिको पृष्ठभूमिमा अब एक बीभत्स शक्तिको धमिलो आकृति देखा पर्न थालेको थियो। यो शक्ति थियो – कजाकहरू। गोर्कीको समाचारपत्र 'नोभया झीज्न' ('नवजीवन') ले उनीहरूको कार्यकलापतिर ध्यान आकृष्ट गरेको थियो –

"क्रान्तिको सुरुमा कजाकहरूले जनतामाथि गोली चलाउन **अस्वीकार** गरेका थिए। कर्निलोभले पेत्रोग्रादमाथि हमला गर्दा कजाकहरूले उनको पछि लाग्न **अस्वीकार** गरेका थिए। कजाकहरूले क्रान्तिप्रति निष्क्रिय वफादारीको नीति छोडेर अब त्यसमाथि सक्रिय राजनीतिक आघात पुऱ्याउँदै छन्। उनीहरू क्रान्तिको पृष्ठभूमिबाट निस्केर एक्कासि राजनीतिक मञ्चको अग्र-भागमा देखा परेका छन्।"

दोन प्रदेशका कजाकहरूका **अतामान** (मुखिया) कालेदिनलाई अस्थायी सरकारले पदच्युत गरेको छ किनभने कर्निलोभ कण्डमा उनी पनि मुछिएका थिए। उनले राजीनामा गर्न ठाउँ अस्वीकार गरे र तीन ठूलठूला कजाक सेनाहरूलाई आफ्नो वरिपरि जम्मा गरेर नोभचेर्कास्क नामक शहरमा अखडा जमाए र त्यहाँबाट कुचक्र रच्दै आतङ्क फैलाउन थाले। उनी कति शक्ति-शाली थिए भने सरकार उनको धृष्टताको बेवास्ता गर्न बाध्य भयो। यति मात्र नभएर सरकार कजाक सेनाहरूको सङ्घीय परिषद्लाई औपचारिक मान्यता दिन बाध्य भयो र हालै मात्र स्थापित सोभियतहरूको कजाक शाखालाई गैरकानुनी घोषित गरियो।

अक्टोबरको सुरुमा एक कजाक प्रतिनिधिमण्डलले केरेन्स्कीसँग भेट गऱ्यो र कालेदिनमाथि लगाइएका आरोपहरू फिर्ता लिइयोस् भन्ने जोरदार आग्रह गर्नुका साथै मन्त्रिमण्डलको अध्यक्षलाई सोभियतहरूसमक्ष झुके बापत गाली गऱ्यो। केरेन्स्कीले कालेदिनलाई नचलाउने बचन दिए र सुनिन्छ त्यसपछि उनले भने – "सोभियत नेताहरू मलाई अत्याचारी र स्वेच्छाचारी ठान्दछन्... जहाँसम्म अस्थायी सरकारको प्रश्न छ, यो सरकार सोभियतहरूमाथि निर्भर नभएको मात्र होइन, सोभियतहरूको अस्तित्वमा समेत यसलाई खेद छ"।

त्यसै बेला एउटा अर्को कजाक प्रतिनिधिमण्डलले बेलायती राजदूतसँग भेट गऱ्यो र आफूलाई "स्वतन्त्र कजाक जनताका" प्रतिनिधिहरूको रूपमा प्रस्तुत गर्न समेत हिचकिचाएन।

दोन प्रदेशमा कजाक गणतन्त्रजस्तै कुनै कुरा स्थापित भइसकेको थियो। कुबानले आफूलाई एक स्वाधीन कजाक राज्य घोषित गरिसकेको थियो। रास्तोभ-ना-दोनु र येकतिनास्लाभका सोभियतहरू हतियारबन्द कजाकहरू-

द्वारा धपाइए, खार्कोभमा कोइला मजदुर युनियनको हेडक्वार्टरमा कजाकहरूले हमला गरे। कजाक आन्दोलन सबै किसिमले एक प्रतिसमाजवादी तथा सैनिकवादी आन्दोलन थियो। यसका नेताहरू कालेदिन, कर्निलोभ, जर्नेल दुतोभ, जर्नेल कराउलोभ र बर्दिझीजस्ता कुलिनहरू तथा ठूलठूला जमिनदारहरू थिए। यस आन्दोलनले मास्कोका शक्तिशाली महाजनहरू तथा बैंङ्क व्यवसयीहरूको समर्थन प्राप्त गरेको थियो।

पुरानो रसिया अति तीव्र गतिले नष्ट हुँदै थियो। उक्राइना, फिनल्याण्ड, पोल्याण्ड तथा बेलारूसमा राष्ट्रवादी आन्दोलन चर्किंदै थियो र धृष्ट हुँदै थियो। स्थानीय सरकारहरू, जसको बागडोर सम्पन्न वर्गहरूको हातमा थियो, स्वायत्त शासनको माग गर्दै थिए र पेत्रोग्रादबाट पठाइने आदेश पालना गर्न अस्वीकार गर्दै थिए। हेलसिङ्फोर्समा फिनल्याण्डको सिनेटले अस्थायी सरकारलाई ऋण दिन अस्वीकार गऱ्यो, फिनल्याण्डलाई स्वायत्त राज्य घोषित गऱ्यो र फिनल्याण्डबाट रूसी सेना हटाउने माग गऱ्यो। किभमा स्थापित बुर्जुवा रादा (संसद) ले कुन हदसम्म उक्राइनाको सिमाना बढायो भने पूर्वमा उरालसम्म र दक्षिणी रसियाका सम्पूर्ण उर्वर जमिन उक्राइनामा सम्मिलित गरियो। साथै उनीहरूले एक राष्ट्रिय सेनाको गठन सुरु गरे। मुख्यमन्त्री भिन्निचेन्कोले जर्मनीसँग पृथक् शान्ति-सन्धि सम्पन्न गर्ने सङ्केत दिए। अस्थायी सरकार लाचार भएर यी सबै कुरा हेर्दै थियो। साइबेरिया र ककेसियाले आफ्नो छुट्टै संविधान सभा डाक्ने माग गरे। यी सबै प्रदेशहरूमा सरकार र मजदुर तथा सैनिक प्रतिनिधिहरूका स्थानीय सोभियतहरूबीच कठोर सङ्घर्षको सूत्रपात हुँदै थियो।

स्थिति दिन प्रतिदिन बिग्रँदै गइरहेको थियो। लाखौँलाख सिपाहीहरू मोर्चा छोडेर भाग्दै थिए र यी सिपाहीहरूले कुनै विशाल दिशाहीन छालले जस्तो सम्पूर्ण राष्ट्रलाई ढाक्दै थियो। ताम्बोभ र त्भेर गुबेर्नियाका किसानहरू जमिन पाउने आशाले थाकिसकेका थिए र सरकारको दमनकारी कारबाईले चिढिएका थिए। अब उनीहरू जमिनदारहरूका घरधडेरी जलाउँदै थिए र उनीहरूको हत्या गर्दै थिए। मास्को, ओदेसा र दोन प्रदेशका कोइला खानीहरूलाई ठूलठूला हडतालहरू र तालाबन्दीहरूले कम्पित तुल्याएका थिए। परिवहन व्यवस्था अस्तव्यस्त भइसकेको थियो, सेना भोकले मर्दै थियो र ठूलठूला शहरहरूमा एक गेडा अन्न थिएन।

प्रजातान्त्रिक तथा प्रतिक्रियावादी समूहहरूबीच झुण्डिएको सरकार किंकर्तव्यविमूढ थियो। यदि बाध्यतावश केही गरिहाल्नुपऱ्यो भने पनि यसले

सधैं सम्पन्न वर्गहरूकै पक्षपात गर्दथ्यो। किसानहरूका बीचमा शान्ति सुव्यवस्था कायम गर्न र मजदुरहरूको हडताल तोड्न कजाकहरूलाई पठाइयो। ताशकन्दमा सरकारी अधिकारीहरूले सोभियतहरूको दमन गरे। पेत्रोग्रादमा देशको अस्तव्यस्त आर्थिक जीवनको पुनर्निर्माण गर्न स्थापित आर्थिक परिषद् पुँजी तथा श्रमका परस्परविरोधी शक्तिहरूबीच च्यापिएको थियो, फलतः यस संस्थामा गतिरोध उत्पन्न भयो र केरेन्स्कीले यस संस्थाको विघटन गऱ्यो। पुरानो व्यवस्थाका सैनिक अधिकारीहरूले, जसलाई कादेतहरूको समर्थन प्राप्त थियो, सेना र नौसेनामा अनुशासनको पुनर्स्थापनाको लागि कडा कारबाईको माग गर्दै थिए। सर्वमान्य नौसेना मन्त्री एडमिरल भेर्देरेभ्सकी र युद्ध मन्त्री जर्नेल भेर्खोभ्स्कीले सैनिक तथा नौसैनिक समितिहरूसँग सहयोगमा आधारित स्वैच्छिक जनवादी अनुशासनले मात्र सेना र नौसेनालाई बचाउन सक्दछ भन्ने विचार प्रकट गरे। तर उनीहरूको सल्लाह मानेनन्।

प्रतिक्रियावादीहरू हरतरहले जन आक्रोश चर्काउन तम्सिएका थिए। कर्निलोभमाथि मुद्दा सुरु हुनुपर्थ्यो। पुँजीवादी समाचारपत्रहरूले अधिकाधिक खुला रूपमा उनको पक्षमा वकालत गर्न थालेका थिए। उनलाई "एक महान् देशभक्तको" रूपमा प्रस्तुत गरिँदै थियो। बूर्चेभको* समाचारपत्र 'ओब्शेये जेला' ('सामूहिक लक्ष्य') ले कर्निलोभ, कालेदिन र केरेन्स्कीको तानाशाही कायम गर्ने माग गर्दै थियो।

एक पटक गणतन्त्र परिषद्को प्रेस ग्यालरीमा बूर्चेभसँग मेरो कुराकानी भएको थियो। होचो कदको कुप्रो परेको शरीर, चाउरी परेको अनुहार, अल्पदृष्टिले गर्दा निकै पावरदार चस्मा लगाएको, अस्तव्यस्त केश र फुल्न थालेको दाऱ्ही पालेको–यही थियो बूर्चेभ।

"मेरो कुरा याद राख्नुहोला, युवक!"–उनले भनेका थिए। "रसियालाई आज एक शक्तिशाली पुरुषको आवश्यकता छ। अब हामीले आफ्नो सम्पूर्ण ध्यान क्रान्तिबाट हटाएर जर्मनहरूतिर लगाउनुपरेको छ। कर्निलोभ-

---

*बूर्चेभ, भ्ला० ल्भो; लेखक, उदारवादी बुर्जुवा समाचारपत्रका प्रकाशक। यस समाचारपत्रले बोल्शेभिकहरूको विरुद्ध प्रचार गर्थ्यो। क्रान्तिपश्चात् बूर्चेभ पेरिसमा बसाइँ सरे र उनले त्यहाँबाट फेरि आफ्नो अखबारको प्रकाशन सुरु गरे। यस पटक उनको अखबारले राजतन्त्रवादी दृष्टिकोण ग्रहण गऱ्यो।–सं०

लाई हटाएर धेरै ठूलो मूर्खता गरे। यी मूर्खहरूको पछाडि जर्मन दलालहरू उभिएका छन्। कर्निलोभले जित्नै पर्ने थियो।"

चरम दक्षिणपक्षमा झण्डै खुल्लमखुल्ला रूपमा देखापरेका राजतन्त्रवादी-हरूका मुखपत्रहरू–पुरिश्केभिचको 'नारोद्नाया त्रिबुना' ('जन आवाज'), 'नोभया रूस' ('नयाँ रूस') र 'झीभोये स्लोभा' ('सजीव शब्द')– हाकाहाकी क्रान्तिकारी जनवादलाई खतम पार्ने माग गर्दै थिए।

२३ अक्टोबरको दिन रिगाको खाडीमा जर्मन बेडाको एउटा स्क्वाड्रनसँग मुठभेट भयो। अस्थायी सरकारले पेत्रोग्राद खतरामा छ भन्ने बहानाले राजधानी खाली पार्ने योजना बनाउन थाल्यो। यस योजनाअनुसार सबैभन्दा पहिले ठूलठूला सामरिक कारखानाहरू रसियाका विभिन्न भागहरूमा छरिनु-पर्थ्यो तत्पश्चात् स्वयम् सरकार पेत्रोग्रादबाट मास्को सर्नुपर्थ्यो। सरकारले क्रान्तिलाई कमजोर तुल्याउन लाल राजधानी परित्याग गर्दै छ भन्ने कुरा बोल्शेभिकहरूले व्यापक रूपमा फैलाउन थाले। रिगा जर्मनहरूलाई बेचिसके, अब पेत्रोग्राद शत्रुलाई सुम्पँदै छन्!

बुर्जुवा समाचारपत्रहरूले खुसीयाली मनाउन थाले। कादेतहरूको समा-चारपत्र 'रेच' ('आवाज') ले लेखेको थियो, "मास्कोमा, जहाँ अराज-कतावादीहरूद्वारा हस्तक्षेपको कुनै खतरा हुँदैन, सरकारले शान्त वातावरणमा आफ्नो काम गर्न सक्नेछ"। कादेत पार्टीको दक्षिणपक्षका नेता रोद्ज्यान्कोले 'उत्र रसिई' ('रसियाको प्रभात') समाचारपत्रमा लेखेका थिए, जर्मन-हरूले पेत्रोग्राद कब्जा गरिदिए, यो हाम्रो लागि बरदान हुन्थ्यो, किनभने यसले सोभियतहरूलाई खतम पार्नेछ र क्रान्तिकारी बाल्टिक बेडाबाट छुट्कारा दिलाउनेछ–

"पेत्रोग्राद खतरामा छ (उनले लेखेका थिए)। म मनमनै प्रार्थना गर्दछु, 'इश्वरले पेत्रोग्रादको रक्षा गरुन्'। पेत्रोग्राद शत्रुलाई सुम्पिएको खण्डमा केन्द्रीय क्रान्तिकारी सङ्गठनहरू नष्ट हुनेछन् भन्ने उनीहरूलाई डर छ। यसको जवाफमा म भन्दछु, यदि यी सबै सङ्गठनहरू नष्ट भएको खण्डमा मलाई धेरै खुसी लाग्नेछ, किनभने यिनले रसियालाई विपदमा पार्ने कामसिवाय अरू केही गर्न सक्दैनन्।

जर्मनहरूले पेत्रोग्राद कब्जा गरे भने बाल्टिक बेडा पनि नष्ट हुनेछ... तर चिन्ता गर्ने आवश्यकता छैन, अधिकांश सामरिक जहाजहरू पूर्णतः भ्रष्ट भइसकेका छन्।"



छद्मभेषमा लेनिनको एक चित्र। यो चित्र जुलाई १९१७ का ती घटनाहरूपश्चात् खिचिएको थियो, जब लेनिन अन्तिम पटक भूमिगत अवस्थामा बस्नुभएको थियो। यो चित्र मजदुर क० प० इभानोभको नाममा बनाइएको परिचय पत्रमा टाँसिएको थियो



सशस्त्र विद्रोहसम्बन्धी लेनिनद्वारा सूत्रबद्ध तथा २३ अक्टोबर १९१७ मा सम्पन्न पार्टी केन्द्रीय समितिको ऐतिहासिक बैठकद्वारा स्वीकृत प्रस्तावको पहिलो पाता

जनविरोधको प्रबल हुरीले गर्दा पेत्रोग्राद खाली गर्ने योजना कार्यान्वित हुन सकेन।

यस बेला सोभियतहरूको महाधिवेशन रसियाको राजनीतिक आकाशमा यस किसिमले मडारिइरहेको थियो, मानौं त्यो कुनै रौद्र मेघ थियो, जसका असङ्ख्य बिजुली चम्कँदै छन्। सरकारले मात्र नभएर सबैजस्ता "नरमपन्थी" समाजवादीहरू महाधिवेशन डाक्ने कुराको विरोधी थिए। केन्द्रीय सैनिक तथा नौसैनिक समितिहरू, कतिपय ट्रेड युनियनहरूका केन्द्रीय समितिहरू, किसानहरूका सोभियतहरू र सबैभन्दा बढी त स्वयम् **चेइक** यो बैठक रोक्न भरमग्दुर प्रयत्न गर्दै थिए। पेत्रोग्राद सोभियतद्वारा स्थापित तर हाल **चेइकको** नियन्त्रणमा रहेका 'इज्भेस्त्यिया' ('समाचार') तथा 'गोलस सल्दाता' ('सैनिक आवाज') समाचारपत्रहरूका साथै समाजवादी-क्रान्तिकारी पार्टी प्रेसको सम्पूर्ण तोपखाना – 'जेला नारोदा' ('जन हित') तथा 'भोल्या नारोदा' ('जन आकाङ्क्षा') – महाधिवेशनमाथि गोलाबारी गर्दै थिए।

महाधिवेशनको लागि हुने चुनावहरू रोक्ने अथवा पछि सार्ने निर्देशन दिएर देशको चारैतिर प्रतिनिधिहरू पठाएर, स्थानीय सोभियतहरूको बागडोर हातमा लिएर बसेका समितिहरूलाई तारद्वारा सन्देशहरू पठाइयो। महाधिवेशन नगराउन सार्वजनिक सभाहरूमा गम्भीर प्रस्तावहरू पारित गराइए, संविधान सभाको अधिवेशन यति नजिक आइसकेको बेला सोभियतहरूको महाधिवेशन डाक्ने कुराको प्रजातान्त्रिक शक्तिहरू विरोधी छन् भन्ने घोषणाहरू गराइए। युद्ध मोर्चा, जेम्स्तभाहरू, किसान सङ्घ, कजाक सेनाहरूको सङ्घ, अफिसरहरूको युनियन, सेन्ट जर्ज पदकधारी शूरवीर सङ्घ, "मृत्यु बटालियनहरू"* – सबै संस्थाहरूका प्रतिनिधिहरू आफ्नो असहमति जनाउँदै थिए... रसियाली गणतन्त्र परिषद्ले एकै स्वरले आफ्नो विरोध प्रकट गऱ्यो। मार्चमा सम्पन्न रूसी क्रान्तिले जुन व्यवस्था खडा गरेको थियो, त्यो सम्पूर्ण व्यवस्था सोभियतहरूको महाधिवेशन रोक्न तम्सिएको थियो।

अर्कोतिर मजदुरहरूको, सामान्य सिपाहीहरूको, गरिब किसानहरूको अर्थात् सम्पूर्ण सर्वहारावर्गको अव्यक्त सङ्कल्प थियो। कतिपय स्थानीय सोभियतहरू बोल्शेभिकहरूको हातमा आइसकेका थिए। यसको अतिरिक्त

---

*हेर्नोस् टिप्पणी र व्याख्याहरू।

औद्योगिक मजदुरहरूका सङ्गठनहरू, तथाकथित **फाब्रिच्न-जाभद्स्कोये कमिचेती** – कारखाना समितिहरूका साथै विद्रोही सैनिक तथा नौसैनिक सङ्गठनहरू थिए। कतिपय ठाउँमा मानिसहरूले औपचारिक रूपले आफ्ना सोभियत प्रतिनिधि छान्न नपाएपछि स्वस्फूर्त आमसभाहरूमा भेला भए र पेत्रोग्राद पठाउन प्रतिनिधि छाने। अरू ठाउँमा उनीहरूले पुराना बाधक समितिहरू भङ्ग गरे र नयाँ समितिहरू खडा गरे। विद्रोहको ज्वाला चर्किंदै थियो र यी महिनाहरूमा सुसुप्त अवस्थामा रहेको क्रान्तिको आगोले बिस्तारै बिस्तारै जम्दै गएको त्यो सान्हो बोक्रा फोडिदियो। एक स्वस्फूर्त जन आन्दोलनले मात्रै सोभियतहरूको अखिल रसियाली महाधिवेशन सम्भव तुल्याउन सक्दथ्यो।

बोल्शेभिक आन्दोलनकर्ताहरू प्रत्येक दिन ब्यारेक र कारखानाहरू धाउँदथे र "गृहयुद्ध मच्चाउने सरकारको" विरुद्ध प्रचार गर्दथे। एक दिन आइतबार हामी बाफबाट चल्ने बडेमाको ट्राम गाडी चढेर श्लिसेल्बुर्ग मार्गस्थित सरकारी बारुद कारखाना, **ओबुखोभ्स्की जाभोद** पुग्यौं। हाम्रो ट्राम गाडी कारखानाका एकनासे घरहरू र ठूलठूला गिर्जाघरहरूबीचबाट छ्यापछ्यापती हिलो भएका सडकहरू हुँदै गइरहेको थियो।

अझ तयार भई नसकेको छाना नलागेको ठूलो घरमा, नाङ्गा इँटका भित्ताहरूको बीचमा त्यो सभा चल्दै थियो। रातो कपडाले सजाइएको मञ्चवरिपरि दसौं हजार मानिसहरूको भीड लागेको थियो। सबैले कालो लुगा लगाएका थिए। मानिसहरू घर बनाउन थुपारिएको फल्याक र इँटका चाङहरूमा अथवा कालो भइसकेको हेर्दै उराठलाग्दो खम्बाहरूका टुप्पामा बसेको थिए। त्यो भीड अति एकाग्र र कोलाहलपूर्ण थियो। धमिलो आकाशमा बादलहरूको बीचबाट यदाकदा एक्कासि सूर्य देखापर्थ्यो र सूर्यको रक्तिम प्रकाश पुञ्ज झ्यालका चौकोसहरूबाट हुँदै हामीतिर फर्किएका हजारौं सीधासादा अनुहारहरूमा पर्थ्यो।

दुब्लो पातलो, कलेजको छात्रजस्तो देखिने लुनाचार्स्की, जसको कलाकारको जस्तो अनुहारमा भावुकताको छाप परेको थियो, सोभियतहरूले किन सत्ता आफ्नो हातमा लिनुपर्छ भन्ने कुरा बताउँदै थिए। क्रान्तिका ती शत्रुहरूबाट क्रान्तिलाई बचाउनको लागि, जो हाकाहाकी देशलाई तहसनहस पार्दै छन्, सेनालाई भ्रष्ट पार्दै छन्, एक नयाँ कर्निलोभको लागि बाटो तयार पार्दै छन्, अर्को कुनै ग्यारेन्टी छैन।

रूमेनियाली मोर्चाबाट फर्केको दुब्लो, अनुहारमा करुणा र उत्तेजनाको मिश्रित भावना भएको सिपाहीको बोल्ने पालो आयो। ऊ चर्को स्वरमा

भन्दै थियो, "साथीहरू, हामी मोर्चामा भोकभोकै मर्दै छौं, जाडोले कक्रिँदै छौं। हामी विनाकारण मारिँदै छौं। अमेरिकी कमरेडहरूले अमेरिकामा हाम्रो सन्देश पुऱ्याइदिउन्, हामी रूसीहरू मृत्युपर्यन्त आफ्नो क्रान्तिको लागि सङ्घर्ष गर्नेछौं। विश्वभरिका जनताहरू बिउँझेर हाम्रो मदतमा नआउन्जेल हामी सम्पूर्ण शक्ति लगाएर आफ्नो सङ्घर्ष जारी राख्नेछौं! अमेरिकी मजदुरहरूलाई भनिदिनुहोला, उनीहरू पनि बिउँझुन् र सामाजिक क्रान्तिको लागि सङ्घर्ष गरुन्!"

त्यसपछि दुब्लो पातलो, सुस्त चालको तर कहिल्यै नझुक्ने पेत्रोभ्स्कीको बोल्ने पालो आयो –

"आज कुरा गर्ने बेला छैन, काम गर्नुपरेको छ। आर्थिक स्थिति खराब छ, तर हामीले आफूलाई यस स्थितिअनुकूल ढाल्नुपरेको छ। हामीलाई भोक र जाडोको मारमा पारेर पराजित गर्ने प्रयास गर्दै छन्। हामीलाई भड्काउन खोजेका छन्। तर उनीहरूले पनि थाहा पाउनुपर्दछ – यदि उनीहरू हदभन्दा बाहिर जान चाहन्छन् भने अर्थात् यदि उनीहरूले सर्वहारा सङ्गठनहरूमाथि प्रहार गर्ने दुस्साहास गर्दछन् भने हामी उनीहरूलाई कुनै फोहोर-मैलाजस्तो बढारेर फालिदिनेछौं र पृथ्वीबाट उनीहरूको नामनिसान नै मेटिदिनेछौं!"

अकस्मात् बोल्शेभिक समाचारपत्रहरूको सङ्ख्या बढ्न थाल्यो। दुई पार्टी समाचारपत्रहरू, '**राबोची पुच**' ('मजदुरहरूको बाटो') र '**सल्दात**' ('सिपाही') को अतिरिक्त किसानहरूको लागि '**जेरेभेन्स्काया बेद्नता**' ('गाउँका गरिबहरू') नामक नयाँ समाचारपत्र निस्कन थाल्यो। यो समाचारपत्र दिनको पाँच लाख प्रति छापिन्थ्यो। १७ अक्टोबरदेखि '**राबोची इ सल्दात**' ('मजदुर र सिपाही') नामक अर्को समाचारपत्र निस्कन थाल्यो। यस समाचारपत्रको अग्रलेखमा बोल्शेभिक दृष्टिकोण सङ्क्षिप्त रूपमा प्रस्तुत गरिएको थियो –

"लडाइँको चौथो वर्ष सेना र राष्ट्रको लागि घातक सिद्ध हुनेछ... पेत्रोग्रादको सुरक्षाको लागि खतरा पैदा भएको छ... प्रतिक्रान्तिकारीहरू जनताको विपद देखेर रमाइरहेका छन्... किसानहरू निराशाले उत्तेजित भएर खुल्लमखुल्ला विद्रोह गरिरहेका छन्। जमिनदारहरू र सरकारी अधिकारीहरू दण्डदायी फौज पठाएर उनीहरूको सार्वजनिक हत्या गर्दै छन्; कारखानाहरू र खानीहरू बन्द हुँदै छन्, मजदुरहरू भोकभोकै मर्ने खतरा पैदा भएको छ ... बुर्जुवावर्ग तथा यसका जर्नेलहरू सेनामा फेरि त्यही अन्ध-

अनुशासन फर्काउन चाहन्छन्। बुर्जुवावर्गको समर्थन पाएका कर्निलोभपन्थीहरू संविधान सभाको अधिवेशन हुन नदिन खुल्लमखुल्ला तयारी गर्दै छन्।

केरेन्स्की सरकार जनविरोधी सरकार हो। केरेन्स्कीले देशलाई भताभुङ्ग पार्नेछ... यो समाचारपत्र जनताको समाचारपत्र हो र जनताकै लागि हो, सङ्कटग्रस्त वर्गहरू—मजदुरहरू, सैनिकहरू र किसानहरूको लागि हो। क्रान्ति पूरा भएपछि मात्र जनताले मुक्ति पाउनेछ... अनि यसको लागि सम्पूर्ण सत्ता सोभियतहरूको हातमा आउनुपर्छ।

यो समाचारपत्र माग गर्दछ—

राजधानीमा र सबै प्रान्तहरूमा समस्त सत्ता सोभियतहरूको हातमा सुम्पिनुपर्दछ।

सबै मोर्चाहरूमा अविलम्ब युद्ध-विराम आवश्यक छ। जनताहरूको बीचमा इमानदारीपूर्ण प्रजातान्त्रिक शान्ति सन्धि हुनुपर्छ।

सबै जमिनदारीहरू विनामुआवजा किसानहरूले पाउनुपर्दछ।

औद्योगिक उत्पादनमाथि मजदुर नियन्त्रण कायम हुनुपर्छ।

विनाधाँधली इमानदारीपूर्वक निर्वाचित संविधान सभा।"

यसै समाचारपत्रबाट, तिनै बोल्शेभिकहरूको मुखपत्रबाट, जो जर्मन दलालहरूको रूपमा यति राम्ररी परिचित छन्, यहाँ एउटा रोचक उद्धरण प्रस्तुत गर्न चाहन्छु—

"जर्मन सम्राट्, जसको हात लाखौँलाख मृत व्यक्तिहरूको रगतले मुछिएको छ, पेत्रोग्रादमाथि हमला गर्न आफ्नो सेना पठाउन चाहन्छन्। हामी जर्मन मजदुरहरू, सिपाहीहरू र किसानहरूलाई, जो हामीजस्तै शान्ति चाहन्छन्... यस घृणित युद्धको विरुद्ध आवाज उठाउने आह्वान गर्दछौँ!

एक क्रान्तिकारी सरकारले मात्र यस्तो आह्वान गर्न सक्दछ, जसले रसियाका मजदुरहरू, सैनिकहरू तथा किसानहरूको वास्तविक आवाजको प्रतिनिधित्व गर्नेछ र जसले कूटनीतिज्ञहरूको वास्ता नगरी सीधै जर्मन सेनाहरूसँग अपिल गर्नेछ र जर्मन भाषामा छापिएका घोषणापत्रहरूले सम्पूर्ण जर्मन मोर्चालाई ढाकिदिनेछ... हाम्रा विमानचालकहरूले यी घोषणापत्रहरू सम्पूर्ण जर्मनीभरि फैलाउनेछन्...।"

गणतन्त्र परिषद्मा दुवै पक्षहरूबीचको खाडल दिन प्रतिदिन गहिरिँदै थियो।

वामपन्थी समाजवादी-क्रान्तिकारीहरूको तर्फबाट भाषण गर्दै कारेलिनले भने, "सम्पन्न वर्गहरू देशको क्रान्तिकारी यन्त्रलाई मित्र राष्ट्रहरूको युद्ध-

यानको लागि प्रयोग गर्न चाहन्छन्! क्रान्तिकारी पार्टीहरू यस नीतिको घोर विरोध गर्दछन्"।

जन समाजवादी पार्टीका प्रतिनिधि वयोवृद्ध निकोलाइ चाइकोभ्स्कीले आफ्नो भाषणमा किसानहरूलाई जमिन दिने कुराको विरोध गरे र कादेत-हरूको समर्थन गरे। उनले भने—

"हामीले सेनामा अविलम्ब कठोर अनुशासन कायम गर्नुपर्दछ... लडाइँ सुरु भएदेखि नै मैले युद्धकालमा सामाजिक तथा आर्थिक सुधारहरूको झमेलामा पर्नु अपराध हो भन्ने कुरामा बारम्बार जोड दिँदै आएको हुँ। अहिले हामी त्यही अपराध गर्दै छौं, यद्यपि म यी सुधारहरूको विरोधी होइन, किनभने म एक समाजवादी हुँ।"

वामपन्थीहरूको ताँतीबाट आवाज आउँछ, "हामी तपाईंलाई विश्वास गर्दैनौं!" दक्षिणपन्थीहरूको तर्फबाट तालीको गडगडाहट सुनिन्छ।

कादेतहरूको तर्फबाट बोल्दै आद्झेमोभले भने, उनीहरू कुन उद्देश्यको लागि लड्दै छन् भन्ने कुरा सैनिकहरूलाई बताइरहने कुनै आवश्यकता छैन, किनभने रूसी भूमिबाट शत्रुलाई धपाउनु नै उनीहरूको पहिलो कर्तव्य हो भन्ने कुरा प्रत्येक सैनिकले बुझ्नुपर्छ।

स्वयम् केरेन्स्की दुई पटक आए र उनले राष्ट्रिय एकताको लागि जोरदार अपिल गरे। एक पटक त आफ्नो भाषणको अन्त्यमा उनी रोए पनि। तर सभाले उनको भाषणप्रति विशेष अभिरुचि देखाएन र बीचबीचमा व्यङ्ग्यात्मक टिप्पणीहरू सुनिन्थे।

चेइक र पेत्रोग्राद सोभियतको हेडक्वार्टर, स्मोल्नी संस्थान शहरको छेउमा धेरै माइल टाढा नेभा नदीको किनारमा अवस्थित थियो। मानिसहरूले खचाखच भरिएको, चिप्लेकीरोजस्तो मन्द चालमा चीं चीं गर्दै हिलोले भरिएको ढुङ्गे सडकबाट गइरहेको एउटा ट्राम गाडी चढेर म त्यहाँ पुगें। जहाँ ट्राममार्ग सकिन्थ्यो, स्मोल्नी मठको धुँवालो-नीलिम, किनारमा मद्धिम सुनौला बुट्टा भरिएको गुम्बज आकाशतिर फर्किएको थियो। नजिकै दुई सय गज लामो तीन तल्ले ब्यारेकजस्तो विशाल स्मोल्नी संस्थान थियो। मूल ढोकामाथि ढुङ्गामा शाही राज्य चिन्ह कुँदिएको थियो, मानौं अझै पनि धृष्टतापूर्वक जिस्क्याउँदै छ।

पुरानो शासनकालमा यहाँ रसियाका अभिजातवर्गीय केटीहरूको लागि एक विख्यात बोर्डिङ स्कूल थियो। स्वयम् साम्राज्ञी यस स्कूलकी संरक्षिका थिइन्। हाल मजदुर तथा सैनिकहरूका क्रान्तिकारी सङ्गठनहरूले यस भवन-

माथि कब्जा गरेका थिए। यस भवनमा सयभन्दा बढी कोठाहरू थिए। सेतो रङ्ग लगाइएको, केही सामान नभएका यी कोठाहरूका ढोकाहरूमा अझै पनि एनेमेल प्लेटहरू झुण्डिएका थिए, जसबाट आगन्तुकहरूले फलाना कोठा "केटीहरूको कक्षा नम्बर ४" अथवा "अध्यापिका कक्ष" इत्यादि हुन् भन्ने कुरा थाहा पाउँदथे। अब ती ढोकाहरूमा ठूलठूला अक्षरहरूले लेखिएका साइनबोर्डहरू झुण्डिएका थिए, जसबाट नयाँ व्यवस्थाको प्राणशक्ति अभिव्यक्त हुन्थ्यो। "पेत्रोग्राद सोभियतको कार्यकारिणी समिति", "चेइक", "विदेशी मामिलासम्बन्धी ब्यूरो", "समाजवादी सैनिकहरूको सङ्घ", "अखिल रसियाली ट्रेड युनियनहरूको केन्द्रीय समिति", "कारखाना समिति-हरू", "केन्द्रीय सैनिक समिति", राजनीतिक पार्टीहरूका केन्द्रीय कार्यालयहरू तथा अन्तरङ्ग सभाकक्ष।

लामालामा गुम्बजाकार दलानहरू, जहाँ कतैकतै मात्र बिजुलीका चिम-हरू झुण्डिएका थिए, सैनिकहरू तथा मजदुरहरूका आकृतिहरू देखापरि-रहन्थे, केही आकृतिहरू समाचारपत्रहरू र अन्य विभिन्न प्रकारका मुद्रित प्रचार साहित्यका ठूलठूला पुलिन्दाहरूको बोझले झुक्दै हिंडिरहेका थिए। फल्याक बिछ्याइएको भुइँमा बराबर बुटको चर्को आवाज सुनिन्थ्यो... जता-ततै पोस्टर लगाइएको थियो–"साथीहरू, तपाईंहरूको आफ्नै स्वास्थ्यको लागि सफाइमा ध्यान दिनुहोला!" हरेक तल्लामा भऱ्याङ सकिनासाथ ठूलठूला टेबुलहरूमा विभिन्न राजनीतिक पार्टीहरूका पर्चाहरू तथा प्रचार साहित्य बिक्रीको लागि राखिएका थिए।

तल्लो तल्लाको होचो ठूलो भोजनालय अहिले पनि भोजनालयकै रूपमा प्रयोग गरिन्थ्यो। मैले दुई रूबल तिरेर खाने कुपन किनें र अन्य हजारौं व्यक्तिजस्तै म पनि लाइनमा उभें, अनि ती लामालामा टेबुलतिर पुग्न पर्खन थालें, जहाँ बीसबाइस जना मान्छे खाना पस्कँदै थिए। ठूलठूला भाँ-डाहरूमा बन्दाकोभीको सुरुवा, मासुका चौटाहरू र कालो पाउरोटीका ठूल-ठूला टुक्राहरू राखिएका थिए। पाँच कोपेक तिरेर तामचीनीको भाँडोमा राखिएको चिया किन्न सकिन्थ्यो। नजिकै टोकरीमा मैला चिल्ला काठका चम्चाहरू राखिएका थिए... काठको टेबुलअगाडि राखिएका बेञ्चहरू भोका मजदुरहरूले कचाकच भरिएका थिए। उनीहरू खुब स्वाद लिँदै खाइरहेका थिए, ठूलठूलो स्वरले कुरा गर्दै थिए र ठट्टा गरिरहेका थिए।

माथिल्लो तल्लामा एउटा अर्को खानेकोठा थियो, जुन चेइकको लागि

सुरक्षित थियो, तर सबै त्यहाँ जान्थे। यहाँ बेसरी मखन लगाइएको पाउरोटी र जति गिलास भए पनि चिया पाइन्थ्यो।

दक्षिण लङ्को दोस्रो तल्लामा ठूलो सभाकक्ष थियो, यो भूतपूर्व स्कूलको उत्सवकक्ष थियो। यो भव्य सेतो कोठामा ठूलठूला खम्बाहरूका दुई पङ्क्तिबीच सयौं चिमहरू लगाइएका बत्तीदानीहरू जगमगाइरहेका थिए। कोठाको पुछारमा मञ्च थियो। मञ्चको दुवै किनारमा शाखा प्रशाखायुक्त दीपस्तम्भ थिए र पछाडि भित्तामा एउटा सुनौला फ्रेम झुण्डिएको थियो, जसबाट सम्राट्को तस्वीर निकालिएको थियो। यहाँ उत्सवको बेला रानी महारानीहरूको वरिपरि ठाँटिला पोसाक लगाएका सैनिक अफिसरहरू र पादरीहरूको घुइँचो लागेको हुन्थ्यो।

सभाकक्षबाहिर ठीक पल्लो पट्टि सोभियतहरूको महाधिवेशनको अधिकारपत्र समितिको कार्यालय थियो। म त्यहाँ उभेर भर्खरै आइपुगेका प्रतिनिधिहरूलाई हेर्दै थिएँ—हट्टाकट्टा दाह्रीवाल सिपाहीहरू, कालो ज्याकेट लगाएका मजदुरहरू, लामालामा केश पालेका केही किसानहरू। अफिसमा काम गर्ने युवती, जो प्लेखानोभको 'येजिन्स्तभो'* ('एकता') समूहकी सदस्य थिइन्, उनीहरूतिर हेरेर तिरस्कारपूर्वक मुस्कुराउँदै थिइन्। "यिनीहरू पहिलो स्येज्द (महाधिवेशन) का प्रतिनिधिहरूभन्दा बिलकुल फरक छन्", तिनी भन्दै थिइन्। "हेर्नोस्, कति उज्जड र मूर्ख देखिन्छन्! गँवारहरू..." वास्तवमा यस्तै थियो; रसिया भित्रसम्म आलोडित भएको थियो र जो पींधमा थिए, उनीहरू सतहमा उत्रिएका थिए। पुरानो चेइकले नियुक्त गरेको अधिकारपत्र समितिले एकपछि अर्को प्रतिनिधिलाई ऊ अवैध तरिकाले निर्वाचित भएको हो भन्ने आरोप लगाउँदै थियो। बोल्शेभिक पार्टीको केन्द्रीय समितिका सदस्य कराखाँ यी सबै कुरा देखेर केवल मुस्कुराए। "धन्दा नमान्नोस्," उनी भन्दै थिए, "महाधिवेशन सुरु भएपछि तपाईंहरूले आफ्नो सिट पाउनुहुनेछ"।

'राबोची इ सल्दात' समाचारपत्रले लेखेको थियो—

"हामी नयाँ अखिल रसियाली महाधिवेशनका प्रतिनिधिहरूको ध्यान के कुरातर्फ आकृष्ट गर्न चाहन्छौं भने सङ्गठन समितिका केही सदस्यहरू महाधिवेशन हुँदैन र प्रतिनिधिहरूले पेत्रोग्राद छोडे हुन्छ भन्ने हल्ला फैलाएर

---

*हेर्नोस् टिप्पणी र व्याख्याहरू।

महाधिवेशन रोक्ने प्रयत्न गर्दै छन्... यस्ता झूटा हल्लाहरूमाथि ध्यान नदिनु-होला... महान् दिवसहरू अझ आउँदै छन्..."।

२ नोभेम्बरसम्ममा कोरम पुग्ने गरी सबै प्रतिनिधिहरू आइपुग्ने छैनन् भन्ने कुरा स्पष्ट थियो, त्यसै कारणले ७ नोभेम्बरसम्मको लागि महाधिवेशनको उद्‌घाटन स्थगित गरियो। परन्तु अब सम्पूर्ण राष्ट्र नै उत्तेजित भइसकेको थियो, मेन्शेभिक तथा समाजवादी-क्रान्तिकारीहरूले उनीहरू पराजित भए भन्ने कुरा अनुभव गरे र एक्कासि आफ्नो कार्यनीति बदले। उनीहरूले आफ्ना प्रान्तीय सङ्गठनहरूलाई यथासम्भव अधिकाधिक "नरमपन्थी" समाजवादी प्रतिनिधिहरू पठाउने अनुरोध गर्दै हतारहतार आकाशवाणी पठाए। साथसाथै किसानहरूका सोभियतहरूको कार्यकारिणी समितिले १३ डिसेम्बरको दिन किसानहरूको महाधिवेशन डाक्ने र मजदुर तथा सैनिकहरूले चाल्ने सबै कदमहरूलाई विफल तुल्याउने आपत्तिकालीन आह्वान गर्‍यो।

बोल्शेभिकहरू कस्तो तयारी गर्दै थिए त? सशस्त्र "प्रदर्शनको" तयारी हुँदै छ, मजदुर तथा सैनिकहरू "**भिस्तुप्लेनिये**" अर्थात् "विद्रोहको" तयारी गर्दै छन् भन्ने हल्ला शहरमा फैलिएको थियो। बुर्जुवा तथा प्रतिक्रियावादी समाचारपत्रहरूले विद्रोहको तयारी हुँदै छ भन्ने खबर छापे र सरकारलाई पेत्रोग्राद सोभियतलाई गिरफ्तार गर्ने र कम्ती पनि महाधिवेशन रोक्ने आग्रह गरे। 'नोभया रूस' जस्ता कुख्यात समाचारपत्रहरूले त बोल्शेभिकहरूको कत्लेआम नै गर्ने आह्वान गरे।

गोर्कीको समाचारपत्र 'नोभया झीज्न'ले बोल्शेभिकहरूप्रति सहमति जनाउँदै प्रतिक्रियावादीहरू क्रान्ति विफल तुल्याउने प्रयास गर्दै छ रन् आवश्यकता परेको खण्डमा यिनीहरूलाई अस्त्रको बलले भए पनि रोक्नुपर्छ, तर क्रान्तिकारी जनवादका सबै पार्टीहरूले संयुक्त मोर्चामा बाँधिनु आवश्यक छ भन्ने विचार प्रकट गर्‍यो—

"जबसम्म जनवादले आफ्ना मुख्यमुख्य शक्ति सङ्गठित गर्दैनन्, जबसम्म यसको प्रभावको विरुद्ध प्रतिरोध सबल हुन्छ, तबसम्म हमला गरेर केही फाइदा हुँदैन। परन्तु विरोधी तत्त्वहरूले शक्ति प्रयोग गरेको खण्डमा क्रान्तिकारी जनवादले सत्ताको लागि रणक्षेत्रमा प्रवेश गर्नेपर्दछ र यस अवस्थामा जनताका व्यापकतम तब्काहरूले उनीहरूको समर्थन गर्नेछन्।

गोर्कीले कुन कुरातर्फ ध्यान आकृष्ट गरे भने प्रतिक्रियावादी तथा सरकारी सबै समाचारपत्रहरू बोल्शेभिकहरूलाई हिंसाको लागि भड्काउँदै छन्। तर यस्तो बेला हुने विद्रोहले अर्को नयाँ कर्निलोभ-काण्डको लागि बाटो

मात्रै तयार पार्नेछ। गोर्कीले बोल्शेभिकहरूसँग यस हल्लाको खण्डन गर्ने अनुरोध गरे। पत्रेसोभले मेन्शेभिक समाचारपत्र 'जेन' ('दिन') मा नक्सासहित एउटा उत्तेजनापूर्ण लेख छपाए, जमसा बोल्शेभिक अभियानको कपोलकल्पित गुप्त योजनाको भण्डाफोर गर्ने दावा गरिएको थियो।

जादू गरेजस्तो एक्कासि शहरका सबै पर्खालहरू पर्चाहरूले (१०) भरिए, जसमा "नरमपन्थी" तथा अनुदार गुटहरूका केन्द्रीय समितिहरू तथा चेइक-का चेतावनीहरू, अपिलहरू र घोषणाहरू छापिएका थिए, सबै किसिमका प्रदर्शनहरूको भर्त्सना गरिएको थियो र मजदुर तथा सैनिकहरूलाई आन्दो-लनकर्ताहरूको कुरा नसुन्ने अनुरोध गरिएको थियो। उदाहरणको लागि समाज-वादी-क्रान्तिकारी पार्टीको सैनिक शाखाको वक्तव्य यस प्रकार छ—

"फेरि पनि शहरमा सम्भावित **भिस्तुप्लेनियेको** हल्ला चर्किंदै छ। कहाँ-बाट यस्ता हल्लाहरू आउँदै छन्? ती कस्ता सङ्गठनहरू हुन्, जसले यी आन्दोलनकर्ताहरूलाई विद्रोहको लागि प्रचार गर्ने अधिकार दिए? चेइकमा एक प्रश्नको उत्तर दिँदै बोल्शेभिकहरूले यस्तो प्रचारसँग आफ्नो कुनै सम्बन्ध नभएको कुरा बताएका छन्... परन्तु यस्तो प्रचार आफैमा निकै खतरनाक छ। बहुसङ्ख्यक मजदुरहरू, सैनिकहरू तथा किसानहरूको मनोस्थितिको वास्तै नगरी केही चरमपन्थीहरूले सजिलैसँग मजदुरहरू तथा सैनिकहरूको एक हिस्सालाई सडकमा निस्कने आह्वान गर्न सक्दछन् र उनीहरूलाई विद्रोह-को लागि प्रोत्साहित गर्न सक्दछन्... क्रान्तिकारी रसियाको लागि यस भयङ्-कर तथा जटिल समयमा कुनै पनि विद्रोहले सजिलैसँग गृहयुद्धको रूप लिन सक्दछ र यसको फलस्वरूप सर्वहारावर्गका सबै सङ्गठनहरू, जुन यत्नो परिश्रमले बनेका छन्, भताभुङ्ग हुन सक्दछन्। प्रतिक्रान्तिकारी षड्यन्त्र-कारीहरू विद्रोहबाट फाइदा उठाएर क्रान्तिलाई नष्ट पार्ने, विल्हेल्मको लागि मोर्चा खुल्ला छोडिदिने र संविधान सभालाई अस्तव्यस्त पार्ने चाल चल्दै छन्... सबै आआफ्नो निर्धारित ठाउँमा दृढतापूर्वक उभिनुहोला! विद्रोहमा भाग नलिनुहोला!"

२८ अक्टोबरको दिन स्मोल्नीको एउटा दलानमा मैले कामेनेभसँग कुरा गरेको थिएँ। कामेनेभ होचो कदको तीखो रातो चुच्चे दाह्री पालेको निकै फुर्तिलो हाउभाउ भएको मान्छे थियो। पर्याप्त प्रतिनिधिहरू आइपुग्द-छन् भन्ने कुरामा उनलाई कत्ति पनि विश्वास थिएन। उनले भने, "यदि महाधिवेशन सम्पन्न भइहाल्यो भने यसले जनताको प्रबलतम भावनाको प्रति-निधित्व गर्नेछ। बोल्शेभिकहरूले बहुमत पाएको खण्डमा र मलाई लाग्दछ,

यस्तै हुनेछ, हामी सोभियतहरूलाई सत्ता सुम्पियोस् र अस्थायी सरकारले राजीनामा गरोस् भन्ने माग गर्नेछौं"।

भालोदार्स्कीले, जो अग्लो कदको, चस्मा लगाएको पहेंलो रोगीको जस्तो अनुहार भएको युवक थियो, अझ स्पष्ट रूपमा आफ्नो विचार प्रकट गर्‍यो – "“लिबेरदानहरू”* तथा अन्य सम्झौतावादीहरूले महाधिवेशन भताभुङ्ग पार्ने प्रयास गर्दै छन्। उनीहरू अधिवेशन रोक्न सफल भइहाले भने पनि हामी पर्याप्त मात्रामा यथार्थवादी छौं र यस्ता कुराले हामीलाई रोक्न सक्दैनन्।"

२९ अक्टोबरको दिन समाचारपत्रहरूबाट लिइएका निम्न टिपोटहरू मैले आफ्नो नोटबुकमा पाएँ –

"मागिल्योभ (सैनिक जनरल स्टाफको प्रधान कार्यालय)। यहाँ वफादार गार्ड रेजिमेन्टहरू, बर्बर डिभिजन, कजाक टुकडीहरू तथा "मृत्यु बटालियनहरूको" घुइँचो लागेको छ।

पाभ्लोभ्स्क, चार्स्कोये सेलो र पेतेरगोफस्थित सैनिक अफिसर स्कूलहरूका **युङ्केरहरूलाई**** सरकारले पेत्रोग्राद आउन तयार भएर बस्ने आदेश पठाएको छ। ओरानियेनबाउमका युङ्केरहरू पेत्रोग्राद आइपुगिसकेका छन्।

पेत्रोग्राद गैरिसनको बख्तरबन्द डिभिजनलाई शिशिर प्रासादको रक्षा गर्ने अभिभारा सुम्पिएको छ।

त्रोत्स्कीको हस्ताक्षर भएको आदेशअनुसार सेस्त्रोरेत्स्क सरकारी हतियार कारखानाले पेत्रोग्राद मजदुरहरूका प्रतिनिधिहरूलाई केही हजार बन्दुक हस्तान्तरण गर्‍यो।

निझ्नेलिचेइनी इलाकाको नगर मिलिसियाको एक सभामा सम्पूर्ण सत्ता सोभियतहरूको हातमा सुम्पियोस् भन्ने प्रस्ताव पारित भयो।"

उपर्युक्त घटनाहरू ती उत्तेजनापूर्ण दिनहरूका नमुना मात्रै हुन्, जब केही हुँदै छ भन्ने कुरा प्रत्येक व्यक्तिलाई थाहा थियो तर ठीक के हुँदै छ भन्ने कुरा कसैलाई पनि थाहा थिएन।

३० अक्टोबरको राती स्मोल्नीमा सम्पन्न भएको पेत्रोग्राद सोभियतको एक बैठकमा सोभियतहरू सशस्त्र विद्रोहको तयारी गर्दै छन् भन्ने बुर्जुवा

---

*लिबेर र दान।

****युङ्केर** – सैनिक स्कूलका विद्यार्थी। यी स्कूलहरूमा अभिजातवर्गीय किशोरहरूले जारशाही सेनाको अफिसर बन्ने तालिम पाउँदथे। – **सं०**

समाचारपत्रहरूले फैलाएका हल्लाको घोर निन्दा गर्दै त्रोत्स्कीले भने, "यो सोभियतहरूको महाधिवेशनको प्रतिष्ठा घटाउने र यसलाई भताभुङ्ग पार्ने प्रतिक्रियावादीहरूको एक चाल मात्रै हो..." उनले विशेष जोड दिँदै भने, "पेत्रोग्राद सोभियतले कुनै पनि **भिस्तुप्लेनियेको** लागि आदेश दिएको छैन। आवश्यकता परेको खण्डमा हामी यस्तो आदेश दिनेछौँ र पेत्रोग्राद गैरिसनले हाम्रो समर्थन गर्नेछ... उनीहरू (सरकार) प्रतिक्रान्तिको लागि तयारी गर्दै छन् र यसको जवाफमा हामी यस्तो प्रतिघात गर्नेछौँ, जुन निर्मम तथा निर्णायक हुनेछ।"

पेत्रोग्राद सोभियतले प्रदर्शनको लागि आदेश दिएको थिएन, यो कुरा साँचो हो, परन्तु बोल्शेभिक पार्टीको केन्द्रीय समिति विद्रोहको प्रश्नमाथि सोचविचार गर्दै थियो। २३ तारिखको दिन रातभरि समितिको बैठक चल्यो। बैठकमा पार्टीका सबै बुद्धिजीवीहरू, सबै नेताहरू तथा पेत्रोग्रादका मजदुरहरू तथा पेत्रोग्राद गैरिसनका प्रतिनिधिहरू उपस्थित थिए। बुद्धिजीवीहरूमा लेनिन र त्रोत्स्कीले मात्रै विद्रोहका समर्थन गरे। सेनासँग सम्बन्धित मानिस-हरूले समेत विद्रोहको विरोध गरे। मतदानमा विद्रोहका समर्थकहरू पराजित भए।

तत्पश्चात् एक जना सामान्य मजदुरले बोल्न सुरु गऱ्यो। उसको अनु-हार रिसले राँकिएको थियो। उसले कडा स्वरमा भन्यो, "म पेत्रोग्रादका सर्वहाराहरूको तर्फबाट बोल्दै छु। हामी विद्रोहको पक्षमा छौँ। तपाईंहरू जे चाहनुहुन्छ गर्नोस्, तर यदि तपाईंहरूले सोभियतहरूलाई नष्ट पार्ने मौका दिनुभयो भने **सधैंको लागि हाम्रो बाटो छुट्टिनेछ!**" केही सिपाहीहरूले उनको समर्थन गरे... त्यसपछि फेरि मतदान भयो र विद्रोहको प्रस्ताव पारित भयो*।

---

*अक्टोबर १९१७ मा बोल्शेभिक पार्टीको केन्द्रीय समितिको ऐतिहासिक अधिवेशनमा सशस्त्र विद्रोहबारे जुन बहस भएको थियो, यहाँ त्यसको सही विवरण प्रस्तुत गरिएको छैन। सशस्त्र विद्रोहको आयोजनासम्बन्धी निर्णय २३ अक्टोबरका दिन केन्द्रीय समितिको एक गुप्त बैठकमा पारित भएको थियो। यस बैठकमा लेनिन, बुब्नोभ, जेर्जिन्स्की, जिनोभ्येभ, कामेनेभ, कलन्ताई, लोमोभ, स्भेर्द्लोभ, सकोल्निकोभ, स्तालिन, त्रोत्स्की र उरि-च्स्कीले भाग लिएका थिए। लेनिनद्वारा प्रस्तुत प्रस्तावको विरुद्ध जिनोभ्येभ र कामेनेभले मतदान गरेका थिए। ६ दिनपछि, २९ अक्टोबरको दिन केन्द्रीय

यस निर्णयको विपरित रेजानोभ, कामेनेभ तथा जिनोभ्येभको नेतृत्वमा बोल्शेभिक पार्टीका दक्षिणपन्थीहरूले सशस्त्र विद्रोहको विरोधमा आफ्नो आन्दोलन जारी राखे। ३१ अक्टोबरको* दिन बिहानीपख 'राबोची पुच' समाचारपत्रमा 'कमरेडहरूलाई चिठी' (११) शीर्षक यस लेखको पहिलो अंश प्रकाशित भयो। यो लेख विश्वमा अहिलेसम्म देखा परेको राजनीतिक प्रचारको बेजोड नमुना हो। यस लेखमा लेनिनले कामेनेभ र रेजानोभका आपत्तिहरूलाई आफ्नो आलोचनाको आधार बनाउँदै विद्रोहको समर्थनमा आफ्नो तर्क प्रस्तुत गर्नुभएको छ। उहाँले लेख्नु भएको छ–

"या त हामीले "सम्पूर्ण सत्ता सोभियतहरूलाई" भन्ने आफ्नो नारा त्याग्नुपर्दछ, या त विद्रोह सुरु गर्नुपर्छ। मध्यमार्ग छैन"।

त्यसै दिन दिउँसोपख, कादेत नेता पाभेल मिल्युकोभले गणतन्त्र परिषद्मा एक जोरदार तीतो भाषण (१२) गरेका थिए। उक्त भाषणमा स्कोबेलेभ **नकाजलाई** जर्मनपक्षीय घोषित गरिएको थियो र "क्रान्तिकारी जनवादले" रसियालाई बरबाद पार्दै छ भन्ने आरोप लगाइएको थियो। उनले तेरेशेन्कोको हाँसो उडाउँदै हाकाहाकी भने, तेरेशेन्को रूसी कुटनीतिभन्दा जर्मन कुटनीति श्रेयस्कर ठान्दछन्... भाषणको सम्पूर्ण समय वामपन्थी बेन्चहरूतिरबाट असन्तुष्टिका क्रुद्ध आवाजहरूका आइरहेका थिए।

समितिको विस्तारित बैठक बसेको थियो, जसमा पेत्रोग्राद पार्टी समिति, सैनिक सङ्गठन, पेत्रोग्राद सोभियत, ट्रेड युनियनहरू, कारखाना समितिहरू, रेल मजदुरहरू तथा पेत्रोग्राद जिल्ला पार्टी समितिका प्रतिनिधिहरूले भाग लिएका थिए। यस बैठकमा लेनिनले केन्द्रीय समितिको गत अधिवेशनमा स्वीकृत प्रस्ताव पढेर सुनाउनुभएको थियो। आफ्नो भाषणमा लेनिनले रसिया तथा सम्पूर्ण युरोपमा नै विद्यमान वस्तुगत राजनीतिक परिस्थितिले सबैभन्दा निर्णायक, सबैभन्दा सक्रिय कार्यनीतिको माग गरेको छ र यो कार्यनीति सशस्त्र विद्रोहसिवाय अर्को हुन सक्दैन। लेनिनले एउटा प्रस्ताव प्रस्तुत गर्नु भयो, जसमा सशस्त्र विद्रोहबारे केन्द्रीय समितिद्वारा पारित निर्णयको स्वागत तथा समर्थन गरिएको थियो। यो प्रस्ताव दुईको विरुद्ध १९ मतद्वारा पारित भयो। चार व्यक्तिले मतदानमा भाग लिएनन्। जिनोभ्येभ र कामेनेभले दोस्रो पल्ट पनि केन्द्रीय समितिको प्रस्तावविरुद्ध मतदान गरे।–**सं०**

*यो मिति गल्ती छ। 'राबोची पुच'को यो अङ्क १ नोभेम्बरको दिन निस्केको थियो।–**सं०**

आफ्नो तर्फबाट, सरकार बोल्शेभिक प्रचारको सफलतालाई उपेक्षा गर्ने स्थितिमा थिएन। २९ अक्टोबरको दिन सरकार तथा गणतन्त्र परिषद्को एक संयुक्त आयोगले हतारहतार दुइटा कानुन पारित गरे। एउटा कानुनमा अस्थायी रूपमा किसानहरूलाई जमिन दिने व्यवस्था गरिएको थियो र अर्कोमा शान्तिसम्बन्धी सशक्त परराष्ट्र नीति प्रस्तुत गरिएको थियो। भोलि पल्ट केरेन्स्कीले सेनामा मृत्युदण्ड स्थगित भएको घोषणा गरे। त्यही दिउँसो एउटा नयाँ 'गणतान्त्रिक व्यवस्थाको सुदृढीकरणको लागि र अराजकतावाद एवम् प्रतिक्रान्तिको विरुद्ध सङ्घर्ष आयोग'को पहिलो अधिवेशन बडो धुमधामसाथ सुरु भयो तर यस आयोगले इतिहासमा कुनै पनि चिन्ह छोड्न सकेन... भोलि पल्ट बिहान अरू दुई जना सम्वाददाताहरूसँग म केरेन्स्कीको अन्तर्वार्ता लिँदै थिएँ (१३)। पत्रकारहरूसँग उनको यो अन्तिम भेट थियो।

उनले तीतो स्वरमा भने, "रूसी जनता आर्थिक अभावले पीडित छन् र उनीहरूले मित्र राष्ट्रहरूमाथि आफ्नो विश्वास गुमाइसकेका छन्। सम्पूर्ण विश्वले ठानेको छ, रूसी क्रान्ति खतम हुने बेला आइसकेको छ। तर गल्ती नगर्नुहोला। रूसी क्रान्ति सुरु मात्रै हुन थालेको छ..." उनका यी शब्दमा भविष्यको कति शक्तिशाली पूर्वाभास थियो भने शायद उनी आफैंले पनि यो कुरा बुझेका थिएनन्।

३० अक्टोबरको दिन बसेको पेत्रोग्राद सोभियतको बैठक, जसमा म पनि उपस्थित थिएँ, रातभरि लम्बियो र असाधारण रूपले कोलाहलपूर्ण थियो। "नरमपन्थी" समाजवादी-बुद्धिजीवीहरू, सैनिक अफिसरहरू तथा सैनिक समितिहरूका सदस्यहरू, चेइकका सदस्यहरू—सबै यस बैठकमा उपस्थित थिए। मजदुर, किसान, सामान्य सिपाहीहरू—यी जोशिला सीधासादा मानिसहरू उनीहरूको विरुद्ध बोल्दै थिए।

एक जना किसानले त्भेर प्रान्तमा भएको दङ्गाबारे चर्चा गर्दै भने, भूमि समितिहरूका सदस्यहरूको गिरफ्तारी नै यस दङ्गाको मूल कारण थियो। "यो केरेन्स्की **पामेशिकहरूको** (जमिनदारहरूको) ढालसिवाय अरू केही होइन," ऊ चिच्च्याउँदै थियो। "संविधान सभाले सबै जमिन खोसिहाल्दछ भन्ने कुरा उनीहरूलाई थाहा छ, त्यसैले उनीहरू संविधान सभा खतम पार्न चाहन्छन्!"

पुचीलोभ कारखानाको एक जना मजदुरले कसरी सुपरिन्टेन्डेन्टहरूले इन्धन र कच्चा सामग्री नभएको बहाना गर्दै एकपछि अर्को ज्यासलहरू

बन्द गरिरहेका छन् भन्ने कुरा बताए। लुकाएर राखिएको इन्धन र कच्चा पदार्थको ठूलो रासी कसरी कारखाना समितिले फेला पाऱ्यो भन्ने कुराको उनले सूचना दिए।

"यो प्रोभोकाचिया (षड्यन्त्र) हो", उनले भने। "उनीहरू हामीलाई भोकै मार्न र हूलदङ्गाको लागि उत्तेजित पार्न चाहन्छन्!"

एक जना सिपाहीले यसरी आफ्नो भाषण सुरु गऱ्यो, "कमरेडहरू, मैले त्यस्तो ठाउँबाट तपाईंहरूको लागि अभिवादन सन्देश ल्याएको छु, जहाँ मानिसहरू आफै आफ्नो चिहान खन्दै छन् र यस्तो चिहानलाई मोर्चाको सुरक्षा खाडल भन्ने गरेका छन्!"

त्यसपछि एक जना अग्लो, दुब्लो पातलो, चम्किला आँखा भएको सिपाही बोल्नको लागि उभियो। स्रोताहरूले ताली बजाउँदै उसको स्वागत गरे। उसको नाम चुद्नोभ्स्की थियो, उनी जुलाईको लडाइँमा मारिए भन्ने खबर आएको थियो। अहिले चिहानबाट बिउँझिएको मान्छेजस्तो ऊ स्रोताहरूको सामुन्ने उभेको थियो।

"आम सिपाहीहरू अब आफ्ना अफिसरहरूमाथि विश्वास गर्दैनन्। हाम्रा सोभियतहरूको अधिवेशन डाक्न अस्वीकार गरेर सैनिक समितिहरूले समेत हामीलाई धोका दिएका छन्... आम सिपाहीहरू संविधान सभाको अधिवेशन निर्धारित समयमा डाकियोस् भन्ने चाहन्छन्। यो अधिवेशन पछि सार्न चाहने मान्छेहरू अभिशापको भागी बन्नेछन्। हामी मौखिक अभिशापमा सीमित रहन्नौं, सेनासँग पनि तोप छ भन्ने कुरा नबिर्सनुहोला"।

उनले पाँचौं सेनामा संविधान सभाको लागि जुन चुनाव आन्दोलन जोडतोडले चल्दै छ, त्यसबारे बताए। "अफिसरहरू र विशेषतः मेन्शेभिकहरू तथा समाजवादी-क्रान्तिकारीहरू हर प्रकारले बोल्शेभिकहरूको काममा बाधा पुऱ्याउँदै छन्। हाम्रा अखबारहरू मोर्चामा बाँड्न दिँदैनन्, हाम्रा आन्दोलनकर्ताहरू गिरफ्तार गरिन्छन्"।

"किन तपाईं रोटीको अभावबारे केही भन्नुहुन्न?" एक जना सिपाहीले चर्को स्वरमा सोध्यो।

"मान्छे खानको लागि मात्र बाँचेको छैन", चुद्नोभ्स्कीले कडा स्वरमा जवाफ दियो।

उनीपछि एक जना अफिसरले भाषण गरे। उनी भितेब्स्क सोभियतका प्रतिनिधि थिए र मेन्शेभिक-आबारोनेच (प्रतिरक्षावादी) थिए। "आज सत्ता कसको हातमा छ भन्ने प्रश्न छैन,"—उनले भने। "कठिनाइ

सरकारले होइन, युद्धले पैदा गरेको हो... कुनै पनि परिवर्तन हुनुभन्दा पहिले लडाइँ जित्नुपर्छ..." यस कुरामा खूब सिटी बज्यो र व्यङ्ग्यात्मक ढङ्गले ताली बज्यो। "यी बोल्शेभिक आन्दोलनकर्ताहरू पाखण्ड हुन्!" भित्तै थर्किने गरी हाँसोको फोहरा छुट्यो। "एक छिनको लागि हामी वर्गसङ्घर्षलाई बिर्सिदिऔँ...", त्यसपछि उसलाई बोल्न दिएनन्। एउटा चर्को आवाज सुनियो, "यही त हो तपाईंहरूले खोजेको कुरा!"

यी दिनहरूमा सम्पूर्ण पेत्रोग्राद नै कुनै अनौठो रमिताजस्तो लाग्दथ्यो। कारखानाहरूका समिति-कक्षहरूमा बन्दुकहरूको रास लागेको हुन्थ्यो। सन्देश-वाहकहरू आवतजावत गरिरहेका हुन्थे र लाल गार्डहरू* कवाज खेलिरहेका हुन्थे। सबै ब्यारेकहरूमा रातरातभरि आमसभाहरू भइरहन्थे र दिनदिनभरि अविरल रूपमा गरमागरम बहस चलिरहेको हुन्थ्यो। साँझ पर्न थालेपछि सडकहरूमा भीड बढ्दै जान्थ्यो र समुद्रको लहरजस्तो मानिसहरूको भीड नेभ्स्की राजमार्गको दुवै दिशामा हल्ला गर्दै अगाडि बढिरहेको हुन्थ्यो, अखबारहरूको लागि मानिसहरूबीच लुछाचुँडी हुन्थ्यो... लुटपिट कति बढेको थियो भने गल्लीमा हिँड्नु निकै खतरनाक भइसकेको थियो... एक दिन मैले सादोभाया सडकमा सयौँ मानिसहरूको भीडले चोरीको लागि समातिएको एक जना सिपाहीलाई पिटीपिटी मारेको दृश्य देखेको थिएँ। पाउरोटी र दूधको लागि घण्टौँसम्म काम्दै लाइनमा पर्खेर बसेका आइमाईहरूको वरिपरि घुम्दै केही रहस्यमय मानिसहरूले काने-खुसी गरिरहेका हुन्थे—यहूदीहरूले अन्नको स्टक लुकाएर राखेका छन् र मान्छेहरू भोकभोकै मरिरहेका बेला सोभियतहरूका सदस्यहरू मस्तीको जीवन बिताइरहेका छन्।

स्मोल्नीका बाहिरी ढोकाहरूमा र मूल ढोकामा कडा पहरा लागेको थियो। पास नदेखाई कोही पनि भित्र पस्न सक्दैनथ्यो। समिति कक्षहरूमा रातोदिन, कहिल्यै सोरगुल बन्द हुँदैनथ्यो, सयौँ सिपाहीहरू र मजदुरहरू भुइँमा, जहाँ ठाउँ भेट्टाइयो, त्यहीँ सुतेका हुन्थे। माथिल्लो तल्लाको ठूलो हलमा पेत्रोग्राद सोभियतको कोलाहलपूर्ण अधिवेशनमा हजारौँ मानिसहरू भेला भएका थिए।

जुवाघरहरूमा रातरातभरि जुवा मच्चिन्थ्यो, शैम्पेन पानीजस्तो बग्थ्यो र बीसबीस हजार रूबलसम्मको बाजी थापिन्थ्यो। शहरको केन्द्रीय भागमा

---

*हेर्नोस् टिप्पणी र व्याख्याहरू।

हीराजुहारत र महँगो फर लगाएका वेश्याहरू घुमिरहेका हुन्थे, क्याफे र रेस्टुराँहरूमा उनीहरूको विशेष भीड लागेको हुन्थ्यो।

राजतन्त्रवादी कुचक्र, जर्मन जासुसहरू, कालाबजारीहरूका षड्यन्त्र सामान्य कुरा थिए।

वर्षा र कटकटाउँदो जाडोमा, मेघाच्छादित आकाशमुनि यस विशाल स्पन्दनशील नगर तीव्र वेगले अगाडि बढ्दै थियो—तर कता?

स्मोल्नी संस्थानको प्रवेश द्वार।
ढोकामा लाल गार्डका सैनिकहरू पहरा दिँदै छन्।

लाल सैनिकहरू स्मोल्नी भवनअगाडि प्रवेशपत्र जाँच्दै छन्

तेस्रो अध्याय

पूर्वबेलामा

एक कमजोर सरकार र विद्रोही जनताबीच ढिलोचाँडो त्यस्तो घडी आइपुग्दछ, जब सरकारको प्रत्येक पाइलाले जनतालाई क्रुद्ध तुल्याउँदछ र निश्चित पाइला चाल्ने प्रत्येक अस्वीकृतिले उसलाई जनताको घृणापात्र बनाउँदछ।

पेत्रोग्राद छोड्ने प्रस्तावले असन्तोषको हुरी चलायो। सरकारले कहिल्यै यस्तो योजना बनाएको थिएन भन्ने केरेन्स्कीको सार्वजनिक वक्तव्यलाई मानिसहरूले हाँसोमा उडाइदिए।

"क्रान्तिको थिचाइमा परेको "अस्थायी" बुर्जुवा सरकार ('राबोची पुच' को भनाइ) आफूले न कहिल्यै पेत्रोग्राद छोडेर भाग्ने योजना बनाएको थियो, न त राजधानीलाई शत्रुको हातमा सुम्पने नै कुरा सोचेको थियो भन्ने झूटो आश्वासन दिएर मुक्ति पाउन चाहन्छ।"

खार्कोभमा* कोइला खानीहरूका तीस हजार सङ्गठित मजदुरहरूले "विश्वका औद्योगिक मजदुरहरूको"** विधानको प्रस्तावना पारित गरे,

---

*यहाँ जोन रिडको तात्पर्य सम्भवतः दोनेच्क कोइला खानी प्रदेश थियो। – सं०

**विश्वका औद्योगिक मजदुरहरू (Industrial Workers of the World) – रसियाका क्रान्तिकारी घटनाहरूको प्रभावमा परेर सन् १९०५ मा संयुक्त राज्य अमेरिकामा स्थापित एक क्रान्तिकारी ट्रेड युनियन सङ्गठन। चौथो दशकतिर यो सङ्गठन भ्रष्ट भएर एक सङ्कीर्णतावादी सङ्गठनमा परिणत भयो र यसले जनसाधारणसँगको आफ्नो पुरानो सम्बन्ध गुमायो। अन्ततोगत्वा यस सङ्गठनको अस्तित्व समाप्त भयो। IWW एक क्रियाशील सङ्गठन भएको बेलामा जोन रिड यसको सक्रिय सदस्य हुनुहुन्थ्यो। – सं०

जसमा भनिएको छ–"मजदुरवर्ग र मालिकवर्गबीच कहिल्यै समानता हुन सक्दैन"। कजाकहरूले यस सङ्गठनलाई छ्याल्लब्याल्ल पारे, धेरैजसो मजदुरहरूले अवकाश पाए, बाँकी मजदुरहरूले आम हडताल गरे। उद्योग वाणिज्यमन्त्री कनभालोभले आफ्ना सहायक ओर्लोभलाई यो विवाद सुल्झाउने अभिभारा सुम्पे र पूर्ण अधिकार दिएर उनलाई घटनास्थलमा पठाए। खानी मजदुरहरू ओर्लोभलाई घृणा गर्दथे, तर चेइकले चाहिँ उनको नियुक्तिको समर्थन मात्र गरेनन्, अझ कजाकहरूलाई दोन प्रदेशबाट फिर्ता डाक्ने माग-सम्म पनि गर्न अस्वीकार गरे।

तत्पश्चात् कलूगा सोभियत भङ्ग गरियो। यस सोभियतमा बहुमत प्राप्त गरेर बोल्शेभिकहरूले कतिपय राजबन्दीहरूलाई रिहा गरेको थियो। सरकारी कमिसारको अनुमतिअनुसार नगर दुमाले मिन्स्कबाट फौज डाक्यो र कलुगा सोभियतको केन्द्रीय कार्यालयमा गोलाबारी गऱ्यो। बोल्शेभिकहरू आफ्नो कार्यालय छोड्न बाध्य भए, तर जब उनीहरू त्यहाँबाट निस्कँदै थिए, कजाकहरूले "मास्को र पेत्रोग्रादका समेत सबै बोल्शेभिक सोभियत-हरूसँग हामी यस्तै व्यवहार गर्नेछौँ!" भन्दै उनीहरूमाथि हमला गरे। यस घटनाले सम्पूर्ण रसियाभरि क्रोधको लहर फैलायो।

पेत्रोग्रादमा उत्तरी प्रदेशका सोभियतहरूको प्रादेशिक महाधिवेशन समाप्त हुँदै थियो। बोल्शेभिक क्रिलेन्कोको सभापतित्वमा यो महाधिवेशन सम्पन्न भएको थियो। सोभियतहरूले अखिल रसियाली महाधिवेशनले सम्पूर्ण सत्ता आफ्नो हातमा लिनुपर्दछ भन्ने निर्णय यस महाधिवेशनले अत्यधिक बहुमत-द्वारा पारित गऱ्यो। उक्त महाधिवेशनको अन्त्यमा जेलमा थुनिएका बोल्शे-भिकहरूलाई एउटा अभिवादन सन्देश पठाइयो, जसमा मुक्तिको बेला नजिकै छ, त्यसैले उनीहरूले खुशियाली मनाउन् भन्ने आह्वान गरिएको थियो। यसै बेला कारखाना समितिहरूको पहिलो अखिल रसियाली सम्मेलनले (१)* सोभियतहरूप्रति प्रबल समर्थन प्रकट गऱ्यो र निम्न अर्थपूर्ण विचार प्रकट गऱ्यो –

"जारशाही व्यवस्थाबाट राजनीतिक स्वतन्त्रता प्राप्त गरिसकेपछि मज-दुरवर्गले जनवादी व्यवस्थालाई उत्पादनसम्बन्धी क्रियाकलापको क्षेत्रमा पनि विजयी बनेको देख्न चाहन्छ। यो कुरा औद्योगिक उत्पादनमाथि मजदुर नियन्त्रणद्वारा उत्कृष्ट रूपमा अभिव्यक्त भएको छ, जुन कुरा सत्तारूढ वर्ग-

---

*हेर्नोस् यस अध्यायको परिशिष्टमा दिइएका टिप्पणीहरू।

हरूको अपराधपूर्ण नीतिद्वारा उत्पन्न आर्थिक विघटनको वातावरणमा स्वाभाविक रूपमा प्रकट भयो"।

रेल कर्मचारीहरूको युनियनले संचार तथा यातायात मन्त्री लिभेरोभ्स्कीले राजीनामा गरोस् भन्ने माग गर्दै थियो।

उता स्कोबेलेभले चेइकको तर्फबाट बोल्दै उनलाई दिइने नकाज मित्र राष्ट्रहरूको सम्मेलनमा प्रस्तुत गरियोस् भन्ने कुरामा जोड दिँदै थिए। तेरेशेन्कोलाई पेरिस पठाउने कुराको उनले औपचारिक रूपमा विरोध गरे। तेरेशेन्कोले राजीनामा गर्ने कुरामा आफ्नो सहमति जनाए।

सेनाको पुनर्गठन गर्न असमर्थ जर्नेल भेर्खोभ्स्की कहिलेकाहिँ मात्रै मन्त्रिमण्डलको बैठकमा आउने गर्दथे।

३ नोभेम्बरको दिन बूर्चेभको 'ओब्शेये जेला' ठूलठूला अक्षरमा लेखिएको निम्न आह्वानसहित प्रकाशित भयो—

"नागरिकहरू, रसियालाई बचाउनोस्!

मैले भर्खरै थाहा पाएँ, हिजो राष्ट्रिय प्रतिरक्षा आयोगको बैठकमा युद्धमन्त्री जर्नेल भेर्खोभ्स्कीले, जो कर्निलोभको पराजयको लागि उत्तरदायी प्रमुख व्यक्तिहरूमध्ये एक हुन्, मित्रराष्ट्रहरूबाट स्वतन्त्र रूपमा शान्ति सन्धिमा हस्ताक्षर गरियोस् भन्ने प्रस्ताव राखे।

यो रसियाप्रति गद्दारी हो।

तेरेशेन्कोले भने, अस्थायी सरकारले भेर्खोभ्स्कीको प्रस्तावमाथि छलफलसम्म पनि गरेन।

"यस्तो लाग्थ्यो मानौँ हामी कुनै पागलखानामा छौँ!" मि० इ० तेरेशेन्कोले भने।

जर्नेलको कुरा सुनेर आयोगका सदस्यहरू स्ताम्भित भए।

जर्नेल अलेक्सेयेभ रोए।

होइन! यो पागलपन होइन! यो त अझ खराब कुरा हो। यो रसियाप्रति हाकाहाकी विश्वासघात हो!

भेर्खोभ्स्कीको भनाइको लागि केरेन्स्की, तेरेशेन्को र नेक्रासोभले अविलम्ब जवाफ दिनुपर्छ।

नागरिकहरू होसियार!

रसिया बेचिँदै छ!

रसियालाई बचाउनोस्!"

भेर्खोभ्स्कीले वास्तवमा चाहिँ के भनेका थिए भने अब रूसी सेना लडाइँ

गर्न असमर्थ छ, त्यसै कारणले शान्ति प्रस्ताव ल्याउन मित्र राष्ट्रहरूमाथि दबाउ हाल्नुपर्छ।

रसियामा र विदेशमा यस समाचारले निकै हल्ला मच्चायो। भेर्खोभ्स्कीलाई "अस्वस्थताको कारणले गर्दा अनिश्चित कालको लागि अवकाश" प्रदान गरियो र मन्त्रिमण्डलबाट हटाइयो। 'ओब्शेये जेला' समाचारपत्र बन्द गरियो।

४ नोभेम्बर, आइतबारको दिन पेत्रोग्राद सोभियत दिवस घोषणा गरिएको थियो र त्यस दिन सङगठनात्मक कार्य र प्रेसको लागि पैसा उठाउन शहरभरि ठूलठूला सभाहरूको आयोजना गर्ने तयारी हुँदै थियो। परन्तु वास्तविक उद्देश्य आफ्नो शक्ति प्रदर्शन गर्नु थियो। एक्कासि त्यसै दिन कजाकहरूले पनि आफ्नो **क्रेस्त्नी खोद** – क्रसको जुलुस – निकाल्दै छन् भन्ने घोषणा गरियो। यो जुलुस सन् १८१२ को विजय प्रतिमाको सम्मानमा निकालिँदै थियो, जुन प्रतिमाको चमत्कारले गर्दा नेपोलियनले मास्को छोडेर भाग्नुपरेको थियो भन्ने किंवदन्ती छ। वातावरण अति संवेदनशील थियो। एउटा झिल्काले गृहयुद्धको ज्वाला फैलाउन सक्थ्यो। पेत्रोग्राद सोभियतले 'कजाक बन्धुहरूको नाममा' एउटा घोषणापत्र निकाल्यो, जसमा भनिएको छ –

तपाईं कजाकहरूलाई हामी मजदुर तथा सैनिकहरूको विरुद्ध भड्काउँदै छन्। हाम्रा साझा शत्रु, हाम्रा उत्पीडकहरू, विशेषधिकारसम्पन्न वर्गहरू – फौजी जर्नेलहरू, बैंङकपतिहरू, जमिनदारहरू, भूतपूर्व अफिसरहरू, जारका भुतपूर्व नोकरहरूले दाजुभाइहरूको बीचमा कलह उत्पन्न गराउने यो योजना बनाएका हुन्... सबै भ्रष्टाचारीहरू र धनीहरू, रइस र अमिरहरू, राजा-रजौटा र जर्नेलहरू, जसमध्ये तपाईंहरूकै आफ्नै कजाक जर्नेलहरू पनि छन्, हामी सबैलाई समान रूपले घृणा गर्दछन्, उनीहरू कुनै पनि बेला पेत्रोग्राद सोभियतलाई नष्ट पार्न र क्रान्तिलाई कुल्चन तम्सेर बसेका छन्।

४ नोभेम्बरको दिन कजाकहरूको धार्मिक जुलुस निकाल्ने योजना बनाइएको छ। यस जुलुसमा भाग लिनु अथवा नलिनु प्रत्येक व्यक्तिको स्वतन्त्र विवेकको प्रश्न हो। हामी यस मामिलामा हस्तक्षेप गर्दैनौं, न त हामी कसैलाई रोक्दछौं नै... तर कजाकहरू! हामी तपाईंहरूसँग आग्रह गर्दछौं, होसियार हुनोस् र ध्यान दिनुहोला कतै क्रेस्त्नी खोदको बहानाले कालेदिनजस्ता नेताहरूले तपाईंहरूलाई मजदुरहरूको विरुद्ध, सैनिकहरूको विरुद्ध नभड्काउन्"।

जुलुस निकाल्ने योजना अकस्मात् स्थगित गरियो।

ब्यारेकहरू र शहरका मजदुर बस्तीहरूमा बोल्शेभिकहरूले "समस्त सत्ता सोभियतहरूलाई!" भन्ने नारा दिँदै थिए भने उता प्रतिक्रियावादी शक्तिहरूका दलालहरू जनतालाई बिउँझाउने र यहूदीहरूलाई, पसलेहरूलाई, समाजवादी नेताहरूलाई काटमार गर्ने उपदेश दिँदै थिए।

एकातिर राजतन्त्रवादी समाचारपत्रहरू रक्तपातमय आतङ्क र दमनको लागि भड्काउँदै थिए भने अर्कोतिर लेनिनको महान् आवाज गुञ्जिँदै थियो, "विद्रोह! .. हामी बढी पर्खन सक्दैनौं!"

बुर्जुवा अखबारहरूसमेत चलमलाउन थाले (२)। 'बिर्झेभिये भेदमस्ची' ('एक्स्चेन्ज गजेट') ले बोल्शेभिक प्रचारलाई "समाजको प्राथमिकतम सिद्धान्त–व्यक्तिगत सुरक्षा तथा निजी स्वामित्वको मान्यतामाथि" प्रहार हो भने।

तर "नरमपन्थी" समाजवादी पत्रिकाहरू नै बोल्शेभिकहरूको सबैभन्दा कट्टर विरोधी थिए (३)। 'जेला नारोदा' ले लेख्यो, "बोल्शेभिकहरू क्रान्तिका सबैभन्दा खतरनाक शत्रु हुन्"। मेन्शेभिक समाचारपत्र 'जेन' ले लेख्यो, "सरकारले आफ्नो बचाउ गर्नुपर्छ र हाम्रो पनि"। प्लेखानोभको समाचारपत्र 'येजिन्स्तभो' ('एकता') ले (४) पेत्रोग्रादका मजदुरहरूको हातमा हतियार सुम्पिँदै छ भन्ने कुरातर्फ सरकारको ध्यान आकर्षित गर्दै बोल्शेभिकहरूको विरुद्ध कडा कारबाई गर्ने माग गर्‍यो।

सरकार दिन प्रतिदिन झन्झन् कमजोर हुँदै गइरहेको थियो। नगरपालिका प्रशासनसमेत लथालिङ्ग भइसकेको थियो। समाचारपत्रहरूको प्रातः अङ्क भयङ्कर डकैती र हत्याका खबरहरूले भरिएका हुन्थे, तर अपराधीहरू समातिँदैनथे।

अर्कोतिर हतियारबन्द मजदुरहरू रातीराती सडकहरूमा पहरा दिन्थे, चोरडाँकाहरूको खोजी गर्थे र कतै हतियार भेट्टाइयो भने जफत गर्थे।

१ नोभेम्बरको दिन पेत्रोग्रादको सैनिक कमान्डर कर्नेल पल्कोभ्निकोभले निम्न इस्तिहार जारी गरे–

"राष्ट्रले सामना गर्नुपरेको यी कठिन दिनहरूमा पेत्रोग्रादमा अहिले पनि चारैतिर सशस्त्र प्रदर्शन र मारकाटको लागि गैरजिम्मेदार अपिलहरू जारी गरिँदै छन्, लुटपिट तथा अव्यवस्था प्रतिदिन बढ्दै गइरहेका छन्।

यस स्थितिले नागरिकहरूको जीवन अस्तव्यस्त पार्दै छ र सरकार तथा नगरपालिका निकायहरूका कार्यमा बाधा पुर्‍याउँदै छ।

आफ्नो उत्तरदायित्व र राष्ट्रप्रतिको आफ्नो कर्तव्यलाई पूर्णतः ध्यानमा राख्दै म आदेश दिन्छु—

१) गैरिसनको अधिकार क्षेत्रभित्र र विशेष निर्देशनअनुसार, प्रत्येक सैनिक टुकडीले सरकारी संस्थानहरूको सुरक्षाको लागि नगरपालिका, कमिसारहरू तथा मिलिसियालाई पूर्ण सहयोग पुऱ्याउन्।

२) क्षेत्रीय कमान्डर तथा नगर मिलिसियाका प्रतिनिधिहरूको सहयोगबाट रमनको व्यवस्था गरियोस् र अपराधीहरू तथा सेनाबाट भागेका सिपाहीहरूलाई गिरफ्तार गर्न आवश्यक कारबाई गरुन्।

३) जसले ब्यारेकहरूमा घुसेर सिपाहीहरूलाई सशस्त्र प्रदर्शन तथा मारकाटको लागि भड्काउँदछन्, उनीहरूलाई गिरफ्तार गरेर शहरको द्वितीय कमान्डरको प्रधान कार्यालयमा पुऱ्याउन्।

४) कुनै पनि सशस्त्र प्रदर्शन अथवा विद्रोह सुरु हुनासाथ, त्यसलाई समस्त उपलब्ध सैनिक शक्तिद्वारा अविलम्ब खतम पारियोस्।

५) निवासस्थानहरूको नाजायज खानतलासी र नाजायज गिरफ्तारीहरू रोक्न कमिसारहरूलाई मदत पुऱ्याउन्।

६) प्रत्येक व्यक्तिले आफ्नो अधिकार क्षेत्रभित्र हुने प्रत्येक घटनाको रिपोर्ट अविलम्ब पेत्रोग्राद सैनिक क्षेत्रको स्टाफमा पुऱ्याउन्।

म सबै सैनिक समितिहरू तथा सङ्गठनहरूलाई कमान्डरहरूलाई उनीहरूलाई दिइएको जिम्मेदारी पूरा गर्न मदत गर्ने अनुरोध गर्दछु।

गणतन्त्र परिषद्को एउटा बैठकमा केरेन्स्कीले घोषणा गरे, सरकारलाई बोल्शेभिकहरूको तयारीबारे सबै कुरा थाहा छ र कुनै पनि प्रकारको प्रदर्शनको सामना गर्न सरकारसँग पर्याप्त शक्ति छ (५)। उनले **'नोभया रूस'** र **'राबोची पुच'** दुवैमाथि एकै किसिमको ध्वंसात्मक कारबाई गरेको आरोप लगाए। "परन्तु", उनले अगाडि भने, "निर्बाध प्रेस स्वतन्त्रताले गर्दा सरकार समाचारपत्रहरूको विरुद्ध सङ्घर्ष गर्ने स्थितिमा छैन"* । यी दुवै समाचारपत्रहरूका एकै किसिमको प्रचारका दुई पक्षहरू देखा परेका छन्, जसको उद्देश्य प्रतिक्रान्तिलाई अगाडि बढाउनु हो र यही कुरा प्रति-

*यो कुरा वास्तवमा सही होइन। अस्थायी सरकारले यसभन्दा पहिले, जुलाई महिनामा मात्रै पनि बोल्शेभिक समाचारपत्रहरूमाथि प्रतिबन्ध लगाइसकेको थियो र अब फेरि यस्तै पाइला चाल्ने तरखरमा थियो।

क्रियावादी शक्तिहरूको पनि वाञ्छित लक्ष्य हो भन्ने कुरामा जोड दिँदै केरेन्स्कीले अगाडि भने—

"म त खतम भइसकेको मान्छे हुँ र मेरो भविष्य कस्तो हुनेछ भन्ने कुरा महत्त्वपूर्ण छैन। तसर्थ म के कुरा भन्ने साहस गर्दछु भने घटनाक्रममा जे जति पनि रहस्यमय कुराहरू देखा परेका छन्, ती बोल्शेभिकहरूले शहर-मा फैलाएका अविश्वसनीय उत्तेजनाका परिणाम हुन्!"

२ नोभेम्बरको दिन सोभियतहरूको महाधिवेशनमा भाग लिन केवल पन्ध्र जना प्रतिनिधिहरू मात्रै पेत्रोग्राद आइपुगेका थिए। भोलि पल्ट यो सङ्ख्या १०० पुग्यो, अर्को बिहान १७५, जसमध्ये १०३ जना बोल्शेभिक-हरू थिए... कोरम पुऱ्याउनको लागि चार सय जना प्रतिनिधिहरू उपस्थित हुनुपर्थ्यो र महाधिवेशन सुरु हुन केवल तीन दिन मात्रै बाँकी थियो।

म स्मोल्नीमा धेरै समय बिताउँदथें। अब स्मोल्नीभित्र पस्न त्यति सजिलो थिएन। बाहिरी ढोकाहरूमा प्रहरीहरूको दुई पङ्क्ति हुन्थ्यो र मूल ढोकाअगाडि मान्छेहरूको लामो लाइन हुन्थ्यो र चारचार जना गरेर भित्र पस्न दिइन्थ्यो। प्रत्येक व्यक्तिको नामधामका साथै ऊ त्यहाँ कुन कामले आएको हो सोधिन्थ्यो। प्रत्येक व्यक्तिलाई स्मोल्नीभित्र पस्ने पास दिइन्थ्यो र पास व्यवस्था हरेक दुई-चार घण्टामा फेरिन्थ्यो, किनभने जासुसहरू चुपचाप भित्र पस्ने प्रयास गरिरहेका हुन्थे।

एक दिन बाहिर ढोकानेर पुग्दा मैले आफ्नो अगाडि त्रोत्स्की र उनकी पत्नीलाई देखें। उनीहरूलाई एक जना सिपाहीले रोके। त्रोत्स्कीले आफ्ना सबै खल्तीहरू छामछुम गऱ्यो तर कतै पास भेट्टाउन सकेन।

"केही छैन", त्रोत्स्कीले अन्तमा भने। "तपाईं मलाई चिन्नुहुन्छ, मेरो नाम त्रोत्स्की हो"।

"तपाईंसँग पास छैन," सिपाहीले जिद्दी गर्दै भने। "तपाईं भित्र पस्न सक्नुहुन्न। नामसामको मलाई वास्ता छैन"।

"तर म त पेत्रोग्राद सोभियतको अध्यक्ष हुँ"।

"ठीक छ", त्यो सिपाहीले जवाफ दियो। "यदि तपाईं त्यति ठूलो मान्छे हुनुहुन्छ भने तपाईंसँग कुनै न कुनै कागत त हुनुपर्छ"।

त्रोत्स्कीले निकै धैर्य देखाए। "मलाई कमान्डेन्टसँग भेट्न दिनोस्," उनले भने। सिपाही अनकनायो र भुतभुताउन थाल्यो, जो पायो त्यस मान्छेको लागि कमान्डेन्टलाई दुःख दिन चाहँदैन। अन्तमा उसले प्रहरी


Военно-Революціон.
Комитетъ
при
ПЕТР. С. Р. и С. Д:
Комендантскія отдѣлъ.
16 ноября 1917 г.
№ 955
Смольный институтъ.

Пропускъ.

Дано. сіе Джону Риду Корресп. амер. соц. прессы

срокомъ по 1 декабря

на право свободнаго входа въъ Смольный Институтъ.

Комендантъ Ф. Дзержинский

Дѣлопроизводитель

स्मोल्नी संस्थान जानको लागि
जोन रिडलाई दिइएको प्रवेशपत्र

नाइकेलाई टाउकोको इशाराले डाक्यो। त्रोत्स्कीले नाइकेलाई सब कुरा बुझायो। "मेरो नाम त्रोत्स्की हो", उसले फेरि पनि भन्यो।

"त्रोत्स्की रे?" नाइकेले टाउको कन्याउँदै सोध्यो। "मैले यो नाम कतै सुनेजस्तो लाग्छ", केही बेरपछि उसले भन्यो। "ठीक छ, तपाईं भित्र पस्न सक्नुहुन्छ, कमरेड!"

भित्र बरन्डामा बोल्शेभिक पार्टीको केन्द्रीय समितिका सदस्य कराखाँसँग* मेरो भेट भयो। उनले मलाई नयाँ सरकार कस्तो हुनेछ भन्ने कुरा बताए।

"एक लचिलो सङ्गठन, जुन सोभियतहरूको माध्यमबाट प्रकट हुने जन भावनाप्रति संवेदनशील हुनेछ र जसले स्थानीय शक्तिहरूलाई काम गर्ने पूर्ण सम्भावना दिनेछ। हाल जारशाही सरकारले जस्तै अस्थायी सरकारले पनि स्थानीय जन भावनाको उपेक्षा गर्दै छ। नयाँ समाजमा जनताले तलैदेखि अग्रसरता देखाउनेछ। सरकारको ढाँचा

* कराखाँ केन्द्रीय समितिका सदस्य थिएनन्। – सं०

रसियाली सामाजिक-जनवादी मजदुर पार्टीको विधानअनुरूप हुनेछ। नयाँ चेइक, जुन सोभियतहरूको अखिल रसियाली महाधिवेशनको बेलाबेलामा भइरहने बैठकहरूप्रति उत्तरदायी हुनेछ, हाम्रो संसद हुनेछ। विभिन्न मन्त्रालयहरूको अध्यक्षता मन्त्रीहरूले नगरेर **कलेगिया** अथवा समितिहरूले गर्नेछन्, जो प्रत्यक्ष रूपमा सोभियतहरूप्रति उत्तरदायी हुनेछन्"।

३० अक्टोबरको दिन त्रोत्स्कीसँग कुरा गर्ने पूर्व निर्धारित समयमा स्मोल्नी पुगें। हामीले स्मोल्नी भवनको सबैभन्दा माथिल्लो तल्लाको एउटा सादा नसजाइएको कोठामा भेट गऱ्यौं। त्रोत्स्की कोठाको बीचमा एउटा मामुली मेचमा बसेका थिए। सामुन्ने खाली टेबुल थियो। मलाई धेरै प्रश्न सोधिरहने आवश्यकता परेन। उनले एक घण्टाभन्दा पनि बढी समयसम्म छिटोछिटो बोल्याबोल्यै गरे। म यहाँ उनको भनाइको सारांश उनैको शब्दमा प्रस्तुत गर्दै छु—

"अस्थायी सरकार पूर्णतः शक्तिहीन छ। सत्ता बुर्जुवावर्गको हातमा छ, तर आबारोनेच (प्रतिरक्षावादी) पार्टीहरूसँगको मिथ्या संश्रयद्वारा यस सत्ताको ढाकछोप गरिएको छ। अब क्रान्तिको सिलसिलामा तपाईं देख्नुहुन्छ, जमिन पाइन्छ भन्ने आश्वासनबाट थाकिसकेका किसानहरूले विद्रोह गर्न थालेका छन्, सम्पूर्ण राष्ट्रभरि, समस्त श्रमजीवी वर्गहरूमा त्यही घृणाको भावना फैलिएको छ। बुर्जुवावर्गले गृहयुद्धद्वारा मात्रै आफ्नो यो प्रभुत्व कायम राख्न सक्दछ। बुर्जुवावर्गले कर्निलोभविधिद्वारा मात्रै आफ्नो नियन्त्रण कायम राख्न सक्दछ। तर बुर्जुवावर्ग शक्तिहीन छ... सेनाले हाम्रो समर्थन गरेको छ। सम्झौतावादीहरू तथा शान्तिवादीहरू, समाजवादी-क्रान्तिकारीहरू तथा मेन्शेभिकहरूले आफ्नो प्रभुत्व गुमाइसकेका छन्—किनभने किसानहरू र जमिनदारहरूका बीचको सङ्घर्ष, मजदुरहरू र मालिकहरूबीचको सङ्घर्ष, सिपाहीहरू र अफिसरहरूबीचको सङ्घर्षले आज जति उग्र तथा कठोर रूप लिएको छ, त्यति पहिले कहिल्यै लिएको थिएन। यस सङ्घर्षमा मेलमिलापको लागि स्थान छैन। जन समुदायको सामूहिक कार्यकलाप, सर्वहारा अधिनायकवादको विजयले मात्र क्रान्ति पूरा गर्न सक्नेछ र जनताले आफूलाई सुरक्षित अनुभव गर्न सक्नेछ।

"सोभियतहरू जनताका सर्वश्रेष्ठ प्रतिनिधि हुन्—आफ्नो क्रान्तिकारी अनुभव, आफ्ना विचारहरू तथा उद्देश्यहरूको दृष्टिले सर्वश्रेष्ठ प्रतिनिधि हुन्। मोर्चाका सिपाहीहरू, कारखानाहरूका मजदुरहरू र खेतमा काम गर्ने

किसानहरूको प्रत्यक्ष प्रतिनिधित्व गर्ने यी सोभियतहरू क्रान्तिका आधारस्तम्भ हुन् ।

"सोभियतहरूबेगर सत्ता कायम गर्ने प्रयास भयो, परन्तु यसबाट सत्ताको अभाव मात्रै उत्पन्न भयो। रसियाली गणतन्त्र परिषद्का कुनाकाप्चामा नानाथरीका प्रतिक्रान्तिकारी षड्यन्त्रहरू रचिँदै छन्। कादेत पार्टीले उग्र प्रतिक्रान्तिकारीहरूको प्रतिनिधित्व गरेको छ। अर्कोतर्फ, सोभियतहरू जनताको ध्येयको प्रतिनिधित्व गर्दछन्। यी दुई शिविरहरूबीच गम्भीर महत्त्व राख्न सक्ने कुनै त्यस्तो समूह छैन... यो lutte finale* हो। बुर्जुवा प्रतिक्रान्तिले आफ्नो सम्पूर्ण शक्ति सञ्चय गर्दै छ र हामीमाथि प्रहर गर्ने मौका पर्खेर बसेको छ। हामी मुखतोड जवाफ दिन्छौं। जुन काम मोर्चामा मुश्किलले सुरु भएको थियो र जुन काम कर्निलोभ-काण्डको बेलामा अगि बढेको थियो, हामी त्यस कामलाई पूरा गर्नेछौं"।

तत्पश्चात् उनले नयाँ सरकारको परराष्ट्र नीतिबारे चर्चा गरे—

"हामी सर्वप्रथम, सबै मोर्चाहरूमा अविलम्ब युद्धविरामको लागि आह्वान गर्नेछौं र एक प्रजातान्त्रिक शान्तिसन्धिका शर्तहरूमाथि विचारविमर्श गर्ने हेतुले विभिन्न जनताहरूको एउटा सम्मेलन आयोजना गरियोस् भन्ने प्रस्ताव राख्नेछौं। शान्ति सम्झौता कुन मात्रामा प्रजातान्त्रिक हुनेछ भन्ने कुरा युरोपमा हाम्रो यस आह्वानले कुन मात्रामा क्रान्तिकारी प्रत्युत्तर प्राप्त गर्नेछ भन्ने कुरामा निर्भर हुनेछ। यदि हामी यहाँ सोभियतहरूको सरकार गठन गर्दछौं भने त्यो युरोपमा तत्काल शान्ति स्थापनाको एक शक्तिशाली साधन बन्नेछ, किनभने यस सरकारले सबै जनताहरूलाई, उनीहरूका सरकारहरूको उपेक्षा गरेर प्रत्यक्ष रूपमा अविलम्ब आह्वान गर्नेछ र उनीहरूसमक्ष युद्धविरामको प्रस्ताव राख्नेछ। शान्तिसन्धिको बेलामा रूसी क्रान्तिले निम्न नाराहरूमाथि सम्पूर्ण जोड लगाउनेछ— "विनासंयोजन, विनाहर्जाना, जनताहरूलाई आत्मनिर्णयको अधिकार" र **युरोपमा सङ्घात्मक गणतन्त्रको स्थापना।**

"मेरो दृष्टिमा यस युद्धपश्चात् युरोपको पुनर्जन्म हुनेछ—तर यो पुनर्जन्म कूटनीतिज्ञहरूबाट होइन, सर्वहारावर्गबाट हुनेछ। युरोपको सङ्घात्मक गणतन्त्र—युरोपको संयुक्त राज्य—यही हो हामीलाई चाहिएको कुरा। अब राष्ट्रिय स्वायत्तता मात्रै पर्याप्त हुन सक्दैन। आर्थिक विकासले राष्ट्रिय सि-

* निर्णायक सङ्घर्ष—सं०

मानाहरू मेट्ने माग गर्दै छ। यदि युरोप राष्ट्रिय समूहहरूमा विभाजित रहन्छ भने साम्राज्यवादले फेरि आफ्नो काम सुरु गर्नेछ। युरोपको सङ्घात्मक गणतन्त्रले मात्रै विश्वलाई शान्ति प्रदान गर्न सक्नेछ"। यति भन्दै त्रोत्स्की मुस्कुराए, उनको त्यही स्निग्ध, किञ्चित व्यङ्ग्यात्मक मुस्कुराहट। "परन्तु युरोपेली जनताको क्रियाशीलताविना यी लक्ष्यहरू प्राप्त हुन सक्दैनन्– वर्तमान समयमा"।

जब मानिसहरू अब बोल्शेभिकहरू एका बिहान सडकमा देखा पर्नेछन् र सबै राम्रो लुगा लगाएका मानिसहरूमाथि दनादन गोली चलाउन थाल्नेछन् भन्ने कुरा सोच्दै थिए भने वास्तविक विद्रोह अति सहज तरिकाले सुरु भयो र त्यो पनि खुल्लमखुल्ला।

अस्थायी सरकार पेत्रोग्राद गैरिसनलाई मोर्चामा पठाउने योजना बनाउँदै थियो।

पेत्रोग्राद गैरिसनमा लगभग साठी हजार सिपाही थिए, जसले क्रान्तिमा महत्त्वपूर्ण भूमिका खेलेका थिए। मार्चका ती महान् दिनहरूमा उनीहरूले नै हावाको दिशा बदलेका थिए, सैनिक प्रतिनिधिहरूका सोभियतहरूको स्थापना गरेका थिए र कर्निलोभलाई पेत्रोग्रादको ढोकाबाट धपाइदिएका थिए।

अहिले गैरिसनको एक ठूलो हिस्सा बोल्शेभिकहरूलाई समर्थन गर्दै थिए। अस्थायी सरकारले राजधानी छोड्ने कुरा चलाउँदा पेत्रोग्राद गैरिसनले जवाफ दिएको थियो–"यदि तपाईंहरू राजधानीको रक्षा गर्न असमर्थ हुनुहुन्छ भने शान्ति सम्झौता गर्नोस्, यदि तपाईंहरू शान्ति सम्झौता गर्न सक्नुहुन्न भने हट्नोस् र जन सरकारको लागि बाटो छोड्नोस्, जो यी दुवै काम गर्न समर्थ छ"।

विद्रोहको कुनै पनि प्रयास पेत्रोग्राद गैरिसनको दृष्टिकोणमा निर्भर हुनेछ भन्ने कुरा स्पष्ट थियो। गैरिसन रेजिमेन्टहरूको ठाउँमा कजाकहरू, मृत्यु बटालियनहरूजस्ता "भरपर्दा" टुकडीहरूलाई राख्ने सरकारको योजना थियो। सैनिक समितिहरू, "नरमपन्थी" समाजवादीहरू र चेइकले सरकारको समर्थन गरेका थिए। पछिल्ला आठ महिनादेखि, जब मोर्चामा लस्त सिपाहीहरू भोकले छटपटाइरहेका छन् र मर्दै छन्, पेत्रोग्राद गैरिसनका उनीहरूका साथीहरू राजधानीका ब्यारेकहरूमा मस्तीको जिन्दगी बिताउँदै छन् भन्ने कुरामा जोड दिँदै मोर्चा र पेत्रोग्रादमा खूब प्रचार गरियो।

गैरिसनका रेजिमेन्टहरू आफ्नो अपेक्षाकृत आरामको जिन्दगीसँग शीत-

अभियानको कठोर जीवन साट्न चाहँदैनन् भन्ने कुरा स्वभावतः कुनै मात्रामा सत्य थियो। तर उनीहरूले पेत्रोग्राद छोड्न नचाहनुमा अरू पनि कारणहरू थिए। पेत्रोग्राद सोभियतलाई सरकारको नियत खराब छ भन्ने शङ्का थियो, फेरि मोर्चाका सामान्य सैनिकहरूबाट छानिएका सयौं प्रतिनिधिहरू आएर भन्दथे, "साँचो हो, हामीलाई सहायता चाहिएको छ, तर हाम्रो लागि पेत्रोग्राद सुरक्षित छ, क्रान्ति सुरक्षित छ भन्ने कुरा थाहा पाउनु बढी जरूरी छ, साथीहरू, तपाईंहरू आन्तरिक भागमाथि कब्जा राख्नोस् र हामी मोर्चामा नियन्त्रण राख्नेछौं!"

२५ अक्टोबरको दिन बन्द ढोकाभित्र पेत्रोग्राद सोभियतको कार्यकारिणी समितिको बैठक बस्यो, जसमा सम्पूर्ण प्रश्नको समाधानको लागि एक विशेष सैनिक समिति खडा गर्ने बिषयमा छलफल भयो। भोलि पल्ट पेत्रोग्राद सोभियतको सैनिक शाखाले एउटा समिति छान्यो, जसले तुरुन्तै बुर्जुवा समाचारपत्रहरूको वहिष्कार गर्ने घोषणा गऱ्यो र सोभियतहरूको महाधिवेशनको विरोध गरेबापत चेइकको भर्त्सना गऱ्यो। २९ तारिखको दिन बसेको पेत्रोग्राद सोभियतको खुला अधिवेशनमा त्रोत्स्कीले एउटा प्रस्ताव राखे, जसमा सोभियतले सैनिक क्रान्तिकारी समितिको स्थापनाबारे औपचारिक सहमति प्रदान गरोस् भन्ने अनुरोध गरिएको थियो। त्रोत्स्कीले भने, "हामीले आफ्नो विशेष सङ्गठन खडा गर्नुपरेको छ, जसले गर्दा हामी लडाइँको मैदानमा उत्रन सकौं र आवश्यकता परेको खण्डमा मृत्युको पनि सामना गर्न सकौं..." सैनिक समितिहरू र जनरल स्टाफसँग कुराकानी गर्नको लागि मोर्चामा दुइटा प्रतिनिधिमण्डल पठाउने निर्णय गरियो–एउटा सोभियतको तर्फबाट र अर्को गैरिसनको तर्फबाट।

प्स्कोभमा, उत्तरी मोर्चाका कमान्डर जर्नेल चेरेमीसोभले सोभियत प्रतिनिधिहरूलाई भेटे र ठाडो जवाफ दिए–उनले पेत्रोग्राद गैरिसनलाई मोर्चामा जाने आदेश दिएका छन् र उनलाई अरू कुराको वास्ता छैन। गैरिसनको प्रतिनिधिमण्डललाई पेत्रोग्रादबाट बाहिर जान मनाही गरियो।

पेत्रोग्राद सोभियतको सैनिक शाखाको प्रतिनिधिमण्डलले आफ्नो एक जना प्रतिनिधिलाई पेत्रोग्राद क्षेत्रीय सैनिक स्टाफमा सम्मिलित गराइयोस् भन्ने माग गऱ्यो। यो माग अस्वीकार गरियो। पेत्रोग्राद सोभियतले आफ्नो सैनिक शाखाको अनुमोदनविना कुनै आदेश जारी नगर्ने माग गऱ्यो। यो माग पनि अस्वीकार गरियो। प्रतिनिधिहरूले रूखो जवाफ पाए, "हामी चेइकलाई मात्रै मान्यता दिन्छौं। हामी तपाईंहरूलाई मान्यता दिँदैनौं। यदि

तपाईंहरूले कानुनको उलङ्घन गर्नुभयो भने हामी तपाईंहरूलाई गिरफ्तार गर्नेछौं"।

३० तारिखको दिन* पेत्रोग्रादका सबै रेजिमेन्टहरूका प्रतिनिधिहरूको एउटा बैठकमा निम्न प्रस्ताव पारित भयो–"**अबदेखि पेत्रोग्राद गैरिसन अस्थायी सरकारलाई मान्यता दिँदैन। पेत्रोग्राद सोभियत हाम्रो सरकार हो। पेत्रोग्राद सोभियतले आफ्नो सैनिक क्रान्तिकारी समितिमार्फत दिने आदेश मात्र हामी मान्न तयार छौं**"। स्थानीय सैनिक टुकडीहरूलाई पेत्रोग्राद सोभियतको सैनिक शाखाको निर्देशन प्रतीक्षा गर्ने आदेश दिइयो।

भोलि पल्ट चेइकले आफ्नो बेग्लै बैठक डाक्यो, जसमा अधिकांशतः अफिसरहरूले भाग लिएका थिए। त्यस बैठकमा सैनिक स्टाफसँग सहयोग कायम गर्नको लागि एक विशेष समिति गठन गरियो र शहरका सबै बस्तीहरूको लागि कमिसारहरू नियुक्त गरियो।

३ नोभेम्बरको दिन स्मोल्नीमा सैनिकहरूको एक भव्य आमसभा भयो, जसमा निम्न निर्णय पारित भयो।

"सैनिक क्रान्तिकारी समितिको स्थापना भएको उपलक्षमा बधाइ दिँदै पेत्रोग्राद गैरिसन क्रान्तिको हितमा मोर्चा र देशको आन्तरिक हिस्साबीच घनिष्ठ रूपले एकता कायम गर्नको लागि समितिले जस्तोसुकै पाइला चाले पनि पूर्ण समर्थन गर्ने आश्वासन दिन्छ।

यसको अतिरिक्त गैरिसन के पनि घोषणा गर्दछ भने क्रान्तिकारी सर्वहारावर्गसँग मिलेर यसले पेत्रोग्रादमा क्रान्तिकारी सुव्यवस्था कायम राख्नेछ। कर्निलोभपन्थीहरू र बुर्जुवावर्गका कुनै पनि कुप्रयासको **कडाइसाथ सामना गरिनेछ।**"

अब आफ्नो शक्ति अनुभव गरेपछि सैनिक क्रान्तिकारी समितिले पेत्रोग्राद सैनिक स्टाफलाई अन्तिम रूपमा समितिको अधीनता स्वीकार गर्ने आदेश दियो। सबै समाचारपत्रहरूलाई समितिको अनुमतिबेगर कुनै पनि प्रकारको अपिल अथवा घोषणा नछाप्ने आदेश दियो। हतियारबन्द कमिसारहरू क्रोन्भेर्स्की शस्त्रागारमा पुगे र हतियारहरू तथा गोलाबारुदको ठूलो रासीमाथि कब्जा गरे। त्यसै बेला कालेदिनको हेडक्वार्टर नोभचेर्कास्कको लागि निर्धारित दस हजार सङ्गीनको चलानीमा रोक लगाइयो।

---

*यो बैठक ३१ अक्टोबरको दिन भएको थियो।–**सं०**

सरकारले अब अकस्मात् खतरा अनुभव गऱ्यो र समिति भङ्ग गरिएको खण्डमा समितिका सदस्यहरूमाथि कुनै कारबाई नगर्ने आश्वासन दियो। तर ढिलो भइसकेको थियो। नोभेम्बर ५ को मध्यरातमा केरेन्स्कीले पेत्रोग्राद सोभियतका प्रतिनिधिहरूलाई सैनिक स्टाफमा सामेल गराउने सहमति जनाउँदै मालेभ्स्कीमार्फत सन्देश पठाए। सैनिक क्रान्तिकारी समितिले यो प्रस्ताव स्वीकार गऱ्यो। एक घण्टापश्चात् कार्यवाहक युद्धमन्त्री जर्नेल मानिकोभ्स्कीले केरेन्स्कीको यो प्रस्ताव बदर गरे।

मङ्गलवार ६ नोभेम्बरको दिन एउटा पोस्टर निस्क्यो र यस पोस्टरले शहरमा निकै तहलका मच्चायो। यो पोस्टर "मजदुर तथा सैनिक प्रतिनिधिहरूको पेत्रोग्राद सोभियतअन्तर्गत सैनिक क्रान्तिकारी समितिको" तर्फबाट निकालिएको थियो।

"पेत्रोग्रादका बासिन्दाहरूको नाममा

नागरिकहरू!

प्रतिक्रान्तिले आफ्नो विषालु टाउको उठाएको छ। कर्निलोभपन्थीहरू सोभियतहरूको अखिल रसियाली महाधिवेशनलाई नष्ट पार्न र संविधान सभालाई भताभुङ्ग पार्न आफ्नो सम्पूर्ण शक्ति लगाउँदै छन्। साथसाथै **पाग्रोमशिकहरूले** (हुल्लडबाजहरू) पेत्रोग्रादका बासिन्दाहरूलाई हूलदङ्गा र रक्तपातको लागि भडकाउने प्रयास गर्न सक्दछन्। मजदुर तथा सैनिक प्रतिनिधिहरूको पेत्रोग्राद सोभियतले प्रतिक्रान्तिकारीहरू तथा पाग्रोम (हूलदङ्गा) गर्नेहरूबाट शहरलाई सुरक्षित राख्ने र क्रान्तिकारी सुव्यवस्था कायम राख्ने उत्तरदायित्व आफूमाथि लिएको छ।

पेत्रोग्राद गैरिसनले कुनै पनि प्रकारको अथवा हूलदङ्गा हुन दिने छैन। जनताले हुल्लडबाजहरू र कालासय आन्दोलनकर्ताहरूलाई गिरफ्तार गरुन् र तिनलाई सबैभन्दा नजिकको ब्यारेकमा पुऱ्याएर सोभियत कमिसारहरूको जिम्मा लगाउन् भन्ने अनुरोध गरिन्छ। दुषित तत्त्वहरूले पेत्रोग्रादका सडकहरूमा हूलदङ्गा मच्चाउने पहिलो प्रयास गर्नासाथ नै, चाहे त्यो चोरी डकैती होस् अथवा रक्तपात, पृथ्वीबाट यी अपराधीहरूको नामनिसान मेटिनेछ।

नागरिकहरू! हामी तपाईंहरूसँग आफूलाई काबूमा राख्ने र आत्मसंयम देखाउने अनुरोध गर्दछौं। क्रान्ति र शान्तिसुरक्षा मजबुत हातमा छन्।"

जुन रेजिमेन्टहरूमा सैनिक क्रान्तिकारी समितिका कमिसारहरू छन्, तिनको सूची यस प्रकार छ।

तीन तारिखको दिन बोल्शेभिक नेताहरूले एउटा अर्को ऐतिहासिक महत्त्व राख्ने गोप्य बैठक गरे। जाल्किन्दबाट* सूचना पाएपछि म ढोकाबाहिर बरन्दामा पर्खेर बसेको थिएँ। भोलदार्स्कीले बाहिर निस्कनासाथ मलाई त्यस बैठकमा भएका कुराहरू बताए।

बैठकमा लेनिनले भनुभएको थियो, "६ नोभेम्बरको दिन धेरै छिटो हुनेछ। विद्रोह गर्न एक अखिल रसियाली आधार हाम्रो लागि आवश्यक छ र ६ तारिखसम्ममा महाधिवेशनका सबै प्रतिनिधिहरू आइपुग्दैनन्... अर्कोतर्फ, ८ नोभेम्बर पनि निकै ढिलो भइसक्छ। त्यतिञ्जेल महाधिवेशन सङ्गठित भइसक्नेछ र मानिसहरूको कुनै पनि यति ठूलो निकायको लागि छिटोछरितो कुनै निर्णायक कार्य गर्न गाऱ्हो पर्नेछ। हामीले ७ नोभेम्बरको दिन, जुन दिन महाधिवेशन भेला हुन्छ, आफ्नो काम सुरु गरिहाल्नुपर्छ, जसले गर्दा हामीले महाधिवेशनमा भन्न सक्नेछौं, "लौ हेर्नोस्, यही हो सत्ता! अब भन्नोस्, के गर्ने हो?""

माथिल्लो तल्लाको एउटा कोठामा दुब्लो पातलो अनुहार भएको, लामो केश पालेको एक व्यक्ति काम गर्दै थिए। अभ्सेयेन्को नामक यी सज्जन, जसलाई आन्तोनोभ भन्ने गर्दथे, कुनै बेला जारशाही सेनाका अफिसर थिए र पछि गएर उनले क्रान्तिकारी आन्दोलनमा प्रवेश गरेका थिए र निर्वासित भएका थिए। उनी गणितज्ञ थिए र सतरन्जका खेलाडी थिए। अहिले उनी राजधानी कब्जा गर्ने योजना तर्जुमा गर्नमा व्यस्त थिए।

अर्कोतिर सरकार पनि आफ्नो तयारी गर्दै थियो। सम्पूर्ण मोर्चाभरिबाट व्यापक रूपमा छरिएर रहेका केही अति वफादार डिभिजनहरूलाई चुपचाप पेत्रोग्राद आउने आदेश दिइएको थियो। युङ्केर तोपखाना शिशिर प्रासादमा सारियो। जुलाईका घटनाहरूपश्चात् पहिलो पटक कजाक प्रहरीहरू सडकहरूमा देखा पर्न थाले। पल्कोभ्निकोभले कुनै पनि प्रकारको अवज्ञा "सम्पूर्ण शक्तिसाथ" दबाउने धम्की दिँदै एकपछि अर्को आदेशहरू पठाउन थाल्यो। सार्वजनिक शिक्षामन्त्री किश्किन, जो मन्त्रीहरूमध्ये जनताको सबैभन्दा ठूलो घृणापात्र थिए, पेत्रोग्रादमा शान्तिसुव्यवस्था कायम राख्नको लागि विशेष कमिसार बनाइए। उनले दुई व्यक्तिलाई आफ्ना सहायकहरूको पदमा छाने। यी दुबै व्यक्ति उनीजस्तै बदनाम थिए। यी थिए—रूतेन्बेर्ग र पाल्चीन्स्की।

---

*जाल्किन्द, आइ० ए०, नोभेम्बर विद्रोहका एक सक्रिय सहयोगी, पेत्रोग्राद बोल्शेभिक सङ्गठनका एक सदस्य।—सं०

पेत्रोग्राद, क्रोन्श्तादत र फिनल्याण्डमा सङ्कटकालीन अवस्था घोषित गरियो। यस कुरालाई लिएर बुर्जुवा समाचारपत्र 'नोभये भ्रेम्या' ('नवयुग') ले व्यङ्ग्यपूर्वक लेखेको थियो –

"किन सङ्कटकालीन अवस्था? सरकारको हातमा न सत्ता छ, न बलप्रयोगको लागि आवश्यक साधन, न त कुनै नैतिक प्रतिष्ठा नै... अति अनुकूल परिस्थिति पैदा भएको खण्डमा पनि सरकारले सम्झौताको लागि वार्तासम्म गर्न सक्छ, त्यो पनि यदि कोही यस्तो वार्ता गर्न तयार हुन्छ भने। यसभन्दा बढी अधिकार सरकारसँग छैन"।

सोमबार ५ नोभेम्बरको दिन बिहानीपख म मारिइन्स्की दरबारमा पसें। म हेर्न चाहन्थें, रसियाली गणतन्त्र परिषद्मा के हुँदै छ। तेरेशेन्कोको परराष्ट्र नीतिबारे चर्को बहस चल्दै थियो। बूर्चेभ–भेर्खोभ्स्की काण्डको प्रतिध्वनि सुनिँदै थियो। इटालीका राजदूतबाहेक अरू सबै कूटनीतिज्ञहरू उपस्थित थिए। कार्सो दुर्घटनाले गर्दा उनी अति हतोत्साहित भएका छन् भन्ने मानिसहरूको भनाइ थियो।

म भित्र पस्दा वामपन्थी समाजवादी-क्रान्तिकारी कारेलिन लण्डन 'टाइम्स' को एउटा सम्पादकीय पढेर सुनाउँदै थिए, जसमा भनिएको थियो, "बोल्शेभिकवादको लागि एउटै उपचार छ – गोली!" कादेतहरूतिर फर्केर उनले भने, "**तपाईंहरू** पनि यस्तै सोच्नुहुन्छ, होइन र?"

दक्षिणपन्थी बेन्चहरूबाट आवाज आयो, "हो! हो!"

कारेलिनले झर्किंदै भन्यो, "हो मलाई थाहा छ, तपाईंहरूको यस्तै विचार छ। तर तपाईंहरूसँग यसो गर्ने साहस छैन!"

तत्पश्चात् स्कोबेलेभ बोल्न उभियो – नरम गौराङ्गी दाह्री पालेको, सुनौला घुङ्ग्रिएको केश भएको यी महाशय कुनै नाटकको प्रातकालीन प्रदर्शनका प्रिय अभिनेता देखिन्थे। उनले हिचकिचाउँदै सोभियत **नकाजको** समर्थन गरे। त्यसपछि तेरेशेन्को उभिए। उनी उभिनासाथ वामपन्थीहरूले "राजीनामा गर! राजीनामा गर!" भन्ने नारा लगाए। उनले जोड दिँदै भने, पेरिस सम्मेलनमा सरकारी प्रतिनिधि र चेइकका प्रतिनिधि, दुवैको एउटै दृष्टिकोण अर्थात् उनको – तेरेशेन्कोको दृष्टिकोण हुनुपर्छ। तत्पश्चात् उनले सेनामा अनुशासन पुनस्थापना गर्नेबारे, विजयपर्यन्त युद्ध चालू राख्ने विषयमा दुईचार शब्द बोले... होहल्ला सुरु भयो, तर जिद्दीवाल वामपन्थीहरूको कडा विरोधको वास्ता नगरी गणतन्त्र परिषद् आफ्नो सामान्य दिनचर्यामा लाग्यो।

पेत्रोग्रादका भिबर्ग बस्तीस्थित 'नोभी लेसनेर' कारखानाका लाल सैनिकहरू

लाल सैनिकहरू – पुतीलोभ कारखानाका मजदुरहरू लेफ्टिनेन्ट श्मिड्ट बख्तरबन्द गाडीमा. अक्टोबर १९१७

सदनको एकातिर बोल्शेभिक बेञ्चहरूका पङ्क्तिहरू थिए—ती बेञ्च-हरू त्यसै दिनदेखि खाली थिए, जुन दिनदेखि बोल्शेभिकहरूले गणतन्त्र परिषद्को बैठक छोडेर गएका थिए। उनीहरूको अभावमा सदन निर्जीव लाग्थ्यो। भऱ्याङबाट ओर्लंदा मलाई लाग्यो, यिनीहरूले जतिसुकै चर्काचर्की बहस गरे तापनि बाहिरका क्षुब्ध अशान्त संसारको वास्तविक आवाज यो विशाल, तर निर्जीव भवनभित्र पस्न सक्दैन, अनि अस्थायी सरकार युद्ध र शान्तिको त्यसै चट्टानमा ठक्कर खाएर चकनाचूर भइसकेको छ, जुन चट्टानले मिल्युकोभ मन्त्रिमण्डलको मिति पुऱ्याएको थियो... ढोकेपाले मलाई ओभरकोट लाउन मदत गर्दै भुतभुताइरहेको थियो, "बिचरो रसि-याको के हालत हुने हो थाहा छैन। यी सबै बोल्शेभिकहरू, मेन्शेभिकहरू, त्रुदाभिकहरू... यी सब उक्राइना तथा फिनल्याण्ड, जर्मन साम्राज्यवादीहरू र अङ्ग्रेज साम्राज्यवादीहरू। म पैंतालीस वर्षको भैसकें, तर मैले आफ्नो सम्पूर्ण जीवनमा यत्तिका शब्द सुनेको छैन, जति यहाँ सुन्दै छु।"

मैले दलानमा प्रोफेसर शाच्स्कीलाई भेटें। मुसाको जस्तो सानो अनु-हार भएको, भड्किलो फर कोट लगाएको यस सज्जनले कादेत पार्टीका भेलाहरूमा निकै ठूलो प्रभाव जमाएका थिए। मैले बहुचर्चित बोल्शेभिक **भिस्तुप्लेनियेबारे** उनको राय सोधें। उनले काँध खुम्च्याउँदै चर्को स्वरमा भने,

"यिनीहरू भेडा हुन्, भेडा। यिनीहरूले आँट्न सक्दैनन्, आँटि हाले भने पनि हावामा उडाइनेछन्। हाम्रो विचारमा यस्तो भिस्तुप्लेनिये लाभ-दायक नै हुनेछ, किनभने तत्पश्चात् उनीहरू आफैले आफ्नो सर्वनाश गर्नेछन् र संविधान सभामा उनीहरूको शक्ति बाँकी रहनेछैन।

"प्रिय महाशय, म तपाईंको अनुमति लिएर नयाँ शासन पद्धतिबारे आफ्नो त्यस योजनाको रूपरेखा प्रस्तुत गर्न चाहन्छु, जुन संविधान सभासमक्ष प्रस्तुत गरिँदै छ। तपाईंलाई थाहा नै छ, म त्यस आयोगको सभापति हुँ, जुन आयोग गणतन्त्र परिषद्ले संविधानको एक प्रारूप मसौदा गर्न अस्थायी सरकारसँग संयुक्त रूपमा मनोनित गरेको थियो... हामी एउटा त्यस्तो विधान सभा गठन गर्नेछौं, जसमा दुई सदन हुनेछन्, जस्तो तपाईंहरू-कहाँ, संयुक्त राज्य अमेरिकामा छ। माथिल्लो सदनमा प्रादेशिक प्रतिनि-धिहरू हुनेछन् र तल्लो सदनमा उदारवादी पेशाका मानिसहरू, जेम्स्तभा-हरूका, सहकारी संस्थाहरूका र ट्रेड युनियनहरूका प्रतिनिधिहरू हुनेछन्..."

बाहिर ओसिलो चिसो पश्चिमी बतास चल्दै थियो र हिलोले मेरो जुत्ता भित्रसम्म भिजिसकेको थियो। युङ्केरहरूका दुई कम्पनी झुल्दै मोर्स्कोया

मार्ग भएर जाँदै थिए। लामो कोट लगाएका यी युङ्केरहरू ठूलठूलो स्वरले पुरानो जमानाको एक जोशिलो समूहगान गाउँदै अगाडि बढिरहेका थिए। यस्तो समूहगान जारको समयमा सिपाहीहरू गाउने गर्थे... पहिलो चौबाटोमा नै मैले चम्किला नयाँ रिभल्भर भिरेका घोडचढी नगर प्रहरीहरूलाई देखें। मानिसहरूको एउटा सानो समूह चुपचाप उनीहरूलाई हेर्दै थिए। नेभ्स्की मार्गको एउटा मोडमा मैले लेनिनले लेख्नुभएको एउटा पुस्तिका किनें। पुस्तिकाको नाम थियो—'के बोल्शेभिकहरू सत्ता थाम्न सक्दछन्?' मैले पुस्तिकाको लागि एउटा टिकट दिएँ, यस्ता टिकटहरू खुद्रा पैसाको रूपमा प्रयोग गरिन्थे। ट्राम गाडीहरू सधैंजस्तो कछुवाको चालमा अगाडि बढ्दै थिए, शहरका बासिन्दाहरू र सिपाहीहरू यी गाडीहरूमा यसरी बाहिरबाट झुण्डिएका हुन्थे, जुन कुरा देख्दा थियोडोर पी० शोन्टलाई * पनि ईर्ष्या लाग्थ्यो होला... पेटीमा लाम लागेर उभेका वर्दी लगाएका भगुवा सिपाहीहरू चुरोट र सूर्यमुखीको बियाँ बेच्दै थिए।

गोधूलिको यस बेला नेभ्स्की मार्गमा मानिसहरूको भीड ताजा समाचारपत्रहरूको लागि लूछालुछ गर्दै थिए। जुनसुकै सम्म परेको ठाउँमा अनगिन्ती पोस्टरहरू टाँसिएका हुन्थे र ती पोस्टरहरूका सामुन्ने उभिएको भीड ती अनगिन्ती अपिलहरू र घोषणाहरू (६) पढ्ने प्रयास गर्दै थिए। यी चेइक, किसानहरूका सोभियतहरू, "नरमपन्थी" समाजवादी पार्टीहरू, सैनिक समितिहरूका अपिल तथा घोषणाहरू थिए, जसमा मजदुरहरू तथा सिपाहीहरूलाई धम्की दिइएको थियो, गाली गरिएको थियो र उनीहरूलाई चुपचाप घर बस्न र सरकारको समर्थन गर्न अनुरोध गरिएको थियो।

एउटा बख्तरबन्द मोटर गाडी नेभ्स्की मार्गमा तलमाथि गर्दै थियो। त्यस गाडीको चर्को साइरेन निरन्तर सुनिन्थ्यो। सडकको प्रत्येक मोडमा, कुनै पनि खुल्ला ठाउँमा मानिसहरूको भीड लागेको थियो। सिपाहीहरू र विद्यार्थीहरू बहस गरिरहेका थिए। रात पर्दै थियो, टाढा टाढासम्म फैलिएका सडकका बत्तीहरू चम्किरहेका थिए, समुद्रमा छाल आएजस्तो जताततै मानिसहरूको भीड देखिन्थ्यो... कुनै आँधीबेरी सुरु हुनुभन्दा पहिले पेत्रोग्रादमा सधैं यस्तै हुन्छ।

सम्पूर्ण शहर आतङ्कित थियो र कुनै पनि चर्को आवाजले मानिसहरूलाई तर्साउँथ्यो। तर बोल्शेभिकहरूले आफ्नो तर्फबाट कुनै सङ्केत दिएका

---

*थियोडोर पी० शोन्ट, त्यस बेला एक लोकप्रिय चटकी।—सं०

थिएनन् – सिपाहीहरू आआफ्ना ब्यारेकहरूमा थिए र मजदुरहरू कारखाना-हरूमा ... हामी काजान गिर्जाघर नजिकै एउटा सिनेमा हलमा फिल्म हेर्न गएका थियौं – मारकाट र षड्यन्त्रले भरिपूर्ण एउटा इटालेली फिल्म थियो। तलतिर बसेका केही सिपाहीहरू तथा नौसैनिकहरू शिशुवत आश्चर्यसहित पर्दातिर हेर्दै थिए – उनीहरूले बुझ्न सकिरहेका थिएनन्, यत्तिका दौडधूप र मारकाट के काम।

त्यहाँबाट म हतार-हतार स्मोल्नी पुगें। सबैभन्दा माथिल्लो तल्लाको दस नम्बरको कोठामा सैनिक क्रान्तिकारी समितिको लगातार बैठक चल्दै थियो। लाजिमिर नामक करिब अठार वर्षको, सुनौला केश भएको युवकले बैठकको सभापतित्व गरेको थियो। उनी मेरो अगाडि रोकिए र सलज्ज भावले मसँग हात मिलाए।

"भर्खरै मात्र हामीले पेत्रोपाभ्लोभ्स्काया किल्लामाथि कब्जा गर्‍यौं," उनले खुशीले मुस्कुराउँदै भने। "एक मिनेट अगाडि मात्रै एउटा रेजिमेन्ट-बाट सन्देश पायौं, जसलाई सरकारले पेत्रोग्राद आउने आदेश पठाएको थियो। सिपाहीहरूलाई शङ्का लाग्यो, त्यसैले उनीहरूले गात्चिना स्टेशनमा आफ्नो रेल रोक्न लगाए र हामीकहाँ एउटा प्रतिनिधिमण्डल पठाए। "के भयो?" उनीहरूले सोधे। "तपाईंहरू के भन्नुहुन्छ? हामीले भर्खरै मात्र 'सम्पूर्ण सत्ता सोभियतहरूलाई' भन्ने प्रस्ताव पारित गर्‍यौं"... सैनिक क्रान्तिकारी समितिले जवाफ पठायो, "बन्धुहरू! क्रान्तिको नामबाट हामी तपाईंहरूको अभिवादन गर्दछौं। जबसम्म तपाईंहरूले अर्को आदेश पाउनु-हुन्न, तपाईंहरू जहाँ हुनुहुन्छ, त्यहीं पर्खनुहोला!"

उनले भने सबै टेलिफोन लाइनहरू काटिएका छन्, तैपनि सैनिक टेलि-ग्राफ उपकरणहरूको सहायताबाट कारखानाहरू र ब्यारेकहरूसँग सम्पर्क कायम राखिएको छ।

सन्देशवाहकहरू र कमिसारहरू लगातार आवतजावत गर्दै थिए। ढोका-बाहिर एक दर्जन स्वयंसेवकहरू पर्खेर बसेका थिए। उनीहरू कुनै पनि सन्देश पाउनासाथ शहरको कुनाकुनामा त्यो सन्देश पुर्‍याउन तयार थिए। जिप्सीको जस्तो अनुहार भएको एक जना स्वयंसेवक जसले लेफ्टिनेन्टको वर्दी लगाएको थियो, फ्रेन्च भाषामा भन्यो, "सब कुरा तयार छ, बटन दबाउनासाथ सम्पूर्ण कारबाई सुरु भइहल्दछ"।

त्यसै बेला पद्भोइस्की त्यहाँ देखा परे। दुब्लो पातलो, दाह्री पालेको त्यस व्यक्तिको मस्तिष्कमा विद्रोहको सम्पूर्ण रणनीति आकल्पित थियो।

तर उनी सैनिक पोसाकमा थिएनन्। श्रान्तोनोभ, दाह्री नखौरेका, कठालो मैलिएको कमिज लगाएका यी व्यक्ति निद्राको अभावमा रक्सी लागेको मान्छेजस्तो देखिन्थे। होचो कदको, चौडो बाटुलो अनुहार भएको क्रिलेन्को सधैं मुस्कुराइरहेका हुन्थे, उनी हात हल्लाउँदै चर्को स्वरमा बोल्दथे; भीमकाय, दाह्रीवाल नौसैनिक दिबेन्कोको अनुहार शान्त र आवेशहीन थियो। यिनै थिए त्यस घडीका र आउँदा घडीहरूका ऐतिहासिक पुरुषहरू।

तल्लो तल्लामा अवस्थित कारखाना समितिहरूको कार्यालयमा सेरातोभ सरकारी शस्त्रागारको नाममा हतियारहरूको लागि आदेशपत्रहरूमा हस्ताक्षर गर्दै थिए। प्रत्येक कारखानाले एक सय पचास बन्दुक पाउँथ्यो। विभिन्न कारखानाहरूका करिब चालीस जना प्रतिनिधिहरू यो आदेश लिन लाम लागेर पर्खेका थिए।

हलमा केही सानातिना बोल्शेभिक नेताहरूसँग मेरो भेट भयो। एक जनाले मलाई आफ्नो रिभल्भर देखाउँदै भन्यो, "खेल खतम भयो!" उसको मुख अँध्यारो थियो। "हामीले कुनै पाइला चाले पनि, नचाले पनि अर्को पक्षलाई थाहा छ—कि हामी उनीहरूलाई खतम पार्नेछौं, कि उनीहरूले हामीलाई खतम पार्नेछन्"।

पेत्रोग्राद सोभियतको बैठक रातदिन अटुट रूपमा चलिरहेको थियो। म त्यो ठूलो हलभित्र पस्दा त्रोत्स्की आफ्नो भाषण समाप्त गर्दै थिए—

"हामीलाई सोध्दछन्," उनी भन्दै थिए, "के हामी भिस्तुप्लेनियेको तयारी गर्दै छौं? म यस प्रश्नको हाकाहाकी जवाफ दिन तयार छु। अब त्यो घडी आइपुगेको छ, जब सम्पूर्ण सत्ता सोभियतहरूको हातमा आउनुपर्दछ भन्ने कुरा पेत्रोग्राद सोभियतले अनुभव गरेको छ। सत्ता परिवर्तनको यो कार्य अखिल रसियाली महाधिवेशनद्वारा गरिनेछ। जहाँसम्म हतियार प्रयोगको प्रश्न छ... यो कुरा ती मानिसहरूमाथि निर्भर हुनेछ, जो अखिल रसियाली महाधिवेशनको कार्यमा बाधा पुऱ्याउन चाहन्छन्।

"हामीलाई लाग्दछ, हाम्रो सरकार, जुन अस्थायी मन्त्रिमण्डलका सदस्यहरूको हातमा छ, एक दयनीय तथा निस्सहाय सरकार हो, जसले एक वास्तविक लोकप्रिय सरकारको लागि स्थान छोड्न मात्र इतिहासको कुचो पर्खेर बसेको छ। तर हामी अहिल्यै पनि, अझ यस घडीमा पनि सशस्त्र मुठभेट रोक्ने प्रयास गर्दै छौं। हामीलाई आशा छ, अखिल रसियाली महाधिवेशनले त्यो सत्ता र अधिकार आफ्नो हातमा लिनेछ, जसको आधार जनताको सङ्गठित स्वतन्त्रता हो। तैपनि यदि यो सरकार त्यो अल्प

अवधिसम्म बाँच्न सक्दछ– भनौँ चौबीस घण्टा, अठचालीस घण्टा अथवा बहत्तर घण्टा–र हामीमाथि प्रहार गर्न खोज्दछ भने हामी पनि प्रत्याक्रमण गर्नेछौँ, हामी मुड्कीको जवाफ मुड्कीले, इँटाको जवाफ ढुङ्गाले दिनेछौँ।"

वामपन्थी समाजवादी-क्रान्तिकारीहरूले सैनिक क्रान्तिकारी समितिमा आफ्नो प्रतिनिधि पठाउने तयारी जनाएका छन् भन्ने त्रोत्स्कीले घोषणा गरे। तालीको गडगडाहटद्वारा उनको यस घोषणाको स्वागत गरियो।

बिहान तीन बजे स्मोल्नीबाट निस्कँदा मैले देखेँ ढोकाका दुवैतिर दुइटा मेसिनगन राखिएका थिए र सिपाहीहरूको टगडा रमन ढोकाहरू र नजिकैका गल्लीहरूमा पहरा दिँदै थियो। बील्ल शातोभ* हतार-हतार भऱ्याङबाट ओर्लँदै थिए। "सुन्नुभो!", उनले चर्को स्वरमा भने, "हामीले सुरु गऱ्यौँ! केरेन्स्कीले हाम्रो अखबार 'सल्दात' र 'राबोची पुच' बन्द गराउन युङ्केरहरूलाई पठाएका रहेछन्, तर हाम्रा सिपाहीहरूले पनि सरकारी सिल टोडेर ढोका खोले। अब हामी बुर्जुवा समाचारपत्रहरूको कार्यालयहरू-माथि कब्जा गर्न फौज पठाउँदै छौँ!" उनले बडो जोशपूर्वक मेरो पिठिउँमा धाप मारे र दौड्दै भित्र पसे।

६ तारिख बिहान एउटा काम परेर म सेन्सर कार्यालयमा, जुन परराष्ट्र मन्त्रालयमा थियो, गएको थिएँ। भित्तामा जताततै जनतासँग "शान्त" रहने अनुरोध गरिएका जोशिला पर्चाहरू टाँसिएका थिए। पल्कोभ्निकोभ एकपछि अर्को प्रिकाज (आदेश) निकाल्दै थिए–

"म सबै युनिटहरू तथा सैन्यदलहरूलाई क्षेत्रीय सैनिक स्टाफबाट अर्को आदेश नपाएसम्म आआफ्ना ब्यारेकहरूमा बस्ने आदेश दिन्छु... आफ्ना माथिल्ला तहका अफिसरहरूको आदेशविना कुनै पनि कारबाई गर्ने अफि-सरहरूमाथि विद्रोहको अभियोगमा सैनिक अदालतमा मुद्दा चलाइनेछ। म सिपाहीहरूलाई अन्य सङ्गठनहरूबाट पाइने कुनै पनि आदेश पालना गर्न पूर्णतः मनाही गर्दछु"।

---

*अमेरिकी मजदुर आन्दोलनका विख्यात कार्यकर्ता। शातोभ, भ्लादि-मिर सेर्गेयेभिच, उनी अमेरिकामा 'विश्वका औद्योगिक मजदुरहरू' नामक संस्थाका एक सङ्गठनकर्ता थिए। जून १९१७ मा उनी स्वदेश फर्के। सन् १९१७ मा उनी पेत्रोग्रादको सैनिक क्रान्तिकारी समितिका सदस्य तथा कार-खाना समितिहरूको केन्द्रीय परिषद्को अध्यक्षमण्डलका सदस्य थिए। पछि गएर उनी कम्युनिस्ट पार्टीको सदस्य बने।–सं०

प्रातःकालीन समाचारपत्रहरूमा सरकारले 'नोभया रूस', 'झिभोये स्लोभा', 'राबोची पुच' र 'सल्दात' समाचारपत्रहरूमाथि प्रतिबन्ध लगाए-को छ र पेत्रोग्राद सोभियतका नेताहरू तथा सैनिक क्रान्तिकारी समिति-का सदस्यहरूलाई गिरफ्तार गर्ने पुर्जी जारी गरेको छ भन्ने समाचार छा-पियो।

म दरबार मैदान पार गर्दै थिएँ, युङ्केर तोपखानाका कैयौं ब्याटरीहरू हतारो चालमा टनटन आवाज निकाल्दै राजदरबारको सामुन्ने पङ्क्तिबद्ध हुँदै थिए। जनरल स्टाफको विशाल लाल भवनमा असाधारण चहलपहल थियो, कैयौं बख्तरबन्द मोटरगाडीहरू ढोकाअगाडि खडा थिए र अफिसर-हरूले लादिएका मोटरहरू आवतजावत गर्दै थिए... सेन्सर अधिकारी सर्कसको कुनै केटोजस्तो उत्तेजित थिए। केरेन्स्की भर्खरै मात्र आफ्नो राजी-नामा पेश गर्न गणतन्त्र परिषद् गएका छन् भन्ने कुरा उनले बताए। म हतार-हतार मारिइन्स्की प्रासादतिर लागें। म आइपुग्दा केरेन्स्की आफ्नो जोशिलो, धेरै मात्रामा असम्बद्ध भाषण पूरा गर्दै थिए, उनको भाषण आत्म-प्रशंसा र आफ्ना शत्रुहरूप्रति घोर तिरस्कारको भावनाले भरिपूर्ण थियो। उनको भाषणको एक खण्ड यस प्रकार छ—

"म यहाँ एउटा उद्धरण प्रस्तुत गर्न चाहन्छु, जुन 'राबोची पुच' मा प्रकाशित एक पूरै लेखमालाको लागि लाक्षणिक छ, जसका लेखक उल्या-नोभ-लेनिन नामक पलायित राज्य-अपराधी हुन्, जसलाई हामी गिरफ्तार गर्ने प्रयास गर्दै छौं... यस राज्य-अपराधीले सर्वहारावर्ग र पेत्रोग्राद गैरि-सनसमक्ष १६-१८ जुलाईको अनुभव दोहोऱ्याउने प्रस्ताव राखेका छन् र अविलम्ब सशस्त्र विद्रोह गर्ने आवश्यकतामाथि जोड दिँदै छन्... यति मात्र नभएर अन्य बोल्शेभिक नेताहरूले पनि, जो एकपछि अर्को विभिन्न आम-सभाहरूमा भाषण गर्दै छन्, अविलम्ब विद्रोह सुरु गर्ने अपिल गर्दै छन्। यस सन्दर्भमा पेत्रोग्राद सोभियतका वर्तमान अध्यक्ष ब्रोन्स्तेइन-त्रोत्स्कीको क्रिया-कलापमाथि विशेष ध्यान दिनु जरूरी छ।

"म के कुरातर्फ तपाईंहरूको ध्यान आकृष्ट गर्न चाहन्छु भने... 'राबो-ची पुच' तथा 'सल्दात' मा प्रकाशित एक पूरै लेखमालाका अभिव्यक्ति र शैली काटीकुटी 'नोभया रूस' को जस्तै छ... हामी अहिले अमुक राजनीतिक पार्टीको आन्दोलनको सामना गर्न त्यति बाध्य भएका छैनौं, जति जनताको एक हिस्साको राजनीतिक अनभिज्ञता तथा अपराधपूर्ण प्रवृत्ति-हरूको दुरूपयोगको सामना गर्न बाध्य छौं, हामीले आज एक त्यस्तो सङ्गठन-

को सामना गर्नुपरेको छ, जसको उद्देश्य रसियामा, जुनसुकै मूल्यमा भए पनि बर्बादी र लुटमारको आन्दोलन चलाउनु भएको छ, किनभने आज जनसाधारणको जुन मनोस्थिति छ, त्यो हेर्दा पेत्रोग्रादमा कुनै पनि आन्दोलन सुरु हुनासाथ भयङ्कर सार्वजनिक हत्या सुरु भइहाल्नेछ र यसले स्वतन्त्र रसियाको नाममा सदाको लागि कलङ्कको टीका लगाइदिनेछ भन्ने कुरा सर्वविदित छ।

"स्वयम् उल्यानोभ-लेनिनको स्वीकारोक्तिअनुसार रसियामा सामाजिक-जनवादीहरूका घोर वामपन्थीहरूको लागि परिस्थिति अति अनुकूल छ"। (यहाँ केरेन्स्कीले लेनिनको लेखको निम्नलिखित उद्धरण पढेर सुनाए, जुन यस प्रकार छ) –

"एक पटक सोचेर हेर्नोस् त!.. जर्मन कमरेडहरूका एउटै नेता छन् – लिब्कनेख्त, उनीहरूसँग समाचारपत्र छैन, आमसभाहरूको आयोजना गर्ने स्वतन्त्रता छैन, सोभियतहरू छैनन्... उनीहरूले समाजका सबै वर्गहरूको घोर विरोधको सामना गर्नु परिरहेको छ – तापनि जर्मन कमरेडहरू विद्रोह सुरु गर्ने प्रयास गर्दै छन्... हामी दर्जनौं समाचारपत्रहरू भएका, आमसभाहरूको आयोजना गर्ने स्वतन्त्रता पाएका, बहुसङ्ख्यक सोभियतहरू आफ्नो हातमा लिएर बसेका, हामी सम्पूर्ण विश्वका सबैभन्दा सुसंगत सर्वहारा अन्तर्राष्ट्रियतावादीहरू, के हामी जर्मन क्रान्तिकारीहरू तथा विद्रोही सङ्गठनहरूको समर्थन गर्न अस्वीकार गर्न सक्दछौं त!"

तत्पश्चात् केरेन्स्कीले फेरि भने –

"यस प्रकारले विद्रोहका सङ्गठनकर्ताहरू के कुरामा विश्वस्त छन् भने यस बेला जब रसियाको प्रशासन एक त्यस्तो अस्थायी सरकारको हातमा छ, जसको अध्यक्षता, बोल्शेभिकहरूको दृष्टिमा, एक त्यस्तो मिचाहा र एक त्यस्तो व्यक्तिको अधीनमा छ, जसले आफूलाई बुर्जुवावर्गको हातमा बेचिदिएको छ र त्यो व्यक्ति हो मन्त्री-सभापति केरेन्स्की.., रसियामा सबै राजनीतिक पार्टीहरूको स्वतन्त्र क्रियाकलापको लागि उत्कृष्ट स्थिति कायम छ।

"विद्रोहका सङ्गठनकर्ताहरू जर्मन सर्वहारावर्गलाई होइन, जर्मन शासक वर्गलाई मदत गर्दै छन् र उनीहरू विल्हेल्म तथा उनका मित्रहरूको फलामे मुठीअगाडि रसियाली मोर्चा असुरक्षित छोड्न चाहन्छन्... यी मानिसहरूको उद्देश्य के हो भन्ने कुरासित अस्थायी सरकारलाई वास्ता छैन, उनीहरू सचेतन अथवा अचेतन रूपमा यसो गर्दै छन् भन्ने कुराको पनि हामीलाई

खाँचो छैन; जेसुकै भए तापनि, यस मञ्चबाट, आफ्नो उत्तरदायित्व पूर्ण रूपमा अनुभव गर्दै म भन्दछु– एउटा रसियाली राजनीतिक पार्टीको यस्तो क्रियाकलाप रसियाप्रति विश्वासघात हो!

"म अब वैधानिक दृष्टिकोणले हेर्दछु र अविलम्ब छानबिन सुरु गरियोस् र आवश्यक गिरफ्तारीहरू गरियुन् भन्ने प्रस्ताव राख्दछु"। (वामपन्थी बेन्चहरूमा सोरगुल सुनिन्छ)। "मेरो कुरा सुन्नोस्!" उनले कडकिलो स्वरमा भने। "यस्तो घडीमा, जब सचेतन अथवा अचेतन गद्दारीको फलस्वरूप राष्ट्र खतरामा पर्न गएको छ, अस्थायी सरकार र अन्य व्यक्तिहरूको साथसाथै म आफै पनि रसियाको जीवन, प्रतिष्ठा र स्वतन्त्रताप्रति गद्दारी गर्नुको साटो मृत्यु नै श्रेयस्कर ठान्दछौं।"

यस बेला केरेन्स्कीले एउटा चिट पाए।

"मैले भर्खरै मात्र त्यो घोषणापत्र पाएँ, जुन उनीहरू रेजिमेन्टहरूमा वितरण गर्दै छन्। यही हो त्यो घोषणापत्र, सुन्नोस्!", उनी पढ्दछन्–

"**मजदुर तथा सैनिक प्रतिनिधिहरूको पेत्रोग्राद सोभियत खतरामा छ। हामी सबै रेजिमेन्टहरूलाई अविलम्ब युद्धको स्थितिअनुसार तयारी गर्ने आदेश दिन्छौं र नयाँ आदेशको प्रतीक्षा गर्ने अनुरोध गर्दछौं। यस आदेशको पालनामा हुने ढिलासुस्ती अथवा अस्वीकृति क्रान्तिप्रति विश्वासघात मानिनेछ। क्रान्तिकारी सैनिक समिति। कार्यवाहक अध्यक्ष पद्भोइस्की, सचिव आन्तोनोभ**"।

"वास्तवमा यो वर्तमान व्यवस्थाको विरुद्ध जनसाधारणलाई भडकाउने, संविधान सभालाई भताभुङ्ग पार्ने र विल्हेल्मका रेजिमेन्टहरूको फलामे मुड्कीसमक्ष मोर्चा खुला छोडिदिने प्रयास हो।

"मैले जानाजान "जनसाधारण" शब्द प्रयोग गरेको हुँ, किनभने चेतनशील प्रजातान्त्रिक तत्त्वहरू र यिनको चेइक, समस्त सैनिक सङ्गठनहरू ती सबै कुरा, जुन स्वतन्त्र रसियाको दृष्टिकोणले गौरवपूर्ण छन्–महान् रसियाली जनवादको सुबुद्धि, आत्मसम्मान तथा अन्तर्विवेकले आज यिनीहरूको विरोध गर्दै छन्।

"यहाँ म बिन्तीभाउ गर्न आएको होइन र के कुरामा म विश्वस्त छु भने अस्थायी सरकारले, जसले वर्तमान समयमा, यस नवःप्राप्त स्वतन्त्रताको संरक्षण गर्दै छ र नवोदित रसियाली राज्यले, जसको भविष्य उज्ज्वल छ, सबैको समर्थन प्राप्त गर्नेछ, सिवाय ती मानिसहरूको, जो कहिल्यै आँखासामुन्ने साँचो कुरा गर्ने साहस गर्दैनन्।

"अस्थायी सरकारले देशको कुनै पनि नागरिकलाई आफ्नो राजनीतिक अधिकार प्रयोग गर्ने स्वतन्त्रताबाट कहिल्यै वञ्चित तुल्याएको छैन... तर अब अस्थायी सरकार... घोषणा गर्दछ—यस घडीमा रूसी राष्ट्रका जुन तब्काहरूले, जुन समूहहरू तथा पार्टीहरूले रूसी जनताको स्वतन्त्र इच्छा-माथि हात उठाउने दुस्साहस गरेका छन् र जो जर्मनीको लागि हाम्रो मोर्चा खुला छोड्ने धम्की दिँदै छन्, उनीहरूको दृढतापूर्वक अन्त्य गरिनेछ!

"पेत्रोग्रादका जनताले के कुरा बुझ्नुपर्दछ भने उसको सामुन्ने एक त्यस्तो सत्ता छ, जो कदापि विचलित हुनेछैन र हुनसक्छ अन्तिम घडीमा ती मानिसहरूको हृदयमा सुबुद्धि, अन्तर्विवेक र आत्मसम्मानले विजय प्राप्त गर्नेछ, यदि उनीहरूले यी गुणहरू पूर्णतः गुमाइसकेका छैनन् भने।"

यस भाषणको सम्पूर्ण अवधिमा हलमा कानै फाटलाजस्तो गरी अविरल कोलाहल चलिरहेको थियो। मन्त्रि-अध्यक्षले भाषण पूरा गरेर मञ्चबाट झर्दा उनको अनुहार रातो थियो र शरीर पसिनाले निथ्रुक्क भिजेको थियो। उनी आफ्ना अफिसरहरूसँगसँगै बाहिर निस्के। वामपन्थीहरू तथा मध्यमार्गीहरूका बीच-बाट एकपछि अर्को वक्ता उभिँदै दक्षिणपन्थीहरूलाई गाली गर्दै थिए। सबै वक्ताहरूको भाषणमा त्यही प्रचण्ड गर्जन थियो। कहाँसम्म भने समाजवादी-क्रान्तिकारीहरूले समेत गोचको आवाजमा भने—

"बोल्शेभिकहरूले जन असन्तोषबाट नाजायज फाइदा उठाएर एक पाखण्डी तथा अपराधपूर्ण नीतिको अनुसरण गर्दै छन्। तर जनताका पनि कतिपय त्यस्ता मागहरू छन्, जुन अहिलेसम्म पूरा हुन सकेका छैनन्... शान्ति र भूमिको सवाल तथा सेनामा प्रजातन्त्रीकरणको प्रश्न यस प्रकारले निरूपण गरिनुपर्छ, जसले गर्दा हाम्रो सरकारले दृढ तथा अविचल रूपमा यी प्रश्नहरूको समाधान भेट्टाउने प्रयास गर्दै छ भन्ने कुरामा प्रत्येक सिपाही, किसान अथवा मजदुरले किञ्चित सन्देह गर्न नसकोस्।

"हामी मेन्शेभिकहरू मन्त्रिमण्डलमा सङ्कट पैदा होस् भन्ने कुरा चाहन्नौं र हामी आफ्नो सम्पूर्ण शक्तिद्वारा, रगतको अन्तिम थोपा बाँकी रहुञ्जेल-सम्म अस्थायी सरकारको रक्षा गर्न तयार छौं, तर अस्थायी सरकारले पनि ती सबै जल्दाबल्दा प्रश्नहरूको बारेमा स्पष्ट तथा सङ्क्षिप्त उत्तर दिनुपर्छ, जुन कुराको जनता यति धैर्यपूर्वक प्रतीक्षा गर्दै छ।"

तत्पश्चात् मार्तोभका क्रुद्ध शब्दहरू—

"त्यस बेला, जब सर्वहारावर्ग र सेनाका महत्त्वपूर्ण हिस्साहरूको आन्दोलनको प्रश्न उठेको छ, यद्यपि उनीहरूलाई गलत दिशामा मोडिएको

छ, मन्त्रि-अध्यक्षको भाषण, जसमा उनले "जनसाधारणको" कुरा गरेका छन्, गृहयुद्धको आह्वानसिवाय अरू केही होइन"।

सभाले वामपन्थीहरूद्वारा प्रस्तुत प्रस्ताव पारित गऱ्यो। वस्तुतः यस प्रस्तावको तात्पर्य मन्त्रिमण्डलप्रति अविश्वासको अभिव्यक्ति थियो। प्रस्ताव यस प्रकारको थियो—

"१) पछिल्ला केही दिनहरूमा जुन सशस्त्र आन्दोलनको तयारी हुँदै छ, सरकार पल्टाउनु नै त्यसको उद्देश्य हो, त्यसले गृहयुद्धको खतरा उत्पन्न गरेको छ, पाग्रोमहरू (मारकाट) तथा प्रतिक्रान्तिको लागि र कालासय-हरू र प्रतिक्रान्तिकारी शक्तिहरूलाई ऐक्यबद्ध हुन अनुकूल स्थिति तयार पारेको छ। यसको अनिवार्य परिणाम के हुनेछ भने संविधान सभा डाक्न असम्भव हुनेछ, सामरिक पराजयको सामना गर्नुपर्नेछ, क्रान्तिको विनाश हुनेछ, देशको आर्थिक जीवनलाई लथालिङ्ग पार्नेछ र रसिया नष्ट हुनेछ;

२) आवश्यक कारबाई गर्नमा ढिलाइ र त्यस वस्तुगत परिस्थितिले गर्दा पनि यस आन्दोलनको लागि अनुकूल वातावरण तयार भएको हो, जुन युद्ध तथा सामान्य अव्यवस्थाको फलस्वरूप उत्पन्न भएको छ। तसर्थ सबैभन्दा पहिले किसानहरूका भूमि समितिहरूको हातमा तत्काल भूमि सुम्पनको लागि एउटा आज्ञप्ति जारी गर्नु र मित्र राष्ट्रहरूसमक्ष शान्तिका आफ्ना शर्तहरू घोषणा गर्ने र शान्तिवार्ता सुरु गर्ने प्रस्ताव राखेर अन्तर्रा-ष्ट्रिय क्षेत्रमा एक सशक्त कारबाईको नीति अनुसरण गर्नु अत्यावश्यक छ;

३) अराजकतावादी प्रदर्शनहरू तथा पाग्रोम आन्दोलनहरूको विरुद्ध सङ्घर्ष गर्न यी आन्दोलनहरू दबाउने अविलम्ब कारबाई आवश्यक छ र यस उद्देश्यको लागि पेत्रोग्रादमा नगरपालिका तथा क्रान्तिकारी जनवादी निकायहरूका प्रतिनिधिहरूको एक सार्वजनिक सुरक्षा समिति स्थापना गरि-योस्, जसले अस्थायी सरकारसँग सम्पर्क राखेर काम गर्नेछ।"

के कुरा यहाँ उल्लेखनीय छ भने मेन्शेभिकहरू र समाजवादी-क्रान्ति-कारीहरू सबैले यस प्रस्तावको समर्थन गरे... यो प्रस्ताव पढेपछि केरेन्स्कीले स्पष्टिकरणको लागि आभ्सेन्त्येभलाई शिशिर प्रासादमा डाके। उनले आभ्से-न्त्येभलाई अनुरोध गरे, यदि यस प्रस्तावद्वारा अस्थायी सरकारप्रति अवि-श्वास प्रकट गरिएको हो भने उनी आफैंले नयाँ मन्त्रिमण्डल गठन गरुन्। "सम्झौतापरस्तहरूका" नेता दान, गोच र आभ्सेन्त्येभले आफ्नो अन्तिम सम्झौता गरे... उनीहरूले केरेन्स्कीलाई स्पष्टिकरण दिँदै भने, प्रस्तावको तात्पर्य सरकारको आलोचना गर्नु होइन!

मस्कोया मार्ग र नेभ्स्की मार्गको मोडमा सङ्गीनधारी सिपाहीहरूको एक डफ्फा उभेका थियो। उनीहरू निजी मोटरगाडीहरू रोक्थे, ती गाडी-हरूमा बसेका मानिसहरूलाई निस्कन लाउँथे र खाली गाडी शिशिर प्रासाद-तिर पठाउँथे। यो दृश्य हेर्न एउटा ठूलो भीड जम्मा भएको थियो। यी सि-पाहीहरू सरकारका समर्थक हुन् अथवा क्रान्तिकारी सैनिक समितिका, कसैलाई थाहा थिएन। काजान गिर्जाघरसामुन्ने पनि यही दृश्य थियो। गाडी-हरू नेभ्स्की मार्गतिर फर्काइँदै थिए। बन्दुक बोकेका पाँच-छ जना नौसैनिक-हरू जोरले हाँस्दै त्यहाँ आइपुगे र दुई जना सिपाहीहरूसँग कुरा गर्न थाले। उनीहरूका टोपीमा **'आभ्रोरा'** र **'जान्या स्भाबोदी'** लेखिएको थियो—यी बाल्टिक बेडाका प्रमुख बोल्शेभिक जहाजहरूको नाम थिए। एक जना नौसैनिकले भन्यो, "क्रोन्श्ताद्तका नौसैनिकहरू आइपुग्दै छन्..." यी शब्द सुन्दा यस्तो लाग्थ्यो मानौँ सन् १७९२ मा पेरिसको सडकमा कसैले भन्दै छ—"मार्सेलका मानिसहरू आउँदै छन्!" किनभने क्रोन्श्ताद्तमा २५ हजार नौसैनिकहरू थिए, सबै विश्वस्त बोल्शेभिकहरू र लड्न मर्नको लागि तयार।

'राबोची इ सल्दात' समाचारपत्रको अङ्क भर्खरै मात्र निस्केको थियो। समाचारपत्रको पूरै मुद्रपृष्ठ एउटै घोषणाले भरिएको थियो, जुन ठूलठूला अक्षरले सुरु हुन्थ्यो—

"सिपाहीहरू! मजदुरहरू! नागरिकहरू!

हिजो राती जनताका शत्रुहरूले आक्रमण सुरु गरेका छन्। सैनिक स्टाफ-का कर्निलोभपन्थीहरू शहरको बाहिरी हिस्सामा युङ्केरहरू र स्वयंसेवक बटालियनहरूलाई ल्याउने प्रयास गर्दै छन्। ओरानियेनबाउमका **युङ्केरहरू र चार्सकोये सेलोका** स्वयंसेवकहरूले बाहिर निस्कन अस्वीकार गरेका छन्। पेत्रोग्राद सोभियतमाथि एक प्रबल गद्दारीपूर्ण प्रहार गर्ने योजना बनाइँदै छ... प्रतिक्रान्तिकारीहरूको अभियान **अखिल रसियाली महाधिवेशनको विरुद्ध** एक त्यस्तो समयमा निर्देशित छ, जब यसको अधिवेशन सुरु हुँदै छ। यो **संविधान सभाको विरुद्ध, जनताको विरुद्ध** निर्देशित छ। पेत्रोग्राद सोभियत क्रान्तिको रक्षा गर्दै छ। सैनिक क्रान्तिकारी समितिको निर्देशनमा षड्यन्त्रकारीहरूको आक्रमण छिन्नभिन्न पार्ने तयारी हुँदै छ। पेत्रोग्रादको सम्पूर्ण गैरिसन र सर्वहारावर्ग जनताका शत्रुहरूमाथि जोरदार प्रहार गर्न तयार छ।

सैनिक क्रान्तिकारी समिति आदेश दिन्छ –

१) सबै रेजिमेन्टहरू, डिभिजनहरू तथा सामरिक जहाजहरूका समिति-हरूले सोभियत कमिसारहरूको उपस्थितिमा र सबै क्रान्तिकारी सङ्गठन-हरूले लगातार बैठकहरू गरुन् र उनीहरूले षड्यन्त्रकारीहरूका योजना-हरूबारे सम्पूर्ण सूचना सङ्कलन गरुन्।

२) समितिको अनुमतिबेगर एक जना सिपाहीले पनि आफ्नो डिभिजन नछोडोस्।

३) प्रत्येक सैनिक युनिटबाट दुई जना र प्रत्येक वार्ड-सोभियतबाट पाँच जना प्रतिनिधि अविलम्ब स्मोल्नी पठाइयुन्।

४) पेत्रोग्राद सोभियतका सबै सदस्यहरू र अखिल रसियाली महाधि-वेशनका सबै प्रतिनिधिहरू एक असाधारण सभाको लागि अविलम्ब स्मोल्नीमा उपस्थित होउन्।

प्रतिक्रान्तिले आफ्नो विषालु टाउको उठाएको छ।

सिपाहीहरू तथा मजदुरहरूका समस्त विजयहरू तथा आकाङ्क्षाहरूमाथि ठूलो खतरा उत्पन्न भएको छ।

परन्तु क्रान्तिको शक्ति यसका शत्रुहरूको शक्तिभन्दा कता हो कता बढी छ।

जनहित शक्तिशाली हातमा छ। षड्यन्त्रकारीहरूलाई नष्ट पारिनेछ।

हिचकिचाहट अथवा आशङ्काले स्थान पाउनु हुँदैन। अविचल दृढता, अनुशासन तथा दृढ सङ्कल्प देखाउनोस्!

इन्क्लाब जिन्दाबाद!

सैनिक क्रान्तिकारी समिति।"

स्मोल्नीमा, जुन यी आँधीबेरीपूर्ण घटनाहरूको केन्द्रबिन्दु बनेको थियो, पेत्रोग्राद सोभियतको बैठक लगातार चल्दै थियो। सोभियतका प्रतिनिधिहरू निद्राले विवश भएर त्यहीँ भुइँमा सुत्थे र बिउँझेपछि फेरि बहसमा भाग लिन्थे। त्रोत्स्की, कामेनेभ, भोलदार्स्की दिनको छ, आठ र बाह्र घण्टासम्म पनि बोल्दथे।

म पहिलो तल्लाको १८ नम्बरको कोठामा गएँ। यहाँ बोल्शेभिक प्रति-निधिहरूको बेग्लै बैठक चल्दै थियो। निरन्तर एउटा कड्किलो आवाज सुनि-न्थ्यो, तर वक्ताको अनुहार भीडले छेकिएको थियो। उनी भन्दै थिए – "सम्झौ-तापरस्तहरू भन्दै छन्, हामी जनताबाट अलग्गिएका छौँ। उनीहरूको

कुरामा ध्यान नदिनोस्। कारबाई सुरु हुनासाथ उनीहरू हामीप्रति तानिन बाध्य हुनेछन् अन्यथा उनीहरूले आफ्ना सबै अनुयायीहरू गुमाउनेछन्।"

यति भन्दै उनले हात उठाएर एक टुक्रा कागत देखाए। "हेर्नोस्, कसरी हामी उनीहरूलाई आफूतिर तान्दै छौं। भर्खरै मात्र मेन्शेभिकहरू र समाजवादी-क्रान्तिकारीहरूले एउटा सन्देश पठाएका छन्! उनीहरू भन्दछन्, उनीहरू हाम्रो कारबाईको भर्त्सना गर्दछन्, परन्तु यदि सरकारले हामीमाथि हमला गरेको खण्डमा उनीहरूले सर्वहाराहितको विरोध गर्ने छैनन्!" हर्षपूर्ण कोलाहल सुनिन्छ।

रात पर्न थालेपछि स्मोल्नी भवनको ठूलो हल सिपाहीहरू र मजदुरहरूले भरियो—एक विशाल कैलो भीड, जसको आवाज धुवाँको बाक्लो बादलमा गुञ्जिँदै थियो। पुरानो चेइकले अन्ततोगत्वा त्यस नयाँ महाधिवेशनको स्वागत गर्ने निर्णय गरेको थियो, जसको अधिवेशन उसको आफ्नो सर्वनाश थियो र सम्भवतः त्यस क्रान्तिकारी व्यवस्थाको पनि सर्वनाश थियो, जसको यसले निर्माण गरेको थियो। परन्तु अहिले जुन बैठक सुरु हुँदै थियो, त्यसमा चेइकका सदस्यहरूले मात्र मतदान गर्न पाउँदथे।

जब गोचले सभापतिको आशन ग्रहण गरे र दान बोल्नको लागि उभिए, आधारात बितिसकेको थियो। हलमा सन्नाटा फैलिएको थियो, तर यो त्यस्तो सन्नाटा थियो, जसले भयभीत तुल्याउँदथ्यो।

"वर्तमान समय अति दुःखमय देखिन्छ", उनले भने। "शत्रु पेत्रोग्रादको ढोकामा उभिएको छ, प्रजातान्त्रिक शक्तिहरू शत्रुको सामना गर्न सङ्गठित हुने प्रयास गर्दै छन्, तैपनि हामी राजधानीका सडकहरूमा रक्तपातको अपेक्षा गर्दै छौं र भोकमरीले हाम्रो सरकारलाई मात्र होइन, स्वयम् क्रान्तिलाई नै निल्ला जस्तो छ।

"जनसाधारण अति थाकिसकेको छ र रूष्ट छ। उनीहरूलाई क्रान्तिप्रति कुनै आकर्षण छैन। यदि बोल्शेभिकहरूले कुनै कारबाई सुरु गरे भने त्यो क्रान्तिकै अन्त्य ठहरिनेछ... (आवाजहरू सुनिन्छन्—"यो कुरा झूटो हो!") "प्रतिक्रान्तिकारीहरू बोल्शेभिकहरूसँगसँगै हूलदङ्गा र रक्तपात मच्चाउन तयार भएर बसेका छन्... यदि कुनै भिस्तुप्लेनिये सुरु भयो भने कुनै पनि संविधान सभा बस्न सक्दैन... (आवाज आउँछ—"झूटो कुरा हो! लाज लाग्दैन!")

"युद्धक्षेत्रमा हुँदाहुँदै पनि पेत्रोग्राद गैरिसनले सैनिक स्टाफको आदेश पालना गर्न अस्वीकार गरेको छ–यो कुरा असहनीय छ... तपाईंहरूले सैनिक स्टाफ र तपाईंहरू आफैंद्वारा निर्वाचित चेइकको आदेश पालना गर्नपर्छ। सम्पूर्ण सत्ता सोभियतहरूलाई, यस नाराको अर्थ हो–सर्वनाश! चोर डाँकाहरू लुटमार गर्ने मौका पर्खेर बसेका छन्... जब तपाईंहरू "घरभित्र पस, पुँजीपतिहरूसँग उनीहरूका जुत्ताहरू र लुगाफाटा खोसखास पार" भन्ने नारा दिनुहुन्छ (सोरगुल, आवाजहरू–"यो कुरा झूटो हो, यस्तो कुनै नारा दिइएको छैन!") "हुनसक्छ, यो कुरा अर्को किसिमले सुरु होला, तर अन्त्य यस्तै किसिमको हुनेछ!

"चेइकलाई कारबाई गर्ने पूर्ण अधिकार छ र यसको आज्ञा पालना गरिनुपर्छ... हामीलाई सङ्गीनले तर्साउन सकिँदैन... चेइकले आफ्नो शरीरले छेकेर क्रान्तिको रक्षा गर्नेछ..." (आवाजहरू–"कहाँ छ शरीर, त्यो त धेरै पहिले नै मरिसकेको छ!")

भयङ्कर कोलाहल थियो, यस कोहोलोमा दानको चित्कार सुनियो र उनले टेबुल ठोक्दै भने, "जो यस कार्यको लागि उक्साउँदै छन्, उनीहरूले एक भयङ्कर अपराध गर्दै छन्!"

एउटा आवाज–"तपाईंहरूले धेरै पहिले नै अपराध गरिसक्नुभएको छ, जब तपाईंहरूले सत्ता हत्याउनुभएको थियो र त्यो सत्ता बुर्जुवावर्गको हातमा सुम्पनुभएको थियो!"

गोचले सभापतिको घण्टी बजाउँदै भने–"चुप लाग्नोस्, अन्यथा म तपाईंलाई निकालिदिन्छु!"

त्यही आवाज–"कोशिश गरेर त हेर्नोस्!" (ताली र सिटी)।

"अब हाम्रो शान्ति नीतिबारे दुई शब्द"। (हाँसो)। "दुर्भाग्यवश रसियाको लागि अब लडाइँ जारी राख्ने कुरा मान्य हुन सक्दैन। शान्ति स्थापित हुँदै छ, तर त्यो स्थायी शान्ति हुने छैन, प्रजातान्त्रिक शान्ति हुने छैन... आज गणतन्त्र परिषद्मा हामीले रक्तपातबाट बच्नको लागि एउटा प्रस्ताव पारित गर्‍यौं, जसमा हामीले भूमि समितिहरूको हातमा भूमि सुम्पने र अविलम्ब शान्ति वार्ता सुरु गर्ने माग गरेका छौं..." (हाँसो, आवाजहरू–"धेरै ढिलो भइसक्यो!")

तत्पश्चात् बोल्शेभिकहरूको तर्फबाट बोल्नको लागि त्रोत्स्की मञ्चतिर लागे। प्रचण्ड जयघोषद्वारा उनको स्वागत गरियो। मानिसहरूले उभेर ताली बजाउन थाले। उनको दुब्लो पातलो, तीखो अनुहारमा यस्तो द्वेषपूर्ण

व्यङ्ग्यको भावना अङ्कित थियो, यस बेला उनको मुखाकृति साँच्चै नै दानवीय प्रतीत हुन्थ्यो।

"दानको कार्यनीतिले के कुरा प्रमाणित गर्दछ भने यो विशाल जन-समुदाय–मूढ र जड जनसमुदाय–पूर्णतः उनको पछि लागेको छ!" (हाँसोको फोहरा छुट्छ)। सभापतितिर नाटकीय ढङ्गले हेर्दै उनी भन्दछन्, "हामीले किसानहरूलाई जमिन दिनुपर्छ भन्दा तपाईंहरूले यस कुराको विरोध गर्नुभयो। हामीले किसानहरूलाई भन्यौं, 'यदि उनीहरू तपाईंहरू-लाई जमिन दिँदैनन् भने तपाईंहरू आफै त्यो जमिन कब्जा गर्नोस्!' अब किसानहरूले हाम्रो सल्लाहअनुसार काम गर्न थालेपछि तपाईंहरूले त्यही कुरा गर्न थाल्नुभएको छ, जुन कुरा हामीले ६ महिनाअगि नै गरिसकेका थियौं।

"आफ्नो कुनै आदर्शको पालना गर्न केरेन्स्कीले सेनामा मृत्युदण्ड बदर गर्ने आदेश दिएका हुन् भन्ने मेरो धारणा छैन। मेरो विचारमा पेत्रोग्राद गैरिसनले उनको आदेश पालना गर्न अस्वीकार गरेर उनलाई यसो गर्न बाध्य तुल्याएका हुन्।

"आज दानमाथि के आरोप लगाइएको छ भने गणतन्त्र परिषद्मा उनले जुन भाषण गरेका थिए, त्यसबाट उनी छद्मभेषी बोल्शेभिक हुन् भन्ने कुरा प्रमाणित हुन्छ... त्यस्तो पनि बेला आउन सक्दछ, जब दानले भन्नेछन्–१६ ५ १८ जुलाई (३ र ५ जुलाई) को विद्रोहमा क्रान्तिका सुयोग्य सपूतहरूले भाग लिएका थिए... आज गणतन्त्र परिषद्मा पारित दानद्वारा प्रस्तुत प्रस्तावना सेनामा अनुशासनको सुदृढीकरणबारे केही चर्चा गरिएको छैन, यद्यपि उनको पार्टीको प्रचारमा यस कुराले निकै महत्त्वपूर्ण स्थान ओगटेको छ।

होइन। गत सात महिनाको इतिहासले देखाउँछ आम जनताले मेन्शे-भिकहरूको कुरा सुन्न छोडिसकेका छन्। मेन्शेभिकहरू र समाजवादी-क्रान्ति-कारीहरूले कादेतहरूलाई हराए, तर जब सत्ता उनीहरूको हातमा आयो, उनीहरूले यो सत्ता कादेतहरूलाई सुम्पे।

"दान तपाईंहरूलाई भन्दछ, तपाईंहरूलाई विद्रोह गर्ने अधिकार छैन। विद्रोह प्रत्येक क्रान्तिकारीको पवित्र अधिकार हो! जब पददलित जनताले विद्रोह गर्दछ, उसले आफ्नो अधिकार प्रयोग गर्दछ।"

त्यसपछि लाम्चो अनुहार भएको मुखाले लिबेर बोल्न उभिए। हाँसो

र व्यङ्ग्यपूर्ण "वाह! वाह!" द्वारा मानिसहरूले उनको स्वागत गरे। लिबेरले भने–

"मार्क्स र एङ्गेल्सले भन्नुभएको छ, त्यस बेलासम्म सर्वहारावर्गलाई सत्ता हातमा लिने अधिकार हुँदैन, जबसम्म ऊ यस सत्ताको लागि परिपक्व भइसक्दैन। हाम्रोजस्तो बुर्जुवा क्रान्तिमा... जनसाधारणद्वारा सत्ता ग्रहणको अर्थ हुनजान्छ–क्रान्तिको दुःखान्त... एक सामाजिक-जनवादी सिद्धान्तकारको रूपमा स्वयम् त्रोत्स्की त्यस कुरामा विश्वास गर्दैनन्, जुन कुराको उनी आज यहाँ समर्थन गर्दै छन्..." (आवाजहरू–"पुग्यो अब!" "मुर्दाबाद!")

त्यसपछि मार्तोभले भाषण गर्न थाले, स्रोताहरू बीचबीचमा चिच्च्याउँदै उनको भाषण रोक्दथे। "अन्तर्राष्ट्रियतावादीहरू जनवादी शक्तिहरूको हातमा सत्ता हस्तान्तरणको विरोधी होइनन्, उनीहरू बोल्शेभिकहरूले अनुसरण गरेका तरिकाका विरोधी हुन्। यो सत्ता कब्जा गर्ने मौका होइन।"

दान फेरि बोल्नको लागि उभिए र उनले सैनिक क्रान्तिकारी समिति-द्वारा 'इज्भेस्चिया' समाचारपत्रको कार्यालय कब्जा गर्ने र त्यस समाचार-पत्रको सेन्सर गर्न एक कमिसार पठाइएको कुराको घोर विरोध गरे। त्यस-पछि ठूलो होहल्ला मच्चियो। मार्तोभ केही कुरा भन्दै थियो, तर हल्लाले गर्दा उसको आवाज सुनिएन। सम्पूर्ण हलभरि सेना तथा बाल्टिक नौसेनाका प्रतिनिधिहरू उभिए र उनीहरू चिच्याउन थाले–सोभियत हाम्रो सरकार हो।

यस भयङ्कर सोरगुलबीच एर्लिखले* एउटा प्रस्ताव प्रस्तुत गरे, जसमा मजदुर तथा सैनिकहरूलाई शान्त रहने र प्रदर्शन गर्न आह्वान गर्ने हुल्लड-बाजहरूको कुरा नसुन्ने अनुरोध गरिएको थियो, अविलम्ब एक सार्वजनिक सुरक्षा समितिको स्थापना गर्ने आवश्यकता स्वीकार गरिएको थियो, साथ-साथै अस्थायी सरकारसँग भूमि किसानहरूलाई सुम्पन अविलम्ब आज्ञप्तिहरू जारी गर्ने र शान्तिवार्ता सुरु गर्ने माग गरिएको थियो।

यो प्रस्ताव आएपछि भोलदार्स्की जुरुक्क उभियो र कड्किँदै भन्यो, यस बेला, जब महाधिवेशन बस्दै छ, चेइकलाई महाधिवेशनको उत्तरदायित्व आफूमाथि लिने कुनै अधिकार छैन। उनले भने, चेइक वस्तुतः मरिसकेको छ र यो प्रस्ताव चेइकको क्षीणप्राय सत्ता थामथुम पार्ने एउटा चाल मात्रै हो।

"हामी बोल्शेभिकहरू यस प्रस्तावमाथि हुने मतदानमा भाग लिन्नौँ!"

---

*एर्लिख–एक मेन्शेभिक नेता।–सं०

यसपछि सबै बोल्शेभिकहरू सभागृहबाट बाहिर निस्के र त्यो प्रस्ताव पारित भयो।

बिहान झण्डै चार बजेतिर बाहिर बरन्डामा जोरिनसँग मेरो भेट भयो। उनको काँधमा बन्दुक झुण्डिएको थियो।

"हामीले आफ्नो काम सुरु गर्‍यौं।" (७), उनले शान्त भावले तर निकै सन्तुष्टिसाथ मलाई भने। "हामीले सहायक न्यायमन्त्री तथा धार्मिक मामिलासम्बन्धी मन्त्रीलाई गिरफ्तार गरिसकेका छौं। उनीहरू तहखानामा थुनिएका छन्। एउटा रेजिमेन्ट टेलिफोन एक्सचेन्ज कब्जा गर्न गएको छ, अर्को आकाशवाणीतिर गएको छ र तेस्रो राष्ट्र बैङ्कतिर। लाल गार्ड सडकमा निस्किसकेको छ।

स्मोल्नीको सिँढीमा, त्यस चीसो अन्धकारमा हामीले पहिलो पटक लाल गार्डलाई देख्यौं—मजदुरहरूको पहिरनमा, सङ्गिनदार बन्दुक बोकेका नवयुवकहरू गुजमुज्जिएर उभेका थिए र आवेशपूर्वक कुरा गर्दै थिए।

टाढा पश्चिममा मौन छानाहरूबाट यदाकदा गोली छुटेको आवाज आउँथ्यो। त्यहाँ युङ्केरहरू नेभा नदीको पुल खोल्ने प्रयास गर्दै थिए, जसले गर्दा भिबर्ग बस्तीका मिल मजदुरहरू तथा सिपाहीहरू नदीको पारिपट्टि रहेका सोभियत शक्तिहरूसँग मिसिन नपाउन्, तर क्रोन्श्ताद्तका नौसैनिक-हरूले फेरि पुल जोडिदिए।

हाम्रो पछाडि बत्तीले जगमगाइरहेको विराट् स्मोल्नी भवन माहुरीको चाकाजस्तै हुनहुनाउँदै थियो।

चौथो अध्याय

अस्थायी सरकारको पतन

बुधवार ७ नोभेम्बर (२५ अक्टोबर) को दिन म निकै अबेला बिउँझें। म नेभ्स्की मार्गमा पुग्दा पेत्रोपाभ्लोभ्स्काया किल्लाबाट दिउँसो बान्ह बजेको तोप पडकेको आवाज आयो। निकै जाडो थियो र ओसिलो मौसम थियो। राष्ट्र बैंकसामुन्ने बन्द ढोकाबाहिर सङ्गिनदार बन्दुक बोकेका केही सिपाहीहरू उभिएका थिए।

"तपाईंहरू कतातिरका?" मैले सोधें, "सरकारतिरका त होइन?"

"अब कुनै सरकार-फरकार छैन", एक जना सिपाहीले हाँस्दै भन्यो। "**स्लाभा बोगु**! इश्वरको कृपा हो!" यसभन्दा बढी उसबाट कुनै कुरा थुत्न सकिएन।

नेभ्स्की मार्गमा ट्राम गाडीहरू आवत-जावत गर्दै थिए। ट्राम गाडीमा खुट्टा टेक्नेसम्म कतै ठाउँ थिएन। त्यो गाडी लोग्नेमान्छे, स्वास्नीमान्छे र बच्चाहरूले खचाखच भरिएको थियो। सबै पसलहरू खुला थिए र सडकमा हिँडिरहेका मानिसहरू हिजोभन्दा कम चिन्तित देखिन्थे। रातभरिमा पर्खाल-हरूमा विद्रोहको विरुद्ध अपिलहरूको पूरै "बाली" तयार भइसकेको थियो। यी अपिलहरूमा किसानहरू, मोर्चाका सिपाहीहरू र पेत्रोग्रादका मजदुरहरूलाई सम्बोधन गरिएका थियो। एउटा अपिल यस प्रकारको थियो —

"**पेत्रोग्राद नगर दुमाको तर्फबाट**

नगर दुमा नागरिकहरूलाई सूचित गर्दछ, २४ अक्टोबरको दिन एक असाधारण बैठकमा दुमाले केन्द्रीय तथा वार्ड दुमाहरूका सदस्यहरू तथा निम्नलिखित क्रान्तिकारी जनवादी सङ्गठनहरूका प्रतिनिधिहरू सम्मिलित एक सार्वजनिक सुरक्षा समिति गठन गरेको छ — चेइक, किसान प्रतिनिधि-हरूको अखिल रसियाली कार्यकारिणी समिति, सैनिक सङ्गठन, **चेन्त्रोफ्लोत**,

मजदूर तथा सैनिक प्रतिनिधिहरूको पेत्रोग्राद सोभियत, ट्रेड युनियन परिषद् तथा अन्य सङ्गठनहरू।

सार्वजनिक सुरक्षा समितिका सदस्यहरू नगर दुमाको भवनमा ड्युटीमा बस्नेछन्। सोधपुछको लागि टेलिफोनहरू – १५-४०; २२३-७७; १३८-३६"।

यो सूचना वस्तुतः बोल्शेभिकहरूको विरुद्ध दुमाको युद्ध-घोषणा थियो, यद्यपि त्यस बेला मैले यो कुरा बुझेको थिइन।

मैले 'राबोची पुच' समाचारपत्रको एक प्रति किनें, अरू कुनै समाचारपत्र बिक्री भएको देखिएन, केही बेरपछि ५० कोपेक तिरेर मैले एक जना सिपाहीसँग 'जेन' समाचारपत्रको प्रति किनें। 'रूस्काया भोल्या' समाचारपत्रको कार्यालय कब्जा गरिसकेपछि त्यहाँ ठूलो आकारको कागतमा छापिएको यस बोल्शेभिक समाचारपत्रमा ठूलठूला अक्षरले लेखिएको थियो – "**सबै सत्ता मजदुर, सैनिक तथा किसानहरूका सोभियतहरूलाई! शान्ति! रोटी! जमिन!**" अग्रलेखमा जिनोभ्येभको* हस्ताक्षर थियो, जो लेनिनजस्तै गुप्तबासमा थिए। अग्रलेख यसरी सुरु हुन्छ –

"प्रत्येक सैनिक, प्रत्येक मजदुर, प्रत्येक सच्चा समाजवादी, प्रत्येक इमानदार जनवादीले वर्तमान अवस्थामा मात्र दुई विकल्प छन् भन्ने कुरा बुझेको छ।

"या त राज्यसत्ता बुर्जुवा-जमिनदार गिरोहको हातमा कायम रहनेछ र यसको अर्थ हुनेछ – मजदुरहरू, सैनिकहरू, किसानहरूमाथि हर प्रकारको दमन यथावत् कायम रहनेछ, लडाइँ जारी रहनेछ, भोकमरी र मृत्यु अनिवार्य हुनेछन्।

"या त राज्यसत्ता क्रान्तिकारी मजदुरहरू, सैनिकहरू तथा किसानहरूको हातमा सर्नेछ, जुन अवस्थामा सामन्ती अत्याचार पूर्णतः निर्मूलित हुनेछ, पुंजीजीवीहरूको गतिविधिमाथि अविलम्ब नियन्त्रण कायम गरिनेछ, तुरुन्तै एक न्यायपूर्ण शान्ति सन्धिको प्रस्ताव राखिनेछ; तत्पश्चात् किसानहरूले सधैँको लागि जमिन पाउनेछन्, उद्योगधन्दामाथि मजदुरहरूको नियन्त्रण सुनिश्चित हुनेछ, भोकाहरूले रोटीको लागि पीर मान्नु पर्ने छैन, यस निरर्थक युद्धको अन्त्य हुनेछ!"

---

*यो कुरा गल्ती हो। यो अग्रलेख सन् १९१७ को ७ नोभेम्बर (२५ अक्टोबर) को दिन **विनाहस्ताक्षर** 'राबोची पुच' मा प्रकाशित भएको थियो। यो लेख कसले लेखेको हो भन्ने कुरा अज्ञात छ। – **सं०**

'जेन' मा त्यस अशान्त रातबारे केही छिटपुट समाचारहरू छापिएका थिए – बोल्शेभिकहरूले टेलिफोन एक्स्चेन्ज, आकाशवाणी अड्डा, बाल्टिक स्टेसन कब्जा गरे; पेतेरगोफका युङ्केरहरू पेत्रोग्राद पुग्न सकेनन्; कजाकहरू अझै पनि दोधारमा परेका छन्; कतिपय मन्त्रीहरू गिरफ्तार भए; नगर मिलिसियाका अध्यक्ष मेयरलाई गोली हानेर मारियो; गिरफ्तारीहरू र अर्को पक्षबाट प्रत्युत्तर गिरफ्तारीहरू; दुवै पक्षका रमनहरू, सैनिकहरू, युङ्केरहरू र लाल गार्डहरूबीच मुठभेट (१)*।

मस्कोया मार्गको मोडमा मेन्शेभिक-**आबारोनेच** (प्रतिरक्षावादी) तथा मेन्शेभिक पार्टीको सैनिक शाखाका सचिव कप्तान गोम्बेर्गसँग मेरो भेट भयो। के साँच्चै विद्रोह भएको हो भनेर सोध्दा उसले काँध खुम्च्याउँदै थकित स्वरमा जवाफ दियो, "**च्योर्त ज्नाइत**! ("शैतानलाई थाहा होला!") हुनसक्छ बोल्शेभिकहरूले सत्ता आफ्नो हातमा लेलान्, तर उनीहरूले तीन दिनभन्दा बढी सत्ता थाम्न सक्दैनन्। सरकार चलाउन उनीहरूसँग मान्छे छैन। हुनसक्छ, उनीहरूलाई सरकार चलाउने मौका दिए नै बेस होला। यस प्रयासले उनीहरूलाई खतम पार्नेछ"।

इसाकियेभ्स्काया मैदानको छेउमा रहेको सैनिक होटेल हतियारबन्द नौसैनिकहरूद्वारा घेरिएको थियो। होटेलको हलमा कतिपय ठाँटिला युवा अफिसरहरू ओहोरदोहोर गर्दै थिए अथवा आपसमा कानेखुसी गर्दै थिए; नौसैनिकहरूले उनीहरूलाई बाहिर निस्कन मनाही गरेका थिए।

बाहिरबाट एक्कासी गोली छुटेको चर्को आवाज आयो र त्यसपछि छिटपुट गोलीबारीको आवाज आउन थाल्यो। म दौड्दै बाहिर निस्कें। मारिइन्स्की प्रासादनेर, जहाँ रसियाली गणतन्त्र परिषद्को बैठक चल्दै थियो, कुनै असाधारण घटना घट्दै थियो। त्यहाँ सिपाहीहरू त्यस ठूलो मैदानको एक छेउबाट अर्को छेउसम्म डायगनले रेखामा पङ्क्तिबद्ध थिए, उनीहरूको हातमा बन्दुक थियो र उनीहरू गोली हिर्काउन तयार थिए, उनीहरूको दृष्टि होटेलको छततिर फर्किएको थियो।

"**प्रोभोकाचिया**! (जिस्क्याउँदै छन्!) हामीमाथि गोली चलाए!" एक जना सिपाहीले रिसाउँदै भन्यो, अर्को सिपाही ढोकातिर दौड्यो।

दरबारको पश्चिमी कुनामा एउटा ठूलो बख्तरबन्द गाडी थियो। गाडीमा एउटा रातो झण्डा फरफराइरहेको थियो र त्यसमा हालसालै मात्र रातो

---

*हेर्नोस् यस अध्यायको परिशिष्टमा दिइएका टिप्पणीहरू।

अक्षरले लेखिएको थियो "यस० येर० यस० दे०" (**सोभियेत राबोचिख इ सल्दात्स्किख देपुतातभ**); गाडीका सबै तोपहरू इसाकियेभ्स्की गिर्जाघर-तिर फर्काइएका थिए। नोभया उलित्सा (नयाँ सडक) को सुरुमै बैरिकेड बनाइएको थियो—बाकसहरू, पीपाहरू, एउटा पुरानो स्प्रिङ्दार बिछौना, एउटा व्यागन—सब कुरा प्रयोग गरिएको थियो। मोइका घाटको अन्त्यमा पनि ढुङ्गामुढाहरू थुपारेर बाटो बन्द गरिएको थियो। नजिकैको दाउराको रासबाट दाउरा ल्याएर घरअगाडि रेलिङ्जस्तो बनाइएको थियो।

"के लडाइँ सुरु हुँदै छ?"—मैले सोधेँ।

"छिटै सुरु होला?"—मैले सोधेँ।

"छिटै सुरु हुन्छ", एक जना सिपाहीले उत्तेजित स्वरमा जवाफ दियो। "कमरेड, तपाईं यहाँबाट जानोस्, गोली लाग्न सक्छ। उनीहरू, ऊ त्यता-तिरबाट आउँछन्"—उसले एडमिरेल्टी भवनतिर औंलाले इशारा गर्दै भन्यो।

"को आउँछ?"

"भाइ, यो कुरा मलाई थाहा छैन," उसले जवाफ दियो र थुक्यो।

दरबार ढोकासामुन्ने सिपाहीहरू तथा नौसैनिकहरूको भीड लागेको थियो। एक जना नौसैनिक कसरी गणतन्त्र परिषद्को अन्त्य भयो भन्ने कुरा बताउँदै थियो। "हामी भित्र पस्यौं," ऊ भन्दै थियो, "र सबै ढोकाहरूमा हाम्रा कमरेडहरू उभिए। सभापतिको आसनमा प्रतिक्रान्तिकारी कर्निलोभ-पन्थी बसेका थिए। मैले उसको नजिक गएर भनें 'अब तिमीहरूको परिषद्-गरिषद् खतम भयो, घरतिर लाग!'"

यो कुरा सुनेर सबै हाँसे। आफ्ना नानाथरीका कागतपत्रहरू देखाएर कुनै तरिकाले म प्रेस ग्यालरीको ढोकासम्म पुग्न सफल भएँ। त्यहाँ एक जना हट्टाकट्टा हँसिलो अनुहार भएको नौसैनिकले मेरो बाटो छेक्यो। जब मैले आफ्नो अनुमतिपत्र देखाएँ, उसले बस यत्तिकै भन्यो, "कमरेड, तपाईं स्वयम् सन्त मिखाइल भए पनि यहाँबाट भित्र पस्न सक्नुहुन्न।" ढोकाको पेनापछाडि एक फ्रान्सेली सम्वाददाता, जसको अनुहार विकृत हुँदै थियो, जोरजोरले हात हल्लाउँदै आफ्नो कुरा बुझाउने प्रयास गर्दै थियो। ऊ भित्र-तिर थुनिएको थियो।

सामुन्ने एउटा होचो कदको, कैलो जुङ्गा भएको जर्नेलको वर्दी लगाए-को मानिस केही सिपाहीहरूको बीचमा उभिएको थियो। उसको मुख रिसले रातो थियो।

"म जर्नेल अलेक्सेयेभ हुँ"—उसले चिच्च्याउँदै भन्यो। "तपाईंहरूको

माथिल्लो अफिसर र गणतन्त्र परिषद्को सदस्यको रूपमा म माग गर्दछु, तपाईंहरू मलाई भित्र पस्न दिनोस्!" गार्डले टाउको कन्यायो र अप्ठेरो मान्दै अर्कोतिर हेऱ्यो। उसले एक जना अफिसरलाई इशाराले डाक्यो, जो त्यतैतिर आउँदै थियो। आफ्नो अगाडि को उभिएको छ भन्ने थाहा पाएपछि त्यो अफिसर निकै हडबडायो र उसले अनजानमै सलाम ठोक्यो।

"भाशे भिसोकोप्रेभास्खाजिचेल्सत्भो" (महामान्य) – उसले भकभकाउँदै पुरानो व्यवस्थाको अदब देखाउँदै सम्बोधन गऱ्यो, "दरबारभित्र पस्न मनाही छ, मलाई कुनै अधिकार छैन –"

त्यसै बेला एउटा मोटर आइपुग्यो, मैले देखें मोटरभित्र गोच बसेका थिए, उनी निकै रमाउँदै मुस्कुराइरहेका थिए। केही बेरपछि अगाडिको सिटमा हतियारबन्द सिपाहीहरू बसेको अर्को मोटर आइपुग्यो। त्यस मोटरमा अस्थायी सरकारका गिरफ्तार सदस्यहरू राखिएका थिए। त्यसै बेला सैनिक क्रान्तिकारी समितिका लात्भियाली सदस्य पेतेर्स हतारहतार मैदान पार गर्दै त्यहाँ आइपुगे।

"मेरो विचारमा हिजो राती नै तपाईंहरूले यी सबै महानुभावहरूलाई गिरफ्तार गर्नुभएको होला," मैले ती गिरफ्तार व्यक्तिहरूतिर देखाउँदै भनें।

"धत्तेरी," उसले एक असन्तुष्ट केटोको अनुहार लाउँदै भन्यो। "हामीले केही निर्णय गरिहाल्नुभन्दा पहिले यी बेवकुफहरूले धेरैलाई छोडिसकेका थिए।"

भज्निसेन्स्की मार्गमा नौसैनिकहरूको एक ठूलो सङ्ख्या पङ्क्तिबद्ध रूपमा जाँदै थिए, उनीहरूको पछाडि सिपाहीहरू मार्च गर्दै गइरहेका थिए, त्यस कतारको अन्त्य देखिँदैनथ्यो।

हामी एडमिरेल्टी भवन हुँदै शिशिर प्रासादतिर लाग्यौं। दरबार मैदान पुग्ने सबै बाटाहरू हतियारबन्द सिपाहीहरूले रोकेर राखेका थिए। सिपाहीहरूको वरिपरि नागरिकहरूको एक अशान्त भीड जम्मा भएको थियो। टाढा सिपाहीहरू दरबारको चोकबाट दाउरा ल्याउँदै मूल ढोकासामुन्ने जम्मा गर्दै थिए, यसबाहेक चारैतिर वातावरण शान्त थियो।

हामीले बुझ्न सकेनौं, यी पालो दिएर बसेका सिपाहीहरू सरकारका समर्थक हुन् वा सोभियतहरूका। हामीले स्मोल्नीमा जुन अनुमतिपत्रहरू पाएका थियौं, त्यहाँ ती सबै बेकार साबित भए। त्यसपछि अर्कोतिरबाट खूब रोबसाथ नहिचकिचाइ अगि बढ्यौं र आफ्नो अमेरिकी पासपोर्ट देखाउँदै

भन्यौँ, "सरकारी काम छ!" हामी मान्छेहरूलाई घचेट्दै भित्र पस्यौँ। दरबारको ढोकामा तिनै पुराना श्वेचारहरू (दरबानहरू) ले, जसले पित्तलका टाँक र रातो–सुनौला कठालो भएको नीलो बर्दी लगाएका थिए, शिष्टतापूर्वक हाम्रो टोप र ओभरकोट लिए। हामी माथिल्लो तल्लामा गयौँ। अँध्यारो बरन्दामा, जहाँबाट सबै पर्दाहरू हटाइएका थिए, केही पुराना बैठकेहरू यताउता हिँडिरहेका थिए, केरेन्स्कीको अफिसको ढोकाअगाडि एक जना युवा अफिसर आफ्नो जुङ्गा टोक्दै ओहोरदोहोर गरिरहेको थियो। हामीले ती अफिसरलाई सोध्यौँ, के हामी मन्त्रि-अध्यक्षको अन्तर्वार्ता लिन सक्छौँ? उनले शिष्टतापूर्वक सलाम ठोके।

"माफ गर्नुहोला, मिल्दैन", उनले फ्रेन्च भाषामा जवाफ दिए। "अहिले अलेक्सान्दर फ्योदोरोभिच अति व्यस्त हुनुहुन्छ..." उनले एक छिन हामीतिर हेरे र फेरि भने, "वास्तवमा उहाँ अहिले यहाँ हुनुहुन्न।"

"कहाँ जानुभयो?"

"उहाँ मोर्चामा जानुभएको छ (२)। तपाईंलाई थाहा छ, उहाँको मोटरको लागि पर्याप्त पेट्रोलसम्म पनि थिएन। अङ्ग्रेजहरूको अस्पतालमा पेट्रोल सापटी माग्न पठाउनुपऱ्यो।"

"के मन्त्रीहरू यहीँ छन्?"

"उनीहरू कुनचाहिँ कोठामा हो, मिटिङ गर्दै छन्, तर कुन कोठामा हो, मलाई थाहा छैन।"

"के बोल्शेभिकहरू आउँदै छन्?"

"अवश्य। अवश्य, आउँछन्। कुनै पनि बेला टेलिफोनको घण्टी बज्न सक्छ र उनीहरू आइपुगे भन्ने खबर दिन सक्छन्। तर हामी पनि तयार भएर बसेका छौँ। दरबारको अघिल्लो लङमा युङ्केरहरू पालो दिएर बसेका छन्। ऊ त्यहाँ, त्यो ढोकाभित्र।"

"हामी त्यहाँ जान सक्छौँ?"

"हुन्न, कदापि हुन्न। त्यहाँ पस्न मनाही छ।" उनले हतारहतार हामीसँग हात मिलाए र आफ्नो बाटो लागे। हामी त्यो निषिद्ध कोठातिर लाग्यौँ। त्यो कोठा हलमा गारो लगाएर बनाइएको थियो र त्यसको ढोका हामीतिरबाट बन्द गरिएको थियो। भित्रबाट मानिसहरूले कुरा गरेको र हाँसेको आवाज आउँदै थियो। यो आवाजसिवाय त्यस पुरानो राजमहलका विशाल कोठाहरूमा चिहानमा जस्तै सन्नाटा फैलिएको थियो। एउटा बूढो श्वेचार आइपुग्यो र भन्यो–

"हुन्न बारिन (मालिक), त्यहाँ जान मनाही छ!"

"किन ढोका बन्द गरिएको?"

"सिपाहीहरू बाहिर निस्कन नपाउन् भनेर", उसले जवाफ दियो। केही मिनेटपश्चात् ऊ चिया पिउन जान्छु भनेर हलतिर लाग्यो। हामीले ढोका खोल्यौं।

दैलोनेर दुई जना सिपाही पालो बसेका थिए, तर उनीहरूले केही पनि भनेनन्। करिडरको अन्त्यमा एउटा ठूलो खूब सजाइएको कोठा थियो। त्यस कोठाका सबै कर्नेसहरू सुनौला थिए र छतमा ठूलठूला क्रिस्टलका बत्तीदानीहरू झुण्ड्याइएका थिए। त्यस कोठापछि ससाना कोठाहरूको पूरै पङ्क्ति थियो। ती सबै कोठाहरूका भित्ताहरू गाढा रङ्को काठले सजाइएको थियो। काठको भुइँमा दुवैतिर मैला बिछ्यौनाहरू र रगहरूका पङ्क्तिहरू थिए। केही बिछ्यौनाहरूमा सिपाहीहरू पल्टेका थिए। जताततै चुरोटका ठुटाहरू, पाउरोटीका टुक्राहरू र महँगा फ्रान्सेली रक्सीका खाली बोतलहरू छरिएका थिए। युङ्केर स्कूलको रातो बिल्ला लगाएका सिपाहीहरूको भीड बढ्दै थियो। चुरोटको धुवाँ र फोहोर मानव शरीरको त्यस दुर्गन्धपूर्ण गुम्सिएको वातावरणमा मानिसहरू यताउता हिंड्दै थिए। एक जना सिपाहीले सेतो बुर्गुण्डी रक्सीको बोतल समाएको थियो, स्पष्ट थियो त्यो बोतल राजदरबारको तहखानाबाट ल्याइएको हो। ती सिपाहीहरू हामीतिर अचम्भ मान्दै हेरिरहेका थिए। हामीचाहिँ एकपछि अर्को कोठा हेर्दै थियौं र अन्त्यमा हामी त्यस ठाउँमा पुग्यौं, जहाँ ठूलठूला राजकीय स्वागत कक्षहरूको सिलसिला थियो। यी कक्षहरूका बडेमाका मैला झ्यालहरू मैदानतिर फर्केका थिए। भित्ताहरूमा ठूलठूला सुनौला फ्रेममा जडिएका चित्रहरू झुण्डिएका थिए। सबै चित्रहरूमा ऐतिहासिक युद्ध-दृश्यहरू अङ्कित थिए—'१२ अक्टोबर, १८१२', '६ नोभेम्बर १८१२' र '१६-२८ अगस्त, १८१३"... एउटा चित्रको पूरै माथिल्लो दाहिने कुना च्यातिएको थियो।

राजदरबारको त्यो सम्पूर्ण हिस्सा नै कुनै ठूलो ब्यारेकजस्तो देखिन्थ्यो। हप्तौंदेखि यहाँ यही स्थिति छ भन्ने कुरा भुइँ र भित्ताको अवस्थाबाट स्पष्ट हुन्थ्यो। झ्यालका तख्ताहरूमा मेसिनगनहरू राखिएका थिए बिछ्यौनाहरूका बीचमा बन्दुकहरू थुपारिएका थिए।

त्यस बेला जब हामी ती चित्रहरू हेर्दै थियौं मेरो देब्रेपट्टिबाट रक्सीको चर्को दुर्गन्ध आयो र कसैले त्यति राम्रो नभए पनि धाराप्रवाहिक फ्रेन्च भाषामा भन्यो, "तपाईंहरू जुन किसिमले यी चित्रहरू हेर्दै हुनुहुन्छ, त्यस-

बाट मलाई लाग्छ, तपाईंहरू विदेशी हुनुहुन्छ..."। हाम्रोसमुन्ने होचो कदको डल्लेडल्ले खालको मान्छे उभिएको थियो। उसले आफ्नो टोपी फुकाल्दा मैले देखें, उसको टाउको खल्वाटे थियो।

"अमेरिकीहरू रे? बडो खुशी लाग्यो। म श्टाब्स्-क्याप्टेन भ्लादिमिर आर्चिबाशेभ हुँ। म तपाईंहरूको कुनै पनि सेवा गर्न तयार छु..." चार जना अपरिचित व्यक्तिहरू, जसमध्ये एउटी महिला थिइन्, आक्रमणको प्रतिक्षा गरिरहेको सैनिक मोर्चाबीच मस्तीले घुम्दै छन्, यस कुरामा उनले कुनै अस्वाभाविक कुरा देखेनन्। उनले रसियाको हालतबारे गुनासो गर्न थाले।

"कुरा बोल्शेभिकहरूको मात्रै होइन", उनी भन्दै थिए। "दु:खको कुरा त के छ भने रूसी सेनाको उत्कृष्टतम परम्परा नै अस्तव्यस्त भएको छ। आफ्नो वरिपरि त हेर्नोस्। यी सबै सिपाहीहरू अफिसर तालिम केन्द्रका शिक्षार्थीहरू हुन्। त के यिनीहरू घरानियाँ मानिस हुन्? केरेन्स्कीले साधारण मानिसहरूको लागि स्कूलको ढोका खोलिदिए। परीक्षामा उत्तीर्ण हुने कुनै पनि व्यक्तिले स्कूलमा प्रवेश पाउन सक्दछ। स्वभावत: यीमध्ये कतिपय मानिसहरू क्रान्तिको सङ्क्रामक रोगले ग्रस्त छन्।"

आफ्नो कुरा पूरा नगरीकनै उनले अर्को विषयमा कुरा गर्न थाले। "रसियाबाट बसाइँ सर्ने मेरो ठूलो चाहना छ। मैले अमेरिकी सेनामा भर्ना हुने अठोट गरिसकेको छु। के तपाईं कृपया अमेरिकी राजदूतसँग भेटेर मेरो लागि आवश्यक व्यवस्था मिलाइदिन सक्नुहुन्न? म तपाईंलाई आफ्नो ठेगाना दिन्छु।" हामीले अस्वीकार गर्दागर्दै पनि उनले एक टुक्रा कागतमा आफ्नो ठेगाना लेखे र कुनै भारी बिसाएको मान्छेजस्तो उनी तुरुन्तै शान्त देखिए। अझै पनि मसँग त्यो ठेगाना छ—"ओरानियेनबाउम्स्काया श्कोला प्रापर्सिकोभ, नम्बर २, स्तारी पेतेरगोफ"।

हामीलाई एकपछि अर्को कोठा देखाउँदै उनी सबै कुरा बताउँदै थिए। "आज बिहान सबेरै निरीक्षण थियो, महिला बटालियनले सरकारप्रति वफादार रहने निर्णय गरेको छ"।

"महिला सैनिकहरू दरबारमै छन्?"

"हो, उनीहरूलाई भित्री कोठामा राखिएको छ, यदि कुनै गडबडी भैहाल्यो भने पनि उनीहरूलाई चोटपटक लाग्ने छैन," उनले सुस्केरा हाल्दै भने। "वास्तवमा यो ठूलो उत्तरदायित्व हो", उनले भने।

हामीले केही बेरसम्म झ्यालअगाडि उभेर दरबारसामुन्नेको मैदानतिर

हेऱ्यौं। त्यहाँ लामो कोटा लगाएका युङ्केरहरूका तीन कम्पनीहरू हातहतियारले सजिसजाउ भएर पङ्क्तिबद्ध उभिएका थिए र एक जना अग्लो फुर्तिलो अफिसर उनीहरूलाई आदेश दिँदै थियो। मैले त्यस अफिसरलाई चिनें। उनी अस्थायी सरकारको प्रमुख सैनिक कमिसार स्तान्केभिच थिए। केही बेरपछि यी तीन कम्पनीहरूमध्ये दुई कम्पनीले चर्को आवाज निकाल्दै हतियार उठाए र लेफ्ट-राइट गर्दै मैदान पार गरेर लाल गुम्बज* हुँदै त्यो शान्त शहरतिर लागे।

"उनीहरू टेलिफोन एक्स्चेन्ज कब्जा गर्न जाँदै छन्", कसैले भन्यो। हाम्रो नजिकै तीन जना युङ्केरहरू उभिएका थिए, कुराकानी सुरु भयो। सैनिक तलिम स्कूलमा भर्ना हुनुभन्दा पहिले उनीहरू साधारण सिपाही थिए। उनीहरूले आफ्नो नाम बताए – रोबेर्त ओलेभ, अलेक्सेइ भासिलेन्को र एस्टोनेली एर्नि साक्स। तर अब उनीहरू अफिसर बन्न चाहँदैनथे, किनभने अफिसरहरू निकै बदनाम भइसकेका थिए। वास्तवमा उनीहरू आफ्नो स्थितिप्रति असन्तुष्ट छन् भन्ने कुरा स्पष्ट थियो, अब के गर्ने हो, उनीहरूलाई थाहा थिएन।

तर छिटै उनीहरूले डीङ हाँक्न थाले, "यदि बोल्शेभिकहरू आइपुगे भने हामी उनीहरूलाई मजा चखाउनेछौं, तिनीहरू डरछेरूवा हुन्, कहाँ लडाइँ गर्ने आँट गर्न सक्छन् र! तर केही भएर पराजित भएको खण्डमा पनि ठीकै छ, प्रत्येक व्यक्तिसँग एउटा गोली आफ्नो लागि त बचेकै हुन्छ।"

ठीक यसै बेला कतै नजिकैबाट गोली चलेको आवाज आयो। बाहिर मैदानमा मानिसहरू यताउता दौड्न थाले र लमतन्न परेर जमिनमा पल्टन थाले। मोडमा उभेका **इज्भोस्चिकहरू** (गाडावानहरू) ले जता मन लाग्यो त्यतै आफ्ना बग्गी दौडाउन थाले। दरबारभित्र पनि खैलाबैला मच्चियो। सिपाहीहरू यताउता दौड्दै थिए, हतारहतार बन्दुक र गोलीको पेटी टिप्दथे र चिच्च्याउँदै थिए, "आइपुगे! आइपुगे!..." तर एकै छिनमा सब कुरा शान्त भयो। इज्भोस्चिकहरू फेरि आआफ्नो ठाउँमा फर्के, भुइँमा पल्टेका मान्छेहरू उभिए। लाल गुम्बजको ढोकाबाट युङ्केरहरू आउँदै थिए। उनीहरू लाइन मिलाएर हिंडिरहेका थिएनन्। एक जना युङ्केर आफ्ना दुई जना साथीहरूको सहारा लिएर हिंड्दै थियो।

हामी शिशिर प्रासादबाट निस्कँदा निकै अबेला भइसकेको थियो। मैदान-

---

*जनरल स्टाफ भवनको गुम्बज। – सं०

बाट सबै प्रहरीहरू गायब भैसकेका थिए। एक अर्द्धवृत्ताकार रेखामा खडा ठूलठूला सरकारी भवनहरू परित्यक्त देखिन्थे। बेलुकीको खाना खान हामी 'होटेल फ्रान्स' पुग्यौं। हामी सूप खाँदै थियौं, एक जना वेटर नीलोकालो अनुहार लाउँदै आइपुग्यो र हामीलाई होटेलको भित्री चोकतिर झ्याल भएको ठूलो खाने कोठामा सर्ने अनुरोध गर्‍यो, सडकतिर झ्याल भएको रेस्टुराँमा बत्ती निभाउँदै थिए। "घमासानको लडाइँ होला जस्तो छ!"—उसले भन्यो।

हामी फेरि मस्कोया मार्गमा निस्क्यौं। पूरै अँध्यारो भइसकेको थियो, नेभ्स्की मार्गको मोडमा सडकको बत्ती पिलपिल गर्दै थियो। नजिकै एउटा बख्तरबन्द गाडी थियो। गाडीको इन्जिन चालू थियो र गाडीबाट पेट्रोलको धुवाँको मुस्लो निस्कँदै थियो। नजिकै एउटा केटो उभेको थियो र मेसिन-गनको नालभित्र चियाउँदै थियो। वरिपरि सिपाहीहरू र नौसैनिकहरू उभेका थिए, स्पष्ट थियो, उनीहरू कुनै कुराको प्रतीक्षा गर्दै छन्। हामी लाल गुम्बज-को ढोकातिर लाग्यौं, त्यहाँ एक जमात सिपाहीहरू भेला भएका थिए र बिजुली बत्तीले जगमगाइरहेको शिशिर प्रासादतिर एक टकले हेर्दै थिए र ठूलठूलो स्वरले कुरा गर्दै थिए।

"होइन कमरेडहरू," एक जनाले भन्यो, "कसरी हामी उनीहरूमाथि गोली चलाउन सक्दछौं? त्यहाँभित्र महिला बटालियन छ—मानिसहरूले भन्नेछन् हामीले रूसी आइमाईहरूमाथि गोली चलायौं।"

हामी नेभ्स्की मार्गमा पुग्दा एउटा अर्को बख्तरबन्द गाडी मोडबाट निस्कँदै थियो, एक जना मानिसले गाडीको झ्यालबाट टाउको निकाल्यो।

"आउनोस्!" त्यो मानिस चिच्च्याउँदै थियो, "जाऔं, हमला गरौं!"

अर्को गाडीको ड्राइभर त्यहाँ आइपुग्यो र इन्जिनको आवाजबीच उसको स्वर सुनियोस् भन्ने उद्देश्यले चर्को स्वरमा भन्यो, "समितिले पर्खनु भनेको छ। उनीहरूले ऊ त्यो दाउराको रासमुनि तोपहरू लुकाएर राखेका छन्।"

यहाँ ट्राम चल्दैनथ्यो, सडकमा कमै मानिसहरू देखिन्थे, बत्ती पनि बल्दैनथ्यो; तर यहाँबाट अलि पर, घरहरूको एक लाइन पार गरेपछि फेरि ट्राम चलेको आवाज, मानिसहरूको भीड, पसलहरूको झिलिमिली, सिनेमा हलहरूको जगमगाहट सुरु भइहाल्दथ्यो—त्यहाँ जिन्दगी यथावत् चल्दै थियो। हामीले मारिइन्स्की थियेटरमा ब्याले हेर्न टिकट किनेका थियौं—सबै थियेटरहरू खुलै थिए—तर बाहिर सडकमा अझ बढी आकर्षक घटनाहरू घट्दै थिए।

अँध्यारोमा एक ठाउँमा ठेस लागेर हामी झण्डै नलडेका – पोलिचेइस्की पुलको बाटो बन्द गर्न दाउरा थुपारिएका थियो। अँध्यारोमा ध्यान दिएर हेर्दा हामीले देख्यौं – स्त्रोगनोभ दरबारसामुन्ने सिपाहीहरू एउटा तीन इन्चे नालवाला तोप तेर्स्याउँदै थिए। थरी-थरीको वर्दी लगाएका मानिस-हरू त्यत्तिकै यताउता हिंड्दै थिए र गफ गर्दै थिए।

आज नेभ्स्की मार्गमा पूरा शहर नै घुम्न निस्केजस्तो लाग्थ्यो। प्रत्येक मोडमा गरमागरम बहस चल्दै थियो र जतातत्तै मानिसहरूको भीड लागेको थियो। प्रत्येक चौबाटोमा सङ्गिनधारी दर्जनौं सिपाहीहरू पहरा दिँदै थिए। महँगा फर-कोट लगाएका रातोपीरो अनुहार भएका बूढाहरू ती सिपाहीहरू-लाई मुड्की देखाउँथे, भड्किला लुगा लगाएका महिलाहरू ठूलठूलो स्वरमा गाली गर्दथे; सिपाहीहरू असजिलो मान्दै टाकटुक जवाफ दिन्थे र लज्जित भावले मुस्कुराउँदथे... बख्तरबन्द गाडीहरू सडकमा आवतजावत गर्दै थिए, ती गाडीहरूमा प्राचीन जारहरूका नाम लेखिएका थिए – 'ओलेग', 'न्यु-रिक', 'स्भेतास्लाभ' – ती नामहरूमाथि ठूलठूला राता अक्षरले लेखिएको थियो 'येर० येस० दे० येर० पे०' ('रसिइस्काया सोचिआल देमोक्राचिचे-स्काया राबोचाया पार्चिया'*)। मिखाइलोभ्स्की मार्गमा एक जना मानिस अखबारको पोको लिएर आइपुग्यो र उत्तेजित भीड त्यस व्यक्तिमाथि "जाइ-लाग्यो" – उनीहरू एउटा अखबारको लागि एक रूबल, पाँच रूबल र दस रूबलसम्म पनि तिर्न तयार थिए, अखबारको लागि उनीहरू यसरी लुछालुछ गर्दै थिए मानौं उनीहरू मानिस होइनन्, जनावर हुन्। त्यो अखबार 'रा-बोची इ सल्दात' थियो, जसमा सर्वहारा क्रान्तिको विजय र जेलबाट बोल्शेभिक कैदीहरूको रिहाइको समाचार छापिएको थियो र मोर्चा तथा भित्री भागका दुवै सेनाहरूसँग क्रान्तिलाई समर्थन गर्ने आह्वान गरिएको थियो... यो चार पेजको अखबारमा जोशिला नाराहरू मात्रै छापिएका थिए, कतै कुनै समाचार थिएन।

सादोभाया मार्गको मोडमा लगभग दुई हजार मानिसको भीड जम्मा भएको थियो। त्यो भीड एउटा अग्लो भवनको छानातिर एकटकले हेर्दै थियो, त्यहाँ एउटा सानो रातो बत्ती बारम्बार बालिन्थ्यो र निभाइन्थ्यो।

"हेर्नोस्!" एक जना हट्टाकट्टा किसानले त्यस बत्तीतिर इशारा गर्दै भन्यो। "पक्का कुनै जासुस हुनुपर्छ। अहिले हामीतिर गोली चलाउन सुरु

---

*रसियाली सामाजिक-जनवादी मजदुर पार्टीका पूर्वाक्षरहरू। – अनु०

गर्नेछ..." तर त्यस भीडमा कसैले त्यहाँ गएर वास्तविक कुरा पत्ता लाउने कुरा सोचेन।

* * *

जब हामी विशाल स्मोल्नी भवननेर पुग्यौं, हामीले देख्यौं सम्पूर्ण भवन बत्तीले जगमगाइरहेको थियो र अन्धकारमा विभिन्न बाटाहरूबाट जमातका जमात मानव आकृतिहरू हतारहतार त्यतातिर आउँदै थिए। एकपछि अर्को मोटर र मोटरसाइकलहरू आवतजावत गर्दै थिए। एउटा ठूलो खैरो रङ्गको बख्तरबन्द गाडी, जसको बुर्जामा दुइटा राता झण्डा फर-फराइरहेका थिए, साइरेन बजाउँदै त्यहाँबाट निस्क्यो। निकै जाडो थियो र मूल ढोकाअगाडि लाल गार्डहरूले आगो ताप्न धुनी बालेका थिए। भित्री ढोकाअगाडि पनि धुनी बलेको थियो र आगोको प्रकाशअगाडि लगेर प्रहरी-हरूले हाम्रो प्रवेशपत्र जाँचे र हामीलाई तलदेखि माथिसम्म हेरे। ढोकाको दुबैतिर राखिएका चार वटा मेसिनगनहरूबाट खोल हटाइएको थियो र गोलीका पेटीहरू साँपजस्तो झुण्डिएका थिए। रूखहरूमुनि बख्तरबन्द गाडी-हरू राखिएका थिए — तिनका इन्जिन चालू थिए। स्मोल्नी भवनका ठूलठूला शून्य हलहरूमा, जहाँ मद्धिम प्रकाश फैलिएको थियो मानिसहरूको आवाज र पदचाप गुंजिँदै थियो... वातावरणमा लापरवाहीको भावना थियो। मानिसहरूको एक जमात भऱ्याङबाट तल ओर्लंदै थियो — कालो ज्याकेट र कालो गोलो टोपी लगाएका मजदुरहरू, जसमध्ये धेरैले काँधमा बन्दुक भिरेका थिए, खरानी रङ्गको कोट र खैरो रङ्गको शाप्का (टोपी) च्याप्टो पारेर लगाएका सिपाहीहरू र एक दुई जना नेताहरू — लुनाचार्स्की, कामेनेभ — आफ्नो वरिपरि एकै चोटि बोलिरहेका मानिसहरूको भीडसहित अनुहारमा थकावट र चिन्ताको भावना, हातमा कागतपत्रले भरिएको पोर्टफोलियो। पेत्रोग्राद सोभियतको असाधारण बैठक समाप्त भइसकेको थियो। मैले कामेनेभलाई रोकें — यस होचो कदको फुर्तिलो मान्छेको अनुहार फराकिलो र ओजपूर्ण थियो, गर्धन छोटो थियो। उनले विनाकुनै भूमिका भर्खरै मात्र सोभियतमा पारित प्रस्ताव छिटोछिटो फ्रेन्च भाषामा पढ्न थाले —

"मजदुर तथा सैनिक प्रतिनिधिहरूको पेत्रोग्राद सोभियत सर्वहारावर्ग तथा पेत्रोग्राद गैरिसनद्वारा सञ्चालित विजयी क्रान्तिको अभिवादन गर्दछ। सामान्य जनताले यस विद्रोहमा जुन एकता, सङ्गठनबद्धता, अनुशासन तथा

पूर्ण सहयोगको भावना प्रदर्शन गरेका छन्, त्यसको सोभियत विशेष सराहना गर्दछ। पहिले कुनै पनि विद्रोहमा शायद नै कहिल्यै यति कम रगत बगेको थियो, पहिले शायद नै कहिल्यै कुनै विद्रोह यति राम्ररी सम्पन्न भएको थियो।

"मजदुर तथा किसानहरूको सरकार, जुन सोभियतहरूको सरकारको रूपमा क्रान्तिद्वारा स्थापित हुनेछ र जसले औद्योगिक सर्वहारावर्गलाई गरिब किसानहरूका सम्पूर्ण जनसमुदायको समर्थन प्राप्त गराउनेछ, दृढतापूर्वक समाजवादतिर अगि बढ्नेछ र समाजवाद नै राष्ट्रलाई युद्धका अश्रुतपूर्ण विभीषिकाहरू तथा यातनाहरूबाट बचाउने एक मात्र साधन हो भन्ने कुरामा सोभियत आफ्नो दृढ विश्वास प्रकट गर्दछ।

"नयाँ मजदुर तथा किसानहरूको सरकारले सबै युद्धरत देशहरूसमक्ष अविलम्ब एक न्यायपूर्ण तथा प्रजातान्त्रिक शान्तिसन्धि सम्पन्न गर्ने प्रस्ताव राख्नेछ।

"यस सरकारले अविलम्ब जमिनदारी प्रथाको उन्मूलन गर्नेछ र जमिन किसानहरूको हातमा सुम्पनेछ। यस सरकारले उत्पादनमाथि र तयार सामानहरूको वितरणमाथि मजदुर नियन्त्रण लागू गराउनेछ र बैङ्कहरूमाथि सार्वजनिक नियन्त्रण कायम गर्नुको साथै सबै बैङ्कहरूलाई एकीकृत राजकीय निगममा परिणत गर्नेछ।

"मजदुर तथा सैनिक प्रतिनिधिहरूको पेत्रोग्राद सोभियत रसियाका सबै मजदुरहरू तथा समस्त किसानहरूलाई आफ्नो सम्पूर्ण शक्ति तथा पूर्ण निष्ठासहित सर्वहारा क्रान्तिको समर्थन गर्ने आह्वान गर्दछ। गरिब किसानहरूसँगसँगै मिलेर शहरिया मजदुरहरूले समाजवादी व्यवस्थाको विजयको लागि अपरिहार्य अटल बन्धुत्वपूर्ण अनुशासनको पालना गर्नेछन् र कठोरतम क्रान्तिकारी सुव्यवस्था कायम गर्नेछन् भन्ने कुरामा सोभियत आफ्नो विश्वास प्रकट गर्दछ।

"पश्चिमा युरोपेली देशहरूका सर्वहारावर्गले समाजवादको निर्माणकार्यलाई वास्तविक तथा स्थायी विजयको बिन्दुसम्म पुऱ्याउन हामीलाई सहयोग गर्नेछन् भन्ने कुरामा हाम्रो गहन आस्था छ।"

"त्यसो भए तपाईं ठान्नुहुन्छ क्रान्तिको विजय भइसकेको छ?"

उनले कुम हल्लाउँदै भने, "अझ धेरै काम गर्नु बाँकी नै छ, अझ थुप्रै काम गर्नुछ। यो त सुरुआत मात्रै हो।"

भऱ्याङनेर ट्रेड युनियनका उपाध्यक्ष रेजानोभसँग मेरो भेट भयो। उनको

मुख अँध्यारो थियो र उनी आफ्नो कैलो दाह्री टोक्दै थिए। "यो सीधा पागलपन हो, पागलपन।" उनले चर्को स्वरमा भने। "युरोपेली सर्वहारा-वर्गले केही पनि गर्दैन! सम्पूर्ण रसिया..." उनले विक्षिप्त भावले हात हल्लाए र हतारिँदै आफ्नो बाटो लागे। रेजानोभ र कामेनेभ दुबैले विद्रोहको विरोध गरेका थिए र लेनिनको शब्द वाणको कटु वर्षा अनुभव गरेका थिए।

पेत्रोग्राद सोभियतको यो बैठक अति महत्त्वपूर्ण थियो। त्रोत्स्कीले सैनिक क्रान्तिकारी समितिको तर्फबाट अस्थायी सरकारको अस्तित्व समाप्त भएको कुरा घोषणा गरेको थियो।

"जनतालाई धोका दिनु नै बुर्जुवा सरकारहरूको चारित्रिक विशेषता हो", उनले भनेका थिए। "हामी मजदुर, सैनिक तथा किसान प्रतिनिधि-हरूका सोभियतहरू एक अद्वितीय ऐतिहासिक प्रयोग गर्न गइरहेका छौं; हामी एक त्यस्तो सत्ताको स्थापना गर्दै छौं, जसको एक मात्र उद्देश्य हुनेछ—सैनिकहरू, मजदुरहरू तथा किसानहरूका आवश्यकताहरूको पूर्ति"।

विश्वव्यापी समाजवादी क्रान्तिको भविष्यवाणी गर्दै लेनिन मञ्चमा देखा पर्नुभयो र करतल ध्वनिद्वारा उहाँको स्वागत गरियो... उहाँपछि जिनो-भ्येभले बोले, "आज हामीले विश्व सर्वहारावर्गलाई आफ्नो ऋण चुकायौं, हामीले युद्धमाथि प्रचण्ड आघात पुऱ्याएका छौं र सबै साम्राज्यवादीहरूमाथि, खासगरी हत्यारा विल्हेल्ममाथि कुठाराघात गरेका छौं"।

तत्पश्चात् त्रोत्स्कीले सूचित गरे, विद्रोहको विजयको घोषणासहित सबै मोर्चाहरूमा आकाशवाणी पठाइएको छ, तर अहिलेसम्म कुनै उत्तर पाइएको छैन। पेत्रोग्रादतर्फ सेना अगाडि बढ्दै छ भन्ने हल्ला सुनिन्छ। त्यस सेनामा एउटा प्रतिनिधिमण्डल पठाउनु आवश्यक छ जसले उनीहरूलाई सम्पूर्ण सत्य कुरा बताउनेछ।

स्रोताहरूको तर्फबाट केही आवाज—"तपाईंहरू सोभियतहरूको अखिल रसियाली महाधिवेशनको इच्छाको पूर्वानुमान गर्दै हुनुहुन्छ!"

त्रोत्स्कीले रूखो स्वरमा जवाफ दिए, "पेत्रोग्रादका मजदुरहरू तथा सिपाहीहरूको विद्रोहले सोभियतहरूको अखिल रसियाली महाधिवेशनको इच्छाको पूर्वानुमान गरेको छ!"

हामी ढोकामा जम्मा भएको त्यस आन्दोलित भीडलाई घचेट्दै त्यो विशाल सभाकक्षभित्र पस्यौं। ठूलठूला बत्तीदानीहरूको प्रकाशले जगमगाएको त्यस हलका बेञ्चहरू र मेचहरूमा, बाटोमा, झ्यालहरूका तख्ताहरूमा,

अध्यक्षमण्डल बसेको मञ्चको छेउमा समेत सम्पूर्ण रसियाबाट आएका मजदुर तथा सिपाहीहरूका प्रतिनिधिहरू बसेका थिए। उनीहरू कहिले चुपचाप व्यग्र भावले, त कहिले अनियन्त्रित उल्लाससहित सभापतिको घण्टीको आवाज पर्खिरहेका थिए। हलमा न्यानो पार्ने कुनै व्यवस्था थिएन। तर ननुहाएको मानव शरीरको पसिनाको बाफले गर्दा गर्मी लाग्थ्यो। जनसमूहको बीचबाट आएको चुरोटको दूषित नीलो धुवाँको बादलले गर्दा उकुसमुकुस पार्ने वातावरण थियो। बेलाबेलामा सभापतिमण्डलबाट कुनै व्यक्ति उभिन्थ्यो र स्रोताहरूलाई चुरोट नपिउने अनुरोध गर्दथ्यो। त्यसपछि सबै उपस्थित व्यक्तिहरू जसमध्ये चुरोट पिइरहेका मानिसहरू पनि हुन्थे, एकै स्वरले हल्ला गर्थे— "साथीहरू, चुरोट नपिउनुहोला।" तर चुरोट पिउने काम यथावत् चल्थ्यो। ओबुखोभ कारखानाका प्रतिनिधि अराजकतावादी पेत्रोभ्स्कीले मेरो लागि आफ्नो छेउमा ठाउँ खाली पारे। मैलो र दाह्री नखौरेको यी व्यक्ति निद्राको अभावले गर्दा उभिन पनि नसक्ने स्थितिमा थिए—उनी पछिल्ला तीन दिनदेखि विनानिद्रा सैनिक क्रान्तिकारी समितिमा काम गर्दै थिए।

मञ्चमा पुरानो चेइकका नेताहरू बसेका थिए। उनीहरू अन्तिम पटक ती उद्दण्ड सोभियतहरूको अधिवेशनको सभापतित्व गर्दै थिए, जसमाथि उनीहरूले क्रान्तिका सुरुका दिनहरूदेखि नै राज चलाउँदै आएका थिए। अब सोभियतहरू उनीहरूको हैकम मान्न तयार थिएनन्। रूसी क्रान्तिको त्यो पहिलो चरण समाप्त भयो, जब यिनीहरूले क्रान्तिमाथि लगाम लगाउन खोजेका थिए। उनीहरूका तीन जना प्रमुख नेताहरू अध्यक्षमण्डलीमा थिएनन्—केरेन्स्की, जो सानासाना शहरहरू र गाउँहरू हुँदै मोर्चातिर भाग्दै थिए, तर ती शहरहरू र गाउँहरूमा पनि विद्रोह चर्किन थालिसकेको थियो; बूढो बाज छेइद्जे, जसले यी सबै घटनाहरूप्रति तिरस्कारको दृष्टिले हेर्दै राजनीतिबाट सन्यास लिएका थिए, स्वदेशका जर्जियाली पहाडहरूमा फर्केका छेइद्जे क्षयरोगले ग्रस्त थिए; शुद्धहृदयी चेरेतेली पनि अनुपस्थित थिए, जो छेइद्जेजस्तै साङ्घातिक रोगले पीडित थिए, तर उनी पछि गएर फेरि राजनीतिक मञ्चमा फर्के र आफ्नो सम्पूर्ण आकर्षक वाकपटुता एक पराजित कार्यमा खर्च गरे। मञ्चमा गोच, दान, लिबेर, बग्दानोभ, ब्रोइदो, फिलिपोभ्स्की बसेका थिए। अँध्यारो अनुहार भएका आँखा धँसिएका यी मानिसहरू रिसले चूर देखिन्थे। तर सम्पूर्ण हलमा चाहिँ अखिल रसियाली द्वितीय स्येज्द (महाधिवेशन) उम्लँदै थियो, माथिल्लो तल्लामा सैनिक क्रान्तिकारी समिति व्यग्रतापूर्वक काम गर्दै थियो, विद्रोहका सम्पूर्ण

सूत्र यसै समितिको हातमा थियो र यो एकपछि अर्को अचूक तथा कडा प्रहारहरू गर्दै थियो... रातको दस बजेर चालीस मिनेट बितेको थियो।

फौजी डाक्टरको होलो वर्दी लगाएको, विवर्ण अनुहार भएको र तालु खुइलेको दान घण्टी बजाउँदै थियो। हलमा सन्नाटा फैलिएको थियो, एक गहिरो सन्नाटा, खाली ढोकामा भीड लागेका मानिसहरूबीच हुने भनाभन र कुटपिटले मात्रै यो निस्तब्धता भङ्ग गर्थ्यो।

"हाम्रो हातमा सत्ता आएको छ," उनले खिन्न भावले आफ्नो भाषण सुरु गरे र एक छिन थामिएपछि फेरि मन्द आवाजमा भन्न थाले, "कमरेड-हरू! सोभियतहरूको महाधिवेशनको यो सभा कस्तो असाधारण परिस्थितिमा र कस्तो असाधारण घडीमा हुँदै छ भने चेइकले किन तपाईंहरूसमक्ष राज-नीतिक प्रतिवेदन प्रस्तुत गर्न अनावश्यक ठान्यो तपाईंहरू बुझिहाल्नुहुन्छ। यदि तपाईंहरूले म चेइकको सदस्य हुँ र ठीक यसै बेला शिशिर प्रासादमा हाम्रो पार्टीका साथीहरूमाथि गोलाबारी गरिँदै छ र उनीहरू चेइकले आफू-माथि सुम्पेको जिम्मेवारी पूरा गर्न आफ्नो जीवन वलिदान गर्दै छन् भन्ने कुरा स्मरण गर्नुभयो भने यो कुरा तपाईंहरूको लागि अझ स्पष्ट हुनेछ" (हलमा सोरगुल)। "म मजदुर तथा सैनिक प्रतिनिधिहरूको द्वितीय महाधिवेशनको पहिलो बैठक सुरु भएको घोषणा गर्दै छु!"

अध्यक्षमण्डलको चुनाव हलचल र दौडधूपको वातावरणमा सम्पन्न भयो। बोल्शेभिकहरू, वामपन्थी समाजवादी-क्रान्तिकारीहरू तथा मेन्शेभिक-अन्तर्रा-ष्ट्रियतावादीहरूबीच सम्पन्न भएको सम्झौताअनुसार अध्यक्षमण्डलको चुनाव अनुपातिक प्रतिनिधित्वको आधारमा हुनेछ भन्ने कुरा अभानेसोभले सुनाए। केही मेन्शेभिकहरू आफ्नो विरोध जनाउँदै उफ्रन थाले। एक जना दाह्रीवाल सिपाहीले उनीहरूलाई हकारे, "हामी बोल्शेभिकहरू अल्पमतमा रहँदा तपाईं-हरूले हामीसँग कस्तो व्यवहार गर्नुभएको थियो भन्ने कुरा पनि नबिर्सनु-होला!" चुनावको परिणाम—बोल्शेभिकहरू १४ जना, समाजवादी-क्रान्ति-कारीहरू ७ जना, मेन्शेभिकहरू ३ जना र अन्तर्राष्ट्रियतावादी (गोर्कीको दल) १ जना। दक्षिणपन्थी तथा मध्यमार्गी समाजवादी-क्रान्तिकारीहरूको तर्फबाट बोल्दै गेन्देल्मान्ले अध्यक्षमण्डलमा भाग लिन अस्वीकार गरे। मेन्शे-भिकहरूको तर्फबाट खिन्चूकले पनि यही कुरा भने। मेन्शेभिक-अन्तर्राष्ट्रिय-तावादीहरूले पनि केही विशेष परिस्थितिको जाँचबुझ नभएसम्म उनीहरू अध्यक्षमण्डलमा प्रवेश गर्न असमर्थ छन् भन्ने घोषणा गरे। छिटपुट रूपमा ताली र सिटी बज्न थाल्यो। एउटा आवाज सुनियो, "गद्दारहरू,

तिमीहरू आफूलाई समाजवादी भन्छौ!" उक्राइनी प्रतिनिधिमण्डलका एक सदस्यले सभापतिमण्डलमा स्थान मागे र उनको यो माग पूरा गरियो। तत्पश्चात् पुरानो चेइकका सदस्यहरू मञ्चबाट निस्के, त्रोत्स्की, कामेनेभ, लुनाचार्स्की, श्रीमति कलन्ताई, नागिन आदिले उनीहरूको स्थान लिए। हलभरिका मानिसहरू ताली बजाउँदै र गगनभेदी नारा लगाउँदै उभिए। यी बोल्शेभिकहरू कति माथि उठे त! झण्डै चार महिनापहिले मात्र उनीहरू एक त्यस्ता गुट थिए*, जसलाई घृणाको दृष्टिले हेरिन्थ्यो, जसको पिछा गरिन्थ्यो र आज उनीहरूलाई क्रान्तिको लहरले उठाएर यस सर्वोच्च स्थानमा पुऱ्याएको छ, विशाल रसियाको कर्णधारको स्थान दिलाएको छ!

कामेनेभले आफ्नो भाषणको सुरुमा भने, आजको सभाको पहिलो विषयवस्तु हो–सत्ताको सङ्गठनको प्रश्न, दोस्रो–युद्ध तथा शान्तिको प्रश्न र तेस्रो–संविधान सभा डाक्ने प्रश्न। लाजोभ्स्कीले उठेर घोषणा गरे, सबै दलहरूको ब्यूरोमा भएको सम्झौताअनुसार सबैभन्दा पहिले पेत्रोग्राद सोभियतले आफ्नो प्रतिवेदन प्रस्तुत गर्नेछ र त्यस प्रतिवेदनमाथि बहस हुनेछ, तत्पश्चात् चेइकका सदस्यहरू तथा विभिन्न पार्टीहरूका प्रतिनिधिहरूलाई बोल्न दिइनेछ र अन्त्यमा छलफलको विषयवस्तु निर्धारण गरिनेछ।

परन्तु अकस्मात् एउटा नयाँ आवाज सुनियो–मानव कोलाहलभन्दा अझ गहन, लगातार आइरहने र व्यग्र तुल्याउने आवाज–यो थियो तोप पड्केको आवाज। मानिसहरू चिन्तित भावले धुवाँले भरिएका झ्यालहरूतिर हेर्न थाले र अति व्यग्र देखिए। मार्तोभले बोल्ने अनुमति मागे र धोत्रे स्वरमा भने, "गृहयुद्ध सुरु हुन थालेको छ, कमरेडहरू। सबैभन्दा पहिले त यस सङ्कटको शान्तिपूर्ण समाधानबारे छलफल हुनुपर्छ। कसरी गृहयुद्ध रोक्न सकिन्छ भन्ने कुरा हामीले सैद्धान्तिक दृष्टिकोणले र राजनीतिक रूपमा छलफल गर्नुपर्छ। हाम्रा दाजुभाइहरू सडकमा गोलीको शिकार बन्दै छन्! यस बेला, जब सोभियतहरूको महाधिवेशनको उद्घाटन हुनुभन्दा पहिले नै एउटा क्रान्तिकारी पार्टीले सत्ताको प्रश्न सङ्गठित सैनिक षड्यन्त्रद्वारा समाधान गर्ने प्रयास गर्न थालेको छ"–कोलाहलले गर्दा एक छिनसम्म उनको आवाज सुनिएन। "सबै क्रान्तिकारी पार्टीहरूले वास्तविकताको सामना गर्न सक्नुपर्दछ! महाधिवेशनसमक्ष खडा पहिलो भाप्रोस (प्रश्न) सत्ताको प्रश्न हो, र सडकहरूमा हतियारको बलमा यस प्रश्नको

---

*हेर्नोस् पृष्ठ ३९ मा सम्पादकको टिप्पणी।–सं०

समाधान गरिँदै छ! ... हामीले एक त्यस्तो सत्ताको सिर्जना गर्नुपरेको छ, जुन सबै प्रजातान्त्रिक शक्तिहरूको लागि मान्य होस्। यदि यो महाधिवेशन क्रान्तिकारी जनवादको आवाज बन्न चाहन्छ भने यसले एक त्यस्तो गृहयुद्धको सम्भावना बढ्दै गएको स्थितिमा हात बाँधेर बस्नु हुँदैन, जसको फलस्वरूप प्रतिक्रान्तिको भयङ्कर विस्फोटन हुनसक्दछ... एक संयुक्त जनवादी सत्ताको स्थापनामा नै घटनाक्रमको शान्तिपूर्ण समाधानको सम्भावना निहित छ... अन्य समाजवादी पार्टीहरू तथा सङ्गठनहरूसँग वार्ताको लागि हामीले एउटा प्रतिनिधिमण्डल छान्नुपरेको छ।"

झ्यालहरूबाट तोप पड्केको मन्द आवाज निरन्तर आउँदै थियो र महाधिवेशनका प्रतिनिधिहरू एक अर्कामाथि चिच्च्याउँदै थिए... यस प्रकारले अन्धकारमा तोपको गडगडाहट, घृणा र त्रासबीच एक अदम्य साहससहित नयाँ रसियाको जन्म हुँदै थियो।

वामपन्थी समाजवादी-क्रान्तिकारीहरू तथा संयुक्त सामाजिक-जनवादीहरूले मार्तोभको प्रस्तावलाई समर्थन गरे। यो प्रस्ताव पारित भयो। एक जना सैनिक प्रतिनिधिले बताए, किसानहरूको अखिल रसियाली सोभियतले महाधिवेशनमा आफ्ना प्रतिनिधिहरू पठाउन अस्वीकार गरेको छ; उनले औपचारिक निमन्त्रणासहित एउटा प्रतिनिधिमण्डल पठाइयोस् भन्ने प्रस्ताव राखे। "किसानहरूका सोभियतका केही प्रतिनिधिहरू यहाँ उपस्थित छन्", उनले भने। "उनीहरूलाई मतदान गर्ने अधिकार प्रदान गरियोस् भन्ने मेरो प्रस्ताव छ"। यो प्रस्ताव पारित भयो।

कप्तानको वर्दी लगाएका खर्राशले अति आवेशपूर्ण ढङ्गले बोल्ने अनुमति मागे। उनले चिच्च्याउँदै भने, "यस महाधिवेशनको नियन्त्रण गरेर बसेका राजनीतिक ढोंगीहरूले हामी यहाँ सत्ताको प्रश्न समाधान गर्दै छौं भने, तर यस प्रश्नको समाधान हाम्रो पिठिउँपछाडि, महाधिवेशन सुरु हुनुभन्दा पहिले नै भइसकेको छ! शिशिर प्रासादमाथि गोलीको वर्षा गरिँदै छ र जुन राजनीतिक पार्टीले यस्तो जोखिम कार्य गर्ने दुस्साहस गरेको छ, त्यसले यस गोलाबारीद्वारा आफ्नो मृत्युघण्टी बजाउँदै छ!" हलमा सोरगुल मच्चिन्छ। खर्राशपछि गर्रानामक अर्को प्रतिनिधिले* बोल्न सुरु गरे, "यहाँ हामी शान्ति प्रस्तावबारे छलफल गर्दै छौं, तर त्यहाँ सडकमा लडाइँ चल्दै छ... समाजवादी-क्रान्तिकारीहरू तथा मेन्शेभिकहरू यस घटनामा

---

*'प्राभदा'को भनाइअनुसार यी शब्द खर्राशका हुन्।—सं०

भाग लिन अस्वीकार गर्दछन् र समस्त सार्वजनिक शक्तिहरूसँग सत्ता हत्याउने यस प्रयासको प्रतिरोध गर्ने अनुरोध गर्दछन्..." बाह्रौं सेनाका प्रतिनिधि र 'त्रुदाभिक' दलका सदस्य कुचिनले भने, "मलाई यहाँ सूचना दिन मात्र पठाएका हुन् र म तुरुन्तै मोर्चा फर्कंदै छु; मोर्चाका सबै सैनिक समितिहरू के कुरामा एकमतमा पुगेका छन् भने संविधान सभा डाकिने केवल तीन हप्ताअगाडि सोभियतहरूले सत्ता हत्याउनु सेनाको पिठिउँमा छुरा हिर्काउनु हो, जनताको विरुद्ध अपराध हो!" "झूटो कुरा हो! तपाईं झूटो कुरा गर्दै हुनुहुन्छ"—चारैतिरबाट आवाजहरू आए... सोरगुल अलि कम भएपछि फेरि उनको आवाज सुनियो, "पेत्रोग्रादमा जुन दुस्साहसिक कार्य सुरु भएको छ, हामीले त्यसलाई रोक्नुपरेको छ! म सबै प्रतिनिधिहरूलाई आह्वान गर्दछु—राष्ट्रलाई र क्रान्तिलाई बचाउने हो भने उनीहरूले यो सभा परित्याग गरुन्!" कानै फुटलाजस्तो सोरगुलबीच उनी मञ्चबाट उत्रे, मानिसहरू यसरी उनीतर्फ अगि बढे मानौं अहिल्यै उनीमाथि जाइलाग्नेछन्... त्यसपछि बोके दाह्री पालेको खिन्चूक* नामक एक अफिसरले अनुनयपूर्ण स्वरमा सम्झाउन थाले, "म मोर्चाबाट आएका प्रतिनिधिहरूको तर्फबाट बोल्दै छु। यस महाधिवेशनमा उचित रूपमा सेनाको प्रतिनिधित्व भएको छैन; यति मात्रै होइन, यस्तो बेलामा, जब तीन हप्तापछि संविधान सभाको उद्घाटन हुँदै छ, सोभियतहरूको महाधिवेशन डाक्ने कुनै आवश्यकता थिएन भन्ने सेनाको विचार छ"—स्रोताहरूले चिच्च्याउन र खुट्टा बजार्न थाले, होहल्ला झन्झन् बढ्दै गयो। "सेना ठान्दैन, सोभियतहरूको यस महाधिवेशनलाई आवश्यक अधिकार प्राप्त छ..." हलभरि जतातर्तै सिपाहीहरू जुरुक्क उठे।

उनीहरूले चर्को स्वरमा प्रश्न सोध्न थाले, "तपाईं कसको तर्फबाट बोल्दै हुनुहुन्छ? तपाईं कसको प्रतिनिधित्व गर्दै हुनुहुन्छ?"

"पाँचौं सेना, द्वितीय 'एफ' रेजिमेन्ट, प्रथम 'एन' रेजिमेन्ट, तृतीय 'एस' राइफल्सका सोभियतहरूको केन्द्रीय कार्यकारिणी समितिको तर्फबाट।"

"तपाईं कहिले निर्वाचित हुनुभयो? तपाईं सिपाहीहरूको होइन, अफिसरहरूको प्रतिनिधित्व गर्दै हुनुहुन्छ! यस विषयमा सिपाहीहरूको के भनाइ छ?" फेरि हलमा कोकोहोलो।

---

*जोन रिडले खिन्चूकको भनाइको रूपमा प्रस्तुत गर्नुभएको यो भाषण समाचारपत्रहरूमा कुचिनकै भाषणको पूरकको रूपमा छापिएको थियो।—सं०

"हामी मोर्चा-दलका प्रतिनिधिहरू यहाँ अहिले जे जति कुराहरू हुँदै छन् र भविष्यमा हुनेछन्, ती सबैप्रति कुनै पनि रूपमा आफूलाई उत्तरदायी ठान्दैनौं र क्रान्तिको संरक्षणको लागि समस्त चेतनशील क्रान्तिकारी शक्ति-हरूलाई क्रियाशील तुल्याउनु आवश्यक ठान्दछौं! मोर्चा-दल यो महाधिवेशन परित्याग गर्दै छ... अब सडकमा लडाइँ चल्नेछ"।

जताततैबाट चर्को हल्ला सुनिन्छ—"तपाईं हेडक्वार्टरको तर्फबाट बोल्दै हुनुहुन्छ, सेनाको तर्फबाट होइन!"

"सबै विवेकशील सिपाहीहरूलाई महाधिवेशन हल छोड्ने आह्वान गर्दछु!"

"कर्निलोभपन्थी! प्रतिक्रान्तिकारी! गुण्डा!" हलमा गालीको वर्षा हुन थाल्यो।

त्यसपछि मेन्शेभिकहरूको तर्फबाट खिन्चूकले घोषणा गरे—समस्या शान्तिपूर्ण तरिकाले समाधान गर्ने एउटै मात्र सम्भावना छ—अस्थायी सर-कारसँग एउटा त्यस्तो नयाँ मन्त्रिमण्डल गठन गर्नको लागि वार्ता सुरु गरि-योस्, जसलाई समाजका सबै तब्काहरूको तर्फबाट समर्थन प्राप्त हुनेछ। केही मिनेटसम्म भयङ्कर कोलाहलले गर्दा उनको आवाज सुनिएन। उनले आफ्नो आवाज धेरै चर्को पार्दै मेन्शेभिकहरूको घोषणापत्र पढ्न सुरु गरे—

"बोल्शेभिकहरूले अन्य पार्टीहरू तथा समूहहरूसँग सल्लाह नगरीकन पेत्रोग्राद सोभियतको सहायताबाट सैनिक षड्यन्त्र गरेका हुनाले हामी महा-धिवेशनमा भाग लिन असमर्थ छौं। तसर्थ हामी महाधिवेशन छोड्दै छौं र अन्य समूहहरू तथा पार्टीहरूलाई पनि हाम्रो अनुसरण गर्ने र उत्पन्न परि-स्थितिमाथि विचार-विमर्श गर्न भेला हुने आह्वान गर्दछौं"।

"गद्दारहरू!"

यस अविराम कोलाहलमा यदाकदा गेन्देलमान्को आवाज सुनिन्थ्यो, उनी समाजवादी-क्रान्तिकारीहरूको तर्फबाट शिशिर प्रासादमाथि गोलाबारी-को विरोध गर्दै थिए... "हामी यस्तो अराजकता सहन्नौं।"

उनी मञ्चबाट ओर्लन पनि पाएका थिएनन्, एक जना दुब्लो-पातलो सिपाही, जसका आँखा चम्किँदै थिए, बुर्लुक्क उफ्रँदै मञ्चमा चढ्यो र नाट-कीय ढङ्गले हात उठाउँदै बोल्न थाल्यो।

"कमरेडहरू!" उनले भने, हलमा सन्नाटा फैलियो। "मेरो नाम पेतेर्सन हो। म द्वितीय लात्भियाली राइफल्स डिभिजनको तर्फबाट बोल्दै छु। तपाईंहरूले सैनिक समितिहरूका दुई जना प्रतिनिधिहरूको कुरा

सुन्नुभयो ; यी वक्तव्यहरूको केही महत्त्व हुन्थ्यो, यदि यी वक्ताहरू सेनाका प्रतिनिधि भैदिएका भए–" (करतल ध्वनिले ताली बज्छ)। "तर उनीहरू सिपाहीहरूको प्रतिनिधित्व गर्दैनन्।"–उनले मुड्की हल्लाउँदै भने। "बान्हौं सेनाले धेरै दिनदेखि सोभियत र सैनिक समितिको पुनर्निर्वाचन गर्ने माग गर्दै आएको हो, परन्तु तपाईंहरूको चेइकले जस्तै हाम्रो समितिले पनि सेप्टेम्बरको अन्त्यसम्म आम सिपाहीहरूको सभा डाक्न अस्वीकार गर्दै आयो, जसले गर्दा प्रतिक्रियावादीहरूले महाधिवेशनको लागि आफ्नै नक्कली प्रतिनिधिहरू छान्न सकुन्। म तपाईंहरूलाई भन्छु, लात्भियाली सिपाहीहरूले बारम्बार एउटै कुरा भन्दै आएका छन् "हामीलाई प्रस्ताव-स्रस्ताव चाहिएको छैन! हामीलाई गफ चाहिएको छैन! हामी काम चाहन्छौं! हामी आफ्नो हातमा सत्ता लिन चाहन्छौं!" यी ठग प्रतिनिधि-हरूले महाधिवेशन छोडेर जाउन्! सेनाले उनीहरूको साथ दिंदैन!"

तालीको गडगडाहटले सभा-भवन नै थर्कियो। अधिवेशनको सुरुमा घटनाक्रमको शीघ्रताले किंकर्तव्यविमुढ भएका, गोलाबारीको आवाजले तर्सेका प्रतिनिधिहरू अलि हिचकिचाएका थिए। एक घण्टादेखि त्यस मञ्च-बाट उनीहरूमाथि निरन्तर मुङ्ग्रोको प्रहार हुँदै थियो, यस प्रहारले उनी-हरूलाई ऐक्यबद्ध तुल्याउनुको साथै स्तम्भित पनि पारेको थियो। उनीहरू एकला त परेका छैनन्? के सम्पूर्ण रसिया त उनीहरूको विरोधमा उभिएको छैन? सेना पेत्रोग्रादतिर बढ्दै छ भन्ने हल्ला साँचो त होइन? परन्तु जब यस निर्मल दृष्टि भएको युवा सिपाहीले भाषण गऱ्यो, अन्धकारमा बिजुली चम्केजस्तो उनीहरूले एकै छिनमा बुझिहाले उनी सत्य बोल्दै छन्... **यही हो सिपाहीहरूको वास्तविक आवाज**–सैनिक पोसाक लगाएका यी लाखौं मजदुरहरू तथा किसानहरू पनि उनीहरूजस्तै मान्छे हुन्, उनीहरूको विचार र भावना पनि त्यस्तै छन्।

अरू पनि सिपाहीहरूले बोले... मोर्चाबाट आएका प्रतिनिधिहरूको तर्फबाट बोल्दै गझेलशाकले भने यी प्रतिनिधिहरूले नगन्य बहुमतद्वारा महा-धिवेशन छोड्ने निर्णय गरेका हुन्, **बोल्शेभिकहरूले त त्यस मतदानमा भाग पनि लिएका थिएनन्**, किनभने गुटहरूको आधारमा होइन, राजनी-तिक पार्टीहरूको आधारमा प्रतिनिधि छानियोस् भन्ने बोल्शेभिकहरूको विचार थियो। "मोर्चामा सयौं प्रतिनिधिहरू सिपाहीहरूको सहभागिताविना नै निर्वाचित हुँदै छन्, किनभने सैनिक समितिहरू सामान्य सिपाहीहरूका वास्तविक प्रतिनिधि बन्न छोडेका छन्...", उनले भने। लुक्यानोभले

चर्को आवाजमा भने, खरीश र खिन्चूकजस्ता अफिसरहरूले यस महाधिवेशनमा सेनाको प्रतिनिधित्व गर्न सक्दैनन्, उनीहरूले त केवल सर्वोच्च कमानको मात्रै प्रतिनिधित्व गर्न सक्दछन्। "मोर्चाका सच्चा "बासिन्दाहरू" सत्ता सोभियतहरूको हातमा आओस् भन्ने कुरा हृदयदेखि नै चाहन्छन् र सोभियतहरूबाट उनीहरूले धेरै आशा गरेका छन्! ..." वातावरणले अर्कै मोड लिँदै थियो।

तत्पश्चात् यहुदी सामाजिक-जनवादी सङ्गठन बुन्दको तर्फबाट अब्रामोभिच मञ्चमा देखा परे। बाक्लो चस्माभित्र उनका आँखा रिसले चम्किरहेका थिए।*

"अहिले पेत्रोग्रादमा जे जति कुरा हुँदै छन्, हाम्रो भयङ्कर दुर्भाग्य हो! बुन्द समूहले मेन्शेभिकहरू तथा समाजवादी-क्रान्तिकारीहरूको घोषणाको समर्थन गर्दछ र यस महाधिवेशनबाट निस्कनेछ!" उनले आफ्नो हात उठाउँदै चर्को स्वरमा भने, "रसियाली सर्वहारावर्गप्रति हाम्रो कर्तव्यले हामीलाई यस महाधिवेशनमा भाग लिने र यी अपराधहरूको लागि उत्तरदायी बन्ने अनुमति दिँदैन। शिशिर प्रासादमाथि गोलाबारी बन्द भएको छैन, त्यसै कारणले हामी नगर दुमा पनि मेन्शेभिकहरू, समाजवादी-क्रान्तिकारीहरू र किसान सोभियतहरूको कार्यकारिणी समितिजस्तै अस्थायी सरकारसँगसँगै मर्न तयार छौं, हामी पनि उनीहरूकै साथ लाग्छौं! हामी निहत्थाहरू आतङ्कवादीहरूका मेसिनगनअगाडि आफ्नो छाती खोल्न तयार छौं... हामी यस महाधिवेशनका सबै प्रतिनिधिहरूलाई आह्वान गर्दछौं..." उनका अरू शब्द सिटी, व्यङ्ग्य तथा गालीगलौजको आँधीबेरीमा बिलाए। जब पचास जना प्रतिनिधिहरू एकै चोटि उठेर एक अर्कालाई धकेल्दै बाहिर निस्के यो कोलाहल आकाशै फुटलाजस्तो गरी चर्कियो।

कामेनेभले घण्टी बजाए र कडकिँदै भने, "कृपया आआफ्नो ठाउँमा बस्नोस्, हामी आफ्नो काम जारी राख्छौं!" त्यसपछि त्रोत्स्की उभिए, उनको अनुहार कठोर र फीका थियो। उनको गम्भीर स्वरमा आवेशहीन घृणाको भावना थियो। उनले भने, "यी सबै तथाकथित समाजवादी-सम्झौतापन्थीहरू, यी डरछेरूवा मेन्शेभिकहरू, समाजवादी-क्रान्तिकारीहरू

---

*शायद, यहाँ जोन रिडले अब्रामोभिच र एर्लिखको भाषण मिसाइदिनुभयो। —सं०

र बुन्दवालाहरू, जाउन् सबै! यो सम्पूर्ण कसिङगर इतिहासको रछानमा फालिनेछ!"

बोल्शेभिकहरूको तर्फबाट बोल्दै रेजानोभले भने, नगर दुमाको अनुरोधमा सैनिक क्रान्तिकारी समितिले सम्झौताको प्रस्ताव राख्न एउटा प्रतिनिधिमण्डल शिशिर प्रासाद पठाएको छ। "यस प्रकारले हामीले रक्तपात रोक्न हरसम्भव प्रयास गरेका छौं।"

हामी हतारहतार त्यहाँबाट निस्क्यौं र एक छिनको लागि त्यस कोठानेर उभियौं, जहाँ टेलिफोनहरूको आवाजबीच सैनिक क्रान्तिकारी समिति व्यग्रतापूर्वक काम गर्दै थियो। हुलाकीहरू स्वाँ स्वाँ गर्दै आवतजावत गरिरहेका थिए, प्राणदण्ड दिने अथवा माफी गर्ने समेत अधिकार पाएका कमिसारहरू शहरका कुनाकुनामा पटाइँदै थिए। कोठाको ढोका खुल्यो, बासी हावा र चुरोटको धुवाँको एक झोक्का बाहिर निस्क्यो, कोठाको एक झलक पाइयो – जिङग्रिङग परेका केही मानिसहरू ढकनी लगाइएको बत्तीको प्रकाशमा एउटा नक्सामाथि झुकेका थिए... हँसिलो अनुहार र बाक्लो सुनौला केश भएको इग्रोजेफोभ-दुख्भिन्स्की नामक एक कमरेडले हामीलाई प्रवेशपत्र बनाइदिए।

त्यो चिसो रात बाहिर निस्कँदा हामीले देख्यौं, स्मोल्नीको सम्पूर्ण अग्रभाग आवतजावत गरिरहेका मोटरहरूको ठूलो पार्क नै बनेको थियो। मोटरहरूको आवाजबीच कतै टाढाबाट तोप चलेको आवाज सुनिन्थ्यो। त्यहाँ एउटा ठूलो ट्रक रोकिएको थियो, इन्जिनको आवाजले त्यो ट्रक हल्लाउँदै थियो। केही मानिसहरू त्यस ट्रकमा पुलिन्दाहरू राख्दै थिए र काखीमा बन्दुक च्यापेका अरू केही मानिसहरू ट्रकभित्रबाट ती पुलिन्दाहरू लिँदै थिए।

"तपाईंहरू कहाँ जाँदै हुनुहुन्छ?" मैले स्वर चर्को पार्दै सोधें।

"शहरतिर, चारैतिर, सब ठाउँमा!" एक जना होचो कदको मजदुरले बडो जोशसाथ हात हल्लाउँदै र हाँस्दै भन्यो।

हामीले आफ्नो पास देखायौं। "आउनोस्, हामीसँगै जाऔं," उनीहरूले हामीलाई निमन्त्रणा गरे। "तर गोली चल्न सक्छ नि!" हामी ट्रकमा चढ्यौं। ड्राइभरले आवाज निकाल्दै क्लच दबाए र त्यो ठूलो ट्रक अगिल्तिर हुत्तियो; त्यस झोक्काले गर्दा हामी भर्खरै मात्र ट्रकभित्र पसेका अरू मानिसहरूमाथि लोट्यौं। ट्रक अगाडि बढ्यो र त्यस ढोकाबाट निस्क्यो, जसको नजिकै धुनी बालिएको थियो। धुनीको वरिपरि बन्दुक

लिएर बसेका मजदुरहरूको अनुहार आगोको रातो प्रकाशमा चम्किरहेको थियो। अनि त्यो ट्रक झक्का खाँदै, कहिले यता झुक्दै त, कहिले उता झुक्दै वेगले सुभोरोभ्स्की मार्गमा अगि बढ्न थाल्यो... एक जनाले कागज-को पुलिन्दा खोल्यो र हातभरि पर्चा लिँदै हावामा छर्न थाल्यो। हामीले पनि उनैको देखासिकी गर्‍यौं। त्यस अन्धकार सडकमा हाम्रो ट्रक वेगले अगि बढ्दै थियो र ट्रकपछाडि पुच्छरजस्तो सेता पर्चाहरू हावामा पौडी खेल्दै थिए र चक्कर खाँदै थिए। यति अबेला राती सडकमा कमै मान्छे देखिन्थे, उनीहरू रोकिन्थे र झुक्दै ती पर्चा टिप्दथे। सडकका मोडहरूमा धुनी बालेर बसेका रमन-सिपाहीहरू दौड्दै निस्कन्थे र ती पर्चा टिप्न हात फैलाउँदथे। कहिलेकाहिँ हतियार लिएका मानिसहरू देखा पर्दथे। उनीहरू आफ्नो बन्दुक उठाउँदै चिच्च्याउँथे, "स्तोई!" (पर्खी!) तर हाम्रो ड्राइभर चिच्च्याउँदै केही नबुझिने शब्दमा जवाफ दिन्थे र हामी फेरि वेगले अगाडि बढ्दथ्यौं।

मैले त्यस पर्चाको एउटा प्रति टिपें र सडकका बत्तीहरूको धमिलो प्रकाशमा पढ्न थालें—

"रसियाका नागरिकहरू!

अस्थायी सरकार अपदस्थ भएको छ। राज्य-सत्ता मजदुर तथा सैनिक प्रतिनिधिहरूको पेत्रोग्राद सोभियतअन्तर्गत सैनिक क्रान्तिकारी समितिको हातमा आएको छ। यस सैनिक समितिले पेत्रोग्रादका सर्वहारावर्ग तथा पेत्रोग्राद गैरिसनको नेतृत्व गर्दै छ।

जुन उद्देश्यको लागि जनताले सङ्घर्ष गर्दै आएको थियो, अर्थात् एक प्रजातान्त्रिक शान्ति सम्झौताको लागि अविलम्ब प्रस्ताव, भूमिमाथि जमिन-दारहरूको स्वामित्वको उन्मूलन, उत्पादनमाथि मजदुर नियन्त्रण तथा सोभियत सरकारको स्थापना—यी सबै उद्देश्यहरू पूरा भएका छन्।

मजदुर, सैनिक तथा किसानहरूको क्रान्ति अमर रहोस्!

सैनिक क्रान्तिकारी समिति,
मजदुर तथा सैनिक प्रतिनि-
धिहरूको पेत्रोग्राद सोभियत।"

साना आँखा भएको, मङ्गोलियाली अनुहार भएको मेरो छेउमा बसेको मानिसले, जसले भेडाको छालाले बनेको ककेसियाली कोट लगाएको थियो,

उत्तेजित हुँदै भन्यो, "होस गर्नोस् है, यहाँ सधैँ गुण्डाहरूले झ्यालबाट गोली हान्ने गर्दछन्!"

हामी सुनसान अँध्यारो ज्नामेन्स्की चोकमा मौड्यौँ, त्रुबेत्स्कोइले बनाएको बेढङ्गी मूर्ति* हुँदै फराकिलो नेभ्स्की मार्गमा आइपुग्यौँ, ट्रकमा तीन जना मानिस बन्दुक तेर्स्याएर बसेका थिए र झ्यालतिर हेर्दै थिए। मानिसहरू ट्रकको पछिपछि दौड्दै पर्चा टिप्दै थिए। अब तोप पड्केको आवाज सुनिन छोडेको थियो र हामी शहरको भित्री भागमा र शिशिर प्रासादको नजिक पुग्दै गएअनुसार सडकहरू पनि शून्य र विराना देखिन थाले। नगर दुमाको भवन निकै जगमगाइरहेको थियो। त्यस भवनको पल्लो छेउमा एउटा कालो भीड र नौसैनिकहरूको एक पङ्क्ति उभिएको देखियो। नौसैनिकहरूले रिसले चिच्च्याउँदै हामीलाई रोकिने आदेश दिए। ट्रक बिस्तारै रोकियो र हामी ओर्ल्यौँ।

हाम्रो अगाडि गजबको दृश्य थियो। इकातिना नहरको मोडमा, एउटा गुम्बज-बत्तीको प्रकाशमुनि नेभ्स्की मार्गको आरपार हतियारबन्द नौसैनिकहरू घेरा दिएर उभेका थिए र चार चार जनाको पङ्क्तिमा उभिएका मानिसहरूको भीडको बाटो छेक्दै थिए। त्यहाँ करिब तीन चार सय जना मानिसहरूको भीड जम्मा भएको थियो – लामो कोट लगाएका भलाद्मीहरू, ठाँटिला महिलाहरू, अफिसरहरू – सबै किसिमका र सबै तहका मानिसहरू त्यहाँ थिए। हामीले चिन्यौँ, त्यस भीडमा भर्खरै महाधिवेशनबाट निस्केर आएका कतिपय प्रतिनिधिहरू, मेन्शेभिकहरू तथा समाजवादी-क्रान्तिकारीहरूका नेताहरू थिए; किसान सोभियतका अध्यक्ष दुब्लोपातलो रातो दाह्री पालेका आभ्सेन्त्येभ, केरेन्स्कीका प्रवक्ता सोरोकिन, खिन्चूक र अब्रामोभिच; सबैभन्दा अगाडि पेत्रोग्रादका मेयर, सेतो दाह्री भएको बूढो श्रेइदेर र अस्थायी सरकारका खाद्यमन्त्री प्रोकपोभिच थिए। मन्त्री महोदयलाई त्यसै दिन बिहान गिरफ्तार गरिएको थियो र फेरि छोडिदिएका थिए। «Russian Daily News»** का सम्वाददाता माल्किनमाथि मेरो दृष्टि पर्‍यो। "शिशिर प्रासादमा मृत्युको स्वागत गर्न जाँदै छौँ", उनले हाँस्दै भने। त्यो जुलुस चुपचाप खडा थियो, खालि

---

*यहाँ जार अलेक्सान्दर तृतीयको स्मारकको चर्चा गरिएको हो। – सं०

**सन् १९१७ मा पेत्रोग्रादबाट प्रकाशित एक अङ्ग्रेजी समाचारपत्र। – सं०

अगिल्लो पङ्क्तिबाट ठूलठूलो स्वरले बहस गरेको आवाज आउँदै थियो। श्रेइदेर र प्रोकपोभिच एक जना अग्लो नौसैनिकलाई, जो शायद त्यहाँ नाइके थियो, हपार्दै थिए।

"हामीलाई जान दिनोस्!"—उनीहरू चिच्च्याउँदै थिए। "हेर्नोस्, यी कमरेडहरू सोभियतहरूको महाधिवेशनबाट आएका हुन्! उनीहरूको कार्ड हेर्नोस्! हामी शिशिर प्रासाद जाँदै छौं!"

त्यो नौसैनिक बिलखबन्दमा पर्‍यो। उसले आफ्ना ठूलठूला औंलाले टाउको कन्याउन थाल्यो; अनि आँखीभौं खुम्च्याउँदै बडबडायो, "मैले समितिबाट कसैलाई पनि शिशिर प्रासादभित्र पस्न नदिने आदेश पाएको छु। तैपनि म एक जना कमरेडलाई स्मोल्नीमा टेलिफोन गर्न पठाउँछु।"

"हामीले जान पाउनैपर्छ! हाम्रो हातमा हतियार छैन। तपाई अनुमति दिनोस् अथवा नदिनोस्, हामी गई छाड्छौं!" बूढो श्रेइदेरले अति उत्तेजित हुँदै भने।

"मलाई त्यस्तै आदेश छ..." नौसैनिकले झर्किंदै भन्यो।

"तपाईं चाहनुहुन्छ भने गोली हिर्काउनोस्! तर हामी गई छाड्छौं। अगाडि बढ!" चारैतिरबाट आवाजहरू सुनिए। "हामी मर्न तयार छौं, यदि तपाईंहरू कुनै रूसी र आफ्नो कमरेडमाथि गोली चलाउने हिम्मत गर्नुहुन्छ भने! हामी तपाईंको बन्दुकअगाडि छाती खोलिदिन्छौं!"

"हुन्न", त्यो नौसैनिकले एकोहोरो दृष्टिले हेर्दै भन्यो, "म तपाईं-हरूलाई जान दिन्न"।

"हामी अगाडि बढ्यौं भने तपाईं के गर्नुहुन्छ? के गोली हिर्काउनु-हुन्छ?"

"अहँ! हतियार नलिएका मानिसहरूमाथि म गोली चलाउन्न। हामी निहत्था रूसीहरूमाथि गोली चलाउँदैनौं।"

"हामी अगि बढिछाड्छौं! हेरौं, तपाईंहरू के गर्नुहुन्छ!"

"केही न केही गरौंला", त्यो नौसैनिकले जवाफ दियो, वास्तवमा के गर्ने हो उसलाई थाहा थिएन भन्ने कुरा स्पष्ट थियो।

"के गर्नुहुन्छ तपाईं? भन्नोस्, के गर्नुहुन्छ?"

अर्को नौसैनिक देखा पर्‍यो, उनी निकै उत्तेजित देखिन्थे। "यही बन्दुकले हिर्काउँछौं"—उनले क्रुद्ध स्वरमा भने, "जरूरत पर्‍यो भने गोली पनि चलाउँछौं। अब तपाईंहरू घर गइहाल्नोस् र हामीलाई शान्ति दिनोस्!"

यो कुरा सुनेर भीड अति उत्तेजित भयो, मानिसहरू चिच्च्याउन

कराउन थाले। प्रोकपोभिच त्यहाँ फ्याँकिएको बाकसजस्तो कुनै कुरामा चढ्यो र आफ्नो छाता हल्लाउँदै भाषण गर्न थाल्यो–

"कमरेडहरू तथा नागरिकहरू!"–उनले भने। "हाम्रो विरुद्ध शक्ति प्रयोग गरिँदै छ! यी गँवार मानिसहरूको हातबाट हामीजस्ता निर्दोष मानिसहरूको रगत बगोस् भन्ने कुरा हाम्रो लागि सह्‌य हुन सक्दैन। यी स्विचमैनहरूको* (किन उनले "स्विचमैन" शब्द प्रयोग गरे, मैले आज-सम्म बुझ्न सकेको छैन) हातबाट सडकमा गोलीको शिकार बन्नु हाम्रो लागि अति अपमानजनक कुरा हो। हामी दुमा भवन फर्कौं र त्यहाँ राष्ट्र र क्रान्तिलाई कसरी बचाउन सकिन्छ भन्ने विषयमा सोचविचार गरौं!"

तत्पश्चात् त्यो जुलुस निकै गर्वसाथ चुपचाप पछाडि फर्क्यो र त्यस्तै किसिमले चारचार जनाको पङ्क्ति बनाएर नेभ्स्की मार्गतर्फ अगि बढ्न थाल्यो। हामी पनि प्रहरीहरूको ध्यान अर्कोतिर लागेको मौका पारेर शिशिर प्रासादतिर लाग्यौं।

यहाँ पूर्ण अन्धकार थियो। अति होसियारीसाथ अगि बढिरहेका सिपाहीहरू र लाल गार्डहरूको पदचापसिवाय कतै कुनै हलचल थिएन। काजान गिर्जाघरसामुन्ने सडकको बीचमा तीन इञ्च मोटो नाली भएको एउटा तोप तेर्स्याइएको थियो, जुन छानाहरूमा अन्तिम बम हिर्काइसकेपछि एकतिर फर्काएर राखिएको थियो। सिपाहीहरू प्रत्येक दैलोनेर उभेका थिए र कानेखुसी गर्दै थिए। उनीहरू बडो गौरले पोलिचेइस्की पुलतिर हेर्दै थिए। मैले सुनें, एक जनाले भन्दै थियो, "हुनसक्छ, हामीले गल्ती गर्‍यौं..." प्रत्येक मोडमा गस्ती-प्रहरीले बाटोमा हिंड्ने मानिसहरूलाई रोक्दथ्यो। यस्तो गस्ती-दलको बनोट पनि बडो अनौठो थियो। प्रत्येक दलको नाइके एक जना लाल-गार्ड हुन्थ्यो...। गोलाबारी बन्द भइसकेको थियो।

हामी मोस्कोया मार्गमा पुग्दा एक जना मानिसले चिच्च्याउँदै भन्यो, "युङ्केरहरूले खबर पठाएका छन्, उनीहरू त्यहाँबाट निस्कन चाहन्छन्, हामी आउनुपर्‍यो रे!" सिपाहीहरूबीच आदेश दिएको आवाज सुनियो र हामीले देख्यौं, त्यस भयङ्कर अन्धकारमा काला आकृतिहरू चुपचाप अगि बढ्न थाले। शस्त्रहरूको झङ्कार र पदचापसिवाय अरू कुनै आवाज सुनिँदैनथ्यो। हामी सबैभन्दा अघिल्लो पङ्क्तिसँगसँगै जाँदै थियौं।

---

*स्विचमैन–शब्दिक अर्थ, रेलको लिग बदल्न स्विच दबाउने काम गर्ने मान्छे।–अनु०

कुनै कालो नदीजस्तो सम्पूर्ण सडक ढाक्दै हामीले लाल ढोका पार गर्‍यौं। मेरो अगिअगि गइरहेको मानिसले सुस्तरी भन्यो, "साथी हो, उनीहरूमाथि विश्वास नगर्नुहोला है, अवश्य गोली चलाउनेछन्!" मैदानमा निस्केपछि हामी बेस्सरी झुक्दै, एक अर्कासँग टाँसिँदै दौड्न थाल्यौं र अकस्मात् अलेक्सान्द्रीइस्की खम्बानेर आइपुग्यौं।

"तपाईंहरूका कति जना मानिसहरू मारिए?" मैले सोधें।

"खोइ थाहा छैन, दस जना जति हुनुपर्छ।"

एक छिन त सयौं मानिसहरूको त्यो सेना त्यहाँ एक अर्कासँग टाँसिएर उभियो, विस्तारै उनीहरू शान्त हुन थाले र अकस्मात् विनाकुनै आदेश अगि बढ्न थाले। अब शिशिर प्रासादका सबै झ्यालहरूबाट आएको प्रकाशमा मैले देखें, सबैभन्दा अगाडि दुई-तीन सय मानिस लाल गार्ड थिए, उनीहरूबीच छिटपुट, केही मात्र सिपाही थिए। काठ जम्मा गरेर जुन बैरिकेड बनाइएको थियो हामी त्यसैमा चढ्यौं र जब हामी अर्कोतिर उफ्र्यौं, हामी विजयको उल्लासमा चिच्च्याउन थाल्यौं, हाम्रा खुट्टामुनि बन्दुकको रास थुप्रिएको थियो, यी बन्दुकहरू युङ्केरहरूले फालेका थिए। मूल ढोकाका दुबैतिरका ढोकाहरू पूरै खुला थिए। ढोकाहरूबाट प्रकाश बाहिर निस्कँदै थियो, तर त्यस विशाल भवनबाट कुनै आवाज सुनिँदैनथ्यो।

यस अधीर मानव लहरमा बग्दै हामी पनि दाहिने ढोकाबाट भित्र पस्यौं। यस ढोकाबाट एउटा ठूलो चारैतिरबाट बन्द कोठामा पुगिन्थ्यो। यो पूर्वी लङ्को तहखाना थियो; यहाँबाट विभिन्न गल्लीहरू र भऱ्याङहरू सुरु हुन्थे। जमिनमा ठूलठूला बाकसहरू थिए। लाल गार्ड र सिपाहीहरूले आफ्नो बन्दुकको कुन्दाले हिर्काउँदै यी बाकसहरू फोड्न थाले र यी बाकसहरूबाट कार्पेटहरू, पर्दाहरू, लत्ताकपडा, चिनिया माटो र काँचका भाँडाहरू निकाल्न थाले... एक जना मानिस आफ्नो काँधमा काँसको भित्ते घडी बोक्दै शानले गइरहेको थियो; अर्कोले सुतुरमुर्गको पखेटाको एउटा गुच्छा भेट्टायो र आफ्नो टोपीमा लगायो। लुट सुरु हुन थालेको मात्र थियो कसैले चिच्च्याउँदै भन्यो, "मानिसहरू! कुनै पनि कुरा नछुनुहोला, कुनै चीज नलिनुहोला! यी सबै कुरा जनताको सम्पत्ति हो!" तुरुन्तै बीसौं आवाजले यो कुरा दोहोऱ्याए, "बन्द गर! जे जति टिपेका छौ, सब कुरा फर्काऊ! कुनै कुरा नछोऊ! सबै कुरा जनताको सम्पत्ति हो!" कैयौं हातहरूले लुटपाट सुरु गर्ने मानिसहरूको गर्दन समाउन थाले। जसले डमास्क लुगा अथवा मखमलको पर्दा लिएका थिए, उनीहरूबाट ती कुरा

खोसिए। हतारहतार जसोतसो ती सामानहरू फेरि तिनै बाकसहरूमा राखिए र स्वयम् मनोनित प्रहरीहरूले त्यहाँ पहरा दिन थाले। यी सबै कुरा स्व:स्फूर्त तरिकाले हुन थाले। गल्लीहरूबाट र भन्याङहरूबाट टाढिँदै गएका आवाजहरू सुनिँदै थियो – "क्रान्तिकारी अनुशासन! जनताको सम्पत्ति।"

हामी पछाडि फर्क्यौँ र पश्चिमी लङको देब्रे ढोकातिर लाग्यौँ। त्यहाँ पनि सुव्यवस्था कायम हुँदै थियो। भित्री ढोकाबाट आफ्नो टाउको निकाल्दै एक जना लाल गार्डले कडा स्वरमा भन्यो, "दरबारबाट बाहिर निस्कनोस्! साथीहरू, हामी चोरडाँका होइनौँ भन्ने कुरा हामीले देखाउनुपरेको छ। आवश्यक ठाउँहरूमा प्रहरी नराखुन्जेलको लागि कमिसारहरूबाहेक सबै मानिस दरबारबाट बाहिर निस्कनोस्"।

दुई जना लाल गार्ड, एक जना सिपाही र अर्को अफिसर, हातमा पिस्तोल लिएर उभेका थिए। अर्को सिपाही उनीहरूको पछाडि कागतकलम लिएर टेबुलअगाडि बसेका थिए। भित्रपट्टिबाट टाढा नजिक, जताततै एउटै आवाज आउँदै थियो, "सबै जना बाहिर निस्कनोस्! सबै जना बाहिर निस्कनोस्!" सिपाहीहरू एक अर्कालाई घचेट्दै, गाली गर्दै र बहस गर्दै ढोकाबाट बाहिर निस्कँदै थिए। प्रत्येक मान्छे बाहिर निस्कनासाथ स्व:मनोनित समितिले उसलाई रोक्दथ्यो, उसका खल्तीहरू छाम्थ्यो र कोटभित्र हेर्थ्यो। जेजति कुरा उसको होइन भन्ने स्पष्ट हुन्थ्यो उसबाट खोसिन्थ्यो, टेबुलअगाडि बसेको मानिसले ती कुराहरू कापीमा दर्ता गर्थ्यो र त्यसपछि ती सामान एउटा सानो कोठामा लगिन्थ्यो। नानाथरिका, गजबका कुराहरू खोसिए – साना मूर्तिहरू, मसीका भाडाहरू, शाही चिन्ह छापिएका तन्नाहरू, मैनबत्तीहरू, सानो तेलचित्र, टेबुलमा राख्ने ब्लटिङ प्याड, सुनको बीँड भएका तरबारहरू, साबुनका डल्लाहरू, नानाथरिका लुगाहरू, रगहरू। एक जना लाल गार्डले तीन वटा बन्दुक बोकेको थियो, जसमध्ये दुई वटा उसले युङ्केरहरूसँग खोसेको थियो; अर्को मानिसले कागतपत्रले टम्म भरिएका चार वटा पोर्टफोलियो बोकेको थियो। अपराधी झर्किँदै सामान फर्काउँथ्यो अथवा केटाकेटीजस्तो रून कराउन थाल्थ्यो। समितिका सदस्यहरू सबै एकै चोटि बोल्न थाल्दथे र जनताको हितको लागि सङ्घर्ष गर्ने मानिसहरूको लागि चोरी गर्नु अशोभनीय हो भन्ने कुरा बुझाउन थाल्दथे। प्रायशः यसरी समातिएका मानिसहरू आफै अन्य साथीहरूको तलासी लिन मदत गर्थे (३)।

त्यसपछि युङ्केरहरू तीन चार जनाको पङ्क्तिमा निस्कन थाले। समितिका मानिसहरूले उनीहरूलाई खूबसँग गाली गर्न थाले र "जासुसहरू! कर्निलोभपन्थीहरू! प्रतिक्रान्तिकारीहरू! जनताका हत्याराहरू!" भन्दै उनीहरूको खानतलासी लिन थाले। हुन त युङ्केरहरू सान्है तर्सेका थिए, तर उनीहरूमाथि कुनै हानी पुऱ्याइएन। उनीहरूका खल्तीहरू पनि लुटका सामानले भरिएका थिए, ती सामानहरू पनि त्यस्तै किसिमले दर्ता गरिए र त्यो सानो कोठामा जम्मा गरिए... युङ्केरहरूको हतियार खोसियो। "फेरि पनि तिमीहरू जनताको विरुद्ध हतियार लिन्छौ?" चारैतिरबाट चिच्च्याहट सुनिन्थ्यो।

"लिन्नौं! लिन्नौं।" एक एक गरी युङ्केरहरू जवाफ दिन्थे। त्यसपछि उनीहरूलाई बाहिर निस्कने अनुमति दिइन्थ्यो।

हामीले भित्र जाने अनुमति माग्यौं। समिति अनकनाउँदै थियो, तर एक जना अग्लो लाल गार्डले दृढतापूर्वक जवाफ दियो—मनाही छ। "तपाईंहरू को हुनुहुन्छ?"—उसले सोधिहाल्यो। "तपाईंहरू केरेन्स्कीका पिट्ठू हुनुहुन्न भन्ने कुरा मैले कसरी पत्याउने?" (हामी जम्मा पाँच जना थियौं, जसमध्ये दुई जना महिला थिए)।

"पाझालस्ता, ताभारिसी (कृपया, कमरेडहरू!) बाटो छोड्नोस्, साथीहरू!" एक जना सैनिक र अर्को लाल गार्ड ढोकामा देखा परे, उनीहरू भीड हटाउँदै थिए, बाटो बनाउँदै थिए, उनीहरूका पछाडि सङ्गिन तेर्सिएको बन्दुक लिएका केही मजदुरहरू आउँदै थिए। उनीहरूका पछाडिपछाडि एक एक जना गर्दै नागरिक पोसाकमा आधा दर्जन मानिसहरू आउँदै थिए। उनीहरू अस्थायी सरकारका सदस्य थिए। सबैभन्दा अगाडि किश्किन थियो, उसको अनुहार अँध्यारो र फिक्का थियो, त्यसपछि रूतेन्बेर्ग आउँदै थियो, उसको उदास दृष्टि जमिनतिर फर्केको थियो; तेरेशेन्को रूष्ट दृष्टिले यताउता हेर्दै थियो। उसको चिसो दृष्टि हामीमाथि पऱ्यो... सबै जना चुपचाप जाँदै थिए। उनीहरूलाई हेर्न विजयी विद्रोहीहरूको भीड लागेको थियो, तर केही क्रुद्ध अस्पष्ट शब्दहरूबाहेक कसैले केही भनेन। हामीले पछि मात्रै थाहा पायौं, सडकमा मानिसहरू उनीहरूलाई झुल्याउन तयार थिए, गोलीसमेत चलाउनुपरेको थियो, तर सिपाहीहरूले विनाचोटपटक उनीहरूलाई पेत्रोपाभ्लोभ्स्काया किल्लास्थित झ्यालखानामा पुऱ्याए।

यही मौका पारेर हामी सुटुक्क दरबारभित्र पस्यौं। अझै निकै मानिस-

हरू आवतजावत गर्दै थिए, त्यस विशाल भवनमा भर्खरै पत्ता लागेका वासस्थानहरूको जाँच हुँदै थियो, उनीहरू लुकाएर राखिएका युङ्केर गैरिसन-हरूको खोजीमा थिए, तर वास्तवमा त्यहाँ युङ्केरहरू बाँकी थिएनन्। हामी माथिल्लो तल्लामा गयौं र एक एक गर्दै कोठाहरू चहार्न थाल्यौं। दरबारको यस भागमा अन्य सैन्य दलहरूले पनि नेभा नदीको तर्फबाट प्रवेश गरेका थिए। विशाल राजकीय कक्षहरूका चित्रहरू, मूर्तिहरू, पर्दा-हरू, गलैंचाहरू जस्ताजस्तै छोडिएका थिए, तर अफिसहरूमा सबै टेबुल-हरू र दराजहरू खोलखाल पारिएका थिए, कागतपत्रहरू भुइँमा छरिएका थिए। आराम गर्ने कोठाहरूमा खाटहरूबाट तन्नाहरू निकालिएका थिए र लुगा राख्ने दराजहरू जबरजस्ती खोलिएका थिए। लुटका सामानहरूमा लुगाफाटा नै सबैभन्दा मूल्यवान ठानिन्थ्यो, किनभने श्रमजीवीहरूलाई यी कुराको ठूलो खाँचो थियो। फर्निचर राखिएको एउटा कोठामा दुई जना सिपाहीहरू बाक्लो स्पेनी छालाले मोडिएका मेचका गद्दाहरू च्यात्दै थिए। उनीहरूले भने, त्यो छाला जुत्ता बनाउन काम लाग्छ।

राता, नीला र सुनौला वर्दी लगाएका दरबारका पुराना नोकरहरू निकै हडबडाएका थिए र अभ्यस्ततावश बारम्बार दोहोऱ्याउँदथे, "बारिन (मालिक), त्यहाँ जान मनाही छ..." अन्त्यमा हामी स्वर्ण तथा मैला-काइट कक्षमा पुग्यौं, कोठामा सबै पर्दाहरू तासका थिए। यस कोठामा रातदिन मन्त्रिपरिषद्को बैठक बस्थ्यो र यही कोठामा दरबारका श्वेचार-हरू (दरबानहरू) ले मन्त्रीहरूलाई लाल गार्डहरूको हातमा सुम्पिदिएका थिए। हरियो कपडाले छोपिएको लामो टेबुल उनीहरू गिरफ्तार हुँदा जुन अवस्थामा थियो, त्यसै अवस्थामा छोडिएको थियो। प्रत्येक खाली मेचअगाडि कलम, मसी र कागत राखिएको थियो; ती कागतहरूमा कार-बाईसम्बन्धी प्रारम्भिक योजना र घोषणाहरूको कच्चा मसौदा कोरकोर पारिएको थियो। तीमध्ये अधिकांश लेखोटहरू योजनाको निरर्थकता स्पष्ट हुँदै गएअनुसार कोरिएका थिए, कागतको बाँकी हिस्सा ज्यामितीय रेखा-हरूले भरिएका थिए, जुन त्यस निराशावस्थामा कोरिएका थिए, जब एक जना मन्त्री अर्को मन्त्रीको हवाई योजना सुन्दै थियो। कनभालोभको हातले लेखिएको यस्तै एउटा खेस्रो मैले टिपें, त्यसमा लेखिएको थियो—"अस्थायी सरकार सबै वर्गहरूसँग समर्थनको लागि अपिल गर्दछ—"

के कुरा बिर्सनु हुँदैन भने यद्यपि शिशिर प्रासाद घेरामा परेको थियो, मोर्चाहरू र रसियाली प्रान्तहरूसँग सरकारको सम्पर्क यथावत् कायमै रहेको

थियो। बोल्शेभिकहरूले बिहान सबेरै युद्ध मन्त्रालय कब्जा गरेका थिए, तर उनीहरूलाई बुङ्गलमा राखिएको सैनिक आकाशवाणी अड्डाबारे केही थाहा थिएन, न त शिशिर प्रासादसँग जोडिएको गुप्त टेलिफोन लाइनबारे नै केही थाहा थियो। त्यस बुङ्गलबाट एक जना युवा अफिसर दिनदिनभरि अपिलहरू र घोषणाहरू देशभरि पठाउने गर्थ्यो; शिशिर प्रासादमाथि कब्जा गरियो भन्ने खबर सुनेपछि उसले चुपचाप आफ्नो टोपी उठायो र विना-रोकटोक त्यस भवनबाट बाहिर निस्क्यो।

हामी आफ्नो निरीक्षणमा कति तल्लीन थियौं भने हाम्रो वरिपरि जुन सिपाहीहरू र लाल गार्डहरू थिए, हामीप्रति उनीहरूको भावना बदलिए-को कुरा हामीले धेरै बेरपछि मात्रै चाल पायौं। जब हामी एकपछि अर्को कोठा चहार्दै थियौं एउटा सानो टोली हाम्रो पीछा गर्दै थियो। जुन विशाल चित्रशालामा हामीले युङ्केरहरूसँग साँझ बिताएका थियौं, हाम्रो पछाडि झण्डै एक सय जना मानिसको भीड जम्मा भइसकेको थियो। एक जना भीमकाय सिपाही हाम्रो बाटो छेकेर उभेको थियो, क्रोध र शङ्काले उसको अनुहार कालोनीलो भएको थियो।

"तपाईंहरूको परिचय?"—उसले चर्को स्वरमा सोध्यो। "के गर्दै हुनुहुन्छ तपाईंहरू यहाँ?" अरू मानिसहरू पनि बिस्तारै हाम्रो वरिपरि जम्मा हुन थाले र हामीतिर एकटकले हेर्दै बरबराउन थाले। मैले एक जनाले भनेको सुनें, "प्रोभोकातरी!" (जासुसहरू) "लुटाहाहरू!" मैले सैनिक क्रान्तिकारी समितिले दिएको पास देखाएँ। त्यस सिपाहीले त्यो कागत सावधानीपूर्वक लियो र विनाउत्साह ओर्काइफर्काइ हेर्‍यो। त्यो मान्छे लेखपढ गर्न जान्दैन भन्ने कुरा स्पष्ट थियो। उसले त्यो कागत मलाई फर्काउँदै जमिनमा थुक्यो। "**बुमागी**! खेस्रो!" उसले झर्किंदै भन्यो। गोठालोको वरिपरि जङ्गली साँढेहरू झुम्मिएजस्तै त्यो भीड हाम्रो वरिपरि साँघुरिँदै गयो। मैले देखें, त्यस भीडको पछाडि एक जना अफिसर निस्सहाय भावले उभिएको थियो, मैले उसलाई गुहारें। भीडलाई घचेट्दै उनी हामी उभिएका ठाउँमा आइपुगे।

"म कमिसार हुँ," उनले मलाई भने, "तपाईंहरू को हुनुहुन्छ? के भयो?" भीड अलि पछि सर्‍यो र पर्खन थाल्यो। मैले फेरि त्यही कागत देखाएँ।

"तपाईंहरू विदेशी हुनुहुन्छ?" उनले छिटोछिटो फ्रेन्चमा सोधे, "हालत खराब छ..." त्यसपछि हाम्रो कागतपत्र देखाउँदै उनी भीडतिर फर्किए।

"कमरेडहरू!" उनले चिच्च्याउँदै भने। "यी मानिसहरू विदेशी कमरेडहरू हुन्। उहाँहरू अमेरिकाबाट आउनुभएको हो। उहाँहरू आफ्ना देशवासीहरूलाई सर्वहारा सेनाको वीरता र क्रान्तिकारी अनुशासनबारे बताउनको लागि सामग्री बटुल्न यहाँ आउनुभएको हो!"

"कसरी तपाईंलाई यो कुरा थाहा भयो?" त्यही भीमकाय सिपाहीले सोध्यो। "म भन्छु तपाईंलाई, यिनीहरू जासुस हुन्! उनीहरू भन्दछन्, उनीहरू यहाँ सर्वहारा सेनाको क्रान्तिकारी अनुशासन हेर्न आएका हुन्, तर उनीहरू आफै मनपरी तरिकाले दरबारमा घुम्दै छन्, के थाहा, उनीहरूका खल्तीहरू लुटका सामानहरूले त भरिएका छैनन्?"

"**प्राभिल्ना!**" (ठीक हो!) "अरूहरू चिच्च्याउन थाले र हामीतिर अगि बढ्न सुरु गरे।

"कमरेडहरू! कमरेडहरू!" त्यस अफिसरले अनुनयपूर्ण स्वरमा भने, उनको निधारमा पसिना चम्कन थाल्यो। "म सैनिक क्रान्तिकारी समितिको कमिसार हुँ। तपाईंहरू मलाई विश्वास गर्नुहुन्छ? म भन्छु, यी पासहरूमा तिनै व्यक्तिहरूको हस्ताक्षर छन्, जुन मेरो पासमा छन्!"

त्यो अफिसर हामीसँगसँगै तल ओर्ल्यो र नेभा नदीको घाटतिर निस्कने ढोकाअगाडि हामीलाई पुऱ्यायो। ढोकाअगाडि त्यही समिति थियो, जसले मानिसहरूको खल्ती छाम्दै थियो। "तपाईंहरू गजबले बच्नुभयो," उनले मुखको पसिना पुछ्दै भने।

"महिला बटालियन अहिले कहाँ छ?" हामीले सोध्यौं।

"ए, महिला बटालियन!" उनले हाँस्दै भने। "तिनीहरू सबै पछाडिको एउटा कोठामा गुटमुटिएर बसेका थिए। तिनीहरूलाई कता पठाउने हो भन्ने निर्णय गर्न हामीलाई निकै मुश्किल परेको थियो, रूवावासी चलन थालिसकेको थियो। अन्त्यमा हामीले उनीहरूलाई फिनल्याण्ड स्टेसनमा पुऱ्यायौं र लेभाशोभा जाने एउटा ट्रेनमा राखेर पठाइदियौं, त्यहाँ उनीहरूको छाउनी छ।" (४)।

त्यो चिसो, अशान्त रातमा हामी बाहिर निस्क्यौं, टाढाबाट अज्ञात सेनाहरूको पदचाप सुनिन्थ्यो, गस्ती सिपाहीहरूले कुरा गरेको आवाज आउँदै थियो। नदीपारिबाट, जहाँ पेत्रोपाभ्लोभ्स्काया किल्लाको विशाल भवनको धमिलो आकृति तल पेटीमा राजमहलको कर्निस फुटेर झरेको प्लास्टर जताततै छरिएको थियो। क्रुजर 'आभ्रोरा' बाट गोलाबारी गर्दा

दुइटा बम राजमहलको कर्निसमा परेको थियो; गोलाबारीबाट भएको नोक्सान यत्तिकै थियो।*

बिहानको तीन बजिसकेको थियो। नेभ्स्की मार्गमा सडकका सबै बत्ती-हरू फेरि चम्किँदै थिए, तोप हटाइएको थियो, जताततै आगो तापेर बसिरहेका लाल गार्डहरू र सिपाहीहरूसिवाय लडाइँको कतै कुनै चिन्ह बाँकी थिएन। शहर शान्त थियो—शायद आफ्नो इतिहासमा कहिल्यै यति शान्त थिएन; त्यो रात शहरमा गुन्डागिरीको एउटा पनि घटना घटेन, कुनै चोरीडकैटी भएन।

तर नगर दुमाको भवन बिजुलीको प्रकाशले जगमगाइरहेको थियो। हामी ग्यालरीवाल अलेक्सान्दर हलमा पुग्यौं, हलमा जताततै सुनौला फ्रेमवाला, रातो कपडाले ढाकिएका राजा महाराजाहरूका चित्रहरू टाँगिएका थिए। एउटा मञ्चबाट स्कोबेलेभ बोल्दै थिए, त्यस मञ्चसामुन्ने करिब सय जना मानिस उभिएका थिए। उनी सार्वजनिक सुरक्षा समितिको विस्तार गर्ने अनुरोध गर्दै थिए, जसले गर्दा सबै बोल्शेभिक-विरोधी शक्ति-हरूलाई एक विशाल सङ्गठनमा ऐक्यबद्ध तुल्याउन सकियोस् र त्यस सङ्गठनको नाम मातृभूमि र क्रान्तिको उद्धार समिति राखियोस्। हामीले हेर्दाहेर्दै उद्धार समिति बनिहाल्यो। यो त्यही समिति थियो, जुन भविष्यमा बोल्शेभिकहरूको सबैभन्दा शक्तिशाली शत्रुको रूपमा विकसित भयो, जुन अर्को हप्ता नै कहिले आफ्नै नामबाट त, कहिले पूर्णतः निर्दलीय सार्वजनिक सुरक्षा समितिको नामबाट अगाडि आउँदै थियो।

त्यहाँ दान, गोच र आभ्सेन्त्येभ थिए, केही विद्रोही सोभियत प्रति-निधिहरू, किसान सोभियतहरूका कार्यकारिणी समितिका सदस्यहरू, बूढो प्रोकपोभिच र गणतन्त्र परिषद्का सदस्यहरूसमेत थिए—जसमध्ये भिनाभेर तथा अन्य कादेतहरू थिए। लिबेर चिच्च्याउँदै थिए—सोभियतहरूको अधि-वेशन वैधानिक अधिवेशन होइन, पुरानो चेइकले अझै आफ्नो कार्यभार

---

*क्रुजर 'आभ्रोरा' ले दुइटा बम हिर्काएको थियो भन्ने कुरा गल्ती हो। वास्तवमा ७ नोभेम्बर १९१७ को दिन राती पौने दस बजे 'आभ्रोरा' ले जम्मा एउटा खाली बम पडकाएको थियो र यो शिशिर प्रासादमाथि हमला गर्ने सन्देश थियो। त्यो नोक्सान, जसको यहाँ जोन रिडले चर्चा गर्नुभएको छ, पेत्रोपाभ्लोभ्स्काया किल्लामाथि भएको गोलाबारीले पुऱ्याएको थियो।—सं०

छोडेको छैन... राष्ट्रको नाममा एउटा अपिलको मसौदा तयार गरियो।

हामीले एउटा भाडाको बग्गी रोक्यौं। "कता जाने?" जब हामीले जवाफ दियौं "स्मोल्नी", इज्भोस्चिक (बग्गी हाँक्ने मान्छे) ले टाउको हल्लायो। "नेत!" (सक्दिन!) उसले भन्यो, "म त्यो भुतप्रेतको डेरामा जान्न..." घुम्दाघुम्दा थकाइले चूर भइसकेपछि मात्रै हामीले एक जना बग्गीवाल भेट्टायौं, जो त्यता जान तयार भयो, तर उसले तीस रूबल ठटायो र स्मोल्नीबाट दुइटा गल्ली टाढा बग्गी रोक्यो।

स्मोल्नी भवनका झ्यालहरू अझै पनि बिजुलीको प्रकाशले जगमगाइ-रहेका थिए, मोटरहरू आवतजावत गर्दै थिए र अझै पनि हुरहुरती बलि-रहेको आगो वरिपरि बसेका प्रहरीहरू प्रत्येक नवागन्तुकसँग ताजा समाचार सोध्दै थिए। करिडरमा हतारिँदै यताउता गइरहेका मानिसहरूको भीड लागेको थियो—उनीहरूको लुगा मैलो थियो, आँखा भित्रसम्म धँसिएको थियो। केही समिति कक्षहरूमा मानिसहरू भुइँमा सुतिरहेका थिए, छेउमा उनीहरूका बन्दुकहरू राखिएका थिए। सभाबाट निस्कने प्रतिनिधिहरूको बावजुद सभाहलहरू मानिसहरूले खचाखच भरिएका थिए—वातावरणमा समुद्रको गर्जन जस्तो कोलाहल थियो। हामी भित्र पस्दा कामेनेभ गिरफ्तार मन्त्रीहरूको सूची पढ्दै थियो। तेरेशेन्कोको नाम सुन्दा मानिसहरूले खुशीले ताली बजाए, हाँस्न थाले। रूतेन्बेर्गको नाम सुन्दा विशेष उत्साह देखाइएन। पाल्चीन्स्कीको नाम सुन्दा मानिसहरूले सिटी बजाउन, क्रुद्ध शब्दहरू प्रयोग गर्न र ताली बजाउन थाले... सभामा घोषणा गरियो—चुद्नोभ्स्कीलाई शिशिर प्रासादको कमिसार नियुक्त गरिएको छ।

यसै बेला एक नाटकीय व्यवधान उत्पन्न भयो। एक जना तगडा दाह्रीवाल किसान रिसले काँप्दै मञ्चमा चढ्यो र अध्यक्षमण्डलको टेबुल ठटाउँदै भन्न थाल्यो—

"हामी समाजवादी-क्रान्तिकारीहरू शिशिर प्रासादमा गिरफ्तार गरिएका समाजवादी मन्त्रीहरूलाई अविलम्ब रिहाइ गर्ने माग गर्दछौं! कमरेडहरू! के तपाईंहरूलाई थाहा छ हाम्रा चार जना कमरेडहरू, जसले आफ्नो ज्यान र स्वतन्त्रताको बाजी लगाएर जारको निरङ्कुश शासनको विरुद्ध सङ्घर्ष गरेका थिए, आज त्यही पेत्रोपाभ्लोभ्स्काया जेल—स्वतन्त्रताको त्यस ऐतिहासिक चिहानमा कोचिएका छन्?" भयङ्कर सोरगुलबीच उनी टेबुल ठटाउँदै चिच्च्याइरहेका थिए। अर्को एक जना प्रतिनिधि पनि मञ्चमा चढे र उनैको छेउमा उभिए। उनले अध्यक्षमण्डलतिर इशारा गर्दै भने—

"यी बोल्शेभिकहरूको ओख्रान्काले (जारशाही शासनमा जासुसी पुलिस) हाम्रा नेताहरूलाई जुन यातना दिँदै छन्, क्रान्तिकारी जनताका प्रतिनिधिहरूले यो कुरा चुपचाप हेरेर बस्नेछन्?"

त्रोत्स्कीले चुप लाग्ने अनुरोध गर्दै भने, "यी तथाकथित कमरेडहरूप्रति, जो दुस्साहसवादी केरेन्स्कीसँग मिलेर सोभियतहरूलाई नष्ट पार्ने षड्यन्त्रमा समातिएका छन्, कुनै पनि प्रकारको मुलाहिजा देखाउने आवश्यकता छ र? जुलाई १६ र १८ का घटनाहरूपश्चात् उनीहरूले हामीप्रति कुनै दयामाया देखाएनन्!" उनले फेरि उल्लासित स्वरमा भने, "अब आबारोनेचहरू (प्रतिरक्षावादीहरू) र डरपोकहरू बेपत्ता भइसकेका छन्, क्रान्तिलाई जोगाउने र बचाउने सम्पूर्ण अभिभारा हाम्रो काँधमा आएको छ, अब हामीले रातदिन परिश्रम गर्नुपरेको छ! घुँडा टेक्नुभन्दा त मर्नु नै बेस भन्ने हामीले सङ्कल्प गरिसकेका छौँ!"

त्रोत्स्कीपछि चार्स्कोये सेलोबाट आएका एक जना कमिसार बोल्नको लागि उभिए। उनी भर्खरै आइपुगेका थिए र स्वाँ स्वाँ गर्दै थिए। उनको लुगाभरि हिलोको छिटा परेको थियो। उनले भने, "चार्स्कोये सेलोको गैरिसन पेत्रोग्रादको ढोकामा पहरा दिएर बसेको छ र सोभियतहरू तथा सैनिक क्रान्तिकारी समितिको प्रतिरक्षाको लागि तयार छ!" करतल ध्वनिले ताली बज्छ। "मोर्चाबाट पठाइएको साइकल बटालियन चार्स्कोये आइपुगेको छ र ती सिपाहीहरूले पनि हाम्रै साथ दिएका छन्; उनीहरू सोभियत सत्ता स्वीकार गर्दछन्; उनीहरू पनि अविलम्ब किसानहरूले जमिन पाउन् र उद्योगधन्दामाथि मजदुरहरूको नियन्त्रण कायम होस् भन्ने चाहन्छन्। चार्स्कोयेमा अवस्थित पाँचौँ साइकल बटालियनले पनि हाम्रै समर्थन गरेको छ।"

तत्पश्चात् तेस्रो साइकल बटालियनको प्रतिनिधि उभिए। मानिसहरूले ठूलो उत्साहसहित उनको भाषण सुने। उनले बताए, कसरी तीन दिनपहिले दक्षिण-पश्चिम मोर्चाबाट "पेत्रोग्रादको प्रतिरक्षाको लागि" उनीहरूलाई डाकिएको थियो। तर यस आदेशको उद्देश्य अर्कै छ भन्ने उनीहरूलाई शङ्का लाग्यो। पेरेदोल्स्क स्टेसनमा चार्स्कोयेस्थित पाँचौँ बटालियनको प्रतिनिधिले उनीहरूलाई भेटे। एक संयुक्त बैठक बस्यो र त्यस बैठकमा "साइकल बटालियनहरूमा एक जना पनि त्यस्तो मान्छे छैन, जो आफ्ना दाजुभाइहरूको रगत बगाउन अथवा पुँजीपतिहरू तथा जमिनदारहरूको सरकारको समर्थन गर्न तयार छ!" भन्ने कुरा स्पष्ट भयो।

मेन्शेभिक-अन्तर्राष्ट्रियतावादीहरूको तर्फबाट बोल्दै कापेलीन्स्कीले गृह-युद्धको शान्तिपूर्ण समाधान खोज्न एक विशेष समिति गठन गरियोस् भन्ने प्रस्ताव राखे। "कुनै शान्तिपूर्ण समाधान हुन सक्दैन", भीडको गर्जन सुनियो। "विजय नै एक मात्र समाधान हो!" अत्यधिक बहुमतद्वारा यो प्रस्ताव अस्वीकार गरियो र व्यङ्ग्यवाण तथा निन्दोक्तिको वर्षाबीच मेन्शेभिक-अन्तर्राष्ट्रियतावादीहरूले हल छोडे। अब मानिसहरूमा कुनै पनि प्रकारको त्रासको भावना थिएन... मेन्शेभिक-अन्तर्राष्ट्रियतावादीहरू निस्कँदा कामेनेभले उनीहरूलाई ललकार्दै भने, "मेन्शेभिक-अन्तर्राष्ट्रियतावादीहरूले शान्तिपूर्ण समाधानको प्रश्नलाई एक "असाधारण प्रश्नको" रूपमा प्रस्तुत गरे। वास्तवमा महाधिवेशनबाट निस्कन चाहने गुटहरूले वक्तव्य दिन चाहँदा यिनीहरूले सधैँ नै "काम रोक!" भन्ने प्रस्तावको पक्षमा मतदान गर्दै आएका हुन्। स्पष्ट छ", कामेनेभले आफ्नो कुरा टुङ्ग्याउँदै भने, "यी सबै गद्दारहरूले पहिले नै सभा त्याग गर्ने निर्णय लिइसकेका थिए!"

सभाले केही गुटहरूले सभा त्याग गरेको कुरामा ध्यान नदिने निर्णय गऱ्यो र सम्पूर्ण रसियाका मजदुर, सैनिक तथा किसानहरूको नाममा जारी गरिने एक अपिलमाथि छलफल सुरु गऱ्यो। अपिल यस प्रकारको थियो –

"**मजदुरहरू, सैनिकहरू तथा किसानहरू!**

मजदुर तथा सैनिक सोभियतहरूका प्रतिनिधिहरूको द्वितीय अखिल रसियाली महाधिवेशन सुरु भयो। यस महाधिवेशनले सोभियतहरूको अत्यधिक बहुमतको प्रतिनिधित्व गर्दछ। महाधिवेशनमा कतिपय किसान प्रतिनिधिहरू पनि उपस्थित छन्। मजदुरहरू, सैनिकहरू तथा किसानहरूका व्यापकतम बहुमतको आकाङ्क्षाअनुसार, पेत्रोग्रादका मजदुरहरू तथा सैनिकहरूको विजयी विद्रोहको आधारमा यस महाधिवेशनले राज्य-सत्ता ग्रहण गरेको छ।

"अस्थायी सरकारबाट सत्ता खोसिएको छ। अस्थायी सरकारका अधिकांश सदस्यहरू गिरफ्तार भइसकेका छन्।

"सोभियत सत्ताले सबै राष्ट्रहरूसमक्ष अविलम्ब एक प्रजातान्त्रिक शान्ति सन्धि सम्पन्न गर्ने, सबै मोर्चाहरूमा अविलम्ब युद्ध-विराम कायम गर्ने तुरुन्त प्रस्ताव राख्नेछ। यसले जमिनदारहरूको जमिन, शाही बिर्ता तथा मठहरूको अधीन रहेका जमिन भूमि समितिहरूको हातमा सार्ने

व्यवस्था गर्नेछ, सेनामा पूर्ण प्राजातान्त्रिक परिपाटि कायम गरेर सैनिकहरूको अधिकारको संरक्षण गर्नेछ, उत्पादनमाथि मजदुरहरूको नियन्त्रण कायम गर्नेछ, उचित समयमा संविधान सभाको बैठक डाक्नेछ, शहरहरूमा रोटी पुऱ्याउने र गाउँहरूमा आवश्यक वस्तुहरू पुऱ्याउने व्यवस्था गर्नेछ, रसियामा बसोबास गर्ने सबै जातिहरूको लागि आत्मनिर्णयको वास्तविक अधिकार प्रदान गर्नेछ।

"महाधिवेशन निर्णय गर्दछ–समस्त स्थानीय सत्ता मजदुर, सैनिक तथा किसान प्रतिनिधिहरूका सोभियतहरूको हातमा सुम्पिनेछ। यी सोभियतहरूले आवश्यक क्रान्तिकारी सुव्यवस्था कायम गर्नेछन्।

"महाधिवेशन मोर्चाका सिपाहीहरूलाई दृढता र सतर्कताको प्रदर्शन गर्ने आह्वान गर्दछ। सोभियतहरूको महाधिवेशन विश्वस्त छ, जबसम्म नयाँ सरकारले प्रजातान्त्रिक शान्ति सम्झौता सम्पन्न गराउने छैन, जसको लागि यसले सबै राष्ट्रहरूसमक्ष प्रत्यक्ष रूपमा प्रस्ताव राख्नेछ, क्रान्तिलाई साम्राज्यवादको प्रहारबाट कसरी सुरक्षित राख्नुपर्छ भन्ने कुरा क्रान्तिकारी सेनालाई थाहा छ। अधिग्रहण तथा धनी वर्गहरूमाथि कर लगाउने एक दृढ नीतिद्वारा नयाँ सरकारले क्रान्तिकारी सेनाको लागि अपेक्षित सबै कुरा प्राप्त गराउन र सैनिक परिवारहरूको अवस्था सुधार्न आवश्यक पाइला चाल्नेछ।

"कर्निलोभपन्थीहरू–केरेन्स्की, कालेदिन तथा अन्य व्यक्तिहरू–पेत्रोग्रादमाथि हमला गर्न सेनालाई तयार पार्ने प्रयास गर्दै छन्। कतिपय रेजिमेन्टहरूले, जसलाई केरेन्स्कीले छकाएर राखेका थिए, विद्रोही जनताको पक्ष लिँदै छन्।

"सिपाहीहरू! कर्निलोभपन्थी केरेन्स्कीको सक्रिय रूपले सामना गर्नुहोस्! होसियार हुनोस्!

"रेल मजदुरहरू! पेत्रोग्रादमाथि हमला गर्न केरेन्स्कीले पठाउने सबै सैनिक ट्रेनहरू रोक्नोस्!

"सिपाहीहरू, मजदुरहरू, सरकारी कर्मचारीहरू! क्रान्ति तथा जनवादी शान्तिको भविष्य तपाईंहरूको हातमा छ!

"क्रान्ति जिन्दाबाद!

मजदुर तथा सैनिक प्रतिनिधिहरूका सोभियतहरूको अखिल रसियाली महाधिवेशन।

किसान सोभियतहरूका प्रतिनिधिहरू* "।

थकाइले चूर भएका क्रिलेन्को हातमा एउटा टेलिग्राम लिएर मञ्चमा चढ्दा बिहानको ठीक ५ बजेर १७ मिनेट बितेको थियो।

"कमरेडहरू! यो उत्तरी मोर्चाबाट हो। बाह्रौं सेनाले सोभियतहरूको महाधिवेशनलाई आफ्नो अभिवादन पठाएको छ। उनीहरूले पनि आफ्नो एउटा सैनिक क्रान्तिकारी समिति गठन गरेका छन् र यस समितिले उत्तरी मोर्चाको कमान आफ्नो हातमा लिएको छ"। कोलाहल, मानिसहरू रूँदै कराउँदै एक अर्कालाई अङ्कमाल गर्दछन्। "जर्नेल चेरेमीसोभले समितिलाई मान्यता दिएका छन्। अस्थायी सरकारका कमिसार भोइतीन्स्कीले राजीनामा गरे!"

यस प्रकारले, लेनिन र पेत्रोग्रादका मजदुरहरूले विद्रोह सुरु गर्ने निर्णय गरेका थिए, पेत्रोग्राद सोभियतले अस्थायी सरकारको तख्ता पल्टाइदिएको थियो र सत्ता परिवर्तनको सम्पूर्ण अभिभारा सोभियतहरूको महाधिवेशनको हातमा सुम्पिदिएको थियो। अब सम्पूर्ण रसियालाई आफ्नो पक्षमा ल्याउनु थियो र त्यसपछि सम्पूर्ण विश्वलाई नै! पेत्रोग्रादको अनुसरण गर्दै सम्पूर्ण रसिया बिउँझिएला त? अनि बाँकी संसार नि? के संसारभरिका जनता-हरूले प्रत्युत्तर देलान् र उनीहरू पनि बिउँझेलान्? के एक संसारव्यापी लाल-लहर उठ्नेछ?

यद्यपि बिहानको छ मात्रै बजेको थियो, अझै अँध्यारो थियो र चिसो थियो। मात्र एक फीका अलौकिक प्रकाश बिस्तारै ती निस्तब्ध सडकहरूमा फैलिँदै थियो र त्यस प्रकाशले प्रहरीहरूको धुनीको प्रकाशलाई धमिल्याउँदै थियो—एक भयङ्कर प्रभातको धमिलो प्रकाश सम्पूर्ण रसियाभरि फैलिँदै थियो।

---

*अपिलकर्ताहरूको रूपमा "किसान सोभियतहरूका प्रतिनिधिहरू" वाक्य त्यस बेला थपिएको थियो, जब किसानहरूका एक प्रतिनिधिले यस आशयको घोषणा गरेका थिए।—सं०

पाँचौँ अध्याय

द्रुत अग्रगमन

बिहीवार, ८ नोभेम्बर (२६ अक्टोबर) को दिन। आश्चर्यजनक उत्तेजनाले भरिपूर्ण त्यस शहरमा प्रभातको पहिलो किरण देखा पर्‍यो। शहरमा सबै कुरा उलटपुलट भएजस्तो लाग्थ्यो। हुरीको झोक्कामा सम्पूर्ण राष्ट्र नै थर्किरहेको थियो। माथिबाट हेर्दा त सबै कुरा शान्त देखिन्थ्यो। लाखौँलाख मानिसहरू यथासमय सुतेका थिए र बिहान सबेरै उठेर काममा निस्किसकेका थिए। पेत्रोग्रादमा यथावत् ट्राम चालू थियो, पसलहरू र रेस्टुराँहरू खुला थिए, नाचघरहरू पनि काम गर्दै थिए, जताततै चित्रकला प्रदर्शनीका विज्ञापनहरू टाँसिएका थिए... सामान्य जीवनको जटिल दिनचर्या, युद्धको स्थितिले पनि नखलबल्याएको यो दिनचर्या, आफ्नो तालमा चल्दै थियो। सामाजिक जीवनको प्राण-शक्तिभन्दा अनौठो अरू कुनै कुरा हुँदो रहेनछ। घोर विपत्तिको समयमा पनि यसले आफ्नो अस्तित्व कायम राखेको हुन्छ—खानपान, लगाइपगाइ, आमोदप्रमोद—सबै कुरा यथावत् चलिरहेका हुन्छन्।

केरेन्स्कीबारे नानाथरीको हल्ला फैलिएको थियो। भन्थे उनी सम्पूर्ण मोर्चा उठाउन सफल भएका छन् र एउटा ठूलो सेना लिएर राजधानीमाथि हमला गर्न आउँदै छन्। 'भोल्या नारोदा'ले प्स्कोभमा उनले जारी गरेको एउटा प्रिकाज (आदेश) प्रकाशित गरेको थियो—

"बोल्शेभिकहरूको विक्षिप्त प्रयासले जुन अव्यवस्था उत्पन्न गरेको छ, त्यसले राष्ट्रलाई विनाशको सँघारमा पुर्‍याएको छ र आज हाम्रो पितृभूमिले जुन भयङ्कर परीक्षाको सामना गर्नुपरेको छ, त्यसमा सफलतापूर्वक उत्तीर्ण हुनको लागि हामीले आफ्नो सम्पूर्ण सङ्कल्प, साहस र निष्ठा प्रयोग गर्नुपरेको छ।

"जबसम्म एउटा नयाँ सरकार गठन भएको घोषणा हुँदैन (यदि यस्तो सरकार गठित हुन सक्छ भने), प्रत्येक व्यक्ति दृढतापूर्वक आफ्नो ठाउँमा

उभिनुपर्दछ र उसले रगतले मुछिएको रसियाप्रति आफ्नो कर्तव्य पूरा गर्नुपर्दछ। स्मरण रहोस्, विद्यमान सैनिक व्यवस्थामा हुने किञ्चित् हस्तक्षेपले पनि शत्रुको लागि मोर्चाको ढोका उदाङ्गो पारिदिनेछ र हामीले अपूरणीय क्षतिको सामना गर्नुपर्नेछ। तसर्थ पूर्ण सुव्यवस्था कायम गरेर, सेनालाई नयाँ आघातहरूबाट बचाएर, अफिसरहरू र उनका मातहतका मानिसहरूबीच पूर्ण विश्वास कायम राखेर कुनै पनि मूल्यमा सेनाको मनोबल अक्षुण्ण राख्नुपरेको छ। म सबै प्रमुख अधिकारीहरू तथा कमिसारहरूलाई गणतन्त्रको अस्थायी सरकारले आफ्नो इच्छा प्रकट नगरुञ्जेलसम्म र म आफै प्रधान सेनापतिको पदमा रहुञ्जेलसम्म राष्ट्रको सुरक्षाको लागि आआफ्नो स्थानमा यथावत् रहने आदेश दिन्छु।"

यस आदेशको जवाफमा सबै पर्खाल र भित्ताहरूमा निम्न प्रकारको पोस्टर टाँसियो –

"**सोभियतहरूको अखिल रसियाली महाधिवेशनको तर्फबाट**

भूतपूर्व मन्त्रीहरू कनभालोभ, किश्किन, तेरेशेन्को, माल्यान्तोभिच, निकीतिन तथा अन्य सैनिक क्रान्तिकारी समितिद्वारा गिरफ्तार गरिएका छन्। केरेन्स्की भागिसकेका छन्। सबै सैनिक सङ्गठनहरूले केरेन्स्कीलाई अविलम्ब गिरफ्तार गर्न र उनलाई तुरुन्त पेत्रोग्राद पुऱ्याउन कुनै पनि कारबाई गर्ने आदेश पाइसकेका छन्।

केरेन्स्कीलाई कुनै पनि प्रकारको सहायता पुऱ्याउनु राज्यको विरुद्ध भयङ्कर अपराध मानिनेछ र यस्तो सहायता पुऱ्याउने व्यक्ति सजायको भागी बन्नेछ।"

समस्त अवरोधहरूबाट मुक्त भएपछि सैनिक क्रान्तिकारी समितिले अन्धाधुन्ध काम गर्न थाल्यो। समितिले कुनै अग्नि-पिण्डबाट फिलिङ्गो निस्केजस्तो एकपछि अर्को आदेशहरू, अपिलहरू आज्ञप्तिहरू जारी गर्न थाल्यो (१) *... कर्निलोभलाई पेत्रोग्राद ल्याउने आदेश दिइयो। अस्थायी सरकारले गिरफ्तार गरेका कृषक भूमि समितिका सदस्यहरूलाई रिहा गर्ने आदेश दिइयो। सेनामा मृत्युदण्ड बदर गरियो। सरकारी कर्मचारीहरूलाई

*हेर्नोस् यस अध्यायको परिशिष्टमा दिइएका टिप्पणीहरू।

आफ्नो काम जारी राख्ने आदेश दिइयो र काम गर्न अस्वीकार गरेको खण्डमा उनीहरूलाई कडा सजाय दिने धम्की दिइयो। कुनै पनि प्रकारको लुटमार, दङ्गाफसाद र अवैध व्यापारको लागि मृत्युदण्ड घोषित गरियो। विभिन्न मन्त्रालयहरूका लागि अस्थायी कमिसारहरू नियुक्त गरिए—परराष्ट्र मन्त्रालयको लागि उरित्स्की र त्रोत्स्की; गृह तथा न्याय—रीकोभ; श्रम मन्त्रालय—श्ल्याप्नीकोभ; अर्थ मन्त्रालय—मेन्झीन्स्की; जनकल्याण—श्रीमति कलन्ताई; वाणिज्य, संचार तथा यातायात — रेजानोभ; नौसेना—नौसैनिक कोर्बिर; हुलाक तथा आकाशवाणी—स्पिरो; नाट्यशाला — मुराभ्योभ; राजकीय छापखाना—देर्बीशेभ; पेत्रोग्रादका नगर कमिसार—लेफ्टिनेन्ट नेस्तेरोभ; उत्तरी मोर्चाका कमिसार—पोजेर्न...*

सेनालाई सैनिक-क्रान्तिकारी समितिहरू गठन गर्ने आह्वान गरियो। रेल मजदुरहरूलाई सुव्यवस्था कायम राख्ने र विशेषतः शहरहरू तथा मोर्चाहरूको लागि खाद्य परिवहनमा ढिलाइ नगर्ने अनुरोध गरियो। यसको साटो उनीहरूका प्रतिनिधिहरूलाई रेल परिवहन मन्त्रालयमा सामेल गराउने आश्वासन दिइयो।

"कजाक बन्धुहरू!"—एउटा विज्ञप्तिमा भनिएको थियो, "तपाईंहरूलाई पेत्रोग्रादमाथि हमला गर्न भड्काइँदै छ। तपाईंहरूलाई राजधानीका क्रान्तिकारी सैनिकहरू तथा मजदुरहरूको विरुद्ध उभ्याउने प्रयास गरिँदै छ... हाम्रा साझा शत्रुहरू, जमिनदारहरू तथा पुँजीजीवीहरूको एक शब्दमा पनि विश्वास नगर्नुहोला।

"रसियाका समस्त सङ्गठित मजदुरहरू तथा सिपाहीहरू एवम् प्रबुद्ध किसानहरूका प्रतिनिधिहरू हाम्रो महाधिवेशनमा उपस्थित छन्। हाम्रो महाधिवेशन श्रमजीवी कजाकहरूलाई पनि आफ्नो बीचमा देख्न चाहन्छ। कालासयवाला जर्नेलहरू, जमिनदारहरूका भरौटेहरू, निर्दयी निकोलाइका यी भरौटेहरू हाम्रा शत्रु हुन्।

"उनीहरू भन्दछन्, सोभियतहरू कजाकहरूको जमिन जफत गर्न

---

*अस्थायी कमिसारहरूको नियुक्तिसम्बन्धी जुन विवरण यहाँ प्रस्तुत गरिएको छ त्यो पूर्णतः सही छैन—परराष्ट्र मन्त्रालयको अभिभारा उरित्स्की एकलैलाई सुम्पिएको थियो; नौसेना मन्त्रालय सबै जङ्गी बेडाका प्रतिनिधिहरूद्वारा सोभियतहरूको अखिल रसियाली महाधिवेशनमा निर्वाचित नौसैनिक क्रान्तिकारी समितिलाई सुम्पिएको थियो।—सं०

चाहन्छन्। यो झूटो कुरा हो। क्रान्तिले केवल ठूलठूला कजाक जमिनदार-हरूको जमिन मात्रै जफत गर्नेछ र त्यो जमिन जनताको हातमा सुम्पनेछ।

"कजाक प्रतिनिधिहरूका सोभियतहरूको निर्माण गर्नोस्! मजदुर तथा प्रतिनिधिहरूका सोभियतहरूसँग मिल्नोस्! कालासयवालाहरूलाई देखाइ-दिनोस्, तपाईंहरू जनताप्रति गद्दारी गर्न चाहनुहुन्न, तपाईंहरू सम्पूर्ण क्रान्तिकारी रसियाको अभिशापको भागी बन्न चाहनुहुन्न!

"कजाक बन्धुहरू, जनताका शत्रुहरूको कुनै पनि आदेश पालना नगर्नुहोला। हामीसँग वार्ता गर्न आफ्ना प्रतिनिधिहरू पेत्रोग्राद पठाउनोस्... पेत्रोग्राद गैरिसनका कजाकहरूले जनताका शत्रुहरूको सम्पूर्ण आशा विफल तुल्याइदिएका छन् र यो उनीहरूको लागि ठूलो गर्वको कुरा हो।

"कजाक बन्धुहरू! सोभियतहरूको अखिल रसियाली महाधिवेशनले तपाईंहरूसँग भाइबन्धुको सम्बन्ध स्थापना गर्न चाहन्छ। सम्पूर्ण रसियाका सिपाहीहरू, मजदुरहरू तथा किसानहरूसँग कजाकहरूको बन्धुसम्बन्ध अमर रहोस्!"*

अर्कोतर्फबाट विज्ञप्तिहरूको बाढी लाग्न थाल्यो, असङ्ख्य पर्चाहरू भित्ता र पर्खालहरूमा टाँसिए, जताततै छरिए। समाचारपत्रहरू चिच्च्याउँथे कराउँथे, बोल्शेभिकहरूलाई सराप्दथे र उनीहरूको विनाशको भविष्य-वाणी गर्दथे। अब पत्रपत्रिकाहरूको लडाइँ बडो जोडतोडले चल्दै थियो—अन्य सबै हतियार सोभियतहरूको हातमा आइसकेका थिए।

सबैभन्दा पहिले मातृभूमि र क्रान्तिको उद्धार समितिको अपिल सम्पूर्ण रसिया र युरोपभरि नै प्रसारित गरियो—

"रसियाली गणतन्त्रका नागरिकहरूको नाममा

२५ अक्टोबरको दिन पेत्रोग्रादका बोल्शेभिकहरूले क्रान्तिकारी जनताको इच्छा विपरीत अस्थायी सरकारका कतिपय सदस्यहरूलाई गिरफ्तार गरे, गणतन्त्र परिषद् विघटन गरे र अवैध सत्ताको घोषणा गरेका छन् र यस प्रकारले एक जघन्य अपराध गरेका छन्। बाह्य खतराको यो सबैभन्दा

---

*यो अपिल मजदुर तथा सैनिक प्रतिनिधिहरूको अखिल रसियाली महाधिवेशनको तर्फबाट जारी गरिएको थियो।—सं०

नाजुक अवस्थामा क्रान्तिकारी रसियाको सरकारप्रति गरिएको यो बलप्रयोग पितृभूमिप्रति एक वर्णनातीत अपराध हो।

"बोल्शेभिकहरूको विद्रोह राष्ट्रिय सुरक्षाको कार्यमा एक साङ्घतिक प्रहार हो र यसले शान्तिको चिरआकाङ्क्षित घडीलाई अन्धाधुन्ध पछि सारिदिएको छ।

"बोल्शेभिकहरूले जुन गृहयुद्ध सुरु गरेका छन्, त्यसले राष्ट्रलाई अराजकता तथा प्रतिक्रान्तिको विभीषिकामा डुबाइदिनेछ र त्यस संविधान सभाको आयोजन असम्भव तुल्याउने खतरा पैदा गरेको छ, जसले गणतन्त्रात्मक व्यवस्थाको अनुमोदन गर्नुपर्ने थियो र सधैँको लागि जनताको हातमा जमिन सुम्पिदिनु पर्ने थियो।

एक मात्र वैधानिक राज्यसत्ताको नैरन्तर्य अक्षुण्ण राख्दै २५ अक्टोबरको राती स्थापित मातृभूमि र क्रान्तिको उद्धार समितिले एउटा नयाँ अस्थायी सरकार गठन गर्ने अभिभारा लिएको छ। यस सरकारले प्रजातान्त्रिक शक्तिहरूलाई आफ्नो आधार बनाउँदै राष्ट्रलाई संविधान सभातर्फ अग्रसर तुल्याउनेछ र अराजकता तथा प्रतिक्रान्तिबाट बचाउनेछ। नागरिकहरू, उद्धार समिति तपाईंहरूसँग **हिंसावादी सत्तालाई मान्यता नदिने आह्वान गर्दछ। यस सरकारका आदेशहरूको पालना नगर्नुहोला!**

मातृभूमि र क्रान्तिको प्रतिरक्षाको लागि तयार हुनोस्!

उद्धार समितिलाई समर्थन गर्नोस्!

यस अपिलमा निम्न संस्थाहरूले हस्ताक्षर गरेका थिए–रसियाली गणतन्त्र परिषद्, पेत्रोग्राद नगर दुमा, चेइक (प्रथम महाधिवेशन), किसान सोभियतहरूको कार्यकारिणी समिति तथा स्वयम् महाधिवेशनका प्रतिनिधिहरूका बीचबाट मोर्चा-दल, समाजवादी-क्रान्तिकारीहरू, मेन्शेभिकहरू, जनवादी समाजवादीहरू, संयुक्त सामाजिक-जनवादीहरू तथा 'येजिन्स्तभो' दल।"

तत्पश्चात् समाजवादी-क्रान्तिकारी पार्टी, मेन्शेभिक-आबारोनेचहरू (प्रतिरक्षावादीहरू) ले आफ्नो तर्फबाट अपिल निकाले, फेरि किसानहरूका सोभियतहरूको तर्फबाट अपिल निस्क्यो। त्यस्तै किसिमले केन्द्रीय सैनिक समिति, चेन्त्रफ्लोतको तर्फबाट अपिलहरू प्रसारित भए।

"अनिकालले पेत्रोग्रादलाई तहसनहस पार्नेछ! (उनीहरू चिच्च्याउँदथे)। जर्मनी सेनाले हाम्रो स्वतन्त्रता कुल्चिदिनेछन्। हामी सबै सचेत मजदुरहरू, सैनिकहरू, नागरिकहरू ऐक्यबद्ध नहुने हो भने कालासयवाला-

हरूले चलाउने पाग्रोमहरू (दङ्गाफसाद) सम्पूर्ण रसियाभरि फैलिनेछन्।

"बोल्शेभिकहरूको वचनमा विश्वास नगर्नुहोला! अविलम्ब शान्तिको वचन धोका हो! रोटीको वचन—एक ढोँग मात्र हो! जमिनको वचन मात्र परीकथा हो!"

सबै पोस्टरहरू यस्तै किसिमका हुन्थे।

"कमरेडहरू! तपाईंहरू अति निचता र निर्दयतापूर्वक ठगिनुभएको छ! बोल्शेभिकहरू एक्लैले सत्ता कब्जा गरेका हुन्... उनीहरूले सोभियत-हरूमा सम्मिलित अन्य समाजवादी पार्टीहरूबाट आफ्नो षड्यन्त्र लुकाएका छन्।

"तपाईंहरूलाई भूमि र स्वतन्त्रताको वचन दिइएको छ, तर बोल्शे-भिकहरूले जुन अराजकतालाई जन्म दिएका छन्, त्यसले प्रतिक्रान्तिलाई मात्र फाइदा पुऱ्याउनेछ र तपाईंहरूलाई भूमि तथा स्वतन्त्रताबाट वञ्चित तुल्याउनेछ।"

समाचारपत्रहरू पनि त्यत्तिकै चिढिएका थिए।

"मजदुरवर्गप्रति गद्दारी गर्ने यी मानिसहरूको भण्डाफोर गर्नु हाम्रो कर्तव्य हो ('जेला नारोदा' ले लेखेको थियो)। आफ्नो सम्पूर्ण शक्तिलाई एकत्रित पार्नु र क्रान्तिको लक्ष्यलाई अक्षुण्ण राख्नु हाम्रो कर्तव्य हो!"

पुरानो चेइकको तर्फबाट अन्तिम पल्ट आफ्नो विचार व्यक्त गर्दै 'इज्भे-स्चिया' ले भयङ्कर प्रतिशोधको धम्की दिएको थियो—

"जहाँसम्म सोभियतहरूको महाधिवेशनको प्रश्न छ, हामी भन्दछौँ कुनै पनि प्रकारको सोभियतहरूको महाधिवेशन भएको थिएन! हामी भन्दछौँ, यो बोल्शेभिक गुटको अनौपचारिक भेलासिवाय अरू केही थिएन! यस अवस्थामा चेइकलाई आफ्नो सत्ताबाट वञ्चित तुल्याउने उनीहरूलाई कुनै पनि अधिकार थिएन।"

'नोभया झीज्न' ले सबै समाजवादी पार्टीहरूलाई ऐक्यबद्ध तुल्याउने नयाँ सरकारको स्थापनाको पक्षमा बोल्दै समाजवादी-क्रान्तिकारीहरू तथा मेन्शेभिकहरूलाई महाधिवेशन परित्याग गरेबापत कडा आलोचना गऱ्यो र बोल्शेभिक विद्रोहको एउटा अर्थ अत्यन्त स्पष्ट छ भन्ने कुरातर्फ इङ्गित गऱ्यो। त्यो हो—पुँजीजीवीवर्गसँग मेलमिलापको सम्बन्धमा जे जति भ्रमहरू विद्यमान थिए, अब ती सबै निरर्थक साबित भएका छन्।

'राबोची पुच' ले फेरि 'प्राभदा' को रूप लियो — लेनिनको यस

समाचारपत्रमाथि जुलाई महिनामा प्रतिबन्ध लगाइएको थियो। यस समाचारपत्रले विजयोल्लाससहित लेख्यो—

"मजदुरहरू, सैनिकहरू, कृषकहरू! फेब्रुअरी महिनामा तपाईंहरूले निरङ्कुश सामन्ती शासनलाई एकै प्रहारमा ढालिदिनुभयो... हिजो तपाईंहरूले बुर्जुवा गुटको निरङ्कुश शासन पनि ढालिदिनुभयो।

"अब पेत्रोग्रादका प्रवेशमार्गहरूको रक्षा गर्नु हाम्रो पहिलो कार्य हो।

"पेत्रोग्रादका प्रतिक्रान्तिकारी तत्त्वहरूलाई निरस्त्र पार्नु निस्सन्देह हाम्रो दोस्रो कार्य हो।

अनि हाम्रो तेस्रो अत्यावश्यक कार्य हो—क्रान्तिकारी सत्तालाई सङ्गठित तुल्याउनु र जनमुखी कार्यक्रमको कार्यान्वयन सुनिश्चित तुल्याउनु।"

ती अल्पसङ्ख्यक कादेत समाचारपत्रहरू र सामान्य रूपमा सबै बुर्जुवा समाचारपत्रहरूले, जुन अझसम्म निस्कँदै थिए, सम्पूर्ण घटनाक्रमप्रति तटस्थ व्यङ्ग्यपूर्ण दृष्टिकोण अपनाए, मानौँ उनीहरू अन्य सबै पार्टीहरूलाई अवज्ञापूर्वक भन्दै थिए—"देख्नु भो, हामीले र तपाईंहरूलाई भनेकै थियौँ!" प्रभावशाली कादेत नेताहरू नगर दुमा र उद्धार समितिको वरिपरि सधैँ चक्कर लगाइरहेका हुन्थे। आम रूपमा बुर्जुवावर्ग चुप लागेर बसेको थियो, ऊ मौका पर्खेर बसेको थियो र त्यो मौका धेरै टाढा छैन भन्ने कुरामा विश्वस्त देखिन्थ्यो। वास्तवमा, लेनिन, त्रोत्स्की र पेत्रोग्रादका मजदुरहरू तथा साधारण सिपाहीहरूसिवाय अरू कसैलाई पनि बोल्शेभिकहरूले तीन दिनभन्दा बढी सत्ता थाम्न सक्छन् भन्ने कुरामा विश्वास थिएन।

त्यस दिन दिउँसोपख अग्लो गुम्बजाकार निकोलाइ हलमा नगर दुमाको बैठक अटुट रूपमा चल्दै थियो—यो त्यस्तो तुफानी अधिवेशन थियो, जसमा चारैतिरबाट बोल्शेभिक-विरोधी शक्तिहरू एकत्रित हुँदै थिए। बूढो मेयर श्रेइदेरले, जो आफ्नो सेतो कपाल र सेतो दाह्रीले गर्दा निकै रबाफिलो देखिन्थे, बताउँदै थिए, कसरी उनी हिजो राती नगरपालिका स्वायत्त सरकारको तर्फबाट विरोध प्रकट गर्न स्मोल्नी गएका थिए। "समान, प्रत्यक्ष तथा गुप्त मतदानद्वारा निर्वाचित दुमाले, जुन यस शहरको एक मात्र वैधानिक सरकार हो, नयाँ सत्तालाई मान्यता दिँदैन," उनले त्रोत्स्कीलाई भनेका थिए। त्रोत्स्कीले जवाफ दिएका थिए "यसको वैधानिक उपाय छ—दुमाको विघटन गरेर पुनर्निर्वाचन गर्न सकिन्छ..." श्रेइदेरको यो कुरा सुन्दा भयङ्कर कोलाहल मच्चियो।

दुमालाई सम्बोधन गर्दै बूढो श्रेइदेरले फेरि भने, "यदि कसैले सङ्गिन-

को बलमा चल्ने सरकारलाई मान्यता दिन चाहन्छ भने हामी कहाँ त्यस्तो सरकार छ, तर म त्यस्तो सरकारलाई मात्र वैधानिक ठान्दछु, जसलाई जनताले मान्यता दिन्छ, बहुमतले मान्यता दिन्छ, अल्पसङ्ख्याले बलप्रयोग-द्वारा स्थापना गरेको सरकारलाई म कदापि मान्यता दिन सक्दिन!" बोल्शेभिकहरू बसेका बेन्चहरू छोडेर सम्पूर्ण हलमा करतल ध्वनिले ताली बज्छ। भयङ्कर सोरगुलबीच मेयर घोषणा गर्दछन्, बोल्शेभिकहरूले कतिपय विभागहरूमा कमिसारहरू नियुक्त गरेर नगरपालिकाको स्वायत्त अधिकार हनन गरेका छन्।

आफ्नो स्वर सुनिने गरी बोल्शेभिक वक्ता चिच्च्याउँदछन्, सोभि-यतहरूको महाधिवेशनको निर्णयले देखाउँछ, सम्पूर्ण रसियाले बोल्शेभिक-हरूको कार्यकलापको समर्थन गरेका छन्।

"तपाईंहरू!" उनी चिच्च्याउँदै थिए, "तपाईंहरू, पेत्रोग्रादका जन-ताका वास्तविक प्रतिनिधि [हुनुहुन्न!" चारैतिरबाट "यो अपमान हो! अपमान!" भन्ने हल्ला सुनिन्छ। बूढो मेयरले बडो गौरवपूर्वक बोल्शेभिक वक्तालाई जवाफ दिन्छन्, दुमा जनताको सबैभन्दा स्वतन्त्र चुनावमा निर्वाचित भएको हो। "ठीक कुरा हो," बोल्शेभिक वक्ताले जवाफ दिए। तर यो धेरै पहिलेको कुरा हो, दुमा पनि त्यस्तै किसिमले निर्वाचित भएको थियो, जसरी चेइक निर्वाचित भएको थियो, सैनिक समिति निर्वाचित भएको थियो"।

"सोभियतहरूको कुनै नयाँ महाधिवेशन भएको छैन!" उनीहरू चिच्च्याउँदै थिए।

"बोल्शेभिक दल प्रतिक्रान्तिको यस गुँडमा अरू एक छिन पनि बस्न चाहँदैन"—होहल्ला।—"हामी दुमाको पुनर्निर्वाचनको माग गर्दछौं..." तत्पश्चात् बोल्शेभिकहरूले सभाभवन त्यागे, हलमा "जर्मन दलालहरू! धोकेबाज मुर्दाबाद!" जस्ता नाराहरूले उनीहरूको पीछा गर्दै थिए।

कादेत शिन्गरेभले सैनिक क्रान्तिकारी समितिको कमिसार बन्न तयार भएका सबै नगरपालिका कर्मचारीहरूलाई आफ्नो पदबाट हटाइयोस् र उनीहरूलाई अपराधी घोषित गरियोस् भन्ने माग गरे। श्रेइदेर फेरि उभिए र उनले यस आशयको प्रस्ताव राखे—दुमा भङ्ग गर्ने बोल्शेभिकहरूको धम्कीको हामी विरोध गर्दछौं र जनताको वैधानिक प्रतिनिधिको रूपमा हामी कदापि आफ्नो पद त्याग तयार छैनौं।

बाहिर, अलेक्सान्द्र हलमा पनि उद्धार समितिको बैठकको लागि भीड

जम्मा भएको थियो। त्यहाँ फेरि पनि स्कोबेलेभ नै बोल्दै थिए। "आजसम्म कहिल्यै क्रान्तिको भविष्य यति सङ्कटावस्थामा परेको थिएन", उनी भन्दै थिए। "रूसी राज्यको अस्तित्वको प्रश्नले आजसम्म कहिल्यै यति चिन्ता पैदा गरेको थिएन, आजसम्म इतिहासले रसियाको अस्तित्व रहने हो वा होइन भन्ने प्रश्न यति उग्र तथा टड्कारो रूपमा प्रस्तुत गरेको थिएन। क्रान्तिलाई बचाउने महान् दिवस आइपुगेको छ र यो कुरा अनुभव गर्दै हामीले क्रान्तिकारी जनवादका समस्त जीवित शक्तिहरूको घनिष्ठ एकतालाई सुरक्षित राखेका छौं। यिनै शक्तिहरूको सङ्गठित सङ्कल्पद्वारा राष्ट्र तथा क्रान्तिको उद्धारको लागि एक केन्द्र स्थापित भइसकेको छ..." र यस्तै किसिमका अरू पनि थुप्रै कुराहरू। "हामी मृत्युपर्यन्त आफ्नो मोर्चाबाट पछि हट्ने छैनौं!"

तालीको करतल ध्वनिबीच घोषणा गरियो – रेल मजदुरहरूको युनियन उद्धार समितिमा सम्मिलित भएको छ। एक छिनपछि हुलाक तथा आकाशवाणी कर्मचारीहरूको युनियन पनि सामेल भयो। तत्पश्चात् केही मेन्शेभिक-अन्तर्राष्ट्रियतावादीहरूले हलमा प्रवेश गरे, थपडी बजाएर उनीहरूको स्वागत गरियो। रेल मजदुरहरूले भने, उनीहरू बोल्शेभिकहरूलाई मान्यता दिँदैनन्, उनीहरूले सम्पूर्ण रेल व्यवसाय आफ्नो हातमा लिएका छन् र यस व्यवसायलाई कुनै पनि हालतमा बलाद्ग्राही सत्ताको हातमा सुम्पन तयार छैनन्। आकाशवाणी कर्मचारीहरूका प्रतिनिधिले भने, आकाशवाणी अड्डामा बोल्शेभिक कमिसार उपस्थित भएसम्म उनीहरूले आफ्ना औजार छुन अस्वीकार गरेका छन्। हुलाकीहरूले न स्मोल्नीमा चिठी पुऱ्याउनेछन्, न त स्मोल्नीबाट ल्याइएका चिठीहरू नै दर्ता गर्नेछन्। स्मोल्नीका सबै टेलिफोन लाइनहरू काटिएका छन्। व्यापक उल्लासको वातावरणमा बताइयो कसरी उरित्स्की परराष्ट्र मन्त्रालयमा गुप्त सन्धिहरू माग्न गएका थिए र नेरातोभले* उनलाई त्यहाँबाट निकालिदिएका थिए। सबै सरकारी कर्मचारीहरू काम रोक्दै थिए।

यो युद्ध घोषणा थियो – पूर्वनियोजित युद्ध, रूसी तरिकाको युद्ध, हडताल तथा ध्वंसात्मक कारबाईहरूद्वारा चलाइने लडाइँ। हामी त्यहाँ बसिरहेको बेला सभापतिले एउटा सूची पढेर सुनाए। त्यस सूचीमा केही

---

* **नेरातोभ** – अस्थायी सरकारमा परराष्ट्र मन्त्रालयका उपमन्त्री, भूतपूर्व जारशाही कुटनीतिज्ञ। – **सं०**

व्यक्तिहरूको नाम र उनीहरूलाई सुम्पिएको कामको विवरण थियो – फलाना-फलाना मानिसले मन्त्रालयहरूको भ्रमण गर्नेछन्, फलाना-फलानाले बैंङ्क-हरूको। दसबा-ह जना मानिसलाई ब्यारेकहरूमा गएर सिपाहीहरूलाई तटस्थ बस्न मनाउने काम सुम्पिएको थियो – "रूसी सिपाहीहरू, आफ्ना दाजुभाइहरूको रगत नबगाउनोस्!" एउटा समिति केरेन्स्कीसँग भेटघाट गर्न र सरसल्लाह गर्न जाँदै थियो; अन्य समितिहरू प्रान्तीय शहरहरूमा पठाइए। उनीहरूले त्यहाँ गएर उद्धार समितिका शाखाहरू खोल्नुपर्थ्यो र सबै बोल्शेभिक-विरोधी तत्त्वहरूलाई ऐक्यबद्ध तुल्याउनुपर्थ्यो।

भीडमा ठूलो उत्साह फैलिएको थियो। "यी बोल्शेभिकहरूले हामी बुद्धिजीवीहरूमाथि हुकुम चलाउने? हामी उनीहरूलाई मजा चखाउँछौं!"

यस सभा र सोभियतहरूको महाधिवेशनबीच आकाशजमिनको अन्तर थियो। त्यहाँ झुत्राझाम्रा लुगा लगाएका सिपाहीहरू, मजदुर तथा किसान-हरू – जीवनको कठोर तथा पाशविक सङ्घर्षमा सन्तप्त यी गरिब मानिस-हरू आफ्नो अस्तित्वको लागि भीषण सङ्घर्ष गर्दै थिए भने, यहाँ आब्से-न्त्येभ, दान, लिबेरजस्ता मेन्शेभिक तथा सामाजिक-क्रान्तिकारी नेताहरू, भूतपूर्व समाजवादी मन्त्रीहरू स्कोबेलेभ तथा चेर्नोभजस्ता मानिसहरू, चमेरो शाच्स्की र हृष्टपुष्ट भिनाभेरजस्ता कादेतहरूसँग, झण्डै सबै शिविरका पत्रकारहरू, विद्यार्थीहरू, बुद्धिजीवीहरूसँग अङ्कमाल गर्दै थिए। दुमाको यो भीड हृष्टपुष्ट र राम्रो लुगा लगाएका मानिसहरूबाट बनेको थियो। त्यहाँ मैले तीन जनाभन्दा बढी मजदुरहरूलाई देखिन।

नयाँनयाँ खबरहरू आउँदै थिए। कर्निलोभप्रति बफादार तेकिनेचहरूले* बिखोभमा प्रहरीहरूलाई मारेर कर्निलोभलाई भगाए। कालेदिन उत्तरतिर अगि बढ्दै थिए... मास्को सोभियतले सैनिक क्रान्तिकारी समिति गठन गरेको थियो र त्यस समितिले शस्त्रागारमाथि कब्जा गर्न नगर कमान्डे-न्टसँग वार्ता गर्दै थियो। समिति मजदुरहरूलाई यी हतियारहरू बाँड्न चाहन्थ्यो।

यी तथ्यहरूसँग कतिपय आश्चर्यजनक हल्लाहरू, विकृत तथ्यहरू र झूटा खबरहरू मिसिएका थिए। उदाहरणको लागि, एक जना चङ्ख युवा कादेतले, जो सुरुमा मिल्युकोभको र त्यसपछि तेरेशेन्कोको निजी सचिव

---

*हेर्नोस् 'टिप्पणी र व्याख्याहरू'। – सं०

थिए, हामीलाई एउटा कुनामा लगेर शिशिर प्रासादको पतनसम्बन्धी विवरण सुनाउन थाले।

"जर्मन तथा अस्ट्रियायी अफिसरहरूले बोल्शेभिकहरूको नेतृत्व गर्दै थिए", उनले भने।

"होला र?" हामीले नम्रतापूर्वक सोध्यौं। "तपाईंले कसरी थाहा पाउनुभयो?"

"मेरा एक मित्र त्यहाँ उपस्थित थिए, उनले आफ्नै आँखाले सब कुरा देखेका हुन्।"

"ती जर्मन अफिसरहरू थिए भन्ने कुरा उनले कसरी बुझे त?"

"किनभने उनीहरूले जर्मन वर्दी लगाएका थिए!"

यस्ता सयौं हास्यास्पद कथाहरू सुनाइन्थे र यस्ता कथाहरू बोल्शेभिक-विरोधी समाचारपत्रहरूले मात्रै बडो गम्भीरतापूर्वक छापेका होइनन्, समाजवादी-क्रान्तिकारीहरू तथा मेन्शेभिकहरूसमेत, सत्यप्रति गम्भीर निष्ठा जसको सधैं एक विशेषता रहँदै आएको थियो, यस्ता परीकथाहरूमा विश्वास गर्दथे।

अझ गम्भीर कुरा त के थियो भने बोल्शेभिक हिंसा र आतङ्कका कथाहरू व्यापक रूपमा फैलाइँदै थिए। उदाहरणको लागि, लाल गार्डहरूले शिशिर प्रासादमा भयङ्कर लुटपाट मच्चाए, युङ्केरहरूको हतियार खोसेपछि उनीहरूको कत्लेआम गरे, कतिपय मन्त्रीहरूको अति निर्दयतापूर्वक हत्या गरे, जहाँसम्म महिला सैनिकहरूको प्रश्न छ, अधिकांश महिलाहरूमाथि बलात्कार गरियो र धेरैले यन्त्रणा सहन नसकेर आत्महत्या गरे भन्नेजस्ता कथाहरू मौखिक रूपमा र समाचारपत्रहरूमा व्यापक रूपमा प्रचार गरिए... यी सबै कथाहरू दुमामा भेला भएको सम्पूर्ण भीडले सजिलैसँग चपाए। अझ खराब कुरा त के थियो भने ती युङ्केरहरू र महिला सैनिकहरूका आमाबाबुहरूले समाचारपत्रहरूमा छापिएका यी भयङ्कर कथाहरू, जसको साथसाथै प्रायश: नामहरूको फिरिस्त पनि छापिएको हुन्थ्यो, पढेका थिए र रात पर्दासम्ममा क्षुब्ध, उत्तेजित नागरिकहरूको एउटा ठूलो भीड दुमामा भेला भइसकेको थियो।

रजौटा तुमानोभसँग घटेको घटना यस्तै एउटा लाक्षणिक उदाहरण हो। समाचारपत्रहरूले यी रजौटाको लाश मोइका नहरमा भेट्टाइयो भन्ने खबर छापेका थिए। केही बेरपछि उनको परिवारका सदस्यहरूले यस समाचारको खण्डन गरे र भने वास्तवमा उनी गिरफ्तार भएका हुन्। त्यसपछि अखबार-

हरूले लाश तुमानोभको होइन, जर्नेल देनिसोभको थियो भन्ने समाचार छापे। तर जब जर्नेल साहेबलाई पनि जिउँदै पाए, हामीले यसबारे खोजी-निती गर्न थाल्यौं, तर कतै कुनै लाश भेट्टाइएको चिन्हसम्म पनि फेला परेन।

हामी दुमा-भवनबाट निस्कँदा दुई जना बाल स्वयंसेवकहरूले भवनबाहिर जम्मा भएको एक विशाल भीडमा पर्चा (२) बाँड्दै थिए। महाजनहरू, पसलेहरू, चिनोभ्निकहरू (सरकार कर्मचारीहरू) को यस भीडले दुमा-भवनको सामुन्ने पूरै नेभ्स्की मार्गलाई घेरेका थिए। एउटा पर्चामा लेखिएको थियो –

"नगर दुमाले

२६ अक्टोबरको दिन बसेको आफ्नो बैठकमा वर्तमान घटनाहरूलाई ध्यानमा राख्दै निजी भवनहरूलाई अलङ्घनीय घोषित गरेको छ। नगर दुमा निजी भवनहरूभित्र जबरजस्ती प्रवेश गर्ने समस्त प्रयासहरू निर्णायक रूपमा विफल तुल्याउन् र नागरिकहरूको आत्मरक्षाको हेतुले शास्त्र-प्रयोग गर्न पनि नहिचकिचाउन् भन्ने यो आह्वान आवास-समितिहरूमार्फत पेत्रोग्रादका जनतासमक्ष पुऱ्याउँदछ।"

लिचेइनीको मोडमा पाँच-छ जना लाल गार्डहरू र दुई जना नौसैनिक-हरूले एक जना अखबार-पसलेलाई घेरेका थिए र उनीसँग मेन्शेभिक समाचारपत्र 'राबोचाया गाजेता' ('मजदुर समाचारपत्र') का सबै प्रतिहरू बुझाउने माग गर्दै थिए। एक जना नौसैनिकले जबरजस्ती ती समाचारपत्र-हरूको पोको टिपेको देखेर त्यो पसले मुक्का देखाउँदै चिच्च्याउन थाल्यो। एक क्रुद्ध भीड जम्मा भयो र गस्ती प्रहरीलाई गाली गर्न थाल्यो। एक जना होचो कदको मजदुरले त्यो अखबार-पसले र भीडलाई बारम्बार सम्झाउँदै थियो, "यस समाचारपत्रमा केरेन्स्कीको वक्तव्य छापिएको छ। उनी भन्दछन्, हामी रूसी जनतामाथि गोली चलाउँदै छौं। यस कुराले रक्तपात मच्चाउन सक्छ"।

स्मोल्नीमा वातावरण अझ उत्तेजित थियो। वास्तवमा यहाँ उत्तेजना पराकाष्ठामा पुगेको थियो। अँध्यारा दलानहरूमा यताउता दौडिरहेका तिनै मानिसहरू, तिनै बन्दुक बोकेका मजदुर टोलीहरू, कागतपत्रहरूले भरिएका पोर्टफोलियो लिएर यताउता दौडिरहेका, आफ्ना कमरेडहरू र

सहायकहरूले घेरिएका तिनै नेताहरू। उनीहरू आपसमा बहस गर्थे, एक अर्कालाई कुरा बुझाउँदथे, केही आदेशहरू दिन्थे। उनीहरू हर बखत कतै न कतै हतारिएका हुन्थे, उनीहरूका पछिपछि साथीहरू र सहायकहरू दौडिरहेका हुन्थे। सबै अति चिन्तित देखिन्थे, रातरात भर नसुतेका र अमानवीय श्रमले सबै अति थाकेका थिए। दाह्री नखौरेका, लुगा मैलिएका, चम्किला आँखा भएका यी मानिसहरू आफ्नो प्रचण्ड उत्साहको बलमा निश्चित लक्ष्यतर्फ तीव्र गतिले अगि बढ्दै थिए। उनीहरूले अझ धेरै काम गर्नु बाँकी थियो! प्रशासन व्यवस्था आफ्नो हातमा लिनु थियो, शहरमा सुव्यवस्था कायम गर्नु थियो, गैरिसनलाई आफ्नो पक्षमा कायम राख्नु थियो, दुमा र उद्धार समितिसँग सङ्घर्ष गर्नु थियो, जर्मनहरूको विरुद्ध टेक लिनु आवश्यक थियो, केरेन्स्कीसँग लडाइँको लागि तयारी गर्नु थियो, यहाँ घटेका घटनाहरूबारे प्रान्तहरूमा खबर पठाउनु थियो र अर्खाङ्गेल्स्क-देखि भ्लादिभास्तोकसम्म प्रचार कार्य गर्नु थियो... सरकारी कर्मचारीहरू र नगरपालिकाका कार्यकर्ताहरू कमिसारहरूको आदेश मान्न तयार थिएनन्, हुलाक तथा आकाशवाणीका कर्मचारीहरू उनीहरूलाई संचार सुविधा प्रदान गर्न अस्वीकार गर्दै थिए, रेल कर्मचारीहरू रेलगाडी दिने उनीहरूका सम्पूर्ण अनुरोधहरू बेवास्ता गर्दै थिए। केरेन्स्की अगि बढ्दै थियो, गैरिसनमाथि पूरा विश्वास गर्न सकिँदैनथ्यो, कजाकहरू मौका पर्खेर बसेका थिए... शत्रुको पछाडि सङ्गठित बुर्जुवावर्ग मात्रै नभएर सबै समाजवादी पार्टीहरू उभिएका थिए। वामपन्थी समाजवादी-क्रान्तिकारीहरू, मुठीभर मेन्शेभिक-अन्तर्राष्ट्रियतावादीहरू र सामाजिक-जनवादी-अन्तर्राष्ट्रियतावादीहरू मात्रै अपवाद थिए र यिनीहरू पनि हिचकिचाउँदै थिए—यिनीहरूले पनि बोल्शेभिकहरूको साथ लाग्ने हो वा होइन भन्ने निर्णय गर्न सकेका थिएनन्। साँचो हो, मजदुर तथा सैनिक जन समुदाय उनीहरूको पक्षमा थिए; जहाँसम्म किसानहरूको प्रश्न थियो उनीहरूले कसको पक्ष लिने हुन् भन्ने कुरा अझ अस्पष्ट नै थियो; फेरि बोल्शेभिकहरू कुनै त्यस्तो राजनीतिक पार्टी थिएनन् जसमा शिक्षित तथा अनुभवी कार्यकर्ताहरूको प्राचुर्य होस्।

रेजानोभ मूल ढोकातिरको भऱ्याङमा देखिए, उनी हामीतिर आउँदै थिए। उनले हास्यास्पद चिन्ताको भावले हामीलाई बताए, उनी वाणिज्य कमिसार हुन्, तर उनलाई व्यवसायबारे केही पनि थाहा छैन। माथिल्लो तल्लामा, भोजनालयको एउटा कुनामा भेडाको छालाले बनेको कोट लगाएको एक सज्जन एउटा कुनामा बसेका थिए। उनले त्यही लुगा लगाएका थिए,

जुन लुगामा उनी... मैले भन्न लागेको थिएँ—"सुतेका थिए", तर उनी रातभरि सुतेका थिएनन् भन्ने कुरा स्पष्ट थियो। तीन दिनदेखि उनले दाह्री खौरेका थिएनन्। उनी चिन्तित मुद्रामा थिए र एउटा फोहोर खाममा केही कुरा लेख्दै थिए र बीचबीचमा सिसाकलम टोक्थे। यिनी अर्थ कमिसार मेन्झीन्स्की थिए, यस पदको लागि जसको योग्यता मात्र के कुरामा सीमित थियो भने कुनै जमानामा उनी एक फ्रेन्च बैङ्कका क्लर्क थिए... अनि सैनिक क्रान्तिकारी समितिको कोठाबाट हतारहतार दलान-तिर दौडिरहेका र हिंड्दाहिंड्दै कागतको टुक्रामा केही कुरा लेखिरहेका यी चार व्यक्ति ती कमिसारहरू थिए, जसलाई क्रान्तिको खबर पुऱ्याउन रसियाको चारैतिर पठाइँदै थियो। हरसम्भव तर्क तथा हतियारद्वारा सङ्घर्ष गर्नु र मानिसहरूलाई विश्वस्त तुल्याउनु उनीहरूको कर्तव्य थियो।

दिउँसो एक बजे सुरु हुनु पर्ने विशाल महाधिवेशन भवन धेरै पहिले नै खचाखच भरिइसकेको थियो, तर सात बजिसकेपछि पनि अध्यक्षमण्डलको अत्तोपत्तो थिएन... बोल्शेभिकहरू र वामपन्थी समाजवादी-क्रान्तिकारीहरू आआफ्ना कोठाहरूमा दलीय बैठक गर्दै थिए। लेनिन र त्रोत्स्कीले पूरा दिन नै सम्झौताका पक्षपातीहरूको विरुद्ध सङ्घर्षमा बिताउनुभएको थियो। बोल्शेभिकहरूको एक पर्याप्त ठूलो हिस्सा सम्झौताको पक्षमा थिए, जसले गर्दा सबै समाजवादी पार्टीहरू सम्मिलित भएको एउटा संयुक्त सरकार गठन गर्न सकियोस्। "हामी एकलै टिक्न सक्दैनौं।" उनीहरू भन्दै थिए। "हाम्रो विरुद्ध धेरै ठूलो शक्ति छ! हामीसँग कार्यकर्ताहरू छैनन्। हामी एकलिनेछौं र सबै कुरा बर्बाद हुनेछ..." कामेनेभ, रेजानोभ तथा अन्य केही व्यक्तिहरूको यही विचार थियो।

तर लेनिन, जसलाई त्रोत्स्कीले समर्थन गरेका थिए, चट्टानजस्तै दृढ र अविचल हुनुहुन्थ्यो। "सम्झौतापन्थीहरूले हाम्रो कार्यक्रम स्वीकार गर्छन् भने उनीहरू पनि मन्त्रिमण्डलमा सम्मिलित हुन सक्दछन्! हामी एक इन्च पनि पछि हट्दैनौं। यदि यहाँ त्यस्ता कमरेडहरू छन् भने, जसमा त्यति खतरा लिने साहस र सङ्कल्प छैन, जति खतरा हामी लिन तयार छौं, उनीहरू पनि अरू डरछेरूवा र सम्झौतापन्थीहरूसँगसँगै महाधिवेशन छोडेर जान सक्छन्! मजदुर तथा सैनिकहरूले हाम्रो समर्थन गरेका छन् र यो काम अगाडि बढाउनु हाम्रो कर्तव्य हो"।

सात बजेर पाँच मिनेट बितेको थियो, वामपन्थी समाजवादी-क्रान्ति-

कारीहरूले खबर पठाए, उनीहरूले सैनिक क्रान्तिकारी समितिबाट राजीनामा दिने छैनन्।

"देख्नु भो!"—लेनिनले भन्नुभयो। "उनीहरू हाम्रो पछि लाग्दै छन्!"

केही बेरपछि, हामी ठूलो सभा भवनको प्रेस-ग्यालरीमा बसिरहेका थियौं, बुर्जुवा समाचारपत्रहरूको लागि लेख लेख्ने एक जना अराजकतावादी सज्जनले उनीसँगै बाहिर निस्केर अध्यक्षमण्डल कता बेपत्ता भयो पत्ता लगाउने प्रस्ताव राखे। हामी निस्क्यौं र खोज्न थाल्यौं। चेइकको कार्यालयमा कोही थिएन, पेत्रोग्राद सोभियतको ब्यूरोमा पनि कोही थिएन। हामीले विशाल स्मोल्नी भवनको एकपछि अर्को कोठा चहार्‍यौं। तर महाधिवेशनको अध्यक्षमण्डल कहाँ छ भन्ने कुरा कसैलाई थाहा थिएन। बाटोमा मेरा सहयात्रीले मलाई आफ्नो विगत क्रान्तिकारी जीवनबारे बताए, कसरी उनी रसियाबाट भागेका थिए र फ्रान्समा धेरै लामो अवधिसम्म सुखद जीवन बिताएका थिए। यी व्यक्ति बोल्शेभिकहरूलाई तुच्छ, उज्जड तथा गँवार, सौन्दर्य र कलाको भावना पटक्क नभएका मान्छेहरू ठान्दथे। यी अराजकतावादी महानुभाव रूसी बुद्धिजीवीहरूको एक वास्तविक नमुना थिए... यसरी कुरा गर्दागर्दै हामी अन्त्यमा १७ नम्बरको कोठानेर पुग्यौं, जहाँ सैनिक क्रान्तिकारी समितिको कार्यालय थियो। हामी त्यस कोठाको ढोकाअगाडि थामियौं। मानिसहरू यताउता दौडधुप गर्दै थिए... ढोका खुल्यो र कोठाबाट बिल्ला नभएको सैनिक वर्दी लगाएको एक जना ग्याँचे, फराकिलो अनुहार भएको व्यक्ति निस्के। पहिलो दृष्टिमा यी व्यक्ति मुस्कुराउँदै छन् जस्तो लाग्थ्यो तर वास्तवमा उनको मुस्कुराहट अनन्त थकाइको छाप मात्र थियो। उनी क्रिलेन्को थिए।

मेरा सहयात्री, जो हेर्दा निकै सुन्दर र सभ्य देखिन्थे, खुशीले चिच्च्याए र अगि बढे।

"निकोलाइ भासिलेभिच!"—उनले हात अगाडि बढाउँदै भने। "तपाईंले मलाई बिर्सनुभयो? हामी जेलमा सँगै थियौं"।

क्रिलेन्कोले बडो एकाग्र दृष्टिले त्यस व्यक्तिलाई हेरे। "ए, चिनें", उनले त्यस व्यक्तिलाई अति मैत्रीपूर्ण दृष्टिले माथिदेखि तलसम्म हेर्दै भने, "किन बिर्सनु र, तपाईं स० होइन र? **ज्द्रास्तभुइचे**! ('नमस्कार!) उनीहरूले एकअर्कालाई अङ्कमाल गरे। "तपाईं यहाँ के गर्दै हुनुहुन्छ?" क्रिलेन्कोले हातको इशाराले चारैतिर देखाउँदै सोधे।

"ए, म त यहाँ दर्शक मात्रै हुँ। हेर्छु, तपाईंले त निकै ठूलो सफलता प्राप्त गर्नुभए जस्तो छ"।

"हो," क्रिलेन्कोले साग्रह भने, "सर्वहारा क्रान्ति भनेको धेरै ठूलो सफलता हो"। उनले फेरि हाँस्दै भने, "हुन सक्छ, फेरि पनि हाम्रो जेलैमा भेट होला!"

जब हामी फेरि दलानमा निस्क्यौं, मेरा सहयात्रीले फेरि आफ्नो कथा सुनाउन थाले। "कुरा के हो भने म क्रापोत्किनको अनुयायी हुँ। हाम्रो दृष्टिमा क्रान्ति पूर्णतः विफल भएको छ। यस क्रान्तिले जनताको हृदयमा देशभक्तिको भावना जगाउन सकेको छैन। निस्सन्देह, यस कुराले प्रमाणित गर्छ, जनता अझै क्रान्तिको लागि तयार भइसकेको छैन।"

तालीको गडगडाहटबीच अध्यक्षमण्डलका सदस्यहरूले प्रवेश गर्दा बिहानको ठीक आठ बजेर चालीस मिनेट बितेको थियो। लेनिन–महान् लेनिन पनि उनीहरूको बीचमा हुनुहुन्थ्यो। होचो कद, गठिलो शरीर, ठूलो मजबुत गोलो शिर, खुइलेको तालु, ससाना आँखा, ठूलो नाक, बाक्ला फराकिला ओठ, गन्हौं चिउँडो; दान्ही सफाचट पारेर खौरिएको थियो, तर भूत र भविष्यमा त्यति प्रख्यात उहाँको त्यो दान्ही फेरि उम्रन थालिसकेको थियो। उहाँको लुगा पुरानो थियो, पाइन्ट कदअनुसार निकै लामो थियो। जनताको आराध्य बन्ने चमकदमक उहाँमा थिएन, यद्यपि उहाँले जुन प्रेम र सम्मान पाउनुभयो, इतिहासमा बिरलै अरू कुनै नेताले पाएका होलान्। उहाँ एक त्यस्तो असाधारण जननेता हुनुहुन्छ, जो मात्र आफ्नो बुद्धिको बलमा नेता बनेको थियो। चमकदमक अथवा फाइँफुट्टी भन्ने कुरा उहाँमा पटक्क थिएन, मानिसहरूलाई आफूतिर आकर्षित गर्ने कुनै त्यस्तो स्वभावगत विशेषता पनि उहाँमा थिएन। तैपनि उहाँ अति दृढ, अविचल तथा अनासक स्वभावको व्यक्ति हुनुहुन्छ। गहन विचारहरूलाई सीधासादा शब्दमा व्यक्त गर्ने र कुनै पनि ठोस परिस्थितिको बिश्लेषण गर्ने अपूर्व क्षमता उहाँमा विद्यमान छ। सूक्ष्मदर्शिताका साथै बौद्धिक साहस यस नेताका विशेषता हुन्।

कामेनेभ सैनिक क्रान्तिकारी समितिको गतिविधिबारे प्रतिवेदन प्रस्तुत गर्दै थिए; सेनामा मृत्युदण्ड बदर गरिएको थियो, प्रचार स्वतन्त्रता पुनः लागू गरिएको थियो र राजनीतिक अपराधको लागि गिरफ्तार भएका अफिसरहरू तथा सिपाहीहरूले रिहाइ पाएका थिए, केरेन्स्कीलाई गिरफ्तार

गर्ने र निजी गोदामहरूमा जम्मा गरिएको अन्न जफत गर्ने आदेश जारी गरिएको थियो... करतल ध्वनिले ताली बज्छ।

बुन्दका प्रतिनिधि फेरि बोल्नको लागि उभिए। बोल्शेभिकहरूको कट्टर नीतिले क्रान्तिलाई तहसनहस पार्नेछ। त्यसै कारणले बुन्दका प्रतिनिधिहरू महाधिवेशनमा भाग लिन अस्वीकार गर्दछन्।

स्रोताहरूको बीचबाट आवाज आउँछ; "हामीले त सोचेका थियौं तपाईंहरू हिजो राती नै निस्किसक्नु भएको थियो! तपाईंहरू कति पटक निस्किने हो?"

तत्पश्चात् मेन्शेभिक-अन्तर्राष्ट्रियतावादीहरूको प्रतिनिधि बोल्न उभिए। चारैतिरबाट आवाज आउँछ, "क्या हो यस्तो? तपाईंहरू अझै पनि यहीं हुनुहुन्छ? वक्ताले स्पष्टिकरण दिँदै भने, सबै मेन्शेभिक-अन्तर्राष्ट्रियतावादीहरूले महाधिवेशन परित्याग गरेका होइनन्, केही मात्र निस्के, बाँकीले महाधिवेशनमा भाग लिनेछन्।

"सोभियतहरूलाई सत्ता हस्तान्तरण गर्नु क्रान्तिको लागि खतरनाक र अझ हुनसक्दछ साङ्घातिकसमेत छ भन्ने हाम्रो विचार छ"–बीचबीचमा सोरगुल। "यद्यपि महाधिवेशनमा भाग लिनु र यस हस्तान्तरणको विरुद्ध मतदान गर्नु हामी आफ्नो कर्तव्य ठान्दछौं!"

अन्य वक्ताहरूले पनि भाषण गरे, वस्तुतः विनाकुनै क्रमबद्धता। दोन प्रदेशका खानी मजदुरहरूका एक प्रतिनिधिले महाधिवेशनसमक्ष कालेदिनको विरुद्ध कारबाई गर्ने अनुरोध गरे। उनले भने, कालेदिनले राजधानीलाई कोइला र खाद्यसामग्रीबाट वञ्चित तुल्याउन सक्दछ। भर्खरै मोर्चाबाट आइपुगेका केही सिपाहीहरूले महाधिवेशनसमक्ष आआफ्ना रेजिमेन्टहरूको तर्फबाट उत्साहपूर्ण अभिवादन सन्देशहरू सुनाए... अब लेनिन भाषण गर्नको लागि उभिनुभयो। उहाँ भाषण गर्ने चौतारो दुवै हातले समाएर आफ्ना साना चम्किला आँखाले प्रतिनिधिहरूको त्यस भीडतिर हेर्दै हुनुहुन्थ्यो। केही मिनेटसम्म ताली बजिरह्यो। तर तालीको गडगडाहटले उहाँमाथि कुनै प्रभाव नपारेको देखिन्थ्यो। उहाँ केही बेर पर्खिनुभयो र ताली थामिएपछि उहाँले अति सरल र सङ्क्षिप्त रूपमा भन्नुभयो–

"अब हामी समाजवादी व्यवस्थाको निर्माणकार्य सुरु गर्दछौं!" फेरि जनसमुद्रको त्यो प्रचण्ड गर्जन सुनियो।

"हामीले सबैभन्दा पहिले शान्ति स्थापनाको लागि व्यावहारिक कार्यहरू गर्नुपर्दछ... हामीले सोभियत शर्तहरूको आधारमा सबै युद्धरत देश-

हरूका जनताहरूसमक्ष शान्तिको प्रस्ताव राख्नुपर्दछ। यी शर्तहरू हुन्–विना-संयोजन, विनाहर्जाना र जातिहरूको आत्मनिर्णयको अधिकारसहित शान्ति। साथै आफूले दिएको वचनअनुसार हामीले गुप्त सन्धिहरू प्रकाशित गर्नेछौं र ती सन्धिहरूको बहिस्कार गर्नेछौं... युद्ध र शान्तिको प्रश्न अति स्पष्ट छ, त्यसैकारणले मलाई लाग्दछ, म विनाकुनै प्रस्तावना सबै युद्धरत राष्ट्र-हरूका जनताहरूलाई सम्बोधन गरिएको घोषणा मसौदा पढ्न सक्दछु।"

उहाँले बोल्दा उहाँको मुस्कुराइरहेको जस्तो ठूलो फराकिलो मुख पूरै खुला थियो; उहाँको स्वर खस्रो थियो, सुन्दा अप्रिय त लाग्दैनथ्यो, तर वर्षौंदेखि बोल्ने बानी परेकोले स्वर कडा भएजस्तो लाग्थ्यो। उहाँ एकनासले बोल्दै हुनुहुन्थ्यो र स्रोतालाई लाग्थ्यो उहाँ यस्तै किसिमले बोलि-रहन सक्नुहुन्छ र यो आवाज कहिल्यै बन्द हुँदैन... आफ्नो कुरामा जोड दिन उहाँ अलिकता अगिल्तिर झुक्नुभएको थियो। कुनै प्रकारको हावभाव थिएन। एकाग्र श्रद्धा र भक्तिको भावनाले ओतप्रोत हजारौं अनुहार उहाँ-तिर फर्किएका थिए।

"शान्ति आज्ञप्ति

२४-२५ अक्टोबरमा सम्पन्न क्रान्तिद्वारा स्थापित एवम् मजदुर, सैनिक तथा किसान प्रतिनिधिहरूका सोभियतहरूमा आधारित मजदुर तथा किसान-हरूको यो सरकार समस्त युद्धरत जनताहरू तथा उनीहरूका सरकारहरू-समक्ष एक न्यायपूर्ण तथा प्रजातान्त्रिक शान्ति सन्धिको लागि अविलम्ब वार्ता सुरु गर्ने प्रस्ताव राख्दछ।

"न्यायपूर्ण तथा प्रजातान्त्रिक शान्तिको तात्पर्य – जुन समस्त युद्धरत राष्ट्रहरूका युद्धद्वारा सताइएका, नङ्ग्याइएका र आतङ्कित भएका मजदुर-हरू तथा श्रमजीवी वर्गहरूका अत्यधिक बहुसङ्ख्याको एक मात्र आकाङ्क्षा बनेको छ, यस्तो शान्तिको तात्पर्य, जसको रूसी मजदुरहरू तथा किसान-हरूले जारशाही राजतन्त्रको पतनपश्चात् अति स्पष्ट तथा निरपेक्ष रूपमा बारम्बार माग गर्दै आएका हुन्–यस्तो शान्तिको तात्पर्य हाम्रो सरकारको दृष्टिकोणमा एक त्यस्तो शान्ति हो, जुन विनासंयोजन (अर्थात् पराइ भूमिको अधिकरणविना, अन्य जनजातिहरूको बलात् संयोजनविना) र विनाहर्जाना अविलम्ब सम्पन्न हुनुपर्दछ।

"रसियाको सरकार सबै युद्धरत जनताहरूलाई उनीहरूले समस्त राष्ट्रहरू तथा जातिहरूका जनप्रतिनिधिहरूका अधिकृत सभाहरूद्वारा यस्तो

शान्तिका सबै शर्तहरू निश्चित रूपले अनुमोदित नहुञ्जेलसम्म यस्तो शान्तिको लागि अविलम्ब, विनाआलटाल वार्ता सुरु गर्नको लागि निर्णायक पाइला चाल्न तत्पर छन् भन्ने कुरा प्रकट गर्दै अविलम्ब यस्तो शान्ति सम्पन्न गराउने प्रयास गरुन् भन्ने आह्वान गर्दछ।

"सामान्यतः प्रजातान्त्रिक अधिकार र खासगरी श्रमजीवी वर्गहरूका अधिकारसम्बन्धी धारणाअनुरूप संयोजन अथवा पराइ भूमिको अधिकरण भन्नाले हाम्रो सरकारको तात्पर्य कुनै सानो अथवा कमजोर जातिलाई त्यसको इच्छा अथवा स्वीकृतिको स्वैच्छिक, स्पष्ट एवम् उचित अभिव्यक्ति-बेगर, एक विशाल तथा शक्तिशाली राज्यभित्र गाभ्नु हो, चाहे यस्तो बलात् संयोजन कुनै पनि बेला सम्पन्न भएको किन नहोस्, चाहे बलात् रूपमा संयोजित अथवा अन्य राज्यका सीमाभित्र जबरजस्ती गभिएको जातिको सभ्यताको स्तर जस्तोसुकै किन नहोस् र चाहे त्यो जाति युरोपका बासिन्दा हुन् वा समुद्रपारिका दूरवर्ती राष्ट्रहरूका हुन्।

"यदि कुनै जातिलाई अन्य राज्यको सीमाभित्र बलात् रूपमा राखिन्छ, यदि त्यस जातिद्वारा अभिव्यक्त इच्छाको विपरीत र यस्तो इच्छा समाचारपत्रहरू, जनसभाहरू, राजनीतिक पार्टीहरूका निर्णयहरूद्वारा अभिव्यक्त भएको होस् अथवा राष्ट्रिय उत्पीडनको विरुद्ध आन्दोलन अथवा विद्रोहद्वारा अभिव्यक्त भएको होस्, केही फरक पर्दैन—त्यस जातिलाई आफ्नो राष्ट्रभित्र गाभ्न खोज्ने देशले अथवा सामान्यतः अधिक शक्तिशाली राष्ट्रले आफ्नो सेना पूर्णतः हटाएर त्यस जातिमाथि किञ्चित पनि दबाउ नपारी, स्वतन्त्र मतदानद्वारा आफ्नो राष्ट्रिय तथा राजनीतिक सङ्गठनको स्वरूप निश्चित गर्ने अधिकार प्रदान गर्दैन भने यस्तो जातिलाई अर्को राष्ट्रमा गाभ्ने कार्य संयोज्न मानिन्छ र अधीनीकरण तथा हिंसात्मक कार्य हो।

"शक्तिशाली तथा समृद्ध राष्ट्रहरूले दुर्बल तथा विजित जातिहरूलाई आपसमा बाँड्नको लागि यो लडाइँ कायम राख्नु भनेको हाम्रो सरकारको दृष्टिमा मानवजातिको विरुद्ध जघन्य अपराध हो। तसर्थ हाम्रो सरकार उपर्युक्त शर्तहरूको आधारमा, जुन निरपवाद रूपमा सबै जातिहरूको लागि समान रूपले न्यायपूर्ण छन्, शान्ति सन्धिमा हस्ताक्षर गर्ने आफ्नो सङ्कल्पबारे पूर्ण गम्भीरतासाथ घोषणा गर्दछ।

"यसको साथै हाम्रो सरकार के पनि घोषणा गर्दछ भने शान्तिका उपर्युक्त शर्तहरूलाई हामी अन्तिमेत्थम्को रूपमा प्रस्तुत गरिरहेका छैनौँ। अर्को शब्दमा भन्ने हो भने हामी शान्तिका अन्य कुनै पनि शर्तहरूमाथि

विचार गर्न तयार छौं, हामी मात्र के आग्रह गर्दछौं भने कुनै पनि युद्धरत राष्ट्रले त्यस्ता शर्तहरू यथाशीघ्र प्रस्तुत गरुन् र ती सुझावहरू पूर्णतः स्पष्ट हुन्। यस्ता सुझावहरू कुनै पनि रूपमा उभयार्थक अथवा गोपनीय हुनु हुँदैन।

"हाम्रो सरकार गुप्त कुटनीतिलाई मान्यता दिँदैन र आफ्नो तर्फबाट सबै वार्ताहरू पूर्णतः खुला रूपमा सम्पूर्ण जनताको आँखासामुन्ने चलाउने आफ्नो दृढ सङ्कल्प व्यक्त गर्दै अविलम्ब ती सबै गुप्त सम्झौताहरू, जुन जमिनदारहरू तथा पुँजीपतिहरूको सरकारले फेब्रुअरीदेखि २५ अक्टोबरसम्मको अवधिमा अनुमोदन गरेको थियो अथवा सम्पन्न गरेको थियो, पूर्ण रूपमा प्रकाशित गर्न सुरु गर्दछ। सरकार ती गुप्त सन्धिहरूका सबै धाराहरू, जसको उद्देश्य अधिकांशतः रूसी जमिनदारहरू तथा पुँजीपतिहरूलाई सुविधाहरू तथा विशेषाधिकारहरू प्रदान गराउनु थियो, अथवा रूसी साम्राज्यवादीहरूद्वारा गरिएका संयोजनहरू कायम राख्नु अथवा बढाउनु थियो, अविलम्ब विनाकुनै शर्त बदर गरिन्छन्।

"सबै सरकारहरू तथा जनताहरूसमक्ष शान्ति सन्धिको लागि खुला रूपमा वार्ता सुरु गर्ने प्रस्ताव राख्दै हाम्रो सरकार के घोषणा गर्दछ भने यस्ता वार्ताहरू आकाशवाणीद्वारा अथवा विभिन्न देशहरूका प्रतिनिधिहरूका बीचको वार्ताद्वारा अथवा यस्ता प्रतिनिधिहरूको सम्मेलनमा गर्न सकिन्छ। यस्ता वार्ताहरू चलाउन सजिलो परोस् भन्ने उद्देश्यले हाम्रो सरकारले तटस्थ देशहरूमा आफ्नो अधिकृत प्रतिनिधि नियुक्त गरेको छ।

"हाम्रो सरकार सबै युद्धरत देशहरूका सरकारहरू तथा जनताहरूसमक्ष अविलम्ब युद्धविराम सम्झौता सम्पन्न गर्ने प्रस्ताव राख्दछ र यस्तो युद्धविराम सम्झौता कम्तीमा पनि तीन महिनाको लागि गरियोस् भन्ने सुझाव राख्दछ। यस अवधिमा युद्धमा तानिएका अथवा त्यसमा भाग लिन विवश भएका सबै राष्ट्रहरू तथा जातिहरूका प्रतिनिधिहरूबीच निरपवाद रूपमा केवल प्रारम्भिक वार्ता मात्र पूर्णतः सम्भव हुने होइन, अपितु शान्तिका शर्तहरू अन्तिम रूपमा अनुमोदन गराउने उद्देश्यले सबै देशहरूका जनप्रतिनिधिहरूका अधिकृत सभाहरू पनि डाक्न सकिनेछन्।

"सबै युद्धरत देशहरूका सरकारहरू तथा जनताहरूसमक्ष शान्तिको यो प्रस्ताव प्रस्तुत गर्दै रसियाको अस्थायी मजदुर तथा किसान सरकार ती तीन राष्ट्रहरू–बेलायत, फ्रान्स र जर्मनीका–वर्गचेतन मजदुरहरूलाई विशेष रूपले सम्बोधन गर्दछ, जो मानवजातिका सबैभन्दा उन्नत राष्ट्र

हुन् र जो वर्तमान युद्धमा भाग लिने राष्ट्रहरूमध्ये सर्वाधिक महत्त्वपूर्ण छन्। यी देशहरूका मजदुरहरूले प्रगति तथा समाजवादको उद्देश्यपूर्तिमा सबैभन्दा ठूलो देन दिएका छन्। बेलायतको चार्टिस्ट आन्दोलनको महान् सन्देश, फ्रान्सेली सर्वहारावर्गद्वारा सञ्चालित विश्वव्यापी ऐतिहासिक महत्त्व राख्ने क्रान्तिको सिलसिला र अन्तमा, जर्मनीमा असाधारण कानुनको विरुद्ध सङ्घर्ष र जनव्यापी सर्वहारा सङ्गठनहरूको निर्माणार्थ चलाइएको लामो, दृढ तथा अनुशासनबद्ध कार्य, जुन विश्वभरिका मजदुरहरूको लागि एक ठूलो दृष्टान्त बन्न गएको छ। सर्वहारा वीरता तथा ऐतिहासिक सृजनशीलताका यी दृष्टान्तहरू हाम्रो लागि के कुराको ग्यारेन्टी बनेका छन् भने यी देशहरूका मजदुरहरूले मानवजातिलाई युद्धका विभीषिकाहरू तथा यसका परिणामहरूबाट मुक्त गर्ने जुन दायित्व आफ्नो काँधमा आएको छ त्यसलाई राम्ररी बुझेका छन् र उनीहरूले आफ्नो प्रबल, निर्णायक तथा सतत सङ्घर्षद्वारा शान्तिको ध्येयलाई र यसको साथसाथै श्रमजीवी जनताहरू तथा दलित पीडित जनसमुदायहरूलाई हर प्रकारको दासता तथा हर प्रकारको शोषणबाट मुक्त गर्ने ध्येयलाई सफल तुल्याउन सहयोग गर्नेछन्"।

तालीको गडगडाहट शान्त भएपछि लेनिनले फेरि बोल्न थाल्नुभयो–

"हामी महाधिवेशनसमक्ष आज्ञप्तिको समर्थन गर्ने र यसलाई पारित गर्ने प्रस्ताव राख्दछौं। हामी जनताहरूलाई मात्र नभएर सरकारहरूलाई पनि सम्बोधन गर्दै छौं, किनभने यदि हामीले युद्धरत देशहरूका जनताहरूको नाममा मात्र यो घोषणा जारी गर्ने हो भने शान्ति सन्धि सम्पन्न गर्न विलम्ब हुन सक्छ। युद्धविराम कालमा शान्तिसन्धिका शर्तहरू तयार पारिनेछन् र संविधान सभाले ती शर्तहरूको अनुमोदन गर्नेछ। युद्धविरामको अवधि तीन महिना तोक्नुमा हाम्रो उद्देश्य के रहेको छ भने रक्तपातमय यस सार्वजनिक हत्यापश्चात् जनताहरूले आराम गर्न यथासम्भव बढी समय पाउन् र आफ्ना प्रतिनिधिहरू छान्नको लागि पर्याप्त समय पाउन्। कतिपय साम्राज्यवादी सरकारहरूले हाम्रो यस शान्ति प्रस्तावको विरोध गर्लान्– यस सम्बन्धमा हामी कुनै प्रकारको भ्रममा परेका छैनौं। तर हामीलाई आशा छ, छिटै सबै युद्धरत राष्ट्रहरूमा क्रान्ति सुरु हुनेछ, त्यसैकारणले हामी फ्रान्स, बेलायत र जर्मनीका मजदुरहरूलाई विशेष रूपले सम्बोधन गर्दै छौं।"

आफ्नो भाषण समाप्त गर्दै उहाँले भन्नुभयो, "२४-२५ अक्टोबरको

क्रान्तिले समाजवादी क्रान्तिको युग सुरु गरेको छ... मजदुर आन्दोलनले शान्ति तथा समाजवादको नाममा विजय प्राप्त गर्नेछ र आफ्नो उद्देश्य पूरा गरिछाड्नेछ"।

उहाँको शब्दमा एक त्यस्तो अद्‌भुत निष्कम्प शक्ति थियो, जसले मानव हृदयलाई आलोडित गर्थ्यो। यसैबाट स्पष्ट हुन्छ, किन मानिसहरू लेनिनको कुरामा यति विश्वास गर्दथे।

सबै प्रतिनिधिहरूले हात उठाएर तुरुन्तै निर्णय गरे–केवल राजनीतिक दलहरूका प्रतिनिधिहरूले मात्रै प्रस्तावबारे बोल्ने अनुमति पाउनेछन् र प्रत्येक वक्ताले पन्ध्र मिनेटभन्दा बढी बोल्न पाउने छैन।

सबैभन्दा पहिले वामपन्थी समाजवादी-क्रान्तिकारीहरूको तर्फबाट कारेलिनले बोले, "हाम्रो दलले घोषणाको मूल पाठ अध्ययन गर्ने मौका पाएन। यो घोषणा बोल्शेभिकहरू एक्लैले मात्र तयार पारेका हुन्। तैपनि हामी यस घोषणाको पक्षमा मतदान गर्नेछौं, किनभने हामी यस घोषणाको आम धारासँग सहमत छौं"।

सामाजिक-जनवादी-अन्तर्राष्ट्रियतावादीहरूको तर्फबाट क्रामरोभले बोले। अग्लो कदको, साँघुरो काँध भएको र कमजोर आँखा भएको यी व्यक्तिले आउँदा दिनहरूमा विरोधी पक्षको विदूषकको अप्रिय ख्याति प्राप्त गरे। उनले भने, सबै समाजवादी पार्टीहरू मिलेर बनेको सरकारलाई मात्रै यति महत्त्वपूर्ण पाइला चाल्ने अधिकार छ। यदि एक संयुक्त समाजवादी मन्त्रिमण्डल गठन गरिन्छ भने उनको पार्टीले सम्पूर्ण कार्यक्रमको समर्थन गर्नेछ, अन्यथा कार्यक्रमको निश्चित अंशको मात्र समर्थन गर्नेछ। जहाँसम्म घोषणाको प्रश्न छ, अन्तर्राष्ट्रियतावादीहरू यसका मुख्यमुख्य बुँदाहरूसँग पूर्णतः सहमत छन्।

त्यसपछि उत्तरोत्तर बढ्दो उत्साहसहित एकपछि अर्को वक्ताले बोल्दै गए। उक्राइनी सामाजिक-जनवादीहरूको तर्फबाट समर्थन; लिथुअनियाली सामाजिक-जनवादीहरूको तर्फबाट समर्थन; पोल्याण्डका सामाजिक-जनवादीहरूको तर्फबाट समर्थन; पोल्याण्डका समाजवादीहरूले पनि समर्थन गरे, तर उनीहरूको दृष्टिमा संयुक्त समाजवादी मन्त्रिमण्डल बढी श्रेयस्कर हुनेछ; लात्भियाली सामाजिक-जनवादीहरूले पनि समर्थन गरे... यी सबै मानिसहरूमा कुनै नयाँ कुरा प्रबोधित भएजस्तो लाग्थ्यो। कसैले "भावी विश्वक्रान्ति, जसका हामी अग्रदल हौं" भन्ने कुरा गरे भने, अर्कोले त्यस "नयाँ बन्धुत्वपूर्ण युगको" कुरा गरे "जब संसारभरिका सबै मानिसहरू

एउटै परिवारको गाँठोमा बाँधिनेछन्..." एक जना प्रतिनिधिले व्यक्तिगत रूपमा बोल्ने अनुमति मागे। "घोषणामा एउटा अन्तर्विरोध छ," उनले भने। "सुरुमा त तपाईंहरू विनासंयोजन र विनाहर्जानाको शान्ति प्रस्ताव राख्नुहुन्छ, त्यसपछि तपाईंहरू भन्नुहुन्छ, सबै प्रकारका शान्ति प्रस्तावहरू-माथि विचार गर्न तयार हुनुहुन्छ। विचार गर्नुको अर्थ ग्रहण गर्नु हो"।

लेनिन बोल्न उभिनुभयो। "हामी एक न्यायपूर्ण शान्ति चाहन्छौं, तर हामी क्रान्तिकारी युद्धबाट पनि पछि हट्दैनौं... सम्भवतः साम्राज्यवादी सरकारहरूले हाम्रो आह्वानप्रति कुनै प्रतिक्रिया जनाउने छैनन्, परन्तु हामी कुनै पनि त्यस्तो अन्तिमेत्थम् जारी गर्न चाहन्नौं, जसको नकारात्मक जवाफ दिन सजिलो परोस्... यदि जर्मन सर्वहारावर्गले हामी शान्तिका सबै प्रस्तावहरूमाथि सोचविचार गर्न तयार छौं भन्ने कुरा महसुस गर्दछन् भने यो कुरा आगोमा घिउ थपिएजस्तो हुनेछ—जर्मनीमा क्रान्तिको ज्वाला फैलिनेछ।

"हामी सबै प्रकारका शान्ति प्रस्तावहरूमाथि विचार गर्न तयार छौं, तर यसको अर्थ हामी सबै प्रकारका शान्ति प्रस्ताव स्वीकार गर्न तयार छौं भन्ने होइन... कतिपय शर्तहरूको लागि हामी अन्त्यसम्म लड्नेछौं तर हुनसक्छ अन्य केही शर्तहरूको लागि लडाइँ चालू राख्न असम्भव ठान्नेछौं... सबैभन्दा महत्त्वपूर्ण कुरा त के हो भने हामी लडाइँ खतम गर्न चाहन्छौं।"

ठीक दस बजेर पैंतीस मिनेट बितेको थियो जब कामेनेभले घोषणाको पक्षमा भएका सबै मानिसहरूलाई आफ्नो कार्ड उठाउने अनुरोध गरे। एक जना प्रतिनिधिले मात्रै विरोधमा आफ्नो हात उठाउने साहस गरे, तर उनको वरिपरि बसेका मानिसहरूले कस्तो क्रुद्ध कोलाहल मच्चाए भने उनी तुरुन्तै हात झुकाउन बाध्य भइहाले... घोषणा सर्वसम्मतिद्वारा पारित भयो।

अकस्मात् हामी सबै एउटै सहज प्रेरणाले वशीभूत भएर उभियौं र 'इन्टर्नेशनल'को ध्वनि त्यस हलमा मुक्त, निर्वाध रूपमा गुञ्जियो। एक जना बूढो सिपाही बालकजस्तो क्वाँ क्वाँ रूँदै थियो। अलेक्सान्द्रा कलन्ताईले हतारहतार आफ्नो आँसु पुछिन्। हजारौं कण्ठबाट निस्केको त्यो प्रबल ध्वनि सभाभवनमा तरङ्गित हुँदै झ्यालढोकाहरूबाट बाहिर निस्क्यो र विस्तारैविस्तारै शान्त आकाशमा फैलियो। मेरो नजिकै उभिएको एक जना युवा मजदुरले भन्यो, "लडाइँ खतम भयो! लडाइँ खतम भयो!" खुशीले उसको अनुहार चम्किरहेको थियो। जब गाना समाप्त भयो र हामी त्यहाँ

अन्यमनस्क निस्तब्धताबीच उभिएका थियौं, हलको पछिल्लो भागबाट कसैको आवाज सुनियो, "साथीहरू, हामी ती मानिसहरूको सम्झना गरौं, जसले स्वतन्त्रताको लागि आफ्नो जीवन बलिदान गरे!" यस प्रकारले हामीले शोकगीत 'शवयात्रा' गाउन थाल्यौं, जसको ध्वनि मन्द तथा उदास हुँदाहुँदै पनि विजयपूर्ण थियो। यो मुटु नै हल्लाउने विशुद्ध रूसी गीत थियो। 'इन्टर्नेशनल' त जे भए पनि विदेशी गीत ठहरियो, परन्तु 'शवयात्रामा' त्यस विशाल जनताको आत्माको गुञ्जन थियो, जसका प्रतिनिधिहरू अहिले त्यस हलमा बसेर अस्पष्ट रूपमै भए पनि आफ्नो हृदय-पटलमा नयाँ रसियाको सिर्जना गर्दै थिए—र हुन सक्छ अझ कुनै ठूलो कुराको—

प्राणघाती सङ्घर्षमा लगायौ तनमन
असीम जनप्रेमले प्रेरित तिमी
दियौ आफ्नो जीवन बलिदान।

जे जति छ सबै दियौ
उनैको लागि जीवन सुम्प्यौ
मान, स्वतन्त्रता सब कुरा गुमायौ।

आउनेछ त्यो दिन
बिउँझनेछन् सब जनगण
ती सबल, स्वतन्त्र महान्।

लौ अब बिदा छ भाइ,
उज्ज्वल आफ्नो जीवन पथ
गर्‍यौ पार तिमीले हाँसी हाँसी।

यसै दिनको लागि उनीहरूले आफ्नो जीवन बलिदान गरेका थिए, मार्च क्रान्तिका ती शहीदहरू मार्स मैदानको त्यस चिसो बन्धु समाधिमा सदाको लागि पल्टेका थिए, यसै दिनको लागि हजारौंहजार मानिसहरूले जेलहरूमा, कालापानीमा, साइबेरियाका खानीहरूमा आफ्नो जीवन बलिदान गरेका थिए। आज त्यो क्रान्ति आएको छ, हुन सक्छ, सबै कुरा उनीहरूले सोचेजस्तै भएन होला, बुद्धिजीवीहरूले सोचेजस्तै भएन होला। तर क्रान्ति

आइपुग्यो, आफ्नै तालमा – कठोर र शक्तिशाली, सबै प्रकारका सूत्रहरू च्यातचुत पार्दै, भावुकताको हाँसो उडाउँदै, त्यो वास्तविक क्रान्ति।

लेनिन भूमि आज्ञप्ति पढ्दै हुनुहुन्थ्यो –

"१) भूमिमाथि निजी स्वामित्व विनामुआवजा अविलम्ब उन्मूलन गरिन्छ।

२) सम्पूर्ण गाईवस्तु र औजारहरू, घरघडेरी र अन्य वस्तु-हरूसहित सबै जमिनदारीहरू, शाही जमिन, मठ र गिर्जाघरहरूका अधीन-मा रहेको जमिन संविधान सभाको अधिवेशन नबसुन्जेलको लागि भोलस्त (जिल्ला) भूमि समितिहरू तथा किसानहरूका उयेज्द (अञ्चल) सो-भियतहरूको हातमा सुम्पिनेछन्।

३) जफत गरिएको सम्पत्तिमा, जुन अबदेखि जनताको सम्पत्ति बनेको छ, कुनै नोक्सान पुऱ्याइएको खण्डमा त्यो गम्भीर अपराध ठानिनेछ र त्यसको लागि क्रान्तिकारी अदालतले सजाय दिनेछ। किसान प्रतिनिधि-हरूका उयेज्द सोभियतहरूले जमिनदारहरूको जमिन कब्जा गर्दा कडाइसाथ सुव्यवस्था कायम राख्नको लागि, जमिनका कित्ताहरूको लम्बाइ-चौडाइ निश्चित गर्नको लागि र कुनकुन कित्ता जफत कानुनअन्तर्गत पर्छन् भन्ने कुरा निर्धारित गर्नको लागि, जफत गरिएको सम्पूर्ण सम्पत्तिको फिरिस्त तयार पार्नको लागि र भवनहरू, औजारहरू, गाईवस्तु र खाद्य सामग्री-सहित जनताको हातमा सुम्पिने सम्पूर्ण कृषि सम्पत्तिको कठोरतम क्रान्तिकारी सुरक्षाको लागि आवश्यक पाइला चाल्नेछन्।

४) जबसम्म संविधान सभाले भूमि सुधारलाई अन्तिम रूपमा मान्यता दिनेछैन, तबसम्म यी महत्त्वपूर्ण सुधारहरू पूरा गर्ने काम निम्नलिखित किसान नकाज (निर्देशपत्र) (३) द्वारा निर्देशित हुनेछ, जुन २४२ स्थानीय किसान नकाजहरूको आधारमा 'किसान प्रतिनिधिहरूको अखिल रसियाली सोभियतहरूको समाचारपत्र' ('इज्भेस्चिया') को सम्पादकमण्डलले तयार गरेको थियो र उपर्युक्त 'इज्भेस्चियाको' अङ्क ८८ मा प्रकाशित भएको थियो (पेत्रोग्राद, अङ्क ८८, १९ अगस्त, १९१७)।

५) किसानहरू तथा कजाकहरूको जमिन जफत गरिनेछैन।"

आज्ञप्ति स्पष्ट पार्दै लेनिनले भन्नुभयो, "यो भूतपूर्व मन्त्री चेर्नोभको योजना होइन, जसले "एउटा ढाँचा तयार पार्ने" कुरा गरेका थिए र माथिबाट सुधार गर्ने चेष्टा गरेका थिए। जमिन बाँडफाँट गर्ने प्रश्न तलैबाट,

गाउँमा नै समाधान गरिनेछ। प्रत्येक किसानले कति जमिन पाउनेछ भन्ने प्रश्न ठाउँ हेरी समाधान गरिनेछ।

"अस्थायी सरकारको समयमा पामेशिकहरूले (जमिनदारहरूले) हाकाहाकी भूमि समितिहरूको आदेश मान्न अस्वीकार गरेका थिए। यी तिनै भूमि समितिहरू थिए जसको योजना लभोभले बनाएका थिए, जसलाई शिङ्गरेभले अस्तित्वमा ल्याएका थिए र जसको शासन-प्रबन्ध केरेन्स्कीले गरेका थिए!"

अझ बहस सुरु हुन पाएको थिएन एक जना मानिस भीडलाई घचेट्दै मञ्चमा आइपुग्यो। त्यो मानिस किसान सोभियतहरूको कार्यकारिणी समितिका सदस्य प्यनीख थिए। उनी रिसले चूर थिए।

उनले भीडतिर हेरेर कडकिँदै भने, "किसान प्रतिनिधिहरूका अखिल रसियाली सोभियतहरूका कार्यकारिणी समिति आफ्ना साथीहरू, मन्त्री सालाज्किन र मास्लोभको गिरफ्तारीप्रति विरोध प्रकट गर्दछ! हामी उनीहरूलाई तुरुन्त रिहाइ गरियोस् भन्ने माग गर्दछौं! उनीहरू अहिले पेत्रोपाभ्लोभ्स्काया किल्लामा थुनिएका छन्। अविलम्ब कारबाई गरियोस्! एक मिनेट पनि ढिलाइ नहोस्!"

उनीपछि अर्को एक व्यक्ति, एक सिपाही बोल्न उभिए। उनको दाह्री अस्तव्यस्त थियो र आँखा चम्किरहेका थिए। "तपाईंहरू यहाँ बसेर किसानहरूलाई जमिन बाँड्ने कुरा गर्दै हुनुहुन्छ र यसै बेला तानाशाहहरू र बलाद्ग्राहीहरूले जस्तो तिनै किसानहरूका निर्वाचित प्रतिनिधिहरूमाथि अत्याचार गर्दै हुनुहुन्छ"। भीडतिर मुक्का देखाउँदै उनले भने, "याद राख्नुहोला, उनीहरूको एउटा पनि रौं यताउता भयो भने विद्रोह हुनेछ!" भीडमा खलबली मच्चियो।

त्यसपछि तालीको गडगडाहटबीच त्रोत्स्की मञ्चमा उभिए। उनी आफ्नो शक्तिमा विश्वस्त देखिन्थे। उनले शान्त तर व्यङ्ग्यपूर्ण भावले भने, "हिजो नै सैनिक क्रान्तिकारी समितिले समाजवादी-क्रान्तिकारी तथा मेन्शेभिक मन्त्रीहरू—मास्लोभ, सालाज्किन, ग्भोज्देभ र माल्यान्तोभिचलाई रिहाइ गर्ने निर्णय लिइसकेको छ। यदि उनीहरू अझै पनि पेत्रोपाभ्लोभ्स्काया किल्लामा छन् भने यसको एक मात्र कारण हाम्रो अति व्यस्तता हो... तर कर्निलोभ-काण्डमा केरेन्स्कीद्वारा भएको विश्वासघातपूर्ण कार्यमा उनीहरूको सहभागिताबारे जाँचबुझ नहुञ्जेलसम्म उनीहरू घरैमा गिरफ्तार रहनेछन्"।

प्यानीख चिच्च्याउँदै थिए, "यहाँ अहिले जेजति कुरा हुँदै छ, त्यस्तो कहिल्यै, कहिल्यै कुनै पनि क्रान्तिमा भएको थिएन!"

"तपाईं गल्ती गर्दै हुनुहुन्छ", त्रोत्स्कीले जवाफ दिए। "यस्ता कुरा हाम्रै क्रान्तिमा समेत देखा परेका छन्। जुलाईमा हाम्रा सयौं कमरेडहरू गिरफ्तार भएका थिए... जब डाक्टरको मागअनुसार कमरेड कलन्ताईलाई रिहाइ गरियो आभ्सेन्त्येभले उहाँको घरको ढोकामा भूतपूर्व जारशाही जासुसी पुलिसका दुई जना एजेन्टहरूलाई पहरा दिन लगाएका थिए!" किसान प्रतिनिधिहरू बडबडाउँदै त्यहाँबाट निस्के। अन्य प्रतिनिधिहरूले उनीहरूलाई जिस्क्याउँदै सिटी बजाउन थाले।

वामपन्थी समाजवादी-क्रान्तिकारीहरूका प्रतिनिधिले भूमिसम्बन्धी आज्ञप्तिबारे भाषण गर्न थाले। सैद्धान्तिक रूपमा आज्ञप्तिप्रति पूर्ण सहमति जनाउँदै उनले भने, वामपन्थी समाजवादी-क्रान्तिकारीहरूले बहसपछि मात्रै यस प्रश्नमा मतदान गर्न सक्नेछन्। किसान सोभियतहरूसँग सरसल्लाह गर्नु आवश्यक छ।

मेन्शेभिक-अन्तर्राष्ट्रियतावादीहरूले पनि आफ्नो पार्टीभित्र यस प्रश्नमाथि छलफल गर्नु आवश्यक छ भन्ने कुरामा जोड दिए।

तत्पश्चात् किसानहरूको अराजकतावादी पक्ष अर्थात् पराकाष्ठावादी-हरूका नेताले भाषण गरे—"हामीले त्यस राजनीतिक पार्टीको उचित मूल्याङ्कन गर्नै पर्दछ, जसले पहिलो दिन विनाकुनै गफगाफ यस्तो कार्य सम्पन्न गर्दै छ!"

एक जना पक्का किसान बोल्न मञ्चमा उभियो—लामो केश पालेका, लामो बुट र छालाको कोट लगाएका। चारैतिर फर्केर अभिवादन गरिसके-पछि उनले भने, "नमस्कार, कमरेडहरू र नागरिकहरू! म त जताततै कादेतहरू घुमिरहेका देख्छु। तपाईंहरूले हाम्रा किसान-समाजवादीहरूलाई त गिरफ्तार गर्नुभयो, तर यी कादेतहरूलाई चाहिँ किन गिरफ्तार गर्नु-हुन्न?"

यो भाषण किसानहरूबीच चर्काचर्की छलफलको लागि मानौं कुनै सङ्केत थियो। हिजो राती सिपाहीहरूले पनि यस्तै किसिमले छलफल गरेका थिए। यिनीहरू गाउँका वास्तविक सर्वहाराहरू थिए...।

"आभ्सेन्त्येभ र उनीजस्ता अन्य हाम्रो कार्यकारिणी समितिका सदस्य-हरू, जसलाई हामीले किसानहरूका रक्षक ठानेका थियौं, तिनै कादेत ठहरिए! उनीहरूलाई पनि गिरफ्तार गर्नोस्! गिरफ्तार गरिहाल्नोस्!"

अर्को आवाज सुनियो, "यी सबै आब्सेन्त्येभहरू, प्यानीखहरू को हुन्? यस्ता मानिसहरू पनि किसान हुन्छन्! यिनीहरू केही गर्ने मान्छे होइनन्, खालि बकबक गर्छन्!"

यी वक्ताहरू हाम्रै दाजुभाइ हुन् भन्ने कुरा अनुभव गरेपछि भीडले ताली बजाउन थाल्यो।

वामपन्थी समाजवादी-क्रान्तिकारीहरूले आधा घण्टाको लागि सभा रोक्ने प्रस्ताव राखे। प्रतिनिधिहरू हलबाट बाहिर निस्कन थालेपछि लेनिनले आफ्नै ठाउँमा उभेर भन्नुभयो,

"कमरेडहरू! हामी समय खेर फाल्न सक्दैनौं! यो खबर, जुन सम्पूर्ण रसियाको लागि अति महत्त्वपूर्ण छ, सबैले थाहा पाउनुपर्छ! ढिला नगर्नुहोला!"

उत्तेजित तर्क-वितर्क, वाद-विवाद र पदचापहरूको सम्मिलित ध्वनि-बिच सैनिक क्रान्तिकारी समितिका प्रतिनिधिको चर्को स्वर सुनियो, "मोर्चामा जान पन्ध्र जना प्रचारकहरू चाहिएको छ, कृपया सत्र नम्बरको कोठामा आउनुहोला!"

साढे दुई घण्टापछि विस्तारैविस्तारै प्रतिनिधिहरू हलमा फर्कन थाले, अध्यक्षमण्डलले आफ्नो स्थान ग्रहण गऱ्यो र पुनः अधिवेशन सुरु भयो। विभिन्न रेजिमेन्टहरूले सैनिक क्रान्तिकारी समितिलाई आफ्नो समर्थन जनाउँदै पठाएका टेलिग्रामहरू एकएक गर्दै पढेर सुनाइए।

शनैःशनैः बैठकको गतिमा तीव्रता बढ्दै गयो। माकेडोनिया मोर्चास्थित रूसी सेनाको तर्फबाट आएको प्रतिनिधिले अति खिन्नतापूर्वक मोर्चाको स्थिति वर्णन गरे। "शत्रुले हामीलाई त्यति दुःख दिएका छैनन्, जति हाम्रा तथाकथित मित्रहरूले!"—उनले भने। दसौं र बाऱ्हौं सेनाका प्रतिनिधिहरूले, जो भर्खरै मात्र हतारहतार आइपुगेका थिए, भने—"तपाईं-हरूप्रति हाम्रो पूर्ण समर्थन छ!" एक जना सिपाहीले, जो पहिले किसान थिए, "गद्दार समाजवादीहरू मास्लोभ र सालाज्किनलाई" रिहाइ गर्ने कुराको विरोध गरे र भने, जहाँसम्म किसानहरूका सोभियतहरूको कार्य-कारिणी समितिको प्रश्न छ, सम्पूर्ण कार्यकारिणी समितिलाई नै गिरफ्तार गर्नु आवश्यक छ! यी वास्तविक क्रान्तिकारी शब्द थिए... फारसस्थित रूसी सेनाबाट आएका प्रतिनिधिले भने, उनलाई सम्पूर्ण सत्ता सोभियतहरूलाई हस्तान्तरण गर्ने माग राख्ने जिम्मा दिएर पठाइएको छ... एक जना उक्राइनी अफिसर आफ्नो मातृभाषामा चिच्च्याए, "यस्तो

सङ्कटावस्थामा राष्ट्रिय भावनाको लागि कुनै स्थान हुन सक्दैन,.. सबै देशहरूमा सर्वहारा अधिनायकवाद जिन्दाबाद!" उदात्त तथा उत्तेजनापूर्ण भावनाहरूको कस्तो छाल उठेको थियो भने अब रसिया कहिल्यै मौन बस्दैन भन्ने कुरा स्पष्ट थियो।

कामेनेभले भने, प्रतिबोल्शेभिक तत्त्वहरू यत्रतत्र भाँडभैलो मच्चाउने प्रयास गर्दै छन्। उनले रसियाका सबै सोभियतहरूलाई सम्बोधन गरिएको एउटा अपिल पढेर सुनाए–

"मजदुर तथा सैनिक प्रतिनिधिहरूका सोभियतहरूको अखिल रसियाली महाधिवेशन, जसमा कतिपय किसान प्रतिनिधिहरू पनि सम्मिलित छन्, समस्त स्थानीय सोभियतहरूलाई उनीहरूले सम्पूर्ण प्रतिक्रान्तिकारी कारबाईहरू, यहुदी-विरोधी तथा अन्य सबै प्रकारका दङ्गाफसादहरू र अन्य सबै प्रकारका **पाग्रोमहरू** (मारकाटहरू) रोक्न अविलम्ब कडाभन्दा कडा पाइला चालुन् भन्ने आग्रह गर्दछ। कुनै पनि प्रकारको **पाग्रोम** हुन नदिनु मजदुर, कृषक तथा सैनिकहरूको क्रान्तिको इज्जतको प्रश्न हो।

पेत्रोग्रादको लाल गार्ड, क्रान्तिकारी गैरिसन र नौसैनिकहरूले राजधानीमा पूर्ण सुव्यवस्था कायम राखे।

मजदुरहरू, सैनिकहरू र कृषकहरू, तपाईंहरूले सबै ठाउँमा पेत्रोग्रादका मजदुर तथा सैनिकहरूको अनुसरण गर्नुपर्छ।

साथी सिपाहीहरू तथा कजाकहरू, हाम्रो काँधमा वास्तविक क्रान्तिकारी सुव्यवस्था कायम राख्ने दायित्व आएको छ।

सम्पूर्ण क्रान्तिकारी रसिया तथा सम्पूर्ण विश्वको दृष्टि हामीतिर फर्किएको छ।"

राती दुई बजे भूमिसम्बन्धी आज्ञप्तिमाथि मतदान भयो। एउटा भोट मात्रै यस आज्ञप्तिको विरुद्ध खसालिएको थियो। किसान प्रतिनिधिहरू हर्षले उन्मत्त थिए... यस प्रकारले बोल्शेभिकहरू सबै प्रकारका अनकनाहट र प्रतिरोधको अतिक्रमण गर्दै अप्रतिहत गतिले अगि बढे–रसियामा यिनीहरू नै एक मात्र त्यस्ता शक्ति थिए, जो सँग एक निश्चित, व्यवहारिक कार्यक्रम थियो, अरू सबै आठ महिनादेखि गफै मात्र गरेर बसेका थिए।

अब एक जना दुब्लोपातलो, झुत्रोझाम्रो लुगा लगाएको मृदुभाषी

सैनिकले बोल्न सुरु गऱ्यो। उनी नकाजको* त्यस धाराको विरोध गर्दै थिए, जसमा सेनाबाट भाग्ने व्यक्तिहरूलाई गाउँमा हुने भूमि वितरणमा भाग लिने अधिकारबाट वञ्चित तुल्याइएको थियो। सुरुमा त सोरगुलद्वारा उसको भाषणमा बाधा पुऱ्याउने प्रयास गरियो तर विस्तारैविस्तारै उसको सरल, हृदयविदारक भाषणले सबैलाई चुप लाग्न बाध्य तुल्यायो। उनी भन्दै थिए, "सिपाहीहरू आफ्नो इच्छाविपरीत मोर्चाको मारकाटमा घचेटिन्छन्। तपाईंहरूले आफ्नो शान्ति आज्ञप्तिमा यसलाई निरर्थक तथा भयङ्कर कार्यको संज्ञा दिनुभएको छ। सिपाहीहरूले शान्ति र स्वतन्त्रताको आशाले क्रान्तिको स्वागत गरे। शान्ति? केरेन्स्कीको सरकारले उनीहरूलाई मर्न र मार्नको लागि फेरि गालीचियातिर धपाए; तेरेशेन्कोले उनीहरूको शान्तिको पुकारलाई हाँसोमा उडाइदिए... स्वतन्त्रता रे? केरेन्स्कीको पालोमा सैनिक समितिहरूको दमन गरियो, उनीहरूका समाचारपत्रहरूमाथि प्रतिबन्ध लगाइयो, पार्टी प्रवक्ताहरूलाई जेल पठाइयो... गाउँहरूमा जमिनदारहरू भूमि समितिहरूको अवहेलना गर्दै छन्, उनीहरूका साथीहरूलाई जेल पठाउँदै छन्... पेत्रोग्रादमा बुर्जुवावर्ग जर्मनहरूसँग मिलेर सेनालाई खाद्य पदार्थ तथा सैन्यसामग्री पठाउने काममा बाधा पुऱ्याउँदै छन्... सिपाहीहरूको खुट्टामा जुत्ता छैन, शरीरमा लुगा छैन... कसले सिपाहीहरूलाई सेनाबाट भाग्न बाध्य तुल्याए? त्यही केरेन्स्कीको सरकारले, जसलाई तपाईंहरूले सत्ताबाट हटाउनुभएको छ!" उनको भाषण समाप्त भएपछि मानिसहरूले ताली बजाएर समर्थन जनाए।

तर अर्को एक जना सिपाहीले जोरदार शब्दमा आफ्नो विरोध प्रकट गऱ्यो, "पलायनजस्तो घृणित कुरा केरेन्स्कीको सरकारको आडमा लुकाउन सकिँदैन!

मोर्चामा आफ्ना साथीहरूलाई मृत्युको अँगालोमा एक्लै छोडेर जाने भगुवाहरू नीच हुन्! प्रत्येक भगुवा गद्दार हो र उसले सजाय पाउनैपर्छ..." सोरगुल र हल्ला सुरु हुन्छ, चारैतिरबाट "दाभोल्ना!" (पुग्यो अब!) "चीशे!" (चुप लाग!) आदि शब्दहरू सुनिन्छन्। कामेनेभले हतारहतार यो समस्या सुल्झाउने जिम्मा सरकारलाई सुम्पने प्रस्ताव राखे (४)।

---

*यहाँ भूमि आज्ञप्तिसँगसँगै पारित नकाज (निर्देशपत्र) को चर्चा गरिएको हो।—सं०

राती साढे दुई बजे कामेनेभले सरकारको गठनसम्बन्धी ग्राज्ञप्ति पढेर सुनाए। हलमा सन्नाटा फैलिएको थियो।

"संविधान सभाको अधिवेशनसम्मको लागि मजदुर तथा किसानहरूको एक अस्थायी सरकार स्थापना गरियो र यस सरकारको नाम जन-कमिसार परिषद् राखियो (५)।

राजकीय कार्यका विभिन्न क्षेत्रहरूको प्रशासन चलाउने अभिभारा आयोगहरूलाई सुम्पिनेछ। यी आयोगहरूको गठन यस्तो प्रकारले गरिनेछ जसको फलस्वरूप श्रमजीवी स्त्रीपुरुषहरू, नौसैनिकहरू, सिपाहीहरू, किसानहरू तथा सरकारी कर्मचारीहरूसँग घनिष्ठ सम्बन्ध राख्दै महाधिवेशन-द्वारा घोषित कार्यक्रम कार्यान्वियन गर्न सकियोस्। यिनै आयोगहरूका अध्यक्षहरू मिलेर बनेको एक अध्यक्षमण्डल अर्थात् जन-कमिसार परिषद्को हातमा शासन-सत्ता रहनेछ।

जन कमिसारहरूको गतिविधिमाथि नियन्त्रण राख्ने र उनीहरूलाई हेरफेर गर्ने अधिकार मजदुर, किसान तथा सैनिक प्रतिनिधिहरूका सोभियत-हरूको अखिल रसियाली महाधिवेशन र यसको केन्द्रीय कार्यकारिणी समितिमा निहित छ।"

सभाभवनमा अझै सन्नाटा फैलिएको थियो, तर जब कमिसारहरूको सूची पढेर सुनाइयो, प्रत्येक नाम सुनाउँदा, खासगरी लेनिन र त्रोत्स्कीको नाम सुनाउँदा बडो जोडले ताली बज्यो।

परिषद्को अध्यक्ष – **भ्लादिमिर उल्यानोभ (लेनिन);**

गृह – **अ० इ० रीकोभ;**

कृषि – **भ्ला० पा० मिल्यूतिन;**

श्रम – **अ० ग० श्ल्याप्नीकोभ;**

सैनिन तथा नौसैनिक मामिलासम्बन्धी – **भ्ला० अ० अभ्सेयेन्को (आन्तोनोभ), नि० भा० क्रिलेन्को तथा प० ये० दिबेन्कोको** एउटा समिति।

उद्योग तथा वाणिज्य – **भ० प० नागिन;**

सार्वजनिक शिक्षा **आ० भा० लुनाचार्स्की;**

अर्थ – **इ० इ० स्क्वार्त्सोभ (स्तेपानोभ);**

परराष्ट्र – **ले० द० ब्रोन्स्तेइन (त्रोत्स्की);**

न्याय – **ग्रि० इ० अप्पोकोभ (लोमोभ);**

खाद्य – इ० अ० तेओदरोभिच ;
हुलाक तथा आकाशवाणी – न० प० आभिलोभ (ग्लेबोभ);
जातीय मामिलासम्बन्धी सभापति – इ० भि० जुगाश्भीली (स्तालिन);
रेल – पछि नियुक्त हुने।

सभाभवनका भित्ताहरूमा सङ्गिनवाला बन्दुकहरू तेर्स्याएर राखिएका थिए। प्रतिनिधिहरूका बीचमा पनि सङ्गिनहरू चम्किँदै थिए। सैनिक क्रान्तिकारी समिति सबैलाई हतियार बाँड्दै थियो। बोल्शेभिकहरू केरेन्स्कीसँग निर्णायक लडाइँको लागि तयारी गर्दै थिए र त्यस लडाइँको बिगुलको आवाज दक्षिण-पश्चिमी हावाले ल्याउँदै थियो... यसबीच कोही पनि घर फर्केन, अझ सयौं नवागन्तुकहरू आउँदै थिए, जसको फलस्वरूप त्यो ठूलो सभाभवन सिपाहीहरू र मजदुरहरूले ठसाठस भरिएको थियो। कठोर अनुहार भएका सिपाहीहरू र मजदुरहरू त्यहाँ घण्टौंघण्टा उभिन्थे र कत्ति पनि थकाइ अनुभव गर्दैनथे। चुरोटको धुवाँ, मैलो लुगा र पसिनाको गन्धले वातावरण गुम्म परेको थियो।

'नोभया झीज्न' समाचारपत्रका कार्यकर्ता आभिलोभ सामाजिक-जनवादी अन्तर्राष्ट्रियतावादीहरू तथा बचेखुचेका मेन्शेभिक अन्तर्राष्ट्रियतावादीहरूको तर्फबाट बोल्दै थिए। भड्किलो लामो कोट लगाएका आभिलोभ, जसको अनुहारबाट यौवन र बुद्धिमत्ता झल्किन्थ्यो, त्यहाँ पराइ देखिन्थे।

"आज हामीले आफैसँग सोध्नुपरेको छ – हामी कता लाग्दै छौं... जति सरलतासाथ संयुक्त सरकारलाई सत्ताबाट हटाइयो, त्यसको कारण वामपन्थी जनवादीहरूको शक्ति थिएन, सरकारले जनतालाई शान्ति र रोटी पुऱ्याउन नसक्नु नै त्यसको एक मात्र कारण थियो। वामपन्थीहरूले यी प्रश्न समाधान गर्न सकेनन् भने उनीहरूले कदापि सत्ता थाम्न सक्ने छैनन्।

"के यो सरकारले जनतालाई रोटी दिन सक्छ? खाद्यान्नको अभाव छ। बहुसङ्ख्यक किसानहरूले तपाईंहरूको समर्थन गर्ने छैनन्, किनभने तपाईंहरू उनीहरूको लागि आवश्यक औजारहरू पुऱ्याउन सक्नुहुन्न। इन्धन तथा अन्य अत्यावश्यक सामग्रीहरू उपलब्ध गराउनु असम्भव प्राय छ।

"जहाँसम्म शान्तिको प्रश्न छ, यो त अझ कठिन कुरा हो। मित्रराष्ट्रहरूले स्कोबेलेभसँग कुराकानी गर्न अस्वीकार गरेका छन्। उनीहरूले तपाईंहरूबाट शान्ति सम्मेलनको प्रस्ताव कदापि स्वीकार गर्ने छैनन्। लण्डन,

पेरिस अथवा बर्लिनमा तपाईंहरूलाई कदापि मान्यता दिने छैनन्।

"तपाईंहरू मित्रराष्ट्रहरूका सर्वहारावर्गको सक्रिय समर्थनको अपेक्षा गर्न सक्नुहुन्न, किनभने अधिकांश देशमा यो वर्ग क्रान्तिकारी सङ्घर्षबाट अझै पनि धेरै टाढा छ। स्मरण रहोस्, मित्रराष्ट्रहरूका प्रजातान्त्रिक शक्तिहरू स्टकहोम सम्मेलनसम्म पनि बोलाउन असमर्थ भएका छन्। जहाँसम्म जर्मन सामाजिक-जनवादीहरूको प्रश्न छ, मैले भर्खरै मात्र स्टकहोम सम्मेलनमा हाम्रो एक प्रतिनिधि कमरेड गोल्देनबेर्गसँग कुराकानी गरेको थिएँ। परम् वामपन्थी दलका प्रतिनिधिहरूले उनलाई भने, जर्मनीमा युद्धकालमा क्रान्ति असम्भव छ..." सभागृहमा मानिसहरूको टीकाटिप्पणी र सोरगुलको आवाज झन्झन् चर्किंदै गयो, तर आभिलोभले यी सबै कुराको वास्ता नगरी आफ्नो भाषण जारी राखे।

"चाहे रूसी सेना जर्मनीद्वारा पराजित होस् र रसियालाई बलि चढाएर अस्ट्रो-जर्मनी तथा आङ्ग्ल-फ्रान्सेली संश्रयले कुनै प्रकारले शान्ति स्थापना गरून् अथवा जर्मनीसँग पृथक् शान्ति सन्धि सम्पन्न होस्, रसिया अनिवार्यत: एक्लै पर्नेछ।

"मैले भर्खरै मात्र थाहा पाएँ, मित्रराष्ट्रहरूका राजदूतहरू यहाँबाट जाने तरखरमा छन् र रसियाका सबै शहरहरूमा मातृभूमि र क्रान्तिका उद्धार समितिहरू गठित हुँदै छन्।

"कुनै पनि पार्टीले एक्लै यी भीषण कठिनाइहरू पार गर्न सक्दैन। समाजवादी संयुक्त सरकारको समर्थन गर्ने जनताको बहुमतले मात्रै क्रान्ति सम्पन्न गर्न सक्दछ।"

तत्पश्चात् आभिलोभले दुवै दलहरूको तर्फबाट प्रस्ताव पढे—

"क्रान्तिका उपलब्धिहरूको रक्षा गर्न मजदुर, सैनिक तथा किसान प्रतिनिधिहरूका सोभियतहरूमा सङ्गठित र क्रान्तिकारी जनवादमा आधारित एउटा सरकार अविलम्ब गठन गर्नु अपरिहार्य छ भन्ने कुरा स्वीकार गर्दै र यथाशीघ्र शान्ति स्थापना गर्नु, भूमि समितिहरूको हातमा भूमि हस्तान्तरण गर्नु, औद्योगिक उत्पादनको नियन्त्रण सङ्गठित पार्नु तथा निर्धारित मितिमा संविधान सभाको अधिवेशन डाक्नु यस सरकारको कार्यभार हुनेछ भन्ने कुरा स्वीकार गर्दै महाधिवेशनले यसमा भाग लिने सबै प्रजातान्त्रिक दलहरूसँग मिलीजुली यस्तो सरकार गठन गराउनको लागि एक कार्यकारिणी समिति नियुक्त गरेको छ।"

उपस्थित जनताको क्रान्तिकारी उल्लासको विपरीत आभिलोभको

शान्त, धैर्यपूर्ण तर्कनाले उनीहरूलाई विचलित तुल्याइदियो। उनको भाषण समाप्त हुनासाथ टीकाटिप्पणीहरू र सिटी बजाउने काम पनि बन्द भयो र केही मानिसहरूले त ताली समेत बजाए।

आभिलोभपछि कारेलिनले बोल्न सुरु गरे। उनी पनि तरुण, निर्भय र साहसी थिए, उनको सत्यप्रियता र इमानदारीमा कसैलाई पनि शङ्का थिएन। उनी वामपन्थी समाजवादी-क्रान्तिकारीहरूको तर्फबाट, मारिया स्पिरिदोनोभाको पार्टीको तर्फबाट अर्थात् क्रान्तिकारी किसानहरूको प्रतिनिधित्व* गर्ने त्यस पार्टीको तर्फबाट बोल्दै थिए, जो बोल्शेभिकहरूको अनुसरण गर्ने प्रायः एकलो पार्टी थियो।

"हाम्रो पार्टीले जन कमिसार परिषद्मा प्रवेश गर्न अस्वीकार गरेको छ, किनभने हामी क्रान्तिकारी सेनाको त्यस हिस्साबाट, जसले महाधिवेशन परित्याग गरेको छ, आफूलाई सदाको लागि अलग राख्न चाहन्नौं। यस पृथक्ताले गर्दा हाम्रो लागि बोल्शेभिकहरू तथा अन्य प्रजातान्त्रिक दलहरूबीच मध्यस्थता गर्न असम्भव तुल्याउनेछ... यही मध्यस्थता यस बेला हाम्रो प्रमुख कर्तव्य हो। हामी एक संयुक्त समाजवादी सरकारलाई सिवाय अरू कुनै पनि सरकारलाई समर्थन गर्न सक्दैनौं।

"यसको अतिरिक्त हामी बोल्शेभिकहरूको तानाशाही व्यवहारको पनि विरोध गर्दछौं। हाम्रा कमिसारहरू आफ्ना पदहरूबाट निष्कासित भएका छन्। हिजो हाम्रो एक मात्र मुखपत्र 'ज्नाम्या त्रुदा' ('श्रमको ध्वजा') को प्रकाशनमाथि रोक लगाइयो...।

"केन्द्रीय दुमाले तपाईंहरूको सामना गर्न एक शक्तिशाली मातृभूमि र क्रान्तिको उद्धार समिति गठन गरेको छ। तपाईंहरू अहिल्यै पृथकीकृत भइसक्नुभएको छ र अन्य कुनै पनि प्रजातान्त्रिक समूहको तपाईंहरूलाई समर्थन छैन।"

उनीपछि त्रोत्स्की उभिए। उनको अनुहारमा आत्मविश्वास र अधिकारको भावना थियो। मुखमा व्यङ्ग्यको र अज्ञ गिल्लाकै भावना अङ्कित थियो। उनले चर्को स्वरमा आफ्नो भाषण सुरु गरे र सम्पूर्ण भीड उनीतर्फ आकर्षित भए।

"हाम्रो पार्टी एकलिने खतरासम्बन्धी यस्ता अभिव्यक्तिहरू कुनै नयाँ

---

*क्रान्तिकारी किसानहरूको केवल एक हिस्सा वामपन्थी समाजवादी-क्रान्तिकारीहरूको समर्थन गर्दथे।—सं०

कुरा होइन। विद्रोह सुरु हुनुभन्दा ठीक पहिले पनि हाम्रो अवश्यम्भावी पराजयसम्बन्धी यस्तै भविष्यवाणीहरू गरिएका थिए। त्यस बेला पनि सबै हाम्रो विरुद्ध थिए; सैनिक क्रान्तिकारी समितिमा वामपन्थी समाजवादी-क्रान्तिकारीहरूको पार्टी मात्रै हाम्रो साथमा थिए। कसरी हामी तैपनि प्राय विनारक्तपात सरकारलाई हटाउन सफल भयौं? .. हामी एकलिएका थिएनौं भन्ने कुराको यो तथ्य एक जोरदार प्रमाण हो। वास्तवमा चाहिँ अस्थायी सरकार एकलिएको थियो; वास्तवमा हाम्रो विरुद्ध आन्दोलन चलाउने ती प्रजातान्त्रिक पार्टीहरू एकलिएका थिए, एकलिएका छन् र सदाको लागि सर्वहारावर्गबाट अलग्गिएका छन्!

"उनीहरू गठबन्धन आवश्यक छ भन्ने कुरा गर्दै छन्। एकै प्रकारको गठबन्धन मात्र सम्भव छ र त्यो हो—मजदुरहरू, सैनिकहरू र गरिब किसानहरूको गठबन्धन; र यो गठबन्धन सम्पन्न गराउन श्रेय हाम्रो पार्टीले प्राप्त गरेको छ... आभिलोभ कुन खालको गठबन्धन चाहन्छन्? त्यस्ता व्यक्तिहरूसँग गठबन्धन, जसले जनताप्रति गद्दारी गर्ने सरकारलाई समर्थन गरेका थिए? गठबन्धनले सधैं शक्ति प्रदान गर्छ भन्न सकिँदैन। उदाहरणको लागि दान र आभ्सेन्त्येभ हाम्रो समूहमा भैदिएका भए के हामी विद्रोहको आयोजना गर्न सक्दथ्यौं?" हलमा हाँसोको फोहरा छुट्छ।

"आभ्सेन्त्येभले जनतालाई रोटी दिएनन्। के आबारोनेचहरू (प्रतिरक्षावादीहरू) सँगको गठबन्धनले बढी रोटी दिन सक्ला त? किसानहरू र आभ्सेन्त्येभ, जसले भूमि समितिहरूका सदस्यहरूलाई गिरफ्तार गर्ने आदेश दिए, कसलाई रोज्ने भन्ने प्रश्न उठ्दा हामीले किसानहरूलाई रोज्यौं! हाम्रो क्रान्ति इतिहासमा एक अनुकरणीय क्रान्ति ठहरिनेछ।

"यिनीहरू हामीले अन्य प्रजातान्त्रिक पार्टीहरूसँग मिलोमतो हुन दिएनौं भन्ने आरोप लगाउँदै छन्। तर यसको लागि के हामी दोषी छौं त? अथवा हुन सक्छ यसको लागि हामीले, कारेलिनले भनेजस्तो कुनै "गलतफहमी" लाई दोषी ठहऱ्याउने हो? होइन, साथीहरू? जब क्रान्तिको ज्वार पूरा जोरले चलिरहेको बेलामा, कुनै एउटा पार्टी, जसको चारैतिर अझै पनि बारुदको धुवाँ उडिरहेको छ, आउँछ र भन्दछ, "यही हो सत्ता, लिनोस् आफ्नो हातमा!" र जुन व्यक्तिहरूसमक्ष यस्तो सत्ता लिने प्रस्ताव राखिन्छ उनीहरू शत्रु शिविरमा जान्छन् भने यो कुनै गलतफहमीको कुरा होइन... यो निर्मम युद्धघोषणा हो र हामीले यो युद्धघोषणा गरेका होइनौं।

"आभिलोभ हामीलाई धम्की दिँदै छन्, हामी "एकलै" बसेको खण्डमा हाम्रा सम्पूर्ण शान्ति प्रयासहरू विफल हुनेछन्। म फेरि पनि भन्न चाहन्छु, स्कोबेलेभसँग र अझ तेरेशेन्कोसँग गठबन्धन गर्दा, कसरी यो कुरा शान्ति सम्झौताको लागि सहायक हुन सक्दछ! आभिलोभ रसियाको मूल्यमा शान्ति सम्झौता सम्पन्न हुनेछ भन्ने खतराप्रति हामीलाई सजग तुल्याउँदै छन्। यस तर्कको जवाफ दिँदै म भन्दछु, यदि युरोपमा साम्राज्यवादी बुर्जुवावर्गको शासन कायम रहन्छ भने कुनै पनि अवस्थामा क्रान्तिकारी रसियाको विनाश सुनिश्चित छ।

"हाम्रो समक्ष मात्र दुई विकल्प छन्! या त रूसी क्रान्तिले युरोपमा क्रान्तिकारी आन्दोलनलाई जन्म दिनेछ अथवा युरोपेली शक्तिहरूले रूसी क्रान्तिलाई नष्ट पार्नेछन्!"

प्रतिनिधिहरूले करतल ध्वनिले ताली बजाउँदै त्रोत्स्कीको भाषणप्रति आफ्नो सहमति जनाए। आफूलाई सम्पूर्ण मानवजातिकै हितको लागि सङ्घर्षरत अनुभव गर्न पाउँदा उनीहरू साहस र उत्साहले राँकिएका थिए। यस बेलादेखि त्यस विद्रोही जनसमूहको सम्पूर्ण क्रियाकलापमा एक त्यस्तो सचेत तथा दृढ सङ्कल्पको भावना देखापर्‍यो, जुन फेरि कहिल्यै बिलाएन।

तर अर्को पक्ष पनि कम्मर कसेर मैदानमा उत्रिसकेको थियो। कामेनेभले रेल मजदुरहरूका युनियनको प्रतिनिधिलाई बोल्ने अनुमति दिए। गठिलो शरीर र कडा अनुहार भएको एक व्यक्ति, जसको मुखमा कट्टर शत्रुताको भावना थियो, बोल्न उभियो। त्यस व्यक्तिको भाषणले सभामा भेला भएका मानिसहरूमाथि बम विस्फोटनको प्रभाव पार्‍यो।

"रसियाको सबैभन्दा बलियो सङ्गठनको नामबाट म माग गर्दछु, मलाई बोल्ने मौका दिइयोस् र म तपाईंहरूलाई भन्दछु—भिक्झेलले* मलाई सत्ता सङ्गठनको प्रश्नलाई लिएर हाम्रो युनियनले पारित गरेको निर्णय तपाईंहरूसमक्ष पुर्‍याउने अभिभारा सुम्पेको छ। यदि बोल्शेभिकहरूले भविष्यमा पनि रसियाका समस्त प्रजातान्त्रिक शक्तिहरूको विरुद्ध आफूलाई उभ्याए भने हाम्रो केन्द्रीय समितिले कदापि उनीहरूको समर्थन गर्ने छैन।" सभाभवनमा भयङ्कर कोलाहल मच्चियो।

"सन् १९०५ मा र कर्निलोभ-काण्डको बेलामा रेल मजदुरहरू नै

---

*भिक्झेल—अखिल रसियाली रेल मजदुर युनियनको कार्यकारिणी समिति।—सं०

क्रान्तिका सर्वश्रेष्ठ रक्षकहरू थिए। तर तपाईंहरूले हामीलाई आफ्नो महाधिवेशनमा डाक्नुभएन..."। आवाजहरू सुनिन्छ–"हामीले होइन, पुरानो चेइकले तपाईंहरूलाई नडाकेको हो!" तर वक्ताले यी आवाजहरूप्रति कुनै ध्यान दिएन। "हामी यस महाधिवेशनको वैधानिकता स्वीकार गर्दैनौं; मेन्शेभिकहरू र समाजवादी-क्रान्तिकारीहरूले महाधिवेशन छोडेर गएपछि महाधिवेशनको लागि आवश्यक वैधानिक कोरम पुगेको छैन... हाम्रो युनियनले पुरानो चेइकलाई समर्थन गरेको छ र घोषणा गर्दछ, यस महाधिवेशनलाई नयाँ समिति छान्ने कुनै अधिकार छैन।

"राज्य-सत्ता समस्त क्रान्तिकारी जनवादका अधिकृत निकायहरूप्रति उत्तरदायी समाजवादी तथा क्रान्तिकारी सत्ता हुनुपर्दछ। जबसम्म यस्तो सत्ता स्थापित हुँदैन रेलमजदुरहरूको युनियनले, जसले प्रतिक्रान्तिकारी सेनालाई पेत्रोग्राद पुऱ्याउन अस्वीकार गरेको छ, अब भिक्झेलको अनुमतिविना अरू कसैको आदेश पालना गर्न मनाही गरेको छ। साथै भिक्झेलले रसियाको समस्त रेल-प्रशासन आफ्नो हातमा लिएको छ।"

भाषणको अन्त्यमा उनीमाथि क्रुद्ध गालीको कस्तो वर्षा भयो भने मुश्किलले उनको आवाज सुनिन्थ्यो। तर यो निकै कडा प्रहार थियो– अध्यक्ष-मण्डलका सदस्यहरूको अनुहारमा देखिएको चिन्ताको भावनाले यो कुरा स्पष्ट पार्थ्यो। तर यस कुराको जवाफमा कामेनेभले यत्तिकै भने–महाधिवेशन वैधानिक छ भन्ने कुरामा कुनै शङ्का छैन किनभने मेन्शेभिकहरू र समाजवादी-क्रान्तिकारीहरूले महाधिवेशन छोडेर गए तापनि महाधिवेशनमा पुरानो चेइकद्वारा निर्धारित कोरमभन्दा पनि बढी प्रतिनिधिहरू उपस्थित छन्।

तत्पश्चात् सरकार गठन गर्ने प्रश्नमा मतदान भयो र एक विशाल बहुमतद्वारा जन कमिसार परिषद्लाई सत्ता प्रदान गरियो।

नयाँ चेइक, रसियाली गणतन्त्रको नयाँ संसदको चुनावमा पन्ध्र मिनेट पनि लागेन। त्रोत्स्कीले नयाँ संसदका सदस्यहरूको नाम सुनाए–जम्मा एक सय व्यक्ति, जसमध्ये ७० जना बोल्शेभिकहरू थिए... जहाँसम्म किसानहरू र बहिर्गामी दलहरूको प्रश्न थियो, नयाँ निकायमा उनीहरूको लागि स्थान सुरक्षित राखियो। "हामी ती सबै पार्टीहरू तथा समूहहरूलाई, जो हाम्रो कार्यक्रम स्वीकार्दछन्, सरकारमा सामेल गराउन तयार छौं," त्रोत्स्कीले अन्त्यमा भने।

तत्पश्चात् सोभियतहरूको द्वितीय अखिल रसियाली महाधिवेशन समाप्त

भयो, रसियाका कुनाकुनाबाट आएका यी प्रतिनिधिहरूले यथाशीघ्र आआफ्नो घर पुगेर यी महान् घटनाहरूबारे बताउनु आवश्यक थियो।

हामीले ट्राम-गाडीका कन्डक्टरहरू र ड्राइभरहरूलाई बिउँझाउँदा झण्डै सात बजिसकेको थियो। उनीहरू ट्राम-मजदुर युनियनको निर्देशनअनुसार सोभियत प्रतिनिधिहरूलाई घर पुऱ्याउन स्मोल्नीमा चौबीसै घण्टा पर्खेर बसेका हुन्थे। मलाई लाग्यो, मानिसहरूले ठसाठस भरिएको त्यस ट्राम-गाडीमा आज त्यो उल्लास थिएन, जुन हिजो राती देखिएको थियो। धेरै जना चिन्तित देखिन्थे, शायद उनीहरू मनमनै भन्दै थिए होलान्, "हामी मालिक बन्यौं... अब कसरी हामीले आफ्नो मनसाय पूरा गर्ने हो?"

हाम्रो डेरानजिकै अँध्यारोमा हतियारबन्द नागरिकहरूको एउटा गस्तीले हाम्रो बाटो छेक्यो र खुब राम्ररी हाम्रो खल्ती छाम्यो। दुमाको घोषणाले आफ्नो प्रभाव देखाउन सुरु गरेको थियो।

हामी घर फर्केको आवाज सुनेर घरपटीनी दौड्दै आइपुगिन्। तिनले एउटा गुलाफी रङ्गको रेशमी पछ्यौरा ओढेकी थिइन्।

"आवास-समितिले फेरि पनि अरू सबै लोग्नेमानिसहरू सरह तपाईंहरूले पनि गस्तीमा भाग लिनुपर्छ भन्ने माग गर्दै छन्," तिनले भानिन्।

"किन? के भयो र? गस्ती लगाउने आवश्यकता किन पऱ्यो हँ?"

"आइमाईहरू र केटाकेटीहरूको रक्षा गर्नु परेन र?"

"तर कसबाट?"

"चोरडाँका र हत्याराहरूबाट"।

"सैनिक क्रान्तिकारी समितिका कुनै कमिसार हातहतियारको खानतलासी लिन आइपुगे भने के गर्नुहुन्छ नि?"

"हो, उनीहरू सबै आफूलाई कमिसार भन्दछन्... फेरि कुरा एउटै त हो, के फरक पऱ्यो र?"

मैले अति नम्रतापूर्वक त्यस महिलालाई बताएँ, अमेरिकी राजदुतावासले अमेरिकी नागरिकहरूलाई हतियार लिएर हिंड्न मनाही गरेको छ, विशेषतः त्यस्तो ठाउँमा जहाँ रूसी बुद्धिजीवीहरू बस्दछन्!

छेटौं अध्याय

उद्धार समिति

शुक्रवार, नोभेम्बर ९

"नोभचेर्कास्क। नोभेम्बर ८ (अक्टोबर २६)।

बोल्शेभिकहरूद्वारा सञ्चालित विद्रोह र अस्थायी सरकारलाई सत्ताबाट हटाउने र पेत्रोग्रादमा सत्ता कब्जा गर्ने उनीहरूको प्रयासलाई ध्यानमा राख्दै... कजाक सरकार यस्ता कार्यहरूलाई अपराधपूर्ण र पूर्णतः अस्वीकार्य घोषणा गर्दछ। फलतः कजाकहरूले अस्थायी सरकारलाई, जुन एक संयुक्त सरकार हो, पूर्ण समर्थन प्रदान गर्नेछन्। यिनै परिस्थितिहरूले गर्दा र जबसम्म अस्थायी सरकारको हातमा पुनः सत्ता आउनेछैन र रसियामा पुनः सुव्यवस्था कायम हुनेछैन, मैले यही २५ अक्टोबरदेखि, जहाँसम्म दोन प्रदेशको प्रश्न छ, सम्पूर्ण सत्ता आफ्नो हातमा लिएको छु।

हस्ताक्षर – अतामान कालेदिन
कजाक सेनाहरूको सरकारको अध्यक्ष

गात्चिनाबाट जारी गरिएको मन्त्रि-अध्यक्ष केरेन्स्कीको प्रिकाज (आदेश) –

"म, अस्थायी सरकारको मन्त्रि-अध्यक्ष र रसियाली गणतन्त्रका समस्त सेनाहरूको प्रधान सेनापति, घोषणा गर्दछु, मोर्चाका ती सबै रेजिमेन्टहरू, जो पितृभूमिप्रति वफादार छन्, मेरो मातहत छन्।

"म, पेत्रोग्राद सैनिक क्षेत्रका ती सबै सैनिकहरूलाई, जसले गल्ती अथवा मूर्खताले गर्दा राष्ट्र र क्रान्तिप्रति गद्दारी गर्ने व्यक्तिहरूको कुरा सुन्न पुगे, उनीहरू अविलम्ब आफ्नो ड्युटीमा फर्कुन् भन्ने आदेश दिन्छु।

"यो आदेश सबै रेजिमेन्टहरू, बटालियनहरू र स्क्वाड्रनहरूमा पढेर सुनाइनेछ।

हस्ताक्षर – अस्थायी सरकारका मन्त्रि-अध्यक्ष तथा
प्रधान सेनापति अ० फ्यो० केरेन्स्की"

उत्तरी मोर्चाको कमान जुन जर्नेलको हातमा थियो, केरेन्स्कीले उनको नाममा पठाएको आकाशवाणी –

"वफादार रेजिमेन्टहरूले विनारक्तपात गात्चिनामाथि कब्जा गरेका छन्। क्रोन्श्तादतका नौसैनिकहरू तथा सेम्योनभ्स्की र इज्माइलभ्स्की रेजिमेन्टहरूका सैन्यदलहरूले विनाप्रतिरोध आत्मसमर्पण गरेका छन् र सरकारी सेनामा सामेल भएका छन्।

"म सबै नामाङ्कित टुकडीहरूलाई यथासम्भव शीघ्रतापूर्वक अगाडि बढ्ने आदेश दिन्छु। सैनिक क्रान्तिकारी समितिले आफ्ना सैनिकहरूलाई पछाडि हट्ने आदेश दिएको छ।"

पेत्रोग्रादबाट झण्डै तीस किलोमिटर दक्षिण-पश्चिममा स्थित गात्चिना नगर हिजो राती शत्रु सेनाको हातमा परेको थियो। केरेन्स्कीले आफ्नो तारमा जुन दुई रेजिमेन्टहरूको चर्चा गरेका थिए, तिनका केही टुकडीहरू (तर नौसैनिकहरू होइन) नेतृत्वहीन अवस्थामा गात्चिनामा भौंतारिइरहेको बेला वास्तवमा नै उनीहरूलाई कजाकहरूले घेरामा पारेका थिए र उनीहरूले आत्मसमर्पण गरेका थिए। तर उनीहरू सरकारी सेनामा सम्मिलित भए भन्ने कुराचाहिँ साँचो थिएन। जुन बेला यो टेलिग्राम पठाइएको थियो, ठीक त्यसै बेला स्मोल्नीमा स्तम्भित तथा लज्जित यी सिपाहीहरूको भीड लागेको थियो र उनीहरू सफाइ दिने प्रयास गर्दै थिए। उनीहरूले कजाकहरू यति नजिक होलान् भन्ने अन्दाज लगाएका थिएनन्... अझ उनीहरूले कजाकहरूलाई सम्झाउने बुझाउने समेत प्रयास गरेका थिए।

क्रान्तिकारी मोर्चा पूर्णतः अस्तव्यस्त छ भन्ने कुरा स्पष्ट थियो। दक्षिणी भागमा जुन सानासाना शहरहरू थिए, ती सबै शहरहरूका गैरिसनहरूमा चर्को फूट थियो, सबै गैरिसनहरू दुई भागमा र अझ तीन भागमा बाँडिएका थिए। माथिल्लो तहका अफिसरहरू अरू कुनै बलियो नेता नभेट्टाइएसम्म केरेन्स्की नै ठीक छ भनेर उनको साथ लागेका थिए, बहुसङ्ख्यक सामान्य सिपाहीहरू सोभियतहरूको समर्थन गर्थे र बाँकी मानिसहरू आशङ्का र हिचकिचाहटले ग्रस्त थिए।

यस स्थितिमा सैनिक क्रान्तिकारी समितिले हतारहतार नियमित सेनाका एक महत्त्वाकाङ्क्षी कप्तान मुराभ्योभलाई* पेत्रोग्रादको प्रतिरक्षा गर्ने काम सुम्प्यो र पेत्रोग्राद कमानको प्रमुखको पदमा नियुक्त गऱ्यो। यी तिनै मुरा-

---

*वास्तवमा मुराभ्योभ लेफ्टिनेन्ट-कर्नेल थिए। – सं०

भ्योभ थिए, जसले गृष्मकालमा "मृत्यु बटालियनहरू" गठन गरेका थिए र जसले सरकारलाई "बोल्शेभिकहरूप्रति अति नरम व्यवहार" गरेको आरोप लगाएका थिए र "उनीहरूलाई खतम पार्नुपर्छ" भन्ने सल्लाह दिएका थिए। मुराभ्योभ फौजी साँचोमा ढालिएका मान्छे थिए र शक्ति तथा साहसको सराहना गर्दथे, हुनसक्छ इमानदारीसाथ।

बिहान डेराबाट निस्कँदा मैले देखें, घरको ढोकासामुन्ने नै सैनिक क्रान्तिकारी समितिका दुइटा नयाँ आदेशहरू टाँसिएका थिए। यी आदेशहरूमा सबै पसलहरू यथावत् खुला रहनुपर्छ र सबै खाली कोठाहरू र घरहरू समितिलाई सुम्पिइनुपर्छ भन्ने निर्देशन दिइएको थियो... विगत छत्तीस घण्टादेखि रसियाका प्रान्तहरू तथा बाह्य विश्वसँग बोल्शेभिकहरूको कुनै सम्पर्क थिएन। रेल तथा आकाशवाणी कर्मचारीहरूले उनीहरूका सूचना तथा सन्देशहरू पुऱ्याउन अस्वीकार गरे। हुलाकीहरू उनीहरूका चिठीपत्र छुनसम्म पनि चाहँदैनथे। चास्कोंये सेलोस्थित सरकारी रेडियोले मात्रै काम गर्दै थियो र प्रत्येक आधा घण्टामा चारै दिशामा समाचार-बुलेटिनहरू तथा घोषणाहरू प्रसारित गर्दै थियो। स्मोल्नीका कमिसारहरू नगर दुमाका कमिसारहरूसँग होडबाजी गर्दै तीव्र गतिले दौडिरहेका रेलगाडी चढेर पृथ्वीको आधा भागकै चक्कर लगाउँदै थिए; प्रचार सामग्रीहरूले लादिएका दुइटा हवाइजहाजहरू मोर्चातिर उड्दै थिए।

परन्तु विद्रोहको लहर रसियाको एउटा कुनाबाट अर्को कुनासम्म जुन तीव्रताले फैलिँदै थियो, त्यो कुनै पनि मानव सञ्चार साधनको लागि सम्भव थिएन। हेल्सिङ्फोर्सको सोभियतले क्रान्तिको समर्थनमा प्रस्ताव पारित गऱ्यो। किभका बोल्शेभिकहरूले शस्त्रागार र आकाशवाणिअड्डामाथि कब्जा गरे, तर त्यहाँ आफ्नो महाधिवेशनमा भेला भएका कजाकहरूले उनीहरूलाई केही समयपछि नै त्यहाँबाट छपाइदिए। काजानमा स्थापित सैनिक क्रान्तिकारी समितिले स्थानीय गैरिसनको स्टाफ तथा अस्थायी सरकारका कमिसारहरूलाई गिरफ्तार गरे। सुदूर साइबेरियाको क्रास्नयार्स्क शहरबाट त्यहाँको नगरपालिकाको प्रशासन सोभियतहरूको हातमा आएको छ भन्ने खबर आइपुग्यो। मास्कोमा, जहाँ एकातिर छाला कारखानाहरूका मजदुरहरूको शक्तिशाली हडताल र अर्कोतिर आम तालाबन्दीको धम्कीले परिस्थिति निकै गम्भीर भएको थियो, सोभियतहरूले एक विशाल बहुमतद्वारा पेत्रोग्रादका बोल्शेभिकहरूको कारबाईको समर्थन गर्ने निर्णय गरे... त्यहाँ पनि सैनिक क्रान्तिकारी समितिले काम गर्न थालिसकेको थियो।

यत्रतत्र त्यही कुरा थियो। सामान्य सिपाहीहरू तथा औद्योगिक मजदुर-हरूको विशाल बहुमतले सोभियतहरूलाई समर्थन गरे। अफिसरहरू, युङ्केर-हरू र सामान्यतः मध्यमवर्ग सरकारको पक्षमा थिए। साथै पुँजीवादी कादेतहरू र "नरमपन्थी" समाजवादी पार्टीहरूले पनि सरकारकै पक्ष लिएका थिए। सबै शहरहरूमा मातृभूमि र क्रान्तिको उद्धार समितिहरू बन्दै थिए र गृहयुद्ध-को लागि हतियार जम्मा गर्दै थिए...

विशाल रसिया छियाछिया पर्दै थियो। यो प्रक्रिया अझ सन् १९०५ मा नै सुरु भइसकेको थियो; मार्च क्रान्तिले यस प्रक्रियामा शीघ्रता ल्यायो र त्यस नयाँ व्यवस्थाको एक किसिमले पूर्वाभास दिँदै पुरानो व्यवस्थाकै त्यही खोक्रो बनोट कायम राखेर समाप्त भएको थियो। तर अब बोल्शेभिकहरूले त्यस व्यवस्थालाई धुवाँको डल्लोजस्तो एकै रातमा फू गरेर उडाइदिएका थिए। पुरानो रसिया बिलायो। आदिम उत्तापमा मानव समाज पग्लियो र प्रचण्ड अग्निकुण्डबाट नग्न तथा निर्मम वर्गसङ्घर्षको लपेटा निस्कँदै थियो—नयाँ पिण्डहरू जन्मिँदै थिए र बिस्तारैबिस्तारै चिसो हुँदै थिए...

पेत्रोग्रादमा सोन्ह वटा मन्त्रालयहरूमा हडताल चल्दै थियो। श्रम मन्त्रा-लय तथा खाद्य मन्त्रालयले यस हडतालको नेतृत्व गर्दै थिए। यिनै ती दुई मन्त्रालय थिए, जुन अगस्तको पूर्ण-समाजवादी सरकारले * स्थापना गरेका थिए।

यदि मानिसले कहिल्यै आफूलाई एकलो अनुभव गरेको छ भने, अहिले यो चिसो प्रभातमा "एक मुठी बोल्शेभिकहरू" प्रत्यक्षतः एकला थिए र उनीहरू चारैतिरबाट आँधीबेरीले घेरिएका थिए (१) **। आफ्नो अस्तित्व नै खतरामा परेको देखेपछि सैनिक क्रान्तिकारी समितिले पनि प्रतिघात गर्न थाल्यो। «De l'audace, encore de l'audace, et toujours de l'audace!»*** बिहान पाँच बजे लाल गार्ड नगर प्रशासनको छापा-

---

* यो सरकार मेन्शेभिकहरू तथा समाजवादी-क्रान्तिकारीहरूबाट बनेको थियो।—सं०

** हेर्नोस् यस अध्यायको परिशिष्टमा दिइएका टिप्पणीहरू।

*** "साहस, फेरि पनि साहस र सधैँ साहस!" दान्तोंको प्रसिद्ध उद्-गार! दान्तोंले यी शब्द २ सेप्टेम्बर १७९२ को दिन फ्रान्सको विधान-सभामा युद्धको खतरा र प्रतिक्रान्तिकारी प्रोइसेनी-अस्ट्रियाली संश्रयद्वारा आक्र-मणबाट क्रान्तिको रक्षा गर्ने आवश्यकताबारे बोल्दै प्रकट गरेका थिए।—सं०

खानाभित्र पस्यो। उनीहरूले दुमाको विरोध-आह्वानका हजारौं प्रतिहरू जफत गरे र नगर दुमाको औपचारिक मुखपत्र, 'भेस्तनिक गरद्स्कोभा सामोउप्राभलेनिया' ('नगरपालिका स्वशासन बुलेटिन') बन्द गर्न लगाए। सबै बुर्जुवा समाचारपत्रहरू, कहाँसम्म भने पुरानो चेइककको समाचारपत्र 'गोलस सल्दाता' ('सिपाहीको आवाज') समेत प्रेसबाट निकाल्न लगाइयो। तर 'सल्दात्स्की गोलस' ('सैनिक आवाज') नामबाट यस समाचारपत्रको एक लाख प्रति निस्क्यो। यस समाचारपत्रले क्षोभ र रोषले भरिपूर्ण चुनौती दियो –

"ती मानिसहरूले, जसले रातको समयमा विश्वासघातपूर्ण प्रहार गरे, जसले समाचारपत्रहरू बन्द गराए, धेरै दिनसम्म राष्ट्रलाई अन्धकारमा राख्न सक्दैनन्। सत्य के हो भन्ने कुरा राष्ट्रले थाहा पाउनेछ। राष्ट्रले तपाईंहरूको सही मूल्याङ्कन गर्नेछ, बोल्शेभिक महानुभावहरू! हामीले यी सबै कुरा देख्नेछौं! ..."

दिउँसो दुई बजेतिर हामी नेभ्स्की मार्गमा जाँदै थियौं। हामीले देख्यौं, दुमा भवन सामुन्नेको बाटोभरि मानिसहरूको भीड लागेको थियो। ठाउँठाउँमा सङ्गीन बोकेका लाल गार्डहरू र नौसैनिकहरू उभेका थिए र प्रत्येक सैनिकको वरिपरि झण्डै सय सय जना मानिसहरूको भीड लागेको थियो, ती थिए – क्लर्कहरू, विद्यार्थीहरू, पसलेहरू, चिनोभ्निकहरू (सरकारी कर्मचारीहरू)। उनीहरू मुक्का देखाउँदै गाली गरिरहेका थिए, धम्की दिइरहेका थिए। बाल-स्वयंसेवकहरू र अफिसरहरू सिंढीमा उभेर 'सल्दात्स्की गोलस' समाचारपत्र बाँड्दै थिए। एक जना मजदुर, जसले आफ्नो पाखुरामा रातो पट्टा लगाएका थिए र हातमा रिभोल्भर लिएका थिए, सिंढीको अन्त्यमा क्रुद्ध भीडबीच रिस र हडबडाहटले काँप्दै उभेका थिए। उनी समाचारपत्रहरू उनलाई बुझाउने माग गर्दै थिए...। मलाई लाग्छ, इतिहासमा शायद कहिल्यै यस्तो घटना घटेको थिएन। एकातिर विजयी विद्रोहको प्रतिनिधित्व गर्ने मुठीभर मजदुरहरू तथा सामान्य सिपाहीहरू हतियार लिएर उभेका थिए र अति चिन्तित देखिन्थे भने, अर्कोतिर, एक उत्तेजित भीड थियो। यो भीड त्यस्तै किसिमका मानिसहरूले भरिएको थियो, जुन मध्याह्नमा फिफ्थ एभेन्यूको* पेटीमा देखिन्छन्। उनीहरू सराप्दै थिए, मनपरी

---

*न्यूयोर्कको एउटा सडक, जहाँ धनीहरू बस्दछन्। – सं०

गाली गर्दै थिए र चिच्च्याउँदै थिए, "गद्दारहरू! गद्दारहरू! आप्रिच्नीक-हरू!*"

दुमा भवनका ढोकाहरूमा विद्यार्थीहरू र अफिसरहरू पहरा दिँदै थिए। उनीहरूले आफ्नो पाखुरामा सेतो पट्टा बाँधेका थिए, जसमा रातो अक्षरले लेखिएको थियो "सार्वजनिक सुरक्षा समितिको मिलिशिया"। छ सात जना बाल-स्वयंसेवकहरू भित्रबाहिर गर्दै थिए। सम्पूर्ण दुमा भवनभित्र ठूलो खल-बली मच्चिएको थियो। कप्तान गोम्बेर्ग भऱ्याङबाट ओर्लंदै थिए। "उनी-हरू दुमा विघटन गर्न चाहन्छन्", उनले भने। "बोल्शेभिक कमिसार मेयरकहाँ छ"। हामी माथि पुग्दा रेजानोभ हतारहतार बाहिर निस्के। उनी दुमाले जन कमिसार परिषद्लाई मान्यता देओस् भन्ने माग गर्न आएका थिए, तर मेयरले उनको माग पूरा गर्न सीधै अस्वीकार गरिदिए।

दुमाका कार्यालयहरूमा ठूलो कोलाहल थियो। कोही यताउता दौडि-रहेका थिए भने, कोही हात हल्लाउँदै चिच्च्याइरहेका थिए। सरकारी कर्म-चारीहरू, बुद्धिजीवीहरू, पत्रकारहरू, विदेशी संवाददाताहरू, फ्रेन्च तथा अङ्ग्रेज अफिसरहरू–सबै त्यहाँ भेला भएका थिए... नगर इन्जिनियरले उनीहरूतिर सङ्केत गर्दै विजयपूर्ण भावले भने, "राजदुतावासहरूले दुमा-लाई नै एक मात्र सत्ताको रूपमा मान्यता दिएका छन्। यी बोल्शेभिक हत्याराहरू र डाँकाहरू अब केही घण्टाभन्दा बढी टिक्न सक्दैनन्। सम्पूर्ण रसियाले हाम्रो समर्थन गरेको छ..."।

अलेक्सान्दर हलमा उद्धार समितिको एक विराट् सभा चल्दै थियो। फिलिपोभ्स्कीको अध्यक्षतामा सभा चल्दै थियो र स्कोबेलेभ भाषण गर्दै थिए। उनी कुनकुन नयाँ सङ्गठनहरू समितिमा सम्मिलित भए भन्ने सूचना दिँदै थिए। तालीको गडगडाहटबीच उनी ती सङ्गठनहरूको नाम पढ्दै थिए– किसान सोभियतहरूको कार्यकारिणी समिति, पुरानो चेइक, केन्द्रीय सैनिक समिति, चेन्त्रफ्लोत, सोभियतहरूको महाधिवेशनबाट निस्केका मेन्शेभिक, समाजवादी-क्रान्तिकारी तथा मोर्चा दलका प्रतिनिधिहरू, मेन्शेभिक, समाज-वादी-क्रान्तिकारी तथा जन समाजवादी पार्टीहरूका केन्द्रीय समितिहरू, 'येजिन्स्तभो' दल, किसान सङ्घ, सहकारी समितिहरू, जेम्स्तभोहरू, नगरपालिकाहरू, हुलाक तथा आकाशवाणी युनियन, भिक्झेल, रसियाली

*सत्रौं शताब्दीमा जार इभान भयानकका जङ्गली अङ्गरक्षकहरू।–सं०

गणतन्त्र परिषद्, युनियनहरूको युनियन*, व्यापारीहरू तथा कारखाना-मालिकहरूको सङ्घ...

"...सोभियत सत्ता प्रजातान्त्रिक सत्ता होइन, यो तानाशाही सत्ता हो, यो सर्वहारावर्गको अधिनायकवाद होइन, सर्वहारावर्गको **विरुद्ध** अधिनायकवाद हो। जसले क्रान्तिकारी उत्साहको स्वाद चाखिसकेको छ अथवा जसलाई क्रान्तिकारी उत्साह कसरी अनुभव गर्नुपर्छ भन्ने कुरा थाहा छ, ती सबैले आज क्रान्तिको रक्षा गर्न एउटै गाँठोमा बाँधिनुपरेको छ।

आज गैरजिम्मेदार नाराबाजहरूलाई निस्क्रिय तुल्याउनु मात्र नभएर प्रतिक्रान्तिको विरुद्ध सङ्घर्ष गर्नु पनि हाम्रो कर्तव्य बन्न गएको छ... प्रान्तहरूमा केही जर्नेलहरू घटनाक्रमबाट फाइदा उठाउँदै कुनै विशेष उद्देश्य लिएर पेत्रोग्रादमाथि हमला गर्न तयार भएका छन् भन्ने हल्ला साँचो हो भने यस तथ्यबाट हामीले प्रजातान्त्रिक सरकारको लागि एक बलियो आधार तयार गर्नुपरेको छ भन्ने कुराकै फेरि पनि पुष्टि हुन्छ। अन्यथा वामपन्थी विद्रोहपश्चात् फेरि दक्षिणपन्थी विद्रोह सुरु हुनेछ।

"त्यस बेला, जब 'गोलस सल्दाता' किन्ने नागरिकहरू र 'राबोचाया गाजेता' बेच्ने केटाहरू सडकमा गिरफ्तार हुँदै छन् पेत्रोग्रादको गैरिसन चुपचाप लागेर बस्न सक्दैन।

"आज प्रस्तावहरूमै सीमित रहने बेला छैन... ती व्यक्तिहरू, जसले क्रान्तिमाथि आफ्नो आस्था गुमाइसकेका छन्, पछि हटुन्... एक संयुक्त सत्ता स्थापना गर्नको लागि हामीले क्रान्तिको प्रतिष्ठा फर्काउनुपरेको छ।

"आउनोस्, हामी प्रतिज्ञा गरौँ, या त हामी क्रान्तिको रक्षा गर्नेछौँ, या त आफ्नो ज्यान दिनेछौँ!"

सम्पूर्ण हल ताली बजाउँदै उभिए। सबैका आँखा चम्किरहेका थिए। तर कतै एक जना पनि सर्वहारा देखिँदैनथ्यो।

त्यसपछि भैन्स्तेन बोल्न उभिए–

"जबसम्म उद्धार समितिको वरिपरि प्रबल जनमत देखा पर्ने छैन हामीले शान्त भएर बस्नु र कुनै पनि प्रकारको पाइला नचाल्नु नै बेस छ। तत्पश्चात् मात्र हामीले प्रतिरक्षाबाट आक्रमणमा सङ्क्रमण गर्न सक्नेछौँ।"

भिक्झेलको प्रतिनिधिले भने, उनको सङ्गठन नयाँ सरकार गठन गर्ने प्रश्नमा तत्परता देखाउँदै छ। यस सङ्गठनका प्रतिनिधिहरू यस सम्बन्धमा

---

*हेर्नोस् 'टिप्पणी र व्याख्याहरू'।

छलफल गर्न स्मोल्नी गइसकेका छन्... चर्को बहस सुरु भयो – बोल्शेभिक-हरूलाई नयाँ सरकारमा सामेल गराउने हो वा होइन? बोल्शेभिकहरूलाई नयाँ सरकारमा सामेल गराउनुपर्छ भन्ने मार्तोभको विचार थियो। उनले भने, जे भए तापनि बोल्शेभिकहरू एक महत्त्वपूर्ण राजनीतिक पार्टीको प्रतिनिधित्व गर्दछन् यस प्रश्नमा ठूलो मतभेद देखियो – दक्षिणपन्थी मेन्शे-भिकहरू तथा समाजवादी-क्रान्तिकारीहरूका साथै जन समाजवादीहरू, सह-कारी समितिहरू तथा बुर्जुवा गुटहरू बोल्शेभिकहरूलाई सरकारमा सामेल गराउने कुराको कट्टर विरोधी थिए...

एक जना वक्ताले भने, "उनीहरूले रसियाप्रति गद्दारी गरेका छन्। उनीहरूले गृहयुद्ध सुरु गरेका छन् र जर्मनहरूको लागि मोर्चाको ढोका खोलिदिएका छन्। बोल्शेभिकहरूलाई निर्ममतापूर्वक दबाउनुपर्छ..."

स्कोबेलेभले बोल्शेभिकहरू तथा कादेतहरू दुबैलाई मन्त्रिमण्डलमा गाभ्नु हुँदैन भन्ने विचार प्रकट गरे।

एक जना तन्नेरी समाजवादी-क्रान्तिकारीसँग हाम्रो कुराकानी चल्यो। चेरेतेली तथा अन्य सम्झौतापन्थीहरूले रसियाका जनवादी शक्तिहरूमाथि जबरजस्ती संयुक्त सरकार लाद्दा उनले बोल्शेभिकहरूसँगसँगै त्यस रात प्रजातान्त्रिक सम्मेलन परित्याग गरेका थिए।

"तपाईं यहाँ?" – मैले उनलाई सोधें।

उनका आँखामा बिजुली चम्कियो। "हो!" उनले कठोर स्वरमा उत्तर दिए। "बुधवार राती हाम्रो पार्टीले महाधिवेशन परित्याग गऱ्यो। यी जङ्-गलीहरूको अत्याचार सहन मैले बीस वर्षसम्म आफ्नो जीवन खतरामा पारेर काम गरेको होइन। यिनीहरूको तरिका असह्य छ। तर यिनीहरूले आफ्नो हिसाबमा किसानहरूमाथि ध्यान दिएका छैनन्। जब किसानहरू जुरमुराउनेछन्, यिनीहरू एक छिनमा खतम भइहाल्नेछन्।"

"तर किसानहरू मैदानमा उत्रिएलान् र? भूमिसम्बन्धी आज्ञप्तिले किसानहरूको समस्या समाधान गरेन र? यसभन्दा बढी उनीहरू चाहन्छन् नै के?"

"भूमिसम्बन्धी आज्ञप्ति रे!" – उनले झर्किंदै भने। "तपाईंलाई थाहा छ यो भूमिसम्बन्धी आज्ञप्ति के हो? यो **हाम्रो** आज्ञप्ति हो – यो समाज-वादी-क्रान्तिकारीहरूको कार्यक्रम हो, पूरै कार्यक्रम हाम्रो हो! मेरो पार्टीले स्वयम् किसानहरूको इच्छा गम्भीरतापूर्वक अध्ययन गरिसकेपछि यो नीति बनाएको हो। यो अति घृणित कुरा हो..."

"तर यदि यो तपाईंहरूको नीति हो भने तपाईंहरू फेरि किन विरोध गर्नुहुन्छ ? यदि यो किसानहरूकै इच्छाको अभिव्यक्ति हो भने उनीहरूले किन विरोध गर्लान् ?"

"तपाईं बुझ्नुहुन्न ! यो आज्ञप्ति उनीहरूको चालबाजी मात्रै हो, यी ठग-हरूले समाजवादी-क्रान्तिकारीहरूको कार्यक्रम चोरेका हुन् भन्ने कुरा किसानहरूले तुरुन्तै अन्दाज लगाइहाल्नेछन्, बुझ्नुभो ?"

मैले उनीसँग सोधें, कालेदिन आफ्नो सेना लिएर उत्तरतिर आउँदै छन् भन्ने कुरा साँचो हो कि होइन।

उनले सहमति जनाउँदै टाउको हल्लाए र एक कटु सन्तोषको भावनाले हात मल्दै भने, "साँचो हो, यी बोल्शेभिकहरूले कस्तो उधुम मच्चाएका छन् भन्ने कुरा अब तपाईं देख्नुहुन्छ। उनीहरूले प्रतिक्रान्तिलाई हाम्रो विरुद्ध भड्काएका छन्। क्रान्ति बरबाद भयो, हो बरबाद भइसकेको छ !"

"तर के तपाईंहरू क्रान्तिलाई बचाउन चाहनुहुन्न ?"

"अवश्य चाहन्छौं ! एक थोपा रगत बाँकी रहुञ्जेलसम्म पनि हामी क्रान्तिको लागि सङ्घर्षरत रहनेछौं। तर हामी कुनै पनि किसिमले बोल्शे-भिकहरूलाई सहयोग गर्न चाहन्नौं।"

"तर कालेदिनले पेत्रोग्रादमाथि हमला गरे भने र बोल्शेभिकहरूले शहरको रक्षा गर्न सङ्घर्ष गरे भने के तपाईंहरू उनीहरूलाई मदत गर्नु-हुन्न ?"

"अवश्य गर्दैनौं। हामी पनि शहरको रक्षा गर्नेछौं तर हामी बोल्शे-भिकहरूको समर्थन गर्दैनौं। कालेदिन क्रान्तिको शत्रु हो, तर बोल्शेभिकहरू पनि क्रान्तिका कम शत्रु होइनन्।"

"कालेदिन र बोल्शेभिकहरूमध्ये तपाईंहरू कसलाई रोज्नुहुन्छ ?"

"यो छलफलको विषय होइन !" उसले झर्किंदै जवाफ दियो। "म त भन्दै छु तपाईंलाई क्रान्ति बरबाद भइसक्यो र यसको लागि बोल्शेभिकहरू नै दोषी छन्। तर सुन्नोस्, किन हामी अहिले यी सबै कुरा गर्दै छौं ? केरेन्स्की आउँदै छन्... पर्सि हामी प्रत्याक्रमण सुरु गरिहाल्नेछौं... अहिले नै स्मोल्नीबाट हामीकहाँ प्रतिनिधिहरू आइसकेका छन् र एउटा नयाँ सरकार गठन गर्न आमन्त्रित गर्दै छन्। तर उनीहरू हाम्रो मुठीभित्र परिसकेका छन्, उनीहरू पूर्णतः नपुङ्सक छन्... हामी उनीहरूलाई कदापि सहायता गर्दैनौं।"

बाहिर सडकमा गोली चलेको आवाज सुनियो हामी झ्यालतिर दौडियौं।

भीडको झिँज्याइबाट दिक्क भएका एक जना लाल गार्डले गोली चलाएको रहेछ र एउटी युवटीको पाखुरामा गोली लागेछ। हामीले देख्यौँ, त्यस युवतीलाई बग्गीमा राख्दै थिए र बग्गीको वरिपरि एक उत्तेजित भीड जम्मा भएको थियो। भीडको कोलाहल घरभित्रसम्म सुनिन्थ्यो। म हेर्दै थिएँ, मिखाइलोभ्स्कीको कुनाबाट एउटा बख्तरबन्द गाडी देखा पर्‍यो। गाडीमा राखिएको मेसिनगनको नाली यताउता घुम्दै थियो। त्यो गाडी देखा पर्नासाथ भीड तितरबितर भइहाल्यो, जसरी पेत्रोग्रादमा यस्तो अवस्थामा प्रायजसो हुनेगर्छ। कोही चुपचाप सडकमा तेर्सिए भने, कोही नाला र खाडलहरूमा एकमाथि अर्को चढ्न थाले, कोही टेलिफोनका खम्बाहरूको पछाडि लुके। त्यो गाडी बिस्तारै दुमा भवनको सिँढीसम्म पुग्यो र एक जना व्यक्तिले गाडीबाट टाउको निकालेर 'सल्दात्स्की गोलस'का सबै प्रतिहरू उनलाई सुम्पने माग गरे। बालस्वयंसेवकहरू उनलाई जिस्क्याउँदै घरभित्र पसे। एक छिनसम्म अन्ययनस्क भावले यताउता गरिसकेपछि त्यो गाडी नेभ्स्की मार्गतिर लाग्यो। गाडी नदेखिने भएपछि सयौँ नारीपुरुषहरू उभिए र लुगाको धूलो टकटक्याउन थाले...।

दुमा भवनभित्र 'सल्दात्स्की गोलस'का बन्डल बोकेका मानिसहरू यताउता दौड्दै थिए र ती पोकाहरू लुकाउने ठाउँ खोज्दै थिए...।

एक जना पत्रकार दौड्दै कोठाभित्र पस्यो। उसको हातमा एउटा पर्चा थियो। ऊ त्यो पर्चा हल्लाउँदै थियो।

"क्रास्नोभको घोषणा ल्याइपुर्‍याए!" उसले चिच्च्याउँदै भन्यो। चारैतिरबाट मानिसहरूले उसलाई घेरे र भन्न थाले, "यो घोषणा छपाई हाल्नोस्, तुरुन्तै छपाई हाल्नोस् र ब्यारेकहरूमा पुर्‍याउनोस्!"

"प्रधान सेनापतिको आज्ञाअनुसार म पेत्रोग्रादमा एकत्रित सेनाको कमान्डर नियुक्त भएको छु।

"नागरिकहरू, सिपाहीहरू, वीर कजाकहरू—दोन प्रदेशवासीहरू, कुबानवासीहरू, बैकालपारिका, आमुर र येनिसेई क्षेत्रका बासिन्दाहरू, तपाईंहरू सबैसँग, जो आफ्नो प्रतिज्ञाप्रति निष्ठावान् हुनुहुन्छ, म अपिल गर्दछु, तपाईंहरूसँग, जसले आफ्नो कजाक शपथलाई अटल र अडिग रूपमा पालना गर्ने प्रतिज्ञा गर्नुभएको छ, म आह्वान गर्दछु, तपाईंहरू पेत्रोग्रादलाई अराजकताबाट, अनिकालबाट, अत्यचारबाट बचाउनोस्, सम्राट् विल्हेल्मको इच्छा र पैसामा चलेका मुठीभर अज्ञानी तथा अनपढ मानिसहरूले रसियाको निधारमा जुन कलङ्कको टीका लगाउने प्रयास गर्दै छन्,

त्यो असफल पार्नोस्, महान् मार्च क्रान्तिका दिनहरूमा, जुन अस्थायी सरकारप्रति निष्ठावान रहने तपाईंहरूले प्रतिज्ञा गर्नुभएको थियो, त्यो सरकार अझै अपदस्थ भएको छैन, तर त्यस सरकारलाई बलात् त्यस ठाउँबाट हटाइएको छ, जहाँ यसका बैठकहरू हुने गर्दथे। अब यो सरकार आफ्नो कर्तव्यप्रति निष्ठावान् मोर्चास्थित महान् सेनाको सहायताबाट फर्कंदै छ।

"कजाक सेनाहरूको परिषद्ले समस्त कजाकहरूलाई ऐक्यबद्ध तुल्याएको छ र आज कजाकहरू आफ्नो मनोबलबाट शक्ति ग्रहण गर्दै र सम्पूर्ण रूसी जनताको इच्छाअनुसार त्यस्तै किसिमले मातृभूमिको सेवामा कटिबद्ध छन्, जसरी उनीहरूका पूर्वजहरूले सन् १६१२ का अशान्त घडीमा आफ्नो मातृभूमिको सेवा गरेका थिए, जब दोन प्रदेशका कजाकहरूले स्वेडिश, पोल र लिथुआनियाली सेनाहरूको घेरामा परेको र विवादले छियाछिया पारेको मास्कोलाई बचाएका थिए। (तपाईंहरूको सरकारले अझै आफ्नो अस्तित्व गुमाएको छैन . . .)*

"हाम्रो कर्तव्यपरायण सेना यी अपराधीहरूलाई घृणा र चिन्ताको दृष्टिले हेर्दछ। लुटपाट, हत्या र दमनको जुन आतङ्क यिनीहरूले फैलाएका छन्, पराजित तर अझै घुँडा टेक्न तयार नभएको रसियाप्रति यिनीहरूले जुन विशुद्ध जर्मन व्यवहार गरेका छन्, त्यसले सम्पूर्ण जनतालाई नै उनीहरूबाट विमुख तुल्याएको छ।

"नागरिकहरू, सिपाहीहरू, पेत्रोग्राद गैरिसनका वीर कजाकहरू, तपाईंहरू आफ्ना प्रतिनिधिहरू मकहाँ पठाउनोस्, जसले गर्दा म थाहा पाउन सक्छु, कसले राष्ट्रप्रति गद्दारी गर्दै छ र कसले गरेका छैन, जसले गर्दा निर्दोष मानिसहरूको रगत नबगोस्।"

प्रायः त्यसै बेला लाल गार्डहरूले दुमा भवन घेरे भन्ने खबर फैलियो। पाखुरामा रातो पट्टा बाँधेको एक जना अफिसर भित्र पसे र उनले भने, उनी मेयरसँग भेट गर्न चाहन्छन्। केही बेरपछि उनी फर्के र बूढो श्रेइदेर रातो मुख लाउँदै आफ्नो कार्यालयबाट निस्के।

"दुमाको विशेष बैठक डाक्नुपर्‍यो," उनी चिच्च्याए। "अहिल्यै, तुरुन्तै!"

---

*कोष्ठचिन्हभित्रका यी शब्दहरू समाचारपत्रहरूमा प्रकाशित खबरहरूमा थिएनन्। — सं०

ठूलो हलमा जुन बैठक चल्दै थियो, त्यो बैठक स्थगित गरियो। "दुमाका सबै सदस्यहरू विशेष अधिवेशनको लागि पाल्नोस्!"

"के भयो?"

"थाहा छैन... हामीलाई गिरफ्तार गर्न चाहन्छन्!... दुमा भङ्ग गर्न चाहन्छन्... दुमाको ढोकाअगाडि दुमाका सबै सदस्यहरूलाई गिरफ्तार गर्न चाहन्छन्..." यस्तै उत्तेजित टीका-टिप्पणी हुँदै थिए।

निकोलाइ हलमा उभिने सम्मपनि ठाउँ थिएन। मेयरले घोषणा गरे, दुमा भवनका सबै ढोकाहरूमा सिपाहीहरूले पालो दिँदै छन्, उनीहरूले कसैलाई बाहिर निस्कन अथवा भित्र पस्न दिने छैनन्। एक जना कमिसारले नगर दुमा भङ्ग गर्ने र यसका सदस्यहरूलाई गिरफ्तार गर्ने धम्की दिएर गएको छ। मञ्चबाट मात्र नभएर स्रोताहरूको तर्फबाट पनि अति उत्तेजित भाषणहरू भए। उनीहरूले भने, स्वतन्त्र रूपमा निर्वाचित नगर प्रशासन भङ्ग गर्ने अधिकार सरकारलाई छैन; मेयर तथा दुमाका अन्य सदस्यहरूको व्यक्तिगत स्वतन्त्रता अनुल्लनङ्घनीय छ; हत्याराहरू, जासुसहरू र जर्मन दलालहरूले कदापि मान्यता पाउन सक्दैनन्; जहाँसम्म दुमा भङ्ग गर्ने धम्कीको प्रश्न छ, उनीहरूले एक पटक प्रयास त गरुन्, हाम्रो लाशमा टेकेर मात्र उनीहरू यस हलभित्र पस्न सक्नेछन्, प्राचीन रोमन सिनेटरहरूले गोथहरूको प्रतिक्षा गरेजस्तै हामी आफ्नो मर्यादा र आत्मसम्मानलाई कायम राख्दै यहाँ उनीहरूको प्रतिक्षा गर्नेछौं...।

प्रस्ताव—सम्पूर्ण रसियाभरिका नगर दुमाहरू तथा जेम्स्तभोहरूमा यस घटनाबारे टेलिग्राम पठाइयोस्...। अर्को प्रस्ताव—मेयर अथवा दुमाका अध्यक्षले सैनिक क्रान्तिकारी समितिका प्रतिनिधिहरू अथवा तथाकथित जन कमिसार परिषद्सँग कुनै पनि प्रकारको सम्बन्ध स्थापित गर्नु असम्भव कुरा हो। तेस्रो प्रस्ताव—पेत्रोग्रादका जनताको नाममा एउटा अर्को अपिल जारी गरियोस्, जसमा आफ्नो निर्वाचित नगर प्रशासनको रक्षाको लागि उभिने आह्वान गरियोस्। एउटा अर्को प्रस्ताव—दुमाको अधिवेशन लगातार चलिरहनुपर्छ...

त्यसै बेला दुमाका एक जना सदस्यले सूचित गरे—उनले स्मोल्नीमा फोन गरेका थिए र सैनिक क्रान्तिकारी समितिले भनेको छ—दुमाको घेराबन्दीको लागि कुनै आदेश दिइएको छैन र दुमा भवनबाट सैनिकहरू हटाइनेछन्।

हामी सिंढीबाट तल झर्दै थियौं, रेजानोभ सामुन्नेको ढोकाबाट हतारिँदै भित्र पसे। उनी अति उत्तेजित देखिन्थे।

"के तपाईंहरू दुमा भङ्ग गर्न चाहनुहुन्छ?" मैले सोधें।

"हे भगवान के कुरा गर्नु भएको? अवश्य चाहन्नौं।" उनले जवाफ दिए। "पूरै गलतफहमी हो। मैले आज बिहान मात्रै मेयरलाई भनेको थिएँ, दुमालाई कसैले छुने छैन।"

साँझको धमिलो प्रकाशमा देखिन्थ्यो—नेभ्स्की मार्गतिरबाट साइकल-सवारहरूको एउटा लामो दोहरो पङ्क्ति आउँदै थियो। उनीहरूको काँधमा बन्दुक झुण्डिएको थियो। उनीहरू थामिएपछि भीडले उनीहरूलाई घेरे र एकपछि अर्को प्रश्न सोध्न थाले—

"तपाईंहरू को? कहाँबाट आउनुभएको?" दाँतले सिगार च्याप्दै एक जना मोटो बूढोले सोध्यो।

"हामी मोर्चाबाट आएका, बार्‍हौं सेनाबाट। हामी चाण्डाल बुर्जुवा-हरूबाट सोभियतहरूको रक्षा गर्न आएका"।

"ए, त्यसो पो रहेछ!" चारैतिरबाट क्रुद्ध टीका-टिप्पणीहरू सुनिए, "बोल्शेभिक हत्याराहरू! बोल्शेभिक कजाकहरू!"

छालाको कोट लगाएको एक जना होचो कदको अफिसर दौड्दै सिँढी-बाट ओर्ल्यो।

"गैरिसन अनकनाउँदै छ!" उनले मसँग कानेखुसी गर्दै भने। "यो बोल्शेभिकहरूको अन्त्यको सुरुआत हो। हावा कतातिर चल्दै छ, थाहा पाउन चाहनुहुन्छ, आउनोस्, मसँग!" उनी मिखाइलोभ्स्की मार्गतिर लागे, हामी उनको पछिपछि लाग्यौं।

"कुन रेजिमेन्ट हो?"

"ब्रोनेभिकहरू"... वास्तवमा अवस्था जटिल थियो। ब्रोनेभिकहरू बख्तरबन्द मोटर गाडीवाला रेजिमेन्ट थिए र वास्तवमा नै स्थितिको कुञ्जी उनीहरूको हातमा थियो। जसको हातमा ब्रोनेभिकहरू थिए, सम्पूर्ण शहर पनि उनीहरूकै हातमा छ भन्ने ठाने हुन्छ। "उद्धार समितिका तथा दुमा-का कमिसारहरूले उनीहरूसँग कुराकानी गरे। अहिले निर्णय गर्नको लागि उनीहरू भेला भएका छन्..."

"के कुरा निर्णय गर्ने? कसको पक्षमा लड्ने भन्ने कुरा निर्णय गर्ने?"

"होइन, होइन! यसरी पनि कहिँ काम हुन्छ र। उनीहरूले बोल्शे-भिकहरूको विरुद्ध कदापि हतियार उठाउने छैनन्। उनीहरूले तटस्थ रहने निर्णय गर्नेछन्, अनि त युङ्केरहरू र कजाकहरूले..."

मिखाइलोभ्स्की अश्वारोहण पाठशालाको विशाल भवनको ढोका खुला

थियो। दुई जना प्रहरीले हामीलाई रोक्ने प्रयास गरे, तर उनीहरूको क्रुद्ध आवाजको वास्ता नगरी हामी हतारहतार भित्र पस्यौं। भित्र विशाल हलमा माथि छानामा झुण्डिएको एउटै मात्र बत्तीबाट मधुरो प्रकाश आइरहेको थियो। हलका खम्बाहरू र झ्यालहरू अँध्यारोमा बिलाए जस्तो लाग्थ्यो। त्यहाँ राखिएका बख्तरबन्द गाडीहरूका भयङ्कर आकृतिहरू अस्पष्ट थिए। अरूबाट बेग्लै एउटा गाडी हलको बीचमा आर्क-बत्तीमुनि राखिएको थियो र त्यस गाडीको चारैतिर खैरो बर्दी लगाएका करिब दुई हजार सैनिकहरू भेला भएका थिए। त्यस विशाल भवनमा उनीहरूको सङ्ख्या अति कम लाग्दथ्यो। लगभग एक दर्जन मानिस—अफिसर, सैनिक समितिका सभापति तथा वक्ता गाडीको छतमा उभिएका थिए र गाडीको बीच भागमा उभिए-को एक जना सिपाही बोल्दै थिए। उनी त्यही खाँझोनोभ थिए, जो गत गृष्ममा सम्पन्न बख्तरबन्द टुकडीहरूको अखिल रसियाली महाधिवेशनका अध्यक्ष थिए। छालाको कोट लगाएका, जसमा लप्टनको बिल्ला थियो, सुन्दर एकोहरो शरीर भएको ती व्यक्ति तटस्थताको समर्थनमा धाराप्रवाह भाषण गर्दै थिए।

"रूसीहरूको लागि आफ्नै रूसी दाजुभाइहरूको हत्या गर्नु एक भयङ्कर अपराध हो", उनी भन्दै थिए। "जुन सिपाहीहरूले काँधमा काँध मिलाएर जारको विरुद्ध सङ्घर्ष गरेका थिए र ती लडाइँहरूमा विदेशी शत्रुलाई परा-जित गरेका थिए, जुन इतिहासमा सदैव अङ्कित रहनेछ, उनीहरूको बीच कदापि गृहयुद्ध हुनुहुँदैन! हामी सैनिकहरूलाई यी राजनीतिक पार्टीहरूको झगडासँग के वास्ता? म तपाईंहरूलाई भन्न चाहन्न, अस्थायी सरकार प्रजा-तान्त्रिक सरकार थियो; हामी बुर्जुवावर्गसँग मेलमिलाप गर्न चाहन्नौं, कदापि चाहन्नौं। तर हामीलाई एक संयुक्त जनवादी सरकार अवश्य चा-हिएको छ, अन्यथा रसिया बरबाद हुनेछ! यदि यस्तो सरकार स्थापित भएको खण्डमा गृहयुद्ध अनावश्यक ठहरिनेछ, बन्धुहत्या अनावश्यक ठहरि-नेछ।"

यो कुरा सबैलाई सही लाग्यो। त्यस विशाल हलमा सम्मतिसूचक टिप्पणी-हरू सुनिए र तालीको गडगडाहट गुञ्जियो।

एक जना सिपाही बोल्नको लागि गाडीमा चढे। उनी निकै थकित र उत्तेजित देखिन्थे। "साथीहरू!" उनले चर्को स्वरमा भने, "म रूमेनि-याली मोर्चाबाट आएको हुँ र म तपाईंहरूसमक्ष निम्न सन्देश लिएर आएको छु—हामीलाई शान्ति चाहिएको छ र अविलम्ब चाहिएको छ! जसले

हामीलाई शान्ति प्रदान गर्न सक्दछ, चाहे ती बोल्शेभिकहरू हुन् अथवा कुनै अर्को नयाँ सरकार, हामी उनीहरूकै पछि लाग्नेछौं। हामीलाई शान्ति चाहिएको छ! मोर्चामा हामीसँग अरू बढी लडाइँ गर्ने शक्ति छैन। हामी न जर्मनहरूसँग, न त रूसीहरूसँग नै लडाइँ गर्न चाहन्छौं...।" यति भनेर उनी गाडीबाट ओर्ले। एक गुनगुनाहट सुनियो मानौं त्यो क्षुब्ध, उत्ते-जित भीड पीडाले क्रन्दन गर्दै छ। तर जब त्यस सिपाहीपछि एक मेन्शेभिक **आबारोनेचले** मित्रराष्ट्रहरूले विजय प्राप्त नगरून्जेलसम्म लडाइँ चालू रहनुपर्छ भन्नेजस्तो केही कुरा गर्न थालेका थिए भीडमा रोषको लहर फैलि-यो।

"तपाईं त केरेन्स्कीको भनाइ दोहोर्‍याउँदै हुनुहुन्छ!" एउटा चर्को स्वर सुनियो।

दुमाका एक प्रतिनिधिले तटस्थताको पक्षमा बोले। सिपाहीहरूले उनको कुराचाहिँ सुने तर बडबडाउँदै थिए, वक्ता उनीहरूको लागि पराइ मान्छे हुन् भन्ने कुरा उनीहरू स्पष्ट रूपमा अनुभव गर्दै थिए। कुरा बुझ्न, यति प्रयत्नशील, कुनै निर्णयमा पुग्न यति प्रयत्नशील मानिसहरू मैले अगि कहिल्यै देखेको थिइन। उनीहरू निश्चल भावले वक्ताहरूतिर एकटकले हेर्दै थिए— उनीहरूको दृष्टिमा एक प्रकारको भयङ्कर स्थिरता थियो, सोच्ने प्रयासमा उनीहरूको निधार खुम्चिएको थियो र पसिनाका थोपाहरू देखिन्थे। यी भीम-काय मानिसहरूको आँखा निर्दोष बच्चाहरूको जस्तो निश्छल र स्वच्छ थिए, उनीहरूको अनुहार कुनै प्राचीन महाकाव्यका शूरवीरहरूकै जस्तो देखि-न्थ्यो...

अब उनीहरूको आफ्नै मान्छे—एक जना बोल्शेभिक बोल्दै थिए। उनी बडो जोशले बोल्दै थिए र उनको भनाइमा घृणाको आभाश पाइन्थ्यो। उनको कुरा उनीहरूलाई अरूको भन्दा बढी मन परेन। त्यस बेला उनी-हरूको मनोभाव अर्कै थियो। यस बेला उनीहरू विचारको सामान्य प्रवाह-भन्दा माथि उठिसकेका थिए, उनीहरू रसियाबारे, समाजवादबारे, सम्पूर्ण विश्वबारे सोच्दै थिए, मानौं क्रान्ति जीवित रहने हो वा बरबाद हुने हो भन्ने प्रश्न पूर्णतः उनीहरूमाथि निर्भर छ।

एकपछि अर्को वक्ताले बोल्दै गए, तनाउपूर्ण सन्नाटाको वातावरणमा यो बहस चल्दै थियो, मानिसहरू कहिले आफ्नो सहमति जनाउँदै ताली बजाउँदथे, त कहिले क्रुद्ध स्वरहरू सुनिन्थे, तर विवादको विषय एउटै थियो— विद्रोहमा भाग लिने हो वा होइन? फेरि उही प्रभावशाली तथा

मृदु भाषी खाँझोनोभ बोल्दै थिए। तर उनले शान्ति, शान्ति भनेर जतिसुकै चिच्च्याए पनि उनी त अखिर अफिसर नै ठहरिए, आबारोनेच नै ठहरिए। उनीपछि भासीलेभ्स्की ओस्त्रभका एक जना मजदुरले बोल्न सुरु गरे। "**तपाईं** मजदुरहरू हामीलाई शान्ति प्रदान गर्न सक्नुहुन्छ?" जस्ता प्रश्नहरूद्वारा उनको स्वागत गरियो। हाम्रो नजिकै केही मानिसहरू उभेका थिए, त्यहाँ मुख्यतया अफिसरहरू नै थिए। कसैले तटस्थताको पक्षमा बोल्यो भने उनीहरू ताली बजाउँदै स्वागत गर्दथे। उनीहरू बारम्बार चिच्च्याइरहेका थिए "खाँझोनोभ! खाँझोनोभ!" बोल्शेभिकहरूले बोल्दा उनीहरू सिटी बजाउँदै उनीहरूको अपमान गर्दथे।

गाडीको छतमा उभेका सैनिक समितिका सदस्यहरू र अफिसरहरूले अकस्मात् हात हल्लाउँदै चर्काचर्की बहस गर्न थाले। चारैतिरबाट स्रोताहरू चिच्च्याउन थाले, के भयो? के भयो? त्यो विशाल जनसमुदाय चलमलायो। एक जना सिपाहीले, जसलाई एउटा अफिसरले रोक्ने प्रयास गर्दै थियो, उसको पञ्जाबाट मुक्त भएपछि आफ्नो हात उठायो।

"साथीहरू!" उसले चर्को स्वरमा भन्यो। "कमरेड क्रिलेन्को यहाँ आउनुभएको छ र हामीसँग कुरा गर्न चाहनुहुन्छ"। हलमा हल्ला मच्चियो, कसैले सिटी बजाउन थाले भने कोही चिच्च्याउन थाले "**प्रोसिम! प्रोसिम**" ("बोल्नोस्! बोल्नोस्!") "**दालोइ!**" ("मुर्दाबाद!") यस सम्पूर्ण होहल्लाबीच सैनिक मामिलासम्बन्धी जन कमिसार गाडीको छतमा चढे। गाडीमा चढ्न उनलाई मानिसहरूले सहायता गरे, कसैले माथिबाट ताने भने अरूले तलबाट घचेटे। छतमा पुगेपछि उनी एक छिन थामिए र रेडियेटरतिर गएर उभिए। उनले दुवै हात कमरमा राखेर मुस्कुराउँदै चारैतिर हेरे। दुब्लोपातलो, होचो कदको यस व्यक्तिले टोपी लगाएका थिएनन् र उनको वर्दीमा सैनिक बिल्ला थिएन।

मेरो नजिकै उभिएको जमातले "खाँझोनोभ! खाँझोनोभलाई बोल्न दिनोस्! क्रिलेन्को मुर्दाबाद! गद्दार क्रिलेन्को! उसलाई बोल्न नदिनोस्!" जस्ता नाराहरू लगाउन थाले। हलमा खलबली मच्चियो र धेरै हल्ला हुन थाल्यो। अनि कुनै पर्वतबाट हिउँ ओइरिए झैँ हट्टाकट्टा, काला आँखीभौँ भएका ती मानिसहरूको भीड बिस्तारै हामीतिर बढ्न् थाल्यो।

"हाम्रो सभा खलबल्याउने को हो?" उनीहरू चिच्च्याउँदै थिए। "सिटी बजाउने को हो?" हाम्रो नजिकै भेला भएको त्यो जमात चुपचाप

तितरबितर भयो र उनीहरूले कसरी कुलेलम ठोके भने फेरि त्यहाँ देखा परेनन्।

"कमरेड सैनिकहरू!" थकाइले गर्दा धोत्रिएको स्वरमा क्रिलेन्कोले आफ्नो भाषण सुरु गरे। "म क्षमाप्रार्थी छु, म तपाईंहरूको अगाडि अहिले राम्ररी भाषण गर्न सक्दिन, चार रातदेखि मैले सुत्न पाएको छैन...

"मैले तपाईंहरूलाई भनिरहनुपर्दैन, म पनि एक जना सिपाही नै हुँ। मैले तपाईंहरूलाई भनिरहनुपर्दैन, म पनि शान्ति चाहन्छु। म तपाईंहरूलाई जे कुरा भन्न चाहन्छु, त्यो के हो भने मजदुर तथा सैनिकहरूको क्रान्तिमा सफल बोल्शेभिक पार्टीले तपाईंहरू र अन्य सबै ती वीर साथीहरूको मदत-बाट, जसले रक्तपिपासु बुर्जुवावर्गलाई सदाको लागि सत्ताबाट हटाइदिएको छ, सबै जनताहरूलाई शान्ति प्रदान गर्ने वचन दिएको थियो र त्यो वचन पूरा गरिएको छ, आजै पूरा भइसकेको छ!" करतल ध्वनिले ताली बज्यो।

"तपाईंहरूलाई तटस्थ बस्ने अनुरोध गरिँदै छ, त्यस बेला तटस्थ बस्ने अनुरोध गरिँदै छ, जब युङ्केरहरू र मृत्यु बटालियनहरूले, जो कहिल्यै तटस्थ बसेनन्, सडकमा हामीमाथि गोली चलाउँदै छन् र पेत्रोग्रादमा केरे-न्स्कीको अथवा हुन सक्दछ त्यसै दलका अन्य कुनै डाँकाको सत्ता फर्काउने प्रयास गर्दै छन्। दोनबाट कालेदिन लम्किसकेका छन्। मोर्चातिरबाट केरे-न्स्की हिंडिसकेका छन्। अगस्तको आफ्नो प्रयास दोहो-याउन कर्निलोभ तेकिनेचहरूलाई भड्काउँदै छन्। यी सबै मेन्शेभिकहरू र समाजवादी-क्रान्ति-कारीहरू, जो आज तपाईंहरूलाई गृहयुद्ध रोक्ने आह्वान गर्दै छन्, के उनीहरूले त्यही गृहयुद्धद्वारा नै आफ्नो सत्ता कायम राखेका थिएनन् र, जुन गृहयुद्ध गत जुलाईदेखि लगातार चल्दै छ र जुन गृहयुद्धमा उनीहरूले निरन्तर बुर्जुवावर्गको पक्षपात गर्दै आएका थिए, जस्तो आज पनि उनीहरू गर्दै छन्?

"यदि तपाईंहरूले आफ्नो विचार बनाइसक्नुभएको छ भने कसरी म तपाईंहरूलाई जबरजस्ती गर्न सक्छु र? समस्या अत्यन्त स्पष्ट छ। एकातिर केरेन्स्की, कालेदिन र कर्निलोभ छन्, मेन्शेभिकहरू, समाजवादी-क्रान्तिकारी-हरू, कादेतहरू, नगर दुमाहरू, अफिसरहरू छन्... उनीहरू हामीलाई भन्दछन्, उनीहरूको उद्देश्य अति राम्रो छ। अर्कोतिर मजदुरहरू, सैनिक-हरू, नौसैनिकहरू, गरिब किसानहरू छन्। सरकार तपाईंहरूको हातमा छ। तपाईंहरू नै स्वामी हुनुहुन्छ। विशाल रसियाका हर्ताकर्ता तपाईंहरू नै हुनु-हुन्छ। के तपाईंहरू आफ्नो अधिकार छोड्न चाहनुहुन्छ?"

क्रिलेन्को मात्र आफ्नो इच्छाशक्तिको बलमा बोल्दै थिए भन्ने कुरा स्पष्ट थियो र उनले बोल्दै गएअनुसार उनको थकित, क्लान्त स्वरको विपरीत उनका शब्दहरूमा जुन गहन, सत्य भावना थियो, त्यो बढी मात्रामा प्रकट हुँदै गयो। भाषण पूरा भएपछि उनी लरखराए। यस बेला सयौं हातहरूले उनलाई सहारा दिएर तल ओर्लन मदत नगरेका भए, शायद उनी लड्थे होलान्। जुन मेघगर्जनद्वारा उनको भाषणको स्वागत गरियो, त्यो विशाल धमिलो हलको कुनाकुनाबाट प्रतिध्वनित भयो।

खाँझोनोभले फेरि बोल्ने प्रयास गरे, तर मानिसहरू "भोट लेऊ! भोट लेऊ!" भनेर चिच्च्याउन थाले। अन्त्यमा केही नलागेर उनले प्रस्ताव पढे— **ओनेभिकहरू** सैनिक क्रान्तिकारी समितिबाट आफ्ना प्रतिनिधिहरू फिर्ता डाक्दै छन् र वर्तमान गृहयुद्धमा आफ्नो तटस्थताको घोषण गर्दछन्।

जो यस प्रस्तावको पक्षमा छन् उनीहरू दाहिनेतिर उभिनेछन् र जो विरोधी छन्, देब्रेतिर उभिनेछन्। मानिसहरू हिचकिचाए, तर केही क्षणको निस्तब्ध प्रतीक्षापश्चात् त्यो भीड हतारहतार, एक अर्कामाथि लोट्दै देब्रेतिर दौड्न थाल्यो। त्यस मद्धिम प्रकाश र हिलोमा सयौं हट्टाकट्टा सिपाहीहरूको त्यो विशाल जनपुञ्ज एकै झुण्डमा एकातिरबाट अर्कोतिर अर्थात् देब्रेतिर लागे। हाम्रो नजिकै उभेका झण्डै पचास व्यक्ति, जो प्रस्तावको समर्थन गर्न तत्पर थिए, एक्लै परे र जब गगनभेदी जयघोषले छाना नै फोडला जस्तो भएको थियो, ती बचेखुचेका मानिसहरू पछाडि फर्के र हतारहतार बाहिर निस्के, जसमध्ये कतिपय क्रान्तिबाट नै...

कल्पना गर्नोस्, यस्तै सङ्घर्ष शहरको प्रत्येक ब्यारेकमा, प्रत्येक जिल्ला-मा, समस्त मोर्चामा, सम्पूर्ण रसियाभरि नै चल्दै थियो! कल्पना गरेर हेर्नोस्, क्रिलेन्कोजस्तै कयौं रातसम्म नसुतेका मानिसहरू रेजिमेन्टहरू कता लाग्ने हुन् हेर्दै छन्, एक ठाउँबाट अर्को ठाउँमा दौड्दै छन्, बहस गर्दै छन्, धम्की दिँदै छन्, अनुनयविनय गर्दै छन्! अनि कल्पना गरेर हेर्नोस् यही प्रक्रिया प्रत्येक ट्रेड युनियनको प्रत्येक स्थानीय शाखामा, कारखानाहरूमा, गाउँहरूमा र टाढा टाढासम्म फैलिएका रूसी बेडाहरूका सामरिक जहाज-हरूमा दोहोरिँदै थियो। एक पटक कल्पना गरेर हेर्नोस् यस विशाल देशको एक कुनाबाट अर्को कुनासम्म, सबै ठाउँमा, लाखौंलाख रूसी नागरिकहरू— मजदुरहरू, किसानहरू, सैनिकहरू, नौसैनिकहरू—वक्ताहरूतिर एकटकले हेर्दै छन्, उनीहरूको कुरा ध्यानपूर्वक सुन्दै छन् र बुझ्ने प्रयास गर्दै छन्,

कुन बाटो रोज्ने हो भन्ने निर्णय गर्न चाहन्छन् र अन्त्यमा यस प्रकारले सर्वसम्मतिद्वारा निर्णय गर्दै छन्। यस्तै थियो रूसी क्रान्ति...

उता स्मोल्नीमा नयाँ जन कमिसार परिषद् पनि चुप लागेर बसेको थिएन। परिषद्को पहिलो आज्ञप्ति, जुन त्यही राती हजारौंको सङ्ख्यामा शहरमा बाँडिनुपर्थ्यो र जसका ठूलठूला बन्डलहरू प्रत्येक रेलगाडीमा राखेर दक्षिण र पूर्वतिर पठाउनु थियो, छापिँदै थियो।

किसान प्रतिनिधिहरूको सहभागितासहित मजदुर तथा सैनिक प्रतिनिधिहरूको अखिल रसियाली महाधिवेशनद्वारा निर्वाचित रसियाली गणतन्त्रको सरकारको नामबाट जन कमिसार परिषद् आज्ञप्ति जारी गर्दछ –

"१) संविधान सभाको चुनाव पूर्वनिर्धारित मितिमा अर्थात् १२ नोभेम्बरको दिन नै सम्पन्न हुनेछ।

२) सबै चुनाव आयोगहरूले, स्थानीय स्वशासन निकायहरूले, मजदुर, सैनिक तथा किसान प्रतिनिधिहरूका सोभियतहरूले तथा मोर्चाहरूका सैनिक सङ्गठनहरूले निर्धारित मितिमा स्वतन्त्र तथा स्वस्थ तरिकाले संविधान सभाको चुनाव गराउन सम्पूर्ण प्रयास गरून्।"

नगरपालिका भवनमा बडो जोडतोडले दुमाको अधिवेशन चल्दै थियो। हामी भित्र पस्दा गणतन्त्र परिषद्का एक सदस्य बोल्दै थिए। उनी भन्दै थिए, परिषद् आफूलाई भङ्ग गरिएको ठान्दैन, मात्र के हो भने जबसम्म एक नयाँ सभा-भवन उपलब्ध हुँदैन, यो आफ्नो क्रियाकलाप जारी राख्न असमर्थ छ। यसबीच परिषद्को वयोज्येष्ठ आयोगले सामूहिक रूपमा उद्धार समितिमा प्रवेश गर्ने निश्चय गरेको छ... प्रसङ्गवश भनिहालौं, इतिहासमा रसियाली गणतन्त्र परिषद्बारे यो अन्तिम उल्लेख थियो।

तत्पश्चात् मन्त्रालयहरू, भिक्झेल, हुलाक-आकाशवाणी युनियनका प्रतिनिधिहरू पालोपालो गर्दै मञ्चमा आए र फेरि पनि दोहोऱ्याए, उनीहरू बोल्शेभिक बलाद्ग्राहीहरूको लागि कदापि काम गर्न तयार छैनन्। शिशिर प्रासादमा उपस्थित एक जना युङ्केरले आफ्नो र आफ्ना साथीहरूको वीरता र लाल गार्डहरूको अपमानजनक व्यवहारबारे एक अतिरञ्जित कथा सुनाए

र मानिसहरूले आँखा चिम्लेर यस कथामा विश्वास गरे। एक व्यक्तिले समाजवादी-क्रान्तिकारी समाचारपत्र 'नारोद'मा छापिएको एउटा विवरण पढेर सुनाए, जसमा शिशिर प्रासादमा पुऱ्याइएको क्षति पूरा गर्न पचास करोड रूबल लाग्नेछ भन्ने कुरा उल्लेख गरिएको थियो र त्यहाँ भएको लुटपाट र तोडफोडबारे विस्तृत वर्णन गरिएको थियो।

बीचबीचमा सन्देशवाहकले टेलिफोनबाट प्राप्त समाचार लिएर आउँथ्यो। चार जना समाजवादी मन्त्रीहरू जेलबाट छुटे। क्रिलेन्कोले पेत्रोपाभ्लोभ्स्काया किल्लामा गएर एडमिरल भेर्देरेभ्स्कीलाई भने, नौसेना मन्त्रीले आफ्नो पद त्यागेका छन्, त्यसै कारणले जन कमिसार परिषद्ले क्रिलेन्कोलाई भेर्देरेभ्स्कीसँग रसियाको भविष्यको लागि उनले नौसेना मन्त्रालयको सञ्चालन आफ्नो हातमा लिउन् भन्ने अनुरोध गर्न पठाएको छ। बयोवृद्ध नौसैनिक सहमत भए... केरेन्स्की गात्चिनाबाट उत्तरतिर बढ्दै छन् र बोल्शेभिक गैरिसनहरू पछि हट्दै छन्। स्मोल्नीबाट एउटा अर्को आज्ञप्ति जारी गरियो, जसद्वारा खाद्य सामग्रीहरूको परिपूर्तिको प्रश्नमा नगर दुमाहरूको अधिकार बढाइएको थियो।

यस सन्देशलाई त्यहाँ भेला भएका मानिसहरूले धृष्टताको रूपमा लिए र उनीहरूको क्रोधको सीमा रहेन। यो लेनिन, बलाद्ग्राही र अत्याचारी लेनिन, जसका कमिसारहरूले नगरपालिकाको ग्यारेज कब्जा गरे, नगरपालिकाका गोदामहरूमा प्रवेश गरे र सम्भरण समितिहरूको काममा र खाद्य सामग्रीहरूको वितरण कार्यमा हस्तक्षेप गरे, — यस लेनिनलाई स्वतन्त्र, स्वाधीन स्वायत्त नगर प्रशासनका अधिकारहरूको सीमा तोक्ने हिम्मत! एक जना दुमा सदस्यले घुस्सा देखाउँदै प्रस्ताव राख्यो, यदि बोल्शेभिकहरूले सम्भरण समितिको काममा हस्तक्षेप गर्ने आँट गरे भने शहरमा खाद्य सामग्रीको वितरण नै बन्द गरिनेछ... अर्को सदस्यले, जो विशेष सम्भरण समितिका प्रतिनिधि थिए, खाद्य स्थिति अति गम्भीर छ भन्ने सूचना दिए र खाद्यान्न राखिएका गाडीहरू यथाशीघ्र पेत्रोग्राद पुऱ्याउन दुमाका कमिसारहरू पठाइयुन् भन्ने माग गरे।

देदोनेन्कोले बडो नाटकीय ढङ्गले घोषणा गरे, गैरिसनको स्थिति डाँवाडोल छ। सेम्योनभ्स्की रेजिमेन्टले समाजवादी-क्रान्तिकारी पार्टीको मात्रै आज्ञा पालना गर्ने निर्णय गरिसकेको छ। नेभा नदीस्थित टर्पेडो जहाजहरूका नौसैनिकहरूको दृष्टिकोण पनि अस्थिर नै छ। प्रचार कार्य जारी राख्नको लागि तुरुन्तै एक सात सदस्यीय आयोग गठन गरियो।


Коммиссаръ
Главнаго Управленія до-
мовъ заключенія
"6" Нояб. 1917 г.
№ 213
Петроградъ Смольный
Институтъ, комн. № 56.-

ПРОПУСКЪ

Представителю Американскихъ Соціалистическихъ газетъ ДЖОНУ РИДУ, во всѣ мѣста заключенія гг. Петрограда и Кронштата, для общаго ознакомленія положенія заключенныхъ и широкаго общественнаго освѣдомленія въ цѣляхъ прекращенія газетной травли противъ демократіи.-

...ый Коммиссаръ

Секретарь

सबै जेलहरू बेरोकटोक जानआउनको लागि जोन रिडलाई
दिइएको अनुमतिपत्र

तत्पश्चात् बोल्नको लागि बूढो मेयर उभिए। उनले भने, "साथीहरू तथा नागरिकहरू! मैले भर्खरै मात्र खबर पाएँ, पेत्रोपाभ्लोभ्स्काया किल्लामा थुनिएका कैदीहरू ठूलो खतरामा छन्। बोल्शेभिक प्रहरीले पाभ्लोभ्स्क स्कूलका चौध जना युङ्केरहरूलाई नाङ्गो पारेर मारपिट गरेका छन्। उनीहरूमध्ये एक जना पागल भयो। प्रहरीहरूले कानुनको वास्ता नगरी मन्त्रीहरूमाथि पनि अत्याचार गर्ने धम्की दिएका छन्"। मेयरको यो कुरा सुनेर मानिसहरूमा क्रोध र घृणाको लहर फैलियो। जब खैरो लुगा लगाएकी होचो कदकी एक दुब्ली पातली महिलाले बोल्ने अनुमति मागिन्, तब यस भावनाले अझ उग्र रूप लियो। तिनी भेरा स्लूच्काया थिइन्, पुरानो क्रान्तिकारी र बोल्शेभिकहरूको तर्फबाट दुमाकी सदस्या।

"यो झूटो कुरा हो र कसैको कुचक्र हो!" तिनले चारैतिरबाट वर्षिएका अपमानजनक टीका-टिप्पणीहरूको वास्तै नगरी तीखो, कडकिलो स्वरमा भनिन्। "मजदुर तथा किसानहरूको सरकारले, जसले मृत्यु दण्डको उन्मूलन गरेको छ, कदापि यस्तो अत्याचार गर्न सक्दैन। यस विषयमा तुरुन्त छानबिन होस् भन्ने हामी माग गर्दछौं। यदि यस सूचनामा किञ्चित सच्चाइ छ भने पनि सरकारले कडाभन्दा कडा पाइला चाल्नेछ!"

तुरुन्तै मेयरको अध्यक्षतामा सबै पार्टीहरूका प्रतिनिधिहरू सम्मिलित एउटा आयोग गठन गरियो। त्यो आयोग पेत्रोपाभ्लोभ्स्काया किल्लातिर

रवाना भयो। हामी पनि आयोगको पछिपछि लाग्यौं, यसै बेला दुमा अर्को आयोग गठन गर्दै थियो। यस आयोगले केरेन्स्कीसँग भेट गर्नुपर्थ्यो र केरेन्स्कीले शहरमा प्रवेश गरेपछि रक्तपात नहोस् भन्ने प्रयास गर्नुपर्थ्यो।

पेत्रोपाभ्लोभ्स्काया किल्लाको मूल ढोकामा पालो दिएर बसेका प्रहरीहरूलाई कुनै तरिकाले छकाएर हामी भित्र पस्दा आधा रात बितिसकेको थियो। हामी चोकभित्र पस्यौं र यदाकदा देखिने बिजुली बत्तीको मद्धिम प्रकाशमा गिर्जाघर हुँदै अगाडि बढ्यौं। यहीं यस गिर्जाघरको स्वर्ण कलश र घण्टामुनि, जहाँ प्रत्येक दिन दिउँसो ठीक बान्ह बजे, पहिले जस्तै अहिले पनि **'बोझे चान्या ख्रानी'को** * धून बजिरहेको हुन्छ, जारहरूको चिहान छ... यस बेला त्यहाँ पूर्ण सन्नाटा फैलिएको थियो। अधिकांश झ्यालहरूमा बत्ती बलेको थिएन। बेलाबेलामा कुनै हट्टाकट्टा शरीरसँग हाम्रो मुटभेट हुन्थ्यो र हाम्रा सबै प्रश्नहरूको एउटै उत्तर पाउँथ्यौं – "या ने ज्नायु" ("मलाई थाहा छैन")।

बायाँतिर त्रुबेच्कोई बुर्जाको धमिलो आकृति देखिन्थ्यो – यो त्यही बुर्जा थियो, जुन कैदीहरूको लागि मसान बनेको थियो र जहाँ जारशाही कालमा क्रान्तिका कतिपय साहसी योद्धाहरूले आफ्नो जीवन बलिदान गरेका थिए अथवा पागल भएका थिए। मार्च क्रान्तिको समयमा अस्थायी सरकारले यहाँ जारशाही मन्त्रीहरूलाई थुनेको थियो। अब बोल्शेभिकहरूले अस्थायी सरकारका मन्त्रीहरूलाई यहाँ थुनेका थिए।

एक जना नौसैनिकले हामीलाई खुशीसाथ टकसारको छेवैमा रहेको एउटा सानो घरमा पुन्याइदियो। कमान्डेन्टको कार्यालय त्यहीं थियो। चुरोटको धुवाँले भरिएको एउटा सानो कोठामा समाभारवरिपरि** करिब बान्ह जना लाल गार्ड, नौसैनिक तथा सिपाहीहरू बसेका थिए। नजिकै समाभारबाट पानी उम्लेको मधुर आवाज आउँदै थियो। उनीहरूले बडो हार्दिकतापूर्वक हाम्रो स्वागत गरे र सबैलाई चिया पिउन दिए। कमान्डेन्ट त्यहाँ थिएनन्, उनी नगर दुमाबाट आएका **साबोताझ्निकहरूको** (विध्वंस-

---

*'इश्वरले जारको रक्षा गरुन्'। यो गल्ती कुरा हो। पेत्रोपाभ्लोभ्स्काया गिर्जाघरको घण्टाले 'कोल स्लाभेन...' ('तपाईंको गौरव...') धून बजाउँथ्यो। – **सं०**

समाभार – चियाको लागि पानी उमाल्ने एक विशेष प्रकारको भाँडो। – **अनु०

कारीहरू) आयोगलाई भेट्दै थिए, जो युङ्केरहरूको कत्लेआम गरियो भन्ने कुराको छानबिन गर्न आएका थिए। यो कुरा सिपाहीहरू र नौसैनिकहरूलाई बडो रमाइलो लाग्यो। कोठाको एउटा कुनामा होचो कदको, तालु खुइलेको साहेब बसेका थिए। उनले सूट र महँगो फर कोट लगाएका थिए। उनी शिकारीको पञ्जामा फँसेको जनावरजस्तो भयभीत दृष्टिले यताउता हेर्दै थिए र आफ्नो जुङ्गा टोक्दै थिए। उनी भर्खरै मात्र गिरफ्तार भएका थिए। कसैले उनीतिर हेर्दै भने, यो कुनै मन्त्री-सन्त्री हुनुपर्छ... गिरफ्तार भएको व्यक्तिले शायद उनको कुरा सुनेनन्। उनी निकै तर्सेका छन् र हडबडाएका छन् भन्ने कुरा स्पष्ट थियो, यद्यपि कोठामा उपस्थित मानिसहरूले उनीप्रति कुनै पनि प्रकारको द्वेष प्रकट गरेका थिएनन्।

म उनको नजिक पुगें र फ्रेन्च भाषामा उनीसँग कुरा गर्न थालें। "काउन्ट तल्स्तोइ", उनले बडो औपचारिक तरिकाले झुक्दै मेरो अभिवादन गरे र आफ्नो परिचय दिए। "म बुझ्न सक्दिन, किन मलाई गिरफ्तार गरेका होलान्। त्रोइत्स्की पुल भएर म घर जाँदै थिएँ, यिनीहरूमध्ये... दुई जनाले मलाई गिरफ्तार गरे। म अस्थायी सरकारको कमिसार थिएँ र म जनरल स्टाफमा काम गर्थें, तर मन्त्री त कदापि थिइन..."

"जान देऊ उसलाई,"—एक जना नौसैनिकले भन्यो, "यस्तो मान्छेसँग डराउने के आवश्यकता?.."

"होइन",—गिरफ्तार व्यक्तिलाई लिएर आउने सिपाहीले जवाफ दियो— "कमान्डेन्टलाई सोध्नुपर्छ"।

"कमान्डेन्टलाई रे?"—नौसैनिक व्यङ्गात्मक ढङ्गले भन्यो—"केलाई हामीले क्रान्ति गरेका? फेरि यिनै अफिसरहरूको आज्ञापालन गर्न त होइन?"

पाब्लभ्स्की रेजिमेन्टका एक जना प्रापर्शिकले कसरी विद्रोह सुरु भयो भन्ने कुरा हामीलाई बताए। "६ नोभेम्बरको (२४ अक्टोबर) राती हाम्रो रेजिमेन्टले जनरल स्टाफमा पहरा दिँदै थियो। म आफ्ना केही साथीहरूसहित पहरा दिँदै थिएँ। जुन कोठामा जनरल स्टाफ़को बैठक चल्दै थियो, त्यहाँ इभान पाब्लोभिच र अर्को एक जना कमरेड (म उनको नाम सम्झन्न) पर्दापछाडि लुकेर उनीहरूको कुरा सुन्दै थिए। त्यहाँ उनीहरूले धेरै महत्त्वपूर्ण कुराहरू थाहा पाए। उदाहरणको लागि उनीहरूले सुने, गात्चिनाका युङ्केरहरूलाई त्यही राती पेत्रोग्राद आउने र कजाकहरूलाई बिहान रवाना हुन तयार भएर बस्ने आज्ञा दिइएको छ... शहरका सबै प्रमुख ठाउँहरू प्रभातपहिले नै कब्जा गरिहाल्ने उनीहरूको योजना थियो। उनीहरू त्यसपछि

सबै पुलहरू खोल्न चाहन्थे। तर जब उनीहरूले स्मोल्नी भवन घेरामा पार्ने कुरा गर्न थाले इभान पाब्लोभिचलाई असह्य भयो। ठीक त्यसै बेला निकै मानिसहरू त्यहाँ आवतजावत गर्दै थिए। इभान पाब्लोभिच त्यसै भीडमा मिसेर सुटुक्क बाहिर निस्के र तल ड्यूटी कोठामा आए। अर्को साथी उनीहरूको अरू कुरा सुन्न माथि आफ्नै ठाउँमा लुकेर बसे।

"अवश्य केही गडबडी छ भन्ने कुरामा मलाई पहिलेदेखि नै शङ्का थियो। जनरल स्टाफतर्फ अफिसरहरूले खचाखच भरिएका मोटरहरू एकपछि अर्को आउँदै थिए, सबै मन्त्रीहरू त्यहाँ भेला भएका थिए। इभान पाब्लोभिचले आफूले सुनेको सबै कुरा मलाई बताए। रातको साढे दुई बजेको थियो... रेजिमेन्ट सैनिक समितिका सचिव हामीसँगै थिए। हामीले उनलाई सबै कुरा सुनायौं र के गर्नु पर्ला भन्ने सल्लाह माग्यौं।

"भित्रबाहिर गर्ने सबै मानिसहरूलाई गिरफ्तार गर्नुपर्छ", उनले भने। हामीले त्यसै गर्‍यौं। एक घण्टाभित्र हामीले केही अफिसरहरू र दुई जना मन्त्रीहरूलाई गिरफ्तार गरेर सीधै स्मोल्नी पठाइदियौं। तर सैनिक क्रान्तिकारी समिति अझ तयार भइसकेको थिएन। के गर्नुपर्छ भन्ने कुरा समितिलाई थाहा थिएन। एकै छिनपछि सबै गिरफ्तार भएका मानिसहरूलाई छोडिदिने र अबदेखि कसैलाई पनि गिरफ्तार नगर्ने आदेश आयो। हामी दौड्दै स्मोल्नी पुग्यौं। वास्तवमा लडाइँ भइसकेको छ भन्ने कुरा उनीहरूलाई बुझाउन, मलाई लाग्छ, एक घण्टाभन्दा कम समय लागेन। हामी जनरल स्टाफ फर्कंदा बिहानको पाँच बजिसकेको थियो र यतिञ्जेल गिरफ्तार भएका सबै मानिसहरू आआफ्नो बाटो लागिसकेका थिए। तैपनि केही मानिसहरूलाई गिरफ्तार गर्न सफल भयौं। पूरै गैरिसन बाहिर निस्किसकेको थियो।"

भासीलेभ्स्की ओस्त्रभबाट आएका एक जना लाल गार्डले विद्रोहको दिन उनको इलाकामा के भएको थियो भन्ने कुरा विस्तारपूर्वक बताए। "हामीसँग एउटा पनि मेसिनगन थिएन र स्मोल्नीबाट पाइएला भन्ने पनि कुनै आशा थिएन," उनले मुस्कुराउँदै भने। "इलाकाको उप्राभा (केन्द्रीय ब्यूरो) का सदस्य कमरेड जाल्किन्दले एक्कासि सम्झे, उप्राभाको सभाकक्षमा एउटा मेसिनगन छ, जुन जर्मनहरूसँग खोसिएको थियो। उनी, म र अर्को एक जना कमरेड त्यता लाग्यौं। त्यहाँ मेन्शेभिकहरू र समाजवादी-क्रान्तिकारीहरूको बैठक चल्दै थियो। हामीले कसैको वास्ता नगरी ढोका खोल्यौं र सरासर भित्र पस्यौं। हामी जम्मा तीन जना थियौं

र उनीहरू बान्ह पन्ध्र जना थिए, सबै एउटै टेबुलको वरिपरि बसेका थिए। हामीलाई देखेपछि उनीहरू सबै चुप लागे र हेऱ्याहेऱ्यै गरे। हामीले विना-रोकटोक कोठा पार गऱ्यौं र मेसिनगन खोलखाल पाऱ्यौं। मेसिनगनको एक हिस्सा कमरेड जाल्किन्दले बोके, अर्को मैले र हामी सरासर त्यहाँबाट निस्क्यौं... कसैले एक शब्द पनि बोलेन!"

"शिशिर प्रासाद कसरी कब्जा गरियो थाहा छ?" एक जना नौसैनिकले सोध्यो। "एघार बजेतिर हामीले थाहा पायौं, नेभातिरका युङ्केरहरू एक जना पनि बाँकी रहेनन्। त्यसपछि हामी जबरजस्ती ढोका खोलेर भित्र पस्यौं र एकएक-दुईदुई जना गरेर भऱ्याङबाट माथि चढ्यौं। माथि पुगेपछि युङ्केरहरूले हामीलाई रोके र हाम्रो बन्दुक खोसे। तर अलि अलि गर्दै हाम्रा साथीहरू आएका आऐ गरे र अन्त्यमा हाम्रो सङ्ख्या उनीहरूको भन्दा धेरै भयो, त्यसपछि त के छ र, हामी युङ्केरहरूमाथि जाइलाग्यौं र हामीले उनीहरूको बन्दुक खोस्यौं।"

ठीक त्यसै बेला कमान्डेन्ट कोठाभित्र पसे, हँसिलो अनुहार भएको एक नवयुवक, सहअफिसर। उनको एउटा हात घाँटीको पट्टीमा झुण्डिएको थियो र कैयौं रात नसुतेकोले उनका आँखामुनि काला रेखाहरू देखिन्थे। उनको दृष्टि सबैभन्दा पहिले त्यस कैदीमाथि पऱ्यो जसले तुरुन्तै सफाइ दिन थाल्यो।

"हो, हो," कमान्डेन्टले उनको कुरा काट्दै भने। "तपाईं त्यसै समितिको सदस्य होइन र, जसले बुधवारको दिन जनरल स्टाफ हामीलाई सुम्पन अस्वीकार गरेको थियो। वास्तवमा हामीलाई तपाईंको आवश्यकता छैन। माफ गर्नुहोला, नागरिक..." उनले ढोका खोले र हातको इशाराले काउन्ट तल्स्तोइलाई देखाए, उनी स्वतन्त्र छन् र घर जान सक्छन्। त्यहाँ उपस्थित केही मानिसहरूले, विशेषत: लाल गार्डहरूले भुतभुताउँदै आफ्नो अस्पष्ट प्रतिवाद प्रकट गरे र नौसैनिकले चाहिँ विजयभावले भने, "देख्यो! मैले त भनेकै थिएँ?"

अब दुई जना सिपाहीहरूले कमान्डेन्टतिर मुख फर्काए। किल्लाको गैरिसनले प्रतिवाद प्रकट गर्ने ती दुई व्यक्तिको एक समिति छानेका थिए। उनीहरू भन्दै थिए, "कैदीहरूलाई त्यही खाना दिइन्छ, जुन प्रहरीहरू पाउँदछन्, तर भरपेटचाहिँ कोही पनि खान पाउँदैनन्। प्रतिक्रान्तिकारीहरूसँग यति राम्रो व्यवहार गर्ने आवश्यकता नै किन पऱ्यो र?"

"साथीहरू, हामी क्रान्तिकारी हौं, लुटाहा होइनौं," कमान्डेन्टले उनीहरूलाई जवाफ दिए। उनी हामीतिर फर्किए। हामीले भन्यौं, शहरमा

युङ्केरहरूलाई यातना दिइँदै छ र मन्त्रीहरूको ज्यान खतरामा छ भन्ने हल्ला फैलिएको छ। हामी कैदीहरूसँग भेट्न चाहन्छौँ, जसले गर्दा हामी सम्पूर्ण विश्वलाई भन्न सक्दछौँ।"

"हुन्न", त्यस युवा सैनिकले झर्किँदै जवाफ दिए। "अब म फेरी कैदीहरूको निद्रामा बाधा पुऱ्याउन चाहन्न। भर्खरै मात्र कैदीहरूलाई बिउँझाउन म बाध्य भएको थिएँ। उनीहरू सोच्दै थिए हामी उनीहरू सबैलाई गोलीले उडाउन चाहन्छौँ... वास्तवमा बहुसङ्ख्यक युङ्केरहरूले रिहाइ पाइसकेका छन्, बाँकी मानिस भोलि छोडिनेछन्"। यति भनेर उनी अर्कोतिर फर्किए।

"त्यसो भए के हामी दुमा आयोगसँग भेटघाट गर्न सक्दछौँ?"

कमान्डेन्टले, जो आफ्नो लागि गिलासमा चिया खन्याउँदै थिए, टाउको हल्लाउँदै स्वीकृत दिए। "उनीहरू अझ त्यहीँ छन्, हलमा", उनले बेपर्वाहिसाथ भने।

साँच्चै पनि एउटा लाल्टिनको मद्धिम प्रकाशमुनि, केही मानिसहरू ढोका सामुन्ने मेयरलाई घेरेर उत्तेजित स्वरमा कुरा गर्दै थिए।

"मेयर महोदय," मैले भनें, "हामी अमेरिकी सम्वाददाताहरू हौँ। छानबिनको नतिजाबारे कृपया अधिकारिक रूपमा केही कुरा बताउन सक्नुहुन्छ?"

उनी हामीतिर फर्किए। उनको अनुहारमा त्यही गौरवको भावना थियो।

"यी सबै हल्लाहरूमा कत्ति पनि सच्चाइ छैन," उनले मन्द स्वरमा भने। "मन्त्रिगणलाई यहाँ ल्याउँदा जुन घटना घटेको थियो, त्यसको अतिरिक्त उनीहरूसँग पुर्णतः सभ्य व्यवहार गरिएको छ। जहाँसम्म युङ्केरहरूको प्रश्न छ, कसैको रौँसम्म पनि झरेको छैन।"

रातको निस्तब्ध अन्धकारमा नेभ्स्की मार्गमा सिपाहीहरूको एकपछि अर्को पङ्क्ति चुपचाप अगाडि बढ्दै थिए। उनीहरू केरेन्स्कीसँग लडाइँ गर्न जाँदै थिए। अँध्यारा गल्लीहरूमा बत्ती नबाली मोटरहरू दौड्दै थिए। फन्तान्का ६ स्थित किसान सोभियतहरूको प्रधान कार्यालयमा, नेभ्स्की मार्गको एउटा विशाल भवनका कतिपय फ्ल्याटहरूमा र इन्झेनेर्नी जामक (इन्जिनियर स्कूल) मा सक्रिय गुप्त कार्य चल्दै थियो। नगर दुमा-भवन बिजुली बत्तीको प्रकाशले जगमगाइरहेको थियो।

स्मोल्नी संस्थानमा सैनिक क्रान्तिकारी समिति कार्यरत थियो र अतिभारित डाइनामो मेसिनबाट सोला निस्केजस्तो यसको प्रकाश चारैतिर फैलिँदै थियो।

सातौँ अध्याय

क्रान्तिकारी मोर्चा

शनिवार, १० नोभेम्बर

"नागरिकहरू !

सैनिक क्रान्तिकारी समिति घोषणा गर्दछ, क्रान्तिकारी सुव्यवस्थामा हुने कुनै पनि प्रकारको उलङ्घन यसको लागि सह्य हुनेछैन।

"चोरी, डकैती, हमला तथा कत्लेआमका कुनै पनि प्रयासको लागि कडा सजाय दिइनेछ।

"लुटमार गर्ने र दङ्गाफसाद गराउने मानिसहरूलाई यस समितिले पेरिस कम्युनको दृष्टान्त अनुसरण गर्दै निर्ममतापूर्वक नष्ट पार्नेछ..."

शहर पूर्णतः शान्त थियो। चोरी डकैतीको कुरा त परै जाओस्, रक्सीको कारणले झगडा परेको खबरसम्म पनि कतैबाट आउँदैनथ्यो। राती हतियारबन्द प्रहरी दलहरू यी मूक सडकहरूको गस्ती लगाउँदथे, गल्ली सडकहरूका मोडहरूमा सिपाहीहरू र लाल गार्डहरू सानासाना धुनीको वरिपरि बसेर कुरा गरिरहेका हुन्थे, ठट्टा गरिरहेका हुन्थे र गाना गाइरहेका हुन्थे। दिउँसो विद्यार्थीहरू र सिपाहीहरू, व्यवसायीहरू र मजदुरहरूका बीचमा कहिल्यै खतम नहुने गरमागरम बहस सुन्न सडकका पेटीहरूमा मानिसहरूको भीड लागेको हुन्थ्यो।

सडकमा हिँडिरहेका नागरिकहरू एक अर्कालाई रोक्दथे र सोध्दथे,

"कजाकहरू आइपुगे भन्दछन्, साँचो हो?"

"होइन..."

"ताजा समाचार के छ?"

"खोइ, मलाई त केही थाहा छैन। केरेन्स्की कहाँ छ हँ?"

"भन्छन्, पेत्रोग्रादबाट आठ **भेर्स्ता** मात्रै टाढा... बोल्शेभिकहरू भागेर '**आभ्रोरा**' सैनिक जहाजमा शरण लिन पुगेका छन् भनेको साँचो हो?"

"हल्ला त यस्तै छ..."

पर्खालहरूमा जताततै पोस्टरहरू टाँसिएका थिए र दुई चार वटा मात्रै समाचारपत्रहरू निस्कन्थे—भरमार अपिलहरू, आज्ञप्तिहरू, भर्त्सनाहरू।

एउटा बडेमाको पोस्टरमा किसान प्रतिनिधिहरूका अखिल रसियाली सोभियतको कार्यकारिणी समितिको प्रलापपूर्ण घोषणापत्र छापिएको थियो।

"उनीहरूलाई (बोल्शेभिकहरू) किसान प्रतिनिधिहरूका सोभियतहरूको समर्थन प्राप्त छ र उनीहरू किसान प्रतिनिधिहरूका सोभियतहरूको तर्फबाट बोल्दै छन् भन्ने साहस गर्दछन्...

"रसियाको सम्पूर्ण मजदुरवर्गले थाहा पाउनुपर्दछ यो सरासर झूटो कुरा हो, **समस्त श्रमजीवी किसानहरूको** तर्फबाट **किसान प्रतिनिधिहरूका अखिल रसियाली सोभियतहरूको कार्यकारिणी समिति** श्रमजीवी वर्गहरूको इच्छाको यस अपराधपूर्ण उलङ्घनमा कुनै पनि प्रकारको योगदान दिँदै छ भन्ने कुराको क्रोधपूर्ण खण्डन गर्दछ"।

समाजवादी-क्रान्तिकारी पार्टीको सैनिक समितिको तर्फबाट—

"बोल्शेभिकहरूको विक्षिप्त प्रयास भताभुङ्ग हुँदै छ। गैरिसनभित्र फूट छ... मन्त्रालयका कर्मचारीहरू हडताल गर्दै छन् र खाद्य सामग्रीको अभाव झन्झन् बढ्दै गइरहेको छ। मुठीभर बोल्शेभिकहरूबाहेक अन्य सबै राजनीतिक दलहरूले महाधिवेशन परित्याग गरेका छन्। बोल्शेभिकहरू एकलै परेका छन्।

"हामी सबै स्वस्थ शक्तिहरूलाई मातृभूमि र क्रान्तिको उद्धार समिति-वरिपरि गोलबन्द हुने र केन्द्रीय समितिको पहिलो आह्वानमै लडाइँको मैदान-मा उत्रिन गम्भीर तयारी गर्ने अपिल गर्दछौं।"

गणतन्त्र परिषद्ले एउटा पर्चामा आफ्नो गुनासो पोख्यो—

"...सङ्गिनको सामुन्ने नतमस्तक हुँदै गणतन्त्र परिषद् आफूलाई विसर्जित तुल्याउन र अस्थायी रूपले आफ्नो सभा स्थगित राख्न बाध्य भएको छ।

"स्वतन्त्रता र समाजवाद"को टीका लगाएका यी बलाद्ग्राहीहरूले निरङ्कुश हिंसापूर्ण शासन व्यवस्था कायम गरेका छन्। उनीहरूले अस्थायी सरकारका सदस्यहरूलाई गिरफ्तार गरेका छन्, समाचारपत्रहरूमाथि प्रतिबन्ध लगाएका छन् र छापाखानाहरू कब्जा गरेका छन्... यो सत्ता जनता र क्रान्तिको शत्रु हो, यस सत्ताको विरुद्ध सङ्घर्ष गर्नु र यसलाई ढाल्नु आवश्यक छ...

"जबसम्म गणतन्त्र परिषद्ले फेरि आफ्नो काम सुरु गर्दैन, यो परिषद्

रसियाली गणतन्त्रका नागरिकहरूलाई उनीहरू मातृभूमि र क्रान्तिको स्थानीय उद्धार समितिहरूको वरिपरि गोलबन्द होउन् भन्ने आह्वान गर्दछ। यी समितिहरू बोल्शेभिक सरकारलाई हटाउने र एक त्यस्तो सरकार स्थापना गर्ने कार्यमा सङ्लग्न छन्, जसले राष्ट्रलाई संविधान सभातर्फ अग्रसर गराउनेछ"।

'जेला नारोदा' लेख्दछ –

"क्रान्ति भनेको **सम्पूर्ण** जनताको सहभागिता भएको विद्रोह हो... तर हामी यहाँ के पाउँदछौँ? लेनिन र त्रोत्स्कीद्वारा ठगिएका **केही मुठीभर मूर्खहरू, बस**... यिनीहरूका आज्ञप्तिहरू र अपिलहरूले ऐतिहासिक विचित्र वस्तुहरूको सङ्ग्रहालयको मात्र शोभा बढाउन सक्दछन्..."

जन समाजवादीहरूको समाचारपत्र 'नारोद्नये स्लोभा' ('जनवाणी') लेख्दछ –

"मजदुर तथा किसानहरूको सरकार रे? यो त अफिमचीको सनक मात्रै हो! न रसियामा, न त हाम्रा मित्रराष्ट्रहरूमा नै, अझ हाम्रा शत्रु देशहरूमा समेत कसैले पनि यस "सरकारलाई" मान्यता दिनेछैन!.."

बुर्जुवा समाचारपत्रहरू केही समयको लागि गायब भएका थिए...

'प्राभदा'मा नयाँ चेइकको, जुन अब रसियाली सोभियत गणतन्त्रको संसद बनेको थियो, पहिलो अधिवेशनको विवरण छापिएको थियो। अधिवेशनमा कृषि कमिसार मिल्यूतिनले किसानहरूको कार्यकारिणी समितिले १३ डिसेम्बरको दिन अखिल रसियाली कृषक महाधिवेशन डाक्ने निर्णय गरेको छ भन्ने घोषणा गरे।

"तर हामी पर्खन सक्दैनौँ", उनले भने। "हामीले कृषकहरूको समर्थन पाउनै पर्दछ। म अविलम्ब कृषक महाधिवेशन डाक्ने प्रस्ताव राख्न चाहन्छु..." वामपन्थी समाजवादी-क्रान्तिकारीहरू सहमत भए... कृषकहरूको नाममा अपिलको एउटा मसौदा हतारहतार तयार गरियो र यो योजना कार्यान्वित गर्नेको लागि पाँच जनाको एउटा समिति निर्वाचित भयो।

भूमि-वितरणसम्बन्धी विस्तृत योजनाको प्रश्न र उद्योगमा मजदुर नियन्त्रणको प्रश्न समाधान गर्ने कुरा त्यस बेलासम्मको लागि पर सारियो, जबसम्म यी प्रश्नहरूको अध्ययन गर्न खटाइएका विशेषज्ञहरूले आफ्नो प्रतिवेदन प्रस्तुत गर्ने छैनन्।

तीन वटा आज्ञप्तिहरू (१)* पढिए र पारित भए – पहिलो आज्ञप्ति,

---

*हेर्नोस् यस अध्यायको परिशिष्टमा दिइएका टिप्पणीहरू।

लेनिनद्वारा प्रस्तुत 'समाचारपत्रहरूको लागि सामान्य नियमावली', जसमा ती सबै समाचारपत्रहरूमाथि प्रतिबन्ध लगाउने आदेश दिइएको थियो, जसले नयाँ सरकारप्रति प्रतिरोध देखाउन अथवा यसका आदेशहरूको अवज्ञा गर्न प्रोत्साहित गर्दछ, अपराधपूर्ण कार्यहरू गर्न हौसला दिन्छ र जानाजान समाचारहरू बङ्ग्याएर प्रस्तुत गर्दछ। दोस्रो, घरभाडाको अधिस्थगनसम्बन्धी आज्ञप्ति र तेस्रो, मजदुर मिलिसियाको स्थापनासम्बन्धी आज्ञप्ति। साथै कतिपय आदेशहरू पनि पढिए; एउटा आदेशमा नगर दुमालाई सबै खाली घरहरू र फ्ल्याटहरू कब्जा गर्ने अधिकार दिइएको थियो। अर्को आदेशमा रेल स्टेसनहरूमा मालगाडीहरूबाट सामान उतार्ने, जसले गर्दा आवश्यक वस्तुहरू यथाशीघ्र वितरण गर्न सकियोस् र इन्जिन तथा डिब्बाहरू, जसको अति ठूलो आवश्यकता छ, अन्य ठाउँमा कामको लागि खाली पार्नु पर्ने आवश्यकतामाथि जोड दिइएको थियो।

दुई घण्टापश्चात् किसान प्रतिनिधिहरूका सोभियतहरूको कार्यकारिणी समिति सम्पूर्ण रसियाभरि निम्नलिखित टेलिग्राम प्रसारित गर्दै थियो –

"तथाकथित 'किसान प्रतिनिधिहरूको अखिल रसियाली महाधिवेशनको लागि सङ्गठन-ब्यूरो', जुन वास्तवमा बोल्शेभिकहरूको कठपुतली सङ्गठन हो, सबै किसान सोभियतहरूलाई पेत्रोग्रादमा हुने महाधिवेशनमा प्रतिनिधिहरू पठाउन आमन्त्रित गर्दै छ।

"किसान प्रतिनिधिहरूका सोभियतहरूको कार्यकारिणी समिति घोषणा गर्दछ, पहिले जस्तै आज पनि यो समिति के कुरामा विश्वस्त छ भने यस बेला प्रान्तहरूबाट ती शक्तिहरू हटाउनु खतराजनक हुनेछ, जब संविधान सभाको चुनावको लागि त्यहाँ उनीहरूको आवश्यकता छ। आज संविधान सभा नै मजदुरवर्ग तथा राष्ट्रको कल्याणको एक मात्र स्रोत हुन सक्दछ। हामी किसानहरूको महाधिवेशनको लागि निर्धारित तिथिको फेरि पनि पुष्टि गर्दछौं। यो तिथि हो – १३ **डिसेम्बर**"।

दुमामा सर्वत्र उत्तेजित वातावरण थियो, अफिसरहरू आवतजावत गरिरहेका थिए र मेयर उद्धार समितिका नेताहरूसँग सरसल्लाह गर्दै थिए। एक जना सभासद् केरेन्स्कीको घोषणापत्रको एउटा प्रति लिएर दौड्दै आइपुगे। यस घोषणापत्रका सयौं प्रतिहरू भर्खरै मात्र एउटा हवाइजहाजबाट नेभ्स्की मार्गमा छरिएको थियो। घोषणापत्रमा सबै विद्रोहीहरूलाई भयङ्कर सजाय दिने धम्की दिइएको थियो र सिपाहीहरूलाई तुरुन्त हतियार फाल्ने र मार्स मैदानमा भेला हुने आदेश दिइएको थियो।

हामीलाई भनियो, मन्त्री-अध्यक्षले चास्कौये सेलो कब्जा गरिसकेका छन् र उनी पेत्रोग्रादबाट पाँच माइल मात्रै टाढा छन्। भोलि नै अर्थात् केही घण्टाभित्रै उनले पेत्रोग्राद प्रवेश गर्नेछन्। हामीलाई के पनि भनियो भने उनका कजाकहरूसँग जुन सोभियत टुकडीहरूको मुठभेट भएको थियो, तिनीहरू पनि अस्थायी सरकारतिरै लागेका छन्। चेर्नोभ बीचमा कतै छन् र उनी पनि "तटस्थ" सैनिकहरूको एक सेना जम्मा गर्ने प्रयास गर्दै छन्, जसले गर्दा गृहयुद्ध रोक्न सकियोस्।

उनीहरू भन्दै थिए, शहरमा गैरिसनका रेजिमेन्टहरूले बोल्शेभिकहरूको समर्थन गर्न छोडेका छन्। स्मोल्नीबाट सबै भागिसकेका छन्... सरकारी प्रशासनले काम गर्न छोडिसकेको छ। राष्ट्र बैंकका कर्मचारीहरूले स्मोल्नीका कमिसारहरूको मातहतमा बसेर काम गर्न अस्वीकार गरेका छन् र उनी-हरूलाई पैसा दिन इनकार गरेका छन्। सबै प्राइभेट बैंकहरू बन्द थिए। मन्त्रालयहरूमा हडताल चालू थियो। यसै बेला पनि दुमाको एउटा समिति उद्योगपतिहरूको घरघरमा गएर हडतालकर्ताहरूलाई वेतन दिन कोष (२) जम्मा गर्दै थियो।

त्रोत्स्कीले परराष्ट्र मन्त्रालयमा गएर क्लर्कहरूलाई शान्तिसम्बन्धी आज्ञ-प्ति विदेशी भाषाहरूमा अनुवाद गर्ने आदेश दिएका थिए। अनुवाद गर्ने कुरा त परै जाओस्, ६ सय जना कर्मचारीहरूले उनको मुखै अगाडि आफ्नो राजीनामा हुत्त्याइदिएका थिए... श्रम कमिसार श्ल्याप्नीकोभले आफ्नो मन्त्रालयका सबै कर्मचारीहरूलाई चौबीस घण्टाभित्र आफ्नो काममा फर्कने आदेश दिएका थिए र अन्यथा उनीहरूलाई कामबाट हटाइनेछ र उनीहरूको पेन्सन पाउने अधिकार पनि खोसिनेछ भन्ने धम्की दिएका थिए। ढोकेपालेहरू-सिवाय अरू कसैले यस आदेशको वास्ता गरेनन्... विशेष खाद्य सम्भरण समितिका केही शाखाहरूले बोल्शेभिकहरूको अधीनता स्वीकार गर्नुभन्दा काम रोक्नु नै श्रेयस्कर ठाने... बढी वेतन र काम गर्ने अवस्थामा सुधारसम्बन्धी आकर्षक वचनको विपरीत टेलिफोन अपरेटरहरूले सोभियत प्रधान कार्यालय-हरूसँग टेलिफोन लाइन जोड्न अस्वीकार गरिदिए...

समाजवादी-क्रान्तिकारी पार्टीले सोभियतहरूको महाधिवेशन परित्याग नगरेका र विद्रोहमा भाग लिएका आफ्ना सबै सदस्यहरूलाई निष्काशन गर्ने निर्णय पारित गर्‍यो...

प्रान्तहरूबाट प्राप्त समाचारहरू – मागिल्योभवासीहरूले बोल्शेभिकहरूको विरोध गर्ने निर्णय गरेका छन्। किभमा कजाकहरूले सोभियतहरूको सत्ता

खोसेका छन् र सबै विद्रोही नेताहरूलाई गिरफ्तार गरेका छन्। लूगा शहरको सोभियत र यसको मातहतमा रहेका तीस हजार सिपाहीहरूको गैरिसनले अस्थायी सरकारप्रति आफ्नो आस्था प्रकट गरेका छन् र सम्पूर्ण रसियासमक्ष यस सरकारको वरिपरि गोलबन्द हुन अपिल गरेका छन्। कालेदिनले दोन प्रदेशमा सबै सोभियतहरू तथा ट्रेड युनियनहरूलाई छ्यान्नब्यान्न पारिदिएका छन् र उनको सेना उत्तरतिर बढ्दै छ।

रेल मजदुरहरूको एक जना प्रतिनिधिले भने–"हिजो हामीले सम्पूर्ण रसियाभरि एउटा टेलिग्राम पठाएका छौं जसमा हामीले सबै राजनीतिक पार्टीहरूसमक्ष अविलम्ब आपसी झगडा समाप्त गर्ने र एक संयुक्त समाजवादी सरकार गठन गर्ने माग गरेका छौं। अन्यथा हामी भोलि रातीदेखि हडताल सुरु गर्नेछौं... भोलि बिहान यस समस्याको समाधान गर्न सबै राजनीतिक पार्टीहरूको एउटा बैठक बस्दै छ। बोल्शेभिकहरू सम्झौताको लागि उत्सुक देखिन्छन्..."

"त्यतिञ्जेल उनीहरू टिक्न सके त हो!" रातो अनुहार भएको हट्टा-कट्टा नगर इन्जिनियरले हाँस्दै भन्यो।

स्मोल्नी आइपुगेपछि हामीले देख्यौं, खाली हुनु त कता, त्यहाँ सधैं-भन्दा बढी व्यस्तता थियो, मजदुर तथा सिपाहीहरूका एकपछि अर्को डफ्फा-हरू भित्रबाहिर गर्दै थिए, सबै ठाउँमा प्रहरीहरूको सङ्ख्या दुई गुना बढाइए-को थियो। त्यहाँ बुर्जुवा तथा "नरमपन्थी" समाचारपत्रहरूका सम्वाद-दाताहरूसँग हाम्रो जम्काभेट भयो।

"हामीलाई त गर्धन समातेर निकालिदिए!" 'भोल्या नारोदा' का एक जना सम्वाददाताले रूष्टतापूर्वक भने। "बोन्च-ब्रुएभिच तल प्रेस-ब्यूरोमा आएर हामीलाई निस्कन भने। भन्दै थिए, हामी जासुस हौं!" अब उनीहरू सबै एकै चोटि बोल्दै थिए–"कस्तो अपमान! जङ्गलीहरू! प्रेस स्वतन्त्र-ताको अपहरण!"

प्रतीक्षालयका ठूलठूला टेबुलहरूमा सैनिक क्रान्तिकारी समितिका अपिल-हरू, घोषणाहरू र आदेशहरूका चाङहरू राखिएका थिए। मजदुर तथा सिपाहीहरू यी कागतपत्रहरूका ठूलठूला गन्हौं पोकाहरू बोकेर बाहिर निस्कँदै थिए, जहाँ मोटरहरू उनीहरूको प्रतीक्षा गर्दै थिए। एउटा अपिल यस्तो थियो–

"कलङ्क स्तम्भतिर!

"रसियाका जनताको लागि यस कठिन घडीमा मेन्शेभिकहरू तथा उनीहरूका पृष्ठपोषकहरूले, दक्षिणपन्थी समाजवादी-क्रान्तिकारीहरूले मजदुर-वर्गप्रति गद्दारी गरेका छन्। उनीहरू कर्निलोभ, केरेन्स्की र साभिन्कोभसँग मिल्न गएका छन्।

"उनीहरू गद्दार केरेन्स्कीका आदेशहरू छाप्दै छन् र त्यस भगुवाको काल्पनिक विजयका अति हास्यास्पद हल्लाहरू फैलाएर शहरमा आतङ्कको वातावरण फैलाउँदै छन्।

"नागरिकहरू! यी झूटा हल्लाहरूमा विश्वास नगर्नुहोला! जनक्रान्ति-लाई कुनै पनि शक्तिले पराजित गर्न सक्दैन... केरेन्स्की र उनका अनुया-यीहरूले छिटै उचित दण्ड पाउनेछन्।

"हामी उनीहरूलाई कलङ्क स्तम्भमा उभ्याइछाड्नेछौं। हामी उनी-हरूलाई ती मजदुरहरू, सिपाहीहरू, नौसैनिकहरू तथा किसानहरूको क्रोधा-ग्निमा होम्न चाहन्छौं, जसलाई उनीहरू फेरि त्यही पुरानो सिक्रीले बाँध्न चाहन्छन्। उनीहरूले जनताको घृणा र अवज्ञाको कलङ्क आफ्नो शरीरबाट कहिल्यै मेट्न सक्नेछैनन्।

"जनतालाई धोका दिने यी गद्दारहरूको सत्यानाश होस्!"

सैनिक क्रान्तिकारी समितिको कार्यालय सबैभन्दा माथिल्लो तल्लाको १७ नम्बरको कोठामा सरेको थियो। यो कोठा पहिलेको भन्दा ठूलो थियो। ढोकामा लाल गार्डहरू पहरा दिँदै थिए। भित्र, रेलिङ्सामुन्ने जुन अलिकति ठाउँ थियो, त्यहाँ राम्रो लुगा लगाएका मानिसहरूको भीड लागेको थियो, जो बाहिरबाट हेर्दा त सम्भ्रान्त देखिन्थे तर भित्र विषले भरिएका थिए। यी त्यस्ता बुर्जुवाहरू थिए, जो आफ्नो मोटरको लागि अनुमतिपत्र अथवा शहर छोडेर जानको लागि पासपोर्ट लिन आएका थिए। उनीहरूको बीचमा विदेशीहरू पनि थिए... बील्ल शातोभ र पेतेर्स ड्यूटीमा थिए। उनीहरूले अरू सबै काम छोडेर हामीलाई ताजा बुलेटिन पढेर सुनाए।

१७९ औं रेजर्भ रेजिमेन्ट आफ्नो पूर्ण समर्थन जनाउँदछ। पुचीलोभ घाटका पाँच हजार कुल्लीहरू नयाँ सरकारको स्वागत गर्दछन्। ट्रेड युनियन-हरूको केन्द्रीय समिति हार्दिक समर्थन प्रदान गर्दछ। रेभेलस्थित गैरिसन तथा स्क्वाड्रनले सहयोग स्थापना गर्नको लागि र सैनिकहरूलाई पठाउनको

लागि एक सैनिक क्रान्तिकारी समिति छानेका छन्। प्स्कोभ तथा मिन्स्क सैनिक क्रान्तिकारी समितिको मातहतमा छन्। चारीचिन, रास्तोभ-ना-दानु, पिचिगोर्स्के, सेभास्तोपोलका सोभियतहरूले अभिवादन पठाएका छन्... फिनल्याण्ड डिभिजन, पाँचौं तथा बाऱ्हौं सेनाहरूका नयाँ समिति आफ्नो वफादारी प्रकट गर्दछन्...

मास्कोबाट अस्पष्ट समाचारहरू आउँदै थिए। सैनिक क्रान्तिकारी समितिका सैनिकहरूले शहरका प्रमुख स्थानहरू कब्जा गरे; क्रेमलिनमा तैनात दुई कम्पनीहरू सोभियतहरूको पक्षमा आएका छन्, तर शस्त्रागार कर्नेल न्याब्चेभ र उनका युङ्केरहरूको हातमा छ। सैनिक क्रान्तिकारी समितिले मजदुरहरूको बीचमा बाँड्न हतियारको माग गऱ्यो र न्याब्चेभले आज बिहानसम्म समितिसँग कुराकानी चालू राखे र एक्कासि अन्तिमेत्थम्को रूपमा आदेश दिए–सोभियत सैनिकहरूले आत्मसमर्पण गरुन् र समिति विघटन गरुन्। त्यहाँ लडाइँ सुरु भएको छ...

पेत्रोग्रादमा सैनिक स्टाफले विनाआलटाल अविलम्ब स्मोल्नीका कमिसारहरूको आज्ञा पालन गरे। चेन्त्रफ्लोतले अस्वीकार गऱ्यो, तर दिबेन्कोले क्रोन्श्ताद्तका नौसैनिकहरूको एउटा कम्पनी लिएर हमला गरे र बाल्टिक सागर तथा कृष्ण सागरका सामरिक जहाजहरूको समर्थनबाट एउटा नयाँ चेन्त्रफ्लोतको स्थापना गरियो।

यस्ता आशापूर्ण समाचारहरूको विपरीत वातावरणमा एक प्रकारको आशङ्का, भय र हडबडाहटको भावना व्याप्त थियो। केरेन्स्कीका कजाकहरू तीव्र गतिले अगि बढ्दै थिए। फेरि उनीहरूसँग तोपखाना पनि थियो। कारखाना समितिहरूका सचिव स्क्रिपनिकले, जसको अनुहार फीका र चिन्ताले व्याकुल थियो, मलाई भने, केरेन्स्कीसँग कजाकहरूको एउटा पूरै कोर छ। तर उनले उत्लिखेरै निर्णायक स्वरमा भने, "जबसम्म हामी जिउँदो रहन्छौं, उनीहरूले विजय प्राप्त गर्न सक्दैनन्! .." क्लान्त भावले हाँस्दै पेत्रोभ्स्कीले भने, "हुन सक्छ, भोलि हामीले सुत्ने मौका पाउनेछौं, एक लामो निद्रा ..."। रातो दाऱ्ही पालेको लाजोभ्स्कीले, जसको अनुहार सुकेको थियो र गाला स्याप्प परेको थियो, भने "हामीले जित्न सकौंला? .. खोइ, हामी एक्लै छौं... प्रशिक्षित सैनिकहरूको विरुद्ध एउटा भीड!"

पेत्रोग्रादको दक्षिणी तथा दक्षिण-पश्चिमी हिस्सामा केरेन्स्कीको सामुन्ने सोभियतहरू टिक्न सकेनन्। गात्चिना, पाभ्लोभ्स्क, चार्स्कोये सेलोका गैरिसनहरू विभाजित थिए–आधा सिपाहीहरूले तटस्थताको पक्षमा भोट दिए

भने आधाले अफिसरहरूलाई छोडेर अति अस्तव्यस्त अवस्थामा राजधानीतिर पलायन गरे।

उता सभाकक्षहरूमा निम्न बुलेटिन टाँसिँदै थियो–

"क्रास्नोये सेलोबाट, १० नोभेम्बर, प्रातः ६ बजे।

"सबै नास्टाभेर्ख, ग्लाभ्कासेभ र नाचभासेभको* लागि, सर्वत्र, सबै, सबै, सबैको लागि।

"भूतपूर्व मन्त्री केरेन्स्कीले जानाजान झूटो कुरा लेखिएको एउटा टेलिग्राम सबै ठाउँमा सबैको लागि पठाएका छन्, जसमा भनिएको छ–क्रान्तिकारी पेत्रोग्रादका सेनाहरूले राजीखुसी आत्मसमर्पण गरेका छन् र भूतपूर्व सरकार, यस गद्दार सरकारको सेनामा सामेल भएका छन्, साथै सैनिक क्रान्तिकारी समितिले आफ्ना सिपाहीहरूलाई पछि हट्ने आदेश दिएको छ। स्वतन्त्र जनताको सेना कदापि पछि हट्दैन, न त यसले आत्मसमर्पण नै गर्दछ। हाम्रो सेनाले आफ्नो र आफ्ना बाटो बिराएका दाजुभाइहरू–कजाकहरूको रगत नबगोस् भन्ने उद्देश्यले र बढी सुविधाजनक स्थिति ग्रहण गर्ने उद्देश्यले, जुन यस बेला कति शक्तिशाली छ भने यदि केरेन्स्की र उनका हतियारबन्द मित्रहरूले आफ्नो सेना दस गुना बढाए तापनि फिक्री लिने आवश्यकता छैन, गात्चिना छोडेका हुन्। हाम्रो सेनाको मनोबल उत्कृष्ट स्थितिमा छ।

पेत्रोग्राद तथा पेत्रोग्रादक्षेत्रका
प्रतिरक्षा-प्रमुख लेफ्टिनेन्ट-कर्नेल **मुराभ्योभ**"

हामी सैनिक क्रान्तिकारी समितिको कार्यालयबाट निस्कनै आँटेका थियौं हातमा एक टुक्रा कागत लिएका आन्तोनोभ कोठाभित्र पसे। उनी मुर्दाजस्तै देखिन्थे।

"लौ यो पठाउनुपऱ्यो", उनले भने।

"मजदुर प्रतिनिधिहरूका सबै वार्ड-सोभियतहरू तथा कारखाना समितिहरूको नाममा।

---

*नास्टाभेर्ख–प्रधान सेनापतिको स्टाफका प्रमुख अधिकारी। ग्लाभ्कासेभ–उत्तरी मोर्चाका प्रधान सेनापति। नाचभासेभ–उत्तरी मोर्चाको सैनिक सूचना विभागका प्रमुख।–सं०

आदेश

केरेन्स्कीका कर्निलोभपन्थी डाँकादल राजधानीको प्रवेश मार्गहरूमा आइपुगेका छन्। जनता र उनका उपलब्धिहरूको विरुद्ध हुने सम्पूर्ण प्रति-क्रान्तिकारी प्रयासहरूलाई निर्ममतापूर्वक मिच्न सबै आवश्यक आदेशहरू जारी गरिएका छन्।

क्रान्तिको सेना तथा लाल गार्डलाई मजदुरहरूको तर्फबाट अविलम्ब सहायता चाहिएको छ।

हामी वार्ड-सोभियतहरू तथा कारखाना समितिहरूलाई आदेश दिन्छौं—

१) खाडलहरू खन्नको लागि, बैरिकेडहरू तयार गर्नको लागि, काँडेदार तारको बार बनाउन सकेसम्म बढी सङ्ख्यामा मजदुरहरू पठाउन्।

२) यस कार्यको लागि जहाँजहाँ कारखानाको काम रोक्ने आवश्यकता पर्छ, त्यहाँ अविलम्ब यो काम गरियोस्।

३) जति सकिन्छ धेरै सामान्य तथा काँडेदार तार जम्मा गरियोस् र बैरिकेड तयार पार्नको लागि भेट्टाइने सबै प्रकारका औजारहरू बटुलियोस्।

४) जति अस्त्रशस्त्र उपलब्ध हुन सक्छ, जम्मा गरियोस्।

५) कठोरतम अनुशासनको पालना गरियोस् र क्रान्तिको सेनालाई हरसम्भव साधनद्वारा सहयोग गर्न सबै मानिस तयार भएर बस्नुपर्छ।

मजदुर तथा सैनिक प्रतिनिधिहरूको पेत्रोग्राद सोभियतका अध्यक्ष तथा जन कमिसार **लेभ त्रोत्स्की।**

सैनिक क्रान्तिकारी समितिका अध्यक्ष तथा प्रधान सेनापति **पद्भोइ-स्की**"

हामी स्मोल्नीबाट त्यस अँध्यारो र उदास सडकमा निस्कँदा चारैतिर-बाट फैक्ट्रीको साइरेन बजेको आवाज आइरहेको थियो। त्यस धोत्रे, कर्कश तथा व्याकुल ध्वनिले भावी घटनाहरूको पूर्वाभास दिइरहेजस्तो लाग्थ्यो। हजारौं हजार पुरुष तथा नारीहरू सडकमा निस्कँदै थिए। घना बस्ती भएका उपनगरहरूबाट आएका दसौं हजार झुत्राझाम्रा मैला लुगा लगाएका मानिस-हरूको ओइरो लाग्दै थियो। लाल पेत्रोग्राद खतरामा छ! कजाकहरू आउँदै छन्!.. दक्षिण र दक्षिण-पश्चिमतिरबाट यी मानिसहरू फोहोर गल्लीहरू हुँदै मास्कोभ्स्काया जास्ताभातिर अगि बढ्दै थिए; बन्दुक, कोदालो र

तारको बण्डल बोकेका नारी, पुरुष तथा केटाकेटीहरू, काममा लगाउने पोसाकमाथि कार्तोसको पेटी भिरेका... सम्पूर्ण विशाल शहर नै स्वेच्छापूर्वक बाहिर सडकमा निस्केजस्तो लाग्थ्यो। यस्तो दृश्य अगि कहिल्यै देखिएको थिएन! जनसमुद्रको बाढी आएजस्तो लाग्थ्यो–सिपाहीहरूका टोलीहरू, तोपहरू, ट्रकहरू, वेगनहरू–सबै एउटै धारामा बग्दै थिए। मजदुर तथा किसानहरूको राजधानीको रक्षा गर्न क्रान्तिकारी मजदुरवर्ग छाती फर्काएर सडकमा निस्केको थियो।

स्मोल्नी भवनको मूल ढोकाबाहिर एउटा मोटर रोकिएको थियो। बेढङ्गी ओभरकोटको खल्तीमा हात घुसारेको एक दुब्लो पातलो व्यक्ति मोटरको मडगार्डको सहारा लिएर उभेका थिए। उनले बाक्लो चस्मा लगाए-का थिए। बाक्लो चस्मापछाडि उनका रातारात आँखा अझ ठूला देखिन्थे। उनले बोल्दा ठूलो परिश्रम गर्नु परे जस्तो लाग्थ्यो। नजिकै तगडा शरीर भएको एक जना अग्लो दान्हीवाल नौसैनिक, जसका आँखा कुनै किशोरका जस्ता स्वच्छ र पारदर्शक थिए, बेचैनीसाथ ओहोरदोहोर गर्दै थिए र नीलो इस्पातले बनेको एउटा पिस्तोल, जुन सधैँ उनको हातमा हुन्थ्यो, अन्य-मनस्क भावले खेलाउँदै थिए। यी व्यक्तिहरू आन्तोनोभ र दिबेन्को थिए।

केही सिपाहीहरू दुई वटा फौजी साइकल मोटरको पाउदानमा बाँध्ने प्रयत्न गर्दै थिए। ड्राइभरले यस कुराको कडा विरोध गर्‍यो। उसले भन्यो, मोटरको इनामेल उप्कन सक्छ। साँचो कुरा हो, ऊ बोल्शेभिक हो र त्यो मोटर कुनै बुर्जुवाबाट जफत गरिएको हो। यी साइकलहरू अर्दलीहरूले प्रयोग गर्नको लागि लान खोजिएको हो, यो पनि साँचो हो। तैपनि ड्राइभरको पेसागत अभिमानमाथि आघात परेको थियो... अन्ततोगत्वा ती साइकलहरू त्यत्तिकै छोडिए...

सामरिक तथा नौसैनिक मामिलासम्बन्धी जन कमिसारहरू सबै क्रान्ति-कारी मोर्चाहरूको निरीक्षण गर्न जाँदै थिए। "हामीलाई उहाँहरूसँग जान नमिल्ला?" मैले सोधेँ। "अवश्य मिल्दैन। मोटरमा जम्मा पाँच जना मानिस अटाउँछ–दुई जना कमिसारहरू, दुई जना अर्दलीहरू र एक जना ड्राइभर", हामीले जवाफ पायौँ। यद्यपि मेरो एक परिचित रूसी मित्र, जसलाई म त्रुसिश्का भन्छु, चुपचाप मोटरभित्र घुसिहाल्यो र कुनै पनि तर्कले उसलाई त्यहाँबाट हटाउन सकेन।

त्यस यात्राबारे त्रुसिश्काले जुन वर्णन सुनाए, त्यसमा शङ्का गर्ने म

कुनै आधार देख्दिन। जब मोटर सुभोरोभ्स्की मार्गमा जाँदै थियो, कसैले खानाको कुरा उठायो। हुन सक्छ उनीहरूले त्यस्तो इलाकामा तीनचार दिन बिताउनु पर्नेछ जहाँ अन्नपानीको कुनै व्यवस्था छैन। मोटर रोके। कोसँग पैसा छ? युद्ध कमिसारले आफ्ना सबै खल्तीहरू छामे—एक पैसा थिएन। नौसैनिक मामिलासम्बन्धी कमिसार पनि टाट उल्टेको मान्छे ठहरिए। ड्राइभरसँग पनि कानाकौडी थिएन। त्रुसिश्काले सबै आवश्यक सरसामान किने।

नेभ्स्की मार्गमा मोटर मोड्न पाएका थिएनन्, मोटरको एउटा टायर फुट्यो।

"अब के गर्ने हो?" आन्तोनोभले सोधे।

"अर्को मोटर खोज्ने!" दिबेन्कोले रिभोलभर खेलाउँदै भने।

सडकको बीचमा उभेको आन्तोनोभले हातको इशाराले उतातिरबाट आइरहेको एउटा मोटर रोके। त्यो मोटर एक जना सिपाहीले हाँकेको थियो।

"मलाई यो मोटर चाहियो", आन्तोनोभले भने।

"तपाईं यो मोटर पाउन सक्नुहुन्न", सिपाहीले जवाफ दियो।

"तपाईंलाई थाहा छ, म को हुँ?" आन्तोनोभले एउटा कागत देखाए, जसमा लेखिएको थियो—उनी रसियाली गणतन्त्रका सम्पूर्ण सेनाको प्रधान सेनापतिको पदमा नियुक्त भएका छन् र प्रत्येक व्यक्तिले विनाआनाकानी उनको आज्ञा पालना गर्नुपर्दछ।

"स्वयम् दानवै भए पनि के भयो र?" सिपाहीले रोषपूर्वक भन्यो। "यो मोटर पहिलो मेसिनगन रेजिमेन्टको हो र यस मोटरलाई हामी गोला-बारुद ओसार्ने काममा लगाउँदै छौं। हामी कुनै पनि हालतमा तपाईंलाई यो मोटर दिन सक्दैनौं।"

त्यसै बेला एउटा पुरानो थोत्रो ट्याक्सी आइपुग्यो र यो समस्या हल भयो। ट्याक्सीमा इटालीको झण्डा थियो। (अशान्ती कालमा निजी मोटर विदेशी दूतावासहरूको नाममा रेजिस्टर गरिन्थे, जसले गर्दा जफत गरिने खतराबाट तिनीहरू बच्दथे।) मोटरभित्रबाट महँगो फर कोट लगाएको एक जना मोटो सज्जनलाई निकालियो र निरीक्षण दलले आफ्नो भ्रमण चालू राख्यो।

करिब दस माइलको बाटो पार गरेपछि निरीक्षण आयोग नार्भस्काया जास्ताभा पुग्यो र त्यहाँ आन्तोनोभले लाल गार्डको कमान्डरलाई डाके।

उनलाई शहरको एउटा छेउमा लगे, जहाँ केही सय मजदुरहरू खाडल खनिसकेपछि कजाकहरूलाई पर्खेर बसेका थिए।

"यहाँ सब कुरा ठीक छ कमरेड?" ग्रान्तोनोभले सोधे।

"सब कुरा ठीक छ कमरेड," कमान्डरले जवाफ दिए। "सैनिकहरू बडो उत्साहित छन्, एउटै कुराको कमी छ—हामीसँग गोलाबारुद छैन।"

"स्मोल्नीमा दुई ग्ररब कार्तोस छ", ग्रान्तोनोभले उनलाई भने। "म एउटा पुर्जी लेखिदिन्छु", उनले ग्राफ्नो खल्ती छामे। "कसैसँग एक टुक्रा कागत होला?"

दिबेन्कोसँग थिएन, ग्रर्दलीहरूसँग पनि थिएन। त्रुसिश्काले ग्राफ्नो नोट-बुक दिए।

"धत्तेरी, कलम पनि छैन," ग्रान्तोनोभले झर्किंदै भने। "कसैसँग कलम छ?" भनिरहने ग्रावश्यकता छैन, त्यस भीडमा त्रुसिश्कासँग मात्रै कलम थियो।

निरीक्षण ग्रायोगसँग जान नपाएपछि हामी चास्कोंये सेलो स्टेसनतिर लाग्यौं। हामी नेभ्स्की मार्गमा पुग्दा त्यहाँ लाल गार्डहरू मार्च गर्दै थिए। सबैसँग हतियार थियो, खालि कसैसँग सङ्गिन थियो भने कसैसँग थिएन। जाडोमा छिटै साँझ पर्थ्यो, त्यसैले झिसमिसे ग्रँध्यारो हुन थालिसकेको थियो। ती गार्डहरू चारचार जनाको ग्रस्तव्यस्त पाँतीमा, जाडो र हिलोको वास्तै नगरी छाती फर्काएर ग्रगि बढिरहेका थिए। न बाजा थियो, न त ड्रम नै। उनीहरूले एउटा रातो झण्डा बोकेका थिए, जसमा बाङ्गाटिङ्गा सुनौला ग्रक्षरले लेखिएको थियो—"शान्ति! भूमि!" उनीहरू सबै युवकहरू थिए र सबैको ग्रनुहारमा स्पष्ट रूपमा पढ्न सकिन्थ्यो—उनीहरू मर्न पनि तयार छन्...। पेटीमा उभेको भीडले किञ्चित् त्रास र किञ्चित् तिरस्कारको भावनाले उनीहरूतिर हेर्दै थियो। भीड चुप थियो तर त्यस मौनतामा घृणाको भावना लुकेको थियो।

केरेन्स्की कहाँ छन् र लडाइँको मोर्चा कहाँ छ भन्ने कुरा स्टेसनमा कसैलाई पनि थाहा थिएन। फेरि ट्रेन पनि चास्कोंये सेलोभन्दा उता जाँदैनथ्यो।

हाम्रो डिब्बा गाउँलेहरूले खचाखच भरिएको थियो। उनीहरू शहरबाट नानाथरीका सामानहरू र सन्ध्या समाचारपत्रहरू लिएर ग्राउँदै थिए। बोल्शेभिक विद्रोहको कुरा चल्दै थियो। यो कुराकानी नभैदिएको भए ग्रहिले

सम्पूर्ण रसिया दुइटा कहिल्यै मिल्न नसक्ने शिविरहरूमा विभाजित छ र यो ट्रेन सीधै लडाईंको इलाकातिर जाँदै छ भन्ने कुरा कसैले पनि अन्दाज लगाउन सक्दैनथ्यो होला। हामीले झ्यालबाट देख्यौं छिटोछिटो फैलिन थालेको अन्धकारमा फौजका फौज सिपाहीहरू सडकबाट शहरतिर जाँदै थिए। उनीहरू बन्दुक हल्लाउँदै आपसमा बहस गर्दै थिए। ठूलठूला धुनी-हरूको प्रकाशमा हामीले देख्यौं, सिपाहीहरूले खचाखच भरिएको एउटा मालगाडी छेवैको लीगमा रोकिएको थियो। लडाईंका लक्षणहरू यत्तिकै थिए। हाम्रो पछाडि क्षितिजमा शहरबाट आएको बत्तीको प्रकाश धमिलिँदै रातको अन्धकारमा बिलाइरहेको थियो। टाढाको बस्तीमा एउटा ट्रामगाडी घिस्रिरहेको थियो।

चास्कोंये सेलो स्टेसन शान्त थियो, तर यत्रतत्र सिपाहीहरूका सानासाना समूहहरू देखिन्थे। उनीहरू मन्द स्वरमा गफ गर्दै थिए र गात्चिनाबाट रेल आउने खाली लीगतिर बरोबर चिन्तित दृष्टिले हेर्थे। मैले केही सिपाही-हरूसँग सोधें, उनीहरू कुन पक्षका हुन्। एक जना सिपाहीले भन्यो, "वास्तवमा भन्ने हो भने को सही छ, को गलत, हामीलाई राम्ररी थाहा छैन... केरेन्स्की फटाहा हो भन्ने कुरामा कुनै शङ्का छैन, तर हामीलाई लाग्दछ, रूसीहरूले आपसमा काटमार गर्नु पनि ठीक होइन"।

स्टेसन कमान्डेन्टको कार्यालयमा अग्लो कदको हँसिलो अनुहार भएको एक जना दाह्रीवाल सिपाही, जसको बाहुलामा सैनिक समितिको रातो पट्टी बाँधिएको थियो, पहरा दिँदै थियो। स्मोल्नीबाट हामीले पाएको अनुमति पत्रले उसमाथि ठूलो प्रभाव पाऱ्यो। यो सिपाही सोभियतहरूको समर्थक हो भन्ने कुरामा कुनै शङ्का थिएन। तर ऊ अलि अकमकिएको थियो।

"दुई घण्टाअगि मात्रै लाल गार्डहरू यहाँ आएका थिए, तर केही बेर-पछि उनीहरू निस्के। बिहान एक जना कमिसार आएका थिए, तर कजाक-हरू आइपुगेपछि उनी पेत्रोग्राद फर्के"।

"त्यसो भए अहिले यहाँ कजाकहरू छन्?"

उसले खिन्नतापूर्वक टाउको हल्लाउँदै भन्यो, "यहाँ लडाइँ चलेको थियो। कजाकहरू बिहान सबेरै आइपुगेका थिए। उनीहरूले हाम्रा दुई-तीन सय मानिसलाई गिरफ्तार गरे र पच्चीस जना जति मानिसहरूलाई त मारे पनि"।

"अहिले उनीहरू कहाँ छन्?"

"शायद नै धेरै टाढा पुगे होलान्। ठीक कहाँ होलान् भन्न गाह्रो

छ... त्यतातिर लागे होलान्..." उसले अनिश्चित भावले पश्चिमतिर हातको इशाराले देखायो।

हामीले स्टेसनको रेस्टुराँमा खाना खायौं। खाना निकै राम्रो थियो, पेत्रोग्रादमा भन्दा मीठो र सस्तो। हाम्रो नजिकै एक जना फ्रेन्च अफिसर बसेको थियो, ऊ भर्खरै मात्र गात्चिनाबाट पैदल हिंडेर यहाँ आइपुगेको थियो। उसले भन्यो, गात्चिनामा पूरा शान्ति छ। शहर केरेन्स्कीको हातमा छ। "यी रूसीहरू पनि गजबका छन्!" उसले आश्चर्यचकित हुँदै भन्यो। "यस्तो पनि कहिँ गृहयुद्ध हुन्छ र! गृहयुद्ध भन्छन्, सबै कुरा छ, तर लडाइँको अत्तोपत्तो छैन"।

हामी शहरतिर लाग्यौं। स्टेसनको ढोकामा सङ्गिनवाल बन्दुक भिरेका दुई जना सिपाही पहरा दिँदै थिए। लगभग सय जना जति बेपारीहरू, कर्मचारीहरू र विद्यार्थीहरूले ती सिपाहीहरूलाई घेरेका थिए। सम्पूर्ण भीड ती सिपाहीहरूमाथि गाली र व्यङ्ग्यवाणको वर्षा गर्दै थियो। सिपाहीहरू विनाअपराध सजाय पाएका केटाकेटीहरूजस्तै सङ्कोच अनुभव गर्दै थिए।

विद्यार्थीको वर्दी लगाएको एक जना अग्लो नवयुवक, जसको अनुहारमा अहङ्कारको भावना थियो, सबैभन्दा बढी प्रहार गर्दै थियो।

"मलाई लाग्छ, तपाईंहरू बुझ्नुहुन्छ", उसले ललकारपूर्ण स्वरमा भन्यो। "आफ्ना बन्धुहरूको विरुद्ध हतियार उठाएर तपाईंहरू आफूलाई हत्यारा र गद्दारहरूको हातमा खेलौना बनाउँदै हुनुहुन्छ?"

"होइन, भाइसाहेब," सिपाहीले गम्भीरतापूर्वक जवाफ दियो, "तपाईंले बुझ्नुभएको छैन। समाजमा दुइटा वर्ग हुन्छ—सर्वहारा र बुर्जुवा। हामी..."

"मलाई थाहा छ यो बाहियात बकबाद!"—विद्यार्थीले धृष्टतापूर्वक सिपाहीको कुरा काट्दै भन्यो। "तिमीजस्ता केही गँवार किसानहरूले यस्तो कुरा सुने, अनि त के चाहियो र, सुगाले जस्तो रट्न थाले! कसले यस्तो नारा दिँदै छ र यसको अर्थ के हो, तिमीहरूलाई कुनै चासो छैन!" भीडमा हाँसोको फोहरा छुट्यो... "म मार्क्सवादी हुँ! मेरो कुरा सुन्! जुन कुराको लागि तिमीहरू लड्दै छौ, त्यो समाजवाद होइन। त्यो अराजकतावादसिवाय अरू केही होइन र यो कुरा जर्मनहरूको लागि मात्रै लाभदायक छ"।

"हो म बुझ्छु", सिपाहीले जवाफ दियो। उसको निधारमा पसिनाका थोपा टल्किँदै थिए। "तपाईं पढेलेखेको मान्छे हुनुहुन्छ, म त सीधासादा अनपढ मान्छे ठहरिएँ। तर मलाई के लाग्छ भने..."।

विद्यार्थीले अति तिरस्कारपूर्वक उसको कुरा काट्दै भन्यो, "मलाई लाग्छ, लेनिन सर्वहारावर्गको वास्तविक मित्र हुन् भन्ने कुरामा तिमीलाई विश्वास छ?"

"हो, मलाई विश्वास छ", सिपाहीले जवाफ दियो। उसलाई बडो मुस्किल परिरहेको छ भन्ने कुरा स्पष्ट थियो।

"त्यसो भए, मेरो मित्र, के तिमीलाई थाहा छ, लेनिनलाई एउटा बन्द गाडीमा राखेर जर्मनीबाट पठाएका हुन्? लेनिनले जर्मनहरूबाट पैसा पाउने गरेको छ भन्ने कुरा तिमीलाई थाहा छ?"

"होइन, यस्तो कुरा मलाई थाहा छैन", सिपाहीले दृढपूर्वक भन्यो, "तर मलाई लाग्छ, लेनिन त्यही कुरा गर्नुहुन्छ, जुन म र मजस्ता सीधा-सादा मानिसहरू सुन्न चाहन्छन्। वास्तवमा नै दुई वर्गहरू छन्–बुर्जुवा र सर्वहारा..."

"धत्तेरी, कस्तो पटमूर्ख! भाइ, के तिमीलाई थाहा छ क्रान्तिकारी कारबाईमा भाग लिएबापत मैले श्लिस्सेलबुर्ग जेलमा दुई वर्ष बिताएको छु, त्यस बेला तिमी अझै क्रान्तिकारीहरूलाई गोलीले भुट्दै थियौ र गाउँदै थियौ–"ईश्वरले जारको रक्षा गरुन्!" मेरो नाम भासिली गेओर्गियेभिच पानिन हो। मेरो नाम कहिल्यै सुनेका छौ?"

"अहँ, कहिल्यै सुनेको छैन, माफ गर्नुहोला..." सिपाहीले नम्रतापूर्वक जवाफ दियो। "म अनपढ मान्छे ठहरिएँ। तपाईं निकै पराक्रमी देखिनुहुन्छ..."

"ठीक भन्यौ!" विद्यार्थीले गर्वपूर्वक भन्यो। "म बोल्शेभिकहरूको विरुद्ध सङ्घर्ष गर्दै छु किनभने तिनीहरू रसिया र हाम्रो स्वतन्त्र क्रान्तिलाई तहसनहस पार्न चाहन्छन्। अब के भन्छौ?"

सिपाहीले टाउको कन्यायो। "म के भन्न सक्छु र!" मानसिक बोझले गर्दा उसको मुख नै विकृत देखिन्थ्यो। "मेरो विचारमा सब कुरा स्पष्ट छ, तर म त अनपढ मान्छे ठहरिएँ! जे भए पनि वर्गहरूचाहिँ दुइटै छन्– सर्वहारा र बुर्जुवा..."

"फेरि पनि आफ्नो त्यही वाहियात फर्मुला रट्दै छौ!" विद्यार्थीले झर्किंदै भन्यो।

"मात्र दुइटा वर्गहरू छन्"–सिपाहीले दृढपूर्वक भन्यो। "कसैले एउटा वर्गको समर्थन गर्दैन भने त्यो अर्को वर्गको पक्षमा छ।"

हामी सडकमा निस्कयौं। सडकमा आकलझुकल देखिने बत्तीको प्रकाश

एकदम कम थियो। बाटोमा यदाकदा एकदुई जना मानिस देखापर्थे। शहरमा भयङ्कर सन्नाटा फैलिएको थियो। मानौं त्यो स्वर्ग र नरकबीचको कुनै पापमोचन भूमि थियो, राजनीतिक रूपमा तटस्थ भूमि। खालि हजामको पसलमा मात्रै झकमक्क बत्ती बलेको थियो र खुब भीड लागेको थियो। सार्वजनिक स्नानागारमा पनि मानिसहरूको लाइन लागेको थियो – शनिवार बेलुकीपखको समय थियो, यस दिन सम्पूर्ण रसिया नै नुहाइधुआइको काममा लागेको हुन्छ। त्यो साँझ हजामको पसलमा र स्नानागारमा सोभियत सैनिकहरू र कजाकहरू सँगसँगै एकै ठाउँमा शान्तिपूर्वक बसेका थिए भन्ने कुरामा कत्ति पनि शङ्का लाग्दैन।

हामी दरबार पार्कको जति नजिक पुग्थ्यौं, सडकहरू त्यत्तिकै बढी निर्जन देखिन्थे। एक जना भयभीत पादरीले हातको इशाराले हामीलाई सोभियत कार्यालय देखाइदिए र तुरुन्तै गायब भए। पार्कको सामुन्ने जुन दरबार थियो, त्यसैको एउटा लङ्गमा यो कार्यालय थियो। कार्यालयको ढोका बन्द थियो, झ्यालहरूमा बत्तीको प्रकाश देखिँदैनथ्यो। एक जना सिपाही त्यहीं नजिकै घुमिरहेको थियो। उसले शङ्कित दृष्टिले हामीलाई माथिदेखि तलसम्म हेऱ्यो र पाइन्टको खल्तीबाट हात ननिकालीकनै भन्यो, "दुई दिनपहिल्यै यहाँबाट सोभियत कार्यालय सरिसकेको छ"। "कता सरे?" उसले कुम हल्लाउँदै भन्यो, "निज्नायु" ("थाहा छैन")।

अलि पर पुगेपछि हामीले बत्तीको प्रकाशले जगमगाइरहेको एउटा ठूलो घर देख्यौं। घरभित्रबाट मुग्रो हिर्काएको आवाज आउँदै थियो। हामी भित्र पस्न हिचकिचाउँदै थियौं, यत्तिकैमा दुई व्यक्ति, सिपाही र नौसैनिक, एक अर्काको हात समातेर त्यहाँ आइपुगे। स्मोल्नीबाट आफूले पाएको अनुमतिपत्र देखाउँदै मैले उनीहरूसँग सोधें, "तपाईंहरू सोभियतहरूको समर्थक?" उनीहरूले केही जवाफ दिएनन् र भयभीत दृष्टिले एक अर्कालाई हेर्न थाले।

नौसैनिकले त्यस घरतिर देखाउँदै सोध्यो, "के हुँदै छ त्यहाँ?"

"खोइ, थाहा छैन"।

सिपाहीले हिचकिचाउँदै हात बढायो र बिस्तारै ढोका खोल्यो। भित्र ठूलो हल थियो। त्यो हल ध्वजापताका र सल्लाका हाँगाहरूले सजाइएको थियो। मेचका कतारहरू थिए र एउटा मञ्च बनाइँदै थियो।

एउटी हट्टीकट्टी आइमाई, जसको हातमा मुग्रो थियो र मुखभरि किल्ला, बाहिर निस्किन्। "के चाहियो?" – तिनले सोधिन्।

"आज राती कुनै खेल देखाइँदै छ?" नौसैनिकले असजिलो मान्दै सोध्यो।

"आइतवार राती सोखिन नाटक देखाइँदै छ," तिनले झर्किंदै भनिन्। "अहिले जानोस् यहाँबाट"।

हामीले सिपाही र नौसैनिकसँग कुराकानी गर्न खोज्यौं, तर उनीहरू भयभीत देखिन्थे र हडबडाएका थिए। हाम्रा प्रश्नहरूको जवाफै नदिई उनीहरू त्यस अन्धकारमा बिलाए।

धेरै टाढासम्म फैलिएका ती अँध्यारा बगैंचाहरूको छेउछेउ हुँदै हामी राजदरबारतिर अगि बढ्यौं। रातको अन्धकारमा विचित्र मण्डपहरू र बुट्टे-दार पुलहरूका अस्पष्ट आकृतिहरू देखिन्थे, झरनाहरूबाट पानी बगेको मधुर आवाज आउँदै थियो। एक ठाउँमा, जहाँ एउटा नकली गुफाको मुहानमा एउटा अनौठो नकली हाँसको मुखबाट पानीको धारा बग्दै थियो, हामीले एक्कासि अनुभव गऱ्यौं, कसैले एकटकले हामीतिर हेर्दै छ। हामीले टाउको उठाएर हेऱ्यौं–पाँच-छ जना हट्टाकट्टा हतियारबन्द सिपाहीहरूको शङ्कित तथा क्रुद्ध दृष्टिसँग हाम्रो आँखा जुध्यो। नजिकैको चउरबाट उनी-हरू एकटकले हामीतिर हेर्दै थिए। हामी उनीहरू उभिएको ठाउँमा गयौं र सोध्यौं, "तपाईंहरू को?"

"हामी यहाँका प्रहरीहरू हौं," उनीहरूमध्ये एक जनाले जवाफ दियो। ती सबै प्रहरीहरू अति थकित देखिन्थे। हुन पनि हप्तौंहप्तासम्म रातदिन बहस गर्दा यी मानिसहरू अति थाकिसकेका थिए।

"तपाईंहरू केरेन्स्कीका समर्थक कि सोभियतहरूका?"

एक छिन त कसैले केही जवाफ दिएन। सिपाहीहरू अनिश्चित भावले एक अर्काको मुख हेर्न थाले। अन्तमा एक जनाले जवाफ दियो, "हामी तटस्थ बसेका छौं"।

विशाल इकातिना प्रासादको तोरण द्वारबाट हामी दरबारको चोकमा आइपुग्यौं र सोध्न थाल्यौं, स्टाफ कहाँ छ? दरबारको गोलाकार खण्डको एउटा ढोकाबाहिर उभेको प्रहरीले भने, कमान्डेन्ट भित्र कतै हुनुपर्छ।

एउटा दुईमुखे आतसखानद्वारा दुई असमान भागमा विभाजित एक सुन्दर सेतो कोठामा केही अफिसरहरू उभेर चिन्तित भावले कुरा गर्दै थिए। उनीहरू अति थकित र चिन्तित देखिन्थे। यी मानिसहरूले राती सुत्न पाएका छैनन् भन्ने कुरा स्पष्ट थियो। हामी दाऱ्ही फुलिसकेको एक जना अधबैंसे

अफिसरतिर लाग्यौं। उनको वर्दी तक्मैतक्माले भरिएको थियो। उनी कर्नेल थिए। हामीले उनलाई आफ्नो अनुमतिपत्र देखायौं।

उनले आश्चर्यचकित हुँदै विनम्र भावले सोधे, "तपाईंहरू कसरी यहाँ जिउँदै आइपुग्नुभयो? यस बेला सडकमा हिंड्नु भनेको ज्यान खतरामा पार्नु हो। चास्कोंये सेलोमा राजनीतिक उत्तेजना अति चर्किएको छ। आज बिहान लडाइँ चलेको थियो, भोलि बिहान फेरि लडाइँ हुनेछ। बिहान आठ बजे केरेन्स्की शहरभित्र पस्नेछन्"।

"कजाकहरू कहाँ छन् नि?"

"यहाँबाट करिब एक माइल टाढा, ऊ त्यतातिर"—उनले हातको इशाराले देखाउँदै भने।

"तपाईंहरू उनीहरूको हमलाबाट शहरलाई बचाउन चाहनुहुन्छ?"

"के रे? होइन भाइसाहेब!" उनले हाँस्दै भने। "हामीले केरेन्स्कीको लागि नै शहर कब्जा गरेका हौं"। यो कुरा सुनेर हाम्रो मुख अँध्यारो भयो, किनभने हाम्रो अनुमतिपत्रमा स्पष्ट रूपमा लेखिएको थियो—हामी पक्का क्रान्तिकारी हौं। कर्नेलले खोक्दै भन्यो, "अँ, तपाईंहरूको अनु-मतिपत्रबारे पनि कुरा गरिहालौं। कतै गिरफ्तार हुनु भो भने तपाईंहरू ठूलो खतरामा पर्नु हुनेछ। त्यसै कारणले यदि तपाईंहरू लडाइँ हेर्न चाहनु-हुन्छ भने म तपाईंहरूलाई अफिसरहरूको होटेलको एउटा कोठामा पुऱ्याइ-दिने आदेश दिन्छु। बिहान सात बजे मकहाँ आउनुहोला, म तपाईंहरूलाई नयाँ पास दिन्छु"।

"त्यसो भए तपाईं केरेन्स्कीको समर्थक हुनुहुन्छ?" हामीले सोध्यौं।

"केरेन्स्कीकै **समर्थक** भन्न त गाऱ्है पर्ला," कर्नेलले अलि अकमकिँदै जवाफ दियो। "वास्तवमा कुरा के हो भने हाम्रो गैरिसनका बहुसङ्ख्यक सिपाहीहरू बोल्शेभिकहरूलाई समर्थन गर्दछन्। आज बिहानको लडाइँपछि उनीहरू पेत्रोग्रादतिर लागे र तोपखाना पनि आफूसँगै लिएर गए। वास्तवमा केरेन्स्कीको समर्थन गर्ने एक जना पनि सिपाही छैन भने हुन्छ। जहाँसम्म **अफिसरहरूको** कुरा छ, झण्डै सबैजसो केरेन्स्कीतिर लागिसकेका छन् अथवा चुपचाप घरतिर लागे। हामीचाहिँ..., देखिहाल्नु भो हामीचाहिँ सबैभन्दा कठिन अवस्थामा छौं।"

यहाँ साँच्चिकै लडाइँ हुँदै छ भन्ने कुरामा हामीलाई विश्वास लागेन... कर्नेलले हामीलाई बिदा गर्न बडो सौजन्यतापूर्वक स्टेसनसम्म आफ्नो अर्दली

साथ लाइदिए। अर्दली दक्षिणवासी थियो। ऊ बेसाराबियाको एउटा फ्रेन्च प्रवासी परिवारमा जन्मेको थियो।

बाटोभरि ऊ एउटै कुरा दोहोऱ्याउँदै थियो, "मलाई न खतराको वास्ता छ, न दुःखकष्ट कै। एउटै पीर छ, मेरी विचरी आमासँग भेट नभएको धेरै भयो... पूरा तीन वर्ष बितिसक्यो..."

हाम्रो ट्रेन सर्दी र अन्धकारलाई चिर्दै पेत्रोग्रादतिर दौडिरहेको थियो, मैले ट्रेनको झ्यालबाट देखें—धूनीहरूको वरिपरि झुण्डका झुण्ड सिपाहीहरू हात हल्लाउँदै कुरा गरिरहेका थिए। चौबाटाहरूमा बख्तरबन्द गाडीहरू राखिएका थिए। ती गाडीहरूका ड्राइभरहरू टरेटबाट टाउको निकालेर एक अर्कासँग कुरा गर्दै थिए...

किंकर्तव्यविमुढ भएका नेतृत्वहीन सिपाहीहरू र लाल गार्डहरू त्यस अशान्त रातमा उजाड मैदानहरूमा भौंतारिंदै थिए। यस्ता समूहहरू एक अर्कासँग टकराउँदथे र मिसिन्थे। सैनिक क्रान्तिकारी समितिका कमिसारहरू एक समूहबाट अर्को समूहतिर दौडँदै थिए र येनकेन प्रकारले नगरको प्रतिरक्षा सङ्गठन गर्ने प्रयास गर्दै थिए...।

शहर फर्केपछि हामीले देख्यौं नेभ्स्की मार्गमा उत्तेजित मानिसहरूको भीड लागेको थियो। विभिन्न समूहहरू सडकको विभिन्न दिशातिर लाग्दै थिए। वातावरण निकै उत्तेजित थियो। वार्सा स्टेसनबाट गोलाबारीको आवाज आउँदै थियो। युङ्केर स्कूलहरूमा खैलाबैला थियो। दुमाका सदस्य-हरू एउटा ब्यारेकबाट अर्को ब्यारेकमा जाँदै थिए। उनीहरू सिपाहीहरूसँग बहस गर्थे, उनीहरूलाई सम्झाउँथे बुझाउँथे र बोल्शेभिक आतङ्कका भयङ्कर कथाहरू सुनाउँदथे—शिशिर प्रासादमा युङ्केरहरूको कत्लेआम गरियो, महिला सैनिकहरूलाई बलात्कार गरियो, दुमा भवनसामुन्ने एउटी युवती-लाई गोली हिर्काएर मारियो, शाहजादी तुमानोभको हत्या गरियो...। दुमा भवनको अलेक्सान्दर हलमा उद्धार समितिको विशेष अधिवेशन चल्दै थियो। कमिसारहरू हतारहतार यताउता जाँदै थिए... स्मोल्नीबाट धपाइए-का सबै पत्रकारहरू यहाँ भेला भएका थिए। उनीहरू निकै उत्साहित देखिन्थे। चार्स्कोये सेलोबारे हाम्रो विवरणमा उनीहरूले विश्वास गरेनन्। पर्खनोस्, चार्स्कोये सेलो केरेन्स्कीको हातमा छ र कजाकहरू पुल्कोभो पुगि-सकेका छन् भन्ने कुरा सबैलाई थाहा छ। स्टेसनमा केरेन्स्कीको स्वागत गर्न

एक विशेष समिति छानिँदै थियो, उनी बिहानसम्मा पेत्रोग्राद आइपुग्नु-पर्थ्यो...।

एक जना पत्रकारले कसैलाई नबताउने वचन लिँदै मलाई भने, मध्य-रातमा प्रतिक्रान्ति सुरु हुँदै छ। एउटामा, जसमा गोच र पाल्कोभ्निकोभको हस्ताक्षर थियो, युङ्केर स्कूलहरूका विद्यार्थीहरू, अस्पतालहरूमा उपचार गराइरहेका सिपाहीहरू र सेन्ट जर्ज शूरवीरहरूलाई लडाइँको लागि तयार भएर बस्ने र उद्धार समितिको आदेश पर्खने अनुरोध गरिएको थियो। अर्को घोषणामा, जुन स्वयम् उद्धार समितिद्वारा जारी गरिएको थियो, लेखिएको थियो –

"पेत्रोग्रादका जनताको नाममा!

साथीहरू, मजदुरहरू, सिपाहीहरू तथा क्रान्तिकारी पेत्रोग्रादका नाग-रिकहरू!

बोल्शेभिकहरू एकातिर मोर्चाहरूमा शान्तिको लागि आह्वान गर्दै छन् भने अर्कोतिर देशभित्र गृहयुद्धको लागि मानिसहरूलाई भड्काउँदै छन्।

उनीहरूको षड्यन्त्रकारी अपिलमा ध्यान नदिनुहोला!

खाडलहरू खन्ने काम बन्द गर्नोस्!

हतियार छोड्नोस्!

गद्दारीपूर्ण बैरिकेडहरूको सत्यानाश होस्!

सिपाहीहरू, आआफ्ना ब्यारेकहरूमा फर्कनुहोस्!

पेत्रोग्रादमा सुरु भएको लडाइँ क्रान्तिको हत्या हो!

स्वतन्त्रता, भूमि र शान्तिको लागि मातृभूमि र क्रान्तिको उद्धार समि-तिवरिपरि ऐक्यबद्ध हुनोस्!"

हामी दुमा भवनबाट निस्कँदा त्यस अँध्यारो शून्य सडकमा एउटा लाल गार्ड कम्पनी मार्च गर्दै आइरहेको थियो – उनीहरूको अनुहारमा कठोर भाव-ना थियो, उनीहरू लड्न मर्नको लागि तयार थिए। उनीहरूसँगसँगै दस बान्ह जना कैदीहरू आउँदै थिए – ती कजाक परिषद्को स्थानीय शाखाका सदस्यहरू थिए। उनीहरू आफ्नो प्रधान कार्यालयमा प्रतिक्रान्तिकारी षड्यन्त्र रचिरहेको बेला समातिएका थिए।

एक जना सिपाहीले, जोसँग एउटा भाँडो बोकेको केटो जाँदै थियो, ठूलठूला सेता पोस्टरहरू टाँस्दै थियो –

"वर्तमान आदेशद्वारा पेत्रोग्राद शहर र शहरवरिपरिका इलाकाहरूमा कर्फ्यू घोषणा गरिन्छ। अर्को आदेश नआउञ्जेलसम्म सडकहरूमा र कुनै पनि खुला ठाउँमा सबै प्रकारका सभाहरू तथा भेलाहरू मनाही गरिन्छ।

सैनिक क्रान्तिकारी समितिका अध्यक्ष नि० पद्भोइस्की"

हामी घरतिर लाग्यौं। वातावरण विभिन्न प्रकारका आवाजहरूले भरिपूर्ण थियो– मोटरको हर्न, मानिसहरूको चिच्च्याहट, गोली चलेको आवाज। शहर बिउँझदै थियो–क्रुद्ध तथा चिन्तित।

बिहान सबेरै युङ्केरहरूको एउटा कम्पनी सेम्योनभ्स्की रेजिमेन्टको वर्दी लगाएर टेलिफोन एक्सचेन्जमा ठीक पहरा बदलिने समयमा आइपुग्यो। उनीहरूलाई बोल्शेभिक सङ्केत शब्द थाहा थियो र विना कुनै वाधाअडचन टेलिफोन एक्सचेन्ज कब्जा गरे। केही मिनेटपछि निरीक्षणको सिलसिलामा आन्तोनोभ त्यहाँ आइपुगे। युङ्केरहरूले उनलाई गिरफ्तार गरे र एउटा सानो कोठामा थुने। जब मदतको लागि सिपाहीहरू आइपुगे, गोलीको वर्षाद्वारा उनीहरूको स्वागत गरियो। केही सिपाहीहरू मारिए।

प्रतिक्रान्ति सुरु भयो।

आठौं अध्याय

प्रतिक्रान्ति

भोलि पल्ट बिहान, आइतवार ११ नोभेम्बरको दिन कजाकहरूले चार्स्कोये सेलोमा प्रवेश गरे। स्वयम् केरेन्स्कीले (१) सेतो घोडा चढेका थिए। उनीहरूको स्वागतमा शहरका सबै गिर्जाघरहरूका घण्टाहरू बज्दै थिए। शहरबाहिर एउटा सानो थुम्कोबाट सुन्दर मिनारहरू र रङ्गीविरङ्गी गुम्बजहरू टाढाटाढासम्म फैलिएको विशाल मैदानमा अवस्थित राजधानीका एकनासे भवनहरूका अस्पष्ट आकृतिहरू देखिन्थे। मैदानपछाडि इस्पाती रङ्गको फिनल्याण्ड खाडी थियो।

लडाइँ त चलेन, तर केरेन्स्कीले एउटा भयङ्कर गल्ती गरिहाले। बिहान सात बजे उनले द्वितीय चार्स्कोये सेलो राइफल्सलाई हतियार सुम्पन अन्तिमेत्थम् पठाए। सिपाहीहरूले जवाफ पठाए, उनीहरू तटस्थ बस्नेछन्, नर हतियार छोड्नचाहिँ तयार छैनन्। केरेन्स्कीले सोचविचार गर्न उनीहरूलाई दस मिनेटको समय दिए। यस कुराले सिपाहीहरूलाई क्रोधित तुल्यायो। आठ महिना भइसक्यो उनीहरूले आफ्नो समितिको आदेशसिवाय अरू कसैको आदेश पालना गरेका थिएनन्, तर यो त त्यही जारशाही जमानाको धाकधम्की ठहरियो... केही मिनेटपश्चात् कजाकहरूले आफ्नो तोपखानाबाट ब्यारेकहरूमा गोलाबारी गर्न थाले। आठ जना सिपाहीहरू मारिए। यस बेलादेखि चार्स्कोये सेलोमा एक जना पनि "तटस्थ" सिपाही बाँकी रहेन।

गोली पडकेको आवाज र सिपाहीहरूले मार्च गरेको भयङ्कर पदचापले पेत्रोग्राद शहरलाई बिउँझाइदियो। आकाश मेघाच्छादित थियो र चिसो बतासले हिउँ पर्ने आभास दिँदै थियो। बिहान सबेरै युङ्केरहरूको एउटा ठूलो फौजले सैनिक होटेल र आकाशवाणी अड्डा कब्जा गरे, तर रक्तपात-पूर्ण युद्धपश्चात् उनीहरू त्यहाँबाट लखेटिए। नौसैनिकहरूले टेलिफोन एक्स-चेन्ज घेरे। उनीहरू मार्स्काया मार्गको बीचमा पीपा, बाकस र टिनका

पाताहरूबाट बनाइएको बैरिकेडपछाडिबाट र गारोखोभ्स्काया तथा इसाकियेभ्स्काया चोकको मोडमा लुकेर गोली चलाउँदै थिए। बाटोमा कुनै मानिस अथवा कुनै कुरा देखा पर्नासाथ उनीहरू हिर्काइहाल्थे। कहिलेकाहिँ रेडक्रसको झण्डा लगाइएका मोटरहरू ओहोरदोहोर गर्थे। नौसैनिकहरू त्यस्ता गाडीहरूलाई छोडिदिन्थे।

त्यस बेला अल्बर्ट रिस विल्यम्स* टेलिफोन एक्सचेन्जमा थिए। घाइते मानिसहरू ओसार्ने बहानाले रेडक्रसको झण्डा लगाइएको मोटर त्यहाँबाट निस्कँदा उनी पनि त्यसै मोटरमा बसेका थिए। शहरमा यताउता चक्कर लगाइसकेपछि त्यो मोटर घुमाउरा बाटाहरू हुँदै प्रतिक्रान्तिको केन्द्र मिखाइल युङ्केर स्कूलमा पुग्यो। स्कूलको चोकमा एक जना फ्रेन्च अफिसर उभेको थियो, जो प्रत्यक्षत: यी कारबाईहरूको सञ्चालन गर्दै थियो... यस प्रकारले गोलाबारुद र अन्य सामग्रीहरू टेलिफोन एक्सचेन्जमा पुऱ्याइन्थे। यस्ता बीसौं एम्बुलेन्स गाडीहरूले युङ्केरहरूलाई सन्देश र गोलाबारुद पुऱ्याउने काम गर्थे।

युङ्केरहरूको हातमा पाँच-छ वटा बख्तरबन्द गाडीहरू थिए, जुन वास्तवमा वियोजित ब्रिटिस बख्तरबन्द गाडी डिभिजनको सम्पत्ति थियो। लुइज ब्रैअान्ट ** इसाकियेभ्स्काया चोकबाट जाँदै थिइन्, तिनले एउटा बख्तरबन्द गाडी एडमिरेल्टी भवनबाट टेलिफोन स्टेसनतिर गइरहेको देखिन्। गोगल मार्गको मोडमा, जहाँ लुइज ब्रैअान्ट उभेकी थिइन्, त्यो गाडी रोकियो। केही नौसैनिकहरूले, जो दाउराको खलियोपछाडि लुकेर बसेका थिए, गोली चलाउन सुरु गरे। गाडीको टरेटभित्र मेसिनगन यताउता घुम्यो र त्यसपछि दाउराको खलियो र वरिपरिको भीडमाथि अन्धाधुन्ध गोली चलाउन थाल्यो। जुन गुम्बजमुनि लुइज ब्रैअान्ट उभेकी थिइन्, त्यहाँ सात जना मानिस मारिए, जसमध्ये दुई जना नाबालकहरू पनि थिए। एक्कासि नौसैनिकहरू चिच्च्याउँदै हामफाल्दै आफू लुकेको ठाउँबाट निस्के र अगि बढ्न थाले। उनीहरूले त्यस विकराल गाडीलाई घेरामा पारे र गोलाबारीको

---

* **अल्बर्ट रिस विल्यम्स**, जोन रिडका मित्र तथा पत्रकार। अमेरिकी सार्वजनिक जीवनमा एक प्रगतिशील कार्यकर्ताको रूपमा विख्यात। समाजवादी व्यवस्थाको स्थापनार्थ सोभियत सङ्घमा चलिरहेको सङ्घर्षबारे उनले कतिपय पुस्तकहरू लेखे। —सं०

** **लुइज ब्रैअान्ट** (१८९०-१९३६)— अमेरिकी लेखिका, जोन रिडकी पत्नी तथा सहयोगी। —सं०

वास्तै नगरी गाडीका सबै प्वालहरूमा सङ्गिनले घोच्न थाले... बख्तरबन्द गाडीको ड्राइभरले घाइते भएको बहाना गऱ्यो र नौसैनिकहरूले उसलाई छोडिदिए। ऊ दौड्दै दुमा कार्यालयमा पुग्यो। यसरी बोल्शेभिक पाशविकताका कथाहरूमा एउटा अर्को कथा थपियो... मृत व्यक्तिहरूमध्ये एक जना ब्रिटिस अफिसर पनि थियो।

पछि समाचारपत्रहरूले एक जना फ्रेन्च अफिसरबारे खबर छापे, जो युङ्केरहरूको एउटा बख्तरबन्द गाडीमा समातिएका थिए र पेत्रोपाभ्लोभ्स्काया किल्लामा पठाइएका थिए। फ्रेन्च दूतावासले अविलम्ब यस समाचारको खण्डन गऱ्यो, परन्तु एक जना नगर सभासद्ले मलाई भनेका थिए, उनले स्वयम् त्यस अफिसरलाई जेलबाट छुटाएका हुन्...। मित्रराष्ट्रहरूका दूतावासहरूको औपचारिक दृष्टिकोण जस्तोसुकै भए तापनि यस बेला फ्रान्सेली तथा अङ्ग्रेजी अफिसरहरू व्यक्तिगत रूपमा निकै सक्रिय थिए—कहाँसम्म भने उनीहरू उद्धार समितिका कार्यकारी अधिवेशनहरूमा समेत परामर्शदाताको रूपमा भाग लिन्थे।

दिनभरि शहरको प्रत्येक बस्ती र इलाकामा युङ्केरहरू र लाल गार्डहरू-बीच मुठभेटहरू भइरहे, बख्तरबन्द गाडीहरूबीच लडाइँ चलिरह्यो। टाढा नजिक यत्रतत्र गोली चल्दै थियो, बराबर गोली चलेको आवाज अथवा मेसिनगन चलाइएको आवाज सुनिन्थ्यो। पसलहरूका फलामे पर्दाहरू बन्द थिए, तर कारोबार भने चल्दै थियो। सबै टेलिफोनहरू काम गर्दै थिए। 'सेन्टर' फोन गर्दा टेलिफोनमा गोली चलेको आवाज स्पष्ट रूपमा सुनिन्थ्यो... स्मोल्नीको टेलिफोन लाइन काटिएको थियो, तर दुमा र उद्धार समितिको सबै युङ्केर स्कूलहरूसँग र चार्स्कोये सेलोमा केरेन्स्कीसँग सम्पर्क कायम थियो।

बिहान सात बजे सिपाहीहरू, नौसैनिकहरू तथा लाल गार्डहरूको एउटा गस्ती दल भ्लादिमिर युङ्केर स्कूलमा आइपुग्यो। उनीहरूले युङ्केरहरूलाई हतियार सुम्पन बीस मिनेटको समय दिए। युङ्केरहरूले यो अन्तिमेत्थम् स्वीकार गरेनन्। एक घण्टापश्चात् युङ्केरहरूले हमला गर्ने प्रयास गरे, तर ग्रेबेच्काया सडक र बाल्शोइ मार्गको मोडबाट अन्धाधुन्ध गोली वर्षन थाल्यो र युङ्केरहरू पछि हट्न बाध्य भए। सोभियत सेनाले स्कूल भवन घेरे र गोली चलाउन सुरु गरे। दुइटा बख्तरबन्द गाडीहरू, जसका मेसिन-गनहरूबाट निरन्तर गोलीको वर्षा हुँदै थियो, यताउता गर्दै थिए। युङ्केरहरूले फोनबाट मदत मागे। कजाकहरूले जवाफ दिए, उनीहरू आफ्नो ब्यारेकबाट

निस्कने हिम्मत गर्न सक्दैनन्, किनभने नौसैनिकहरूको एउटा ठूलो टुकडीले, जोसँग दुइटा तोपहरू पनि छन्, उनीहरूको ब्यारेक घेरामा पारेका छन्। पाभेल स्कूल पनि घेरामा परेको थियो। अधिकांश मिखाइल युङ्केरहरू सडकमा लडाइँ चलाउँदै थिए...

साढे एघार बजे तीन वटा तोपहरू ल्याइपुऱ्याए। युङ्केरहरूसँग फेरि पनि आत्मसमर्पण गर्ने माग गरियो, तर युङ्केरहरूले सेतो झण्डा बोकेर आत्मसमर्पण प्रस्ताव राख्न आएका दुई जना सोभियत प्रतिनिधिहरूलाई मारेर यस मागको उत्तर दिए। त्यसपछि भयङ्कर गोलाबारी सुरु भयो। स्कूल भवनका भित्ताहरूमा ठूलठूला प्वालहरू देखा पर्न थाले। युङ्केरहरूले ज्यानको बाजी लगाएर आत्मरक्षा गरे। लाल गार्डहरूको एकपछि अर्को लहर चिच्च्याउँदै हमला गर्थ्यो, तर सबै गोलीले भुटिन्थे... चास्कोये सेलोबाट केरेन्स्कीले फोनबाट आदेश पठाए—सैनिक क्रान्तिकारी समितिसँग कुनै पनि प्रकारको वार्ता नचलाइयोस्।

हमलाको असफलता र लासहरूको ऱ्हासले गर्दा पागल बनेका सोभियत सैनिकहरूले त्यस स्कूल भवनमाथि यस्तो भयङ्कर गोलाबारी सुरु गरे, लाग्थ्यो मानौं त्यस भवनमाथि फलाम र आगोको वर्षा हुँदै छ। स्वयम् सोभियत कमान्डरहरूले यो भयङ्कर गोलाबारी रोक्न सकेनन्। किरिल्लोभ नामक स्मोल्नीका एक जना कमिसारले रोक्ने प्रयास गरेका थिए तर सिपाहीहरूले उनैलाई मार्ने धम्की दिए। अब कुनै पनि शक्तिले ती लाल गार्डहरूलाई रोक्न सक्दैनथ्यो।

साढे दुई बजे युङ्केरहरूले सेता झण्डा देखाए—यदि उनीहरूको सुरक्षाको ग्यारेण्टी दिइन्छ भने उनीहरू हतियार छोड्न तयार छन्। त्यस्तो ग्यारेण्टी दिइयो। हजारौं सिपाहीहरू र लाल गार्डहरू चिच्च्याउँदै कराउँदै झ्याल, ढोका, भित्ताका प्वालहरूबाट भित्र पसे। कसैले केही भन्ने मौका पाएका थिएनन्, पाँच जना युङ्केरहरूलाई सङ्गिनले घोचेर मारियो। बाँकी करिब दुई सय जना युङ्केरहरूलाई सानासाना दलहरूमा बाँडेर, जसले गर्दा मानिसहरूको ध्यान उनीहरूमाथि नपरोस्, सिपाहीहरूको निगरानीमा पेत्रोपाभ्लोभ्स्काया किल्ला पठाइयो। तैपनि बाटोमा एउटा भीडले उनीहरूमाथि हमला गऱ्यो र अरू आठ जना युङ्केरहरू मारिए... यस लडाइँमा सयभन्दा बढी सिपाहीहरू र लाल गार्डहरू मारिए...

दुई घण्टापछि दुमामा टेलिफोनबाट खबर पठाइयो—सोभियत विजेताहरू इन्झेनेर्नी जामक (इन्जिनियर स्कूल) तिर अगि बढ्दै छन्। दुमाले तुरुन्तै

आफ्ना बाह्र जना सदस्यहरूलाई उनीहरूको बीचमा उद्धार समितिको घोषणापत्र बाँड्न पठायो। उनीहरूमध्ये कतिपय फर्केनन्... बाँकी सबै युङ्केर स्कूलहरूले विनाप्रतिरोध आत्मसमर्पण गरे र सबै युङ्केरहरू विना कुनै कठिनाइ पूर्ण हिफाजतसाथ पेत्रोपाभ्लोभ्स्काया किल्ला र क्रोन्श्तादत पुऱ्याइए।

टेलिफोन एक्सचेन्ज साँझसम्म युङ्केरहरूकै हातमा रह्यो। साँझपख एउटा बोल्शेभिक बख्तरबन्द गाडी आइपुग्यो र नौसैनिकहरूले त्यस भवनमाथि हमला गरे। एक्सचेन्ज कार्यालयमा काम गर्ने भयभीत केटीहरू हल्ला मच्चाउँदै यताउता दौडिरहेका थिए। युङ्केरहरूले आफ्नो वर्दीबाट बिल्ला आदि त्यस्ता सबै कुरा निकाले, जसबाट उनीहरूलाई चिन्न सकिन्थ्यो, एक जनाले भेष बदल्नको लागि विल्यम्ससँग उनको ओभरकोट मागे। उनी ओभरकोटको सट्टा कुनै पनि कुरा दिन तयार थिए... "उनीहरूले हामीलाई खतम पार्नेछन्, खतम पार्नेछन्!" युङ्केरहरू चिच्च्याउँदै थिए। उनीहरूमध्ये धेरैले शिशिर प्रासादमा समातिँदा जनताको विरुद्ध कहिल्यै हात उठाउने छैनन् भन्ने वचन दिएका थिए। विल्यम्सले भने, आन्तोनोभ छोडिएको खण्डमा उनी मध्यस्थता गर्न तयार छन्। आन्तोनोभलाई तुरुन्तै छोडिदिए। आन्तोनोभ र विल्यम्सले विजयी नौसैनिकहरूसमक्ष भाषण गरे, जो आफ्ना धेरै साथीहरू मारिएकाले अति क्रुद्ध थिए... फेरि एक पटक युङ्केरहरू छोडिए... सिवाय दुई चार जना ती अभागीहरू, जो हडबडाहटमा छानबाट हाम फाल्न तयार थिए अथवा माथि बुइँगलमा लुकेर बसेका थिए र भेट्टाइएपछि तल सडकमा फ्याँकिए।

थकाइ र रिसले चूर भएका ती विजयी नौसैनिकहरू तथा मजदुरहरू टेलिफोन एक्सचेन्जको स्विचबोर्ड कक्षभित्र पसे र त्यहाँ त्यतिका सुन्दरी युवतीहरूलाई देख्दा अकमक्किए र चुपचाप उभिए। कुनै पनि केटीलाई छोएनन्, कसैको बेइज्जति भएन। केटीहरू डरले काँप्दै एउटा कुनामा गुचमुचिएर बसेका थिए। तर जब कुनै खतरा छैन भन्ने कुरा उनीहरूले बुझे, उनीहरूले आफ्नो रिस पोख्न थाले। "थू! घीनलाग्दा फोहरीहरू! गँवारहरू! पटमूर्खहरू! .." ती नौसैनिकहरू र मजदुरहरू अकमक्क परे। केटीहरू आफ्ना कोट र टोपी लाउँदै चिच्च्याइरहेका थिए, "गधाहरू! जङ्गलीहरू!" केही बेरपहिले मात्र उनीहरूले आफ्ना उत्साही तरुण रक्षकहरूलाई कार्तोस दिँदा र उनीहरूको घाउमा मलमपट्टी लगाउँदा ठूलो रोमाञ्च अनुभव गरेका थिए! धेरैजसो युङ्केरहरू अभिजात परिवारहरूबाट आएका थिए र उनी-

हरूको प्रिय जारको शासन फर्काउन सङ्घर्ष गर्दै थिए। तर यिनीहरू त सामान्य मजदुरहरू र किसानहरू ठहरिए... "गँवारहरू!"

सैनिक क्रान्तिकारी समितिका कमिसार फुच्चे भिश्न्याकले केटीहरूलाई आफ्नो काम छोडेर नजाने अनुरोध गरे। उनले धेरै बिन्तीभाउ गरे। "तपाईं-हरूसँग कहिल्यै राम्रो व्यवहार गरिएन", उनी भन्दै थिए। "टेलिफोन व्यवस्था नगर दुमाको हातमा छ। तपाईंहरू महिनाको जम्मा साठी रूबल पाउनुहुन्छ, दस घण्टा र अझ त्यसभन्दा पनि बढी काम गर्नुपर्छ... अबदेखि सबै कुरा अर्कै हुनेछ। सरकार टेलिफोन एक्सचेन्जलाई हुलाक तथा आकाश-वाणी मन्त्रालयको मातहत राख्न चाहन्छ। तपाईंहरूको वेतन अविलम्ब बढाइनेछ र डेढ सय रूबल पुऱ्याइनेछ, तपाईंहरूको कार्य घण्टा घटाइनेछ। मजदुरवर्गको सदस्यको रूपमा तपाईंहरूलाई खुसी लाग्नुपर्ने हो।"

"**मजदुरवर्गका सदस्य रे**! के उनी भन्न चाहन्छन् यी... यी जङ्गली-हरू र हामीबीच कुनै समानता हुनसक्छ? काम नछोड्ने रे? हुन्न, कदापि हुन सक्दैन! हजार रूबल दिए पनि हामी काम गर्न तयार छैनौं!.." घृणा र द्वेषको भावनाले उत्तेजित ती केटीहरू त्यहाँबाट निस्के।

एक्सचेन्जका सामान्य कर्मचारीहरू, लाइनमैन र मजदुरहरूले काम छोडेनन्। तर स्विचबोर्डहरू चलाउनुपर्थ्यो—टेलिफोन अति महत्त्वपूर्ण कुरा थियो... जम्मा ६ जना तालिमप्राप्त अपरेटरहरू बाँकी रहे। कसैले स्वेच्छाले काम गर्न चाहन्छ?—सोधियो। सयौं नौसैनिकहरू, सिपाहीहरू र मजदुरहरू काम गर्न तयार भए। ६ जना केटीहरू कहिले यता जान्थे, कहिले उता, सिकाउँदै, मदत गर्दै, हप्काउँदै... यस प्रकारले टेलिफोन एक्सचेन्जले फेरि काम गर्न थाल्यो, मुख्य कुरा फेरि काम गर्न थाल्यो—तारहरूमा फेरि ध्वनि संचारित भयो। सबैभन्दा पहिले ब्यारेकहरू र कारखानाहरूसँग स्मोल्नीको सम्बन्ध जोड्नु थियो, त्यसपछि दुमा र युङ्केर स्कूलहरूसँगको सम्बन्ध विच्छेद गरियो... साँझसम्ममा यो खबर शहरभरि फैलियो। सयौं बुर्जुवाहरू आफ्नो टेलिफोनबाट चिच्च्याउन थाले—"गँवारहरू! चण्डालहरू! तिमीहरूले धेरै दिन टिकौला भन्ने सोचेका छौ? पर्ख, कजाकहरूलाई त आउन देऊ!"

रात पर्न थालिसकेको थियो। नेभ्स्की मार्गमा, जहाँ चिसो बतास चल्दै थियो, एक जना मान्छे हिंडेको देखिँदैनथ्यो, खालि कजान गिर्जाघरको सामुन्ने भीड थियो—केही मजदुरहरू, अलिकता सिपाहीहरू र बाँकी पसले-हरू, क्लर्कहरू र त्यस्तै अरू मानिसहरू। उनीहरूको बीचमा त्यही पुरानो, कहिल्यै नसकिने बहस चल्दै थियो।

"लेनिनले जर्मनहरूलाई शान्ति सम्झौतामा हस्ताक्षर गराउन बाध्य तुल्याउन सक्नुहुन्न!" कसैले चर्को स्वरमा भन्यो।

एक जना युवा सैनिकले उत्तेजित हुँदै जवाफ दियो, "यसको लागि दोषी को? सब दोष तपाईंहरूको केरेन्स्कीको हो, त्यही पुँजीवादी टट्टूको! सत्यानाश होस् यो केरेन्स्कीको! हामीलाई केरेन्स्की चाहिएको छैन, हामी-लाई लेनिन चाहिएको छ!"

दुमा भवनबाहिर बाहुलामा सेतो पट्टी लगाएको एक जना अफिसरले ठूलठूलो स्वरले गाली गर्दै भित्तामा टाँसिएका पोस्टरहरू च्यातिरहेको थियो। एउटा पोस्टरमा लेखिएको थियो–

"पेत्रोग्रादका जनताको नाम।

यस सङ्कटावस्थामा, जब नगर दुमाले शहरका बासिन्दाहरूलाई शान्त पार्न र उनीहरूको लागि रोटी तथा अन्य अत्यावश्यक वस्तुहरू उपलब्ध गराउन आफ्नो सम्पूर्ण शक्ति लगाउनुपर्थ्यो, दक्षिणपन्थी समाजवादी-क्रान्ति-कारीहरू र कादेतहरूले आफ्नो कर्तव्य बिर्सेर नगर दुमालाई प्रतिक्रान्तिकारी सभामा परिणत गरेका छन्, जनताको एक हिस्सालाई अर्को हिस्साको विरुद्ध भड्काउने प्रयास गर्दै छन् र यस प्रकारले कर्निलोभ-केरेन्स्कीको वि-जयमा सहयोग पुऱ्याउन खोज्दै छन्। आफ्नो प्रत्यक्ष कर्तव्य पालना गर्नुको साटो यी दक्षिणपन्थी समाजवादी-क्रान्तिकारीहरू तथा कादेतहरूले नगर दुमा-लाई मजदुर, सैनिक तथा किसान प्रतिनिधिहरूको सोभियतको विरुद्ध, शान्ति, रोटी र स्वतन्त्रताको लागि सङ्घर्षरत क्रान्तिकारी सरकारको विरुद्ध सङ्घर्षको अखडा बनाएका छन्।

पेत्रोग्रादका नागरिकहरू! हामी तपाईंहरूद्वारा निर्वाचित नगरपालिकाका बोल्शेभिक सभासद्हरू तपाईंहरूलाई सूचित गर्न चाहन्छौं, दक्षिणपन्थी समाजवादी-क्रान्तिकारीहरू तथा कादेतहरू प्रतिक्रान्तिकारी सङ्घर्षमा लागेका छन्, आफ्नो प्रत्यक्ष दायित्व बिर्सेर जनतालाई भोकमरी, गृहयुद्ध र रक्त-पाततर्फ डोऱ्याउँदै छन्। हामी तपाईंहरूको १,८३,००० भोटबाट निर्वाचित भएका सभासद्हरू, दुमामा घटिरहेका सम्पूर्ण घटनाहरूप्रति आफ्ना मत-दाताहरूको ध्यान आकर्षित गर्नु आफ्नो कर्तव्य ठान्दछौं र घोषणा गर्दछौं, भावी भयङ्कर परिणामको लागि हामी कुनै पनि रूपमा उत्तरदायी छैनौं।"

टाढाबाट अझै पनि यदाकदा गोली चलेको आवाज सुनिन्थ्यो, तर

ग्राम रूपमा शहरमा शान्ति र निस्तब्धताको वातावरण थियो, मानौं हालै मात्र भएको उथलपुथलले त्यस शहरलाई लस्त पारेको छ।

निकोलाइ हलमा दुमाको अधिवेशन समाप्त हुँदै थियो। विक्षिप्त दुमा पनि अलि शान्त भएजस्तो लाग्थ्यो। एकपछि अर्को दुमाका कमिसारहरूले खबर ल्याउँदै थिए—टेलिफोन एक्सचेन्जमाथि कब्जा गरे, सडकहरूमा लडाइँ चल्दै छ, भ्लादिमिर स्कूल पनि हातबाट निस्क्यो... त्रूप्पले भन्यो, "निरङ्कुश हिंसाको विरुद्ध सङ्घर्षमा दुमा निश्चय पनि प्रजातन्त्रवादीहरूको पक्षमा छ, परन्तु जे होस्, जुनसुकै पक्ष किन विजयी नहोस्, दुमा सदैव शारीरिक यन्त्रणा र स्वेच्छाचारिताको विरोधी रहनेछ।"

अग्लो कदको, क्रूर अनुहार भएको एक जना बूढो मानिस—कादेत कानोभ्स्की बोल्न उभिए। उनले कठोर स्वरमा भने, "जब वैधानिक सरकारको सेना पेत्रोग्राद आइपुग्नेछ, उनीहरूले यी सबै विद्रोहीहरूलाई गोलीले भुट्नेछन् र यसलाई कदापि स्वेच्छाचारिता भन्न सकिँदैन!" सम्पूर्ण सभाले, कहाँसम्म भने कानोभ्स्कीको आफ्नै पार्टीका मानिसहरूले समेत यस कुरामा विरोध प्रकट गरे।

अहिले दुमामा दुविधा, आशङ्का र विषादको वातावरण फैलिएको थियो। प्रतिक्रान्ति दबाइँदै थियो। समाजवादी-क्रान्तिकारी पार्टीको केन्द्रीय समितिले आफ्ना नेताहरूप्रति—आफ्नै प्रतिनिधिहरूप्रति अविश्वास प्रकट गरेको थियो; वामपन्थी शक्तिले पार्टीलाई आफ्नो हातमा लिएको थियो। आभ्सेन्त्येभले राजीनामा गरे। एक जना सन्देशवाहकले खबर ल्याए, रेलवे स्टेसनमा केरेन्स्कीको स्वागत गर्न पठाइएको समिति गिरफ्तार भयो। सडकमा टाढा दक्षिण र दक्षिण-पश्चिमी क्षेत्रमा तोप पडकेको मन्द आवाज सुनिँदै थियो। केरेन्स्कीको अझै अत्तोपत्तो थिएन।

त्यस दिन जम्मा तीन वटा मात्र समाचारपत्रहरू निस्के—'प्राभदा', 'जेला नारोदा' र ' नोभया झीज्न'। यी सबै समाचारपत्रहरूमा नयाँ "संयुक्त" सरकारबारे धेरै कुरा लेखिएको थियो। समाजवादी-क्रान्तिकारीहरूको समाचारपत्रले सरकारमा बोल्शेभिकहरू र कादेतहरूलाई सामेल नगराउने माग गरे। गोर्कीको टिप्पणी आशापूर्ण थियो; स्मोल्नी छुट दिन तयार थियो। एक विशुद्ध समाजवादी सरकारको रूपरेखा तयार हुँदै थियो, जसमा बुर्जुवावर्गसिवाय अन्य सबै शक्तिहरू सामेल हुनुपर्थ्यो। तर 'प्राभदा'ले चाहिँ उपहासपूर्ण भावले लेखेको थियो—

"त्यस्ता राजनीतिक पार्टीहरूसँग गठबन्धनको कुरा सुन्दा हामीलाई

हाँसो लाग्छ, जसका प्रमुख नेताहरू सन्दिग्ध प्रतिष्ठा भएका केही पत्रकारहरू मात्रै हुन्। हामीले गठबन्धन गरिसकेका छौं। यो गठबन्धन क्रान्तिकारी सेना र गरिब किसानहरूसँग सर्वहारावर्गीय क्रान्तिकारी पार्टीको गठबन्धन हो।"

भित्तामा भिक्झेलका आत्मविश्वासले भरिपूर्ण घोषणाहरू टाँसिएका थिए, जसमा दुबै पक्ष कुनै सम्झौतामा नपुगेको खण्डमा रेल मजदुरहरूले हडताल सुरु गर्नेछन् भन्ने धम्की दिइएको थियो—

"न बोल्शेभिकहरू, न उद्धार समिति, न त केरेन्स्कीको सेना नै यस विद्रोहमा विजयी बन्नेछन्, राष्ट्रलाई बर्बादीबाट बचाउन समर्थ हुनेछन्, त्यो काम हामीले, रेल मजदुरहरूको युनियनले मात्र गर्न सक्नेछ।

"लाल गार्डले रेलवे जस्तो जटिल व्यवस्थाको सञ्चालन गर्न सक्दैन, जहाँसम्म अस्थायी सरकारको प्रश्न छ, सत्ता थाम्ने आफ्नो असमर्थता यसले साबित गरिसकेको छ।

"हामी त्यतिञ्जेल कुनै पनि पक्षलाई आफ्नो समर्थन प्रदान गर्न चाहन्नौं, जबसम्म, त्यसले समस्त प्रजातान्त्रिक शक्तिहरूको विश्वासमा आधारित सरकारको प्रतिष्ठा प्राप्त गर्दैन।"

स्मोल्नी अक्षय मानवशक्तिको निस्सीम प्राणशक्तिद्वारा स्पन्दित थियो।

ट्रेड युनियनहरूको प्रधान कार्यालयमा लाजोभ्स्कीले रेल मजदुरहरूको एउटा प्रतिनिधिमण्डलसँग मेरो परिचय गराए। त्यस प्रतिनिधिमण्डलबाट मैले थाहा पाएँ, रेल मजदुरहरू ठूलठूला जनसभाहरूको आयोजना गरेर आफ्ना नेताहरूको क्रियाकलापको निन्दा गर्दै छन्।

उनी टेबुल ठटाउँदै चिच्याइरहेका थिए, "समस्त सत्ता सोभियतहरूलाई रे! हाम्रो केन्द्रीय समितिका ओबारोनेचहरू (प्रतिरक्षावादीहरू) कर्निलोभकै तालमा ताल मिलाउँदै छन्। उनीहरूले आफ्नो एक प्रतिनिधिमण्डल स्ताभ्का (प्रधान सेनापतिको कार्यालय) पठाएका थिए, तर हामीले उनीहरूलाई मिन्स्कमा गिरफ्तार गऱ्यौं... हाम्रो शाखाले अखिल रसियाली सम्मेलनको माग गरेको छ, तर उनीहरू यो सम्मेलन डाक्न चाहँदैनन्।"

यहाँ पनि त्यही स्थिति थियो, जुन सोभियतहरू र सैनिक समितिहरूमा थियो। सम्पूर्ण रसियाभरि नै एकपछि अर्को जनवादी सङ्गठन फुट्दै थिए र परिवर्तित हुँदै थिए। सहकारी संस्थाहरूमा आन्तरिक सङ्घर्ष चर्किएको थियो; किसान प्रतिनिधिहरूको कार्यकारिणी समितिका बैठकहरूमा तीव्र विवाद चल्थ्यो; कज़ाकहरूको बीचमा समेत विवाद सुरु भइसकेको थियो।

स्मोल्नी भवनको माथिल्लो तल्लामा जोरसोरले सैनिक क्रान्तिकारी समितिको काम चल्दै थियो—एकपछि अर्को प्रहार गर्दै थियो। मानिसहरू त्यहाँ ताजा शक्ति र स्फूर्ति लिएर भित्र पस्दथे र रातोदिन यस भयङ्कर यन्त्रमा कार्यरत रहन्थे। त्यहाँबाट निस्कँदा उनीहरू लस्त हुन्थे, उनीहरूको लुगा मैलो भइसकेको हुन्थ्यो र स्वर सुकिसकेको हुन्थ्यो, उनीहरू कतै भुइँमा पल्टन्थे र निदाइहाल्थे... उद्धार समितिलाई गैरकानुनी घोषित गरिएको थियो। नयाँ घोषणापत्रहरू (२) भुइँमा जताततै छरिएका थिए—

"ती षड्यन्त्रकारीहरू, जसलाई गैरिसन अथवा मजदुरवर्गको समर्थन प्राप्त छैन, आफ्नो आक्रमणको आकस्मिकतामा नै सबैभन्दा बढी भर परेका थिए। लाल गार्ड दलका एक सैनिकको (जसको नाम पछि थाहा दिइनेछ) सतर्कताफलस्वरूप सहायक लप्टन ब्लागोनराभोभले उनीहरूको यस योजनाको सुइँको पाए। उद्धार समिति षड्यन्त्रको केन्द्र बनेको थियो। कर्नेल पल्कोभ्निकोभलाई उनीहरूको सेनाको नेतृत्व गर्ने अभिभारा सुम्पिएको थियो। यसका आदेशहरूमा चेइकका भूतपूर्व सदस्य उही गोचले हस्ताक्षर गरेका थिए, जसले कुनै पनि षड्यन्त्रमा भाग नलिने बचन दिएका थिए।

"पेत्रोग्रादका जनतालाई यस घटनाबारे सूचित गर्दै सैनिक क्रान्तिकारी समिति ती सबै मानिसहरूलाई गिरफ्तार गर्ने आदेश दिन्छ, जसको यस षड्यन्त्रमा हात छ। उनीहरूमाथि सैनिक क्रान्तिकारी न्यायालयमा मुद्दा चलाइनेछ"।

मास्कोबाट खबर आइपुग्यो—युङ्केरहरू र कजाकहरूले क्रेमलिन घेरेका छन् र सोभियत सैनिकहरूलाई आत्मसमर्पण गर्ने आदेश दिएका छन्। सोभियत सैनिकहरूले उनीहरूको यो माग पूरा गरे, तर जब उनीहरू क्रेमलिनबाट बाहिर निस्कँदै थिए युङ्केरहरू उनीहरूमाथि जाइलागे र उनीहरूलाई गोलीले भुटे। बोल्शेभिकहरूका सानासाना दलहरूलाई टेलिफोन एक्सचेन्ज र आकाशवाणी अड्डाबाट धपाइयो। यस बेला नगर-केन्द्र युङ्केरहरूको हातमा छ... तर उनीहरूको वरिपरि नयाँ सोभियत शक्तिहरू केन्द्रित हुँदै छन्। विस्तारै विस्तारै सडकहरूमा लडाइँ चर्किंदै छ। सम्झौता गर्ने सबै प्रयासहरू विफल भए... गैरिसनका दसहजार सिपाहीहरू र केही लाल गार्डहरू सोभियत पक्षबाट लड्दै थिए भने सरकारको तर्फबाट ६ हजार युङ्केरहरू, पच्चीस सय कजाकहरू र दुई हजार स्वेत गार्डहरू लड्दै थिए।

पेत्रोग्राद सोभियतको बैठक चल्दै थियो, त्यहीँ पल्लो कोठामा नयाँ चेइकको पनि बैठक चल्दै थियो। त्यस बैठकमा जन कमिसार परिषद्‌बाट,

जसको बैठक माथिल्लो तल्लामा चल्दै थियो, प्राप्त आज्ञप्तिहरू तथा आदेश-हरूमाथि (३) छलफल हुँदै थियो। निम्नलिखित प्रश्नहरूमाथि छलफल भयो–आदेशहरूको अनुमोदन तथा प्रकाशनको व्यवस्था, मजदुरहरूको लागि आठ घण्टे कार्य दिवसको व्यवस्था र लुनाचार्स्कीद्वारा प्रस्तुत "सार्व-जनिक शिक्षा व्यवस्थाका आधारहरू"। दुवै बैठकहरूमा जम्मा गरेर केवल दुईचार सय व्यक्ति मात्र उपस्थित थिए, जसमध्ये धेरैजसो हतियारबन्द थिए। स्मोल्नी भवन खाली जस्तै थियो। केवल दुईचार जना प्रहरीहरू ती झ्यालहरूमा मेसिनगनहरू राख्दै थिए, जहाँबाट त्यस भवनका पार्श्वभागहरू स्पष्ट रूपमा देखिन्थे।

चेइकमा भिक्झेलका एक प्रतिनिधि भाषण गर्दै थिए–

"हामी दुईमध्ये कुनै पनि पक्षको सेना ओसार्न अस्वीकार गर्दछौं।... केरेन्स्कीले पेत्रोग्रादतर्फ आफ्नो मार्च कायम राखेको खण्डमा उनका सम्पूर्ण सञ्चार लाइनहरू काटिदिनेछौं भन्ने सूचना दिन हामीले उनकहाँ पनि एउटा प्रतिनिधिमण्डल पठाइसकेका छौं।"

तत्पश्चात् उनले नयाँ सरकार गठन गर्नको लागि सबै समाजवादी पार्टी-हरूको एउटा सम्मेलन डाक्ने उही पुरानो प्रस्ताव अगाडि राखे।

कामेनेभले निकै सतर्कतापूर्वक उत्तर दिए। उनले भने, बोल्शेभिकहरूले खुसीसाथ यस्तो सम्मेलनमा भाग लिनेछन्। परन्तु आज यस्तो सरकारको गठन मुख्य प्रश्न होइन, अपितु यस सरकारद्वारा सोभियतहरूको महाधिवे-शनमा पारित कार्यक्रमको स्वीकृति हो... चेइकले वामपन्थी समाजवादी-क्रान्तिकारीहरू तथा सामाजिक-जनवादी अन्तर्राष्ट्रियतावादीहरूको घोषणा-पत्रमाथि विचारविमर्श गऱ्यो र सम्मेलनमा समानुपातिक प्रतिनिधित्वको प्रस्ताव स्वीकार गऱ्यो। चेइक सैनिक समितिहरू तथा किसान सोभियतहरूका प्रतिनिधिहरूलाई समेत सामेल गराउन तयार भयो।

ठूलो हलमा त्रोत्स्की त्यस दिनका घटनाहरूको विवरण प्रस्तुत गर्दै थिए। उनले भने–

"हामीले भ्लादिमिर स्कूलका युङ्केरहरूलाई आत्मसमर्पण गर्ने अवसर प्रदान गऱ्यौं। हामी रक्तपात रोक्न चाहन्थ्यौं। तर अब यो रक्तपात सुरु भइसकेपछि हाम्रो लागि एउटै बाटो छ–निर्मम सङ्घर्ष। अन्य कुनै तरि-काले हामी विजय प्राप्त गर्न सक्दछौं भन्ने कुरा सोच्नु मात्र केटाकेटीपन ठहरिनेछ... निर्णायक घडी आइपुगेको छ। सबैले सैनिक क्रान्तिकारी समितिलाई सहयोग गर्नोस्, काँडेतार, पेट्रोल र बन्दुकहरूको जगेडा कतै

भेट्टाइयो भने सैनिक क्रान्तिकारी समितिलाई खबर गर्नोस्... हामीले सत्ता हातमा लियौं, अब यो सत्ता थाम्नुपरेको छ"।

मेन्शेभिक इम्रोफ्फेले आफ्नो पार्टीको तर्फबाट एउटा घोषणापत्र पढ्न चाह्यो, तर त्रोत्स्कीले "सैद्धान्तिक विवाद" चलाउने अनुमति दिएनन्।

"अब हाम्रो विवादको समाधान सडकमै हुनेछ", उनले उत्तेजित स्वरमा भने। निर्णायक पाइलो चालिएको छ। जेजति कुरा हुँदै छन्, त्यसको लागि हामी सबै जिम्मेवारी बोक्न तयार छौं, व्यक्तिगत रूपमा भन्ने हो भने म यसको लागि तयार छु।"

गात्चिनास्थित मोर्चाबाट आएका सिपाहीहरूले बोले। तिनीहरूमध्ये एक जना, ४८१ औं तोपखाना बटालियनका प्रतिनिधिले भने, "जब मोर्चाका सिपाहीहरूले यो कुरा थाहा पाउनेछन्, उनीहरूले भन्नेछन्– यही हो **हाम्रो** सरकार!"

पेतेरगोफ स्कूलका एक जना युङ्केरले भने, उनी र अन्य दुई व्यक्तिले सोभियतहरूको विरुद्ध मार्चमा भाग लिन अस्वीकार गरेका थिए र शिशिर प्रासादको प्रतिरक्षामा भाग लिएका उनका साथीहरू त्यहाँबाट फर्केपछि उनीहरूले त्यस युङ्केरलाई आफ्नो कमिसार नियुक्त गरे। युङ्केरहरू सच्चा क्रान्तिको सेवा गर्न तत्पर छन् भन्ने कुरा बताउन अहिले उनलाई स्मोल्नी पठाएका हुन्।

त्यसपछि फेरि त्रोत्स्की मञ्चमा उभिए – त्यही जोशिलो, कहिले नथाक्ने त्रोत्स्की। उनी आदेशहरू दिँदै थिए, प्रश्नहरूको उत्तर दिँदै थिए।

"मजदुर, सैनिक तथा किसानहरूलाई पराजित गर्नको लागि निम्न-बुर्जुवावर्ग स्वयम् दानवसँग पनि सम्झौता गर्न तयार छ", उनले भने। पछिल्ला दुई दिनभित्र रक्सीबाजीका धेरै घटनाहरू देखा परे। ती घटनाहरूतर्फ इशारा गर्दै त्रोत्स्कीले भने, "कमरेडहरू, रक्सीबाजी बन्द गरिनुपर्छ! बेलुकी आठ बजेपछि नियमित प्रहरी दलहरूसिवाय अरू कोही बाहिर सडकमा देखा नपर्नुहोला। सबै सम्भावित रक्सी गोदामहरूको खानतलासी लिइनुपर्छ र सबै मादक पदार्थहरू नष्ट पारिनुपर्छ (४)। रक्सी बेच्ने मानिसहरूमाथि कडाभन्दा कडा कारबाई गर्नुपर्छ।" (५)

सैनिक क्रान्तिकारी समितिले भिबर्ग क्षेत्रका र पुचीलोभ कारखानाका प्रतिनिधिहरूलाई डाक्न पठायो। सबै प्रतिनिधिहरू तुरुन्तै भेला भइहाले।

त्रोत्स्कीले भने, "प्रत्येक हत क्रान्तिकारीको साटो हामी पाँच जना प्रतिक्रान्तिकारीहरूको ज्यान लिनेछौँ"।

हामी फेरि शहरतिर लाग्यौँ। दुमा भवन बिजुली बत्तिको प्रकाशले जगमगाइरहेको थियो। त्यहाँ मानिसहरूको ठूलो भीड लागेको थियो। तल हलबाट मानिसहरूले रूवाबासी गरेको सुनिन्थ्यो। सूचनापाटी सामुन्ने मानिसहरूको भीड लागेको थियो। त्यहाँ एउटा सूची टाँसिएको थियो, जसमा ती युङ्केरहरूको नाम लेखिएको थियो, जो त्यस दिनको लडाइँमा मारिएका थिए र अझ त्यस दिन मारिए भन्ने अनुमान गरिएको थियो भने बेस होला, किनभने पछि उनीहरूमध्ये धेरैजसो जीवित र स्वस्थ नै रहेछन् भन्ने कुरा थाहा पाइयो... माथि अलेक्सान्दर हलमा उद्धार समितिको बैठकमा जोसिला भाषणहरू चल्दै थिए। अफिसरहरूका राता सुनौला पट्टाहरू चम्किरहेका थिए, मेन्शभिक तथा समाजवादी-क्रान्तिकारी बुद्धिजीवीहरूका परिचित अनुहारहरू देखिन्थे, क्रुद्ध आँखा भएका र मोटाघाटा, भड्किलो पोसाक लगाएका बैंङकपतिहरू र कुटनीतिज्ञहरू, पुरानो सत्ताका कर्मचारीहरू र राम्रो लुगा लगाएका महिलाहरू–सबै त्यहाँ थिए।

टेलिफोन एक्सचेन्जका केटीहरू आफ्नो बयान दिँदै थिए। एकपछि अर्को केटी मञ्चमा आउँथिन्–भड्किलो लुगा लगाएका, फेसनले मात्तिएका, थकित अनुहार भएका, फाटेको जुत्ता लगाएका... पेत्रोग्रादका "भद्र पुरुषहरू"–यी अफिसरहरू, रइसहरू, विख्यात राजनीतिक कार्यकर्ताहरूले ताली बजाएको देख्दा उनीहरू हर्षले विल्हव हुन्थे र एकपछि अर्को गर्दै ती केटीहरू उनीहरूले सर्वहाराहरूको हातबाट कस्तो यातना सहनुपर्‍यो भन्ने कुरा बताउँदथे, ती सम्पूर्ण कुराहरूप्रति आफ्नो निष्ठा व्यक्त गर्दथे–जुन प्राचीन, परम्परागत र शक्तिशाली छ।

निकोलाइ हलमा फेरि पनि दुमाको अधिवेशन चल्दै थियो। मेयरले आशापूर्ण भावले भने, पेत्रोग्रादका रेजिमेन्टहरू आफ्नो कार्यकलापको लागि लज्जित छन्। प्रचारकार्यले आफ्नो काम गर्दै थियो... सन्देशवाहकहरू आवतजावत गर्दै थिए। उनीहरू बोल्शेभिक अत्याचारका समाचारहरू ल्याउँदै थिए, युङ्केरहरूको ज्यान बचाउने प्रयास गर्दथे, जाँचबुझ गर्दै थिए।

त्रूप्पले भने, "बोल्शेभिकहरूमाथि सङ्गिनको बलद्वारा होइन, नैतिक बलद्वारा विजय प्राप्त गर्नुपर्छ।"

उता क्रान्तिकारी मोर्चामा पनि सब कुरा ठीक छ भन्न सकिँदैनथ्यो। शत्रुले तोपहरू जडान गरिएका बख्तरबन्द रेलगाडीहरू ल्याएका थिए। सोभियत सेना, जसमध्ये अधिकांशत: तालिम नपाएका लाल गार्डहरू थिए, अफिसरहरूविना नै लडाइँ गर्दै थिए, फेरि उनीहरूसित कुनै निश्चित योजना पनि थिएन। नियमित सेनाका केवल पाँच हजार सैनिकहरू मात्रै उनीहरूसँग थिए; गैरिसनका अन्य सैनिकहरू या त युद्धकेर विद्रोह दबाउनमा र शहरको बचावट गर्ने काममा लागेका थिए, या त किंकर्तव्यविमुढ भएर बसेका थिए। राती दस बजे लेनिनले शहरका रेजिमेन्टहरूका प्रतिनिधिहरूको एउटा सभामा भाषण गर्नुभयो—सभाले अत्यधिक बहुमतद्वारा लडाइँको पक्षमा मतदान गऱ्यो र जनरल स्टाफको काम गर्ने पाँच जना सैनिकहरूको एउटा समिति छान्यो। भोलि पल्ट बिहान सबेरै युद्धसज्जित रेजिमेन्टहरू आआफ्ना ब्यारेकहरूबाट निस्के... घर फर्कंदा मैले बाटोमा उनीहरूलाई देखें— उनीहरू विजित नगरका ती शून्य सडकहरूमा पुराना खारिएका सिपाहीहरूको मन्द चालमा मार्च गर्दै थिए।

त्यसै बेला सादोभाया मार्गस्थित भिक्झेल प्रधान कार्यालयमा एउटा नयाँ सरकारको स्थापनाको लागि सबै समाजवादी पार्टीहरूको सम्मेलन हुँदै थियो। मध्यपन्थी मेन्शेभिकहरूको तर्फबाट बोल्दै अब्रामोभिचले भने, जे हुनु थियो भैहाल्यो, अब त्यो कुरा बिर्सिदिनुपर्छ, न विजित छन् न पराजित... यस कुरामा सबै वामपन्थी पार्टीहरू सहमत भए। दक्षिणपन्थी मेन्शेभिकहरूको तर्फबाट बोल्दै दानले लडाइँ बन्द गर्नको लागि बोल्शेभिकहरूसमक्ष निम्नलिखित शर्तहरू प्रस्तुत गरे—लाल गार्ड निरस्त्र गरियोस् र पेत्रोग्राद गैरिसनलाई दुमाको मातहतमा राखियोस्; केरेन्स्कीका सैनिकहरूले एउटा पनि गोली नचलाउन्, एक जना मानिसलाई पनि गिरफ्तार नगरून्; **बोल्शेभिकहरूबाहेक** बाँकी सबै समाजवादी पार्टीहरू सम्मिलित भएको एउटा मन्त्रिमण्डल गठन गरियोस्। स्मोल्नीको तर्फबाट बोल्दै रेजानोभ र कामेनेभले भने, सबै पार्टीहरूको एक संयुक्त मन्त्रिमण्डल गठन गर्ने कुरा उनीहरूको लागि स्वीकार्य छ, तर उनीहरू दानको प्रस्तावसँग सहमत छैनन्। समाजवादी-क्रान्तिकारीहरूबीच एकमत थिएन; परन्तु किसानहरूका सोभियतहरूको कार्यकारिणी समिति र जन-समाजवादीहरूले बोल्शेभिकहरूलाई सम्मिलित गर्ने कुराको सीधै विरोध गरे... चर्काचर्की बहसपछि व्यावहारिक योजना तयार पार्न एउटा आयोग गठन गरियो...

आयोगमा त्यस रात, भोलि पल्ट दिनभरि र अर्को रात पनि सङ्घर्ष

चालू रह्यो। पहिले एक पल्ट पनि, ६ नोभेम्बरको दिन मार्तोभ र गोर्कीको मध्यस्थतामा सम्झौता गराउने यस्तै प्रयास भएको थियो। तर त्यस बेला यो प्रयास सफल भएन। केरेन्स्कीको आगमन र उद्धार समितिको अत्यधिक सक्रियताले गर्दा दक्षिणपन्थी मेन्शेभिकहरू, समाजवादी-क्रान्तिकारीहरू र जन-समाजवादीहरूले अकस्मात् वार्ता बन्द गरेका थिए। अहिले युङ्केर विद्रोहको दमनले उनीहरूलाई तर्साएको थियो...

सोमवार १२ नोभेम्बर निकै संशयपूर्ण दिन थियो। सम्पूर्ण रसियाको दृष्टि पेत्रोग्रादको ढोकाबाहिर रहेको त्यस निर्जीव मैदानतिर फर्केको थियो, जहाँ पुरानो सत्ताका सम्पूर्ण उपलब्ध शक्तिहरू नयाँ अज्ञात सत्ताका असङ्गठित शक्तिहरूको विरुद्ध जुटेका थिए। मास्कोमा युद्धविरामको घोषणा गरिएको थियो; दुवै पक्षले कुराकानी गरेका थिए र राजधानीमा के निर्णय हुने हो भन्ने कुराको प्रतीक्षा गरेर बसेका थिए। यसै बेला सोभियतहरूको महाधिवेशनका प्रतिनिधिहरू क्रान्तिको ज्वलन्त सन्देश बोकेर द्रुतगामी रेलगाडीहरूद्वारा देशको कुनाकुनामा, एसियाका टाढाटाढाका भागहरूमा रहेका आआफ्ना घरहरूमा समेत पुग्दै थिए। राजधानीमा जुन चमत्कार भएको थियो, त्यसको समाचार सम्पूर्ण देशभरि त्यस्तै किसिमले फैलिँदै थियो, जसरी पानीमा ढुङ्गो फाल्दा लहर फैलिन्छ, यस समाचारले शहरहरू र दूरवर्ती गाउँहरूमा समेत उथलपुथल मच्चाएको थियो, हलचल ल्याएको थियो। एकातिर सोभियतहरू र सैनिक क्रान्तिकारी समितिहरू थिए भने अर्कोतिर दुमाहरू, जेम्स्तभोहरू र सरकारी कमिसारहरू थिए; एकातिर लाल गार्ड थियो भने अर्कोतिर स्वेत गार्ड। सडकहरूमा लडाइँ चल्दै थियो, आवेशपूर्ण भाषणहरू गरिन्थे... यस सम्पूर्ण उथलपुथलको नतिजा पेत्रोग्रादबाट के खबर आउने हो भन्ने कुरामा निर्भर थियो।

स्मोल्नी लगभग शून्य थियो, तर दुमामा चाहिँ मानिसहरूको भीड लागेको थियो। वयोवृद्ध मेयर आफ्नो त्यही शिष्ट भावले बोल्शेभिक सभासद्हरूको अपिलको खण्डन गर्दै थिए।

"दुमा कदापि प्रतिक्रान्तिको अखडा हुन सक्दैन", उनले बडो जोसपूर्वक भने। "दुमाले राजनीतिक पार्टीहरूको वर्तमान सङ्घर्षमा कुनै पनि प्रकारले भाग लिइरहेको छैन। परन्तु यस्तो बेला, जब देशमा कुनै पनि प्रकारको वैधानिक सत्ता छैन, सुव्यवस्थाको एउटै मात्र केन्द्र बाँकी रहन गएको छ र त्यो केन्द्र हो–नगरपालिकाको स्वायत्त शासन। शान्तिप्रिय जनता यो तथ्य स्वीकार्दछन्; विदेशी दूतावासहरू मेयरको हस्ताक्षर भएको

कागतपत्रहरूलाई मात्र मान्यता दिन्छन्। नगरपालिकाको स्वायत्त शासन नै एक मात्र त्यस्तो निकाय हो, जसले नागरिकहरूको हितको संरक्षण गर्न सक्दछ—युरोपेली मस्तिष्कले मात्र यस्तो स्थितिलाई स्वीकार्य ठान्दछ। नगर प्रशासन ती सबै सङ्गठनहरूलाई आश्रय दिन कर्तव्यबद्ध छ, जो यस्तो आश्रय पाउन चाहन्छन्, तसर्थ दुमा आफ्नो भवनभित्र कुनै पनि प्रकारको समाचारपत्रको वितरणमाथि रोक लगाउन सक्दैन। हाम्रो कार्यक्षेत्रले व्यापक रूप लिँदै छ, हामीले पूर्ण कार्य स्वतन्त्रता पाउनुपर्दछ र दुवै पक्षले हाम्रो अधिकारलाई मान्यता दिनुपर्दछ...

"हामी पूर्णतः तटस्थ छौं। जब युङ्केरहरूले टेलिफोन एक्सचेन्जमाथि कब्जा गरे र कर्नेल पल्कोभ्निकोभले स्मोल्नीको टेलिफोन सम्पर्क काट्ने आदेश दिए, मैले यस कुराको विरोध गरें र यी टेलिफोन लाइनहरू काटिए-नन्।"

यस कुरामा बोल्शेभिक बेञ्चहरूबाट व्यङ्ग्यात्मक हाँसो सुनियो र दक्षिण-पन्थी बेञ्चहरूबाट गालीगलौज।

श्रेइदेरले फेरि भने, "तैपनि बोल्शेभिकहरू हामीलाई प्रतिक्रान्तिकारी ठान्दछन् र त्यस्तै किसिमले हामीलाई जनताको सामुन्ने प्रस्तुत गर्दछन्। उनीहरू हामीलाई आफ्नो यातायात साधनबाट वञ्चित तुल्याउँदै छन् र हाम्रो अन्तिम मोटर खोस्दै छन्। यी सबै कुराले गर्दा शहरमा भोकमरी फैलियो भने त्यसको लागि हामी दोषी हुँदैनौं। हामीले जतिले विरोध गरे पनि केही लाग्दैन।"

नगर-बोर्डका बोल्शेभिक सदस्य कोबजेभले भने, सैनिक क्रान्तिकारी समितिले नगरपालिकाका गाडीहरू खोस्न सक्छ भन्ने कुरामा उनलाई शङ्का लाग्छ। यदि यो कुरा साँचो नै हो भने पनि कुनै अनाधिकृत व्यक्ति अति ठूलो आवश्यकताले गर्दा यसो गरेको हुनुपर्छ।

उनले अगाडि भने, "मेयर महोदय भन्नुहुन्छ, हामीले दुमालाई कदापि राजनीतिक सभामा परिणत गर्नुहुँदैन, तर यहाँ मेन्शेभिक अथवा समाज-वादी-क्रान्तिकारी महानुभावहरू जे जति कुरा गर्दै हुनुहुन्छ, ती सबै पार्टी प्रचारसिवाय अरू केही होइन। उनीहरू दुमा भवनको ढोका अगाडि 'इस्क्रा' (फिलिङ्गो), 'सल्दात्स्की गोलस' र 'राबोचाया गाजेता' जस्ता गैर-कानुनी समाचारपत्रहरूको वितरण गर्दछन्, जसमा विद्रोहको लागि आह्वान गरिएको छ। हामी बोल्शेभिकहरूले पनि यहाँ आफ्ना समाचारपत्रहरू बाँड्न थाले कस्तो होला? तर हामी यसो गर्दैनौं, किनभने हामी दुमाको सम्मान

गर्दछौं । हामीले नगरपालिकाको स्वायत्त शासनमाथि कुनै आघात पुऱ्याएका छैनौं र यसो गर्दैनौं पनि। तर तपाईंहरूले जनताको नाममा अपिल जारी गर्नुभएको छ र हामीलाई पनि यसो गर्ने अधिकार छ।"

त्यसपछि कादेत शिङ्गाऱ्योभले बोले। उनले भने, त्यस्ता मानिसहरूसँग कुनै पनि प्रकारको मिलोमतो हुन सक्दैन, जसलाई सीधै महान्यायधिवक्ता-कहाँ पठाउनुपर्छ र जसमाथि राजद्रोहको अपराधमा मुद्दा चलाउनु जरूरी छ... उनले सबै बोल्शेभिक सदस्यहरू दुमाबाट निस्काशित होउन् भन्ने प्रस्ताव फेरि पनि राखे। तर यो प्रस्ताव पारित भएन, किनभने यी सदस्य-हरूमाथि कुनै पनि प्रकारको व्यक्तिगत आरोप लगाइएको थिएन र उनीहरू नगरपालिका प्रशासनमा सक्रिय थिए।

तत्पश्चात् दुई जना मेन्शेभिक-अन्तर्राष्ट्रियतावादीहरूले भने, बोल्शेभिक सभासद्हरूको अपिल कत्लेआमको लागि प्रत्यक्ष आह्वान हो। पिन्केभिचले भने, यदि बोल्शेभिकहरूको विरुद्ध जे जति कुरा हुन्छन्, सबै प्रतिक्रान्तिकारी हुन् भने क्रान्ति र अराजकतावादबीच अन्तर नै के रह्यो र, मलाई थाहा छैन... बोल्शेभिकहरू निरङ्कुश जनसाधारणको आवेशमा भर परेका छन्, हामीसँग चाहिँ नैतिक बलसिवाय अरू केही छैन। हामी दुवै पक्षवाट हुने हिंसा र कत्लेआमको विरोध गर्दछौं, किनभने एक शान्तिपूर्ण समाधान भेट्टाउनु नै हाम्रो लक्ष्य हो"।

नजाऱ्येभले भने, "सडकहरूमा 'कलङ्कको टीक' शीर्षकअन्तर्गत जुन अपिल टाँसिएको छ र जसमा मेन्शेभिकहरू र समाजवादी-क्रान्तिकारीहरूलाई खतम पार्ने आह्वान गरिएको छ, एक त्यस्तो कलङ्क हो, जसको खोट तपाईं बोल्शेभिकहरूले कहिल्यै मेट्न सक्नुहुन्न। यस्तो घोषणाद्वारा तपाईंहरू जुन कुराको तयारी गर्दै हुनुहुन्छ, हिजोको भीषण घटना त त्यसको प्रस्तावना मात्रै हो... मैले सधैं अन्य पार्टीहरूसँग तपाईंहरूको मिलोमतो गराउने प्रयास गर्दै आएको छु, तर यस बेला तपाईंहरूप्रति मेरो हृदयमा तिरस्कारको भावनासिवाय अरू केही छैन!"

यो कुरा सुनेर बोल्शेभिक सभासद्हरू अति क्रोधित भए र उनीहरूले अति उत्तेजित भावले प्रतिवाद गर्न थाले। विरोधीहरूले हात हल्लाउँदै र चिच्च्याउँदै उनीहरूको विरोध गरे र उनीहरूलाई सराप्न थाले।

हलबाहिर नगर इन्जिनियर, मेन्शेभिक गोम्बेर्ग तथा तीनचार जना सम्वाददाताहरूसँग मेरो मुठभेट भयो। ती सबै निकै उत्तेजित देखिन्थे।

"देख्नुभो!" उनीहरूले भने। "यी डरछेरुवाहरू हामीसँग कति तर्सेका छन्। यिनीहरूले दुमाका सदस्यहरूलाई गिरफ्तार गर्ने आँट गर्न सकेनन्! सैनिक क्रान्तिकारी समितिले यस भवनमा आफ्नो कमिसार पठाउने हिम्मत गर्न सकेन! आजै मात्र सादोभाया मार्गको एउटा मोडमा एक जना लाल गार्डले एउटा केटोलाई 'सल्दात्स्की गोलस' बेच्न नदिने प्रयास गर्दै थियो। तर त्यस केटोले उसलाई जिस्क्याएको जिस्क्याऐ गऱ्यो। छिटै त्यहाँ एउटा भीड जम्मा भयो र मानिसहरूले त्यस बदमाशलाई ठीक पार्न खोजे। अब त दुईचार घण्टाको मात्र कुरा हो। केही भएर केरेन्स्की आइपुगेनन् भने पनि यिनीहरूसँग सरकार चलाउन मान्छे नै छैन। एकदम वाहियात कुरा हो। सुन्छु, स्मोल्नीमा उनीहरू आपसमै मारकाट गर्दै छन्!"

मेरा एक समाजवादी-क्रान्तिकारी मित्रले एउटा कुनामा लगेर मलाई भने, "उद्धार समिति कहाँ लुकेर बसेको छ भन्ने कुरा मलाई थाहा छ, तपाईं उनीहरूसँग भेटघाट गर्न चाहनुहुन्छ?"

गोधूलिको समय थियो। शहरको सामान्य जीवन यथावत् चल्दै थियो —पसलहरू खुला थिए, जताततै झकमक्क बत्ती बलेको थियो, सडकहरूमा निकै भीड थियो र मानिसहरू गफ गर्दै बिस्तारै हिंडिरहेका थिए।

नेभ्स्की मार्गको ८६ नम्बरको घरनेर एउटा गल्ली हुँदै हामी चोकमा निस्क्यौं। त्यो चोक चारैतिरबाट ठूलठूला घरहरूले घेरिएको थियो। मेरा त्यस मित्रले २२९ नम्बरको फ्ल्याटको ढोकामा बडो अनौठो तरिकाले टकटक गऱ्यो। फ्ल्याटभित्रबाट दौडधूप र ठेलठाल गरेको आवाज आयो, भित्र-पट्टिबाट एउटा ढोका बन्द भयो, त्यसपछि मूल ढोका अलिकति खोलियो र एउटी महिलाले चियायेर हेरिन्। एक छिन बडो गौरले हेरिसकेपछि तिनले हामीलाई भित्र पस्न दिइन्। शान्त निर्विकार अनुहार भएकी त्यस अधबैंसे महिलाले तुरुन्तै भनिन्, "किरिल, सबै कुरा ठीक छ!" खानेकोठामा, टेबुलमा राखिएको समाभारबाट पानी उम्लेको आवाज आउँदै थियो, पाउ-रोटी र नुनिलो माछाले भरिएका रिकापीहरू राखिएका थिए। फौजी पो-साक लगाएको एक व्यक्ति झ्यालको पर्दापछाडिबाट निस्क्यो र अर्को व्यक्ति जो मजदुरको छद्मभेषमा थियो, एउटा सानो कोठाबाट निस्क्यो। एक अमे-रिकी सम्वाददातासँग भेट्न पाउँदा उनीहरूले निकै खुसी प्रकट गरे। उनी-हरूले मक्ख पर्दै भने, बोल्शेभिकहरूद्वारा समातिएको खण्डमा उनीहरू अवश्य पनि मारिनेछन्। उनीहरूले आफ्नो नाम बताउन चाहेनन्, तर दुवै जना समाजवादी-क्रान्तिकारी थिए।

मैले सोधें, "किन तपाईंहरू आफ्ना समाचारपत्रहरूमा यस्तो झूटो खबर छाप्नुहुन्छ?"

फौजी पोसाक लगाएको व्यक्तिले अलिकति पनि नरिसाईकन जवाफ दियो, "हो, मलाई थाहा छ। तर के गर्नुहुन्छ?" उसले कुम हल्लायो। "मानिसहरूमा एक निश्चित मनोभावनाको सिर्जना गर्ने आवश्यकता छ भन्ने कुरा तपाईंले स्वीकार गर्नैपर्छ।"

अर्को व्यक्तिले बीचैमा कुरा काट्दै भन्यो, "यो बोल्शेभिकहरूको दुस्साहससिवाय केही होइन। उनीहरूका बीचमा बुद्धिजीवीहरू छैनन्... मन्त्रालयहरू काम गर्नको लागि तयार छैनन्... रसिया भनेको एउटा शहर होइन, यो त पूरै देश हो... उनीहरू दुईचार दिनभन्दा बढी टिक्न सक्दैनन् भन्ने कुरा बुझेर हामीले उनका सबैभन्दा शक्तिशाली विरोधी केरेन्स्कीलाई मदत गर्ने र सुव्यवस्था फर्काउने निर्णय गरेका छौं।"

"यी सब कुरा ठीक छन्", मैले भनें, "तर तपाईंहरू किन कादेत-हरूसँग साठगाँठ गर्दै हुनुहुन्छ!"

ती छद्मभेषी मजदुरले मुस्कुराउँदै हाकाहाकी स्वीकार गरे, "तपाईं-लाई साँचो कुरा भन्ने हो भने, यस बेला जनताले बोल्शेभिकहरूको समर्थन गरेका छन्। हामीले जनताको समर्थन पाएका छैनौं। हामीले केही सिपा-हीहरूलाई पनि आफ्नो पक्षमा ल्याउन सकेका छैनौं। हामीसँग हतियार छैन... बोल्शेभिकहरू कुनै मात्रामा सही छन्; वर्तमान समयमा रसियामा दुइटै मात्र पार्टीहरू छन्, जोसँग वास्तविक शक्ति छ — बोल्शेभिकहरू र ती सबै प्रतिक्रियावादीहरू, जो कादेतहरूको काखीभित्र लुकेर बसेका छन्। कादेतहरू ठान्दछन् उनीहरू हामीबाट फाइदा उठाउँदै छन्, तर वास्तवमा हामी कादेतहरूबाट फाइदा उठाउँदै छौं। बोल्शेभिकहरूलाई खतम पारेपछि हामी कादेतहरूलाई पनि ठीक पाछौं।"

"के बोल्शेभिकहरूलाई नयाँ सरकारमा सामेल गराइनेछ?"

उनले टाउको कन्याउँदै भने, "यो चाहिँ समस्या नै बनेको छ। भनि-रहनु परोइन, उनीहरूलाई सरकारमा सम्मिलित नगराउने हो भने उनी-हरूले शायद फेरि यही काण्ड दोहोऱ्याउनेछन्। जे होस्, उनीहरूले संवि-धान सभामा शक्ति सन्तुलन आफ्नो हातमा राख्ने मौका पाउनेछन् अवश्य त्यस अवस्थाम मात्रै जब कुनै संविधान सभा अस्तित्वमा आउँदछ"।

"त्यस अवस्थामा", फौजी पोसाक लगाएका व्यक्तिले भने, "कादेत-हरूलाई पनि मन्त्रिमण्डलमा सामेल गराउने प्रश्न उठिहाल्नेछ र यसको

कारण पनि त्यही हुनेछ। तपाईंलाई थाहा नै छ, कादेतहरू वास्तवमा कुनै पनि संविधान सभा चाहँदैनन्—यदि अहिले बोल्शेभिकहरूलाई खतम पार्न सकियो भने त झन् चाहने छैनन्"। उनले टाउको हल्लाउँदै भने, "हामी रूसीहरूलाई राजनीति गर्न त्यति सान्हो आउँदैन। तपाईं अमेरिकीहरू जन्म-जात राजनीतिज्ञ हुनुहुन्छ; तपाईंहरू आजीवन यस खेलमा सङ्लग्न हुनुहुन्छ। तर हाम्रो लागि? तपाईंलाई थाहा भएकै कुरा हो, एक वर्ष पनि बित्न पाएको छैन!"

"केरेन्स्कीको बारेमा तपाईंको के विचार छ?" मैले सोधें।

"साँचो हो, अस्थायी सरकारका सबै अपराधहरूको लागि केरेन्स्की नै दोषी छन्", अर्कोचाहिँले जवाफ दिए। "बुर्जुवावर्गसँग संयुक्त सरकार बनाउन पनि हामीलाई केरेन्स्कीले नै बाध्य तुल्याएका हुन्। यदि उनले धम्की दिएजस्तै राजीनामा पनि गरेका भए संविधान सभा भेला हुनुभन्दा सोन्ह हप्तापहिले नै मन्त्रिमण्डलको नयाँ सङ्कट उत्पन्न हुन्थ्योहोला, हामीचाहिँ यस सङ्कटबाट बच्न चाहन्थ्यौं"।

"तर कुरा त त्यही भइहाल्यो होइन र?"

"हो, तर यस्तो होला भन्ने कुरा हामीले कसरी थाहा पाउने? यी केरेन्स्कीहरू र आभ्सेन्त्येभहरूले हामीलाई धोका दिए। गोच अलि बढी चरमपन्थी छन्। तर चेर्नोभ वास्तविक क्रान्तिकारी हुन्, म उनलाई समर्थन गर्दछु... हेर्नोस् न, लेनिनले आजै मात्र सन्देश पठाए, चेर्नोभले मन्त्रिमण्डलमा प्रवेश गर्छन् भने उनलाई कुनै आपत्ति छैन"।

"हामी पनि केरेन्स्कीको सरकारबाट छुटकारा पाउन चाहन्छौं, तर हामीले संविधान सभाको अधिवेशनसम्म पर्खनु श्रेयस्कर ठानेका छौं... यी घटनाहरू सुरु हुँदा म बोल्शेभिकहरूलाई समर्थन गर्थें, तर हाम्रो केन्द्रीय समितिले सर्वसम्मतिबाट यस कुराको विरोध गऱ्यो—म के गर्न सक्थें र? यो पार्टी अनुशासनको प्रश्न थियो।

"एक हप्ताभित्र बोल्शेभिक सरकार भताभुङ्ग हुनेछ। समाजवादी-क्रान्तिकारीहरू अलग्गै पर्खेर बस्न सक्ने भैदिए मन्त्रिमण्डल आफै उनीहरूको हातमा आउँथ्यो। तर हामीले एक हप्ता पर्खने हो भने देश विश्रृङ्खलित हुनेछ र जर्मनहरू विजयी बन्नेछन्। त्यसै कारणले गर्दा सैनिकहरूको दुइटै मात्र रेजिमेन्टहरूले हाम्रो समर्थन गर्ने वचन दिए तापनि हामीले आफ्नो विद्रोह सुरु गरेका छौं र अब त तिनीहरू पनि हाम्रो विरोधी भैसके, अब युङ्केरहरू मात्र बाँकी रहे।"

"अनि कजाकहरू नि?"

फौजी पोसाक लगाएको मान्छेले सुस्केरा हाल्यो। "उनीहरू त टसमस गर्न चाहँदैनन्। सुरुमा उनीहरूले भने, पैदल सैनिकहरूले उनीहरूको समर्थन गरेको खण्डमा उनीहरू मैदानमा उत्रिनेछन्। फेरि उनीहरूले भने, उनीहरूका मानिसहरू केरेन्स्कीसँग छन् र उनीहरू आफ्नो कर्तव्य पूरा गर्दै छन्... उनीहरूले के पनि भने भने कजाकहरूमाथि उनीहरू प्रजातन्त्रका विरोधी हुन् भन्ने आरोप सधैँ लगाउने गरिएको छ... उनीहरूले अन्त्यमा भने, "बोल्शेभिकहरूले हाम्रो जमिन खोस्दैनन् भन्ने वचन दिएका छन्। हामी-लाई कुनै खतरा छैन। हामी तटस्थ बस्छौँ"।"

यस वार्तालापको बेलामा मानिसहरू निरन्तर आवतजावत गर्दै थिए—जसमध्ये धेरैजसो अफिसरहरू थिए, तर उनीहरूले आफ्नो वर्दीबाट बिल्ला हटाएका थिए। उनीहरू हलमा थिए, हामी बसेको कोठाबाट त्यहाँको दृश्य राम्ररी देखिन्थ्यो र खूब जोशसाथ सानो स्वरले बोलेको उनीहरूको आवाज पनि सुनिन्थ्यो। कहिलेकाहिँ आधा खुल्ला पर्दापछाडि नुहाउने कोठाको ढोका खुल्थ्यो र त्यहाँ कर्नेलको वर्दी लगाएको एक जना हट्टाकट्टा मान्छे आफ्नो काखमा राखिएको कापीमा केही कुरा लेख्दै थियो। मैले पेत्रोग्रादका भूतपूर्व कमान्डेन्ट कर्नेल पल्कोभ्निकोभलाई चिनिहालेँ। उनको गिरफ्तारीको लागि सैनिक क्रान्तिकारी समिति ठूलो इनाम दिन तयार थियो।

"हाम्रो कार्यक्रम रे?" फौजी पोसाक लगाएका व्यक्तिले भने। "सुन्नोस् यही हो हाम्रो कार्यक्रम। जमिन भूमि-समितिहरूको हातमा सुम्पिनेछ। मजदुर-हरूलाई उद्योगको नियन्त्रणमा पूर्ण प्रतिनिधित्व प्रदान गरिनेछ। एक सक्रिय शान्ति कार्यक्रम, तर बोल्शेभिकहरूले प्रचार गरेजस्तो कुनै अन्तिमेत्थम् होइन। बोल्शेभिकहरूले आफ्नै देशभित्र समेत जनतालाई दिएको वचन पूरा गर्न सक्दैनन्। हामी उनीहरूलाई यो मौका दिन्नौँ... उनीहरूले किसान-हरूको समर्थन प्राप्त गर्नको लागि हाम्रो भूमि कार्यक्रम चोरे। यो सरासर बेइमानी हो। उनीहरूले संविधान सभाको लागि पर्खिदिएका भए..."

"यहाँ संविधान सभाको प्रश्न छैन!" फौजी पोसाक लगाएको मान्छेले बीचैमा कुरा काट्दै भन्यो। "यदि बोल्शेभिकहरू देशमा समाजवादी व्यवस्था स्थापना गर्न चाहन्छन् भने यस अवस्थामा हामी उनीहरूसँग कुनै पनि तरि-काले काम गर्न सक्दैनौँ! केरेन्स्कीले ठूलो गल्ती गरे। गणतन्त्र परिषद्मा उनले बोल्शेभिकहरूको गिरफ्तारीको आदेश दिइसकेका छन् भन्ने कुरा घोषणा गरेर उनले बोल्शेभिकहरूलाई यो कुरा थाहा दिए..."

"तर तपाईंहरू अब के गर्न चाहनुहुन्छ?" मैले सोधें।

दुवै जनाले एक अर्काको मुख हेरे। उनीहरूमध्ये एक जनाले भने, "केही दिनभित्र नै तपाईंले थाहा पाउनुहुनेछ। मोर्चामा सेनाको पर्याप्त हिस्साले हाम्रो साथ दिएको खण्डमा हामी बोल्शेभिकहरूसँग सम्झौता गर्दैनौं। अन्यथा, हामी सम्झौता गर्न बाध्य हुनेछौं।"

त्यहाँबाट हामी फेरि नेभ्स्की मार्गमा निस्क्यौं र मानिसहरूले ठसाठस भरिएको एउटा ट्राम गाडीमा झुण्डियौं। त्यस ट्राम गाडीको पाउदान मानिसहरूको बोझले झुकेको थियो र जमिनमा घिस्रिन्थ्यो। त्यो गाडी चिप्लेकीरो जस्तै मन्द गतिले घिस्रिँदै स्मोल्नीसम्मको त्यो लामो बाटो पार गर्दै थियो।

हामी स्मोल्नी पुग्दा सुग्घरी, होचो कदको, दुब्लो पातलो मेश्कोभ्स्की हलतिर ओर्लंदै थिए। उनी निकै चिन्तित देखिन्थे। उनले भने, मन्त्रालयहरूको हडतालले आफ्नो प्रभाव देखाउँदै छ। उदाहरणको लागि जन कमिसार परिषद्ले गोप्य सन्धिहरू प्रकाशन गर्ने आश्वासन दिएको थियो; परन्तु ती कागतपत्रहरूसम्बन्धी विभागका प्रमुख अधिकारी नेरातोभ सम्पूर्ण कागजात लिएर गायब भएका छन्। ती कागतपत्रहरू ब्रिटिश राजदूतावास पुगेका छन् भन्ने शङ्का छ।

सबैभन्दा खराब कुरा त बैङ्कहरूको हडताल थियो। मेन्झीन्स्कीले भने, "विनापैसा हामी पूर्णतः निस्सहाय छौं। रेल कर्मचारीहरूको, हुलाक तथा आकाशवाणीका कर्मचारीहरूको वेतन नदिई हुँदैन... बैङ्कहरू बन्द छन्; राष्ट्र बैङ्कको हातमा सम्पूर्ण समस्याको साँचो छ, त्यो पनि बन्दै छ। रसियाभरिका बैङ्क कर्मचारीहरू बेचिएका छन् र सबैले काम बन्द गरेका छन्।

"तर लेनिनले त राष्ट्र बैङ्कका सबै तहखानाहरूका ढोकाहरू डाइनामाइटद्वारा फोड्ने आदेश जारी गरिसक्नुभएको छ र भर्खरै मात्र एउटा आज्ञप्ति निस्केको छ, जसमा सबै प्राइभेट बैङ्कहरू भोलिदेखि खोल्ने आदेश दिइएको छ, अन्यथा ती बैङ्कहरू जबरजस्ती खोलिनेछन्!"

पेत्रोग्राद सोभियतको बैठक जोरसोरले चल्दै थियो। पूरा हल हतियारबन्द मानिसहरूले भरिएको थियो। त्रोत्स्की प्रतिवेदन दिँदै थिए—

"कजाकहरू क्रास्नोये सेलोबाट पछि हट्दै छन् (करतल ध्वनिले ताली बज्छ) तर सङ्ग्राम भर्खरै मात्र सुरु भएको छ। पुल्कोभामा भीषण लडाइँ चल्दै छ। सम्पूर्ण उपलब्ध शक्ति त्यता पठाउनुपरेको छ।

"मास्कोबाट प्राप्त समाचार राम्रो भन्न सकिँदैन। क्रेमलिन युङ्केरहरूको हातमा छ र मजदुरहरूसँग पर्याप्त हतियार छैन। त्यहाँ कस्तो परिणाम निस्कन्छ भन्ने कुरा पेत्रोग्रादमा निर्भर छ।

"मोर्चामा शान्ति तथा भूमिसम्बन्धी आज्ञप्तिले ठूलो उत्साहको सञ्चार गरेका छन्। केरेन्स्कीले मोर्चाहरूमा पेत्रोग्राद आगोमा डढ्दै छ, रगतले मुछिएको छ, बोल्शेभिकहरू आइमाईहरू र केटाकेटीहरूको हत्या गर्दै छन् भन्नेजस्ता नानाथरिका हल्ला फैलाएको छ। तर कसैले उसको कुरामा विश्वास गरेको छैन।

"'आलेग', 'आभ्रोरा' र 'रेस्पुब्लिका' नामक क्रुजर जहाजहरूले नेभामा लङ्गुर खसालेका छन् र तिनका तोपहरू शहरको प्रवेश मार्गहरूतर्फ फर्काइएका छन्..."

"किन तपाईं त्यहाँका लाल गार्डहरूकहाँ जानुहुन्न?" कसैले चर्को स्वरमा सोध्यो।

"म हिंडिहाल्छु!" मञ्चबाट ओर्लंदै त्रोत्स्कीले जवाफ दिए। उनको अनुहार सधैँभन्दा बढी फीका थियो। आफ्ना केही विश्वस्त मित्रहरूद्वारा घेरिएका त्रोत्स्की हतारहतार कोठाबाट निस्के र बाहिर सडकमा पर्खिरहेको मोटरतिर लागे।

अब कामेनेभले बोल्न थाले। उनले मेलमिलाप सम्मेलनका कारबाई-हरूबारे बताए। उनले भने, मेन्शेभिकहरूले युद्धविरामका जुन शर्तहरू राखेका थिए, तिरस्कारपूर्वक अस्वीकार गरिएका छन्। रेल मजदुर युनियनका शाखा-हरूले समेत यस्तो प्रस्तावको विरुद्ध मतदान गरेका छन्।

"अहिले, जब हामीले सत्ता प्राप्त गरिसकेका छौं र सम्पूर्ण रसियाभरि आफ्नो प्रभाव फैलाउँदै छौं", उनले भने, "उनीहरू हामीसँग मात्र तीन ससाना कुराहरूको माग गर्दै छन्– १) हामी सत्ता परित्याग गरौं; २) सैनिकहरूलाई लडाइँ चालू राख्न आह्वान गरौं; ३) किसानहरूलाई भूमि सवाल बिर्सिदिनको लागि तयार पारौं।"

समाजवादी-क्रान्तिकारीहरूले लगाएका आरोपहरूको जवाफ दिन लेनिन त्यहाँ एक छिनको लागि पस्नुभयो।

"हामीले उनीहरूको भूमि कार्यक्रम चोर्यौं भन्ने आरोप लगाउँदै छन्", उहाँले भन्नुभयो, "यदि कुरा यस्तै हो भने हामी उनीहरूलाई धन्यवाद दि-न्छौं। यो राम्रो कार्यक्रम हो भन्ने हाम्रो धारणा छ।"

यस प्रकारले त्यो बैठक बडो जोरसोरसाथ चल्दै थियो। एकपछि अर्को नेता आउँथे, मानिसहरूलाई विस्तारपूर्वक सम्झाउँथे-बुझाउँथे, प्रोत्साहित गर्दथे, बहस गर्दथे; एकपछि अर्को सिपाही, एकपछि अर्को मजदुर मञ्चमा उभिन्थ्यो र आफ्नो हृदयको सम्पूर्ण व्यथा पोख्थ्यो... स्रोताहरू बदलिइ-

रहन्थे, केही निस्कन्थे भने तिनको स्थान अरूले लिन्थे। बीचबीचमा केही मान्छे भित्र पस्थे र ठूलठूलो स्वरले भन्थे, फलानाफलाना टुकडीका मानिसहरूलाई मोर्चामा जानुपरेको छ। अरूहरू सैनिक सेवाबाट अवकाश पाएका, घाइते भएका अथवा हातहतियार तथा अन्य सरसामान लिन आएका मानिसहरू भित्र पस्थे...

रातको तीन बजेको समय थियो, हामी हलबाट निस्कँदै थियौँ, सैनिक क्रान्तिकारी समितिका सदस्य गोल्चमान माथिबाट दौड्दै आइपुगे। खुसीले उनको अनुहार चम्किरहेको थियो।

"सब कुरा ठीक छ!" उनले मेरो हात समात्दै बडो जोशपूर्वक भने। "मोर्चाबाट आकाशवाणी आइपुग्यो, केरेन्स्कीलाई खतम पारे! यी हेर्नोस्!"

उनले हामीलाई एक टुक्रा कागत देखाए, जसमा सिसाकलमले हतारहतार केही कुरा लेखिएको थियो। हामी त्यो पुर्जा पढ्न असमर्थ छौँ भन्ने कुरा देखेपछि उनले आफैंले ठूलठूलो स्वरले पढ्न थाले—

"पुल्कोभा, सैनिक स्टाफ, रात्रिकाल २.१० बजे।

३०-३१ अक्टोबरको रात इतिहासमा सदाको लागि अङ्कित हुनेछ। क्रान्तिको राजधानीविरुद्ध प्रतिक्रान्तिकारी सेना बटुलेर हमला गर्ने केरेन्स्कीका प्रयासहरू निर्णायक रूपमा असफल भएका छन्। केरेन्स्की पछि हट्दै छ र हामी अगि बढ्दै छौँ। पेत्रोग्रादका सिपाहीहरू, नौसैनिकहरू तथा मजदुरहरूले देखाइदिएका छन्, उनीहरू हातमा हतियार लिएर जनवादको आकाङ्क्षा र प्रतिष्ठाको संरक्षण गर्न सक्षम छन्। बुर्जुवावर्गले क्रान्तिकारी सेनालाई अलग्याउन खोज्यो। केरेन्स्कीले यसलाई कजाकहरूको शक्तिद्वारा नष्ट पार्ने प्रयास गऱ्यो। यी दुवै योजना दयनीय रूपले विफल भए।

"मजदुर तथा कृषक जनवादको आधिपत्यको महान् विचारले सेनालाई ऐक्यबद्ध तुल्याएको छ र सेनाको सङ्कल्प दृढ तुल्याएको छ। सोभियत सत्ता कुनै क्षणिक कुरा होइन, यो एक अटल वास्तविकता हो भन्ने कुरामा सम्पूर्ण राष्ट्र विश्वस्त हुनेछ... केरेन्स्कोको पराजय जमिनदारहरूको, पुँजीपतिहरूको र सामान्यत: कर्निलोभपन्थीहरूको पराजय हो। केरेन्स्कीको पराजय शान्तिपूर्ण, स्वतन्त्र जीवन, भूमि, रोटी र सत्ताको लागि जनताको अधिकारको अनुमोदन हो। आफ्नो वीरतापूर्ण प्रहारद्वारा पुल्कोभा टुकडीले मजदुर तथा किसानहरूको क्रान्तिकारी सङ्कल्पलाई अझ सुदृढ तुल्याएको छ। अब हामीलाई कसैले पछि हटाउन सक्दैन। हाम्रो अगाडि सङ्घर्षहरू, विघ्नबाधाहरू र बलिदानहरू छन्। तर बाटो सफा छ र हाम्रो विजय सुनिश्चित छ।

"क्रान्तिकारी रसिया तथा सोभियत सत्ता कर्नेल वाल्डेनको कमानमा सङ्घर्षरत पुल्कोभा टुकडीमाथि गर्व गर्न सक्छ। लडाइँमा वीरगति प्राप्त गर्ने सैनिकहरू अमर छन्! क्रान्तिका योद्धा, जनताप्रति निष्ठावान सैनिक तथा अफिसरहरू गौरवान्वित छन्!

"क्रान्तिकारी समाजवादी जनवादी रसिया जिन्दाबाद!

परिषद्को तर्फबाट
ले० त्रोत्स्की, **जन कमिसार**"

ज्नामेन्स्की चोक हुँदै मोटरमा घर जाँदै थियौँ, हामीले निकोलाइ रेल स्टेसनसामुन्ने एउटा असाधारण भीड देख्यौँ। चम्किला बन्दुक बोकेका हजारौँ नौसैनिकहरू त्यहाँ भेला भएका थिए।

भिक्झेलका एक सदस्य स्टेसनको सिंढीमा उभेर उनीहरूसँग बहस गर्दै थिए।

उनी भन्दै थिए, "कमरेडहरू, हामी तपाईंहरूलाई मास्को पुऱ्याउन सक्दैनौँ। हामी तटस्थ छौँ। हामी कुनै पनि पक्षको सेना ओसार्ने काम गर्दैनौँ। हामी तपाईंहरूलाई मास्को लैजान सक्दैनौँ, त्यहाँ अहिले नै भीषण गृहयुद्ध सुरु भइसकेको छ।"

चोकभरि उभिएको त्यस भीडले त्यस व्यक्तिमाथि गालीको वर्षा गर्दै थियो। ती नौसैनिकहरू बिस्तारै अगि बढ्न थाले। अकस्मात् स्टेसनको अर्को ढोका खुल्यो, ढोकामा दुइ-तीन जना ब्रेकमेन र एक जना फायरमेन उभेका थिए।

"यता आउनोस्, कमरेडहरू!" एक जनाले ठूलो स्वरले भन्यो। "हामी तपाईंहरूलाई मास्को अथवा भ्लादिभास्तोक, जहाँ चाहनुहुन्छ, पुऱ्याइदिन्छौँ! क्रान्ति जिन्दाबाद!"

नवौं अध्याय

विजय

आदेश नम्बर १

पुल्कोभा टुकडीका सिपाहीहरूको नाममा

१३ नोभेम्बर १९१७, प्रातः ९. ३८ बजे।

"एक भीषण लडाइँपश्चात् पुल्कोभा टुकडीका सैनिकहरूले प्रतिक्रान्तिकारी सेनाहरूलाई पूर्णतः धपाइदिएका छन्; उनीहरू अस्तव्यस्त रूपले आफ्नो ठाउँ छोडेर भागे र चास्कोंये सेलोको आडमा पाभ्लोभ्स्कोये द्वितीय र गात्चिनातिर पछि हटे।

"हाम्रा अग्रगामी टुकडीहरूले चास्कोंये सेलोको उत्तर-पूर्वी किनार र अलेक्सान्द्रोभ्स्काया स्टेसनमाथि कब्जा गरे। हाम्रो पूर्वी पार्श्वमा कोल्पिना टुकडी र पश्चिमी पार्श्वमा क्रास्नोये सेलो टुकडी थिए।

"मैले पुल्कोभाको सेनालाई चास्कोंये सेलो कब्जा गर्ने र यसका प्रवेश मार्गहरूमा खासगरी गात्चिनातिरको बाटोमा मोर्चाबन्दी गर्ने आदेश दिएको छु।

"मैले के पनि आदेश दिएको छु भने पुल्कोभाको सेना अगाडि बढेर पाभ्लोभ्स्कोये कब्जा गरून्, यसको दक्षिणी हिस्सामा मोर्चाबन्दी गरून् र द्नो रेल स्टेसनसम्मको रेलमार्ग आफ्नो हातमा लिउन्।

"सैनिकहरूले जुन स्थान कब्जा गरेका छन्, त्यहाँ खाडलहरू खनेर र सुरक्षाका अन्य व्यवस्थाहरू गरेर आफ्नो विजय सुदृढ तुल्याउने प्रयास गरून्।

"उनीहरूले कोल्पिना र क्रास्नोये सेलोका टुकडीहरू र पेत्रोग्रादको

सुरक्षाको लागि नियुक्त मुख्य सेनापतिको स्टाफसँग पनि घनिष्ठ सम्पर्क राखुन् ।

हस्ताक्षर –
केरेन्स्कीका प्रतिक्रान्तिकारी
सेनाहरूको विरुद्ध
सङ्घर्षरत सबै सेनाहरूका मुख्य सेनापति
लेफ्टिनेन्ट-कर्नेल **मुराभ्योभ** ।"

मङ्गलवार, प्रातःकाल । तर यो के भयो ? दुई दिन पहिले मात्रै पेत्रोग्रादको वरिपरि नेतृत्वहीन सैनिकहरू फौज का फौज निरूद्देश्य घुम्दै थिए ; उनीहरूसँग न रसदपानी, न तोपहरू, न त कुनै योजना नै थियो। यी अनुशासनहीन लाल गार्डहरू, अफिसरहरूविनाका यी सिपाहीहरूको विसङ्गठित समुदायलाई कुन सूत्रले यसरी एउटै गाँठोमा बाँधेर एउटा सेनाको रूप दियो, जो स्वयम् आफैंले निर्वाचन गरेको कमानको अधीनमा बसेका छन् र जो कति तत्तिएका छन् भने तोपहरू र कजाक रिसल्लाको प्रहारको सामना गर्न र उनीहरूलाई नष्ट पार्न सक्षा भएका छन् ? (१) *

विद्रोही जनताले आफ्नै तरिकाले पुराना सैनिक दृष्टान्तहरूको खण्डन गर्दछन् । यस सन्दर्भमा फ्रान्सेली क्रान्तिका झुत्रोझाम्रो लुगा लगाएका सेना-हरू – भाल्मी र भेइसेमबुर्गका विजयी सेनाहरूलाई** बिर्सन सकिँदैन । सो-भियत सेनाको विरुद्ध युङ्केरहरू, कजाकहरू, भूमिपतिहरू, अभिजातहरू, कालासयहरू – सबै ऐक्यबद्ध भएका थिए । उनीहरूको पछाडि जार फेरि चलमलाउन थालेका थिए, जारशाही गुप्त पुलिस – आख्रान्का फेरि आफ्नो

---

*हेर्नोस् यस अध्यायको परिशिष्टमा दिइएका टिप्पणीहरू ।

२० सेप्टेम्बर १७९२ को दिन भाल्मीमा भएको ऐतिहासिक युद्धमा फ्रान्सेली क्रान्तिकारी सेनाका स्वयंसेवक दलहरूले प्रोइसेन सैनिक टुकटीहरू-लाई, जो पेरिसतिर अगि बढ्दै थिए, पराजित गरेका थिए र उनीहरूलाई पछि हट्न बाध्य तुल्याएका थिए । सन् १७९४ मा भेइसेमबुर्गको लडाइँमा फ्रान्सेली क्रान्तिकारी सेनाले, जसको कमान वास्तवमा सेँ-जुस्तको हातमा थियो, अस्ट्रियाली सेनालाई ध्वस्त पारेको थियो र त्यस सेनालाई फ्रान्सका सीमाहरूबाट लखेटिदिएको थियो । **– सं०

षड्यन्त्रको जाल फिँजाउँदै थियो र साइबेरियाको कालापानीका सिक्रीहरू फेरि झनझनाउन थालेका थिए। त्यसमाथि जर्मनहरूको तर्फबाट सर्वव्यापी भयङ्कर खतरा यथावत् कायमै थियो... कार्लाइलको शब्दमा, विजयको अर्थ थियो, "पूर्ण मोक्ष तथा अनन्त स्वर्णयुग!"

आइतवार राती सैनिक क्रान्तिकारी समितिका कमिसारहरू लडाइँको मैदानबाट निराश भएर फर्के। पेत्रोग्राद गैरिसनले आफ्ना पाँच व्यक्ति – दुई जना अफिसरहरू र तीन जना सिपाहीहरूको समिति, सैनिक स्टाफ निर्वाचित गरेका थिए, जो निस्सन्देह प्रतिक्रान्तिको सङ्क्रामक रोगबाट पूर्णतः मुक्त थिए। कमान भूतपूर्व प्रतिरक्षावादी कर्नेल मुराभ्योभलाई सुम्पिएको थियो, जो एक योग्य व्यक्ति थिए तर जसमाथि कडा निगरानी राख्नु पनि आवश्यक थियो*। कोल्पिना, ओबुखोभा, पुल्कोभा र क्रास्नोये सेलोमा अस्थायी सैनिक टुकडीहरू गठन गरिए, भौँतारिएका सिपाहीहरू चारैतिरबाट आएर यी टुकडीहरूमा सामेल हुँदै गएअनुसार यी टुकडीहरूको आकार बढ्दै गयो। यी टुकडीहरूमा सिपाहीहरू, नौसैनिकहरू, लाल गार्डहरू, विभिन्न रेजिमेन्टहरूका केही हिस्साहरू, पैदल सिपाहीहरू, घोडसवार सेना र तोपसेना – सबै मिसिएका थिए। केही बख्तरबन्द गाडीहरू पनि त्यहाँ सामेल भए।

भोर हुनासाथ कजाकहरूका गस्ती टुकडीहरूसँग यी सिपाहीहरूको मुठभेट भयो। छिटपुट गोली चल्यो र आत्मसमर्पण गर्ने आह्वान गरियो। त्यस चिसो मैदानको हिउँदे बतासमा लडाइँको आवाज गुञ्जियो र ससाना धुनिहरूको वरिपरि पर्खेर बसेका झुण्डका झुण्ड घुमन्ते सिपाहीहरूको कानमा यो आवाज पऱ्यो... ए, त्यसो भए सुरु भएछ! ती सिपाहीहरू लडाइँको मैदानतिर बढे। सीधै राजमार्गहरूतिरबाट आइरहेका मजदुरहरूले हतार-हतार पाइला चाले... यस प्रकारले आक्रमणको प्रत्येक बिन्दुमा क्रुद्ध मानिसहरूका समूहहरू आफै जम्मा हुन थाले, जहाँ पुग्नासाथ कमिसारहरूले उनीहरूको स्वागत गरे, उनीहरूलाई निर्दिष्ट स्थानमा पठाइयो र उनीहरूले

---

*मुराभ्योभको कुनै स्पष्ट राजनीतिक विचारधारा थिएन। सोभियतहरूको पक्षमा आउनुभन्दा अगि उनले "विजयपर्यन्त युद्धको" नारालाई समर्थन गरेका थिए। कर्निलोभ विद्रोहको समयमा उनले वामपन्थी समाजवादी-क्रान्तिकारीहरूसँग साठगाँठ गरेका थिए। अन्त्यमा उनी सोभियत सत्ताका शत्रुहरूको साथ लागे। – सं०

के काम गर्नु पर्ने हो भन्ने कुरा बताइयो। यो उनीहरूको **आफ्नै** लडाइँ थियो, **आफ्नै** संसारको लागि ; कमानका अफिसरहरू पनि उनीहरू **आफैंले** छानेका थिए। यस बला असङ्ख्य इच्छाहरू एकाकार भएर एउटै इच्छामा परिणत भएका थिए।

यस लडाइँमा जसले भाग लिएका थिए, उनीहरूले मलाई बताए, कसरी नौसैनिकहरूले सबै गोली न सकिएसम्म गोली चलाए र त्यसपछि एकै चोटि शत्रुमाथि जाइलागे ; कसरी सामान्य मजदुरहरू, जसलाई युद्ध कलाको कुनै ज्ञान थिएन, हमला गर्दै कजाक घोडसवारहरूमाथि झम्टिए, उनीहरूलाई घोडाबाट तानेर तल झारे ; कसरी त्यस अन्धकारले घेरिएको रणक्षेत्रमा चारैतिरबाट भेला भएका जनताका बेनामी दलहरू आँधी जस्तो उठे र शत्रु सेनालाई ढाके... सोमवार आधारातसम्ममा कजाकहरू अस्तव्यस्त भए र लडाइँको मैदानमा आफ्नो तोपखाना छोडेर भागे। सर्वहारा सेना धेरै टाढासम्म फैलिएको त्यस छियाछिया परेको मोर्चामा अगाडि बढे र हेर्दाहेर्दै चास्कोंये सेलोमा आइपुगे। शत्रु सेनाले बृहत् सरकारी रेडियो स्टेसन नष्ट पार्ने सम्म पनि मौका पाएन, जसबाट यस बेला स्मोल्नीका कमिसारहरू संसारलाई आफ्नो विजयगाथा सुनाउँदै थिए।

"समस्त मजदुर तथा सैनिक
प्रतिनिधिहरूका सोभियतहरूको नाममा

१२ नोभेम्बरको दिन चास्कोंये सेलोनेर भएको रक्तपातपूर्ण लडाइँमा क्रान्तिकारी सेनाले केरेन्स्की र कर्निलोभका प्रतिक्रान्तिकारी सेनालाई पराजित गरेका छन्। क्रान्तिकारी सरकारको नामबाट म सबै रेजिमेन्टहरूलाई आदेश दिन्छु, उनीहरूले शत्रु सेनामाथि हमला गरून् र केरेन्स्कीलाई गिरफ्तार गर्नको लागि सबै उपाय प्रयोग गरून् र त्यस्ता कुनै पनि दुस्साहसपूर्ण कार्यको विरोध गरून्, जसले क्रान्तिका उपलब्धिहरू र सर्वहारावर्गको विजयमाथि खतरा पुऱ्याओस्।

क्रान्तिकारी सेना जिन्दाबाद!

मुराभ्योभ"

प्रान्तहरूबाट प्राप्त समाचारहरू –

सेभास्तोपलमा स्थानीय सोभियतहरूले शासन आफ्नो हातमा लिएका छन् ; बन्दरगाहमा उपस्थित जङ्गी जहाजहरूका नौसैनिकहरूले एक विशाल आमसभामा अफिसरहरूलाई पङ्क्तिबद्ध गराए र नयाँ सरकारप्रति आफ्नो वफादारीको शपथ लिन बाध्य तुल्याए। निझ्नी नोभ्गरद सोभियतको हातमा छ। काजानबाट समाचार आएअनुसार त्यहाँ सडकहरूमा लडाइँ चल्दै छ – एकातिर बोल्शेभिक गैरिसन छ भने अर्कोतिर युङ्केरहरू र एउटा तोपखाना ब्रिगेड।

मास्कोमा फेरि भीषण सङ्ग्राम सुरु भएको छ। क्रेमलिन र शहरको केन्द्रीय भाग युङ्केरहरू र स्वेत गार्डहरूले कब्जा गरे, तर सैनिक क्रान्तिकारी समितिका सिपाहीहरूले चारैतिरबाट उनीहरूमाथि हमला गर्दै छन्। सोभियत तोपखाना स्कोबेलेभ चोकमा राखिएको छ र त्यहाँबाट नगर दुमा भवन, कमान्डेन्ट अफिस र 'मेत्रोपोल' होटेलमाथि गोलाबारी चलाइँदै छ। त्भेरस्काया तथा निकीत्स्काया सडकहरूका ढुङ्गाहरू निकालिएका छन् र खाडल खन्ने र बैरिकेड तयार पार्ने काममा लगाइँदै छन्। ठूलठूला बैङ्कहरू र व्यापार गृहहरू भएका टोलहरूमा भयङ्कर गोलाबारी गरिँदै छ। बत्ती निभेको छ, टेलिफोनहरू काम गर्दैनन्। शहरिया जनसङ्ख्याका पुँजीवादी हिस्सा तहखानाहरूमा लुकेर बसेका छन्... ताजा समाचार-बुलेटिनअनुसार सैनिक क्रान्तिकारी समितिले सार्वजनिक सुरक्षा समितिलाई* अन्तिमेत्थम् दिएको छ र उनीहरूले अविलम्ब क्रेमलिन छोड्नु अन्यथा गोलाबारी सुरु गरिनेछ भन्ने सूचना दिइएको छ।

"क्रेमलिनमाथि गोलाबारी रे?" सामान्य नागरिकहरू भन्थे। "होइन, उनीहरू आँट्न सक्दैनन्!"

भोलोग्दादेखि दूरवर्ती साइबेरियाको चिता नगरसम्म, प्स्कोभदेखि कृष्ण सागर तटवर्ती सेभास्तोपलसम्म, ठूलठूला शहरहरूमा र ससाना गाउँहरूमा समेत गृहयुद्धको आगो सल्कियो। हजारौँहजार कारखानाहरूबाट, ग्रामीण कम्युनहरूबाट, विशाल समुद्रका जहाजहरूबाट पेत्रोग्रादमा अभिनन्दन सन्देशको बाढी लाग्यो। ती अभिनन्दन सन्देशहरू नयाँ जनसरकारको नाममा पठाइएका थिए।

---

*सार्वजनिक सुरक्षा समिति – सन् १९१७ को अक्टोबरका दिनहरूमा मास्कोमा प्रतिक्रान्तिको मुख्य अखडा। – सं०

नोभचेर्कास्कबाट कजाक सरकारले केरेन्स्कीको नाममा आकाशवाणी पठायो, "**कजाक सैनिक सरकार अस्थायी सरकार तथा गणतन्त्र परिषद्का सदस्यहरूलाई सम्भव भए नोभचेर्कास्क आउने निमन्त्रणा पठाउँदै छ। यहाँ हामी बोल्शेभिकहरूको विरुद्ध सङ्घर्ष गर्न मिलीजुली सङ्गठन गर्न सक्दछौं**"।

फिनल्याण्डमा पनि हलचल सुरु भइसकेको थियो। हेलसिङफोर्सको सोभियत र चेन्त्रबाल्ट (बाल्टिक बेडाको केन्द्रीय समिति) ले संयुक्त रूपमा घेराबन्दीको घोषणा गरेका थिए र बोल्शेभिक सेनालाई जिस्क्याउने, यसका आदेशहरूप्रति हुने समस्त सशस्त्र प्रतिरोधहरू निर्ममतापूर्वक दबाइनेछन् भन्ने घोषणा गरेका थिए। साथै फिनल्याण्डको रेल मजदुर युनियनले देशव्यापी हडताल आयोजना गर्ने आह्वान गऱ्यो र जून १९१७ मा समाजवादी संसदद्वारा, जसलाई केरेन्स्कीले विघटन गरेका थिए, पारित कानुनहरू कार्यान्वयन गर्ने माग गऱ्यो।

बिहान सबेरै म स्मोल्नीतिर लागें। मूल ढोकाबाट भित्र पसेपछि म जब फल्याक बिछ्याइएको लामो पेटीबाट जाँदै थिएँ, मैले देखें त्यस शान्त धमिलो आकाशबाट हिमकणहरू झर्दै थिए। त्यस वर्ष पहिलो पटक हिउँ परेको थियो। ढोकामा उभेको सन्तरी मुस्कुरायो। ऊ दङ पर्दै चिच्च्याइरहेको थियो "हिउँ पऱ्यो! गजब भयो!" भित्र लामालामा धमिला करिडरहरू र चिसा हलहरूमा सन्नाटा फैलिएको थियो। त्यो विशाल भवन पूर्णतः शून्य लाग्थ्यो, कतै हलचल थिएन। मैले अचानक कुनै गहिरो, अनौठो आवाज सुनें। यताउति फर्केर हेर्दा मैले देखें मानिसहरू जताततै भुइँमा, भित्तामा अडेस लाएर सुतिरहेका थिए। मैलो, हिलो परेको, झुत्रोझाम्रो लुगा लगाएका मजदुर तथा सिपाहीहरू एकला अथवा झुण्ड का झुण्ड त्यहाँ मस्तीले निदाएका थिए—उनीहरूलाई कुनै कुराको वास्ता थिएन! कसै कसैले झुत्रोझाम्रो कपडाले आफ्नो घाउमा पट्टि लगाएका थिए, ती पट्टिहरूमा रगतको दाग देखिन्थ्यो। बन्दुक र कार्तोसका पेटीहरू चारैतिर छरिएका थिए... यही थियो विजयी सर्वहारा सेना!

माथि भोजनालयमा कत्ति धेरै मानिसहरू पल्टेका थिए भने उनीहरूलाई नकुल्चीकन अगि बढ्न मुश्किल थियो। कोठामा निस्सासिने वातावरण थियो। वाफले ढाकिएका झ्यालहरूबाट मधूरो प्रकाश आउँदै थियो। एउटा पुरानो कच्याककुचुक परेको चिसो समाभार काउण्टरमा राखिएको थियो र नजिकै

नमाजिएका धेरै गिलासहरू छरिएका थिए। छेवैमा सैनिक क्रान्तिकारी समितिको एउटा ताजा बुलेटिन राखिएको थियो र त्यसमा कसैले टेढोमेढो अक्षरले केही कुरा लेखेर छोडेको थियो। वास्तवमा यो कुनै सिपाहीले निद्राले छोपेर भुइँमा पल्टनुभन्दा पहिले आफ्ना ती साथीहरूको सम्झनामा लेखेको थियो, जो केरेन्स्कीको विरुद्ध लडाइँमा शहीद भएका थिए। कागतको बीचबीचमा दाग थियो, शायद आँसुको दाग होला...

अलेक्सेइ भिनोग्रादोभ
दि० मास्कभिन
स० स्तोल्बिकोभ
अ० भस्क्रेसेन्स्की
दि० लेम्रोन्स्की
द० प्रेम्राब्राझेन्स्की
भ० लाइदान्स्की
मि० बेर्चिकोभ

यी सबै मानिसहरू १५ नोभेम्बर १९१६ को दिन सेनामा भर्ती भएका थिए। उनीहरूमध्ये तीन जना मात्र बाँकी रहे—

मिखाइल बेर्चिकोभ
अलेक्सेइ भस्क्रेसेन्स्की
दिमित्री लेम्रोन्स्की

* * *

पराक्रमी योद्धाहरू, वीरभूमिमा अब निदाऊ
शान्त हृदयले मीठो निद्रा बिताऊ
कीर्ति र अनन्त शान्ति प्रियजन
हो तिमीहरूको यो स्वः आर्जन

केवल सैनिक क्रान्तिकारी समितिका सदस्यहरू विनानिद्रा काम गर्दै थिए। भित्री कोठाबाट निस्कँदै स्क्रिपनिकले भने, गोच गिरफ्तार भएका छन्, तर उनले पनि आभ्सेन्त्येभले जस्तै उद्धार समितिको घोषणापत्रमा हस्ताक्षर गरेको छु भन्ने कुरा हाकाहाकी अस्वीकार गरेका छन्। स्वयम् उद्धार समितिले गैरिसनको नाममा जारी गरेको अपिल खारेज गरेका छ। स्क्रिपनिकले भने, शहरका रेजिमेन्टहरूमा अझै पनि असन्तुष्टि कायमै छ; भोलिन्स्की रेजिमेन्टले केरेन्स्कीको विरुद्ध लडाइँमा भाग लिन अस्वीकार गरेको छ।

गात्चिनामा चेर्नोभको नेतृत्वमा कतिपय "तटस्थ" टुकडीहरू थिए र चेर्नोभ केरेन्स्कीलाई पेत्रोग्रादमाथि आफ्नो हमला रोक्न मनाउँदै छन्।

स्क्रिपनिकले हाँस्दै भने, "अब तटस्थ सटस्थको कुरै हुन सक्दैन। हाम्रो विजय भइसकेको छ!" उनको तीखो, दाह्रीवाल अनुहारमा झण्डै दिव्य उल्लासको भावना थियो। "मोर्चाबाट साठी जनाभन्दा बढी प्रतिनिधिहरू आइसकेका छन् र उनीहरूले हामीलाई रूमेनियाली मोर्चाका सिपाहीहरूबाहेक, जसबाट कुनै समाचार प्राप्त भएको छैन, बाँकी सबै सेनाहरूको समर्थन प्राप्त हुनेछ भन्ने आश्वासन दिएका छन्। सैनिक समितिहरूले पेत्रोग्रादबाट आउने सबै समाचारहरू गुपचुप राख्ने प्रयास गरेका छन्, तर अब हामीले सन्देशवाहकहरूको एक नियमित व्यवस्था तयार गरिसकेका छौं।"

नयाँ सरकारको गठनार्थ आयोजित सम्मेलनको रातभरि चलेको बैठकबाट थकाइले चूर भएर आएका कामेनेभ भर्खरै मात्र तल्लो तल्लाको सामुन्नेको हलभित्र पसेका थिए। उनी निकै प्रसन्न देखिन्थे। "समाजवादी-क्रान्तिकारीहरू हामीलाई नयाँ सरकारमा सामेल गराउन तयार देखिन्छन्", उनले मलाई भने, "दक्षिणपन्थी समूहहरू क्रान्तिकारी अदालतहरूबाट तर्सेका छन्; उनीहरूले आतङ्कित हुँदै माग गर्न थालेका छन्, यी अदालतहरू भङ्ग भएपछि मात्र उनीहरू कुराकानी अगि बढाउन तयार छन्... हामीले भिक्झेलद्वारा प्रस्तुत विशुद्ध समाजवादी मन्त्रिमण्डल खडा गर्ने प्रस्ताव स्वीकार गरेका छौं र उनीहरू अहिले यस प्रस्तावमाथि काम गर्दै छन्। तपाईं बुझ्नोस्, यी सबै कुराको कारण हाम्रो विजय नै हो। हाम्रो हात तल पर्दा उनीहरू कुनै पनि मूल्यमा हामीलाई सामेल गराउन तयार थिएनन् तर अहिले चाहिँ सबै कुनै न कुनै रूपमा सोभियतहरूसँग सम्झौता गर्ने पक्षमा छन्... आज हामीलाई जुन कुराको आवश्यकता छ, त्यो हो एक निर्णायक

विजय। केरेन्स्की युद्धविराम चाहन्छन्, तर उनलाई आत्मसमर्पण नगरी सुख छैन।" (२)

बोल्शेभिक नेताहरूको सोचाइ यही थियो*। एक जना विदेशी पत्रकारले त्रोत्स्कीसँग उनी संसारलाई कस्तो सन्देश दिन चाहन्छन् भनी सोध्दा उनले जवाफ दिएका थिए, "यस बेला हाम्रो लागि एउटै मात्र सन्देश सम्भव छ र यो त्यही सन्देश हो, जुन हामी आफ्ना तोपहरूद्वारा दिँदै छौं!"

परन्तु विजयको यस उल्लासभित्र वास्तविक चिन्ताको भावना पनि लुकेको थियो र त्यस चिन्ताको कारण थियो– आर्थिक प्रश्न। बैङ्क कर्मचारीहरूको युनियनले सैनिक क्रान्तिकारी समितिको आदेशअनुसार बैङ्कहरू खोल्नुको साटो एउटा आमसभा गरेर औपचारिक हडतालको घोषणा गरेका थिए। स्मोल्नीले राष्ट्र बैङ्कसँग साढे तीन करोड रूबल मागेको थियो, तर बैङ्कको

---

*११ नोभेम्बरको दिन भिक्झेल अर्थात् अखिल रसियाली रेल मजदुर युनियनको कार्यकारिणी समितिले, जुन नोभेम्बर क्रान्तिपश्चात् सोभियत विरोधी कार्यकलापको प्रमुख केन्द्र बनेको थियो, एउटा प्रस्ताव पारित गरेको थियो, जसमा "सबै समाजवादी पार्टीहरू" सम्मिलित भएको सरकार गठन गर्ने माग राखिएको थियो। लेनिन र केन्द्रीय समितिका सदस्यहरूले सोचेका थिए, भिक्झेलसँगको वार्ता "युद्धको लागि कुटनीतिक पर्दा" बन्नेछ। परन्तु कामेनेभ र सकोल्निकोभले, जसले यस वार्तामा बोल्शेभिकहरूको प्रतिनिधित्व गरेका थिए, लेनिन तथा केन्द्रीय समितिका निर्देशनहरूको उलङ्घन गरेर भिक्झेलका मागहरू स्वीकार गरेका थिए र प्रतिक्रान्तिकारी मेन्शेभिक तथा समाजवादी-क्रान्तिकारी पार्टीहरूलाई सरकारमा सम्मिलित गराउन मञ्जुरी दिएका थिए।

१५ नोभेम्बरको दिन केन्द्रीय समितिले लेनिनको सुझावअनुसार एउटा प्रस्ताव पारित गऱ्यो, जसमा यी पार्टीहरूसँग सम्झौताको नीति अस्वीकार गरिएको थियो। प्रस्तावना जोड दिइएको थियो, "सोभियत सत्ताको नारा नछोडी विशुद्ध बोल्शेभिक सरकारको नारा छोड्न सकिँदैन", किनभने सोभियतहरूको अखिल रसियाली महाधिवेशनले यस सरकारको हातमा सत्ता सुम्पेको थियो। यस प्रकार, रिडद्वारा उद्धृत कामेनेभका शब्दले सबै बोल्शेभिकहरूको नभएर केन्द्रीय समितिभित्र केवल त्यस अल्पसङ्ख्यक अवसरवादी दलको विचार व्यक्त गर्दछ, जसको दृष्टिमा रसियामा समाजवादी क्रान्ति असम्भव थियो।–सं०

खजान्चीले ढुकुटीमा ताला लगाइदिएको थियो र अस्थायी सरकारका प्रतिनिधिहरूलाई मात्र पैसा दिन्थ्यो। प्रतिक्रियावादीहरू राष्ट्र बैंङकलाई आफ्नो एक राजनीतिक हतियारको रूपमा प्रयोग गर्दै थिए। उदाहरणार्थ, भिक्झेलले सरकारी रेल कर्मचारीहरूको वेतन दिन पैसा माग्दा उनीहरूलाई यो पैसा स्मोल्नीसँग माग्न भनियो।

नयाँ कमिसारसँग भेट्न म राष्ट्र बैंङक गएँ। पेत्रोभिच नामक कैलो कपाल भएको यी व्यक्ति उक्राइनी बोल्शेभिक थिए। हडतालमा बसेका कर्मचारीहरूले बैंङकलाई जुन अस्तव्यस्त अवस्थामा छोडेर गएका थिए, उनी त्यो ठीक पार्ने र व्यवस्थित तुल्याउने प्रयास गर्दै थिए। त्यस विशाल भवनका सबै कार्यालयहरूमा स्वयंसेवक मजदुरहरू, सिपाहीहरू तथा नौसैनिकहरू किंकर्तव्यविमुढ भएर ठूलठूला खाताहरू पल्टाउँदै थिए। यी सबै कुरा बुझ्न भयङ्कर मानसिक परिश्रमको आवश्यकता थियो।

दुमा भवनमा ठूलो भीड लागेको थियो। अहिल्यै पनि नयाँ सरकारलाई यदाकदा हाँक दिइन्थ्यो, तर यस्ता घटनाहरू कमै हुन्थे। केन्द्रीय भूमि समितिले किसानहरूसँग सोभियतहरूको महाधिवेशनद्वारा पारित भूमिसम्बन्धी आज्ञप्तिलाई मान्यता नदिने अनुरोध गरेको थियो, किनभने यो आज्ञप्ति अव्यवस्था र गृहयुद्धको कारण बन्नेछ। मेयर श्रेइदेरले घोषणा गरे, बोल्शेभिक विद्रोहले गर्दा संविधान सभाको चुनाव अनिश्चित कालसम्म स्थगित गर्नुपरेको छ। गृहयुद्धको उग्रता र भीषणताले आतङ्कित भएका सबै मानिसहरू मात्र दुई प्रश्न सोध्दथे — कसरी रक्तपात बन्द गर्ने हो (३) र कसरी नयाँ सरकार गठन गर्ने हो। अब "बोल्शेभिकहरूलाई नष्ट पार्ने" कुरा गर्दैनथे र जन-समाजवादीहरू तथा किसानहरूका सोभियतहरूको अतिरिक्त अरूले बोल्शेभिकहरूलाई सरकारमा सामेल नगराउने कुरा कमै गर्दथे। कहाँसम्म भने स्ताभ्का (सैनिक हेडक्वार्टर) को केन्द्रीय सैनिक समितिले समेत, जो स्मोल्नीको कट्टर शत्रु थियो, मागिल्योभबाट टेलिफोन गरेर खबर पठाएको थियो — "नयाँ मन्त्रिमण्डल गठन गर्ने हो भने बोल्शेभिकहरूसँग सम्झौता गर्नु आवश्यक छ, हामी उनीहरूलाई अल्पसङ्ख्यक हिस्साको रूपमा मन्त्रिमण्डलमा सामेल गराउन तयार छौं"।

'प्राभदा'ले केरेन्स्कीको "मानवतावादी धारणातर्फ" व्यङ्ग्यपूर्वक सङ्केत गर्दै उद्धार समितिको नाममा उनले पठाएको सन्देश प्रकाशित गरेको थियो —

"उद्धार समिति तथा यसको वरिपरि ऐक्यबद्ध भएका सबै प्रजातान्त्रिक सङ्गठनहरूको प्रस्तावअनुसार मैले विद्रोहीहरूखिलाफ हुने सम्पूर्ण सैनिक कारबाईहरू रोकिदिएको छु। समितिका एक सदस्यलाई वार्तालापको लागि पठाइएको छ। निरर्थक रक्तपात रोक्न सबै उपाय गर्नु होला।"

भिक्झेलले सम्पूर्ण रसियाभरि एउटा टेलिग्राम पठायो –

"रेल मजदुर युनियनको तत्त्वावधानमा एक सम्झौताको आवश्यकता स्वीकार गर्ने दुवै युद्धरत पक्षको प्रतिनिधित्व भएको यस सम्मेलनले गृह-युद्धमा राजनीतिक आतङ्कको प्रयोगप्रति कडा विरोध प्रकट गरेको छ, विशेषतः त्यस अवस्थामा जब यो राजनीतिक आतङ्क क्रान्तिकारी जनवादका विभिन्न समूहहरूबीच चलाइन्छ। सम्मेलन के पनि घोषणा गर्दछ भने राज-नीतिक आतङ्क, चाहे त्यो जुनसुकै रूपमा किन प्रयोग नगरियोस्, नयाँ सरकार स्थापनाको लागि सम्झौता-वार्ताको विचारकै प्रतिकूल छ..."

सम्मेलनले* मोर्चामा र गात्चिनामा आफ्ना प्रतिनिधिमण्डलहरू पठायो। सम्मेलनमा पनि सबै कुराको अन्तिम रूपमा छिनोफानो गरिँदै छ जस्तो लाग्थ्यो। एउटा अस्थायी जनपरिषद्को चुनाव गर्ने कुरासमेत निर्धारित भइसकेको थियो, जसमा स्मोल्नीबाट ७५ जना प्रतिनिधि, पुरानो चेइकबाट ७५ जना प्रतिनिधि र बाँकी सदस्यहरू नगर दुमाहरू, ट्रेड युनियनहरू, भूमि समितिहरू तथा अन्य राजनीतिक पार्टीहरूबाट आउनुपर्थ्यो। नयाँ प्रधानमन्त्रीको रूपमा चेर्नोभको नाम सुनिन्थ्यो। लेनिन र त्रोत्स्कीलाई नयाँ सरकारमा सामेल गराइनेछैन भन्ने हल्ला थियो।

दिउँसो दुई बजेतिर म फेरि स्मोल्नी भवनको साँमुन्ने उभेको थिएँ र क्रान्तिकारी मोर्चामा जान तयार भएर बसेको एउटा एम्बुलेन्स गाडीको ड्राइभरसँग कुरा गर्दै थिएँ। मैले ड्राइभरसँग सोधेँ, के म उनीसँग जान सक्छु? उनले जवाफ दिए, किन नसक्नु र! त्यो ड्राइभर स्वयंसेवक थियो र विश्वविद्यालयको विद्यार्थी थियो। हाम्रो गाडी बेगले सडकमा जाँदै थियो, उनले मतिर फर्केर भ्रष्ट जर्मनमा भने — «Also, gut! Wir nach

---

*यहाँ "मेलमिलाप सम्मेलन" – एक नयाँ सरकार गठन गर्ने भएको सम्मेलनतिर सङ्केत गरिएको हो। – सं०

die Kasernen zu essen gehen!»* उनको कुराबाट मैले अर्थ लगाएँ, हामी कतै ब्यारेकमा रोकिन्छौं र दिउँसोको खाना खान्छौं।

किरोच्नाया मार्गमा पुगेपछि हामी एउटा ठूलो चोकभित्र पस्यौं। त्यो चोक चारैतिरबाट ठूलठूला सैनिक भवनहरूले घेरिएको थियो। अँध्यारो भऱ्याङ चढेर हामी एउटा कोठामा पुग्यौं। त्यो कोठा निकै होचो थियो र त्यहाँ एउटै मात्रै झ्याल थियो, जसबाट प्रकाश आउँदै थियो। एउटा लामो काठको टेबुलवरिपरि लगभग बीस जना सिपाहीहरू बसेका थिए। उनीहरू एउटा ठूलो लुगा धुने टबबाट काठको चम्चाले **शी** (बन्दाकोभीको सुरुवा) निकालेर खाँदै थिए र चर्को स्वरले कुरा गर्दै थिए, बीचबीचमा खूब हाँसो चल्थ्यो।

"छैटौं जगेडा इन्जिनियर बटालियन समितिलाई अभिवादन!" मेरा ड्राइभर मित्रले भने र एक अमेरिकी समाजवादीको रूपमा मलाई चिनाए। सबैले उठेर हामीसँग हात मिलाए र एक जना बूढो सिपाहीले मलाई अँगालो मारेर म्वाइ खाए। कसैले मलाई एउटा काठको चम्चा दियो र म पनि उनीहरूसँगै बसें। एउटा अर्को टब ल्याए। त्यो टब **काशा** (ढिँडो) ले भरिएको थियो, एउटा ठूलो कालो पाउरोटी थियो र चिया त हुने भइहाल्यो। तुरुन्तै त्यहाँ भेला भएका सबै मानिसहरूले मसँग अमेरिकाबारे प्रश्नहरू सोध्न थाले। के यो कुरा साँचो हो, एक स्वतन्त्र मुलुकमा मानिसहरू पैसा लिएर आफ्नो भोट बेच्छन्? यदि यो कुरा साँचो हो भने कसरी उनीहरू ती कुरा प्राप्त गर्दछन्, जुन उनीहरूलाई आवश्यक हुन्छ? यो टैमिनी** बारे तपाईं के भन्न सक्नुहुन्छ? के यो कुरा साँचो हो, एक स्वतन्त्र देशमा मानिसहरूको एउटा सानो गुटले पूरै शहरमाथि नियन्त्रण राख्न सक्छन् र आफ्नो व्यक्तिगत फाइदाको लागि प्रयोग गर्दछन्? किन जनता यस्तो कुरा सहेर बस्छ? जारकै समयमा पनि रसियामा त यस्तो कुरा हुन सक्दैनथ्यो! साँचो कुरा हो, यहाँ घूसखोरी सधैं चल्ने गरेको छ, तर पूरै एउटा शहरलाई, जहाँ यत्तिका मानिसहरू बस्दछन्, किनबेच

---

*यस वाक्यको अर्थ लगभग यस्तो हुन्छ–"ठीक छ! हामी ब्यारेकमा खाना खान जान्छौं"।–सं०

**"टैमिनी" अथवा "टैमिनी हल", न्यूयोर्कमा अमेरिकी डेमोक्रेटिक पार्टीको प्रधान कार्यालय, जुन त्यस बेला भएको भण्डाफोरपश्चात् भ्रष्टाचार तथा अपराधको प्रतीक बनेको थियो।–सं०

गर्नु भनेको त! फेरि त्यो पनि एउटा स्वतन्त्र मुलुकमा! के त्यहाँ मानिसहरूमा क्रान्तिकारी भावना भनेको पटक्कै छैन? मैले उनीहरूलाई बुझाउने प्रयास गरें, मेरो देशमा मानिसहरू कानुनद्वारा परिवर्तन ल्याउन कोशिश गर्दछन्।

बक्लानोभ नामक एक जना युवा सर्जेन्टले, जसलाई फ्रेन्च भाषा आउँथ्यो, टाउको हल्लाउँदै भन्यो, "अवश्य, तर तपाईंहरूकहाँ एक अति विकसित पुँजीपतिवर्गको अस्तित्व छ। यस पुँजीपतिवर्गले विधायिका र अदालतहरूमाथि नियन्त्रण राखेको हुन्छ। त्यस अवस्थामा कसरी जनताले केही कुरा बदल्न सक्दछ? हुनसक्छ, तपाईं मलाई आफ्नो तर्कले मनाउन सक्नुहुन्छ, किनभने मलाई तपाईंको देशबारे केही थाहा छैन, तर मलाई यो कुरा असम्भव लाग्छ।"

मैले भनें, म चार्स्कोयि सेलो जाँदै छु। "म पनि जान्छु", बल्कानोभले अकस्मात् भने। "म पनि, म पनि!" कोठाभरिका मानिसहरूले तुरुन्तै चार्स्कोयि सेलो जाने अठोट गरे।

ठीक त्यसै बेला कसैले ढोका घचघच्यायो। ढोका खुल्यो र एक जना कर्नेल ढोकामा देखा परे। कोही पनि उभेन, तर सबैले खुसीसाथ उनको अभिवादन गरे। "म आउन सक्छु?" कर्नेलले सोधे। "प्रोसिम! प्रोसिम!" (अवश्य, अवश्य) सबैले सहर्ष आफ्नो स्वीकृति जनाए। कर्नेल मुस्कुराउँदै भित्र पसे। त्यस अग्लो कदको कर्नेलले भेडाको छालाले बनेको टोपी लगाएको थियो र त्यस टोपीमा सुनौलो फित्ता लगाइएको थियो। "कमरेडहरू, मलाई लाग्छ, तपाईंहरू भन्दै हुनुहुन्थ्यो चार्स्कोयि सेलो जान चाहनुहुन्छ", उनले भने, "के म पनि तपाईंहरूसँग जान सक्छु?"

बल्कानोभले केही सोच्दै जवाफ दियो, "मलाई लाग्छ, आज यहाँ हाम्रो केही काम छैन। ठीक छ कमरेड, तपाईं खुसीसाथ हामीसँग जान सक्नुहुन्छ"। कर्नेलले उनीहरूलाई धन्यवाद दिए र आफ्नो लागि गिलासमा चिया खन्याएर त्यहाँ बसे।

बल्कानोभले कर्नेलको अभिमानमा आघात नपुगोस् भन्ने उद्देश्यले सानो स्वरले मेरो कानमा भने, "कुरा के हो भने, म समितिको अध्यक्ष हुँ। लडाइँको बेलामा बाहेक, जब हामी कमान कर्नेलको हातमा सुम्पिदिन्छौं, बटालियनमाथि हाम्रो पूर्ण नियन्त्रण छ। लडाइँको मैदानमा हामीले उनको आदेश पालना गर्नुपर्छ, तर उनी पूर्णतः हामीप्रति उत्तरदायी छन्। ब्यारेकहरूमा कुनै काम गर्नुभन्दा पहिले उनले हाम्रो अनुमति

पाउनुपर्छ... तपाईं उनलाई हाम्रो कार्यकारी अफिसर भन्न सक्नुहुन्छ।"

हामीलाई हतियारहरू–बन्दुक र रिभल्भरहरू दिइयो। "बाटोमा कजाकहरूसँग मुठभेट हुनसक्छ"– हामी सबै त्यस एम्बुलेन्स गाडीमा चढ्यौं। मोर्चाको लागि समाचारपत्रहरूका तीन वटा ठूलठूला पोकाहरू पनि त्यसै गाडीमा राखिए। गाडी लिचेइनी सडकबाट सीधै जागोरद्नी मार्ग हुँदै गइ-रहेको थियो। मेरो छेउमा लप्टनको बिल्ला लगाएका एक युवक बसेका थिए। उनी युरोपका सबै भाषाहरू त्यत्तिकै धाराप्रवाह रूपमा बोल्न सक्दछन् जस्तो लाग्थ्यो। उनी बटालियन समितिका सदस्य थिए।

"म बोल्शेभिक होइन", उनले जोड दिँदै भने। म निकै पुरानो र अभिजात परिवारबाट आएको हुँ। म आफै तपाईं चाहनुहुन्छ भने भन्न सक्नुहुन्छ, एक कादेत हुँ।"

"तर कसरी..." मैले अकमकिँदै सोध्न मात्र थालेको थिएँ उनले भनिहाले, "हो, म समितिको सदस्य छु। म आफ्नो राजनीतिक विचार लुकाउँदिन, तर अरू साथीहरूलाई यस कुरामा कुनै विरोध पनि छैन, किनभने उनीहरूलाई थाहा छ, म बहुमतको इच्छाविरुद्ध जान्न... मैले वर्तमान गृहयुद्धमा भाग लिन अस्वीकार गरेको छु, किनभने म आफ्ना रूसी दाजुभाइहरूको विरुद्ध हतियार उठाउन चाहन्न।"

"जासुस! कर्निलोभपन्थी!" उनीसँगै बसेका अर्को व्यक्तिले हाँस्दै उनको काँधमा धाप मारे।

मास्कोभ्स्काया द्वारको विशाल खैरो ढुङ्गाले बनेको गुम्बजमुनिबाट निस्केर, जसमा सुनौला चित्राक्षरहरू, ठूलठूला शाही चीलहरू र जारहरूका नामहरू कुँदिएका थिए, हामी एउटा फराकिलो राजमार्गमा पुग्यौं। पहिलो हिमकणले बाटो सेताम्य पारेको थियो। सडकमा जताततै लाल गार्डहरूको पङ्क्ति देखिन्थ्यो। उनीहरू गाना गाउँदै, हल्ला गर्दै पैदल क्रान्तिकारी मोर्चा-तिर जाँदै थिए। सडकको अर्कोतिरबाट मुख सुकेका र हिलोले पोतिएको लुगा लगाएका मानिसहरू मोर्चाबाट फर्कंदै थिए। उनीहरूमध्ये धेरैजसो अझ केटै देखिन्थे। आइमाईहरू पनि जाँदै थिए–कसैले कोदालो बोकेका थिए भने कसैले बन्दुक र कार्तोसका पेटीहरू। कसै कसैले आफ्नो बाहुलामा रेडक्रसको चिन्ह भएको पट्टि लगाएका थिए–गरिब वस्तीका यी आइमाई-हरू परिश्रम र दुःखदर्दले जसको कमर झुकेको थियो। सिपाहीहरूका पङ्-क्तिहरू असङ्गठित रूपले मार्च गर्दै थिए र मायालु स्वरले लाल गार्डहरूको अभिवादन गर्दथे; रूखा, कठोर नौसैनिकहरू, आफ्ना आमाबाबुहरूको लागि

खानाका सानासाना प्याकेट लिएर आएका केटाकेटीहरू – सबै आवतजावत गरिरहेका थिए। ढुङ्गे सडकमा चार औँला जति हिलो जम्मा भइसकेको थियो र हिलोसँग सेतो हिउँ मिसिएको थियो – मानिसहरू यही बाटो हिंड्दै थिए। गोलाबारुदका पेटीहरूसँगसँगै टनटन गर्दै दक्षिणतर्फ बढिरहेका तोप-हरू, हतियारबन्द मानिसहरूले खचाखच भरिएका गाडीहरू दुवैतिर आवत-जावत गरिरहेका थिए, लडाइँको मैदानबाट फर्केका, घाइते मानिसहरू राखिएका एम्बुलेन्स गाडीहरू – हाम्रो मोटर यी सबै कुरा पार गर्दै अगि बढिरहेको थियो। एक पटक त चूं चूं गर्दै अगि बढिरहेको एउटा गाउँले गाडा पनि देखियो, जसमा एक विवर्ण अनुहार भएको नवयुवक टाउको झुकाएर बसेको थियो। उसको पेटमा गोली लागेको थियो र ऊ लगातार एकनासले चिच्च्याउँदै थियो। सडकको दुवैतिर खेतमा आइमाईहरू र बूढा-हरू खाडल खन्दै थिए र काँडेतार लगाउँदै थिए।

पछाडि उत्तरतिर बादल एक्कासि फाट्यो र मधूरो सूर्य देखा पर्‍यो। हिलोले भरिएको फराकिलो मैदानपारि पेत्रोग्राद टल्किरहेको थियो। दायाँतिर सेता, सुनौला र रङगीन गुम्बज तथा मिनारहरू थिए; बायाँतिर अग्ला अग्ला, कालो धुवाँ ओकलिरहेका धूममार्गहरू देखिन्थे। टाढा क्षितिजमा फिनल्याण्डमाथि बादलका डल्लाहरू देखिन्थे। हाम्रो दुवैतिर गिर्जाघरहरू र मठहरू थिए... कहिलेकाहिँ सडकमा सर्वहारा सेनाको यो उर्लंदो लहर एकटकले हेरिरहेको कुनै भिक्षु देखा पर्थ्यो।

पुल्कोभामा सडक फाटियो र हामी त्यहाँ एउटा ठूलो भीडको बीचमा रोकियौं। यहाँ तीन दिशाबाट मानव धारा बग्दै थियो – साथीहरू बडो उत्साहसाथ एक अर्कासँग भेट गर्थे, बधाइ दिन्थे र लडाइँको हालखबर सोध्थे सुनाउँथे। चौबाटोको सामुन्ने घरहरूको कतार थियो, ती घरहरूमा जताततै गोलीका चिन्हहरू थिए आधा माइल वरिपरिको जमिनमा मानिस-हरूले कुल्चेर हिलैहिलो पारेका थिए। यहाँ भीषण लडाइँ चलेको थियो... नजिकै विनासवारका कजाक घोडाहरू भोकले छटपटाउँदै रूमलिरहेका थिए, त्यस मैदानको घाँस धेरै पहिले नै सुकिसकेको थियो। हाम्रो सामुन्ने एक जना लाल गार्ड एउटा घोडा चढ्ने प्रयास गर्दै थियो र यस्तो प्रयास गर्दा ऊ हरेक पटक खस्थ्यो। यो दृश्य देखेर वरिपरि उभेका हजारौं मानिसहरू केटाकेटीजस्तै रमाइरहेका थिए।

बायाँतिरको सडक, जुन बाटो बचेखुचेका कजाकहरू भागेका थिए, एउटा सानो थुम्कोमा रहेको वस्तीतिर जान्थ्यो, त्यहाँबाट तल टाढाटाढा-

सम्म फैलिएको मैदानको, शान्त, निस्तब्ध समुद्रजस्तो विशाल मैदानको भव्य दृश्य देखिन्थ्यो—माथि कालो बादल मडारिँदै थियो, र तल सबै सडकहरू राजधानीबाट आएका मानिसहरूले भरिएका थिए। टाढा बायाँतिर क्रास्नोये सेलोको थुम्को थियो, जहाँ शाही गार्डको गृष्म आवासको कवाज खेल्ने मैदान थियो र नजिकै शाहीदुग्धशाला थियो। बीचमा एउटा प्रशस्त मैदान थियो, जसको बीचबीचमा पर्खालहरूले घेरिएका मठ र बिहारहरू, एक दुई वटा कारखानाहरू र केही ठूलठूला भवनहरू देखिन्थे, जसका बगैँ-चाहरू झारपातले छोपिएका थिए—यी थिए अनाथालय र आश्रमहरू...

त्यस नाङ्गो थुम्कोबाट मोटर लैजाँदै ड्राइभरले भन्यो, "हेर्नोस्, यहीँ भेरा स्लूच्काया मारिएकी हुन्, दुमाकी बोल्शेभिक सदस्य थिइन्। आज बिहान सबेरै मात्र घटेको घटना हो। तिनी जाल्किन्द र एक अर्को व्यक्ति-सँग मोटरमा जाँदै थिइन्। युद्धविराम घोषणा गरिएको थियो र उनीहरू मोर्चातिर लाग्दै थिए। सबै हाँस्दै, गफ गर्दै थिए, अकस्मात् जुन बख्तरबन्द ट्रेनबाट, जसमा स्वयम् केरेन्स्की बसेका थिए, कसैले त्यो मोटर देख्यो र एउटा बम हिर्काइहाल्यो। त्यो बम भेरा स्लूच्कायामाथि पऱ्यो र तिनी मारिइन्..."

यस प्रकारले हामी चास्कोंये सेलो आइपुग्यौँ। त्यहाँ गर्वस्फीत सर्वहारा सेनाका विजयी सैनिकहरूको भीड लागेको थियो। जुन दरबारमा सोभियतको बैठक बसेको थियो, त्यहाँ अहिले ठूलो चहलपहल थियो। चोकमा लाल गार्ड-हरू र नौसैनिकहरूको भीड लागेको थियो, ढोकामा सन्तरीहरू उभेका थिए, सन्देशवाहकहरू र कमिसारहरू आवतजावत गर्दै थिए। सोभियत सभा-कक्षमा समाभार राखिएको थियो र पचास-साठी जना मजदुरहरू, सिपाही-हरू, नौसैनिकहरू तथा अफिसरहरू चारैतिर उभेर चिया पिउँदै थिए र जोरजोरले कुरा गर्दै थिए। एउटा कुनामा दुई जना मजदुरहरू एउटा साइ-क्लो-मेसिन चलाउने प्रयास गर्दै थिए। बीचमा एउटा टेबुल राखिएको थियो र भीमकाय दिबेन्को नक्सामाथि झुकेर रातो र नीलो सिसाकलमले नक्सामा सेनाहरूको स्थिति अङ्कित गर्दै थिए। सधैँ जस्तो अहिले पनि उनको खाली हातमा एउटा नीलो रङ्गको रिभल्भर थियो। एक छिनपछि उनी टाइपराइटरसामुन्ने बसे र एउटा औँलाले खटाखट टाइप गर्न थाले। बेलाबेलामा उनी रिभल्भर हातमा लिन्थे र बडो प्रेमपूर्वक त्यो रिभल्भर सुमसुम्याउँथे।

भित्तानेर एउटा कौच राखिएको थियो र त्यस कौचमा एक जना युवा

मजदुर पल्टेको थियो। दुई जना लाल गार्डहरू उसको सेवा-सुश्रूषामा लागेका थिए, तर अरू मानिसले त्यतातिर ध्यान दिएका थिएनन्। गोलीले उसको छातीमा प्वाल पारेको थियो र हृदयको प्रत्येक धड्कनसाथ उसको लुगामा ताजा रगतको धारा बग्थ्यो। उसका आँखा बन्द थिए र उसको जवान दाह्रीवाल अनुहार नीलो भइसकेको थियो। अझै पनि ऊ मन्दमन्द सास फेर्दै थियो र प्रत्येक निस्वाससँग आवाज निस्कथ्यो, "**मीर बुजित्। मीर बुजित्!**" (शान्ति हुन्छ! शान्ति हुन्छ!)।

हामी भित्र पसेपछि दिबेन्कोले टाउको उठाएर हेरे र बक्लानोभतिर फर्केर भने, "ए, कमरेड! तपाईं कमान्डेन्टको कार्यालयमा गएर चार्ज लिनोस्! पर्खनोस्, म तपाईंको लागि अनुमतिपत्र दिन्छु"। उनी टाइप-राइटरको अगाडि बसेर विस्तारै अनुमतिपत्र टाइप गर्न थाले।

चास्कोंये सेलोको नयाँ कमान्डेन्टसँग म इकातिना प्रासादतिर लागें। बक्लानोभ निकै उत्तेजित देखिन्थ्यो र कमान्डेन्टको पद पाएकोमा निकै गर्व अनुभव गर्दै थियो। त्यही सुन्दर सेतो कोठामा केही लाल गार्डहरू बडो कौतुकसाथ कोठाका सामानहरू जाँच्दै थिए र मेरा पूर्वपरिचित कर्नेल झ्याल-नेर उभेर जुङ्गा टोक्दै थिए। उनले मसँग यसरी भेट गरे, मानौं म उनको धेरै पहिले हराएको भाइ हुँ। ढोका नजिकै राखिएको एउटा टेबुलमा बेस्सरा-बीयावासी फ्रेन्च बसेको थियो। बोल्शेभिकहरूले उनलाई यहीं रहने र आफ्नो काम चालू राख्ने आदेश दिएका थिए।

"म के गर्न सक्थें र?" उनी भुतभुताउँदै थिए। "म जस्तो मान्छेले भीडको अधिनायकवादलाई आफ्नो स्वाभाविक प्रवृत्तिअनुसार जतिसुकै नरू-चाए तापनि यस्तो लडाइँमा कसैको पक्षमा लड्न सक्दैन... मलाई एउटै कुरामा दुःख लाग्छ, म बेस्सराबीयामा बस्नुभएको आफ्नो आमाबाट धेरै टाढा छु!"

बक्लानोभ कमान्डेन्टबाट औपचारिक रूपमा चार्ज लिंदै थिए। "टेबुल-को साँचो यही हो", कर्नेलले हडबडाएको स्वरमा भन्यो।

एक जना लाल गार्डले बीचैमा उनको कुरा काट्दै चर्को स्वरमा सोध्यो, "अनि पैसा खोइ त?" कर्नेलले चकित हुँदै सोध्यो, "पैसा रे? पैसा?.. ए, तपाईंले पैसाको बाकस भन्नुभएको! यही हो लिनोस्, जस्तातस्तै छ, मैले तीन दिनपहिले यसै रूपमा पाएको थिएँ। साँचो रे?" कर्नेलले कुम हल्लायो। "साँचो मसँग छैन।"

लाल गार्ड व्यङ्ग्यपूर्वक मुस्कुरायो, मानौं ऊ भन्दै थियो, मलाई

सबै कुरा थाहा छ। उसले भन्यो, "बडो मजाको कुरा छ!"

"बाकस खोल्नुपर्छ!" बक्लानोभले भन्यो। "खोइ, बञ्चरो ल्याउनोस्! यहाँ अमेरिकी कमरेड हुनुहुन्छ। उहाँले नै बाकस फोड्नुहुन्छ र बाकसमा जे जति कुरा छन् त्यसको फिरिस्त तयार पार्नुहुन्छ।"

मैले बञ्चरो उठाएँ। काठको बाकस खाली थियो।

"यसलाई गिरफ्तार गर्नुपर्छ", लाल गार्डले क्रुद्ध स्वरमा भन्यो। "यो केरेन्स्कीको मान्छे हो। यसले सब पैसा चोरेर केरेन्स्कीलाई दियो।"

तर बक्लानोभले त्यस कर्नेललाई गिरफ्तार गर्न चाहेन। "हुन्न, हुन्न," उसले भन्यो। "उनीभन्दा पहिले यहाँ कर्निलोभपन्थीहरू आइसकेका थिए। उनको दोष छैन।"

"तपाईंलाई थाहा छैन, यो केरेन्स्कीको मान्छे हो!" लाल गार्डले झर्किंदै भन्यो। "**तपाईं** उसलाई गिरफ्तार गर्न चाहनुहुन्न भने हामी गिरफ्तार गर्छौं। हामी उसलाई पेत्रोग्राद पुऱ्याउँछौं र पेत्रोपाभ्लोभ्स्काया किल्लामा थुन्छौं। त्यहीं यसको बास हुनुपर्छ!" अरू लाल गार्डहरूले उसको समर्थन गरे। कर्नेलले दयनीय दृष्टिले हामीतिर हेऱ्यो र उसलाई लगे।

त्यस दरबारको सामुन्ने, जहाँ सोभियतको प्रधान कार्यालय थियो, एउटा ट्रक रोकिएको थियो। त्यो ट्रक मोर्चा पठाइँदै थियो। एक जना हट्टाकट्टा मजदुरको नेतृत्वमा आधा दर्जन जति लाल गार्डहरू, केही नौसैनिकहरू र एक दुई जना सिपाहीहरू ट्रकमा चढे र मलाई पनि उनीहरूसँगै जाने अनुरोध गरे। प्रधान कार्यालयबाट केही लाल गार्डहरू निस्के। उनीहरूले **ग्रुबितले** भरिएको सानासाना नालीदार फलामको बम बोकेका थिए र ती बमको बोझले लडखडाइरहेका थिए। भन्छन् ग्रुबित डाइनामाइटभन्दा दस गुना बढी विस्फोटक हुन्छ र पाँच गुना बढी छिटो फुट्छ। ती बमहरू ट्रकभित्र लादिए, त्यसपछि तीन इन्चे नाली भएको एउटा तोप पनि ट्रकमा जोडियो। त्यस तोपलाई तार र डोरीले ट्रकमा बाँधियो।

सबै हल्ला गर्दै थिए र त्यो ट्रक अगि बढ्यो। भनि रहने आवश्यकता छैन हाम्रो ट्रक पूर्ण बेगले अगि बढ्दै थियो। त्यो ठूलो ट्रक कहिले दायाँतिर त कहिले बायाँतिर झुक्थ्यो। ग्रुबितको बम हाम्रो खुट्टामुनि गुड्दै ट्रकको भित्तामा ठक्कर खान्थ्यो।

त्यो हट्टाकट्टा लाल गार्डले, जसको नाम भ्लादिमिर निकोलायेभिच थियो, अमेरिकाबारे सोध्यासोध्यै गरे। "किन अमेरिका लडाइँमा सामेल भयो? के अमेरिकी मजदुरहरू पुंजीपतिहरूको तख्ता उल्टाउन तयार छन्?

मुनिको मुद्दा* अहिले कुन स्थितिमा छ? के बेर्कमैनलाई** सान-फ्रान्सिस्कोको जिम्मा सुम्पलान्?" यस्तै किसिमका अनेक अरू प्रश्नहरू सोध्दै थिए, जसको जवाफ दिन मुश्किल थियो। गाडीको सोरगुलबीच उनको आवाज सुनियोस् भन्ने उद्देश्यले उनी ठूलठूलो स्वरले कुरा गर्दै थिए। हामीले एक अर्कालाई सहारा दिएका थियौं र सँगसँगै लडखडाउँथ्यौं, हाम्रो वरिपरि ग्रुबितका बमहरू गुडकिँदै थिए।

कहिलेकाहीं गश्ती प्रहरीले हामीलाई रोक्ने कोशिश गर्थ्यो, सिपाहीहरू दौड्दै बीच बाटोमा निस्कन्थे, "स्तोई!" (पर्खी!) भनेर चिच्च्याउँथे र हामीतिर बन्दुक तेर्स्याउँथे...

हामी ध्यान दिँदैनथ्यौं। "सत्यानाश होस् तिमीहरूको!" लाल गार्ड-हरू भन्थे। "हामी कसैले भन्दैमा किन पर्खन्छौं र? हामी त लाल गार्ड पो हौं!" हाम्रो गाडी बडो रोबसाथ घडघड आवाज निकाल्दै अगि बढ्-थ्यो। त्यसै सोरगुलबीच भ्लादिमिर निकोलायेभिच पानामा नहरको अन्तर्रा-ष्ट्रियकरण अथवा यस्तै अरू कुनै विषयमा ठूलठूलो स्वरले केही कुरा भन्थे।

यसरी झण्डै पाँच माइल जति सफर गरिसकेपछि नौसैनिकहरूको एउटा समूहसँग हाम्रो भेट भयो। ती नौसैनिकहरू चार्स्कोये सेलोबाट आउँदै थिए। हामीले मोटर रोक्यौं।

"भाइ हो, भन्नोस् मोर्चा कहाँ छ?"

सबैभन्दा अगाडि उभेको नौसैनिक थामियो र टाउको कन्याउँदै भन्यो, "बिहान त ऊ त्यहाँ थियो, आधा माइल जतिको बाटो होला। तर अहिले

---

*__टम मुनि__ – संयुक्त राज्य अमेरिकाको मजदुर आन्दोलनका एक सक्रिय कार्यकर्ता थिए। स्मेल्टर पेसाका यस मजदुरलाई ११ जुलाई १९१६ को दिन सान-फ्रान्सिस्को शहरको परेडमा बम फ्याँकेको झूटो आरोप लगाएर मृत्युदण्ड दिइएको थियो। श्रमजीवी जनताको व्यापक असन्तोषको फलस्वरूप राष्ट्रपति विल्सन यस मामिलामा हस्तक्षेप गर्न बाध्य भए र मृत्युदण्डलाई आजीवन कारावासको सजायमा बदलियो। यद्यपि टम मुनि पूर्णतः निर्दोष छन् भन्ने कुरा प्रमाणित भइसकेको थियो, उनले बीस वर्षभन्दा पनि बढी समय जेलमा बिताउनुपर्‍यो र रूजभेल्टको राष्ट्रपतित्व कालमा मात्रै जेल-बाट छुटकारा पाए। – **सं०**

** **बेर्कमैन** – उनमाथि पनि टम मुनिसँगै मुद्दा चलाइएको थियो। – **सं०**


ИСПОЛНИТЕЛЬНЫЙ КОМИТЕТ
ПЕТРОГРАДСКОГО СОВЕТА
РАБОЧИХЪ и СОЛДАТСКИХ
ДЕПУТАТОВЪ
Военныи Отдѣлъ

28 Октября 191 г.
26/435

УДОСТОВѢРЕНІЕ.

Настоящее удостовѣреніе дано представите Американской Соціалъ - демократіи Интернаціоналисту товарищу ДЖОНУ РИДЪ въ томъ, Военно - Революціонный Комитетъ Петербургскаг Совѣта Рабочихъ и Солдатскихъ Депутатовъ пред — ставиеъ имъ права свободнаго проѣзда по всѣм Сѣверному фронту въ цѣляхъ освѣдомленія нашихъ Американскихъ товарищей интернаціоналистовъ съ событіями въ Россіи.

Предсѣдатель:

Секретарь

उत्तरी मोर्चाको यात्रा गर्नको लागि जोन रिडलाई दिइएको अनुमतिपत्र

खोइ, कहाँ छ, अत्तोपत्तो छैन। यी हामी हिँड्याहिँड्यै छौँ, मोर्चा।हिँ भेट्टाउन सकेका छैनौँ"।

ती नौसैनिकहरू पनि हाम्रै ट्रकमा चढे र हामी अगि बढ्यौँ। लगभग एक माइलको बाटो पार गरेपछि भ्लादिमिर निकोलायेभिचले अकस्मात् कान ठाडो पारे र ड्राइभरलाई ट्रक रोक्न भने।

"सुन्नुहुन्छ, गोली चलेको आवाज!" उनले भने। एक छिनसम्म निस्तब्ध शान्ति फैलियो, त्यसपछि अलि बायाँतिरबाट फेरि दनादन तीन पटक

गोली चलेको आवाज सुनियो। जहाँनेर हाम्रो ट्रक रोकिएको थियो, त्यस सडकको किनारामा बाक्लो जङ्गल थियो। हामी निकै उत्तेजित थियौँ र हामीले विस्तारै आफ्नो गाडी अगि बढायौँ। हामी सानो स्वरले कुरा गर्दै थियौँ र त्यसै बेला मात्र हामीले आफ्नो ट्रक रोक्यौँ, जब हाम्रो गाडी ठीक त्यस ठाउँमा पुग्यो जहाँबाट गोली चलेको आवाज आएको थियो। सबैले आआफ्नो बन्दुक च्यापे र जमिनमा हाम फाले। हामी चारैतिर छरिएर विस्तारै जङ्गलभित्र घुस्यौँ।

यसैबीच दुई जनाले तोप खोले र त्यस बेलासम्म तोप घुमाइरहे, जब-सम्म त्यसको नाली ठीक हाम्रो पिठ्यूँपछाडि सीधा भएन।

जङ्गलभित्र निस्तब्ध शान्ति थियो। रूखहरूबाट पात झरिसकेको थियो र शरद ऋतुको रूग्ण निस्तेज घाममा ती रूखहरू मुर्दाजस्ता देखिन्थे। जङ्गलको हिलो जमेको थियो र हाम्रो खुट्टामुनि चरमराउँथ्यो, यसबाहेक कतै पात हल्लेकोसम्म पनि आवाज सुनिँदैनथ्यो। कतै शत्रु मौका पर्खेर त बसेको छैन?

हामी विनारोकटोक त्यतिञ्जेल अगि बढ्यौँ, जबसम्म जङ्गलको झीनो भाग देखिएन। प्रकाशको धमिलो किरण देखियो। अगाडि एउटा सानो मैदानमा तीन जना सिपाहीहरू एउटा धुनीको वरिपरि बसेर मस्तीले गफ गर्दै थिए।

भ्लादिमिर निकोलायेभिचले अगि बरढे अभिवादन गरे, "**ज्द्रास्तभुइचे** (नमस्कार) कमरेडहरू!" पछाडि एउटा तोप, बीस वटा बन्दुकहरू र एउटा ट्रकभरि ग्रुबितका बमहरू उनको इशारामा पड्कन तयार थिए। तीनै जना सिपाहीहरू हत्तपत्त उठे।

"यहाँ गोली चलेको थियो?"

एक जना सिपाहीले चैनको सास फेर्दै जवाफ दियो, "हो कमरेड, हामीले गोली चलाएका! खरायोको शिकार गर्दै थियौँ..."

उज्यालो भइसकेको थियो र त्यस स्वच्छ हावालाई चिर्दै हाम्रो ट्रक रमानोभतिर अगि बढ्दै थियो। पहिलो चौबाटोमै दुई जना सिपाहीहरू दौड्दै हामीतिर आए। उनीहरूले बन्दुक देखाउँदै हामीलाई ट्रक रोक्ने इशारा गरे। हामीले ट्रकको चाल ढिलो पार्‍यौँ र रोक्यौँ।

"पास देखाउनोस्, कमरेडहरू!"

लाल गार्डहरूले हल्ला मच्चाउन थाले। "हामी लाल गार्ड हौँ। हामीलाई किन पास-सास चाहियो र... अगाडि बढौँ, बेकारको गफ नगरौँ!"

तर एक जना नौसैनिकले विरोध गऱ्यो। "होइन कमरेडहरू, यसो गर्नु हुँदैन। हामीले क्रान्तिकारी अनुशासनको पालना गर्नैपर्छ। यसो गर्ने हो भने त कुनै पनि प्रतिक्रान्तिकारी ट्रकभित्र पस्न सक्छ, भन्न सक्छ 'मलाई पास-सास चाहिएको छैन!' वास्तवमा यी कमरेडहरूले हामीलाई कसरी चिन्नु?"

बहस चल्न थाल्यो। विस्तारै एकएक गर्दै सबै त्यस नौसैनिकको तर्कसँग सहमत भए। लाल गार्डहरूले भुतभुताउँदै आफ्ना मैलो बुमागा (कागत) निकाले। सबैको पास एकैनासका थिए, खालि मेरो पास मात्रै फरक थियो, जुन स्मोल्नीको क्रान्तिकारी स्टाफले दिएको थियो। सन्तरीहरूले भने, मैले उनीहरूसँग जानुपर्छ। लाल गार्डहरूले जोरसोरले विरोध गर्न थाले, तर जुन नौसैनिकले सबैभन्दा पहिले अनुशासनबारे कुरा उठाएको थियो, उसैले फेरि पनि सन्तरीहरूको समर्थन गर्दै भन्यो, "हामीलाई थाहा छ यी कमरेड हाम्रा सच्चा मित्र हुन्, तर समितिको आदेश पनि त पालना गर्नुपर्छ। यही त हो क्रान्तिकारी अनुशासन।"

मेरो कारणले गर्दा अरू बढी विवाद नहोस् भन्ने उद्देश्यले म ट्रकबाट ओर्लें र ट्रक तुरुन्तै अगि बढिहाल्यो, ट्रकमा बसेका सबै मानिसहरूले मसँग बिदा हुँदै हात हल्लाए। सिपाहीहरूले एक मिनेटसम्म आपसमा सल्लाह गरे र त्यसपछि मलाई एउटा भित्ता अगाडि उभ्याए। मैले तुरुन्तै बुझिहालेँ— उनीहरू मलाई गोलीले उडाउन चाहन्छन्।

मैले यताउता हेरेँ। कतै कोही थिएन। जीवनको चिन्ह भन्नु नै छेउको सडकबाट करिब एक माइल टाढा रहेको एउटा **दाचा** (काठको छाप्रो) को धूममार्गबाट धुवाँ निस्कँदै थियो। दुवै जना सिपाहीहरू सडकतिर लागे, म अत्तालिँदै उनीहरूको पछिपछि दौडेँ।

"कमरेडहरू, कृपया हेर्नोस्, यो सैनिक क्रान्तिकारी समितिको छाप हो!"

उनीहरूले किंकर्तव्यविमुढ भएर एकटकले मेरो पासतिर हेरे, त्यसपछि फेरि एक अर्कातिर।

"यो पास अरू पासहरूसँग मिल्दैन", उनीहरूमध्ये एक जनाले फर्किंदै भन्यो, "भाइ, हामीलाई लेखपढ गर्न आउँदैन"।

मले उसको हात समातेर भनें, "आउनोस्! जाऔं त्यस घरतिर। त्यहाँ अवश्य पनि लेखपढ गर्न जान्ने कुनै मान्छे हुनुपर्छ। सिपाहीहरू हिचकिचाउन थाले। एक जनाले भन्यो, "हुन्न!" तर अर्कोले फेरि मतिर हेर्दै भन्यो, "किन नहुनु र? निर्दोष मानिसलाई मार्नु पनि त कुनै ठट्टा होइन।"

हामी त्यो दाचामा पुग्यौं र ढोका घचघच्याउन थाल्यौं। एउटी मझौला कदकी मोटी आइमाईले ढोका खोलिन्। हामीलाई देखेर तिनी अत्तालिंदै पछि हटिन् र चिच्च्याउन थालिन्, "मलाई उनीहरूबारे केही थाहा छैन! केही थाहा छैन!"

एक जना सन्तरीले तिनीतिर मेरो पास बढायो। तिनी फेरि चिच्च्याइन्। "कमरेड, तपाईं यो कागत पढि मात्रै दिनोस्", त्यो सिपाहीले भन्यो। तिनले कम्पित हातले त्यो कागत लिइन् र हतारहतार पढ्न थालिन्, "**यस अनुमतिपत्रका वाहक जोन रिड अमेरिकी सामाजिक-जनवादका प्रतिनिधि तथा एक अन्तर्राष्ट्रियतावादी हुनुहुन्छ।**"

सडकमा फर्केपछि ती सिपाहीहरूले आपसमा सल्लाह गर्न थाले। "हामी तपाईंलाई रेजिमेन्ट समितिमा पुऱ्याउन चाहन्छौं", उनीहरूले भने। साँझको झिसमिसे उज्यालोमा हामी हिलोले भरिएको बाटोबाट जाँदै थियौं। कहिलेकाहिँ बाटोमा सिपाहीहरूको कुनै टुकडीसँग भेट हुन्थ्यो। उनीहरू हामीलाई रोक्थे र मलाई क्रुद्ध दृष्टिले हेर्दै एक अर्काको हातबाट त्यो पास लिएर हेर्थे, अनि मलाई गोलीले खतम पार्नुपर्छ कि पर्दैन भन्ने कुरामा गरमागरम बहस गर्थे।

हामी द्वितीय चार्स्कोये सेलो राइफल्सको ब्यारेकमा पुग्दा रात परिसकेको थियो। सडकको किनारमा एक दोस्रोसँग जोडिएका होचा घरहरू बेढङ्गी तरिकाले फैलिएका थिए। मूल ढोकाअगाडि उभेर गफ गरिरहेका केही सिपाहीहरूले मलाई लिएर आएका सन्तरीहरूमाथि प्रश्नको वर्षा गरे, "जासुस? षड्यन्त्रकारी?" हामी घुमाउरो भऱ्याङ चढेर एउटा ठूलो हलमा आइपुग्यौं, हलमा कुनै सामान थिएन र बीचमा एउटा ठूलो आतसखान थियो। भुइँमा लाम लगाएर बिछ्यौनाहरू बिछ्याइएका थिए, जसमा करिब एक हजार जति सिपाहीहरू बसेका थिए। कोही तास खेल्दै थिए भने, कोही गफ गर्दै थिए, कोही गाना-बजानामा लागेका थिए भने कोही सुतेका थिए। छतमा केरेन्स्कीको तोपले हिर्काएको एउटा बमले ठूलो प्वाल पारेको थियो।

म दैलोमा देखा पर्नासाथ हलमा एकाएक सन्नाटा फैलियो। सबैले मतिर एकटकले हेर्न थाले। उनीहरू अचानक उभिए र सुरुमा विस्तारै र अनि छिटोछिटो चिच्च्याउँदै मतिर झम्टिए। "कमरेडहरू! कमरेडहरू!", मलाई लिएर आउने एक जना सन्तरीले ठूलो स्वरले भन्यो, "समितिको मान्छेलाई डाक्नोस्, समितिको मान्छेलाई!" भीड रोकियो र मानिसहरू भुतभुताउँदै मेरो वरिपरि उभिए। उनीहरूलाई घचेट्दै एक जना दुब्लो-पातलो मान्छे मेरो अगाडि आइपुग्यो। उसले आफ्नो बाहुलामा एउटा रातो फीता लगाएको थियो।

"को हो यो मान्छे?"—उसले कडा स्वरमा सोध्यो। सन्तरीहरूले ब्रेलीविस्तार सुनाए। "ल्याउनोस्, त्यो कागत! मतिर कडा दृष्टिले हेर्दै उसले ध्यानपूर्वक त्यो कागत पढ्यो। पढिसकेपछि ऊ मुस्कुरायो र मलाई कागत फर्काउँदै भन्यो, "साथीहरू, उहाँ अमेरिकी कमरेड हुनुहुन्छ। म समितिको अध्यक्ष हुँ। हाम्रो रेजिमेन्टमा स्वागत छ..." क्रुद्ध गुञ्जन एक्कासि हर्षपूर्ण अभिवादनमा परिणत भयो। सबै मसँग हात मिलाउन चाहन्थे।

"तपाईंले अझै खाना खानुभएको छैन? हामीकहाँ त खाना सकियो। तपाईं अफिसरहरूको भोजनालयमा जानोस्, त्यहाँ तपाईंले आफ्नो भाषामा बोल्ने केही मानिसहरू भेट्टाउनुहुनेछ।"

ऊ मसँगसँगै निस्क्यो। हामी चोक पार गरेर अर्को घरको ढोकातिर लाग्यौं। ठीक त्यसै बेला लप्टनको बर्दी लगाएको एक युवक, जुन हेर्दा निकै ठूलो खान्दानको मानिस देखिन्थ्यो, त्यस घरभित्र पस्दै थियो। अध्यक्षले उनीसँग मेरो परिचय गराइदिए र हात मिलाएर फर्के।

"म स्तेपान गेओर्गेभिच मारोभ्स्की हुँ र तपाईंको सेवा गर्न तयार छु", लप्टनले मीठो फ्रेन्च भाषामा मलाई भने।

एउटा सानदार प्रवेशकक्षबाट मुख्य सिँढी माथितिर जान्थ्यो। जताततै चम्किला झारहरू झुण्डिएका थिए। माथिल्लो तल्लामा एउटा हल थियो, जहाँबाट बिलियार्ड कक्ष, तास खेल्ने कोठा र पुस्तकालयमा जान सकिन्थ्यो। हामी भोजनकक्षभित्र पस्यौं। कोठाको बीचमा एउटा ठूलो टेबुल राखिएको थियो र टेबुलको वरिपरि करिब बीस जना अफिसरहरू, जसले पूरा बर्दी लगाएका थिए, सुन र चाँदीले कुँदिएका तरबार भिरेका थिए र शाही तक्माहरू लगाएका थिए, बसेका थिए। म भित्र पसेपछि सबै शिष्टाचार-पूर्वक उभे र उनीहरूले मेरो लागि कर्नेलको छेउमा ठाउँ खाली पारे। चौडा शरीर र रोबिलो अनुहार भएको त्यस कर्नेलको दाह्री फुल्न थालेको

थियो। अर्दलीहरू खाना पस्कँदै थिए। वातावरण त्यही थियो, जुन कुनै पनि युरोपेली अफिसर-भोजनकक्षमा हुन्छ। त्यसो भए क्रान्ति कहाँ त?

"तपाईं बोल्शेभिक त होइन?" मैले मारोभ्स्कीलाई सोधें।

वरिपरिका मानिसहरू मुस्कुराए। तर मैले देखें दुई-तीन जनाले भयभीत दृष्टिले अर्दलीहरूतिर हेरे।

"होइन", मेरा नयाँ मित्रले जवाफ दिए। "यस रेजिमेन्टमा एकै जना मात्रै बोल्शेभिक अफिसर छन् र उनी पनि अहिले पेत्रोग्राद गएका छन्। कर्नेल साहेब मेन्शेभिक हुनुहुन्छ, उहाँ, कप्तान खेर्लोभ कादेत हुनुहुन्छ। म आफै दक्षिणपन्थी समाजवादी-क्रान्तिकारी हुँ। म तपाईंलाई भन्छु हाम्रो सेनाका बहुसङ्ख्यक अफिसरहरू बोल्शेभिक होइनन्, तर मजस्तै उनीहरू पनि प्रजातान्त्रिक परिपाटिमा विश्वास गर्छन् र आम सिपाहीहरूको इच्छाको पालना गर्नु आफ्नो कर्तव्य ठान्दछन्।"

खानापछि अर्दलीहरूले नक्शा ल्याएर टेबुलमा राखे र कर्नेलले त्यो नक्शा खोलेर टेबुलमा फैलाए। बाँकी मानिस नक्शामाथि झुके।

कर्नेलले नक्शामा सिसाकलमले लगाइएका चिन्हहरूतिर इशारा गर्दै भने, "यी हेर्नोस्, आज बिहान हाम्रो मोर्चा यहाँ थियो। भ्लादिमिर किरिलोभिच, तपाईंको कम्पनी कहाँ छ?"

कप्तान खेर्लोभले नक्शाको एक ठाउँमा देखाउँदै जवाफ दिए, "हामीले पाएको आदेशअनुसार, हामीले यस सडकको छेउछाउको भाग कब्जा गरेका छौं। पाँच बजे कर्सोभिनले मबाट चार्ज लिए"।

ठीक त्यसै बेला ढोका खुल्यो र एक जना सिपाहीसँग रेजिमेन्ट समितिका अध्यक्ष भित्र पसे। उनीहरू पनि कर्नेलको वरिपरि भेला भएका मानिसहरूसँगसँगै नक्शातिर झुके।

"ठीक छ", कर्नेलले भने, "हाम्रो क्षेत्रमा कजाकहरू दस किलोमिटर पछि हटेका छन्। मेरो विचारमा अगाडि बढेर मोर्चाबन्दी गर्ने कुनै आवश्यकता छैन। महानुभाव हो, आज राती तपाईंहरूले वर्तमान मोर्चा कायम राख्नोस् र यो मोर्चा सुदृढ पार्न..."

रेजिमेन्ट समितिका अध्यक्षले उनको कुरा काट्दै भने, "तपाईंको अनुमति लिएर म केही भन्न चाहन्छु। पूरा जोडले अगि बढ्ने र बिहान गात्चिनाको उत्तरमा कजाकहरूसँग मुठभेट गर्ने आदेश पाइएको छ। कजाकहरूलाई अन्तिम रूपमा पराजित गर्नुपरेको छ। तपाईं कृपया यसको लागि आवश्यक आदेशहरू दिनोस्।"

दिबेन्कोको नेतृत्वमा नौसैनिकहरूको एक दल केरेन्स्कीको सेनाविरुद्ध लड्न जाँदै छन्

बख्तरबन्द ट्राम गाडी, जसलाई मास्कोको जामस्कभारेच्येको इलाका
नोभेम्बरको लडाइँमा प्रयोग गरिएको थियो

एक छिनको लागि सन्नाटा फैलियो। कर्नेल फेरि नक्शातिर फर्के। अब उनले अर्कै स्वरमा भने, "ठीक छ, स्तेपान गेअ्रोर्गेभिच, तपाईं कृपया..." नक्शामा नीलो सिसाकलमले छिटोछिटो चिनो लगाउँदै उनले आदेश दिए र एक जना सर्जेन्टले शर्टहैण्डमा ती आदेशहरू दर्ता गर्दै गए। त्यसपछि सर्जेन्ट त्यहाँबाट निस्के र दस मिनेटपश्चात् कर्नेलको आदेशको दुई प्रति टाइप गरेर ल्याए। समितिका अध्यक्षले त्यो आदेशसँग नक्शाका चिन्हहरू दाँजेर हेरे।

"सब कुरा ठीक छ", उनले उठ्दै भने। उनले त्यस आदेशको अर्को प्रति लिएर मोडे र आफ्नो खल्तीमा राखे। मूल प्रतिमा हस्ताक्षर गरे, आफ्नो खल्तीबाट छाप निकाले र आदेशमा छाप लगाइसकेपछि कर्नेललाई दिए।

यहाँ पो रहेछ क्रान्ति!

म रेजिमेन्टको स्टाफ गाडीमा बसेर चार्स्कोयेको सोभियत प्रासादमा फर्कें। यहाँ सबै कुरा जस्तातस्तै थियो। मजदुरहरू, सैनिकहरू र नौसैनिकहरूको भीड आवतजावत गर्दै थियो, चारैतिर ट्रकहरू र बख्तरबन्द गाडीहरू र तोपहरूको घुइँचो लागेको थियो, विजयको उल्लासमा मानिसहरू हाँस्दै थिए, चिच्च्याउँदै थिए। छ सात जना लाल गार्डहरू एक जना पादरीसँग भीडलाई घचेट्दै भित्र पस्ने प्रयास गर्दै थिए। उनीहरूले भने, यी पादरी इभान हुन्, जसले कजाकहरू शहरभित्र पस्दा उनीहरूलाई आशिर्वाद दिएका थिए। पछि मैले सुनें, यी पादरीलाई गोलीले उडाइयो... (४)

लगातार एकपछि अर्को आदेश दिँदै दिबेन्को त्यहाँबाट निस्के। उनको हातमा त्यही रिभल्भर थियो। चोकमा एउटा मोटर थियो, मोटरको इन्जिन चालू थियो। दिबेन्को एक्लै मोटरको पछाडिको सीटमा बसे र केरेन्स्कीमाथि विजय प्राप्त गर्न गात्चिनातिर रवाना भए।

रात पर्न थाल्दा उनी शहरको बाहिरी भागमा आइपुगे र त्यहाँ मोटरबाट ओर्लेर पैदल अगि बढे। दिबेन्कोले कजाकहरूसँग के कुरा गरे, कसैलाई थाहा छैन, तर वास्तविकता के हो भने, जर्नेल क्रास्नोभ र उनको स्टाफका हजारौंहजार कजाकहरूले आत्मसमर्पण गरे र केरेन्स्कीलाई पनि यसै गर्ने सल्लाह दिए। (५)

जहाँसम्म केरेन्स्कीको प्रश्न छ, १४ नोभेम्बर (१ नोभेम्बर) को दिन जर्नेल क्रास्नोभले जुन बयान दिएका थिए, त्यसलाई म यहाँ छाप्दै छु—

गात्चिना, १४ नोभेम्बर, १९१७। आज बिहान तीन बजे मलाई प्रधान सेनापतिले आफूकहाँ डाके। उनी निकै उत्तेजित थिए र हडबडाएका थिए।

"जर्नेल", उनले मलाई भने, "तपाईंले मलाई धोका दिनुभयो। तपाईंका कजाकहरूले मलाई सीधै भने, उनीहरू मलाई गिरफ्तार गरेर नौसैनिकहरूको जिम्मा लाइदिन्छन्"।

"हो", मैले जवाफ दिएँ, "हल्ला यस्तै छ। मलाई जहाँसम्म थाहा छ, कसैको पनि तपाईंप्रति सहानुभूति छैन"।

"तर अफिसरहरू पनि यस्तै कुरा गर्छन्"।

"हो, अफिसरहरू नै तपाईंसँग सबैभन्दा बढी रिसाएका छन्"।

"त्यसो भए मैले के गर्ने? अब त मैले आत्महत्या गर्नुपर्ने भयो!"

"तपाईं इमानदार मानिस हुनुहुन्छ भने, तपाईंले सेतो झण्डा बोकेर तुरुन्तै पेत्रोग्राद जानुपर्छ, सैनिक क्रान्तिकारी समितिसमक्ष उपस्थित हुनुपर्छ र अस्थायी सरकारको अध्यक्षको हैसियतले उनीहरूसँग कुराकानी सुरु गर्नुपर्छ।"

"ठीक छ, म त्यसै गर्छु, जर्नेल।"

"म तपाईंको लागि रक्षक दल दिन्छु र एक जना नौसैनिकलाई तपाईंसँग जाने अनुरोध गर्छु"।

"हुन्न, हुन्न, नौसैनिक त कदापि हुन्न। दिबेन्को यहाँ आइपुगेको छ भनेको साँचो हो? के तपाईंलाई थाहा छ?"

"मलाई थाहा छैन, को हो यो दिबेन्को।"

"यो मेरो शत्रु हो।"

"अब गर्न नै के सकिन्छ र! तपाईं यदि कुनै ठूलो खेल खेल्दै हुनुहुन्छ भने खतरा लिन पनि जान्नुपर्छ।"

"ठीक छ म आज राती नै हिँड्छु।"

"किन राती? यो त भगौटे काम भयो। तपाईं शान्तिपूर्वक खुल्लमखुल्ला हिंड्नोस्, जसले गर्दा सबैले देखुन्, तपाईं भाग्न चाहनुहुन्न।"

"ठीक छ। तर तपाईंले मलाई त्यस्तो रक्षक दिनुपर्छ, जसमाथि म भरोसा गर्न सक्छु।"

"ठीक छ।"

म बाहिर निस्कें र मैले दसौं 'दोन' रेजिमेन्टका कजाक रूसाकोभलाई डाकें र प्रधान सेनापतिसँग जान दस जना कजाकहरू छान्ने आदेश

दिएँ। आधघण्टापश्चात् कजाकहरू आएर भने, केरेन्स्की बेपत्ता छन्, उनी भागे।

मैले खतराको बिगुल बजाउन लगाएँ र उसको खोजी गर्ने आदेश दिएँ। मलाई लागेको थियो, उनी गात्चिनाबाट बाहिर जान सकेका छैनन्। तर उनको अत्तोपत्तो थिएन..."

केरेन्स्की नौसैनिकको छद्मभेषमा एकलै भागे र यस प्रकारले उनले रसियाका जनताको बीचमा भएको आफ्नो त्यस लोकप्रियताको अन्तिम बिन्दु गुमाए, जुन कुनै बेला उनले कमाएका थिए।

म एउटा ट्रकको अघिल्लो सीटमा बसेर पेत्रोग्राद फर्कें। त्यो ट्रक एक जना मजदुरले हाँक्दै थियो र लाल गार्डहरूले खचाखच भरिएको थियो। ट्रकको बत्ती निभेको थियो, हामीसित मत्तितेल थिएन। सडकमा घर फर्कन लागेका सर्वहारा सेना तथा उनीहरूको स्थानमा गएको रिजर्भ सेनाको भीड लागेको थियो। रातको अन्धकारमा हाम्रो ट्रकजस्ता ठूलठूला ट्रकहरू, लामका लाम तोपहरू र गाडाहरूका धमिला आकृति देखिन्थे। हामी जस्तै अरू पनि विनाबत्ती सफर गर्दै थिए। हाम्रो ट्रक बडो वेगले अगि बढ्दै थियो र टक्करबाट बच्नको लागि, जुन कहिलेकाहिँ त लाग्थ्यो–भइहाल्छ, कहिले दाँया त कहिले बाँया मोडिन्थ्यो, कहिलेकाहिँ त अर्को गाडीको पाङ्ग्रामा ठक्कर पनि लागि हाल्थ्यो। पछाडि पैदल हिंडिरहेका यात्रीहरू हामीलाई सराप्थे।

टाढा क्षितिजमा राजधानी बत्तीको प्रकाशले जगमगाइरहेको थियो। त्यो शहर दिउँसोभन्दा राती बढी आकर्षक देखिन्थ्यो। यस्तो लाग्थ्यो मानौं, नाङ्गो मैदानमा हीरामोतीको पहाड थुपारिएको छ।

बूढो मजदुरले, जसको एउटा हातमा मोटरको स्टेयरिङ्मा थियो, अर्को हातले टाढा चम्किरहेको राजधानीतिर इशारा गर्दै उल्लासपूर्ण स्वरले भन्यो,

"मेरो पेत्रोग्राद!" ऊ चिच्च्याउँदै थियो र उसको अनुहार चम्कँदै थियो, "अब सम्पूर्ण मेरो! मेरो पेत्रोग्राद!"

दसौँ अध्याय

मास्को

विजयपश्चात् पनि सैनिक क्रान्तिकारी समितिले त्यही दृढतासाथ आफ्नो कार्यलाई अगि बढायो।

"नोभेम्बर १४।

सम्पूर्ण सेना-कोर, डिभिजन, रेजिमेन्टहरूका सैनिक समितिहरूलाई, मजदुर, सैनिक तथा किसान प्रतिनिधिहरूका सबै सोभियतहरूलाई

सबै, सबै, सबैलाई

कजाकहरू, युङ्केरहरू, सैनिकहरू, नौसैनिकहरू तथा मजदुरहरूबीच भएको एक सम्झौताअनुसार अलेक्सान्दर फ्योदरोभिच केरेन्स्कीलाई जनताको एक खुला अदालतसमक्ष उपस्थित गराउने निर्णय गरिएको छ। हामी केरेन्स्कीलाई गिरफ्तार गर्ने अनुरोध गर्दछौँ र उनलाई निम्नलिखित सङ्गठनहरूको नामबाट अविलम्ब पेत्रोग्राद आउने र न्यायालयसमक्ष उपस्थित हुने आदेश दिइयोस् भन्ने माग गर्दछौँ।

हस्ताक्षर – **उसुरी घोडचढी सेनाको पहिलो डिभिजनका कजाकहरू, पेत्रोग्राद अञ्चलका गुरिल्ला टुकडीको युङ्केर समिति, पाँचौँ सेनाको प्रतिनिधि। जन कमिसार दिबेन्को।**"

उद्धार समिति, दुमा, समाजवादी-क्रान्तिकारी पार्टीको केन्द्रीय समिति – सबैले, जसले बडो गर्वपूर्वक केरेन्स्कीलाई आफ्नो पार्टीको सदस्य घोषित गरेका थिए, यस कुराको कडा विरोध गरे र भने उनी मात्र संविधान सभाप्रति उत्तरदायी हुन सक्दछन्।

१६ नोभेम्बरको दिन साँझपख मैले देखेँ, जागोरोद्नी मार्गमा एउटा

फौजी बैण्डपछाडि, जसले 'मर्सेल्येज' को धुन बजाउँदै थियो (यस बेला त्यो धुन अति कर्णप्रिय लाग्थ्यो!) दुई हजार लाल गार्डहरू मार्च गर्दै थिए; मजदुरहरूका ती बाक्ला पङ्क्तिहरूमाथि रक्तिम झण्डाहरू फरफराउँदै थिए। उनीहरू आफ्ना ती दाजुभाइहरूको स्वागत गर्न आएका थिए, जो 'लाल पेत्रोग्राद'को रक्षा गरेर मोर्चाबाट घर फर्केका थिए। साँझको चिसो, झिसमिसे उज्यालोमा यी पुरुष तथा नारीहरू अगि बढ्दै थिए र उनीहरूको काँधमा झुण्डिएका बन्दुकका सङ्गिनहरू हल्लँदै थिए; उनीहरू हिलोले भरिएको चिप्लो, नाम मात्रैको प्रकाश भएको सडकहरूमा जाँदै थिए। सडकको दुवैतिर बुर्जुवाहरूको भीड लागेको थियो, जो उनीहरूलाई घृणा तथा भय मिश्रित दृष्टिले हेर्दै थिए।

कसैले उनीहरूलाई मन पराउँदैनथे–व्यवसायीहरू, तस्कर वेपारीहरू, साहूमहाजनहरू, जमिनदारहरू, सैनिक अफिसरहरू, राजनीतिक कार्यकर्ताहरू, शिक्षकहरू, विद्यार्थीहरू, स्वतन्त्र पेसाका मानिसहरू, खुद्रा वेपारीहरू, सरकारी कर्मचारीहरू, क्लर्कहरू–सबै उनीहरूलाई घृणा गर्थे। अन्य सबै समाजवादी पार्टीहरूलाई बोल्शेभिकहरूप्रति ठूलो घृणा थियो। सोभियतहरूको पक्षमा सामान्य मजदुरहरू, नौसैनिकहरू, ती सबै सिपाहीहरू थिए, जो आफ्नो सिद्धान्तमा अटल थिए र भूमिहीन किसानहरू थिए; अनि थोरै, अति थोरै बुद्धिजीवीहरू थिए।

विशाल रसियाको कुनाकुनाबाट, जहाँ यत्रतत्र सडकहरूमा भयङ्कर सङ्ग्राम चल्दै थियो, केरेन्स्कीको पराजयको समाचार सर्वहारावर्गको प्रचण्ड विजयघोषमा प्रतिध्वनित हुँदै थियो। यो प्रतिध्वनि काजान, सरातोभ, नोभगरद, भिनिचाबाट आउँदै थियो, जहाँ सडकहरूमा रगतको खोला बग्दै थियो, मास्कोबाट आउँदै थियो, जहाँ बोल्शेभिकहरूले बुर्जुवावर्गको अन्तिम गढ क्रेमलिनतिर आफ्नो तोप फर्काएका थिए।

"उनीहरू क्रेमलिनमाथि गोलाबारी गर्दै छन्!" यो समाचार पेत्रोग्रादको गल्लीगल्लीमा फैलियो। यस समाचारले मानिसहरूमा आतङ्कको भावना फैलायो। "सेतो चम्किलो आमा मास्कोबाट" आएका यात्रीहरूले भयङ्कर कथाहरू सुनाए–हजारौँहजार मानिसहरू मारिए, त्भेर्स्काया र कुजनेत्स्की मोस्त आगोको ज्वालामा डढ्दै छन्, भासिली ब्लाझेन्नी गिर्जाघरलाई आगोको लपेटाले स्वाहा पारिसकेको छ; उस्पेन्स्की गिर्जाघर खरानी भइ-

सकेको छ, क्रेमलिनको स्पास्स्काया द्वार ढल्दै छ, दुमा भवन पनि खरानी भइसकेको छ। (१)*

बोल्शेभिकहरूले अहिलेसम्म जे जति गरे ती सबै कुरा पवित्र रसियाको मुटुमा भएको यस भयङ्कर पापाचारको दाँजोमा केही पनि थिएन। पवित्र अर्थोडक्स गिर्जाघरमाथि गोलाबारी गरिरहेको र रूसी राष्ट्रको पवित्र उपासना गृहलाई माटोमा मिसाउन तत्पर तोपहरूको आवाज धर्मभीरुहरूको कानमा पर्दै थियो।

१५ नोभेम्बरको दिन जन शिक्षा कमिसार लुनाचार्स्की जन कमिसार परिषद्को बैठकमा क्वाँ क्वाँ रोए र "म यो कुरा सहन सक्दिन, म सौन्दर्य तथा परम्पराको यस भयङ्कर विनाश सहन सक्दिन..." भन्दै कोठाबाट बाहिर निस्के।

त्यस दिन साँझ समाचारपत्रहरूमा उनको राजीनामा चिठी छापियो–

"मैले भर्खरै मात्र मास्कोबाट आएका प्रत्यक्षदर्शीहरूबाट त्यहाँ घटेका घटनाहरूबारे थाहा पाएँ।

भासिली ब्लाझेन्नी गिर्जाघर, उस्पेन्स्की गिर्जाघर ध्वस्त पारिँदै छन्। क्रेमलिनमाथि, जहाँ पेत्रोग्राद तथा मास्कोका सबैभन्दा महत्त्वपूर्ण कलाभण्डार सञ्चित छ, गोलाबारी हुँदै छ।

"हजारौं मानिस मारिए।

"यो भयानक सङ्घर्ष पाशविक नृशंसताको पराकाष्ठासम्म पुगिसकेको छ।

"अब के बाँकी रह्यो र? अरू के हुन सक्छ र?

"म अरू सहन सक्दिन। मैले धैर्यको सीमा नाघिसकें। यी विभीषिकाहरू रोक्न म असमर्थ छु।

"यी विचारहरूको बोझमा, जसले मलाई पागल बनाउँदै छन्, काम गर्न असम्भव छ!

"यसै कारणले म जन कमिसार परिषद्बाट राजीनामा गर्दै छु।

"यस निर्णयको सम्पूर्ण गम्भीरता म बुझ्छु, तर म अरू सहन सक्दिन..." (२)

---

*हेर्नोस् यस अध्यायको परिशिष्टमा दिइएका टिप्पणीहरू।

त्यसै दिन क्रेमलिन कब्जा गरेर बसेका स्वेत गार्डहरू तथा युङ्केरहरूले आत्मसमर्पण गरे र उनीहरूलाई विनारोकटोक बाहिर निस्कन दिइयो। शान्ति सम्झौता निम्न प्रकारको थियो–

"१) सार्वजनिक सुरक्षा समितिको अस्तित्व समाप्त भएको छ।

१) स्वेत गार्डहरूले आफ्नो हतियार फर्काउनेछन् र आफ्नो सङ्गठन भङ्ग गर्नेछन्। अफिसरहरूले आफ्नो तरबार तथा अन्य नियमानुमोदित ससाना हतियारहरू आफूसँगै राख्न सक्नेछन्। सैनिक स्कूलहरूमा तिनै हतियार मात्र राख्न दिइनेछ, जुन शिक्षार्थीहरूको तालिमको लागि आवश्यक हुन्छन्। बाँकी सबै हतियारहरू युङ्केरहरूले सुम्पनेछन्। सैनिक क्रान्तिकारी समितिले व्यक्तिगत स्वतन्त्रता तथा सुरक्षाको ग्यारेण्टी दिन्छ।

३) धारा २ मा उल्लिखित निरस्त्रीकरणको प्रश्न समाधान गर्न शान्तिवार्तामा भाग लिएका सबै सङ्गठनहरूका प्रतिनिधिहरू सम्मिलित भएको एउटा विशेष आयोग नियुक्त गरिएको छ।

४) यस शान्तिसन्धिमा हस्ताक्षर हुनासाथ दुवै पक्षले अविलम्ब लडाइँ बन्द गर्ने र समस्त सैनिक गतिविधिहरू रोक्ने आदेश दिनेछन् र यस आदेशको यथासमय परिपूर्तिको लागि आवश्यक कारबाईहरू गर्नेछन्।

५) सन्धिमाथि हस्ताक्षर भइसकेपछि दुवै पक्षले गिरफ्तार गरेका सबै कैदीहरूलाई रिहा गर्नेछन्...

दुई दिनदेखि शहर बोल्शेभिकहरूको हातमा थियो। भयभीत नागरिकहरू तहखानाहरूबाट निस्केर आफ्ना साथीहरूको लाश खोज्दै थिए। सडकहरूबाट बैरिकेडहरू हटाइए। परन्तु मास्कोको विध्वंससम्बन्धी कथाहरू अझ अतिरञ्जित रूपमा फैलिँदै थिए। हामी मास्को रवाना हुनमा यी भयङ्कर हल्लाहरू नै मुख्य कारण बनेका थिए।

वास्तवमा पेत्रोग्राद दुई सय वर्षदेखि शासन केन्द्र रहँदै आए तापनि अझै पनि एक क्रित्रिम नगर नै थियो। मास्को नै वास्तविक रसिया हो, जस्तो अतीतमा थियो र भविष्यमा रहनेछ; मास्कोमा मात्रै हामीले क्रान्तिप्रति रूसी जनताको वास्तविक भावना थाहा पाउन सक्नेछौं। त्यहाँ जीवन बढी गतिशील छ।

सैनिक क्रान्तिकारी समितिले गत सप्ताहदेखि सामान्य रेल मजदुरहरूको सहायताबाट निकोलाइ रेल स्टेसनमाथि कब्जा गरेका थिए र त्यहाँबाट नौसैनिकहरू तथा लाल गार्डहरूले भरिएका एकपछि अर्को रेलगाडी दक्षिण

पूर्वतिर जाँदै थिए। स्मोल्नीमा हामीले पास पायौँ, जसविना कोही पनि राजधानीबाट बाहिर जान सक्दैनथ्यो... स्टेसनमा गाडी आइपुगेपछि, मैला, झुत्राझाम्रा लुगा लगाएका सिपाहीहरूको भीड, जसले आफ्नो हातमा खानेपिउने सामानको पोका बोकेका थिए, ट्रेनको झ्याल ढोकाहरूतिर हुत्तियो; उनीहरूले सबै झ्यालहरूका ऐनाहरू फोडे। सबै डिब्बाहरू सिपाहीहरूद्वारा भरिए, बस्ने सीट त के, कतै बाटोमा तिल राख्ने ठाउँसम्म पनि थिएन। केही त ट्रेनको छानामा समेत चढेका थिए। हामीमध्ये तीन जना कुनै तरिकाले आफ्नो डिब्बाभित्र घुस्यौँ, तर त्यसै बेला झण्डै बीस जना जति सिपाहीहरू पनि त्यहाँ पसे, त्यहाँचाहिँ जम्मा चार जनाको लागि मात्रै ठाउँ थियो। हामीले उनीहरूसँग बहस गर्‍यौँ, आफ्नो विरोध जनायौँ र कन्डक्टरले पनि आफ्नो समर्थन प्रकट गर्‍यो, तर सिपाहीहरूले हाम्रो कुरा हाँसोमा उडाइदिए। यी मुठीभर बुर्जुवाहरूको आरामसँग उनीहरूलाई के चासो? हामीले स्मोल्नीबाट पाएको पास देखायौँ र तुरुन्तै हामीप्रति ती सिपाहीहरूको दृष्टिकोण बदलियो।

"हिँडौँ यहाँबाट साथीहरू", उनीहरूमध्ये एक जनाले ठूलो स्वरले भन्यो, "यी अमेरिकी **तावारिशी** (कमरेडहरू) हुन्! उहाँहरू हाम्रो क्रान्ति हेर्न तीस हजार **भेर्स्ता** टाढाबाट आउनुभएको छ... धेरै थाक्नुभएको होला!"

सिपाहीहरू नम्र तथा मैत्रीपूर्ण भावले क्षमा माग्दै त्यहाँबाट जान थाले। एकै छिनपछि हामीले सुन्यौँ, उनीहरूले छिमेकको कोठाको ढोका जबरजस्ती खोले, त्यहाँ दुई जना मोटा, राम्रो लुगा लगाएका रूसीहरू ढोका बन्द गरेर बसेका थिए। उनीहरूले कन्डक्टरलाई घूस ख्वाएर त्यहाँ बसेका थिए।

साँझ सात बजेतिर ट्रेन स्टेसनबाट निस्क्यो। एउटा सानो, कमजोर इन्जिनले, जसमा कोइलाको साटो दाउरा प्रयोग गरिँदै थियो, हाम्रो ठूलो, मानिसहरूले खचाखच भरिएको गाडी तान्दै थियो। हाम्रो गाडी विस्तारै जाँदै थियो र बरोबर बाटोमा रोकिन्थ्यो। छतमा बसेका सिपाहीहरू खुट्टा बजार्दै कुनै करूण, शोकपूर्ण गाउँले गीत गाउँदै थिए। भित्र करिडरमा, जहाँ मानिसहरूको कस्तो घुइँचो लागेको थियो भने बीचबाट निस्कन पनि मुश्किल थियो, रातभरि गरमागरम राजनीतिक बहस चल्यो। आफ्नो पुरानो बानीअनुसार कन्डक्टर बराबर टिकट जाँच्न आउँथ्यो, तर हामीजस्ता दुई चार जना मानिसलाई छोडेर कसैसँग पनि टिकट थिएन। आधा घण्टाजति बहस

गरिसकेपछि कन्डक्टर निराश हुँदै त्यहाँबाट हिंड्यो। निस्सासिने वातावरण थियो, डिब्बा चुरोटको धूवाँ र दुर्गन्धले भरिएको थियो। झ्यालका ऐनाहरू नफुटेका भए हामी राती निस्सासिएर मर्थ्यौं होला।

हाम्रो ट्रेन निर्धारित समयभन्दा केही घण्टा ढिलो भइसकेको थियो। बिहान हामीले झ्यालबाट देख्यौं–हिउँ परेर चारैतिर सेताम्मे थियो। जाडो निकै चर्को थियो। दिउँसो बाह्र बजेतिर एउटी किसान महिला पाउरोटीको एउटा टोकरी र कफीजस्को कुनै मनतातो पेय पदार्थले भरिएको एउटा ठूलो चियादानी बोकेर ट्रेनभित्र पसिन्। त्यस बेलादेखि रातीसम्म हामीले एउटै कुरा मात्र देख्यौं–मानिसहरूले खचाखच भरिएको घचघच गर्दै, प्रत्येक मिनेट थामिँदै गइरहेको हाम्रो त्यो ट्रेन र यदाकदा कुनै स्टेसन, जहाँ त्यो भोको भीड स्टेसनको रेष्टुराँभित्र ओइरिन्थ्यो र जेजति खाना त्यहाँ हुन्थ्यो, सफाचट पार्थ्यो...। यस्तै एउटा स्टेसनमा मैले नागिन र रीकोभलाई देखें, जो जन कमिसार परिषद्बाट अलग्गिएका थिए र आफ्नो सोभियतसमक्ष गुनासाहरू राख्न मास्को फर्कंदै थिए।* त्यहाँबाट अलि पर कैलो दाह्री भएको बुखारिन उभेका थिए। उनका आँखा कुनै धर्मोन्मत्त अन्धविश्वासीका जस्ता थिए। "उनी लेनिनभन्दा पनि बढी वामपन्थी छन्", मानिसहरू उनीबारे भन्थे।

स्टेसनमा तेस्रो घण्टी बज्यो र हामी ट्रेनतिर हुत्तियौं, ट्रेनभित्र पसेपछि खचाखच भरिएको त्यस कोलाहलपूर्ण भीडको बीचबाट बडो मुश्किलले अगि बढ्दै आफ्नो ठाउँमा पुग्यौं। यस भीडका मानिसहरू निकै हँसिला थिए, जसले यात्रा सम्पूर्ण कठिनाइहरू ठटेउलो धैर्यसाथ झेल्दै थिए र जो पेत्रोग्रादको स्थितिदेखि ब्रिटिस ट्रेड युनियन व्यवस्थासम्म–संसारका सबै विषयमा कहिल्यै नसकिने बहस गर्दै थिए र ट्रेनमा जुन दुई चार जना "बुर्जुइ" (पुँजीजीवी) थिए, उनीहरूसँग चर्को बहस गर्दै थिए। हामी मास्को पुग्न्जेल प्राय प्रत्येक डिब्बामा खाद्य सामग्री प्राप्त गर्न र वितरण गर्नको लागि समिति निर्वाचित भइसकेको थियो। यी समितिहरू राजनीतिक दलहरूमा विभाजित भइसकेका थिए र आधारभूत सैद्धान्तिक प्रश्नहरूमाथि आपसमा बहस गर्न सुरु गरिसकेका थिए।

---

*हेर्नोस् एघारौं अध्याय।–जो० रि०

मास्कोमा स्टेसन शून्य थियो। हामी आफ्नो फिर्ती-टिकटको प्रबन्ध गर्ने कमिसारको कार्यालयमा गयौँ। त्यहाँ लप्टनको बर्दी लगाएको एक नवयुवक खिन्न अनुहार लिएर बसेको थियो–उनी नै थिए कमिसार। हामीले स्मोल्नीबाट पाएको पास देखाउँदा त ऊ बम्किहाल्यो। उसले भन्यो, ऊ बोल्शेभिक होइन, सार्वजनिक सुरक्षा समितिको प्रतिनिधि हो...। यो वास्तवमा एक लाक्षणिक दृष्टान्त थियो–शहरमाथि कब्जा गर्ने श्राम हडबडीमा विजेताहरूले प्रमुख रेल स्टेसनमा ध्यान पुऱ्याउन बिर्सेका थिए।

बाहिर सडकमा एउटा पनि बग्गी देखिँदैनथ्यो। तर अलि पर पुगेपछि हामीले देख्यौँ–एक जना इज्भोस्चिक हास्यास्पद तरिकाले लुगामा गुटमुटिएर आफ्नो स्लेज गाडीमा उङ्दै थियो। हामीले उसलाई सोध्यौँ, "बीच शहर पुऱ्याउन कति लिन्छौ?"

उसले आफ्नो टाउको कन्याउँदै भन्यो, "**बारिनहरू** (काजीसाहेब) ले कुनै पनि होटेलमा ठाउँ पाउनुहुन्न। ठीक छ, सय रूबल दिनुहुन्छ भने लैजान तयार छु..." क्रान्ति पहिले यति सफर गर्न जम्मा **दुई रूबल** लाग्थ्यो! हामीले मोलतोल गर्न थाल्यौँ, तर उसले कुम हल्लाउँदै भन्यो, "यस्तो बेला जो पायो त्यो जान पनि मान्दैन। अचेल बग्गी चलाउन पनि प्रशस्त साहस चाहिन्छ।" हामीले पचास रूबलभन्दा कममा उसलाई मनाउन सकेनौँ... त्यो निस्तब्ध, अँध्यारो, हिउँले ढाकिएको सडकमा हाम्रो स्लेज गाडी जाँदै थियो, उसले ६ दिनको लडाइँबारे आफ्नो रोमाञ्चकारी अनुभव वर्णन गऱ्यो–"आफ्नो स्लेज गाडीमा कुनै सडकमा जाँदै छु अथवा कुनै मोडमा यात्री पर्खेर बसेको हुन्छु, अकस्मात् गोला बर्सन्छ! एउटा गोला यहाँ पडकन्छ भने अर्को गोला त्यहाँ, अनि जोडले मेसिनगन चल्न थाल्छ... चारैतिर गोली चल्याचल्यै छ... म आफ्नो घोडा दौडाउँछु र कुनै गतिलो शून्य सडकमा पुगेर थामिन्छु, एक छिन उङ्न पाएको हुन्न, फेरि त्यहीँ गोला वर्षन्छ र गोली चल्न थाल्छ... यो पनि कुनै कुरा हो र बदमाशहरू कहिँका!"

बीच शहरमा हिउँले छोपिएका सडकहरूमा यी गडबडीपछि पूर्ण सन्नाटा थियो, मानौँ शहर कुनै भयङ्कर बिमारीपछि आराम गर्दै छ। सडकमा यदाकदा मात्र बत्ती देखिन्थ्यो, बटुवाहरू पनि कमै देखिन्थे। मुटु कँपाउने चिसो बतास चल्दै थियो। एउटा होटेल देखा पर्नासाथ हामी भित्र घुसिहाल्यौँ। हलमा दुइटा मैनबत्ती बालिएको थियो।

"हजूर, हामी कहाँ निकै राम्रा कोठाहरू छन्, तर झ्यालका सबै ऐनाहरू फुटेका छन्। यदि **गस्पजिन** (श्रीमान्) लाई अलि ताजा हावा खान बाधा पर्दैन भने...।"

त्भेर्स्काया मार्गमा पसलहरूका झ्यालहरू चकनाचूर थिए; सडकहरूमा जताततै गोलीका चिन्हहरू थिए, यत्रतत्र सडकका ढुङ्गाहरू उखेलिएका थिए। हामीले एकपछि अर्को होटेल चहार्न थाल्यौं। कुनै होटेलमा ठाउँ थिएन भने कुनै होटेलको मालिक अति तर्सेको हुन्थ्यो र बारम्बार एउटै कुरा दोहोऱ्याउँथ्यो, "यहाँ ठाउँ छैन, ठाउँ छैन!" मुख्य सडकहरूमा, जहाँ ठूलठूला बैङ्कहरू र व्यापार संस्थानहरू थिए, बोल्शेभिकहरूले विना-सोचविचार गोलाबारी गरेका थिए। मलाई एक जना सोभियत अधिकारीले भनेका थिए, "जब हामीलाई युङ्केरहरू र स्वेत गार्डहरू कहाँ छन् भन्ने कुरा पत्ता लगाउन मुश्किल पर्थ्यो हामी उनीहरूको "चेकबुक" मा गोली हिर्काउँथ्यौं...।"

अन्ततोगत्वा हामीले विशाल होटेल 'नाचिओनाल' मा शरण पायौं (जे भए तापनि हामी विदेशी थियौं र सैनिक क्रान्तिकारी समितिले विदेशी नागरिकहरू बसेका ठाउँको रक्षा गर्ने वचन दिएको थियो)... सबैभन्दा माथिल्लो तल्लामा मेनेजरले त्यो ठाउँ देखाए, जहाँ कैयौं झ्याल-हरूका ऐनाहरू चकनाचूर भएका थिए। "जनावरहरू!" उसले काल्पनिक बोल्शेभिकहरूतिर मुक्का देखाउँदै भन्यो, "पर्खलास्! बदला चुकाउने मौका आइहाल्छ नि! केही दिनपछि नै तिमीहरूको हास्यास्पद सरकार पल्टिनेछ! त्यस बेला हामी तिमीहरूलाई देखाउनेछौं!"

हामीले एउटा शाकाहारी भोजनालयमा खाना खायौं। भोजनालयको नाम पनि बडो आकर्षक थियो—"म कसैलाई खान्न", भित्तामा तल्सतोइको तस्वीर टाँसिएको थियो। खाना खाइसकेपछि हामी सडकमा डुल्न निस्कयौं।

मास्को सोभियतको कार्यालय स्कोबेलेभ चोकको एउटा भव्य सेतो घरमा थियो, जुन भूतपूर्व गभर्नर-जर्नेलको दरबार थियो। ढोकामा लाल गार्डहरू पहरा दिँदै थिए। फराकिलो मूल सिंढी हुँदै, जसका भित्ताहरूमा जताततै समितिका सभाहरू तथा राजनीतिक पार्टीहरूका भाषणहरूसम्बन्धी सूचनाहरू टाँसिएका थिए। हामी एकपछि अर्को ठूलठूला अतिथि कक्षहरू पार गर्दै अगाडि बढ्यौं, सबै कक्षहरूमा सुनौला फ्रेम लगाइएका र रातो कपडाले छोपिएका शानदार चित्रहरू झुण्ड्याइएका थिए। हामी सुनौला कर्निस लगाइएको एउटा भव्य राजकीय स्वागत-कक्षमा पुग्यौं, त्यहाँ

क्रिस्टलका शानदार झाडहरू झुण्ड्याइएका थिए। त्यस कक्षमा मानिसहरू मन्द स्वरमा कुरा गर्दै थिए र केही सिलाइ मेसिनहरूबाट घुर्रघुर्र आवाज आउँदै थियो। भुइँमा र टेबुलमा राता र काला सुती कपडाका थानहरू राखिएका थिए। करिब पचास जना जति आइमाईहरू क्रान्तिमा शहीद भएका वीरहरूको शवयात्राको लागि झण्डाहरू तयार पार्दै थिए। अस्तित्वको लागि कठोर सङ्घर्षले गर्दा ती आइमाईहरूको अनुहार चाउरी परिसकेको थियो र कठोर भइसकेको थियो। अहिले उनीहरू चुपचाप काम गर्दै थिए, धेरैको आँखामा आँसु थियो... लाल सेनाका धेरै मानिसहरू मारिएका थिए।

एउटा कुनामा राखिएको टेबुलपछाडि रोगोभ बसेका थिए। उनले चस्मा र मजदुरको ज्याकेट लगाएका थिए। उनी हेर्दा निकै बुद्धिमान देखिन्थे। उनले हामीलाई भोलि पल्ट बिहान हुने शवयात्रामा केन्द्रीय कार्यकारिणी समितिसँग जाने अनुरोध गरे।

"यी समाजवादी-क्रान्तिकारीहरू र मेन्शेभिकहरूलाई जति पाठ पढाए पनि केही लाग्दैन!" रोगोभले भने। "यिनीहरूलाई सम्झौता गर्ने बानी परिसकेको छ... एक पटक सोचेर हेर्नोस् त उनीहरू हामीलाई युङ्केरहरूसँग मिलेर शवयात्रामा जाने प्रस्ताव राख्दै थिए!"

हलको अर्को छेउबाट सिपाहीले लाउने एउटा पुरानो फाटेको कोट र **शाप्का** लगाएको मान्छे त्यहाँ आइपुग्यो, मलाई उनको अनुहार परिचित जस्तो लाग्यो। मैले चिनें, उनी मेल्निचान्स्की थिए। उनलाई मैले बायोन, न्यूजर्सी (अमेरिका) मा स्टैण्डर्ड आयल कम्पनीको विख्यात हडतालमा घडीसाज जर्ज मेल्चरको नामले चिनेको थिएँ। उनले मलाई बताए, हाल उनी मास्को धातुकर्मी युनियनका सचिव छन् र लडाइँको सिलसिलामा सैनिक क्रान्तिकारी समितिका कमिसार थिए।

"हेर्नोस् मेरो दुर्गति!" उनले आफ्नो झुत्रोझाम्रो लुगा देखाउँदै भने। "युङ्केरहरू पहिलो पटक क्रेमलिन आउँदा म त्यहाँ आफ्ना साथीहरूसँग थिएँ। उनीहरूले मलाई तहखानामा थुने र मेरो ओभरकोट, भएभरको पैसा, मेरो घडी र कहाँसम्म भने मेरो औँठीसमेत खोसे। हेर्नोस् कस्तो लुगा लगाएर हिँड्नुपरेको छ।"

उनले मलाई ६ दिनसम्म चलेको त्यस रक्तपातपूर्ण लडाइँबारे धेरै कुरा बताए, जसले मास्कोलाई दुई हिस्सामा बाँडिदिएको थियो। पेत्रोग्रादको विपरीत मास्कोको नगर दुमाले युङ्केरहरू तथा स्वेत गार्डहरूको

नेतृत्व आफ्नो हातमा लिएको थियो। मेयर रूद्नेभ र दुमाका सभापति मिनोरले सार्वजनिक सुरक्षा समिति तथा सेनाको सञ्चालन गरेका थिए। शहरका कमान्डेन्ट न्याब्चेभ प्रजातान्त्रिक धारणा राख्ने व्यक्ति थिए र सैनिक क्रान्तिकारी समितिको विरुद्ध कारबाई गर्न हिचकिचाउँदै थिए, तर दुमाले उनलाई यो काम गर्न बाध्य तुल्यायो... मेयरकै मागअनुसार क्रेमलिन कब्जा गरिएको थियो। "क्रेमलिनमा उनीहरूले तपाईंहरूमाथि गोलाबारी गर्ने हिम्मत कदापि गर्ने छैनन्", उनले भनेका थिए।

दुवै पक्षले लामो अवधिसम्म निष्क्रिय बस्नाले पूर्णतः भ्रष्ट भइसकेको गैरिसनको एउटा रेजिमेन्टलाई आफूतिर मिलाउने प्रयास गर्दै थिए। त्यस रेजिमेन्टले एउटा आमसभा गऱ्यो र स्थितिबारे छलफल गऱ्यो। अन्ततोगत्वा सिपाहीहरूले तटस्थ बस्ने र आफ्नो वर्तमान कार्य अर्थात् लाइटरको पत्थर र सूर्यमूखीको बीउ बेच्ने कार्य चालू राख्ने निर्णय गरे।

"तर सबैभन्दा खराब कुरा त के थियो भने," मेल्निचान्स्की भन्दै थिए, "हामी लडाइँको समयमै आफ्नो शक्ति सञ्चय गर्न बाध्य थियौं। अर्को पक्षलाई आफ्नो लक्ष्यको स्पष्ट ज्ञान थियो; यहाँचाहिँ सैनिकहरूको आफ्नै सोभियत थियो र मजदुरहरूको आफ्नै... कसलाई प्रधान सेनापति बनाउने भन्ने कुरामा भयङ्कर विवाद चलेको थियो; कतिपय रेजिमेन्ट-हरूले कैयौं दिनको बहसपश्चात् मात्र के गर्ने भन्ने निर्णय गरे। जब अफिसरहरू अकस्मात् हामीलाई छोडेर गए, हामी सामरिक कमानबाट वञ्चित भयौं।"

उनले त्यस दिनका साना घटनाहरूको बडो सजीव वर्णन गरे। एक दिन, जब आकाश बादलले ढाकिएको थियो र निकै जाडो थियो, उनी निकित्सकायाको एउटा मोडमा उभेका थिए। त्यहाँ मेसिनगनबाट गोली चलाउँदै थिए। मोडमा सानासाना केटाहरूको एउटा भीड जम्मा भएको थियो। यी आवारा केटाहरू पहिले समाचारपत्र बेच्ने काम गर्थे। यस वातावरणले उत्तेजित भएका, उनीहरूले मानौं नयाँ खेल भेट्टाए, गोलीको प्रहार अलि कम हुनासाथ दौड्दै सडक पार गर्ने प्रयास गर्थे... धेरै केटा-हरू मारिए, तर बाँकी केटाहरू हाँस्दै उफ्रँदै, एक अर्कालाई डाक्दै एकातिर-बाट अर्कोतिर दौड्दै थिए।

साँझ अबेला म **दभान्यान्सकोये सब्रानिये** (अभिजात क्लब) मा पुगें। त्यहाँ मास्कोका बोल्शेभिकहरूको भेला थियो र जन कमिसार

परिषद्‌बाट राजीनामा गरेर आएका नागिन र रीकोभको प्रतिवेदनमाथि छलफल हुनुपर्थ्यो।

त्यो सभा थियेटर हलमा हुँदै थियो, जहाँ जारको शासनकालमा सोखिन कलाकारहरूले अफिसरहरू र भद्र महिलाहरूसमक्ष फ्रान्सेली हास्य नाटकहरू देखाउने गर्दथे।

सुरुमा त हलमा बुद्धिजीवीहरू मात्रै देखा परे, उनीहरू नै शहरको केन्द्रीय भागनजिक बस्थे। नागिनले भाषण सुरु गरे, बहुसङ्ख्यक स्रोताहरू उनको पक्षमा छन् भन्ने कुरा स्पष्ट थियो। मजदुरहरू धेरै बेरपछि मात्रै आउन थाले, किनभने उनीहरू शहरको बाहिरी भागमा बस्थे र त्यस समय ट्राम गाडी चल्दैनथ्यो। आधा राततिर दसबीस जनाको समूह गर्दै उनीहरू सिंढीमा भेला हुन थाले–ती थिए खस्रो लुगा लगाएका हट्टाकट्टा मानिसहरू, जो भर्खरै मात्र मोर्चाबाट फर्केका थिए, जहाँ उनीहरूले पूरै एक हप्तासम्म मरिमेटी लडेका थिए र जताततै आफ्ना साथीहरू मरेको देखेका थिए।

औपचारिक रूपमा सभा सुरु हुनासाथ नागिनमाथि रोषपूर्ण टिप्पणी-हरू र व्यङ्ग्यवाणीहरूको वर्षा हुन थाल्यो। तर्क गर्ने, स्पष्टिकरण दिने उनको सम्पूर्ण प्रयास व्यर्थ भयो, मानिसहरू उनको कुरा सुन्न चाहँदैनथे। उनले जन कमिसार परिषद्‌बाट राजीनामा गरे, लडाइँ पराकाष्ठामा पुगेको बेला उनी मोर्चाबाट भागे। जहाँसम्म बुर्जुवा समाचारपत्रको प्रश्न छ, यहाँ कुनै बुर्जुवा समाचारपत्र नै छैन। नगर दुमाले समेत आफ्नो अस्तित्व गुमाइसकेको छ। बुखारिनले बोल्न थाले, उनको भाषण क्रुद्ध र तर्कपूर्ण थियो, उनी एकपछि अर्को प्रहार गर्दै थिए। स्रोताहरू बडो एकाग्रतापूर्वक उनको भाषण सुन्दै थिए, सबैका आँखा चम्किरहेका थिए। जन कमिसार परिषद्‌को क्रियाकलापको समर्थन गर्ने प्रस्ताव अत्यधिक बहुमतद्वारा पारित भयो। यही थियो मास्कोको आवाज। (३,४)

राती अबेला शून्य सडकहरू पार गर्दै हामी इभेर द्वारमा पुग्यौँ र त्यहाँबाट क्रेमलिनसामुन्नेको लाल मैदानमा निस्क्यौँ। अन्धकारमा भासिली ब्लाझेन्नी गिर्जाघर आश्चर्यजनक लाग्थ्यो, रङ्गीविरङ्गी बेलबुट्टाहरूले कुँदिएका गुम्बजहरू चम्किरहेका थिए। कतै कुनै पनि नोक्सानी भएको थिएन... चोकको एकातिर क्रेमलिनका काला बुर्जाहरू र पर्खाल थिए। अग्ला पर्खालहरूमा आगोको रातो प्रकाश परेको थियो तर आगो देखिँदैन-थ्यो। चोकको अर्को किनारबाट मानिसहरूले कुरा गरेको र खन्ती-साबेल

चलाएको आवाज आउँदै थियो। हामी चोक पार गरेर त्यस ठाउँमा पुग्यौं।

क्रेमलिनको पर्खालनेर माटो र ढुङ्गाको न्हास लागेको थियो। त्यस न्हासमा चढेर हामीले तलतिर हेर्‍यौं, तल दुइटा ठूलठूला खाडलहरू खनिँदै थियो—प्रत्येक खाडल दसपन्ध्र फुट गहिरो र पचास गज लामो थियो। ती खाडलहरूभित्र धुनिको प्रकाशमा सयौं सिपाहीहरू तथा मजदुर-हरू खन्ने काम गर्दै थिए।

एक जना नौजवान विद्यार्थीले हामीसँग जर्मन भाषामा कुरा गरे। "यो बन्धु समाधि हो," उनले भने, "भोलि हामी यहाँ क्रान्तिको लागि आफ्नो जीवन बलिदान गरेका पाँच सय जना सर्वहाराहरूको लाश गाड्दै छौं।"

उनले हामीलाई तल खाडलमा लगे। खन्ती-साबेल तीव्र गतिले चल्दै थिए र माटोको स्तूप तीव्रतासाथ बढ्दै थियो। सबै चुप थिए। आकाश ताराहरूले भरिएको थियो र शाही क्रेमलिनका प्राचीन पर्खालहरू अति अग्ला देखिन्थे।

"यस पवित्र स्थानमा," त्यस विद्यार्थीले भने, "सम्पूर्ण रसियाभरिको यो सबैभन्दा पवित्र स्थानमा हामी आफ्ना शहीदहरूलाई गाड्दै छौं। यो ठाउँ, जुन कुनै बेला जारहरूको समाधि थियो, अब हाम्रो जार—जन-ताको समाधि बन्नेछ..."। उनको एउटा हात ब्यान्डेजमा झुण्डिएको थियो—लडाइँमा गोली लागेको थियो। आफ्नो घाइते हाततिर हेर्दै उनले भने, "तपाईं विदेशीहरू हामी रूसीहरूलाई हेलाँको दृष्टिले हेर्नुहुन्छ, किनभने हामीले यतिञ्जेलसम्म एक मध्ययुगीन राजतन्त्रको मार खपेर बस्यौं," उनले भने। "तर हामीले बुझ्यौं, संसारमा जार नै एकलो अत्याचारी होइनन्। पुँजीवाद अझ ठूलो अभिशाप हो। आज पुँजीवादले एक वास्तविक सम्राट्ले जस्तो सम्पूर्ण विश्वमाथि राज गरेको छ... हामी रूसीहरूको कार्यनीति नै सबैभन्दा क्रान्तिकारी नीति हो।"

हामी त्यहाँबाट हिँड्न लाग्दा थकाइले चूर भएका मजदुरहरू, जो सडकमा कडा जाडो हुँदाहुँदै पनि पसिनाले निथ्रुचूर्ण थिए, विस्तारै खाडलबाट माथि चढ्दै थिए। लाल चोकको अर्को किनारबाट उनीहरूको ठाउँमा काम गर्ने मानिसहरूको एउटा समूह आउँदै थियो। उनीहरू खाडल-भित्र पसे, साबेल टिपे र एक शब्द नबोली खन्न सुरु गरे।

यस प्रकारले आम जनताको बीचबाट आएका यी स्वयंसेवकहरूले

पालोपालो गरी रातभरि काम गरे, एक छिनको लागि पनि त्यो काम रोकिएन। जब बिहानको चिसो प्रकाशले हिउँले ढाकिएको त्यस सेतो विशाल लाल चोकबाट कुहिरोको पातलो पर्दा हटायो, मानिसहरूले देखे बन्धु समाधिका ती दुई काला खाडलहरू तयार भइसकेका छन्।

हामी सूर्योदय पहिले नै उठ्यौं र हतारहतार ती अँध्यारा सडकहरू पार गर्दै स्कोबेलेभ चोकतिर लाग्यौं। त्यस विशाल शहरमा कतै एक जना मानिस देखिँदैनथ्यो। टाढा नजिक, जतातत‌ैबाट एउटा मन्द मर्मर स्वर आउँदै थियो, मानौं कुनै आँधीबेहरी सुरु हुँदै छ। भोरको धमिलो प्रकाशमा सोभियत भवनसमक्ष पुरुष तथा नारीहरूको एउटा सानो भीड जम्मा भएको थियो। उनीहरूको हातमा स्वर्णाक्षरले अङ्कित लाल ध्वजाहरू थिए। उनीहरू मास्को सोभियतको कार्यकारिणी समितिका सदस्यहरू थिए। उज्यालो बढ्दै गयो र टाढा कतै त्यो मर्मर ध्वनि गहिरिँदै गयो, कर्किंदै गयो र एक गर्जनमा परिणत भयो। पूरै शहर सडकमा निस्केजस्तो लाग्थ्यो। हामी त्भेर्स्काया मार्गबाट जाँदै थियौं, झण्डाहरू हाम्रो टाउकोमाथि फरफराउँदै थिए। बाटोमा पर्ने सानासाना गिर्जाघरहरू बन्द थिए, देवी माताको इभेर गिर्जाघर पनि बन्द थियो। प्रत्येक नयाँ जारले क्रेमलिनमा राज्याभिषेकको लागि जानुभन्दा पहिले यस गिर्जाघरमा आएर प्रार्थना गर्थ्यो र यो गिर्जाघर रातोदिन खुला रहन्थ्यो, यहाँ सधैं भीड लागेको हुन्थ्यो र मानिसहरूको चहलपहल कायम रहन्थ्यो, धर्मभीरुहरूले बाल्ने मैनबत्तीको प्रकाशमा देव प्रतिमाहरूका सुनचाँदी र जुहारत जगमगाइरहेका हुन्थे। भन्दछन्, नेपोलियनको आक्रमणपश्चात् आजसम्ममा पहिलो पटक यहाँ टुकी नबालिएको हो।

पवित्र अर्थडक्स गिर्जाघरले मास्को–क्रेमलिनमाथि गोलाबारी गर्ने दुस्साहस गरेका यी विषालु नास्तिकहरूको गढलाई आफ्नो आशीर्वचनबाट वञ्चित तुल्याएको छ। गिर्जाघरहरूमा अन्धकार र निस्तब्धता थियो। पादरीहरू गायब थिए। लाल शहीदहरूको अन्त्येष्टिमा पादरीहरू उपस्थित थिएनन्, मृत आत्माहरूको शान्तिको लागि प्रार्थना गरिएन, न त स्तुतिगान नै भयो। निकट भविष्यमा मास्कोका धर्माध्यक्ष चिखनले सोभियतहरूको धर्मबहिष्कार गराउँदै थिए।

पसलहरू पनि बन्द थिए, सम्पन्न वर्गहरूका प्रतिनिधिहरू घरभित्र बसेका थिए, तर यसको अरू नै कारण थियो। यो जनताको दिवस थियो र यसको आगमनको ध्वनि समुद्रको प्रचण्ड गर्जनजस्तो गुञ्जिँदै थियो।

इभेर द्वारबाट मानव नदीको भेल बग्दै थियो, विशाल लाल चोकमा हजारौँहजार मानिसहरू भेला भइसकेका थिए। मैले देखें, इभेर गिर्जाघर पार गर्दा मानिसहरू पहिलेजस्तो टाउको झुकाएर हातको इशाराले क्रसको चिन्ह बनाइरहेका थिएनन्।

क्रेमलिन पर्खालनेर जम्मा भएको बाक्लो भीडलाई घचेट्दै हामी भित्र पस्यौँ र एउटा माटोको स्तूपमा उभियौँ। यहाँ केही मानिसहरू आइसकेका थिए, जसमध्ये मुरालोभ नामक एक सिपाही पनि थिए, जो मास्कोको कमान्डेन्ट निर्वाचित भएका थिए। उनी अग्लो, हट्टाकट्टा, दाह्रीवाल व्यक्ति थिए, जसको अनुहारमा कोमलता र सरलताको भावना अङ्कित थियो।

सबैतिरका सडकहरूबाट लाल चोकमा मानिसहरूको बाढी उर्लदै थियो— हजारौँ मानिसहरूको बाढी, जसलाई हेर्नासाथ नै थाहा हुन्थ्यो, उनीहरू सबै गरिब र श्रमजीवी हुन्। 'इन्टर्नेशनल'को धुन बजाउँदै एउटा फौजी ब्याण्ड आइपुग्यो। जसरी हावाले समुद्रमा लहर उठाउँछ, त्यसै गरी यो मन्द र गम्भीर धुन स्वतः त्यस जन समुद्रमा फैलियो, प्रत्येक व्यक्तिको ओंठमा त्यही गाना थियो। क्रेमलिनको पर्खालमा झुण्ड्याइएका ठूलठूला झण्डाहरू तलतिर झुकेका थिए—राता झण्डाहरू, जसमा सुनौला अक्षरले लेखिएको थियो—"विश्व समाजवादी क्रान्तिको प्रथम सङ्ग्रामका शहीद-हरूलाई" र "संसारभरिका मजदुरहरूको भाइचारा सम्बन्ध जिन्दाबाद!"

लाल चोकमा चर्को बतास चल्दै थियो र बतासले झण्डाहरू फरफरा-उँदै थिए। शहरका टाढाटाढाका बस्तीहरूका कारखानाहरूबाट मजदुरहरू आउँदै थिए। उनीहरूले आफ्ना मृत साथीहरूको लाश लिएर आएका थिए। हामीले देख्यौँ, उनीहरू इभेर द्वारबाट भित्र पस्दै छन्, उनीहरूले रातो झण्डा बोकेका थिए र रातै, रगतजस्तै राता शवपेटिकाहरू, भद्दा, नतासिएका काठका फल्याकहरूबाट बनाइएको सन्दुकजस्तो देखिन्थे र रातो रङगले पोतिएका थिए। साधारण, सीधासादा मानिसहरूले ती शवपेटिका-हरू बोकेका थिए—उनीहरूका आँखा आँसुले भरिएका थिए। ती शवपे-टिकाहरूका पछाडि आइमाईहरू आउँदै थिए, कोही डाँको छोडेर रूँदै थिए भने फीका र ढुङ्गाजस्तै भावहीन अनुहार भएका अन्य नारीहरू मौन र यन्त्रवत चालले अगि बढ्दै थिए। केही शवपेटिकाहरू खुला थिए, बिर्काहरू पछाडि बेग्लै ल्याउँदै थिए। केही बिर्काहरू जरीदार बुट्टा भएको तासको

कपडाले ढाकिएका थिए भने केहीमा सिपाहीको टोपी झुण्ड्याइएको थियो। भद्दा कागतले बनेका कतिपय फूलका मालाहरू पनि त्यहाँ थिए।

यो शवयात्रा भीडको माझबाट बाटो बनाउँदै बिस्तारै हामी उभेको ठाउँतिर आउँदै थियो। इभेर द्वारबाट अविरल क्रममा झण्डा बोकेका मानिसहरू अगि बढ्दै थिए – हलुका रातो रङ्गदेखि लिएर गाढा रातो रङ्गसम्मका यी झण्डाहरूमा सुनौला र सेता अक्षरहरू अङ्कित थिए र ती झण्डाहरूमा कालो क्रेपको शोकजनक फित्ता झुण्डिएको थियो। कालो कपडामा सेतो अक्षर अङ्कित केही अराजकतावादी झण्डाहरू पनि थिए। फौजी ब्याण्ड 'क्रान्तिकारी शवयात्रा'को धुन बजाउँदै थियो र चोकमा टोपी फुकालेर उभेको विशाल भीड पनि त्यही गाना गाउँदै थियो, त्यो शोकगान कहिलेकाहिँ रोदनको आवाजमा परिणत हुन्थ्यो।

मजदुरहरूको माझमा सिपाहीहरूका कम्पनीहरू पनि आफ्ना साथीहरूको लाश राखिएका शवपेटिकाहरू बोकेर जाँदै थिए। घोडचढी स्क्वाड्रन सलामी दिँदै अगाडि बढिरहेको थियो र तोपखाना बैटरी पनि जाँदै थियो, तोपहरूको मुख रातो र कालो कपडाले छोपिएका थिए। लाग्थ्यो अब ती तोपहरूको मुख कहिल्यै खोलिनेछैन। सैनिक झण्डाहरूमा लेखिएका थिए – "तृतीय इन्टर्नेशनल जिन्दाबाद!" अथवा "हामी आम, न्यायपूर्ण, प्रजातान्त्रिक शान्ति चाहन्छौँ!"

शवयात्रा बिस्तारै समाधिनेर आइपुग्यो र शवपेटिका बोकेका मानिसहरूले ती शवपेटिकाहरू बिस्तारै खाडलतिर झारे। तीमध्ये धेरै जना आइमाईहरू पनि थिए – मजबुत, हट्टाकट्टा, सर्वहारा नारीहरू। शवपेटिकाहरूका पछिपछि अरू आइमाईहरू जाँदै थिए – पीडाले छटपटाएका युवतीहरू र चाउरी परेका बूढीहरू। उनीहरू घायल हरिणजस्तो छटपटाउँदै थिए र आफ्ना छोराहरू र लोग्नेहरूका लाशपछिपछि त्यस बन्धु समाधिमा जान चाहन्थे। जब कुनै मायालु हातले उनीहरूको स्पर्श गर्थ्यो, उनीहरूको मुखबाट वेदनाको चित्कार निस्कन्थ्यो। गरिब मानिसहरू एक अर्कालाई कति माया गर्छन्!

दिनभरि, साँझ अबेलासम्म यो शवयात्रा चालू रह्यो। उनीहरू इभेर द्वारबाट चोकभित्र पस्थे र निकोल्स्काया मार्गमा निस्कन्थे। आशा र बन्धुत्वका शब्दहरू अङ्कित यी लाल झण्डाहरूको जुलुस एक आश्चर्यजनक भविष्यवाणी लाग्थ्यो। यी झण्डाहरूको पृष्ठभूमिमा पचास हजार मानिस-

हरू जाँदै थिए, जसमाथि विश्वभरिका मजदुरहरूको दृष्टि केन्द्रित थियो र जसबाट यी मजदुरहरूका भावी पुस्ताहरूको दृष्टि कहिल्यै हट्नेछैन।

एक एक गर्दै पाँच सय शवपेटिकाहरू ती खाडलहरूमा राखिए। झिसमिसे अँध्यारो पर्न थालिसकेको थियो, तर झण्डाहरूको यो जुलुस अझै चालू थियो, केही झुकेका, केही फरफराइरहेका। फौजी ब्याण्ड अझै पनि 'शवयात्रा'को धुन बजाउँदै थियो र विशाल भीड त्यही गाना गाउँदै थियो। समाधिमाथि रूखहरूका नाङ्गा हाङ्गाहरूमा पञ्चरङ्गी फूलहरूजस्तो मालाहरू झुण्ड्याइएका थिए। दुई सय मानिसले साबेलले माटो उठाउँदै समाधि पुर्न थाले। ती शवपेटिकाहरूमा माटो खसेको आवाज करुणाजनक जनगानको आवाजबीच पनि सुनिन्थ्यो।

चिरागहरू बालिए। बिस्तारै अन्तिम झण्डा पनि पार भयो। जुलुसको अन्त्यमा हिँडिरहेका, वेदनाले छटपटाएका आइमाईहरू तीव्र, भावपूर्ण, बिल्हव दृष्टिले पछाडि फर्केर हेर्दै थिए। त्यस विशाल चोकमा सर्वहारा जनताको जुन ज्वार आएको थियो, त्यो बिस्तारै फर्क्यो।

एक्कासि मैले अनुभव गरें, धर्मभीरु रूसी जनतालाई अब उनीहरूको स्वर्गारोहरणको लागि पादरी र पुरोहितहरूको प्रार्थनाको आवश्यकता पर्दैन। अब उनीहरूले पृथ्वीमा नै स्वर्गलोकको निर्माण गर्नेछन् र यो स्वर्गलोक आकाशमा हुने कुनै पनि स्वर्गलोकभन्दा बढी उज्ज्वल हुनेछ र यस्तो स्वर्गलोकको लागि आफ्नो जीवन अर्पण गर्नु गौरवको कुरा हो।

एघारौं अध्याय

सत्ताप्राप्ति (१)*

"रसियाका जनताहरूको अधिकारसम्बन्धी घोषणापत्र (२)

यस वर्ष जून महिनामा सम्पन्न भएको सोभियतहरूको प्रथम महाधिवेशनले रसियाका जनताहरूको आत्मनिर्णयको अधिकारको घोषणा गरेको छ।

"यस वर्षको अक्टोबर महिनामा सम्पन्न भएको सोभियतहरूको द्वितीय महाधिवेशनले रसियाका जनताहरूको अविभाज्य अधिकारहरूको अझ बढी निर्णायक तथा निश्चित रूपले पुष्टि गरेको छ।

"यी महाधिवेशनहरूको इच्छा कार्यान्वयन गर्दै जन कमिसार परिषद्ले जातिहरूको सम्बन्धमा आफ्नो क्रियाकलापको आधारस्वरूप निम्न सिद्धान्तहरूको पालना गर्नेछ –

१) रसियाका सबै जनताहरूको समानता तथा सार्वभौमिकता।

२) रसियाका सबै जनताहरूको अलग्गिने र स्वतन्त्र राज्य स्थापना गर्ने समेत स्वतन्त्र आत्मनिर्णयको अधिकार।

३) समस्त राष्ट्रिय तथा राष्ट्रिय-धार्मिक विशेषाधिकारहरू तथा प्रतिबन्धहरूको उन्मूलन।

४) रसियाको राज्यक्षेत्रमा बसोबास गर्ने अल्पसङ्ख्यक जातिहरू तथा जातीय समूहहरूको उन्मुक्त विकास।

जातिहरूसम्बन्धी एक आयोग स्थापित हुनासाथ तत्सम्बन्धी आज्ञप्तिहरू तयार पारिनेछन्।

रसियाली गणतन्त्रको नाममा
जातीय मामिलासम्बन्धी जन कमिसार

इओसिफ जुगाश्भिली-स्तालिन

---

*हेर्नोस् यस अध्यायको परिशिष्टमा दिइएका टिप्पणीहरू।

जन कमिसार परिषद्का अध्यक्ष

भ्ला० उल्यानोभ (लेनिन)"

किभमा स्थापित केन्द्रीय रादाले उक्राइनालाई अविलम्ब एक स्वाधीन गणतन्त्र घोषित गऱ्यो। हेल्सिङफोर्सको सिनेटमार्फत फिनल्याण्डको सरकारले पनि यस्तै गऱ्यो। साइबेरिया र ककेशियामा पनि स्वतन्त्र "सरकारहरू" गठित भए। पोल्याण्डको प्रमुख सैनिक समितिले हतारहतार रूसी सेनाका पोलिस सैनिकहरूलाई भेला गऱ्यो, उनीहरूका समितिहरूलाई भङ्ग गऱ्यो र फलामे अनुशासन कायम गऱ्यो।

यी सबै "सरकारहरू" र "आन्दोलनहरूका" दुई समान विशेषता थिए–यिनको बागडोर सम्पन्न वर्गहरूले आफ्नो हातमा राखेका थिए र उनीहरू बोल्शेभिकहरूसँग डराउँथे र उनीहरूलाई घृणा गर्थे।

विस्मयकारी परिवर्तनहरूद्वारा उत्पन्न विश्रृङ्खलताबीच जन कमिसार परिषद्ले अनवरत रूपमा समाजवादी व्यवस्थाको ढाँचा तयार पार्दै गइ-रहेको थियो। एकपछि अर्को आज्ञप्तिहरू निस्कँदै थिए–सामाजिक बीमा तथा मजदुर नियन्त्रणसम्बन्धी आज्ञप्तिहरू, भोलस्त भूमि समितिहरूको लागि नियमावली, उपाधि तथा श्रेणीहरूको उन्मूलन, पुरानो अदालती व्यवस्थाको उन्मूलन र तिनको स्थानमा जन अदालतहरूको निर्माण। (३)

एकपछि अर्को सेनाले, एकपछि अर्को नौसेनाले "नयाँ जन सरकारको सहर्ष अभिनन्दन गर्दै" आआफ्ना शिष्टमण्डलहरू पठाए।

एक दिन मैले स्मोल्नी भवनको सामुन्ने झुत्रोझाम्रो लुगा लगाएको एउटा रेजिमेन्ट देखें, जुन भर्खरै मात्र मोर्चाबाट फर्केको थियो। स्मोल्नीका ठूलठूला ढोकाहरूको सामुन्ने यी दुब्ला-पातला, अँध्यारो अनुहार भएका सिपाहीहरू लाम लागेर बसेका थिए र यस प्रकारले स्मोल्नी भवनतिर हेर्दै थिए मानौं स्वयम् ईश्वर त्यहाँ बस्दछन्। केही सिपाहीहरूले हाँस्दै ढोकाका शाही निशानतिर औंल्याए... त्यहाँ पहरा दिन लाल गार्डहरू आइपुगे। सबै सिपाहीहरू फर्केर बडो उत्सुकतापूर्वक उनीहरूतिर हेर्न थाले, किनभने उनीहरूले लाल गार्डहरूबारे धेरै कुरा सुनेका थिए, तर उनीहरू-लाई कहिल्यै देखेका थिएनन्। उनीहरू सद्भावनासाथ हाँस्दै आफ्नो पङ्-क्तिबाट निस्कन्थे र अलि ठट्टा, अलि प्रशंसाको भावनाले कुरा गर्दै लाल गार्डहरूको काँधमा धाप मार्थे।

अस्थायी सरकारको अस्तित्व समाप्त भइसकेको थियो। १५ (२)

नोभेम्बरदेखि राजधानीका सबै गिर्जाघरहरूका पादरीहरूले अस्थायी सरकारलाई आशीर्वाद दिन छोडेका थिए। तर, जस्तो स्वयम् लेनिनले अखिल रसियाली केन्द्रीय कार्यकारिणी समितिको एउटा बैठकमा भन्नुभएको थियो, यो "सत्ता हातमा लिने प्रकियाको थालनी मात्र" थियो। हतियारबाट वञ्चित भएका विरोधी शक्तिहरू, जसले देशको आर्थिक जीवनको बागडोर अझै पनि आफ्नो हातमा राखेका थिए, संयोजित रूपमा काम गर्ने रूसीहरूको लाक्षणिक विशेषता प्रयोग गर्दै आर्थिक विध्वंसको आयोजना गर्ने, सोभियतहरूको काममा बाधा पुऱ्याउने, तिनलाई पङ्गु तुल्याउने र तिनको बदख्वाइँ गर्ने काममा जुटेका थिए।

सरकारी कर्मचारीहरूको हडताल सुसङ्गठित थियो र बैङ्कहरू तथा वाणिज्य संस्थानहरूको पैसामा चल्दै थियो। सरकारी प्रशासन यन्त्र आफ्नो हातमा लिने बोल्शेभिकहरूको सम्पूर्ण प्रयासको प्रतिरोध गरिन्थ्यो।

त्रोत्स्की परराष्ट्र मन्त्रालयमा आए। मन्त्रलयका कर्मचारीहरू उनलाई मान्यता दिन तयार भएनन्, ढोका बन्द गरेर बसे। जबरजस्ती ढोका खोलिएपछि उनीहरूले राजीनामा गरे। त्रोत्स्कीले मन्त्रालयको अभिलेखालयको साँचो मागे, उनले ताला फोड्न मजदुरहरूलाई डाकेपछि मात्र साँचो दिइयो। ताला खोलेर हेर्दा थाहा पाइयो, भूतपूर्व सहायक परराष्ट्र मन्त्री नेरातोभ गुप्त सन्धिहरू लिएर भागेछन्...

श्ल्याप्निकोभले श्रम मन्त्रालयको बागडोर आफ्नो हातमा लिने प्रयास गरे। सान्है जाडो थियो, आतसखानहरूमा आगो सल्काउनसमेत मान्छे थिएन। त्यहाँ सयौँ कर्मचारीहरू उपस्थित थिए, तर एक जना पनि उनलाई मन्त्रीको अफिस देखाउनसम्म तयार भएन...

१३ नोभेम्बर (३१ अक्टोबर) को दिन जन कल्याण मन्त्रालयको कमिसार पदमा नियुक्त भएकी अलेक्सान्द्रा कलन्ताईलाई आफ्नो मन्त्रालय पुग्दा चालीस जना कर्मचारीहरूबाहेक अरू सबैले हडतालद्वारा स्वागत गरे। ठूलठूला शहरहरूका गरिबगुरूवा र अनाथालयहरूका बासिन्दाहरूमाथि तुरुन्तै यसको मार परिहाल्यो। भोकभोकै मर्न थालेका फौजका फौज लुलालङ्गडाहरू, कालानीला रक्तहीन अनुहार भएका अनाथहरूका प्रतिनिधिमण्डलहरूको मन्त्रालयमा ओइरो लाग्न थाल्यो। उनीहरूको दुर्गति देखेर कलन्ताई धुरूधुरू रोइन्। तिनले जबसम्म हडतालकर्ताहरूले कार्यालयहरू र सेफहरूको साँचो बुझाउँदैनन्, उनीहरूलाई थुनुवामा राख्ने आदेश दिइन्। तर साँचो पाएपछि थाहा भयो, भूतपूर्व मन्त्री काउन्टेस पानिनाले

सबै पैसा लिएर हिंडिन्। पानिनाले त्यो पैसा संविधान सभाको आदेशविना फर्काउन अस्वीकार गरिन्। (४)

कृषि मन्त्रालय, खाद्य मन्त्रालय र अर्थ मन्त्रालयमा पनि यही हालत थियो। जब मन्त्रालयका कर्मचारीहरूलाई भनियो, उनीहरू काममा फर्कुन्, अन्यथा उनीहरूलाई कामबाट अवकाश दिइनेछ र पेन्सन पाउने अधिकार-बाट पनि वञ्चित गरिनेछ। तैपनि धेरै कर्मचारीहरू काममा फर्केनन् र जो फर्के ती पनि ध्वंसात्मक कार्य गर्नको लागि मात्र... सोभियत सर-कारले कहाँबाट नयाँ कर्मचारीहरू भेट्टाओस्—प्राय सबैजसो बुद्धिजीवीहरू बोल्शेभिकहरूका विरोधी थिए।

सबै प्राइभेट बैंङ्कहरू बन्द थिए र कुनै पनि हालतमा काम गर्न चाहँदैनथे, तर कालाबजारियाहरूको लागि चोर ढोका खुला थियो। जब बोल्शेभिक कमिसारहरू बैंङ्कभित्र पसे, क्लर्कहरूले सबै बहीखाता लुकाइ-दिए, सबै पैसा लिएर हिँडे। राष्ट्र बैंङ्कका सबै कर्मचारीहरूले हडताल गरे। खालि तहखाना र टक्सारका कर्मचारीहरूले मात्रै यस हडतालमा भाग लिएनन्, तर उनीहरूले पनि स्मोल्नीका सबै मागहरू अस्वीकार गरिदिए, फेरि उद्धार समिति र नगर दुमालाई चाहिँ लुकीचोरी ठूलठूलो रकम दिँदै थिए।

लाल गार्डहरूको एउटा टुकडी लिएर एक जना कमिसार सरकारी खर्चको लागि ठूलो रकम माग्न दुई पटक राष्ट्र बैंङ्क आएका थिए। पहिलो पटक उनी त्यहाँ आउँदा नगर दुमाका सदस्यहरू, मेन्शेभिक तथा समाजवादी-क्रान्तिकारी नेताहरूको पूरै भीड जम्मा भएको थियो र उनी-हरूले यस कारबाईबाट हुने भयङ्कर परिणामहरूको बारेमा कति गम्भीर रूपले व्याख्या गरे भने बिचरो कमिसार हडबडाई हाले। अर्को पटक उनी एउटा औपचारिक पत्र लिएर आइपुगे। उनले सबैको अगाडि त्यो पत्र पढ्न थाले। तर कसैले बीचैमा उनको ध्यान के कुरातर्फ आकर्षित गरे भने त्यस पत्रमा न तारिख लेखिएको छ, न त छाप नै छ। "कागतपत्रप्रति" रूसीहरूको परम्परागत भावनाको कदर गर्दै यस पटक पनि उनी खाली हात फर्कन बाध्य भए।

ऋण-चान्सरीका कर्मचारीहरूले पनि आफ्ना बहीखाताहरू नष्ट पारि-दिए र यस प्रकारले अन्य राष्ट्रहरूसँग रसियाको आर्थिक सम्बन्धको सम्पूर्ण हिसाबकिताब गायब भयो।

खाद्य समितिहरू र नगरपालिकाको हातमा भएका सार्वजनिक सेवाहरू

तथा तिनको प्रशासन या त पूर्णत: ठप थिए, या त ध्वंसात्मक कार्यमा लागेका थिए। जब शहरका जनताको तीव्र आवश्यकतालाई ध्यानमा राख्दै बोल्शेभिकहरूले बाध्यतावश सार्वजनिक सेवामा सहयोग पुऱ्याउने र तिनलाई आफ्नो नियन्त्रणमा राख्ने प्रयत्न गरे, तुरुन्तै सबै कर्मचारीहरूले हडताल सुरु गरे र दुमाले बोल्शेभिकहरूले "नगरपालिकाका स्वायत्त अधिकारहरूको उलङ्घन" गरे भन्ने ब्यहोरोका तारहरू सम्पूर्ण रसियाभरि पठाए।

सेनाको प्रधान कार्यालयमा युद्ध तथा नौसेना मन्त्रालयका कार्यालयहरूमा, जहाँ पुराना कर्मचारीहरू काम गर्न तयार भएका थिए, सैनिक समितिहरू तथा हाइ-कमानले सोभियतहरूको बाटोमा हर प्रकारको बाधा पुऱ्याउन थाले, कहाँसम्म भने उनीहरूले मोर्चाका सिपाहीहरूका आवश्यकताहरूको उपेक्षा गर्नसमेत हिचकिचाएनन्। भिक्झेलको व्यवहार शत्रुतापूर्ण थियो र त्यसले सोभियतहरूको सेना ओसार्ने काम गर्न अस्वीकार गरेको थियो। पेत्रोग्रादबाट रवाना हुने प्रत्येक सैनिक गाडी पठाउन जबरजस्ती गर्नुपर्थ्यो, हरेक पटक रेल कर्मचारीहरूलाई गिरफ्तार गर्नुपर्थ्यो। यसरी गिरफ्तार गर्दा भिक्झेलले उनीहरूको रिहाइ नभएको खण्डमा अविलम्ब आम हडताल सुरु हुनेछ भन्ने धम्की दिन्थ्यो।

स्मोल्नी स्पष्टत: लाचार थियो। समाचारपत्रहरूको भनाइअनुसार इन्धनको अभावले गर्दा तीन हप्ताभित्र पेत्रोग्रादका सबै कारखानाहरू बन्द हुनुपर्थ्यो। भिक्झेलले घोषणा गऱ्यो, एक डिसेम्बरसम्ममा सम्पूर्ण रेल यातायात बन्द हुनेछ। पेत्रोग्रादमा तीन दिनको लागि मात्रै पुग्ने खाद्य सामग्री थियो र बाहिरबाट खाद्य सामग्री आउने कुनै सम्भावना थिएन। मोर्चामा सेना भोकभोकै मर्दै थियो... उद्धार समिति तथा अन्य विभिन्न केन्द्रीय समितिहरूले जनतासँग सरकारी आज्ञप्तिहरूको उपेक्षा गर्ने अपिल गर्दै देशभरि आफ्नो सन्देश पठाए। मित्रराष्ट्रहरूका केही दूतावासहरू स्पष्ट उदासीनता देखाउँदै थिए भने अन्य खुल्लमखुल्ला आफ्नो प्रतिरोध जनाउँदै थिए।

विरोधीपक्षका समाचारपत्रहरू, जुन एक दिन बन्द हुन्थे भने भोलि पल्ट बिहान अर्कै नामले निस्कन्थे, नयाँ शासनमाथि विषालु व्यङ्ग्यवाणको वर्षा गर्दै थिए (५)। 'नोभया झीज्न'ले समेत यस सरकारलाई "नाराबाजी र नपुङ्सकताको संयोजनको" रूपमा चित्रण गऱ्यो।

उक्त समाचारपत्रले लेखेको थियो, "दिन प्रतिदिन जन कमिसारहरूको सरकार ससाना कुराहरूको चक्करमा फँस्दै गइरहेको छ। यति सहज-

तापूर्वक सत्तामाथि अधिकार प्राप्त गरे तापनि... बोल्शेभिकहरूले यसको उपयोग गर्न सकेका छैनन्।

"उनीहरू विद्यमान सरकारी प्रशासन यन्त्र चालू राख्न असमर्थ छन्। साथै उनीहरू एक त्यस्तो नयाँ प्रशासन यन्त्र पनि स्थापना गर्न असमर्थ छन्, जसले समाजवादी प्रयोगकर्ताहरूको सिद्धान्तअनुसार सहज तथा निर्बाध रूपले काम गर्न सकोस्।

"केही समयपहिले बोल्शेभिहरूसँग आफ्नो वृद्धिमान पार्टी सञ्चालन गर्न समेत कार्यकर्ताहरूको अभाव थियो र यो कार्य सबैभन्दा पहिले भाषणकर्ताहरू र लेखकहरूको थियो भने, अहिले उनीहरूले प्रशासनका विविध तथा जटिलतम कार्य सम्पन्न गर्नको लागि प्रशिक्षित व्यक्तिहरू कहाँबाट भेट्टाउलान्?

"नयाँ सरकार केही निर्णय गर्छ, धम्की दिन्छ, आज्ञप्तिहरूको वर्षा गर्छ, प्रत्येक आज्ञप्ति अघिल्लो आज्ञप्तिभन्दा "बढी उग्र तथा समाजवादी" हुन्छ। परन्तु कागजी समाजवादको यस खेलमा, जुन सम्भवत: हाम्रा भावी सन्तानहरूलाई स्तम्भित तुल्याउन परिकल्पित छ, वर्तमान तात्कालिक समस्याहरू समाधान गर्ने न इच्छा देखिन्छ, न त सामर्थ्य नै!"

उता नयाँ सरकारको स्थापनार्थ भिक्झेलद्वारा आयोजित सम्मेलन रात-दिन काम गर्दै थियो। नयाँ सरकारको आधारबारे सिद्धान्तगत रूपमा दुवै पक्ष निश्चित समझदारीमा पुगिसकेका थिए। यस बेला जन परिषद्को सदस्यताबारे छलफल हुँदै थियो। चेर्नोभको अध्यक्षतामा गठन गरिने मन्त्रि-मण्डलको रूपरेखा पनि स्पष्ट भइसकेको थियो, बोल्शेभिकहरूलाई अत्यधिक अल्पमतमा सरकारमा प्रवेश गराउन सहमत भए, परन्तु लेनिन र त्रोत्स्की-विना। मेन्शेभिक तथा समाजवादी-क्रान्तिकारी पार्टीका केन्द्रीय समितिहरू तथा किसान सोभियतहरूको कार्यकारिणी समिति बोल्शेभिकहरूको "अपराध-पूर्ण राजनीतिको" विरोधी भए तापनि "बन्धुहत्या बन्द गराउने उद्देश्यले" जन परिषद्मा उनीहरूलाई सामेल गराउन तयार भए।

परन्तु केरेन्स्कीको पलायन र सबै ठाउँमा सोभियतहरूको आश्चर्यजनक सफलताले स्थितिमा परिवर्तन ल्यायो। १६ (३)* तारिखको दिन केन्द्रीय कार्यकारिणी समितिको एउटा बैठकमा वामपन्थी समाजवादी-क्रान्तिकारी-हरूले बोल्शेभिकहरूसमक्ष अन्य समाजवादी पार्टीहरूको सहभागितासहित

---

*नोभेम्बर। —सं०

एक संयुक्त सरकार गठन गर्ने माग राखे; अन्यथा उनीहरूले सैनिक क्रान्तिकारी समिति तथा केन्द्रीय कार्यकारिणी समितिबाट राजीनामा गर्नेछन् भन्ने धम्की दिए। माल्किनले भने, "मास्कोबाट, जहाँ हाम्रा साथीहरू बैरिकेडका दुवैतर्फ मारिँदै छन्, प्राप्त समाचारले हामीलाई फेरि एक पटक सत्ता सङ्गठनको प्रश्न उठाउन बाध्य तुल्याएको छ। यो प्रश्न उठाउनु हाम्रो अधिकार मात्र नभएर कर्तव्य समेत हो... हामीले यहाँ स्मोल्नी संस्थानको भवनमा बोल्शेभिकहरूसँग बस्ने र यस मञ्चबाट बोल्ने अधिकार कमाएका छौं। तपाईंहरूले सम्झौता गर्न अस्वीकार गर्नुभयो भने हामीले भीषण आन्तरिक सङ्घर्षपश्चात् बाध्य भएर खुल्लमखुल्ला लडाइँको मैदानमा उत्रनु पर्नेछ... हामीले अन्य प्रजातान्त्रिक शक्तिहरूसमक्ष एक स्वीकार्य सम्झौताका शर्तहरू प्रस्तुत गर्नु आवश्यक छ।"

यस अन्तिमेत्थम्माथि छलफल गर्न एक छिन बैठक स्थगित गरियो। यस अल्पविश्रामपश्चात् बोल्शेभिकहरू एउटा प्रस्ताव लिएर आए। कामेनेभले प्रस्ताव पढे—

"**केन्द्रीय कार्यकारिणी समितिको** दृष्टिकोणमा **ती सबै** समाजवादी पार्टीहरूका प्रतिनिधिहरू मन्त्रिमण्डलमा सम्मिलित हुनु आवश्यक छ, **जो मजदुर, सैनिक तथा किसान प्रतिनिधिहरूका सोभियतहरूमा सम्मिलित छन् र जसले ७ नोभेम्बरमा सम्पन्न क्रान्तिका उपलब्धिहरूलाई अर्थात् सोभियतहरूको सरकारको स्थापना, शान्ति, भूमि तथा उद्योगमाथि मजदुर नियन्त्रणसम्बन्धी आज्ञप्तिहरू तथा मजदुरहरूको हतियारबन्दीलाई मान्यता दिन्छन्।** यसै कारणले **केन्द्रीय कार्यकारिणी समिति** मन्त्रिमण्डलको गठनबारे **सोभियतहरूका** सबै पार्टीहरूसँग चालू वार्ता कायम राख्ने निर्णय गर्दछ र यस वार्ताको आधारस्वरूप सम्झौताका निम्न शर्तहरू प्रस्तुत गर्दछ—

"मन्त्रिमण्डल **केन्द्रीय कार्यकारिणी समितिप्रति** उत्तरदायी हुनेछ। **केन्द्रीय कार्यकारिणी समितिको** सदस्य सङ्ख्या बढाएर १५० पुर्‍याइनेछ। मजदुर तथा सैनिक प्रतिनिधिहरूका सोभियतहरूका यी १५० प्रतिनिधिहरूको अतिरिक्त त्यसमा किसान प्रतिनिधिहरूका प्रान्तीय सोभियतहरूबाट ७५ जना प्रतिनिधि, सेना तथा नौसेनाका मोर्चा सङ्गठनहरूबाट ८० जना प्रतिनिधि, ट्रेड युनियनहरूबाट ४० जना प्रतिनिधि (विभिन्न अखिल रसियाली युनियनहरूबाट, उनीहरूको महत्त्वअनुसार, २५ जना र हुलाक तथा आकाशवाणीका मजदुरहरूबाट ५ जना प्रतिनिधि) र पेत्रोग्राद नगर दुमाका समाजवादी दलहरूबाट ५० जना प्रतिनिधिहरू थपिनेछन्। मन्त्रि-

मण्डलमा कम्तीमा पनि आधा मन्त्रालयहरू बोल्शेभिकहरूको लागि सुरक्षित राखिनु आवश्यक छ। श्रम, गृह तथा परराष्ट्र मन्त्रालय बोल्शेभिकहरूको हातमा सुम्पिनेछन्। मास्को तथा पेत्रोग्राद गैरिसनहरूको कमान मास्को तथा पेत्रोग्रादका सोभियतहरूको हातमा सुम्पनु आवश्यक छ।

"सरकारले सम्पूर्ण रसियाभरिका मजदुरहरूलाई नियमित रूपमा हतियारबन्द तुल्याउने अभिभारा आफ्नो हातमा लिनेछ।

"मन्त्रिमण्डलमा लेनिन र त्रोत्स्कीको उम्मेदवारीमाथि जोड दिने निर्णय गरिएको छ।"

प्रस्तावबारे स्पष्टीकरण दिँदै कामेनेभले भने, "सम्मेलनमा जुन तथाकथित "जन परिषद्" गठन गर्ने प्रस्ताव राखिएको छ, त्यसमा लगभग ४२० जना सदस्य हुनेछन्, जसमध्ये करिब १५० जना बोल्शेभिकहरू हुनेछन्। बोल्शेभिकहरूका अतिरिक्त त्यसमा प्रतिक्रान्तिकारी चेइकका प्रतिनिधिहरू हुनेछन्, नगर दुमाहरूद्वारा निर्वाचित १०० जना सदस्यहरू (सबै कर्निलोभपन्थी) हुनेछन्, किसान सोभियतहरूका १०० जना प्रतिनिधिहरू हुनेछन्, जो आफ्सेन्त्येभद्वारा मनोनित हुनेछन्; ती पुराना सैनिक समितिहरूका ८० जना प्रतिनिधि हुनेछन्, जसले अब आम सिपाहीहरूको प्रतिनिधित्व गर्न छोडेका छन्।

"हामी पुरानो चेइक र नगर दुमाहरूका प्रतिनिधिहरूलाई सामेल गराउने पक्षमा छैनौं। किसान सोभियतहरूका प्रतिनिधिहरू किसानहरूको महाधिवेशनद्वारा निर्वाचित हुनेछन्। यस्तो महाधिवेशन हामीले डाक्नेछौं र यस महाधिवेशनले एउटा नयाँ कार्यकारिणी समितिको पनि चुनाव गर्नेछ। लेनिन र त्रोत्स्कीलाई सम्मिलित नगराउने प्रस्ताव हाम्रो पार्टीलाई नेतृत्वहीन तुल्याउने प्रयास हो र हामी यस्तो प्रस्ताव स्वीकार गर्न सक्दैनौं। अन्ततोगत्वा, वास्तवमा भन्ने हो भने हामी यस्तो जन परिषद्को आवश्यकता नै देख्दैनौं। सोभियतहरूको ढोका सबै समाजवादी पार्टीहरूको लागि खुला छ र चेइकमा यी पार्टीहरूको लोकप्रियताको वास्तविक अनुपात पूर्णतः सही रूपमा प्रतिबिम्बित भएको छ।"

वामपन्थी समाजवादी-क्रान्तिकारीहरूको तर्फबाट कारेलिनले घोषणा गरे, उनको पार्टीले बोल्शेभिकहरूको प्रस्तावको पक्षमा मतदान गर्नेछन्, तर उनीहरूले तपसिलका केही कुराहरूमा हेरफेर गर्ने अधिकार पाउनुपर्छ, उदाहरणको लागि किसानहरूको प्रतिनिधि छान्ने तरिका। साथै उनले

कृषि मन्त्रालय वामपन्थी समाजवादी-क्रान्तिकारीहरूलाई सुम्पियोस् भन्ने माग गरे। यी मागहरू स्वीकृत भए।

पछि, पेत्रोग्राद सोभियतको एउटा बैठकमा नयाँ सरकारको गठनबारे सोधिएको एउटा प्रश्नको उत्तर दिँदै त्रोत्स्कीले भने, "यस विषयमा मलाई केही थाहा छैन। मैले यस वार्तामा भाग लिएको छैन... तर जेहोस्, यी वार्ताहरूको धेरै महत्त्व छ जस्तो मलाई लाग्दैन।"

त्यस रात सम्मेलनमा मानिसहरू निकै चिन्तित थिए। नगर दुमाका प्रतिनिधिहरूले सम्मेलन छोडेर हिँडे।

परन्तु स्वयम् स्मोल्नीमा बोल्शेभिक सदस्यहरूबीच समेत लेनिनको नीतिप्रति प्रबल विरोध देखा पर्दै थियो। १७ (४) नोभेम्बरको राती स्मोल्नी भवनको ठूलो हल मानिसहरूले खचाखच भरिएको थियो। यहाँ चेइकको बैठक हुँदै थियो र वातावरण निकै अमङ्गलसूचक थियो।

बोल्शेभिक लारिनले भने, संविधान सभाको चुनाव नजिक आउँदै छ र अब "राजनीतिक आतङ्क" खतम पार्ने बेला भइसकेको छ।

"प्रेस स्वतन्त्रताको विरुद्ध चालिएका पाइलाहरू रोक्नुपरेको छ। सङ्घर्षको बेलामा तिनको आवश्यकता थियो, तर अब तिनको लागि कुनै बहाना हुन सक्दैन। समाचारपत्रहरूले, यदि तिनले हिंसा र विद्रोहको लागि आह्वान गर्दैनन् भने, पूर्ण स्वतन्त्रताको उपभोग गर्न पाउनुपर्दछ।"

आफ्नै पार्टीका मानिसहरूबाट आएको विरोधका आवाजहरूबीच लारिनले निम्न प्रस्ताव पढेर सुनाए –

"जन कमिसार परिषद्को प्रेससम्बन्धी आज्ञप्ति खारेज गरिन्छ... राजनीतिक दमनसम्बन्धी कारबाईहरू चेइकद्वारा निर्वाचित (समानुपातिक प्रतिनिधित्वको आधारमा) * एक ट्रिब्युनलको अधीन हुनेछन्। यस ट्रिब्युनललाई सम्पन्न दमनकारी कारबाईहरूमाथि पुनर्विचार गर्ने समेत अधिकार प्राप्त हुनेछ।"

वामपन्थी समाजवादी-क्रान्तिकारीहरूले मात्रै नभएर केही बोल्शेभिकहरूले समेत यस प्रस्तावको करतल ध्वनिले स्वागत गरे।

लेनिनवादीहरूको तर्फबाट अभानेसोभले हतारहतार एउटा प्रस्ताव राखे, जबसम्म समाजवादी पार्टीहरूबीच एउटा सम्झौता सम्पन्न हुँदैन,

---

*कोष्ठभित्रका शब्द, केन्द्रीय कार्यकारिणी समितिको कार्य विवरणमा उल्लेख गरिएको छैन। – सं०

प्रेस सवालसम्बन्धी छलफल स्थगित राखियोस्। अत्यधिक बहुमतद्वारा यो प्रस्ताव अस्वीकार गरियो।

"यस बेला जुन क्रान्ति सम्पन्न हुँदै छ," अभानेसोभले भने, "त्यसले निजी स्वामित्वमाथि प्रहार गर्न कत्ति पनि हिचकिचाएन। हामीले प्रेस सवाललाई पनि निजी स्वामित्वकै एउटा सवालको रूपमा हेर्नुपरेको छ।"

तत्पश्चात् उनले बोल्शेभिकहरूको तर्फबाट निम्न औपचारिक प्रस्ताव पढेर सुनाए–

"बुर्जुवा समाचारपत्रहरूको दमन विद्रोहको सिलसिलामा विशुद्ध सामरिक आवश्यकताहरूद्वारा मात्र आदिष्ट थिएन, त्यो प्रतिक्रान्तिकारी कारबाईहरू रोक्नको लागि मात्र आवश्यक थिएन, अपितु त्यो प्रेसको सम्बन्धमा एक नयाँ शासन प्रणालीको स्थापना तथा सङ्क्रमणको एक पाइलोको रूपमा पनि जरूरी थियो–एक त्यस्तो शासन प्रणालीतर्फ, जसअन्तर्गत छापाखानाहरू र कागत आफ्नो अधीनमा राखेका पुँजीपतिहरू जनमतका सर्वशक्तिमान् तथा एक मात्र निर्माता बन्न नसकुन्।

"हामी अझ अगाडि बढ्नुपर्छ र हामीले निजी छापाखानाहरू र कागतको सप्लाइमाथि राजधानीमा र प्रान्तहरूमा पूर्ण नियन्त्रण राख्नुपर्छ, तिनलाई सोभियतहरूको सम्पत्ति बनाउनुपर्छ, जसले गर्दा राजनीतिक पार्टीहरू र समूहहरूले छपाइ सुविधालाई, जुन विचारहरूको उनीहरू प्रतिनिधित्व गर्दछन्, तिनको वास्तविक शक्तिको अनुपातमा, अर्थात् आफ्ना मतदाताहरूको सङ्ख्याको अनुपातमा, प्रयोग गर्न सकुन्।

"तथाकथित "प्रेस स्वतन्त्रताको" पुनर्स्थापना भनेको छापाखानाहरू र कागत सप्लाइको काम पुँजीपतिहरूको हातमा, मानिसहरूको मस्तिष्कमा विष छर्नेहरूको हातमा सीधै सुम्पिदिनु हो, यो पुँजीको इच्छासमक्ष अक्षम्य आत्मसमर्पण ठहरिनेछ, यो क्रान्तिको एक अति महत्त्वपूर्ण उपलब्धिलाई तिलाञ्जलि दिनु हो, अर्को शब्दमा भन्ने हो भने यो एउटा त्यस्तो पाइलो हुनेछ, जसको चरित्र निर्विवाद रूपले प्रतिक्रान्तिकारी हुनेछ।

"उपर्युक्त धारणाको आधारमा चेइक ती प्रस्तावहरू पूर्णतः अस्वीकार गर्दछ, जसको एक मात्र उद्देश्य प्रेसको क्षेत्रमा पुरानो व्यवस्थाको पुनर्स्थापना गर्नु हो, साथै चेइक यस प्रश्नमा निम्नबुर्जुवा पूर्वाग्रहहरूद्वारा अथवा प्रतिक्रान्तिकारी पुँजीजीवी वर्गको स्वार्थसमक्ष प्रत्यक्ष आत्मसमर्पणको धारणाद्वारा ग्रसित आडम्बरपूर्ण दावाहरू तथा अन्तिमेत्थम्हरूको विपरीत जन कमिसार परिषद्को दृष्टिकोणलाई नै पूर्णतः समर्थन गर्दछ।"

यो प्रस्ताव पढिँदा बीचबीचमा वामपन्थी समाजवादी-क्रान्तिकारीहरू व्यङ्ग्यपूर्ण टिप्पणीहरू गर्थे र विद्रोही बोल्शेभिकहरू पनि आफ्नो रोष प्रकट गर्थे। कारेलिनले आफ्नो स्थानबाट उठेर विरोध प्रकट गरे, "तीन हप्ता-अगि बोल्शेभिकहरू प्रेस स्वतन्त्रताका बडो उत्साही हिमायती थिए... बडो अनौठो कुरा छ, यस प्रस्तावमा जुन तर्क प्रस्तुत गरिएको छ, त्यसले जारशाही व्यवस्थाका कालासयवालाहरू र सेन्सरको दृष्टिकोणको स्मरण गराउँछ – उनीहरू पनि "मानिसहरूको मस्तिष्कमा विष छर्नेहरूको" कुरा गर्थे।"

त्रोत्स्कीले प्रस्तावको पक्षमा एउटा लामो भाषण गरे। उनले भने, गृहयुद्धको समय प्रेसको भूमिका एउटा हुन्छ, विजयपश्चात् अर्कै हुन्छ। "गृहयुद्धको समयमा केवल उत्पीडितहरूले मात्रै बल-प्रयोगको अधिकार राख्दछन्..." (आवाजहरू सुनिन्छ, "अहिले को त उत्पीडितहरू? मांसाहारीहरू!")

"हामीले अझै पनि विरोधीहरूमाथि विजय प्राप्त गरिसकेका छैनौं र उनीहरूको हातमा समाचारपत्रले हतियारको काम गर्नेछ। यस अवस्थामा यी समाचारपत्रहरूमाथि प्रतिबन्ध लगाउनु सुरक्षाको दृष्टिकोणले पूर्णतः जायज कारबाई हुन जान्छ..."। त्यसपछि विजयपश्चात् प्रेसको भूमिकाको प्रश्नलाई लिएर त्रोत्स्कीले भने –

"प्रेस स्वतन्त्रताको प्रश्नमा समाजवादीहरूको दृष्टिकोण त्यही हुनुपर्छ, जुन व्यापार स्वतन्त्रताको प्रश्नमा हुन्छ... रसियामा जुन प्रजातान्त्रिक परिपाटिको स्थापना हुँदै छ, त्यसको माग छ, उद्योगमाथि निजी स्वामित्वको आधिपत्य जस्तै प्रेसमाथि निजी स्वामित्वको आधिपत्य पनि उन्मूलन गरिनुपर्छ... सोभियत सत्ताले सबै छापाखानाहरू जफत गर्नुपर्छ"। (आवाजहरू – "त्यसो भए '**प्राभदा**'को छापाखाना जफत गर्नोस्!")

"प्रेसमाथि बुर्जुवा एकाधिकार समाप्त हुनुपर्छ। अन्यथा हामीले सत्ता हातमा लिने कुनै आवश्यकता छैन! नागरिकहरूको कुनै पनि समुदायको लागि छापाखाना र कागतको सप्लाइ सुलभ्य हुनुपर्छ... छापाखाना र कागत सबैभन्दा पहिले मजदुरहरू तथा किसानहरूको सम्पत्ति हो र त्यसपछि मात्रै बुर्जुवा पार्टीहरूको, जो अल्पसङ्ख्यामा छन्... सोभियतहरूको हातमा सत्ता आउनाले जीवन यापनको आधारभूत अवस्थामा आमूल रूपान्तरण हुनेछ र यो रूपान्तरण अनिवार्यतः प्रेसको क्षेत्रमा पनि प्रतिबिम्बित हुनेछ... यदि हामी बैंकहरूको राष्ट्रियकरण गर्न गइरहेका छौं

भने के बैङ्कपतिहरूका पत्रपत्रिकाहरू हाम्रो लागि सह्य हुन सक्दछन्? पुरानो व्यवस्थाको अन्त्य हुनैपर्दछ र यो कुरा सधैँको लागि बुझ्नु आवश्यक छ...।" ताली बज्नुको साथै क्रुद्ध स्वरहरू सुनिन्छन्।

कारेलिनले भने, चेइकलाई यस महत्त्वपूर्ण प्रश्नमा निर्णय लिने कुनै अधिकार छैन र यो काम एक विशेष समितिलाई सुम्पनु आवश्यक छ। उनले फेरि पनि बडो आवेशपूर्वक प्रेस स्वतन्त्रताको माग गरे।

तत्पश्चात् लेनिन बोल्नको लागि उभिनुभयो – शान्त, आवेशहीन, उहाँ निधार खुम्च्याउँदै, एकएक शब्द तौलँदै बिस्तारै बोल्दै हुनुहुन्थ्यो, तर उहाँको प्रत्येक वाक्य मुँग्रोको प्रहारजस्तो लाग्थ्यो। उहाँले भन्नुभयो, "गृहयुद्ध अझै समाप्त भएको छैन। शत्रु अझै पनि हाम्रो समक्ष उभेको छ। फलतः प्रेसको विरुद्ध दमनकारी कारबाईहरूको अन्त्य गर्नु असम्भव छ।

"हामी बोल्शेभिकहरूले सधैँ भन्दै आएका हौँ, जब हामीले सत्ता प्राप्त गर्नेछौँ, हामी बुर्जुवा समाचारपत्रहरूमाथि प्रतिबन्ध लगाउनेछौँ। बुर्जुवा समाचारपत्रहरूको अस्तित्व सहेर बस्नु भनेको समाजवादी हुन छोड्नु हो। जब कसैले क्रान्ति गर्छ भने ऊ एकै ठाउँमा उभिरहन सक्दैन। उसले या त निरन्तर अगि बढ्नु पर्नेछ, या त पछि हट्नु पर्नेछ। यस बेला, जसले "प्रेस स्वतन्त्रताको" कुरा गर्दै छन्, उनीहरू पछि हट्दै छन् र समाजवादतर्फ हाम्रो तीव्र प्रगतिमा अवरोध पैदा गर्न चाहन्छन्।

"हामीले त्यस्तै किसिमले पुंजीवादको जुवा फाल्यौँ, जसरी पहिलो क्रान्तिले जारशाही एकतन्त्रीय शासनको जुवा फालेको थियो। यदि **पहिलो क्रान्तिलाई राजतन्त्रवादी समाचारपत्रहरूमाथि प्रतिबन्ध लगाउने अधिकार थियो** भने हामीलाई बुर्जुवा समाचारपत्रहरूमाथि प्रतिबन्ध लगाउने अधिकार छ। प्रेस स्वतन्त्रताको प्रश्नलाई वर्गसङ्घर्षका अन्य प्रश्नहरूबाट छुट्ट्याउनु असम्भव छ। हामीले यी समाचारपत्रहरूमाथि प्रतिबन्ध लगाउने वचन दिएका छौँ र हामी आफ्नो वचन पूरा गरिछोड्छौँ। जनताको अत्यधिक बहुसङ्ख्या हाम्रो पक्षमा छ!

"हाल जब विद्रोह समाप्त भइसकेको छ, अन्य समाजवादी पार्टी-हरूका समाचारपत्रहरूमाथि प्रतिबन्ध लगाउने हाम्रो पटक्क मनसाय छैन, सिवाय त्यस अवस्थामा, जब उनीहरू सशस्त्र विद्रोह गर्नको लागि अथवा सोभियत सरकारका निर्णयहरूको अवहेलना गर्नको लागि अपिल गर्दछन्। तर हामी उनीहरूलाई समाजवादी प्रेस स्वतन्त्रताको नाममा र बुर्जुवावर्गको

गुप्त समर्थनद्वारा छापाखाना, मसी र कागतमाथि एकाधिकार स्थापना गर्ने अनुमति दिन सक्दैनौं ... यी अत्यावश्यक कुराहरू सोभियत सरकारको सम्पत्ति बन्नुपर्छ र सबैभन्दा पहिले समाजवादी पार्टीहरूले, ठीक आफ्ना मतदाताहरूको सङ्ख्याको अनुपातमा, पाउनुपर्दछ।"

तत्पश्चात् मतदान सुरु भयो। लारिन र वामपन्थी समाजवादी-क्रान्तिकारीहरूको प्रस्ताव पारित भएन। यस प्रस्तावको समर्थनमा २२ र विरोधमा ३१ मत प्रदान गरियो।* लेनिनको प्रस्ताव २४ को विरुद्ध ३४ मतद्वारा पारित भयो। बोल्शेभिक रेजानोभ र लाजोभ्स्की अल्पमतमा परे। उनीहरूले घोषणा गरे, प्रेस स्वतन्त्रतामाथि कुनै पनि प्रकारको प्रतिबन्धको पक्षमा मतदान गर्नु उनीहरूको लागि असम्भव कुरा हो।

मतदानपश्चात् वामपन्थी समाजवादी-क्रान्तिकारीहरूले भने, यहाँ अहिले जेजति कुरा हुँदै छन्, त्यसको लागि हामी उत्तरदायी हुन सक्दैनौं। उनीहरूले सैनिक क्रान्तिकारी समिति तथा अन्य सबै उत्तरदायी पदहरूबाट राजीनामा गरे।

जन कमिसार परिषद्का पाँच जना सदस्यहरू—नागिन, रीकोभ, मिल्यूतिन, तेओदरोभिच र श्ल्याप्निकोभले परिषद्बाट राजीनामा गरे र निम्न ब्यहोराको वक्तव्य दिए—

"हामी एक त्यस्तो समाजवादी सरकारको पक्षमा छौं, जसमा सोभियतहरूका सबै पार्टीहरू सम्मिलित होउन्। हाम्रो विचारमा यस्तै सरकारको स्थापनाले मात्रै मजदुरवर्ग तथा क्रान्तिकारी सेनाको वीरतापूर्ण सङ्घर्षका परिणामहरूलाई दिगो तुल्याउन सकिनेछ। यसको विकल्प एउटै मात्र छ—राजनीतिक आतङ्कद्वारा एक विशुद्ध बोल्शेभिक सरकारको गठन। जन कमिसार परिषद्ले यही बाटो समाएको छ। हामी यस्तो बाटोमा लाग्न सक्दैनौं र लाग्दैनौं पनि। हामी देख्दै छौं, यस्तो बाटोमा हिँड्नाले हामी प्रत्यक्षतः एक त्यस्तो परिणाममा पुग्नेछौं, जब राजनीतिक जीवनबाट कतिपय सर्वहारा सङ्गठनहरूको अस्तित्व मेटिनेछ, एक अनुत्तरदायी शासन प्रणाली स्थापित हुनेछ र क्रान्ति तथा राष्ट्र नै नष्ट हुनेछन्। हामी यस्तो नीतिको लागि उत्तरदायी हुन सक्दैनौं र हामी चेइकसमक्ष जन कमिसारको रूपमा आफ्नो पदबाट राजीनामा गर्दछौं।"

---

*यो सङ्ख्या सही छैन। लारिन तथा वामपन्थी समाजवादी-क्रान्तिकारीहरूको प्रस्तावको विपक्षमा २५ र पक्षमा २० वटा मत प्राप्त भएको थियो।—**सं०**

केही अन्य कमिसारहरूले आफ्नो पदबाट राजीनामा नगरी यस वक्तव्यमा हस्ताक्षर गरे। त्यस्ता व्यक्तिहरू थिए – रेजानोभ, प्रेस विभागका देर्बिशेभ, सरकारी छापाखानाका अर्बुजोभ, लाल गार्डका यूरेनेभ, श्रम कमिसारियाटका फ्योदरोभ तथा आज्ञप्ति-वितरण विभागका सचिव लारिन।

साथै कामेनेभ, रिकोभ, मिल्यूतिन, जिनोभ्येभ र नागिनले बोल्शेभिक पार्टीको केन्द्रीय समितिको सदस्यताबाट राजीनामा गरे र यसको कारण स्पष्ट पार्दै एक सार्वजनिक वक्तव्य प्रसारित गरे –

"यदि अझ बढी रक्तपात रोक्नु छ भने, आसन्न अनिकाल र कालेदिनपन्थीहरूद्वारा क्रान्तिको विनाश रोक्नु छ भने, निर्धारित समयमा संविधान सभाको अधिवेशन डाक्ने हो भने र सोभियतहरूको महाधिवेशनद्वारा स्वीकृत कार्यक्रम सक्रियतापूर्वक कार्यान्वयन गराउने हो भने यस्तो सरकारको गठन (जसमा सोभियतहरूका सबै पार्टीहरू सम्मिलित होउन्) अपरिहार्य छ।

"हामी केन्द्रीय समितिको त्यस आपत्तिजनक नीतिको लागि उत्तरदायी हुन सक्दैनौं, जुन सर्वहारावर्ग तथा सैनिकहरूको त्यस अत्यधिक बहुसङ्ख्याको इच्छाविपरीत छ, जो विभिन्न जनवादी राजनीतिक पार्टीहरूबीच रक्तपातपूर्ण सङ्घर्ष यथाशीघ्र खतम भएको देख्न चाहन्छन्... हामी मजदुर तथा सैनिक जनसमुदायहरूसमक्ष आफ्नो विचार खुलस्त राख्न चाहन्छौं र त्यसै कारणले केन्द्रीय समितिका सदस्यहरूको रूपमा आफ्नो पदबाट राजीनामा गर्दै छौं।

"हामी त्यस्तो बेला केन्द्रीय समितिबाट राजीनामा गर्दै छौं, जब हाम्रो पार्टी विजयी बनेको छ। त्यस्तो बेला, जब केन्द्रीय समितिका मुखियाहरूको नीतिले हामीलाई विजयको फल नष्ट पार्ने र सर्वहारावर्गको दमन गर्ने बाटोतिर डोऱ्याउँदै छ, हामी यी सबै कुरा चुपचाप हेरेर बस्न सक्दैनौं।"

मजदुर समुदायहरूमा, गैरिसनका सिपाहीहरूमा खैलाबैला चल्यो। उनीहरूले स्मोल्नीमा र नयाँ सरकारको स्थापनाको लागि चलिरहेको सम्मेलनमा, जहाँ बोल्शेभिकहरूको फाटोले हर्षोल्लास फैलाएको थियो, आफ्ना शिष्टमण्डलहरू पठाए।

तर लेनिनवादीहरूले पनि विना कुनै विलम्ब मुखतोड जवाफ दिए। श्ल्याप्निकोभ र तेओदरोभिच पार्टी अनुशासन शिरोधार्य मान्दै आआफ्नो पदमा फर्के। कामेनेभलाई चेइकको अध्यक्षको पदबाट हटाइयो र उनको

स्थानमा स्भेर्द्लोभलाई छानियो। जिनोभ्येभलाई पेत्रोग्राद सोभियतको अध्यक्ष पदबाट हटाइयो। २० (७) नोभेम्बरको बिहान एउटा प्रचण्ड घोषणा छापियो, जुन स्वयम् लेनिनले लेख्नुभएको थियो र जसलाई लाखौं प्रतिमा छापेर सबै भित्ताहरूमा टाँसियो र देशभरि प्रसारप्रचार गरियो*।

"सोभियतहरूको द्वितीय अखिल रसियाली महाधिवेशनमा बोल्शेभिकहरूले बहुमत प्राप्त गरे। त्यसै कारणले यस पार्टीद्वारा गठित सरकार मात्रै सोभियत सरकार हुन सक्छ। सबैलाई थाहा भएकै कुरा हो, नयाँ सरकारको स्थापना तथा अखिल रसियाली महाधिवेशनसमक्ष नयाँ सरकारको सदस्य-सूची प्रस्तुत गर्नुभन्दा केही घण्टापहिले बोल्शेभिक पार्टीको केन्द्रीय समितिले वामपन्थी समाजवादी-क्रान्तिकारी पार्टीका तीन सर्वप्रमुख सदस्यहरू, कमरेड काम्कोभ, कमरेड स्पिरो र कमरेड कारेलिनलाई आफ्नो बैठकमा आमन्त्रित गरेको थियो र **उनीहरूलाई** नयाँ सरकारमा सामेल हुने **अनुरोध गरेको थियो**। आमन्त्रित साथीहरूले यो प्रस्ताव अस्वीकार गर्नुभएकोमा हामीलाई धेरै दुःख छ। क्रान्तिकारीहरू तथा मजदुरवर्गका हिमायतीहरूले कदापि यस्तो दृष्टिकोण राख्नुहुन्न भन्ने हाम्रो विचार छ। हामी कुनै पनि बेला वामपन्थी समाजवादी-क्रान्तिकारीहरूलाई मन्त्रिमण्डलमा सामेल गराउन तयार छौं, तर हामी के पनि घोषणा गर्दछौं भने, सोभियतहरूको द्वितीय अखिल रसियाली महाधिवेशनको बहुमतको पार्टीको नाताले हामी सरकार गठन गर्न जनतासमक्ष अधिकारसम्पन्न छौं र **कर्तव्यबद्ध छौं**...।

"साथीहरू! हाम्रो पार्टीको केन्द्रीय समिति तथा जन कमिसार परिषद्का कतिपय साथीहरूले—कामेनेभ, जिनोभ्येभ, नागिन, रीकोभ, मिल्यूतिन तथा अन्य केही व्यक्तिहरूले हिजो ४ नोभेम्बरको दिन हाम्रो पार्टीको केन्द्रीय समितिबाट राजीनामा गरे र पछिल्ला तीन व्यक्तिले जन कमिसार परिषद्बाट राजीनामा गरे...।

---

*यहाँ त्यस अपिलप्रति सङ्केत गरिएको हो, जुन लेनिनले १८-१९ (५-६) नोभेम्बर १९१७ मा लेख्नुभएको थियो र 'प्राभदा' मा २० (७) नोभेम्बरको दिन छापिएको थियो। यो अपिल 'रसियाली सामाजिक-जनवादी मजदुर पार्टी (बोल्शेभिक) को केन्द्रीय समितिको तर्फबाट पार्टीका सबै सदस्यहरू तथा रसियाका सबै श्रमजीवी वर्गहरूको नाममा' शीर्षक-अन्तर्गत प्रकाशित भएको थियो।—**सं०**

"यसरी राजीनामा गर्ने साथीहरूले भगौटे व्यवहार गरे, किनभने उनीहरूले आफूलाई सुम्पिएको पदबाट मात्रै राजीनामा गरेनन्, अपितु उनीहरूले पदत्याग गर्नुभन्दा पहिले पेत्रोग्राद तथा मास्को पार्टी सङ्गठनहरूको निर्णयको प्रतीक्षा गरून् भन्ने हाम्रो पार्टी केन्द्रीय समितिको प्रत्यक्ष निर्देशनको समेत उलङ्घन गरे। हामी यस भगौटेपनको निर्णायक रूपमा निन्दा गर्दछौं। हाम्रो पार्टीका सदस्य अथवा हाम्रो पार्टीप्रति सहानुभूति राख्ने सबै चेतनशील मजदुरहरू, सैनिकहरू तथा किसानहरूले पनि यी भगौटेहरूको व्यवहारको निन्दा गर्नेछन् भन्ने हामीलाई दृढ विश्वास छ।

"स्मरण रहोस् साथीहरू, पेत्रोग्रादमा विद्रोह सुरु हुनुभन्दा पहिले पनि यी भगौटेहरूमध्ये दुई व्यक्ति, कामेनेभ र जिनोभ्येभले, २३ (१०) अक्टोबर १९१७ मा सम्पन्न केन्द्रीय समितिको निर्णायक बैठकमा विद्रोहको विरुद्ध मतदान गरेर भगौटेहरू र हडताल-भङ्गकर्ताहरूको रूपमा आफूलाई प्रस्तुत गरेका थिए र केन्द्रीय समितिद्वारा प्रस्ताव स्वीकृत **भइसकेपछि** पनि उनीहरूले पार्टी कार्यकर्ताहरूसमक्ष आफ्नो आन्दोलन कायम राखेका थिए... परन्तु जन साधारणको प्रचण्ड गतिसमक्ष, मास्कोमा, पेत्रोग्रादमा, मोर्चाहरूमा, गाउँहरूमा, लाखौंलाख मजदुरहरू, सिपाहीहरू र किसानहरूको महान् शौर्य तथा पराक्रमसम्मुख यी भगौटेहरू यसरी छ्यान्नब्यान्न भए, जसरी कुनै रेलगाडीको सामुन्ने छेस्काहरू तितरबितर हुन्छन्।

"ती व्यक्तिहरू, जसमा निष्ठाको कमी हुन्छ, जो दुबिधा र हिचकिचाहटको शिकार बन्दछन्, जसले आफूलाई बुर्जुवावर्गले तर्साउने मौका दिन्छन्, अथवा जो यस वर्गका खुल्ला अथवा गुप्त मतियारहरूको होहल्लासामुन्ने नतमस्तक हुन्छन्, उनीहरू लज्जाका पात्र हुन्! पेत्रोग्राद, मास्को र सम्पूर्ण रसियाभरिकै **जनतामा** हिचकिचाहटको **छायासम्म पनि परेको छैन**...

"हामी ती बुद्धिजीवीहरूका ती ससाना दलहरूको अन्तिमेत्थम्समक्ष कदापि झुक्दैनौं, जसले जनसाधारणको समर्थन प्राप्त गरेका छैनन्, जसलाई **वस्तुतः** कर्निलोभपन्थीहरू, साभिङ्कोभपन्थीहरू, युङ्केरहरू र यस्तै अन्य दलहरूको मात्रै समर्थन प्राप्त छ।"

यस घोषणाप्रति सम्पूर्ण राष्ट्रले जुन प्रतिक्रिया जनायो, त्यो तातो हावाको झोक्काजस्तो थियो। विद्रोहीहरूले "मजदुर तथा सैनिक जनसमुदायसमक्ष खुल्लमखुल्ला आफ्नो मनसाय प्रकट गर्ने" मौका पाएनन्। "भगौटेहरूप्रति" जनताको प्रचण्ड क्रोधको ज्वाला चेङ्कको चारैतिर फैलिन थाल्यो।

स्मोल्नीमा मोर्चाबाट, भोल्गा प्रदेशबाट, पेत्रोग्रादका कारखानाहरूबाट आएका क्रुद्ध शिष्टमण्डलहरू र समितिहरूको केही दिनसम्म भीड लागिरह्यो। "किन यिनीहरूले मन्त्रिमण्डलबाट राजीनामा गरे? के बुर्जुवावर्गले क्रान्तिलाई नष्ट पार्न उनीहरूलाई घूस ख्वाएका त होइनन्? उनीहरूले फर्कनैपर्छ र केन्द्रीय समितिको निर्णय पालना गर्नैपर्दछ!"

पेत्रोग्राद गैरिसनमा मात्रै अझै पनि दुविधाको स्थिति थियो। २४ (११) नोभेम्बरको दिन सिपाहीहरूको एउटा ठूलो आमसभा भएको थियो, जसमा सबै राजनीतिक पार्टीहरूका प्रतिनिधिहरूले भाषण गरेका थिए। स्रोताहरूको अत्यधिक बहुसङ्ख्याले लेनिनको नीतिको समर्थन गरे र वामपन्थी समाजवादी-क्रान्तिकारीहरूलाई भनियो, उनीहरूले मन्त्रिमण्डलमा सम्मिलित हुनैपर्दछ... (६)

मेन्शेभिकहरूले अन्तिम अन्तिमेत्थम् दिए, जसमा उनीहरूले सबै मन्त्रीहरू र युङ्केरहरूलाई रिहा गर्ने, सबै समाचारपत्रहरूलाई पूर्ण स्वतन्त्रता प्रदान गर्ने, लाल गार्डहरूसँग हतियार खोस्ने र गैरिसनको कमान दुमालाई सुम्पने आदि मागहरू राखेका थिए। यस अन्तिमेत्थम्को जवाफमा स्मोल्नीले भन्यो, सबै समाजवादी मन्त्रीहरूले र एक दुई जनाबाहेक सबै युङ्केरहरूले रिहाइ पाइसकेका छन्, पुँजीवादी समाचारपत्रहरूबाहेक अरू सबै समाचारपत्रहरूले स्वतन्त्रता पाएका छन्, सेनाको कमान सोभियतहरूको हातमा रहनेछ... १९ (६) नोभेम्बरको दिन नयाँ सरकार गठन गर्न चलिरहेको सम्मेलनमाथि प्रतिबन्ध लगाइयो र विरोधी पक्षका नेताहरू एकएक गर्दै मागिल्योभतिर लागे, जहाँ उनीहरूले जनरल स्टाफको छत्रछायामा अन्त्यसम्म पनि एकपछि अर्को सरकारको गठन गर्न छोडेनन्।

यसैबीच बोल्शेभिकहरू भिक्झेलको प्रभाव घटाउने काममा लागेका थिए। पेत्रोग्राद सोभियतले सबै रेल मजदुरहरूसँग उनीहरूले भिक्झेललाई आफ्ना अधिकारहरू त्याग्न बाध्य तुल्याउन् भन्ने आह्वान गर्‍यो। १५ (२) नोभेम्बरको दिन चेइकले १ डिसेम्बर (१८ नोभेम्बर) को दिन रेल मजदुरहरूको एक अखिल रसियाली महाधिवेशन डाक्ने निर्णय गर्‍यो र यस सम्बन्धमा पनि किसानहरूप्रतिको आफ्नो कार्य पद्धतिलाई नै दोहोर्‍यायो। भिक्झेलले पनि दुई हप्तापछि आफ्नो बेग्लै महाधिवेशन डाक्ने निर्णय गर्‍यो। १६ (३) नोभेम्बरको दिन भिक्झेलका सदस्यहरूले चेइकमा आफ्नो स्थान ग्रहण गरे। २ डिसेम्बर (१९ नोभेम्बर) को राती अखिल रसियाली

रेल मजदुरहरू महाधिवेशनको उद्घाटनकालमा चेइकले औपचारिक रूपमा भिकझेललाई रेल यातायात मन्त्रालयको कमिसार पद लिने प्रस्ताव राख्यो र प्रस्ताव स्वीकार गरियो।

सत्ताको प्रश्न समाधान गरिसकेपछि बोल्शेभिकहरूले व्यावहारिक प्रशासनको समस्यातिर ध्यान दिए। सबैभन्दा पहिले शहर, सेना र पूरै देशको लागि खाद्य सामग्रीको व्यवस्था गर्नु थियो। नौसैनिकहरू तथा लाल गार्डहरूका टुकडीहरूले गोदामहरू, रेल स्टेसनका माल गोदामहरू र नहर-हरूमा खडा माल ओसार्ने डुङ्गाहरूको समेत खानतलासी लिए र काला-बजारियाहरूले लुकाएर राखेका हजारौँ पूद * अन्न भेट्टाए र जफत गरे। प्रान्तहरूमा प्रतिनिधिहरू पठाइए, जहाँ उनीहरूले भूमि समितिहरूको सहाय-ताबाट ठूलठूला अनाज बेपारीहरूका गोदामहरू कब्जा गरे। हातहतियारले राम्ररी सुसज्जित पाँच पाँच हजार नौसैनिकहरूका टुकडीहरू देशको दक्षिणी भागमा र साइबेरियातिर पठाइयो। यी घुमन्ते टुकडीहरूलाई आदेश दिइयो, जुन शहरहरू अझसम्म स्वेत गार्डहरूको हातमा छन्, तिनमाथि कब्जा गरून्, त्यहाँ सुव्यवस्था कायम गरून् र **खाद्य सामग्री बटुलुन्**। ट्रान्स साइबेरिया रेलमार्गमा दुई हप्तासम्म यात्री ट्रेन बन्द गरियो र कारखाना समितिहरूले जम्मा गरेका लत्ताकपडा र फलामका छडीहरू लादिएका तेन्ह वटा ट्रेनहरू साइबेरियाका किसानहरूसँग यी लत्ताकपडा र फलामसँग अन्न र आलु साट्न पूर्वतिर पठाइयो। प्रत्येक ट्रेन एक जना कमिसारको जिम्मा लगाइएको थियो।

इन्धन समस्याले विकट रूप लिइसकेको थियो, किनभने दोन प्रदेशका कोइला खानीहरू कालेदिनको हातमा थिए। स्मोल्नीले नाचघरहरू, पसल-हरू र रेस्टुराँहरूको बत्तीको लाइन काटिदियो, ट्राम-गाडीहरूको सङ्ख्या घटाइदियो र दाउरा बेपारीहरूको गोदाम जफत गऱ्यो... जब कोइलाको अभावले गर्दा पेत्रोग्रादका कारखानाहरू बन्द हुने स्थिति पैदा भयो, बाल्टिक बेडाका नौसैनिकहरूले आफ्ना सामरिक जहाजहरूको जगेडाको रूपमा राखिएको दुई लाख पूद कोइला मजदुरहरूलाई दिए।

नोभेम्बरको अन्त्यमा "रक्सीको लुट" (७) (रक्सी राखिएका तह-खानाहरू लुट्ने काम) सुरु भयो। सबैभन्दा पहिले शिशिर प्रासादको तह-खाना लुटियो। कैयौँ दिनसम्म रक्सीले मात्तिएका सिपाहीहरू सडकमा

---

* एक पूदमा ३६ पाउण्ड हुन्छ। —**सं०**

घुमिरहे... यस लुटपाट कार्यमा प्रतिक्रान्तिकारीहरूको प्रत्यक्ष रूपमा हात थियो, जसले रेजिमेन्टहरूमा रक्सीका गोदामहरूको ठेगाना भएका नक्शाहरू बाँडेका थिए। स्मोल्नीका कमिसारहरूले सुरुमा त सम्झाउने-बुझाउने प्रयास गरे, तर बढ्दो अव्यवस्था रोक्न नसकिएपछि सिपाही-हरू र लाल गार्डहरूबीच घमासानको लडाइँ चल्यो... अन्त्यमा सैनिक क्रान्तिकारी समितिले मेसिनगनहरूद्वारा सुसज्जित नौसैनिकहरूको एउटा टुकडी पठायो। नौसैनिकहरूले लुटाहाहरूमाथि निर्ममतापूर्वक गोलाबारी गरे र धेरै मानिस मारिए। तत्पश्चात् आदेशअनुसार विशेष आयोगहरू गएर सबै रक्सी गोदामहरूमा रहेका रक्सीका बोतलहरू फोडे अथवा पूरै गोदामहरू डाइनामाइटले उडाइए।

पुरानो मिलिसियाको स्थानमा लाल गार्डहरूका टुकडीहरू, जसमा राम्रो अनुशासन थियो र जसले राम्रो वेतन पाउँदथे, वार्ड सोभियतहरूका प्रधान कार्यालयहरूसमक्ष रातदिन पहरा दिन्थे। सानातिना अपराधहरूको विरुद्ध सङ्घर्ष गर्न शहरका सबै बस्तीहरूमा मजदुरहरू तथा सैनिकहरू-द्वारा निर्वाचित क्रान्तिकारी ट्रिब्युनलहरू स्थापित भए।

ठूलठूला होटेलहरू, जहाँ कालाबजारियाहरूको व्यवसाय अझै पनि खूब चम्केको थियो, लाल गार्डहरूद्वारा घेरिए र कालाबजारियाहरू जेलमा बन्द गरिए। (८)

सजग तथा शङ्कालु शहरको मजदुरवर्गले आफूलाई एक बृहत् गुप्तचर व्यवस्थाको रूपमा सङ्गठित तुल्यायो। उनीहरू नोकरहरूमार्फत बुर्जुवा परि-वारहरूको रहस्य पत्ता लगाउँदथे र प्राप्त सूचना सैनिक क्रान्तिकारी समिति-मा पुऱ्याउँदथे। सैनिक क्रान्तिकारी समितिले अनवरत रूपमा निर्मम प्रहार गर्दै गयो। यसै प्रकारले राजतन्त्रवादी षड्यन्त्रबारे थाहा पाइयो, जसको नेता भूतपूर्व दुमा-सदस्य पुरिश्केभिच र अभिजातहरू तथा अफिसरहरूको एउटा गुट थियो, जसले अफिसरहरूको विद्रोहको योजना बनाएका थिए र कालेदिनलाई पेत्रोग्राद आउने निमन्त्रणा दिँदै एउटा चिठी लेखेका थिए (९)...। पेत्रोग्रादका ती कादेतहरूको षड्यन्त्रबारे पनि यस्तै किसिमले थाहा पाइयो, जसले कालेदिनलाई पैसा र रिकुट पठाउने काम गर्दै थिए।

नेरातोभ, जो आफ्नो पलायनले पैदा गरेको जन असन्तोष देखेर तर्सेका थिए, फर्के र सबै गुप्त सन्धिहरू त्रोत्स्कीलाई बुझाइदिए। त्रोत्स्कीले तुरुन्तै ती सन्धिहरू 'प्राभदा'मा छाप्न सुरु गरे, यी सन्धिहरूले सम्पूर्ण विश्व-लाई नै स्तम्भित तुल्यायो।

एक आज्ञप्तिद्वारा विज्ञापनहरूमाथि अधिकारिक सरकारी समाचारपत्र-हरूको एकाधिकार कायम गरेर समाचारपत्रहरूमाथि एउटा नयाँ प्रतिबन्ध लगाइयो (१०)। यस आज्ञप्तिप्रति प्रतिवाद जनाउँदै अन्य सबै समाचार-पत्रहरूले प्रकाशन बन्द गरे अथवा आज्ञप्तिको अवहेलना गरे र प्रतिबन्धित भए... अन्ततोगत्वा, तीन सप्ताहपश्चात् मात्रै उनीहरू यो आज्ञप्ति मान्न तयार भए।

मन्त्रालयहरूमा हडताल अझ जारी नै थियो, पुराना कर्मचारीहरूले आफ्नो ध्वंसात्मक कारबाई छोडेका थिएनन्, सामान्य आर्थिक जीवन ठप थियो। स्मोल्नीको पछाडि विशाल असङ्गठित जनसमुदायको सङ्कल्प मात्रै थियो र जन कमिसार परिषद्ले यसै जनसमुदायलाई प्रयोग गर्दै थियो, क्रान्तिकारी जनसमुदायलाई आफ्नो शत्रुको विरुद्ध निर्देशित गर्दै थियो (११)। सरल भाषामा लेखिएका र सम्पूर्ण रसियाभरि प्रसारित अभि-व्यञ्जनापूर्ण वक्तव्यहरूमा (१२) लेनिनले क्रान्तिको तात्पर्य बुझाउनुभयो, जनतालाई सत्ता आफ्नो हातमा लिने आग्रह गर्नुभयो, सम्पन्न वर्गहरूको प्रतिरोध जबरजस्ती दबाउने र सरकारी संस्थाहरूमाथि कब्जा गर्ने अनुरोध गर्नुभयो। क्रान्तिकारी अनुशासन! कडा हिसाबकिताब र कठोर नियन्त्रण! हडताल बन्द गर्नोस्! भावनाको बेगमा नबग्नोस्!

२० नोभेम्बरको दिन सैनिक क्रान्तिकारी समितिले एउटा चेतावनी प्रसारित गऱ्यो—

"सम्पन्न वर्गहरू सोभियत सत्ताको—मजदुर, सैनिक तथा किसान-हरूका सरकारको—विरोध गर्दै छन्। उनका समर्थकहरूले सरकार तथा दूमाका कर्मचारीहरूको काम रोक्दै छन्, बैङ्कहरूमा हडतालहरूको आयोज-ना गर्दै छन्, रेल परिवहन, हुलाक तथा आकाशवाणी व्यवस्थाको सञ्चालन-मा बाधा पुऱ्याउने प्रयास गर्दै छन्।

"**हामी उनीहरूलाई चेतावनी दिन्छौं, उनीहरू आगोसँग खेल्दै छन्।** सम्पूर्ण राष्ट्र तथा सेनामाथि अनिकालको खतरा उत्पन्न भएको छ। यस खतराको विरुद्ध सङ्घर्ष गर्न सबै सेवाहरूको नियमित कार्य जरूरी छ। राष्ट्र तथा सेनाका सम्पूर्ण आवश्यकताहरूको परिपूर्तिको लागि मजदुर तथा किसानहरूको सरकारले हर प्रकारको प्रयास गर्दै छ। **यो प्रयासहरूको प्रतिरोध जनताको विरुद्ध अपराध हो।** हामी सम्पन्न वर्गहरू तथा तिनका सहयोगीहरूलाई चेतावनी दिन्छौं, यदि उनीहरूले खाद्य सामग्रीको परि-वहन कार्य रोक्नमा आफ्ना ध्वंसात्मक कारबाईहरू बन्द गरेनन् भने उनी-

हरूले नै **सबैभन्दा पहिले यसको परिणाम भोग्नु पर्नेछ। उनीहरू खाद्य सामग्री प्राप्त गर्ने अधिकारबाट वञ्चित तुल्याइनेछन्। उनीहरूसँग भएको सम्पूर्ण अतिरिक्त सामग्री खोसिनेछ। प्रमुख अपराधीहरूको सम्पत्ति जफत गरिनेछ।**

"जो आगोसँग खेल्दै छन्, हामीले उनीहरूलाई सावधान तुल्याउने आफ्नो कर्तव्य पूरा गरेका छौँ।

"निर्णायक कारबाई आवश्यक परेको खण्डमा मजदुरहरू, सैनिकहरू तथा किसानहरूले दृढतापूर्वक हाम्रो समर्थन गर्नेछन् भन्ने कुरामा हामी विश्वस्त छौँ।" (१३)

२२ नोभेम्बरको दिन शहरका सबै पर्खालहरूमा '**असाधारण सूचना**' शीर्षक एउटा पर्चा टाँसियो–

"जन कमिसार परिषद्ले उत्तरी मोर्चाको सैनिक स्टाफबाट एउटा जरूरी आकाशवाणी प्राप्त गरेको छ।

"अब कदापि ढिलाइ गर्न मिल्दैन; सेनालाई भोकभोकै मर्न नदिनोस्; उत्तरी मोर्चाको सेनाले केही दिनदेखि एक टुक्रा रोटी पाएको छैन र दुई तीन दिनभित्र भएभरको बिस्कुट पनि सकिनेछ, जुन रिजर्भ सप्लाइबाट अलि अलि गरेर सैनिकहरूबीच बाँडिँदै छ र अहिलेसम्म बचाएर राखिएको थियो... मोर्चाका सबै भागहरूबाट आएका प्रतिनिधिहरूले भन्न थालेका छन्, सेनाको एक हिस्सालाई पार्श्व भागमा लैजानु आवश्यक छ; केही दिनपछि नै यी भोकभोकै मर्न थालेका, तीन वर्षदेखि लडाइँको मैदानमा सताइएका, गतिलो लुगा र जुत्तासम्म पनि नभएका, अमानवीय कष्टले विभ्रान्त सिपाहीहरूबीच मनपरी तरिकाले पलायन सुरु हुनेछ भन्ने कुरा उनीहरूले बुझिसकेका छन्।"

"सैनिक क्रान्तिकारी समिति यस कुरातर्फ पेत्रोग्राद गैरिसन र पेत्रोग्रादका मजदुरहरूको ध्यान आकर्षित गर्दछ। मोर्चाको परिस्थितिले अविलम्ब अति निर्णायक कारबाईको माग गरेको छ... यता सरकारी कार्यालयहरूका, बैङ्कहरू, रेल यातायात, हुलाक तथा आकाशवाणीका उच्च पदस्थ कर्मचारीहरू हडताल गर्दै छन् र मोर्चामा खाद्य सामग्री पुऱ्याउने काममा बाधा पुऱ्याउँदै छन्... प्रत्येक घण्टाको ढिलाइले हजारौँ हजार सिपाहीहरूको ज्यानको मूल्य चुकाउनु पर्नेछ। आज यी प्रतिक्रान्तिकारी कर्मचारीहरू नै मोर्चामा भोकले मरिरहेका आफ्ना दाजुभाइहरूका सबैभन्दा बेइमान शत्रु बनेका छन्।

"सैनिक क्रान्तिकारी समिति यी अपराधीहरूलाई अन्तिम चेतावनी दिन्छ। यिनीहरूले किञ्चित प्रतिरोध अथवा विरोध प्रकट गरेको खण्डमा उनीहरूको विरुद्ध जुन कारबाई गरिनेछ, त्यो त्यत्तिकै कठोर हुनेछ, जति उनीहरूको अपराध गम्भीर हुनेछ।"

श्राम मजदुरहरू तथा सिपाहीहरूले भयङ्कर प्रतिक्रिया जनाए—उनीहरूको बीचमा प्रचण्ड क्रोधको लहर फैलियो र यो लहर अति शीघ्रतापूर्वक सम्पूर्ण रसियाभरि फैलियो। राजधानीमा सरकारी तथा बैंङ्क कर्मचारीहरूले प्रतिवाद गर्दै, आफ्नो बचावट गर्दै सयौं घोषणाहरू तथा अपिलहरू (१४) निकाले, जसमध्ये एउटा यहाँ प्रस्तुत गरिएको छ—

"सबै नागरिकहरूको जानकारीको लागि

राष्ट्र बैंङ्क बन्द छ! किन?

किनभने राष्ट्र बैंङ्कको विरुद्ध बोल्शेभिकहरूले जुन हिंसा प्रयोग गरेका छन्, त्यसले हाम्रो लागि काम गर्न असम्भव स्थिति सिर्जना गरेको छ। जन कमिसारहरूले सबैभन्दा पहिले नै के काम गरे भने हामीसँग एक करोड रूबलको रकम मागे, २७ नोभेम्बरको दिन उनीहरूले फेरि साढे दुई करोड रूबलको माग गरे, तर यो रकम कहाँ खर्च गरिने हो भन्ने कुरा बताउन चाहेनन्।

"हामी बैंङ्कका कर्मचारीहरू जन सम्पदाको यस लुटपाटमा कुनै पनि रूपले सहभागी बन्न चाहन्नौं। हामीले काम गर्न बन्द गर्‍यौं।

"नागरिकहरू! राष्ट्र बैंङ्कमा राखिएको पैसा तपाईंहरूको पैसा हो, यो जनताको सम्पत्ति हो, तपाईंहरूको परिश्रमको कमाइ हो, तपाईंहरूको रगत र पसिनाको फल हो। नागरिकहरू, जनताको सम्पत्तिलाई लुटपाटबाट बचाउनोस्, हामीलाई हिंसाबाट बचाउनोस् र हामी तुरुन्त आफ्नो काममा फर्कनेछौं।

राष्ट्र बैंङ्कका कर्मचारीहरू"

खाद्य मन्त्रालय, अर्थ मन्त्रालय, विशेष सम्भरण समितिले पनि सैनिक क्रान्तिकारी समितिले कर्मचारीहरूको लागि यस्तो स्थिति सिर्जना गरिदिएका छन्, जसले गर्दा काम गर्न असम्भव हुन गएको छ भन्ने आशयका विज्ञ-

प्तिहरू प्रकाशित गरे, जनतासँग स्मोल्नीको विरुद्ध उनीहरूलाई समर्थन गर्ने अपिल गरियो... तर आम मजदुरहरू तथा सैनिकहरूले उनीहरूलाई विश्वास गरेनन्। यी कर्मचारीहरू ध्वंसात्मक कारबाई गर्दै छन्, यिनीहरू सेनालाई भोकभोकै मार्दै छन्, जनतालाई भोकभोकै मार्दै छन् भन्ने कुरामा आम जनता आन्तरिक हृदयदेखि नै विश्वस्त थियो... रोटीको लागि पर्खेर बसेका जनताका लामालामा कतारहरूमा, जुन पहिलेजस्तै हिउँले भरिएका ती सडकहरूमा देखिन्थे, अब केरेन्स्कीको पालोमा जस्तो **सरकार-लाई** नभएर, ती **चिनोभ्निकहरूलाई**, ध्वंसात्मक कार्यमा लागेका ती कर्म-चारीहरूलाई दोषी ठह्र्याइन्थ्यो, किनभने अहिले जुन सरकार छ, त्यो **उनीहरूको** सरकार हो, **उनीहरूको** सोभियत हो – र मन्त्रालयहरूका कर्म-चारीहरू यस सत्ताका विरोधी छन्।

दुमा र यसको सङ्घर्षशील अङ्ग – उद्धार समिति – यी सबै विरोधी तत्त्वहरूको केन्द्र-बिन्दु बनेका थिए। उनीहरू जन कमिसार परिषद्का सबै आज्ञप्तिहरूको विरोध गर्दै थिए, सोभियत सरकारलाई मान्यता नदिन बारम्बार मतदान गर्दै थिए र मागिल्योभमा स्थापित नयाँ प्रतिक्रान्तिकारी "सरकारहरूसँग" हाकाहाकी सम्बन्ध राख्दै थिए... उदाहरणको लागि, १७ नोभेम्बरको दिन उद्धार समितिले 'सबै नगरपालिका प्रशासनहरू, जेम्स्तभोहरू र किसानहरू, मजदुरहरू, सैनिकहरू तथा अन्य नागरिक-हरूका सबै प्रजातान्त्रिक तथा क्रान्तिकारी सङ्गठनहरूको' नाममा निम्न-लिखित शब्दमा एउटा अपिल जारी गर्‍यो –

"बोल्शेभिकहरूको सरकारलाई मान्यता नदिनुहोला र यस सरकारको विरुद्ध सङ्घर्ष गर्नुहोस्।

"राष्ट्र तथा क्रान्तिको उद्धार समितिका स्थानीय सङ्गठनहरूको स्थाप-ना गर्नुहोस् र सबै प्रजातान्त्रिक शक्तिहरूलाई ऐक्यबद्ध तुल्याउनोस् र यस प्रकारले अखिल रसियाली उद्धार समितिले आफ्नो समक्ष राखेका कार्यभारहरूको कार्यान्वयनमा सहयोग पुर्‍याउनुहोस्।"

यसै बेला पेत्रोग्रादमा संविधान सभाको लागि भएको निर्वाचनमा (१५) बोल्शेभिकहरूले अत्यधिक बहुमत प्राप्त गरे, जसले गर्दा मेन्शेभिक-अन्तर्राष्ट्रियतावादीहरूसमेत भन्न बाध्य भए, अब दुमाको पुनर्निर्वाचन आवश्यक छ, किनभने पुरानो दुमाले पेत्रोग्रादका जनताको राजनीतिक स्वरूप प्रतिबिम्बित गर्दैन... साथै मजदुर सङ्गठनहरू, सैनिक टुकडीहरू, वरिपरिका गाउँहरूका किसानहरूबाट समेत दुमालाई "प्रतिक्रान्तिकारी,

कर्निलोभपन्थीको" उपमा दिँदै राजीनामा गर्ने मागको ओइरो लाग्न थाल्यो। दुमाका अन्तिम दिनहरू, जब नगरपालिका कर्मचारीहरू पर्याप्त निर्वाह-योग्य वेतनको माग गर्दै थिए र हडताल गर्ने धम्की दिँदै थिए, ठूलो हलचल र उथलपुथलका दिनहरू थिए।

२३ (१०) तारिखको दिन सैनिक क्रान्तिकारी समितिको एक औपचारिक आज्ञप्तिद्वारा उद्धार समिति भङ्ग गरियो। २९ (१६) तारिखको दिन जन कमिसार परिषद्ले पेत्रोग्राद नगर दुमा भङ्ग गर्ने पुनर्निर्वाचन गराउने आदेश दियो–

"२० अगस्तको दिन निर्वाचित पेत्रोग्रादको केन्द्रीय दुमाले... पेत्रोग्रादका जनताको भावना र आकाङ्क्षाको पूर्णतः प्रतिकूल काम गर्दै आएको छ र जनताको प्रतिनिधित्व गर्ने अधिकार पूर्णतः गुमाएको छ... यद्यपि दुमामा बहुमतमा भएका यी अधिकारीहरूलाई कुनै पनि प्रकारको राजनीतिक समर्थन प्राप्त छैन, उनीहरू मजदुरहरू, सैनिकहरू तथा किसानहरूको इच्छाप्रति प्रतिक्रान्तिकारी ढङ्गले प्रतिरोध जनाउन र सरकारको सामान्य कार्यमा बाधा पुऱ्याउन अझै पनि आफ्ना विशेषाधिकारहरूको प्रयोग गर्दै छन्... यिनै सबै तथ्यहरूलाई ध्यानमा राख्दै जन कमिसार परिषद् राजधानीका जनतालाई नगरपालिकाको शासन निकायसम्बन्धी नीतिबारे आफ्नो धारणा व्यक्त गर्न आमन्त्रित गर्नु आफ्नो कर्तव्य ठान्दछ।

"यसै उद्देश्यले जन कमिसार परिषद् निर्णय गर्दछ–

१) नगर दुमाको विसर्जन गरिनेछ। दुमाको विसर्जन आज्ञप्ति ३० (१७) नोभेम्बरदेखि लागू हुनेछ।

२) वर्तमान दुमाद्वारा निर्वाचित अथवा मनोनित सबै कर्मचारीहरूले नयाँ दुमाका प्रतिनिधिहरूले उनीहरूको स्थान ग्रहण नगरून्जेल आफूलाई सुम्पिएका सबै जिम्मेदारीहरू यथावत् पूरा गर्नेछन्।

३) नगरपालिकाका सबै कर्मचारीहरूले आफ्नो कार्य कायम राख्नेछन्। आफ्नै इच्छाले काम छोडेर जाने सबै कर्मचारीहरू अवकाश प्राप्त मानिनेछन्।

४) पेत्रोग्रादको नगर दुमाको चुनाव ९ डिसेम्बर (२६ नोभेम्बर) को दिन हुनेछ...

५) पेत्रोग्रादको नव निर्वाचित नगर दुमाको अधिवेशन ११ डिसेम्बर (२८ नोभेम्बर) १९१७ को दिन दिउँसोको २ बजे सुरु हुनेछ।

६) जसले यस आज्ञप्तिको उलङ्घन गर्नेछ र जानाजान नगरपालिका

सम्पत्तिमा हानि पुऱ्याउनेछ, तुरुन्त गिरफ्तार हुनेछ र क्रान्तिकारी अदालतसमक्ष उभ्याइनेछ।"

यस आज्ञप्तिको वास्तै नगरी दुमाको अधिवेशन चालू राखियो र दुमाले "आफ्नो रगतको अन्तिम थोपा बाँकी रहुन्जेलसम्म पनि आफ्नो प्रतिरक्षा कायम राख्नेछ" भन्ने घोषणा गरियो र नागरिकहरूसँग "आफ्नो निर्वाचित नगर प्रशासनलाई" बचाउने हताश अपिल जारी गरियो। तर जनता यस अपिलप्रति उदासीन रहे अथवा अझ विरोधसमेत जनाए। ३० (१७) नोभेम्बरको दिन मेयर श्रेइदेर तथा अन्य केही दुमा सदस्यहरूलाई गिरफ्तार गरियो, सोधपुछ गरियो र छोडियो। त्यस दिन र भोलि पल्ट पनि दुमाको अधिवेशन चालू रह्यो, लाल गार्डहरू र नौसैनिकहरू बीचबीचमा बराबर आइरहन्थे र बडो नम्रतापूर्वक सभा विसर्जन गर्ने अनुरोध गर्दथे। २ डिसेम्बर (२० नोभेम्बर) को दिन एक जना अफिसर र केही नौसैनिकहरू निकोलाइ हलभित्र पसे, त्यस बेला दुमाका एक जना सदस्य भाषण गर्दै थिए, सदस्यहरूलाई भनियो, उनीहरूले तुरुन्तै हल खाली पारून्, अन्यथा उनीहरूलाई त्यहाँबाट जबरजस्ती हटाइनेछ। अन्तिम क्षणसम्म प्रतिवाद गर्दै अन्ततोगत्वा "हिंसाको सामुन्ने झुक्दै" उनीहरू त्यहाँबाट हिंडे।

दस दिनपश्चात् निर्वाचित नयाँ दुमा, जसको निर्वाचनमा "नरमपन्थी" समाजवादीहरूले भाग लिन अस्वीकार गरेका थिए, झण्डै पूर्णतः बोल्शेभिकहरूद्वारा बनेको थियो। (१६)

खतरनाक प्रतिरोधका कतिपय केन्द्रहरू अझै पनि बाँकी थिए, जस्तै उक्राइना र फिनल्याण्डका "गणतन्त्रहरू", जसले निश्चित रूपले सोभियत विरोधी प्रवृत्ति प्रकट गर्दै थिए। हेलसिङ्फोर्स र किभ, दुवै ठाउँका सरकारहरू भरपर्दो सेना जम्मा गर्दै थिए र बोल्शेभिकवादलाई खतम पार्ने र रूसी सेनाहरूलाई निरस्त्र तुल्याउने र निकाल्ने योजना रच्दै थिए। उक्राइनी रादाले सम्पूर्ण दक्षिणी रसियाको कमान आफ्नो हातमा लिएको थियो र कालेदिनलाई थप सेना र खाद्य सामग्री पुऱ्याउँदै थियो। फिनल्याण्ड र उक्राइनाका सरकारहरूले जर्मनीसँग गुप्त वार्ता सुरु गरेका थिए; मित्रराष्ट्रहरूका सरकारहरूले उनीहरूलाई अविलम्ब मान्यता प्रदान गरे र सोभियत रसियामाथि अक्रमण गर्ने प्रतिक्रान्तिकारी केन्द्रहरूको स्थापनार्थ सम्पन्न वर्गहरूसँग साठगाँठ गरेर उनीहरूलाई ठूलठूलो रकम ऋण दिँदै थिए। अन्तमा, जब यी दुवै देशहरूमा बोल्शेभिकवादको विजय भयो,

पराजित बुर्जुवावर्गले आफ्नो सत्ता फर्काउन फेरि पनि जर्मनहरूको सहायता मागे।

परन्तु सोभियत सरकारको लागि सबैभन्दा भयङ्कर खतरा आन्तरिक खतरा थियो र यो खतरा दुईमुखे थियो—एउटा कालेदिन आन्दोलन थियो भने अर्को मागिल्योभस्थित सैनिक स्टाफ, जहाँ जर्नेल दुखोनिनले कमान आफ्नो हातमा लिएका थिए।

कजाकहरूको विरुद्ध लडाइँमा सर्वविद्यमान मुराभ्योभलाई सेनापति नियुक्त गरियो र कारखानाका मजदुरहरूलाई भर्ती गरेर एउटा लाल सेना गठन गरियो। सयौं प्रचारकहरूलाई दोन प्रदेशमा पठाइयो। जन कमिसार परिषद्ले कजाकहरूको नाममा एउटा घोषणा (१७) जारी गऱ्यो, जसमा सोभियत सत्ता भनेको के हो, कुन किसिमले सम्पन्न वर्ग-हरू, चिनोभ्निकहरू, जमिनदारहरू, बैंङकपतिहरू तथा उनीहरूका मति-यारहरू, कजाक रजौटाहरू, भूमिपतिहरू र जर्नेलहरू क्रान्तिलाई नष्ट पार्न तत्पर छन् र जनताले आफ्नो सम्पत्ति जफत गर्न नसकोस् भन्ने उद्देश्यले हरसम्भव प्रयास गर्दै छन्।

२७ (११) नोभेम्बरको दिन लेनिन र त्रोत्स्कीलाई भेट्न कजाकहरूको एउटा प्रतिनिधिमण्डल स्मोल्नी आइपुग्यो। उनीहरूले सोधे, के यो कुरा साँचो हो, सोभियत सरकार कजाकहरूको जमिन रूसी किसानहरूलाई बाँड्न चाहन्छ? "होइन", त्रोत्स्कीले जवाफ दिए। कजाकहरूले एक छिन सोचविचार गरिसकेपछि फेरि सोधे, "ठीक छ, तर के सोभियत सरकार ठूलठूला कजाक बिर्तावालहरूको बिर्ता जफत गरेर ती बिर्ताहरू श्रमजीवी कजाकहरूको बीचमा बाँड्न चाहन्छ?" यस प्रश्नको उत्तर दिंदै लेनिनले भन्नुभयो, "यस कुराको निर्णय त **तपाईंहरू** आफैले गर्नुपर्छ। श्रमजीवी कजाकहरूको जुनसुकै कार्यमा पनि हामी उनीहरूको समर्थन गर्नेछौं... सुरुमा कजाक सोभियतहरूको स्थापना नै सबैभन्दा राम्रो कुरा हुनेछ। तपाईंहरूलाई चेइकमा प्रतिनिधित्व प्रदान गरिनेछ र तत्पश्चात् यो सरकार **तपाईंहरूको** आफ्नै सरकार बन्नेछ।

विचारमग्न कजाकहरू घर फर्के। दुई हप्तापछि जर्नेल कालेदिनसँग भेट गर्न उनको सेनाबाट एउटा प्रतिनिधिमण्डल आयो। उनीहरूले काले-दिनलाई सोधे, "के तपाईं कजाक बिर्तावालहरूका ठूलठूला बिर्ताहरू श्रम-जीवी कजाकहरूको बीचमा बाँड्ने प्रतिज्ञा गर्न सक्नुहुन्छ?"

"म बाँचुन्जेल यो कुरा हुन सक्दैन," कालेदिनले जवाफ दिए।

एक महिनापछि, आफ्नै आँखाअगाडि आफ्नो सेना बिलाउँदै गएको देखेर कालेदिनले आत्महत्या गरे र यस प्रकारले कजाक आन्दोलन समाप्त भयो।

यसैबीच मागिल्योभमा पुरानो चेइकका सदस्यहरू, आभ्सेन्त्येभदेखि चेर्नोभसम्म सबै "नरमपन्थी" समाजवादी नेताहरू, पुराना सैनिक समितिहरूका सक्रिय अध्यक्षहरू तथा प्रतिक्रियावादी अफिसरहरूको मेला लागेको थियो। सैनिक स्टाफले जन कमिसार परिषद्लाई मान्यता दिन पूर्णत: अस्वीकार गऱ्यो। यसले आफ्नो वरिपरि मृत्यु बटालियनहरू, सेन्ट जर्जका वीरहरू र मोर्चाका कजाकहरूलाई ऐक्यबद्ध तुल्याएको थियो र मित्रराष्ट्रहरूका सैनिक प्रतिनिधिहरूसँग मिलेर कालेदिनको आन्दोलन र उक्राइनी रादासँग गुप्त तथा घनिष्ठ सम्पर्क कायम राखेको थियो।

मित्रराष्ट्रहरूले ८ नोभेम्बर (२६ अक्टोबर) को दिन प्रकाशित शान्ति आज्ञप्तिप्रति, जसमा सोभियतहरूको महाधिवेशनले आम युद्धविरामको प्रस्ताव राखेको थियो, कुनै प्रतिक्रिया जनाएनन्।

२० (७) नोभेम्बरको दिन त्रोत्स्कीले यी राष्ट्रहरूका राजदूतहरूको नाममा एउटा पत्र पठाए (१८) –

"राजदूत महोदय, तपाईंसमक्ष निम्न सूचना प्रस्तुत गर्ने सम्मान पाएको छु,.. सोभियतहरूको अखिल रसियाली महाधिवेशनले २६ अक्टोबरको दिन जन कमिसार परिषद्को रूपमा रसियाली गणतन्त्रको एक नयाँ सरकार गठन गरेको छ। भ्लादिमिर इल्यिच लेनिन यस सरकारको अध्यक्ष हुनुहुन्छ। परराष्ट्र मामिलासम्बन्धी जन कमिसारको रूपमा मलाई परराष्ट्र मामिलाको निर्देशन गर्ने अभिभारा सुम्पिएको छ।

पराइ भूमिको संयोजनविना अथवा हर्जानाविना जातिहरूको आत्मनिर्णयको अधिकारमा आधारित युद्धविराम तथा एक प्रजातान्त्रिक शान्ति सम्झौताको लागि अखिल रसियाली महाधिवेशनद्वारा अनुमोदित प्रस्तावको मूल लेखप्रति तपाईंको ध्यान आकर्षित गर्दै मैले तपाईंसमक्ष के अनुरोध गर्ने सम्मान प्राप्त गरेको छु भने तपाईं कृपया यस दस्तावेजलाई सबै मोर्चाहरूमा अविलम्ब युद्धविराम घोषणा गर्ने र अविलम्ब शान्ति वार्ता सुरु गर्नको लागि एक औपचारिक प्रस्तावको रूपमा स्वीकार गर्नोस्। यो प्रस्ताव रसियाली गणतन्त्रको अधिकृत सरकारले एकै चोटि सबै युद्धरत जनताहरू र उनीहरूका सरकारहरूसमक्ष प्रस्तुत गरेको छ।

राजदूत महोदय, कृपया आफ्नो जनताप्रति सोभियत सरकारको असीम सम्मानको गम्भीर आश्वासन स्वीकार गर्नोस्। यस अभूतपूर्व मारकाटद्वारा

थकित तथा आतङ्कित अन्य जनताहरूले झैं तपाईंको जनताले पनि शान्तिको कामना नगरी बस्न सक्दैन।"

त्यही राती जन कमिसार परिषद्ले जर्नेल दुखोनिनको नाममा एउटा आकाशवाणी पठायो –

"जन कमिसार परिषद् शत्रु तथा मित्र, सबै शक्तिहरूसमक्ष अविलम्ब युद्धविरामसम्बन्धी एक औपचारिक प्रस्ताव प्रस्तुत गर्नु आवश्यक ठान्दछ। परराष्ट्र मामिलासम्बन्धी कमिसारले पेत्रोग्रादस्थित मित्रराष्ट्रहरूका प्रतिनिधिहरूसमक्ष यस निर्णयअनुरूपको एउटा विज्ञप्ति पठाएको छ।

"नागरिक सेनापति, तपाईंलाई जन कमिसार परिषद् के आदेश दिन्छ भने... तपाईं शत्रुपक्षका सैनिक अधिकारीहरूसमक्ष अविलम्ब युद्ध रोक्न र शान्ति स्थापना गर्नको लागि वार्ता सुरु गर्ने प्रस्ताव राख्नोस्। प्रारम्भिक वार्ता सुरु गर्ने अभिभारा तपाईंलाई सुम्पँदै, जन कमिसार परिषद् तपाईंलाई आदेश दिन्छ –

१) शत्रु सेनाहरूका प्रतिनिधिहरूसँग प्रारम्भिक वार्ताको लागि जे जति पनि पाइलाहरू चालिन्छन्, तिनबारे अविलम्ब परिषद्लाई आकाशवाणीबाट खबर पठाइयोस्।

२) जन कमिसार परिषद्को अनुमोदनविना युद्धविराम सम्झौतामाथि हस्ताक्षर नगरियोस्।"

मित्रराष्ट्रहरूका राजदूतहरूले अवज्ञापूर्ण मौनतासाथ त्रोत्स्कीको पत्रको स्वागत गरे, साथै समाचारपत्रहरूमा घृणा र व्यङ्ग्यले भरिएका बेनामी अन्तर्वार्ताहरू छापिए। दुखोनिनलाई पठाइएको आदेशलाई हाकाहाकी देशद्रोहको प्रयासको रूपमा चित्रण गरियो।

जहाँसम्म दुखोनिनको प्रश्न छ, उनले कुनै प्रतिक्रिया जनाएनन्। २२ (९) नोभेम्बरको दिन उनीसँग टेलिफोनबाट सम्बन्ध राखियो र सोधियो, उनी आदेश मान्न तयार छन् कि छैनन्। दुखोनिनले जवाफ दिए, उनी त्यतिञ्जेल आदेश पालना गर्न तयार छैनन्, जबसम्म यस्तो आदेशलाई "सेना तथा राष्ट्रको समर्थन प्राप्त हुँदैन"।

तुरुन्तै उनलाई प्रधान सेनापतिको पदबाट हटाइएको र उनको स्थानमा क्रिलेन्कोलाई मनोनित गरिएको आदेश आकाशवाणीबाट पठाइयो। जनतासँग अपिल गर्ने आफ्नो कार्यनीतिअनुसार लेनिनले सबै रेजिमेन्टहरू, डिभिजनहरू र कोरहरूका समितिहरूको नाममा सेना तथा नौसेनाका सबै सिपाहीहरू तथा नौसैनिकहरूको नाममा एउटा रेडियो सन्देश दिनुभयो,

जसद्वारा उहाँले दुखोनिनको अस्वीकृतिबारे सूचित गर्नुभयो र आदेश दिनुभयो, "मोर्चाका रेजिमेन्टहरूले शत्रु सेनासँग कुराकानी गर्नको लागि आफ्नो प्रतिनिधि छान्नु।"

२३ (१०) नोभेम्बरको दिन मित्रराष्ट्रका सैनिक सहचारीहरूले आफ्नो सरकारको निर्देशनअनुसार दुखोनिनको नाममा एउटा पत्र पठाए, जसमा गम्भीर चेतावनी दिइएको थियो, उनले "एण्टेन्ट शक्तिहरूबीच सम्पन्न सन्धिहरूका शर्तहरूको उलङ्घन नगरुन्"। पत्रमा अगाडि भनिएको थियो भने यदि जर्मनीसँग बेग्लै युद्धविराम सम्झौता गरिएको खण्डमा रसियाको लागि यसको "परिणाम अत्यन्त गम्भीर हुनेछ"। दुखोनिनले यो पत्र अविलम्ब सबै सैनिक समितिहरूमा पठाए।

भोलिपल्ट बिहान त्रोत्स्कीले सेनाको नाममा एउटा अर्को अपिल जारी गरे, जसमा उनले मित्रराष्ट्रहरूका प्रतिनिधिहरूको पत्रलाई रसियाको आन्तरिक मामिलामा एक अति धृष्टतापूर्ण हस्तक्षेपको रूपमा चित्रण गरेका थिए र भनेका थिए, यो "जारले सम्पन्न गरेका सन्धिहरूको पालनास्वरूप रूसी सेना तथा रूसी जनतालाई धम्कीद्वारा लडाइँ जारी राख्न बाध्य तुल्याउने" नग्न प्रयास हो।

स्मोल्नीबाट एकपछि अर्को विज्ञप्तिहरूको ओइरो लाग्न थाल्यो (१९), जसमा दुखोनिन तथा उनको साथमा रहेका अन्य प्रतिक्रियावादी अफिसरहरूको भर्त्सना गरिएको थियो, मागिल्योभमा भेला भएका प्रतिक्रियावादी राजनीतिज्ञहरूको भर्त्सना गरिएको थियो। एक हजार माइलसम्म फैलिएको मोर्चाको एउटा छेउबाट अर्को छेउसम्म लाखौंलाख क्रुद्ध, सशङ्कित सैनिकहरू जुरमुरिए। साथै जोशिला नौसैनिकहरूको तीन वटा टुकडीसहित क्रिलेन्को प्रतिशोधको प्रचण्ड धम्की दिँदै (२०) **स्ताभ्का** (सैनिक हेडक्वार्टर) तिर लागे र सबै ठाउँमा सिपाहीहरूले बडो उल्लासपूर्वक उनको स्वागत गरे। यो वास्तवमा विजय यात्रा थियो। केन्द्रीय सैनिक समितिले दुखोनिनको समर्थनमा एउटा विज्ञप्ति प्रकाशित गऱ्यो; तुरुन्तै दस हजार सिपाहीहरूको एउटा सेनाले मागिल्योभमाथि हमला गऱ्यो।

२ डिसेम्बर (१९ नोभेम्बर) को दिन मागिल्योभको गैरिसनले विद्रोह गऱ्यो, शहर कब्जा गऱ्यो, दुखोनिन र सैनिक समितिका सदस्यहरूलाई गिरफ्तार गऱ्यो र विजयी रातो झण्डा फरफराउँदै नयाँ प्रधान सेनापतिको स्वागत गर्न निस्क्यो। भोलि पल्ट बिहान क्रिलेन्कोले मागिल्योभ प्रवेश गरे। उनले देखे जुन रेलको डिब्बामा दुखोनिन थुनिएका थिए, त्यसको चारैतिर

एक उन्मत्त भीड जम्मा भएको थियो। क्रिलेन्कोले एउटा भाषण गरे, जसमा उनले सिपाहीहरूसँग दुखोनिनमाथि हात नउठाउने अनुरोध गरे र भने, उनलाई पेत्रोग्राद लगिनेछ र त्यहाँ क्रान्तिकारी न्यायालयसमक्ष प्रस्तुत गरिनेछ। जब क्रिलेन्कोले आफ्नो भाषण समाप्त गरे, अकस्मात् स्वयम् दुखोनिन झ्याल अगाडि देखा परे, मानौँ उनी त्यस भीडलाई सम्बोधन गर्न चाहन्छन्। त्यो भीड जङ्गलीहरूजस्तो चिच्च्याउँदै दुखोनिनको डिब्बा-तिर हुत्तियो। बूढो जर्नेलमाथि जाइलागे र उनलाई घिसार्दै डिब्बाबाट बाहिर ल्याए र त्यहीँ प्लेटफार्ममा पिटीपिटीकन मारे।

यस प्रकारले स्ताभ्काको विद्रोह समाप्त भयो।

रसियामा शत्रु सैनिक शक्तिको अन्तिम महत्त्वपूर्ण गढको पतनबाट प्रचुर शक्ति आर्जन गरेपछि सोभियत सरकारले ठूलो आत्मविश्वाससहित राज्य प्रशासनको सङ्गठन गर्ने काम सुरु गऱ्यो। धेरैजसो पुराना सरकारी कर्मचारीहरू यसको झण्डामुनि भेला भए र अन्य पार्टीहरूका कतिपय सदस्य-हरूले पनि सरकारी पद ग्रहण गरे। परन्तु सरकारी कर्मचारीहरूको वेतन-सम्बन्धी आज्ञप्तिको प्रकाशन, जसद्वारा कमिसारहरूको वेतन, सबैभन्दा बढी वेतन–महिनाको पाँच सय रूबल (करिब पचास डलर) तोकियो, धनलोलुप मानिसहरूको आकाङ्क्षामा कुठाराघात बन्न गयो... युनियन-हरूको युनियनद्वारा सञ्चालित सरकारी कर्मचारीहरूको हडताल भङ्ग भयो; जुन वित्तीय तथा वाणिज्य तत्त्वहरूले उनीहरूको समर्थन गर्दै थिए, उनीहरूको समर्थन गर्न छोडे। बैङ्कहरूका क्लर्कहरू पनि आफ्नो काममा फर्के।

बैङ्कहरूको राष्ट्रीयकरणको आज्ञप्ति, सर्वोच्च राष्ट्रिय अर्थ परिषद्को गठन, गाउँहरूमा भूमिसम्बन्धी आज्ञप्तिको व्यावहारिक कार्यान्वयन, सेनाको प्रजातान्त्रिक पुनर्गठन तथा जीवन एवम् प्रशासनका सबै क्षेत्रहरूमा व्यापक परिवर्तनका साथसाथै–ती सबै पाइलाहरूका साथसाथै, जुन मजदुर, सैनिक तथा किसान जनसमुदायहरूको सङ्कल्पद्वारा मात्र कार्य रूपमा परिणत गर्न सकिन्थ्यो, कतिपय गल्तीहरू र बिघ्नबाधाहरूको बीच बिस्तारै बिस्तारै सर्वहारा रसियाको रूप साकार हुँदै थियो।

बोल्शेभिकहरूले सत्ता प्राप्त गरे–सम्पन्न वर्गहरू अथवा अन्य राज-नीतिक नेताहरूसँग मिलोमतो गरेर होइन, पुरानो प्रशासन व्यवस्थालाई मनाएर होइन, न त एक सानो गुटको सङ्गठित हिंसाद्वारा नै। यदि सम्पूर्ण रसियाभरिको जनता यस विद्रोहको लागि तयार नभएका भए यो

विद्रोह कदापि सफल हुने थिएन। बोल्शेभिकहरूको सफलताको एक मात्र कारण के थियो भने उनीहरूले जनताका व्यापकतम तब्काहरूका असीम तथा सामान्य आकाङ्क्षाहरूको परिपूर्ति गरे, पुरानो व्यवस्थालाई छ्यान्न-ब्यान्न र नष्टभ्रष्ट पार्न उनीहरूलाई आह्वान गरे र तत्पश्चात् भग्नावशेष-को धूलोमा एक नयाँ व्यवस्थाको ढाँचा निर्माण गर्न उनीहरूसँग हातेमालो गर्दै अगि बढे...

बान्हौं अध्याय

किसानहरूको महाधिवेशन

१८ (५) नोभेम्बरको दिन त्यस वर्ष पहिलो पटक हिउँ पऱ्यो। बिहान उठेर हेर्दा हामीले देख्यौं कार्नेसहरूमा सेतो हिउँको बाक्लो पत्र लागेको थियो। कति जोडले हिउँ पर्दै थियो भने दस फुटअगाडि कुनै कुरा देख्न मुश्किल थियो। सडकको हिलो गायब भइसकेको थियो, त्यो धमिलो शहर अकस्मात् सेताम्य भयो र चम्कन थाल्यो। कपासको भित्री भएको मोटो कोट लगाएका कोचवानहरूले अब **द्रोस्की** (बग्गी) को साटो स्लेज-गाडी हाँक्न थाले। ती स्लेजगाडीहरू असमथर सडकहरूमा बडो बेगले दौड्दै थिए, कोचवानहरूको दान्हीमा हिउँ जम्थ्यो र दान्ही कक्रक्क पर्थ्यो। क्रान्तिको विपरीत, सम्पूर्ण रसियाले नै एक त्यस्तो अज्ञात तथा भयङ्कर भविष्यतिर फड्को लगाए तापनि पहिलो हिमपातले शहरमा खुसीको लहर फैलाएको थियो। सबै मानिसहरू मुस्कुराइरहेका थिए, उनीहरू सडकमा निस्कन्थे, हाँस्दै उफ्रँदै दुवै हातले हिउँ टिप्थे। सम्पूर्ण उदासीनता गायब भयो। सेतो हिउँले ढाकिएका सुनौला रङ्गीचङ्गी मिनारहरू तथा गुम्बज-हरू चम्कँदै थिए—तिनको आश्चर्यजनक चम्काहट अझ बढेको थियो।

दिउँसो सूर्य पनि देखा पऱ्यो, मलिन तथा निस्तेज। बर्सातको सर्दी र वातको रोग कता हो बिलायो। शहरको जीवनमा एउटा नयाँ शक्तिको सञ्चार भयो र स्वयम् क्रान्तिको गतिले तीव्र रूप लियो...।

एक दिन साँझपख म स्मोल्नी भवनसामुन्ने सडकपारिको एउटा **त्राक्तिर** अर्थात् तल्लो स्तरको एक किसिमको रेस्टुराँमा बसेको थिएँ; होचो छत भएको, निकै सोरगुल भइरहने यस रेस्टुराँलाई 'काका टमको छाप्रो' भन्ने गर्दथे र यहाँ प्रायशः लाल गार्डहरूको जमघट हुन्थ्यो। अहिले पनि त्यो रेस्टुराँ लाल गार्डहरूले भरिएको थियो, मैलो टेबुलपोशले छोपिएका साना टेबुलहरूवरिपरि मानिसहरूको भीड लागेको थियो। टेबुलहरूमा

चिनियाँ माटोले बनेका ठूलठूला चियादानहरू राखिएका थिए। चुरोटको धुवाँले कोठा टम्म भरिएको थियो। दिक्क भएका परिचारकहरू "**सि-च्यास! सिच्यास!**" (एक छिनमा! अहिल्यै!) भन्दै ओहोरदोहोर गरि-रहेका थिए।

एउटा कुनामा कप्तानको बर्दी लगाएका एक व्यक्ति बसेका थिए र त्यस भेलासमक्ष भाषण छाँट्दै थिए। स्रोताहरूचाहिँ उनको प्रत्येक वाक्यमा विरोध प्रकट गर्दै थिए।

"तपाईंहरू कुनै हत्याराभन्दा कम हुनुहुन्न!" उनी चिच्च्याउँदै थिए। "सडकमा आफ्ना रूसी दाजुभाइहरूमाथि गोली चलाउनुहुन्छ!"

"हामीले कहिले यस्तो काम गरेका छौं र?" एक जना मजदुरले सोधे।

"गएको आइतवार मात्रै तपाईंहरूले यसो गर्नुभएको थियो, जब युङ्केरहरूले...।"

"ए, त्यसो भए के उनीहरूले हामीमाथि गोली चलाएका थिएनन् र?" एक जनाले आफ्नो ब्याण्डेज लगाइएको हात देखाउँदै भन्यो। "पाजीहरूले सधैँको लागि मलाई यो चिन्ह छोडिदिएका छन्!"

कप्तानले सम्पूर्ण शक्ति लगाएर चिच्च्याउँदै भन्यो, "तपाईंहरूले तटस्थ बस्नुपर्थ्यो! तपाईंहरूले जुनसुकै हालतमा पनि तटस्थ बस्नुपर्थ्यो! वैधानिक सरकारलाई उल्टाउने तपाईंहरूलाई के अधिकार? को हो यो लेनिन भन्ने? एक जर्मन...।"

"तपाईं को नि? एक प्रतिक्रान्तिकारी! जासुस!" उनीहरू उसमाथि जाइलागे।

सोरगुल कम भएपछि र आफ्नो आवाज सुनिने भएपछि कप्तानले उभिँदै भन्यो, "ठीक छ! तपाईंहरू आफूलाई रूसी जनता भन्नुहुन्छ, तर तपाईंहरू रसियाका जनता **हुनुहुन्न**! रसियाका जनता त **किसानहरू** हुन्। पर्खनोस् त, जब किसानहरू...।"

"हो, हो, ठीक छ," उनीहरूले पनि चर्को स्वरमा भने। "पर्खनोस् र हेर्नोस्, किसानहरूले के भन्नेछन्। हामीलाई थाहा छ, किसानहरूले के भन्नेछन्... के उनीहरू पनि हामीजस्तै श्रमजीवीहरू होइनन् र?"

अन्ततोगत्वा सबै कुरा किसानहरूमाथि निर्भर थियो। किसानहरू राजनीतिक दृष्टिले अवश्य पनि पछौटे अवस्थामा थिए, तर उनीहरूको आफ्नै विशेष किसिमको विचारधारा थियो र रूसी जनताको ८० प्रतिशत-

भन्दा पनि बढी जनसङ्ख्या किसानहरू नै थिए। किसानहरूको बीचमा बोल्शेभिकहरूका अनुयायीहरू अपेक्षाकृत रूपले कम थिए र रसियामा औद्योगिक मजदुरहरूको स्थायी अधिनायकवाद असम्भव थियो... समाजवादी-क्रान्तिकारी पार्टी नै किसानहरूको परम्परागत पार्टी थियो। यस बेला सोभियत सरकारलाई समर्थन गर्ने सबै राजनीतिक पार्टीहरूमध्ये वामपन्थी समाजवादी-क्रान्तिकारीहरू नै किसान नेतृत्वका तर्कसङ्गत उत्तराधिकारी थिए र यी वामपन्थी समाजवादी-क्रान्तिकारीहरूलाई, जो सङ्गठित नगर सर्वहाराको दयामा निर्भर थिए, किसानहरूको समर्थनको चर्को आवश्यकता थियो।

स्मोल्नीले पनि किसानहरूलाई बिर्सेको थिएन। भूमिसम्बन्धी आज्ञप्तिको प्रकाशनपश्चात् नयाँ चेइकले उठाएको पहिलो पाइलो के थियो भने यसले किसान सोभियतहरूका कार्यकारिणी समितिको वास्तै नगरी किसानहरूको महाधिवेशन डाक्यो। केही दिनपछि **भोलस्त** (इलाका) भूमि समितिको लागि विस्तृत नियमावली जारी गरियो, जसपछि लेनिनको 'किसानहरूलाई निर्देशन' (१)* प्रकाशित भयो, जसमा बोल्शेभिक क्रान्ति र नयाँ सरकारबारे सरल भाषामा व्याख्या गरिएको थियो। अन्त्यमा १६ (३) नोभेम्बरको दिन लेनिन र मिल्युतिनले 'प्रान्तहरूमा पठाइने दूतहरूको लागि निर्देशन' प्रकाशित गराउनुभयो। सोभियत सरकारले हजारौँ यस्ता दूतहरूलाई गाउँहरूमा पठायो।

"१) जुन प्रान्तका लागि उनी अधिकृत छन्, त्यहाँ पुगेपछि त्यस दूतले मजदुर, सैनिक तथा किसानहरूका प्रतिनिधिहरूका सोभियतहरूको कार्यकारिणी समितिको एउटा बैठक डाक्नुपर्छ, जसमा उनले कृषि कानुनबारे एउटा प्रतिवेदन प्रस्तुत गर्नुपर्छ र तत्पश्चात् सोभियतहरूको एक पूर्ण सम्मिलित अधिवेशन डाक्ने माग गर्नुपर्छ...

२) उनले त्यस प्रान्तको कृषि समस्याका सबै पक्षहरूको अध्ययन गर्नुपर्छ।

क) के जमिनदारहरूको जमिन जफत गरियो? यसो गरिएको छ भने कुनकुन जिल्लामा?

ख) जफत गरिएको जमिनको व्यवस्थापन कसको हातमा छ—भूतपूर्व मालिकको अथवा भूमि समितिको?

---

*हेर्नोस् यस अध्यायको परिशिष्टमा दिइएका टिप्पणीहरू।

ग) कृषि औजारहरू र गाईवस्तुहरूको कस्तो व्यवस्था गरिएको छ?

३) किसानहरूको जोतमा रहेको जमिनमा वृद्धि भएको छ?

४) यस बेला जति जमिन जोतिन्छ, त्यो सरकारद्वारा निर्धारित औसत न्यूनतम भूमिको मात्राअनुसार बढी अथवा कम छ र कुन अर्थमा फरक छ?

५) दूतले के कुरामा जोड दिनुपर्छ भने जमिन पाइसकेपछि किसानहरूले जोतमा रहेका जमिनको सङ्ख्या सकेसम्म बढाउन् र अनिकालबाट बचाउने एक मात्र उपायको रूपमा शहरहरूमा सकेसम्म छिटो अन्न पठाउन्।

६) जमिनदारहरूको हातबाट भूमि समितिहरू तथा सोभियतहरूद्वारा नियुक्त यस प्रकारका अन्य निकायहरूको हातमा भूमि अन्तरणको लागि के कस्ता कारबाईहरू गरिएका छन् अथवा गर्ने योजना बनाइएको छ?

७) सुनियोजित तथा सुव्यवस्थित जमिनदारीहरूको प्रबन्ध कुशल कृषि विशेषज्ञहरूको निर्देशनमा यी जमिनदारीहरूका स्थायी कर्मचारीहरूका प्रतिनिधिहरूबाट बनेका सोभियतहरूद्वारा हुनु वाञ्छनीय छ।"

सबै गाउँहरूमा परिवर्तनको लहर फैलिएको थियो, जसको कारण भूमि-आज्ञप्तिको विद्युत-प्रभाव मात्रै थिएन, अपितु के पनि थियो भने क्रान्तिकारी विचारधारा राख्ने हजारौँहजार किसानहरू मोर्चाबाट फर्कदै थिए... यी मानिसहरूले किसानहरूको महाधिवेशन डाक्ने कुराको विशेष रूपमा स्वागत गरे।

मजदुर तथा सैनिकहरूका सोभियतहरूको द्वितीय महाधिवेशन डाक्ने कुरामा पुरानो चेइकले व्यवधान खडा गरेको थियो, त्यस्तै किसिमले किसानहरूका सोभियतहरूको कार्यकारिणी समितिले पनि स्मोल्नीद्वारा डाकिने किसान महाधिवेशनलाई विफल तुल्याउन निकै प्रयास गऱ्यो र जब पुरानो चेइकले जस्तै आफ्नो सम्पूर्ण प्रतिरोध निरर्थक छ भन्ने कुरा बुझ्यो यसले एकपछि अर्को उन्मादपूर्ण आकाशवाणीहरू पठाउन थाल्यो र अनुदार प्रतिनिधिहरू मात्र छानियुन् भन्ने आदेश दियो। किसानहरूको बीचमा यो महाधिवेशन मागिल्योभमा हुनेछ भन्ने हल्ला फैलाइएको थियो र केही प्रतिनिधिहरू त्यहाँ पुगे पनि। परन्तु २३ (१०) नोभेम्बरको दिन लगभग ४०० जना प्रतिनिधिहरू पेत्रोग्रादमा भेला भइसकेका थिए र अन्तर्पार्टी बैठकहरू सुरु भइसकेका थिए।

महाधिवेशनको पहिलो बैठक दुमा भवनको अलेक्सान्दर हलमा सम्पन्न

भयो र पहिलो मतदानले नै के कुरा देखायो भने आधाभन्दा बढी प्रतिनिधिहरू वामपन्थी समाजवादी-क्रान्तिकारी थिए, पाँच खण्डको एक खण्ड प्रतिनिधिहरू मात्र बोल्शेभिकहरूको कुरा सुन्दथे, मात्र एक चौथाइ प्रतिनिधिहरू दक्षिणपन्थी समाजवादी-क्रान्तिकारीहरूको नियन्त्रणमा थिए र बाँकी सबै प्रतिनिधिहरू मात्र के कुरामा ऐक्यबद्ध थिए भने उनीहरू सबै पुरानो कार्यकारिणी समितिको विरोधी थिए, जसको नियन्त्रण आभ्सेन्त्येभ, चाइकोभ्स्की, पेशेखोनोभ जस्ता मानिसहरूले गरेका थिए।

त्यो विशाल सभा-भवन मानिसहरूले खचाखच भरिएको थियो, हल्ला कति चर्को थियो भने भित्ता नै हल्लिएलाजस्तो लाग्थ्यो; गहन, कहिल्यै नमेटिने शत्रुताको भावनाले ती प्रतिनिधिहरूलाई क्रुद्ध समूहहरूमा विभाजित तुल्याएको थियो। दक्षिणतिर अफिसरको वर्दी लगाएका मानिसहरू, पुराना, धनी किसानहरूका बुज्रुग दाह्रीवाल अनुहारहरू देखिन्थे, बीचमा केही किसानहरू, सानो तहका अफिसरहरू र केही सिपाहीहरू थिए; देब्रेतिर बसेका प्राय सबैजसो प्रतिनिधिहरूले साधारण सिपाहीको वर्दी लगाएका थिए। यी सेनामा काम गरेका नयाँ पीढीका मानिसहरू थिए... ग्यालरीमा मजदुरहरूको भीड लागेको थियो, रसियामा मजदुरहरूले उनीहरू पनि कुनै जमानामा किसान नै थिए भन्ने कुरा बिर्सेका थिएनन्।

महाधिवेशनको उद्घाटन गर्दै कार्यकारिणी समितिले पुरानो चेड्कको विपरीत यस महाधिवेशनलाई औपचारिक मान्यता दिन तयार भएन। औपचारिक महाधिवेशन १३ डिसेम्बर (३० नोभेम्बर) को दिन बोलाइएको थियो। एकातिर तालीको गडगडाहट भने अर्कोतिर क्रुद्ध चित्कारहरूबीच अध्यक्षले घोषणा गरे, यो सभा महाधिवेशन होइन, मात्र असाधारण सम्मेलन हो... परन्तु छिटै यस "असाधारण सम्मेलनले" वामपन्थी समाजवादी-क्रान्तिकारीहरूका नेता मारिया स्पिरिदोनोभालाई सभापति छानेर कार्यकारिणी समितिप्रति आफ्नो दृष्टिकोण व्यक्त गर्‍यो।

पहिलो दिनको बैठकमा भोलस्त सोभियतहरूका प्रतिनिधिहरूलाई शामेल गराउने हो वा केवल प्रान्तीय सङ्गठनहरूका प्रतिनिधिहरूलाई भन्ने प्रश्नलाई लिएर चलेको चर्को विवादमा नै धेरैजसो समय बितिहाल्यो। मजदुर तथा सैनिकहरूको महाधिवेशनमा जस्तै यहाँ पनि एक विशाल बहुमतले व्यापकतम प्रतिनिधित्वको पक्षमा निर्णय गरे, यस निर्णयपश्चात् पुरानो कार्यकारिणी समिति सभा-भवन छोडेर गयो।

प्राय धेरैजसो प्रतिनिधिहरू जन कमिसारहरूको सरकारका विरोधी

छन् भन्ने कुरा तुरुन्तै स्पष्ट भइहाल्यो। जिनोभ्येभले बोल्शेभिकहरूको तर्फबाट बोल्ने प्रयास गरे, तर चारैतिरबाट सिटी बज्न थाल्यो र उनी चुप लाग्न बाध्य भए। उनी मञ्चबाट निस्कँदा मानिसहरू हाँस्न थाले र व्यङ्ग्यपूर्ण आवाजहरू सुनिए, "कस्तो दुर्गति भएछ त बिचरो जन कमिसारको!"

प्रान्तहरूबाट आएका एक जना प्रतिनिधि नाजान्येभले चर्को स्वरमा भन्यो, "हामी वामपन्थी समाजवादी-क्रान्तिकारीहरू यो तथाकथित मजदुर तथा किसानहरूको सरकारलाई त्यतिञ्जेल मान्यता दिन सक्दैनौं, जबसम्म यसमा किसानहरूले स्थान पाउने छैनन्। अहिले यो मजदुरहरूको अधिनायकवादसिवाय अरू केही होइन... हामी एक त्यस्तो नयाँ सरकारको निर्माणको माग गर्दछौं, जसले समस्त प्रजातान्त्रिक शक्तिहरूको प्रतिनिधित्व गर्नेछ!"

प्रतिक्रियावादी प्रतिनिधिहरूले बडो चतुरतापूर्वक यस भावनाको प्रयोग गरे र बोल्शेभिक प्रतिनिधिहरूको प्रतिवादको विपरीत भने, जन कमिसार परिषद् या त महाधिवेशनलाई आफ्नो नियन्त्रणमा राख्न चाहन्छ या त हतियारको बलले यसलाई भङ्ग गर्न चाहन्छ। यो कुरा सुन्दा किसानहरूको रिसको सीमा रहेन।

तेस्रो दिन लेनिन अकस्मात् मञ्चमा देखा पर्नुभयो। दस मिनेटसम्म सभा-भवनमा यस्तो हल्ला मच्चियो, मानौं सबै मानिस पागल भए। "लेनिन मुर्दाबाद!" उनीहरू चिच्च्याउँदै थिए। "हामी तपाईंहरूका जन कमिसारहरूको कुरा सुन्न चाहन्नौं! हामी तपाईंहरूको सरकारलाई मान्यता दिँदैनौं!"

लेनिन शान्त, निर्विकार र निश्चल भावले त्यहाँ उभिइरहनुभयो। उहाँले दुवै हातले टेबुल समाउनुभएको थियो र आफ्ना साना आँखाले तल सभा-भवनमा मच्चिएको त्यो खैलाबैलाको निरीक्षण गर्दै हुनुहुन्थ्यो। अन्ततः सभाको दक्षिणी पक्षसिवाय अरू सबै धेरथोर शान्त भए।

"म यहाँ जन कमिसार परिषद्को सदस्यको नाताले आएको होइन", लेनिनले भन्नुभयो र एक छिनसम्म कोलाहल शान्त होला भनेर पर्खनुभयो। "म यहाँ महाधिवेशनको लागि विधिवत निर्वाचित बोल्शेभिक दलको सदस्यको रूपमा उपस्थित भएको छु"। उहाँले सबैले देख्ने गरी हात उठाएर आफ्नो परिचय पत्र देखाउनुभयो।

"यद्यपि", उहाँले शान्त निष्कम्प स्वरमा अगाडि भन्नुभयो, "रसि-

याको वर्तमान सरकार बोल्शेभिक पार्टीले गठन गरेको हो भन्ने कुरा शायद नै कसैले अस्वीकार गर्ला", उहाँ एक छिन थामिनुभयो, तर वास्तवमा कुरा एउटै हो..."। यहाँनेर दक्षिणपन्थी बेन्चहरूमा भयङ्कर कोलाहल मच्चियो, परन्तु मध्यपन्थीहरू तथा वामपन्थीहरू कुरा सुन्न उत्सुक थिए र उनीहरूले अरूलाई चुप लाग्न बाध्य पारे।

लेनिनको तर्क सरल थियो। "तपाईं किसानहरू, जसको हातमा हामीले **पामेशिकहरू** (जमिनदारहरू) को जमिन सुम्पेका छौं, अब स्पष्ट रूपमा भन्नुहोस्, के अब तपाईंहरू मजदुरहरूले उद्योग व्यवस्थामाथि कब्जा नगरुन् भन्ने चाहनुहुन्छ? यो वर्गयुद्ध हो। पामेशिकहरूले किसानहरूको विरोध गर्दछन् र उद्योगपतिहरूले मजदुरहरूको विरोध गर्दछन् भन्ने कुरामा कुनै शङ्का छैन। के तपाईंहरू सर्वहारावर्गको पङ्क्तिमा फूट भएको देख्न चाहनुहुन्छ? तपाईंहरू कुन पक्षमा लाग्न चाहनुहुन्छ?

"हामी बोल्शेभिकहरू सर्वहारावर्गका पार्टी हौं—कृषि सर्वहाराका साथसाथै औद्योगिक सर्वहाराका पनि। हामी बोल्शेभिकहरू सोभियतहरूलाई बचाउन चाहन्छौं—किसानहरूका सोभियतहरूका साथसाथै मजदुर तथा सैनिक सोभियतहरूलाई पनि। वर्तमान सरकार सोभियतहरूको सरकार हो, हामीले केवल किसान सोभियतहरूलाई मात्र यस सरकारमा सम्मिलित हुन निमन्त्रणा गरेका होइनौं, हामीले वामपन्थी समाजवादी-क्रान्तिकारी-हरूका प्रतिनिधिहरूलाई पनि जन कमिसार परिषद्मा सामेल हुन निमन्त्रणा गरेका थियौं।

"सोभियतहरू जनताको—कारखाना तथा खानीहरूका मजदुरहरूको, खेतमा काम गर्ने मजदुरहरूको—सबैभन्दा उत्कृष्ट प्रतिनिधि हुन्, जसले सोभियतहरूलाई नष्ट पार्ने प्रयास गर्दछ, त्यो अप्रजातान्त्रिक तथा प्रति-क्रान्तिकारी कार्यको लागि दोषी छ। म यहाँ दक्षिणपन्थी समाजवादी-क्रान्तिकारी कमरेडहरू र कादेत महानुभावहरूलाई चेतावनी दिन चाहन्छु, यदि संविधान सभाले सोभियतहरूलाई खतम पार्ने चाल चल्यो भने, हामी संविधान सभालाई यस्तो काम गर्ने मौका कदापि दिन्नौं!"

२५ (१२) नोभेम्बरको दिन साँझपख कार्यकारिणी समितिद्वारा डा-किएका चेर्नोभ हतारिंदै मागिल्योभबाट आइपुगे। दुई महिनाअगि मात्रै उनी चरमपन्थी क्रान्तिकारी ठानिन्थे र किसानहरूको बीचमा अति लोकप्रिय थिए, तर अहिले वामपक्षतर्फको खतरनाक रूझानबाट महाधिवेशनलाई बचाउन उनलाई डाकिएको थियो। पेत्रोग्राद आइपुग्नासाथ चेर्नोभ गिर-

फ्तार गरिए र उनलाई स्मोल्नी पुऱ्याइयो, त्यहाँ एक सङ्क्षिप्त वार्तापश्चात् उनलाई छोडियो।

चेर्नोभले सबैभन्दा पहिले कार्यकारिणी समितिलाई महाधिवेशनको परित्याग गरेबापत नराम्ररी हप्कायो। समिति महाधिवेशनमा फर्कन तयार भयो, र अधिकांश प्रतिनिधिहरूको तालीको गडगडाहट र बोल्शेभिकहरूको व्यङ्ग्यवाणबीच चेर्नोभले सभा भवनमा प्रवेश गरे।

"साथीहरू, म बाहिर गएको थिएँ। म पश्चिमी मोर्चाको सेनाहरूका किसान प्रतिनिधिहरूको एउटा महाधिवेशन डाक्ने प्रश्नमाथि विचारविमर्श गर्न आयोजित बाह्रौं सेनाको सम्मेलनमा भाग लिँदै थिएँ। यहाँ जुन विद्रोह भएको थियो, त्यसबारे मलाई अति कम ज्ञान छ...।"

जिनोभ्येभ उठ्यो र चिच्च्यायो, "हो, तपाईं एक छिनको लागि हावा खान निस्कनुभएको थियो!" भयङ्कर कोलाहल हुन्छ र आवाजहरू सुनिन्छ, "बोल्शेभिकहरूको सत्यानाश होस्!"

चेर्नोभले अगाडि भने, "सेनाद्वारा पेत्रोग्रादमाथि हमलाको व्यवस्था गर्नमा मैले मदत पुऱ्याएको थिएँ भन्ने हल्ला बिलकुल निराधार हो। कसले ममाथि यस्तो आरोप लगाएको हो? कृपया देखाउनोस् त!" जिनोभ्येभ—"'इज्भेस्तिया' र 'जेला नारोदा'—तपाईंका आफ्नै समाचारपत्रहरू, तिनै हुन् यस आरोपका स्रोतहरू!"

साना आँखा, घुँग्रिएको कपाल र कैलो दाह्री भएको चेर्नोभको बाटुलो अनुहार रिसले रातो भयो, तर उनले संयत हुँदै आफ्नो भाषण जारी राखे, "म फेरि पनि भन्दै छु, यहाँ जे जति घटना घटे, वस्तुतः तिनबारे मलाई केही थाहा छैन, मैले कुनै पनि सेनाको नेतृत्व गरेको छैन, सिवाय यस सेनाको (उनले हातको इशाराले किसान प्रतिनिधिहरूतिर देखाए) र जसलाई यहाँ ल्याउनमा मुख्य रूपमा म नै जिम्मेदार छु!" हाँसो र आवाज "स्याबास!"

"पेत्रोग्राद आइपुगेपछि म स्मोल्नी गएको थिएँ। त्यहाँ ममाथि कुनै पनि प्रकारको आरोप लगाइएन... एक सङ्क्षिप्त वार्तापश्चात् म त्यहाँबाट निस्कें—बस, यत्तिकै हो! यहाँ उपस्थित कुनै व्यक्तिले ममाथि यस्तो कुनै आरोप लगाउने आँट गर्न सक्छ?"

त्यसपछि सभा-भवनमा भयङ्कर कोलाहल मच्चियो। बोल्शेभिकहरू र केही वामपन्थी समाजवादी-क्रान्तिकारीहरू सँगसँगै उभिए र एक अर्को-

लाई मुक्का देखाउँदै चिच्च्याउन थाले। बाँकी मानिसहरूले चिच्च्याउँदै उनीहरूलाई शान्त पार्ने र बसाल्ने प्रयास गरे।

"यस्तो पनि अधिवेशन हुन्छ, यो त पागलखाना हो!" चेर्नोभले चर्को स्वरमा भन्यो र सभा-भवनबाट निस्क्यो; हल्ला र झगडाले गर्दा सभा स्थगित राखियो।

यस बीच महाधिवेशनमा कार्यकारिणी समितिको स्थान कस्तो हुनुपर्छ भन्ने प्रश्नले सबैको दिमाग खाइरहेको थियो। त्यस भेलालाई "असाधारण सम्मेलन" भनेर कार्यकारिणी समितिको पुनर्निर्वाचन रोक्ने योजना बनाइएको थियो। तर यो योजना दुई धारे तरबार बन्न पुग्यो। वामपन्थी समाजवादी-क्रान्तिकारीहरूले निर्णय गरे, यदि महाधिवेशनको कार्यकारिणी समितिमाथि कुनै अधिकार छैन भने कार्यकारिणी समितिको पनि महाधिवेशनमाथि कुनै अधिकार छैन। २५ (१२) नोभेम्बरको दिन सभाले कार्यकारिणी समितिको अधिकार असाधारण सम्मेलनले ग्रहण गर्नेछ भन्ने निर्णय पारित गऱ्यो, र सम्मेलनमा कार्यकारिणी समितिका तिनै सदस्यहरूले मात्रै मतदान गर्न सक्नेछन्, जो औपचारिक रूपमा प्रतिनिधि निर्वाचित भएका छन्।

भोलि पल्ट, बोल्शेभिकहरूको तीव्र प्रतिवादको विपरीत त्यस प्रस्तावमा एउटा संशोधन गरियो, जसअनुसार, कार्यकारिणी समितिका सबै सदस्यहरूले, चाहे तिनीहरू निर्वाचित प्रतिनिधि होउन् अथवा नहोउन्, सभामा बोल्ने र मतदान गर्ने अधिकार पाए।

२७ (१४) तारिखको दिन भूमि-समस्यामाथि बहस भयो। यस बहसको सिलसिलामा बोल्शेभिकहरूको र वामपन्थी समाजवादी-क्रान्तिकारीहरूको कृषि कार्यक्रममा निहित अन्तर स्पष्ट भयो।

वामपन्थी समाजवादी-क्रान्तिकारीहरूको तर्फबाट बोल्दै काचिन्स्कीले क्रान्तिकालमा भूमि-समस्याको इतिहाससम्बन्धी रूपरेखा प्रस्तुत गरे। उनले भने, किसानहरूको सोभियतको पहिलो महाधिवेशनले जमिनदारहरूको जमिन अविलम्ब भूमि समितिहरूलाई सुम्पने एक स्पष्ट प्रस्ताव औपचारिक रूपमा स्वीकार गरेको थियो। परन्तु क्रान्तिका निर्देशकहरू तथा सरकारमा रहेका बुर्जुवाहरूले संविधान सभा भेला नभएसम्म यस प्रश्नको समाधान हुन सक्दैन भन्ने कुरामा जोड दिएका थिए...। क्रान्तिको दोस्रो

चरण, "सम्झौताको" चरण त्यस बेला सुरु भयो, जब चेर्नोभले मन्त्रि-मण्डलमा प्रवेश गरे। किसानहरू अब भूमि-समस्याको व्यावहारिक समाधान हुन थाल्नेछ भन्ने कुरामा विश्वस्त थिए; परन्तु किसानहरूको प्रथम महाधिवेशनको आदेशात्मक निर्णयको विपरीत कार्यकारिणी समितिका प्रति-क्रियावादीहरू तथा सम्झौतापन्थीहरूले कुनै पनि काम हुन दिएनन्। यस नीतिको फलस्वरूप गाउँहरूमा विभिन्न ठाउँमा हुलदङ्गाहरू भए, जुन वास्तवमा किसानहरूको अधैर्य र उनीहरूको क्रियाशीलताको दमनको प्रति-क्रियाको स्वाभाविक अभिव्यक्ति थिए। किसानहरूले क्रान्तिको अर्थ ठीक तरिकाले बुझेका थिए—उनीहरू कुरालाई काममा बदल्न चाहन्थे।

"हालसालै घटेका घटनाहरू", वक्ताले अगाडि भने, "सामान्य हुलदङ्गा अथवा "बोल्शेभिक दुस्साहसवादका" अभिव्यक्ति होइनन्, यसको विपरीत, यी घटनाहरू वास्तविक जनविद्रोह हो, जसको सम्पूर्ण राष्ट्रले नै ठूलो सहानुभूतिसाथ स्वागत गरेको छ।

"बोल्शेभिकहरूले आम रूपमा भूमि-समस्याप्रति सही दृष्टिकोण राखेका थिए, तर किसानहरूलाई जबरजस्ती जमिन कब्जा गर्ने सल्लाह दिएर उनीहरूले ठूलो गल्ती गरे... बोल्शेभिकहरूले सुरुदेखि नै घोषणा गरेका थिए, किसानहरूले "क्रान्तिकारी जनसङ्घर्षद्वारा" जमिन कब्जा गर्नुपर्छ। यो अराजकतासिवाय अरू केही होइन; सङ्गठित तरिकाले जमिन कब्जा गर्न सकिन्थ्यो... बोल्शेभिकहरूको लागि क्रान्तिका समस्याहरू यथासम्भव छिटो समाधान गर्नु सबैभन्दा महत्त्वपूर्ण कुरा थियो, तर **कसरी** यी समस्याहरूको समाधान गरिनुपर्छ भन्ने कुरा बोल्शेभिकहरूको लागि त्यति चासोको विषय थिएन।

"सोभियतहरूको महाधिवेशनद्वारा पारित भूमिसम्बन्धी आज्ञप्ति मूलतः किसानहरूको प्रथम महाधिवेशनद्वारा पारित निर्णयभन्दा फरक छैन। त्यसो भए नयाँ सरकारले त्यस महाधिवेशनद्वारा निरूपित कार्यनीतिको किन अनुसरण गरेन? किनभने जन कमिसार परिषद् सकेसम्म छिटो भूमि-समस्याको समाधान गर्न चाहन्थ्यो, जसले गर्दा संविधान सभाको लागि गर्ने कुनै काम बाँकी नरहोस्।

"तर सरकारले केही व्यावहारिक पाइलाहरू पनि चाल्नु आवश्यक छ भन्ने कुरा बुझेको थियो, तसर्थ, सरकारले अरू बढी सोचविचार नगरी 'भूमि समितिहरूको लागि नियमावली' पारित गऱ्यो र यस प्रकारले एउटा अनौठो परिस्थिति उत्पन्न भयो; किनभने एकातिर जन कमिसार परिषद्ले

भूमिमाथि निजी स्वामित्वको उन्मूलन गरेको छ भने अर्कोतिर, भूमि समितिले तयार पारेको नियमावली निजी स्वामित्वमा आधारित छ... जे होस्, यसले कुनै क्षति पुऱ्याएको छैन, किनभने भूमि समितिहरूले सोभियत आज्ञप्तिहरूप्रति ध्यान दिएका छैनन् र आफ्नै व्यावहारिक निर्णयहरू लागू गर्दै छन् र यी त्यस्ता निर्णयहरू हुन्, जुन किसानहरूको विशाल बहुमतको इच्छामा आधारित छन्।

"यी भूमि समितिहरूले वैधानिक रूपले भूमि-समस्या समाधान गर्ने प्रयास गरिरहेका छैनन, किनभने यो कुरा संविधान सभाको अधिकारक्षेत्रभित्रको कुरा हो... परन्तु के संविधान सभाले रसियाका किसानहरूको इच्छाअनुरूप काम गर्न तयार हुनेछ? यस प्रश्नको हामी निश्चित उत्तर दिन सक्दैनौं... हामी मात्र एउटा कुरामा निश्चिन्त छौं र त्यो के हो भने अब किसानहरूको क्रान्तिकारी सङ्कल्प बिउँझिसकेको छ र संविधान सभाले विवशतापूर्वक भए पनि भूमि-समस्याको समाधान त्यस्तै किसिमले गर्न **बाध्य हुनेछ,** जस्तो किसानहरू चाहन्छन्... संविधान सभाले जन इच्छाको अवहेलना गर्ने आँट गर्न सक्दैन।"

तत्पश्चात् लेनिनले बोल्नुभयो र मानिसहरूले बडो ध्यानपूर्वक उहाँको भाषण सुने। "यस बेला हामी भूमि-समस्या मात्रै समाधान गर्न तम्सिएका छैनौं, हामी सामाजिक क्रान्तिको प्रश्न पनि समाधान गर्दै छौं—यहाँ रसियामा मात्रै नभएर संसारभरि नै। भूमि-समस्यालाई सामाजिक क्रान्तिका अन्य समस्याहरूबाट बेग्लै समाधान गर्न सकिँदैन... उदाहरणको लागि ठूलठूला जमिनदारहरूको जमिन जफत गरियो भने यसले रूसी भूमिपतिहरूलाई मात्र रूष्ट पार्ने होइन, विदेशी पुंजीले पनि प्रतिरोध जनाउनेछ, किनभने उनीहरू बैङ्कहरूको माध्यमबाट यी ठूलठूला जमिनदारहरूसँग सम्बन्धित छन्।

"रसियामा भूमिस्वामित्व भयङ्कर अत्याचारको आधार बन्दै आएको छ र किसानहरूद्वारा भूमिको जफती हाम्रो क्रान्तिको सबैभन्दा महत्त्वपूर्ण पाइलो हो। परन्तु यस पाइलोलाई अन्य पाइलाहरूबाट बेग्लै राख्न सकिँदैन, यो कुरा क्रान्तिले जुन चरणहरू पार गर्नुपरेको छ, त्यसबाट स्पष्ट हुन्छ...। वामपन्थी समाजवादी-क्रान्तिकारीहरूको गल्ती के थियो भने उनीहरूले त्यस बेला सम्झौताको नीतिको विरोध गरेनन्, किनभने उनीहरूले त्यस बेला जनसाधारणको चेतना अझै पूर्णतः विकसित भइसकेको छैन भन्ने नीतिको अनुसरण गरेका थिए।

"सबै मानिसहरूको बौद्धिक विकासको स्तर तदअनुरूप भएपछि मात्र समाजवादी व्यवस्थाको स्थापना हुने हो भने हामीले कम्तीमा पनि पाँच सय वर्षभन्दा पहिले समाजवादको दर्शन पाउन सक्दैनौं... समाजवादी राजनीतिक पार्टी भनेको मजदुरवर्गको अग्रदल हो, औसत जनसमुदायमा शिक्षाको अभाव यसको लागि बाधा बन्नु हुँदैन, बरु यसले त जनसमुदायको नेतृत्व गर्नुपर्दछ र यसको लागि सोभियतहरूलाई क्रान्तिकारी तत्परताका निकायहरूको रूपमा प्रयोग गर्नुपर्दछ... परन्तु यदि वामपन्थी समाजवादी-क्रान्तिकारी साथीहरू ढुलमुलाउँदाहरूको नेतृत्व गर्न चाहनुहुन्छ भने उहाँहरू आफैंले पहिले आफ्नो ढुलमुलपन बन्द गर्नुपर्छ।

"गत जुलाईमा आम जनता र "सम्झौतापरस्तहरूबीच" खुल्लमखुल्ला एकपछि अर्को कतिपय सम्बन्ध-विच्छेद भए; तर आज नोभेम्बरमा आएर वामपन्थी समाजवादी-क्रान्तिकारीहरू अझै पनि त्यस आभ्सेन्त्येभतिर हात बढाउँदै छन्, जो जनतालाई आफ्नो कान्छी औँलाको इशाराले नचाउन चाहन्छ... यदि यस्ता सम्झौताहरू यथावत् कायम रहने हो भने क्रान्ति गायब हुनेछ। बुर्जुवावर्गसँग कुनै पनि प्रकारको सम्झौता सम्भव छैन; बुर्जुवावर्गको शक्ति पूर्णतः नष्ट पार्नुपर्छ।

"हामी बोल्शेभिकहरूले आफ्नो भूमि-कार्यक्रम फेरेका छैनौं... हामीले भूमिमाथिको निजी स्वामित्व उन्मूलन गर्ने विचार त्यागेका छैनौं, न त हाम्रो यसो गर्ने विचार नै छ। हामीले भूमि समितिसम्बन्धी नियमावली पारित गर्‍यौं र यो नियमावली निजी स्वामित्वमा कदापि आधारित छैन। यो नियमावली हामीले किन पारित गर्‍यौं भने हामी त्यसै किसिमले जन इच्छा पूरा गर्न चाहन्छौं, जस्तो स्वयम् जनताले चाहेको छ, यसले गर्दा सामाजिक क्रान्तिको लागि सङ्घर्षरत सबै तब्काहरूको संश्रयले बढी घनिष्ठ रूप लिन पुग्दछ।

"हामी वामपन्थी समाजवादी-क्रान्तिकारीहरूलाई यस संश्रयमा सम्मिलित हुने निमन्त्रणा गर्दछौं, तर साथै हामी के पनि आग्रह गर्दछौं भने उनीहरूले पछाडि फर्केर हेर्न बन्द गरून्, आफ्नो पार्टीका "सम्झौतापरस्त" तत्त्वहरूसँग सम्बन्ध-विच्छेद गरून्।

"जहाँसम्म संविधान सभाको प्रश्न छ, साँचो हो, जस्तो पूर्ववक्ताले भन्नुभयो, संविधान सभाको कार्य जनसाधारणको क्रान्तिकारी सङ्कल्पमा निर्भर हुन्छ। म भन्छु, त्यस क्रान्तिकारी सङ्कल्पमा भरोसा गर्नोस्, तर आफ्नो बन्दुक पनि नबिर्सनोस्!"

तत्पश्चात् लेनिनले बोल्शेभिकहरूको तर्फबाट प्रस्ताव पढेर सुनाउनु-भयो –

"किसानहरूको महाधिवेशन मजदुर तथा सैनिक प्रतिनिधिहरूका सोभियतहरूको द्वितीय अखिल रसियाली महाधिवेशनद्वारा पारित तथा रसियाली गणतन्त्रका मजदुर तथा किसानहरूका अस्थायी सरकारको हैसियतले जन कमिसार परिषद्द्वारा प्रकाशित ८ नोभेम्बर (२६ अक्टोबर) को भूमिसम्बन्धी आज्ञप्तिको पूर्णत: समर्थन गर्दछ।

"किसानहरूको महाधिवेशन... सबै किसानहरूसँग अनुरोध गर्दछ, उनीहरूले सर्वसम्मतिबाट यस कानुनको समर्थन गरून् र आफैले अविलम्ब यो कानुन लागू गरून्, साथै महाधिवेशन किसानहरूसँग के पनि अनुरोध गर्दछ भने उनीहरूले उत्तरदायी पदहरूमा र स्थानहरूमा तिनै व्यक्तिहरूलाई मात्र नियुक्त गरून्, जसले कुराले होइन कामले श्रमजीवी तथा शोषित किसानहरूको उद्देश्यप्रति आफ्नो पूर्ण निष्ठा देखाएका छन् र जमिनदारहरू, पुँजीपतिहरू, उनीहरूका सहयोगीहरू र मतियारहरूका समस्त प्रतिरोधको विपरीत यस उद्देश्यको रक्षा गर्ने आफ्नो इच्छा तथा सामर्थ्य प्रमाणित गरेका छन्।

"साथै किसानहरूको महाधिवेशन आफ्नो के आस्था पनि प्रकट गर्दछ भने जुन कार्यभार भूमिसम्बन्धी आज्ञप्तिको अभिन्न अङ्ग हो, २५ अक्टोबर १९१७ को दिन सुरु भएको मजदुरहरूको समाजवादी क्रान्तिको विजयद्वारा मात्र ती सबै कार्यभार पूर्णत: कार्यान्वित हुन सक्दछन्, किनभने समाजवादी क्रान्तिले मात्रै किसानहरूलाई विनामुआवजा भूमि प्रदान गर्न सक्दछ, आदर्श फारमहरू जफत गरेर तिनलाई किसान कम्युनहरूको हातमा सुम्पन सक्दछ, ठूलठूला जमिनदारहरूको हातमा रहेका कृषि औजारहरू जफत गरेर कृषि कम्युनहरूलाई सुम्पन सक्दछ, बनियारीजस्तो पुँजीवादी दास प्रथाको पूर्ण उन्मूलनद्वारा कृषि मजदुरहरूको हित संरक्षण गर्न सक्दछ, कृषि एवम् औद्योगिक उत्पादनलाई रसियाका सम्पूर्ण भागहरूमा नियमित तथा व्यवस्थित रूपमा वितरण गर्न सक्दछ, बैङ्कहरू कब्जा गर्न सक्दछ (जसविना निजी स्वामित्वको उन्मूलनपश्चात् समस्त जनताद्वारा भूमिमाथिको अधिकरण असम्भव हुनेछ) र राज्यले मजदुरहरूलाई हर प्रकारको सहयोग प्रदान गर्न सक्दछ।

"यिनै कारणहरूले गर्दा किसानहरूको महाधिवेशनले २५ अक्टोबरको क्रान्तिलाई एक सामाजिक क्रान्तिको रूपमा पूर्णत: समर्थन गर्दछ र आव-

श्यक परिवर्तनहरूसहित, विनाकुनै हिचकिचाहट, रसियाली गणतन्त्रको सामाजिक रूपान्तरण कार्यान्वित गर्ने आफ्नो अविचल सङ्कल्प प्रकट गर्दछ।

"सबै उन्नत राष्ट्रहरूका मजदुरवर्गसँग, सर्वहारावर्गसँग श्रमजीवी किसानहरूको घनिष्ठ एकता नै सामाजिक क्रान्तिको विजयको अनिवार्य शर्त हो र मात्र सामाजिक क्रान्तिले भूमिसम्बन्धी आज्ञप्तिको स्थायी सफलता तथा यसको पूर्ण कार्यान्वयन सुनिश्चित तुल्याउन सक्दछ। अबदेखि रसियाली गणतन्त्रमा राज्यको समस्त सङ्गठन तथा प्रशासन, तलदेखि माथिसम्म, यसै एकतामा आधारित हुनेछ। यस एकताले अनुभवको आधारमा बुर्जुवावर्गसँग मेलमिलापको नीतिको, बुर्जुवा राजनीतिका यी मुखियाहरूसँग मेलमिलापको नीतिको भर्त्सना गरेको छ र प्रत्यक्ष अथवा अप्रत्यक्ष, खुल्लमखुल्ला अथवा गुप्त रूपले यस नीतितिर फर्कने समस्त प्रयासहरूलाई विफल तुल्याउँदै सम्पूर्ण संसारभरि समाजवादको विजय सुनिश्चित तुल्याउनेछ।"

अब कार्यकारिणी समितिका प्रतिक्रियावादीहरूले हाकाहाकी अगि सर्ने आँट गर्न सकेनन्। तर चेर्नोभले चाहिँ विनम्र तथा आकर्षक निष्पक्षतासाथ धेरै पटक भाषण गरे। उनलाई मञ्चमा आसन ग्रहण गर्न निमन्त्रणा गरियो... महाधिवेशन सुरु भएको भोलि पल्ट राती सभापतिको हातमा एउटा बेनामी पुर्जा दिइयो, जसमा चेर्नोभलाई सम्मान्य अध्यक्ष छान्ने अनुरोध गरिएको थियो। उस्तिनोभले यो पुर्जा पढेर सुनाए। जिनोभ्येभ तुरुन्तै उठिहाले र चर्को स्वरमा भने, यो सम्मेलनमाथि कब्जा गर्ने पुरानो कार्यकारिणी समितिको चाल हो। एकै छिनमा त्यो सभा-भवन रिसले बहुलाएका मानिसहरूको भीडमा परिणत भयो। दुवै पक्षका मानिसहरू रातो मुख लाएर, हात हल्लाउँदै एक अर्कालाई गाली गरिरहेका थिए... तैपनि चेर्नोभ निकै लोकप्रिय थिए।

भूमि-समस्या र लेनिनको प्रस्तावमाथि जुन गरमागरम बहस चल्यो, त्यसको सिलसिलामा बोल्शेभिकहरू दुई पटक सभा-भवनबाट निस्कन तयार भइसकेका थिए, दुवै पटक नेताहरूले उनीहरूलाई निस्कन दिएनन्... मलाई लाग्यो महाधिवेशनमा पैदा भएको फूट कुनै पनि तरिकाले हटाउन सकिँदैन।

तर यसैबीच स्मोल्नीमा वामपन्थी समाजवादी-क्रान्तिकारीहरू र बोल्शेभिकहरूबीच गुप्त वार्ता चल्दै थियो भन्ने कुरा हामीमध्ये कसैलाई पनि थाहा थिएन। सुरुमा वामपन्थी समाजवादी-क्रान्तिकारीहरूले सोभियतहरूमा

सम्मिलित भएका अथवा नभएका सबै समाजवादी पार्टीहरू मिलाएर एउटा सरकार गठन गरियोस् भन्ने माग गरेका थिए। उनीहरूको मागअनुसार त्यो सरकार जन-परिषद्प्रति उत्तरदायी हुनुपर्छ; जन-परिषद्मा मजदुर तथा सैनिकहरूको सङ्गठन र किसानहरूका सङ्गठनबाट आएका प्रतिनिधिहरूको सङ्ख्या बराबर हुनुपर्छ, बाँकी प्रतिनिधिहरू नगर दुमाहरू र जेम्स्तभोहरूबाट आउनुपर्छ; लेनिन र त्रोत्स्कीलाई मन्त्रिमण्डलबाट बाहिर राख्नुपर्छ र सैनिक क्रान्तिकारी समिति तथा अन्य दमनकारी निकायहरू भङ्ग गर्नुपर्छ।

बुधवार २८ (१५) नोभेम्बरको दिन बिहानीपख रातभरिको भीषण सङ्घर्षपश्चात् एउटा सम्झौतामा पुगियो। १०८ जना सदस्य भएको चेइकको सदस्य सङ्ख्या निम्न प्रकारले बढाइने भयो—किसानहरूको महाधिवेशनबाट समानुपातिक रूपले छानिएका १०८ जना प्रतिनिधिहरू, सेना तथा नौसेनाबाट प्रत्यक्ष रूपमा छानिएका १०० जना प्रतिनिधिहरू, ट्रेड युनियनहरूबाट छानिएका ५० जना प्रतिनिधिहरू (सामान्य युनियनहरूबाट ३५ जना, रेल मजदुरहरूबाट १० जना, हुलाक तथा आकाशवाणी मजदुरहरूबाट ५ जना)। दुमा र जेम्स्तभोहरूबाट प्रतिनिधि नलिइने भयो। लेनिन र त्रोत्स्की मन्त्रिमण्डलमा रहने भए र सैनिक क्रान्तिकारी समितिले पनि यथावत् काम गर्ने भयो।

अब महाधिवेशनका बैठकहरू नम्बर ६, फन्तान्का मार्गस्थित शाही कलेज भवनमा सारिएको थियो, जहाँ किसानहरूको सोभियतको प्रधान कार्यालय थियो। बुधवारको दिन साँझपख त्यहाँको ठूलो सभा-भवनमा प्रतिनिधिहरू भेला भएका थिए। पुरानो कार्यकारिणी समिति महाधिवेशनबाट अलग्गिसकेको थियो र त्यसै भवनको एउटा अर्को कक्षमा भगौटे प्रतिनिधिहरू र सैनिक समितिहरूका प्रतिनिधिहरूलाई भेला गरेर आफ्नो विशेष बैठक गर्दै थियो।

सम्पूर्ण कारबाईप्रति सतर्क दृष्टि राख्दै चेर्नोभ एउटा सभाबाट अर्को सभामा जाने गर्थ्यो। बोल्शेभिकहरूसँग सम्झौता गर्ने विषयमा वार्ता चल्दैछ भन्ने कुरा उनलाई थाहा थियो, तर यो सम्झौता सम्पन्न भइसकेको छ भन्ने कुरा उनलाई थाहा थिएन।

पृथक्तावादीहरूको सम्मेलनमा भाषण गर्दै उनले भने, "वर्तमान समयमा, जब सबै एक आम समाजवादी सरकारको गठन गर्ने पक्षमा छन्, धेरै मानिसले त्यस पहिलो मन्त्रिमण्डलबारे बिर्सिसकेका छन्, जुन

संयुक्त मन्त्रिमण्डल थिएन र जसमा एकै जना मात्रै समाजवादी थिए र ती थिए–केरेन्स्की ; यो सरकार आफ्नो समयमा लोकप्रिय थियो। अचेल मानिसहरू केरेन्स्कीलाई गाली गर्छन्, तर उनीहरू के कुरा बिर्सन्छन् भने उनलाई सोभियतहरूले मात्रै नभएर आम जनताले नै सत्तामा ल्याएका हुन्।

"किन केरेन्स्कीप्रति जनताको धारणा बदलियो? जङ्गलीहरू विभिन्न देवीदेवताको परिकल्पना गर्दछन् र उनीहरूको पूजा गर्दछन् र उनीहरूको कुनै प्रार्थना पूरा भएन भने ती देवताहरूलाई दण्ड पनि दिन्छन्... अहिले यहाँ पनि त्यही कुरा हुँदै छ... हिजो केरेन्स्की, आज लेनिन र त्रोत्स्की, भोलि अरू कोही।

"हामीले केरेन्स्की र बोल्शेभिकहरू, दुवैसमक्ष सत्ता त्याग्ने प्रस्ताव राखेका छौं। केरेन्स्कीले हाम्रो प्रस्ताव स्वीकार गरेका छन्, आजै मात्र उनले आफू लुकेर बसेको ठाउँबाट घोषणा गरेका छन्–उनले प्रधानमन्त्रीको पदबाट राजीनामा गरेका छन्। तर बोल्शेभिकहरू सत्ता छोड्न चाहँदैनन् र यो सत्ता कसरी प्रयोग गर्नुपर्छ भन्ने कुरा पनि उनीहरूलाई थाहा छैन।

"बोल्शेभिकहरू सफल होउन् अथवा नहोउन्, यसले रसियाको भाग्य बदल्न सक्दैन। रसियाका गाउँले बासिन्दाहरूलाई राम्ररी थाहा छ, उनीहरूलाई के कुरा चाहिएको छ र अहिले आफै कारबाई सुरु गर्दै छन्... अन्ततोगत्वा गाउँहरूले नै हामीलाई बचाउनेछन्।"

यसबीच उस्तिनोभले ठूलो सभा-भवनमा स्मोल्नी र किसानहरूको महाधिवेशनबीच सम्झौता सम्पन्न भएको घोषणा गरे। प्रतिनिधिहरूले ठूलो उल्लासपूर्वक यस समाचारको स्वागत गरे। त्यहाँ अकस्मात् चेर्नोभ देखा परे र बोल्ने अनुमति मागे।

"म बुझ्छु", उनी भन्दै थिए, "किसानहरूको महाधिवेशन र स्मोल्नीबीच एउटा सम्झौता हुँदै छ। तर किसान सोभियतहरूको वास्तविक महाधिवेशन त अर्को हप्ता मात्रै सुरु हुन्छ, त्यसै कारणले यस्तो सम्झौता अवैधानिक साबित हुनेछ।

"फेरि के कुराप्रति पनि म तपाईंहरूलाई सतर्क गर्न चाहन्छु भने बोल्शेभिकहरूले कुनै पनि हालतमा तपाईंहरूको माग पूरा गर्ने छैनन्...।"

हाँसोको फोहराद्वारा उनको भाषण रोकियो। उनले तुरुन्तै स्थिति बुझिहाले, उनी मञ्चबाट ओर्ले र हलबाट निस्के। उनले आफूसँगसँगै आफ्नो लोकप्रियता पनि लिएर गए।

बिहीवार, २९ नोभेम्बरको दिन, साँझपख महाधिवेशनको असाधारण बैठक सुरु भयो। वातावरणमा उत्सवको भावना फैलिएको थियो, सबैको अनुहार मुस्कुराइरहेको थियो... महाधिवेशनसमक्ष जे जति काम बाँकी थियो, सबै छिटोछिटो पूरा गरियो र तत्पश्चात् समाजवादी-क्रान्तिकारी-हरूको वामपक्षका वयोवृद्ध पुरोहित नातान्सोनले गहभरि आँसु पारेर कम्पित स्वरले मजदुर तथा सैनिकहरूको सोभियतसँग किसानहरूको सोभियतको "मिलनबारे" प्रतिवेदन पढेर सुनाए। प्रतिवेदन पढ्दा, जब "मिलन" शब्द सुनिन्थ्यो, मानिसहरू हर्षले विह्वल हुँदै ताली बजाउँदथे... अन्त्यमा उस्तिनोभले लाल गार्डका प्रतिनिधिहरूसँगसँगै स्मोल्नीबाट एउटा शिष्टमण्डल आइपुगेको छ भन्ने घोषणा गरे। मानिसहरूले करतल ध्वनि-साथ त्यस प्रतिनिधिमण्डलको स्वागत गरे। एकपछि अर्को गर्दै, एक जना मजदुर, एक जना नौसैनिकले मञ्चमा आएर उनीहरूको अभिनन्दन गरे।

त्यसपछि अमेरिकी समाजवादी मजदुर पार्टीका प्रतिनिधि बोरिस रेइन-स्तेनले बोले, "किसानहरूको महाधिवेशन र मजदुर तथा सैनिक प्रतिनिधिहरूका सोभियतहरूको सम्मिलनको यो दिन क्रान्तिको लागि एक महान् पर्व हो। यसको आवाज सम्पूर्ण संसारभरि–पेरिसमा, लण्डनमा, समुद्र-पारिको न्यूयोर्कमा–जताततै प्रतिध्वनित हुनेछ। यस सम्मिलनले सबै श्रम-जीवीहरूको हृदयमा खुसीको लहर फैलाउनेछ।

"एक महान् विचारले विजय प्राप्त गरेको छ। पश्चिमी मुलुकहरू र अमेरिकाले रसियाबाट, रूसी सर्वहारावर्गबाट धेरै ठूलो आशा लिएको छ... संसारभरिका सर्वहारावर्ग रूसी क्रान्तिको प्रतीक्षामा छन्, ती महान् उपलब्धिहरूको प्रतीक्षा गर्दै छन्, जुन आज यसले प्राप्त गर्दै छ।"

चेइकका अध्यक्ष स्भेर्दलोभले उनीहरूको अभिनन्दन गरे। "गृहयुद्धको अन्त्य होस्! संयुक्त जनवाद जिन्दाबाद!" आदि नारा लगाउँदै किसान-हरूको भीड त्यस भवनबाट बाहिर सडकमा निस्क्यो।

अँध्यारो भइसकेको थियो र जमेको हिउँमा चन्द्रमा र ताराहरूको झिलमिलो प्रकाश टल्किँदै थियो। नहरको किनारमा पाभ्लभ्स्की रेजिमेन्टका सिपाहीहरू मार्च गर्नको लागि पूर्णतः पङ्क्तिबद्ध भएर उभेका थिए। रेजिमेन्टको बैण्डले 'मर्सेइयेज' को धुन बजाउन सुरु गऱ्यो। सिपाहीहरूको गगनभेदी नाराहरूको बीच किसानहरू पङ्क्तिबद्ध हुन थाले। किसानहरूको अखिल रसियाली सोभियतको कार्यकारिणी समितिको महान् लाल झण्डा फरफराइयो। झण्डामा सुनौला रङ्गले ताजा अक्षरहरू लेखिएका थिए–

"क्रान्तिकारी तथा श्रमजीवी जनताहरूको एकता अमर रहोस्!" त्यसपछि अरू झण्डाहरू थिए – जिल्ला सोभियतहरूका झण्डाहरू र पुचिलोभ कारखानाको झण्डा थियो, जसमा लेखिएको थियो, "सबै जनताहरूको बन्धुत्वको महान् लक्षपूर्तिको लागि हामी यो झण्डा झुकाउँछौं!"

कताबाट हो मसालहरू निस्कन थाले। रातको अन्धकारमा मसालहरूको बैंजनी प्रकाश हिउँमा परेर हजारौं गुना बढी चम्किरहेको थियो र ती मसालहरूको धुवाँ चारैतिर फैलिंदै थियो। फन्तान्काको दुवै किनारमा उभिएको मौन, स्तम्भित भीडको बीचबाट त्यो जुलुस गाना गाउँदै अगि बढिरहेको थियो।

"क्रान्तिकारी सेना – जिन्दाबाद! लाल गार्ड – जिन्दाबाद! किसानवर्ग – जिन्दाबाद!" उनीहरू नारा लगाउँदै थिए।

यस प्रकारले त्यो विशाल जुलुस – जसमा निरन्तर नयाँ मानिसहरू सम्मिलित हुँदै थिए र स्वर्णाक्षर अङ्कित नयाँनयाँ राता झण्डाहरू फरफराउँदै थिए, शहरको बीचबाट जाँदै थियो। दुई जना किसानहरू, जसको कमर परिश्रमले झुकेको थियो, एक अर्काको हात समातेर जाँदै थिए। उनीहरू केटाकेटीजस्तै खुसीले रमाइरहेका थिए। उनीहरूमध्ये एक जनाले भने, "हेरिहालौं, **अब** कसरी हाम्रो जमिन फिर्ता लिंदा रहेछन्!"

स्मोल्नी भवननेर हर्षोन्मादले मस्त लाल गार्डहरू सडकको दुवैतिर लाम लागेर उभेका थिए। अर्को बूढो किसानले आफ्नो साथीलाई भने, "आज मैले पटक्कै थकाइ अनुभव गरेको छैन, मलाई लाग्दै छ, मानौं हामी हिँडिरहेका छैनौं, उड्दै छौं!"

स्मोल्नी भवनको सिँढीमा झण्डै सय जना मजदुरहरू तथा सैनिकहरूका प्रतिनिधिहरू भेला भएका थिए। उनीहरूले झण्डाहरू बोकेका थिए र घरबाट आएको उज्ज्वल प्रकाशको पृष्ठभूमिमा ती राता झण्डाहरू काला लाग्थे। उनीहरू आँधीजस्तो हुत्तिँदै सिँढीबाट ओर्ले र किसानहरूलाई अङ्कमाल गर्दै म्वाइ खान थाले। मेघ गर्जे जस्तो आवाज निकाल्दै त्यो जुलुस मूल ढोकाबाट भित्र पस्यो र सिँढी चढ्न थाल्यो।

सेतो रङ्गको त्यो विशाल सभा-भवनमा चेइकका सदस्यहरू उनीहरूलाई पर्खिरहेका थिए। उनीहरूसँगसँगै सम्पूर्ण पेत्रोग्राद सोभियत र हजारौं दर्शकहरू एक त्यस्तो उदात्त गम्भीर भावनाले पर्खंदै थिए, जुन इतिहासको महान् जागरणको घडीमा मात्रै प्रकट हुन्छ।

जिनोभ्येभले किसानहरूको महाधिवेशनसँग भएको सम्झौताबारे घोषणा

गरे। करतल ध्वनिद्वारा यस घोषणाको स्वागत गरियो र जब करिडरबाट बैण्डको आवाज आयो र जुलुसको अगिल्लो हिस्सा भित्र पस्यो यो आवाज अझ चर्कियो। मञ्चमा बसेका अध्यक्षमण्डलका सस्दयहरू उभिए र उनीहरूले किसानहरूको महाधिवेशनको अध्यक्षमण्डलका सदस्यहरूलाई अँगालो मार्दै उनीहरूलाई बस्न ठाउँ खाली पारे। मञ्चपछाडिको सेतो भित्तामा झुण्डिएको ठूलो खाली फ्रेमभित्र, जसबाट जारको तस्वीर च्यातेर फालिएको थियो, ती दुइटा झण्डाहरू झुण्ड्याइएका थिए।

अब "विजय सभा" सुरु भयो। स्भेर्द्लोभले स्वागत भाषणको रूपमा दुईचार शब्द बोलिसकेपछि मारिया स्पिरिदोनोभा बोल्न उभिइन्। दुब्लीपातली, फिक्का अनुहार भएकी, चस्मा लगाएकी र सीधा पारेर कपाल कोरेकी, तिनी काटीकुटी न्यू इङ्गलैण्डकी अध्यापिका जस्तै थिइन्। तिनी रसियामा सर्वाधिक प्रिय तथा सर्वाधिक शक्तिशाली महिला थिइन्। तिनले भनिन् –

"रसियाका मजदुरहरूसमक्ष आज त्यस्तो क्षितिज देखा परेको छ, जुन इतिहासमा पूर्णतः अपरिचित छ... विगतका सबै मजदुर आन्दोलनहरू पराजित भए। तर वर्तमान आन्दोलन एक अन्तर्राष्ट्रिय आन्दोलन हो, तसर्थ यो अपराजेय छ। संसारमा कुनै त्यस्तो शक्ति छैन, जसले क्रान्तिको यो ज्वाला निभाउन सकोस्! पुरानो संसार ढल्दै छ र नयाँ संसारको सिर्जना हुँदै छ।"

तत्पश्चात् त्रोत्स्कीको ओजपूर्ण भाषण, "कमरेड किसानहरू, म तपाईंहरूको स्वागत गर्दछु! तपाईंहरू यहाँ अतिथिको रूपमा होइन, यस घरका स्वामीको रूपमा उपस्थित हुनुहुन्छ, आज यो घर रूसी क्रान्तिको मुटु बनेको छ। आज यस घरमा लाखौं करोडौं मजदुरहरूको सङ्कल्प केन्द्रीभूत छ... आज रूसी भूमिका स्वामी एउटै छ र यो स्वामी हो – मजदुरहरू, सैनिकहरू तथा किसानहरूको ऐक्यबद्ध सङ्घ।"

उनले कटु व्यङ्ग्यको भावनासहित मित्रराष्ट्रहरूका ती कुटनीतिज्ञहरूको चर्चा गरे, जसले त्यस बेलासम्म युद्धविरामको लागि रसियाद्वारा प्रस्तुत निमन्त्रणाप्रति अवज्ञापूर्ण दृष्टि राख्दै आएका थिए र जुन युद्धविरामको प्रस्ताव मध्य युरोपेली शक्तिहरूले स्वीकार गरेका थिए।

"यस युद्धमा एक नयाँ मानवजातिको जन्म हुँदै छ... यस हलमा हामी सबै देशका मजदुरहरूलाई वचन दिन्छौं – हामी कदापि आफ्नो क्रा-

न्तिकारी मोर्चा परित्याग गर्दैनौं। हामी कहिल्यै ढल्यौं भने पनि त्यो मात्र हाम्रो झण्डाको रक्षाको लागि हुनेछ।"

त्रोत्स्कीले बोलिसकेपछि क्रिलेन्को मञ्चमा चढे र उनले मोर्चाको स्थितिबारे बताए। उनले कसरी दुखोनिन जन कमिसार परिषद्को सामना गर्ने तयारी गर्दै छन् भन्ने कुरा बताए। दुखोनिन र उनका साथीहरूले राम्ररी बुझुन्, जसले शान्तिको बाटोमा तगारो हाल्नेछ, उनीहरूमाथि कुनै पनि प्रकारको दयामाया देखाइने छैन!"

दिबेन्कोले नौसेनाको तर्फबाट सभालाई अभिवादन गरे र भिक्झेलका सदस्य क्रुशिन्स्कीले भने, "यस बेलादेखि, जब सबै वास्तविक समाजवादी-हरूबीच एकता कायम भएको छ, रेल मजदुरहरूको सम्पूर्ण सेनाले आफू-लाई पूर्णतः क्रान्तिकारी जनवादको अधीन राख्दछ!" त्यसपछि लुनाचा-र्स्कीले बोले। बोल्दा उनी झण्डै नरोएका। वामपन्थी समाजवादी-क्रान्ति-कारीहरूको तर्फबाट प्रोश्यानले बोले र अन्तमा संयुक्त सामाजिक-जनवादी-अन्तर्राष्ट्रियतावादीहरूको तर्फबाट, जसमा मार्तोभ र गोर्कीका दलहरूका सदस्यहरू सम्मिलित थिए, बोल्दै साखराश्भीलीले भने—

"हामी बोल्शेभिकहरूको कट्टर नीतिले गर्दा चेइकबाट निस्कन बाध्य भएका थियौं, समस्त क्रान्तिकारी प्रजातान्त्रिक शक्तिहरूको एकता स्थापना गराउन हामी उनीहरूबाट आवश्यक छुट पाउन चाहन्थ्यौं अब यस्तो एकता स्थापित भइसकेपछि चेइकमा पुनः आफ्नो स्थान ग्रहण गर्न हामी आफ्नो पुनित कर्तव्य ठान्दछौं... ती सबै, जो चेइकबाट निस्केका थिए, अब फर्कुन् भन्ने हाम्रो हार्दिक अनुरोध छ।"

किसानहरूको महाधिवेशनको अध्यक्षमण्डलका एक वयोवृद्ध सदस्य, किसान स्ताश्कोभले सभा-भवनको चारैतिर फर्केर टाउको निहुराउँदै अभिवादन गरे र भने, "म एक नयाँ रूसी जीवन र स्वतन्त्रताको दीशान्त समारोहमा तपाईंहरूको अभिवादन गर्दछु।"

पोल्याण्डका सामाजिक-जनवादीहरूको तर्फबाट ब्रोन्स्कीले बोले; कारखाना समितिहरूको तर्फबाट स्क्रिपकिनले बोले; सोलोनिकीस्थित रूसी सिपाहीहरूको तर्फबाट त्रिफनोभले बोले; अरू पनि कैयौं मानिसहरूले बोले र बोल्ने मानिसहरूको यो सिलसिला कहिल्यै सकिंदैन जस्तो लाग्थ्यो। सबैले आफ्नो हृदयको सम्पूर्ण भावना पोखे, सबै दङ्ग थिए, किनभने आज उनीहरूको चीरप्रतीक्षित आकाङ्क्षा पूरा भएको थियो।

राती अबेला निम्न प्रस्ताव गरियो र सर्वसम्मतिबाट पारित भयो—

"मजदुर, सैनिक तथा किसान प्रतिनिधिहरूका सोभियतहरूको अखिल रसियाली केन्द्रीय कार्यकारिणी समिति (चेइक) ले किसानहरूको अखिल रसियाली असाधारण महाधिवेशन र पेत्रोग्राद सोभियतसँगको एक संयुक्त अधिवेशनमा मजदुर, सैनिक प्रतिनिधिहरूका द्वितीय अखिल रसियाली महाधिवेशनद्वारा पारित शान्ति तथा भूमिसम्बन्धी आज्ञप्तिहरूको साथै सोभियतहरूको अखिल रसियाली केन्द्रीय कार्यकारिणी समितिद्वारा पारित मजदुर नियन्त्रणसम्बन्धी आज्ञप्तिको पनि अनुमोदन गरेको छ।

"चेइक र अखिल रसियाली किसान महाधिवेशनको यो संयुक्त अधिवेशन मजदुर, सैनिक तथा किसानहरूको एकताले, सबै श्रमजीवीहरू तथा शोषितहरूको यो बन्धुत्वपूर्ण एकताले उनीहरूले विजयद्वारा प्राप्त गरेका सत्तालाई सुदृढ तुल्याउनेछ र अन्य देशहरूमा मजदुरवर्गको हातमा सत्ता हस्तान्तरण शीघ्रातिशीघ्र सम्पन्न गराउनको लागि यस एकताबद्ध शक्तिले आफ्नो तर्फबाट समस्त क्रान्तिकारी पाइलाहरू चाल्नेछ र यस प्रकारले एक न्यायपूर्ण शान्ति र समाजवादको स्थायी विजय सुनिश्चित तुल्याउनेछ भन्ने दृढ आस्था व्यक्त गर्दछ।"

जोन रिडद्वारा प्रस्तुत परिशिष्ट

जोन रिडद्वारा सङ्कलित तथा अनूदित सामग्रीहरू उहाँको पुस्तकको एक अति महत्त्वपूर्ण परिशिष्ट हो। यी सामग्रीहरू रूसी मूलपाठसँग दाँजेर गरिएको छ र कतैकतै जहाँ स्पष्टतः अनुवादका गल्तीहरू देखा परेका छन्, सुधार गरिएको छ। —सं०

पहिलो अध्यायका टिप्पणीहरू

१

आबारोनेच ("प्रतिरक्षावादी")। सबै "नरमपन्थी" समाजवादी दलहरूले यो उपनाम ग्रहण गरेका थिए अथवा पाएका थिए, किनभने उनीहरू यो युद्ध राष्ट्रिय प्रतिरक्षा युद्ध हो भन्ने धारणाको आधारमा मित्र-राष्ट्रहरूको नेतृत्वमा युद्ध चालू राख्न सहमत भएका थिए। बोल्शेभिकहरू, वामपन्थी समाजवादी-क्रान्तिकारीहरू, मेन्शेभिक-अन्तर्राष्ट्रियतावादीहरू (मार्तोभ समूह) र सामाजिक-जनवादी-अन्तर्राष्ट्रियतावादीहरू (गोर्की समूह) चाहिँ मित्रराष्ट्रहरूले युद्धको प्रजातान्त्रिक उद्देश्य घोषणा गरून् र यी शर्तहरूको आधारमा जर्मनीलाई शान्तिसन्धिमा हस्ताक्षर गर्न बाध्य तुल्याउन भन्ने धारणा राख्दथे।

२

क्रान्तिपहिले र क्रान्तिकालमा वेतन तथा निर्वाह-खर्च

मास्कोको वाणिज्य सदन तथा श्रम मन्त्रालयको मास्को विभागको एक संयुक्त समितिले अक्टोबर १९१७ मा वेतन तथा निर्वाह-खर्चसम्बन्धी निम्न तालिकाहरू तयार गरेको थियो र २६ अक्टोबर, १९१७ को दिन 'नोभया झीज्न' मा प्रकाशित भएको थियो–

दैनिक वेतन

(रूबल र कोपेकमा)

व्यवसाय	जुलाई १९१४	जुलाई १९१६	अगस्त १९१७
सिकर्मी .	१.६०—२.००	४.००—६.००	८.५०
ज्यामी .	१.३०—१.५०	३.००—३.५०	—
डकर्मी . .	१.७०—२.३५	४.० —६.०	८.०
रङ्गमिस्त्री .	१.८०—२.२०	३.० —५.५०	८.०
लोहार	१.० —२.२५	४.० —५.०	८.५०
चुलो बनाउने र चिमनी सफा गर्ने मान्छे .	१.५०—२.०	४.०—५.५०	७.५०
मिस्त्री . . .	०.९०—२.०	३.५०—६.०	९.०
मजदुर	१.० —१.५०	२.५०—४.५०	८.०

फेब्रुअरी क्रान्तिको लगत्तैपछि रूसी मजदुरहरूको वेतनमा आकस्मिक वृद्धि भयो भन्ने अनगिन्ती कथाहरू सुनिन्छन्। परन्तु श्रम मन्त्रालयद्वारा सम्पूर्ण रसियाको लागि लाक्षणिक आँकडाहरूको रूपमा प्रकाशित यस तथ्याङ्कले यी कथाहरू वास्तविकताबाट कति टाढा छन् भन्ने कुरा स्पष्ट पार्दछ। वास्तवमा चाहिँ मजदुरहरूको वेतन अति मन्द गतिले बढ्यो र औसतमा ५०० प्रतिशतभन्दा बढेन।

तर यसबीच रूबलको क्रयशक्ति पहिलेभन्दा एक तिहाइ घट्यो र जीवन यापनको लागि आवश्यक वस्तुहरूको मूल्य धेरै मात्रामा बढ्यो।

प्रस्तुत तालिका मास्कोको नगर दुमाले तयार पारेको हो। उल्लेखनीय छ, मास्कोमा खाद्य सामग्री पेत्रोग्रादमा भन्दा धेरै सस्तो र बढी मात्रामा उपलब्ध थियो।

खाद्य सामग्रीको मूल्य औसतमा ५५६ प्रतिशत अर्थात् वेतनको दाँजोमा ५१ प्रतिशत बढ्यो।

जहाँसम्म जीवनयापनको लागि आवश्यक अन्य वस्तुहरूको प्रश्न छ, तिनको मूल्य भयङ्कर रूपले बढ्यो।

तल प्रस्तुत तालिका (हेर्नोस् पृ० ३६६) मजदुर प्रतिनिधिहरूको मास्को

खाद्य सामग्रीको मूल्य

(रूबल र कोपेकमा)

	अगस्त १९१४	अगस्त १९१७	प्रतिशत वद्धि
कालो पाउरोटी (एक फुन्त) * . . .	०.०२५	०.१२	३३०
सेतो पाउरोटी (एक फुन्त) . . .	०.०५	०.२०	३००
गाईको मासु (एक फुन्त) . .	०.२२	१.१०	४००
बाछोको मासु (एक फुन्त) . . .	०.२६	२.१५	७२७
सुँगुरको मासु (एक फुन्त) . . .	०.२३	२.०	७७०
हेरिङ माछा (एक फुन्त) . . .	०.०६	०.५२	७६७
पनिर (एक फुन्त) . .	०.४०	३.५०	७५४
मखन (एक फुन्त) . .	०.४८	३.२०	५५७
अन्डा (एक दर्जन) . .	०.३०	१.६०	४४३
दूध (एक क्रुश्का) * . .	०.०७	०.४०	४७१

सोभियतको अर्थ विभागले सङ्कलन गरेको हो र अस्थायी सरकारको खाद्य मन्त्रालयले यो तथ्याङ्क सही छ भन्ने कुरा स्वीकार गरेको हो।

जीवनयापनका लागि आवश्यक अन्य वस्तुहरूको औसत मूल्य १,१०९ प्रतिशत बढ्यो, (पृ० ३९९) जुन वृद्धि वेतन-वृद्धिभन्दा दुई गुना बढी थियो। भनिरहने आवश्यकता छैन, मूल्य र वेतनबीचको यो अन्तर कालाबजारियाहरू र महाजनहरूको खल्तीमा पर्थ्यो।

सेप्टेम्बर १९१७ मा म पेत्रोग्राद पुग्दा एक तालिमप्राप्त औद्योगिक मजदुरको औसत दैनिक ज्याला, उदाहरणको लागि पुचिलोभ कारखानाका एक इस्पात मजदुरको ज्याला लगभग ८ रूबल थियो। साथसाथै नाफा

अन्य आवश्यक वस्तुहरूको मूल्य
(रूबल र कोपेकमा)

	अगस्त १९१४	**अगस्त १९१७**	**प्रतिशत वृद्धि**
छिपुवा सुती कपडा* (**आर्सिन**)*	०.११	१.४०	१,१७३
सुती कपडा (**आर्सिन**) .	०.१५	२.०	१,२३३
बाक्लो सुती कपडा (**आर्सिन**) . .	२.०	४०.०	१,९००
कास्तोर* कपडा (**आर्सिन**) . . .	६.०	८०.०	१,२३३
लोग्नेमान्छेको जुत्ता (जोर)	१२.०	१४४.०	१,०९७
तलुवा लगाउने छाला (**आर्सिन**) . . .	२०.०	४००.०	१,९००
रबरको जुत्ता (जोर) .	२.५०	१५.०	५००
लोग्नेमान्छेको सूट . .	४०.०	४००–४५५	९००–१,१०९
चिया (**फुन्त**) . .	४.५०	१८.०	३००
सलाई (दर्जन बट्टा) . .	०.१०	०.५०	४००
साबुन (**पूद**)*	४.५०	४०.०	७८०
मट्टितेल (**भेद्रो**)* . . .	१.७०	११.०	५४७
मैनबत्ती (**पूद**) . . .	८.५०	१००.०	१,०७६
कैरमल (**फुन्त**) . . .	०.३०	४.५०	१,४००
दाउरा (भारी) . . .	१०.०	१२०.०	१,१००
कोइला	०.८०	१३.०	१,५२५
फुटकर धातु सामग्री . .	१.०	२०.०	१,९००

*एक रूसी **फुन्त** मा ४१० ग्राम हुन्छ ; एक **पूदमा** १६.३८ किलोग्राम हुन्छ ; एक **आर्सिन** ७१.२१ सेन्टिमिटर बरोबर हुन्छ ; एक **कुश्का** आधा लिटर बरोबर हुन्छ ; **कास्तोर** भनेको उनी कपडा हो ; एक **भेद्रो** दस लिटर बरोबर हुन्छ । – **सं०**

धेरै बढेको थियो... पेत्रोग्रादको ग्रासपासमा रहेको एउटा ग्रङ्ग्रेजको कारखाना, थर्नटन उन कारखानाका मालिकले मलाई बताएग्रनुसार उनको कारखानामा वेतन ३०० प्रतिशत बढ्यो भने नाफा ६०० **प्रतिशतसम्म** बढेको थियो।

३

समाजवादी मन्त्रीहरू

जुलाईको ग्रस्थायी सरकारमा सम्मिलित भएका र बुर्जुवा मन्त्रीहरूसँग मिलेर ग्राफ्नो कार्यक्रम कार्यान्वयन गर्न प्रयत्नशील समाजवादीहरूको इतिहास राजनीतिमा वर्गसङ्घर्षको एउटा ज्वलन्त उदाहरण हो। यसबारे लेनिनले भन्नुभएको छ, "...सरकारमाथि नियन्त्रण राख्न ग्रसम्भव स्थिति पैदा भएपछि उनीहरूले यस्तो प्रणालीको ग्राश्रय लिन पुगे, जुन सन् १८४८ देखि दशाब्दीयौँसम्म पुँजीजीवीहरूले मजदुरवर्गलाई ठग्न, उनीहरूमा फूट ल्याउन र ग्रन्ततः उनीहरूलाई निस्क्रिय तुल्याउन प्रयोग गर्दै ग्राएका हुन्। यो प्रणाली हो—तथाकथित "संयुक्त" सरकार ग्रर्थात् बुर्जुवाहरू तथा समाजवादी शिविरका भगौटेहरूलाई मिलाएर बनाइने तथाकथित संयुक्त मन्त्रिमण्डल।

"ती मुलुकहरूमा जहाँ क्रान्तिकारी, मजदुर ग्रान्दोलनको साथै एक लामो ग्रवधिसम्म स्वतन्त्रता र प्रजातन्त्रको ग्रस्तित्व रहँदै ग्राएको छ, जस्तै बेलायत र फ्रान्समा, पुँजीजीवीहरूले धेरै पटक र ठूलो सफलतासाथ यस प्रणालीको प्रयोग गर्दै ग्राएका हुन्। बुर्जुवा मन्त्रिमण्डलमा सम्मिलित भएपछि यी "समाजवादी" नेताहरू ग्रनिवार्यतः एक मूर्ति, कठपुतली, पुँजीपतिहरूको टेवा, मजदुरहरूलाई ठग्ने एक साधन मात्रै ठहरिन्छन्। रसियाका "प्रजातन्त्रवादी" तथा "गणतन्त्रवादी" पुँजीपतिहरूले यही प्रणाली लागू गरेका छन्। समाजवादी-क्रान्तिकारीहरू तथा मेन्शेभिकहरू यसै प्रणालीको शिकार बनेका छन् र ६ मेको दिन चेर्नोभ, चेरेतेली * र उनका मतियारहरूको सहभागिताबाट गठित "संयुक्त" मन्त्रिमण्डल एक वास्तविकता बन्न पुग्यो"।

---

*जोन रिडको मूल पाठमा स्कोबेलेभ, ग्राभ्सेन्त्येभ, साभिङ्कोभ, जारूद्नी र निकितिनको नाम पनि गाभिएको छ, तर यी नामहरू रूसी मूलपाठमा छैनन्।—**सं०**

४

मास्कोमा सम्पन्न सेप्टेम्बर नगरपालिका चुनाव

अक्टोबर १९१७ को पहिलो हप्तामा 'नोभया झीज्न' पत्रिकामा चुनाव परिणामसम्बन्धी निम्न तुलनात्मक तालिका प्रकाशित भएको थियो र पत्रिकाले यस परिणामको अर्थ सम्पन्न वर्गहरूसँग मेलमिलापको नीतिको टाट उल्टाइ हो भन्ने धारणा व्यक्त गरेको थियो। "यदि अझै पनि गृहयुद्ध रोक्न सकिन्छ भने यो काम सबै क्रान्तिकारी प्रजातान्त्रिक शक्तिहरूको संयुक्त मोर्चाद्वारा मात्र सम्भव छ...", पत्रिकाले लेखेको छ।

मास्कोको केन्द्रीय दुमा तथा वार्ड दुमाहरूको चुनाव नतिजा

	जुन १९१७	सेप्टेम्बर १९१७
समाजवादी-क्रान्तिकारीहरू . .	५८ सदस्य	१४ सदस्य
कादेतहरू	१७ सदस्य	३० सदस्य
मेन्शेभिकहरू	१२ सदस्य	४ सदस्य
बोल्शेभिकहरू	११ सदस्य	४७ सदस्य

५

प्रतिक्रियावादीहरूको बढ्दो धृष्टता

१८ (५) सेप्टेम्बर। किभबाट प्रकाशित एउटा समाचारपत्रमा छापिएको आफ्नो लेखमा कादेत शुल्गिनले भनेका छन्, रसिया एक गणतन्त्रात्मक राष्ट्र हो भन्ने घोषणा गरेर अस्थायी सरकारले आफ्ना अधिकारहरूको दुरुपयोग गरेको छ। "हामी न गणतन्त्रात्मक व्यवस्था स्वीकार

गर्न सक्दछौं, न त विद्यमान गणतन्त्रात्मक सरकार नै... अनि रसियामा गणतन्त्रात्मक व्यवस्था आवश्यक छ भन्ने कुरामा पनि हामी विश्वस्त छैनौं।"

२३ (१०) अक्टोबर। रेजान शहरमा सम्पन्न कादेत पार्टीको एक सभामा म० दुखोनिनले भने, "मार्च १ तारिखसम्ममा हामीले वैधानिक राजतन्त्र स्थापना गरिसक्नुपर्दछ। हामीले राजसिंहासनका वैधानिक उत्तराधिकारी मिखाइल अलेक्सान्द्रोभिचको कदापि बहिस्कार गर्नु हुँदैन..."

२७ (१४) अक्टोबर। मास्कोमा बेपारीहरूको सम्मेलनद्वारा पारित प्रस्ताव * –

"यो सम्मेलन... अस्थायी सरकारले सेनामा अविलम्ब निम्न पाइलाहरू चालोस् भन्ने माग गर्दछ–

१) सबै किसिमका राजनीतिक प्रचारकार्यहरू बन्द गरियुन्; सेना राजनीतिबाट स्वतन्त्र हुनुपर्दछ।

२) स्वयम् सेना तथा अनुशासनको आवश्यकता अस्वीकार गर्ने चरित्रका अराष्ट्रिय तथा अन्तर्राष्ट्रियतावादी विचारहरूको प्रचारमाथि प्रतिबन्ध लगाइनुपर्छ र यस्तो प्रचार कार्य गर्ने व्यक्तिहरूले सजाय पाउनुपर्छ।

३) सैनिक समितिहरूको कार्यभार मात्र आर्थिक प्रश्नहरूमै सीमित रहनुपर्दछ। यी समितिहरूले लिने सबै निर्णयहरू माथिल्ला अधिकारीहरूद्वारा अनुमोदित हुनुपर्दछ र यी अधिकारीहरूले कुनै पनि बेला यस्ता समितिहरू भङ्ग गर्ने अधिकार पाएको हुनुपर्दछ।

४) सलामीको प्रथा पुनर्स्थापित हुनुपर्दछ र अनिवार्य हुनुपर्छ। सजायको निर्णयमाथि पुनर्विचार गर्ने अधिकारसमेत अनुशासनसम्बन्धी सम्पूर्ण अधिकारहरू अफिसरहरूलाई सुम्पनुपर्छ।

५) अफिसर कोरबाट ती सबै मानिसहरूलाई निकाल्नुपर्छ, जसले साधारण सिपाहीहरूको आन्दोलनमा भाग लिएर उनीहरूलाई अटेरी बन्न सिकाएका छन् र कोरलाई लाञ्छित तुल्याएका छन्... यस उद्देश्यपूर्तिको लागि प्रतिष्ठा न्यायालयहरू पुनर्स्थापित हुनुपर्छ।

---

*प्रस्तुत सूत्रहरू जोन रिडले अति सङ्क्षिप्त रूपमा दिनुभएको छ र अनुवादमा पनि धेरै गल्तीहरू छन्। यस बांहेक यो प्रस्ताव बेपारीहरूको सम्मेलनमा नभएर सामाजिक कार्यकर्ताहरूको सम्मेलनमा पारित भएको थियो। – सं०

६) अस्थायी सरकारले ती जर्नेलहरू तथा अन्य अफिसरहरूको सेनामा पुनर्बहालीको लागि आवश्यक पाइला चाल्नुपर्छ, जसलाई समितिहरू तथा अन्य गैरजिम्मेदार सङ्गठनहरूले अन्यायपूर्ण तरिकाले बर्खास्त गरेका थिए"।

दोस्रो अध्यायका टिप्पणीहरू

१

मेरो अर्को पुस्तकमा, जसको शीर्षक छ, 'कर्निलोभ-काण्डदेखि ब्रेस्त-लितोभ्स्क सन्धिसम्म', कर्निलोभ-काण्डबारे विस्तृत वर्णन गरिएको छ। त्यस स्थितिको लागि जसले गर्दा कर्निलोभ-काण्ड उत्पन्न भयो, केरेन्स्की कति दोषी थिए भन्ने कुरा अब स्पष्ट भइसकेको छ। केरेन्स्कीका कतिपय समर्थकहरू भन्दछन्, उनलाई कर्निलोभको योजनाबारे थाहा थियो र उनले एउटा त्यस्तो चाल चले, जसको फलस्वरूप कर्निलोभ असमयमै मैदानमा उत्रे र पराजित भए। श्री ए० झि० साकले समेत आफ्नो पुस्तक 'रूसी जनवादको जन्म' मा लेख्नुभएको छ,

"कतिपय कुराहरू... प्राय निश्चित् छन्। पहिलो कुरा त के हो भने केरेन्स्कीलाई केही टुकडीहरू मोर्चाबाट पेत्रोग्रादतिर आउँदै छन् भन्ने कुरा थाहा थियो र सम्भव छ, प्रधानमन्त्री तथा युद्धमन्त्रीको हैसियतले उनले बढ्दै गएको बोल्शेभिक खतरा अनुभव गरेर नै यी टुकडीहरू डाकेका थिए।"

यस तर्कमा एउटै मात्र कमजोरी के छ भने त्यस बेला कुनै पनि प्रकारको बोल्शेभिक खतरा थिएन, किनभने सोभियतहरूमा बोल्शेभिक-हरू निस्सहाय रूपले अल्पसङ्ख्यामा थिए र उनीहरूका नेताहरू जेलमा थिए अथवा लुकेर बसेका थिए।

२

जनवादी सम्मेलन

जब केरेन्स्कीसमक्ष पहिलो पटक जनवादी सम्मेलनको प्रस्ताव राखिएको थियो, उनले बैङ्कपतिहरू, कारखाना-मालिकहरू, जमिनदारहरू तथा कादेत पार्टीका प्रतिनिधिहरूसमेत राष्ट्रका ती सबै अंशहरूलाई, जसलाई

उनी "जीवन्त शक्ति" भन्दथे, त्यस सम्मेलनमा सामेल गराइयोस् भन्ने प्रस्ताव राखेका थिए। सोभियतहरूले यो प्रस्ताव अस्वीकार गरे र सम्मेलनमा प्रतिनिधित्वको लागि निम्न तालिका तयार पारे, जुन केरेन्स्कीले स्वीकार पनि गरे।

१०० जना प्रतिनिधिहरू – मजदुर तथा सैनिक प्रतिनिधिहरूका अखिल रसियाली सोभियतहरूबाट।

१०० जना प्रतिनिधिहरू – किसान प्रतिनिधिहरूका अखिल सियाली सोभियतहरूबाट।

५० जना प्रतिनिधिहरू – मजदुर तथा सिपाहीहरूका गुबेर्निया सोभियतहरूबाट।

५० जना प्रतिनिधिहरू – किसानहरूको जिल्ला भूमि समितिहरूबाट।

१०० जना प्रतिनिधिहरू – ट्रेड युनियनहरूबाट।

८४ जना प्रतिनिधिहरू – मोर्चाका सैनिक समितिहरूबाट।

१५० जना प्रतिनिधिहरू – मजदुर तथा किसान सहकारी समितिहरूबाट।

२० जना प्रतिनिधिहरू – रेल मजदुर युनियनबाट।

१० जना प्रतिनिधिहरू – हुलाक तथा आकाशवाणी मजदुर युनियनबाट।

२० जना प्रतिनिधिहरू – वाणिज्य तथा औद्योगिक संस्थाहरूका कर्मचारीहरूको तर्फबाट।

१५ जना प्रतिनिधिहरू – डाक्टर, वकिल, पत्रकारजस्ता उदार पेसाका मानिसहरूको तर्फबाट।

५० जना प्रतिनिधिहरू – प्रान्तीय जेम्स्तभोहरूबाट।

५० जना प्रतिनिधिहरू – पोलिस, उक्राइनीजस्ता राष्ट्रिय सङ्गठनहरूको तर्फबाट।

यस अनुपातमा दुईचार पटक हेरफेर गरियो। अन्त्यमा निम्न प्रकारले प्रतिनिधि सङ्ख्या छुट्याइयो –

३०० जना प्रतिनिधिहरू – मजदुर, सैनिक तथा किसान प्रतिनिधिहरूका अखिल रसियाली सोभियतहरूबाट।

३०० जना प्रतिनिधिहरू – सहकारी संस्थाहरूबाट।

३०० जना प्रतिनिधिहरू – नगरपालिकाहरूबाट।

१५० जना प्रतिनिधिहरू – मोर्चास्थित सैनिक समितिहरूबाट।

१५० जना प्रतिनिधिहरू – प्रान्तीय जेम्स्तभोहरूबाट।
२०० जना प्रतिनिधिहरू – ट्रेड युनियनहरूबाट।
१०० जना प्रतिनिधिहरू – जातीय सङ्गठनहरूबाट।
२०० जना प्रतिनिधिहरू – अन्य सानासाना समूहहरूबाट।

३

सोभियतहरूको काम पूरा भयो

२८ (१५) सेप्टेम्बर, १९१७ को दिन चेडकको मुखपत्र 'इज्भेस्त्विया' ले एउटा लेख छापेको थियो, जसमा पछिल्लो अस्थायी सरकारबारे चर्चा गर्दै भनिएको थियो –

"अन्ततोगत्वा एक वास्तविक प्रजातान्त्रिक सरकार स्थापित भएको छ। यस सरकारलाई रूसी जनताका सबै वर्गहरूको सङ्कल्पले जन्माएको हो र यो भावी प्रजातान्त्रिक संसदीय शासन प्रणालीको पहिलो रूपरेखा हो। हामी अब त्यस संविधान सभाको प्रतीक्षा गर्दै छौं, जसले मौलिक अधिकारसम्बन्धी सबै प्रश्नहरूको समाधान गर्नेछ र यी कानुनहरूलाई यथासक्य प्रजातान्त्रिक रूप दिनेछ। सोभियतहरूको काम पूरा हुँदै छ र अब त्यो समय टाढा छैन, जब अन्य क्रान्तिकारी अङ्गहरूसँगसँगै सोभियत-हरूले त्यस स्वतन्त्र तथा विजयी जनताको राजनीतिक मञ्चबाट बिदा लिनु पर्नेछ, जसले अबदेखि मात्र शान्तिपूर्ण साधनहरूको प्रयोग गर्नेछ"।

२५ (१२) अक्टोबरको दिन 'इज्भेस्त्विया' मा प्रकाशित अग्रलेखको शीर्षक थियो – 'सोभियत सङ्गठनहरूमा सङ्कट'। लेखको सुरुमा भनिएको थियो, भ्रमणबाट फर्केका यात्रीहरूको भनाइअनुसार स्थानीय सोभियतहरूको क्रियाकलापमा सर्वत्र सुस्ताइ देखा परेको छ। लेखक अगाडि भन्दछन्, "यो स्वाभाविक पनि हो, किनभने अब जनताले नगर दुमा तथा जेम्स्त-भोजस्ता बढी स्थायी विधायिका अङ्गहरूमा रूचि देखाउन थालेका छन्।

"पेत्रोग्राद र मास्कोका महत्त्वपूर्ण केन्द्रहरूमा, जहाँ सोभियतहरू

सबैभन्दा राम्ररी सङ्गठित छन्, उनीहरूले सबै प्रजातान्त्रिक शक्तिहरूलाई आफूभित्र सामेल गरेनन्... अधिकांश बुद्धिजीवीहरू र कतिपय मजदुरहरूले समेत तिनमा भाग लिएनन्; कतिपय मजदुरहरूले किन भाग लिएनन् भने उनीहरू राजनीतिक दृष्टिले पछौटे अवस्थामा थिए, अनि कतिपय मजदुरहरूले चाहिँ किन भाग लिएनन् भने उनीहरूको लागि आफ्नो युनियन नै आकर्षणको केन्द्र थियो... यी सङ्गठनहरू जनसमुदायसँग घनिष्ठ रूपमा सम्बन्धित छन् र यिनीहरूले जनसमुदायको दैनिक आवश्यकता उत्कृष्ट रूपमा पूरा गर्दै आएका छन् भन्ने कुरा हामी अस्वीकार गर्न सक्दैनौं।

"स्थानीय प्रजातान्त्रिक प्रशासन निकायहरू प्रबल रूपले सङ्गठित हुँदै छन् र यो अति महत्त्वपूर्ण कुरा हो। नगर दुमाहरू सार्विक मतदानद्वारा निर्वाचित हुन्छन् र विशुद्ध स्थानीय मामिलाहरूमा उनीहरूलाई सोभियतहरूलाई भन्दा पनि बढी अधिकार प्राप्त छ। कुन पनि प्रजातन्त्रवादीले यस कुरामा कुनै गल्ती भेट्टाउन सक्दैन।

"नगरपालिकाहरूको चुनाव सोभियतहरूको चुनावभन्दा बढी सुसंगत तथा प्रजातान्त्रिक ढङ्गले सम्पन्न हुँदै छन्...। नगरपालिकाहरूमा सबै वर्गहरूले प्रतिनिधित्व पाएका छन्...। स्थानीय स्वायत्त शासनले जति छिटो नगरपालिकाहरूमा जीवनको संचार गर्दछन्, त्यत्तिकै छिटो स्थानीय सोभियतहरूको भूमिका पनि स्वभावतः समाप्त हुँदै जानेछ।

"सोभियतहरूप्रति रूचि घट्नुको दुई कारण छन्। हामी भन्न सक्दछौं, पहिलो कारण हो—जनसमुदायमा राजनीतिक अभिरूचिको कमी; अनि नयाँ रसियाको निर्माण कार्यको सङ्गठनमा प्रान्तीय तथा स्थानीय प्रशासन निकायहरूको वृद्धिमान प्रयास दोस्रो कारण हो... पछिल्लो दिशामा जोड दिने प्रवृत्ति जति बढ्दै जानेछ, सोभियतहरूको महत्त्व पनि त्यत्तिकै छिटो समाप्त हुनेछ।

"भन्दछन्, हामी आफै आफ्नो सङ्गठनको चिहान खन्दै छौं, तर वास्तवमा हामी नै नयाँ रसियाको निर्माणको लागि सबैभन्दा बढी परिश्रम गर्ने कार्यकर्ता हौं।

"जब निरङ्कुश शासन र सम्पूर्ण नोकरशाही व्यवस्था ढल्यो, हामीले अस्थायी ब्यारेकहरूको रूपमा सोभियतहरूको स्थापना गर्‍यौं, जहाँ सबै प्रजातन्त्रवादीहरूले शरण पाउन सक्दथे। परन्तु अहिले हामी ब्यारेकहरूको स्थानमा एउटा नयाँ व्यवस्थाको स्थायी भवनको निर्माण गर्दै छौं र

स्वभावतः जनता बिस्तारैबिस्तारै यी ब्यारेकहरू छोडेर बढी सुविधापूर्ण आवासहरूमा सर्दै छन्।"

४

रसियाली गणतन्त्र परिषद्मा त्रोत्स्कीको भाषण *

चेइकद्वारा आयोजित जनवादी सम्मेलनको उद्देश्य त्यस अनुत्तरदायी हुकुमी शासनको अन्त्य गर्नु थियो, जसले कर्निलोभलाई जन्माएको थियो र एक त्यस्तो उत्तरदायी सरकारको स्थापना गर्नु थियो, जो युद्धको अन्त्य गर्न समर्थ होस् र निर्धारित समयमा संविधान सभा डाक्न सक्षम होस्। यसबीच, जनवादी सम्मेलनको पिठ्यूँपछाडि भएको धोकाबाजी र नागरिक केरेन्स्की, कादेतहरू र मेन्शेभिक तथा समाजवादी-क्रान्तिकारी पार्टीहरूका नेताहरूबीच भएको साठगाँठको फलस्वरूप हामीले औपचारिक रूपमा घोषित उद्देश्यको ठीक विपरीत परिणाम भोग्नुपर्‍यो। एउटा त्यस्तो सत्ताको स्थापना गरियो, जसको वरिपरि र जसभित्र कर्निलोभजस्ता मानिसहरू प्रत्यक्ष अथवा अप्रत्यक्ष रूपमा नेतृत्वदायी भूमिका खेल्दै छन्। अब, रसियाली गणतन्त्र परिषद् **विधायिका सभा** नभएर **परामर्शदात्री सभा** बन्नेछ भन्ने कुरा घोषणा गरिएपछि त सरकारको अनुत्तरदायित्वपनले औपचारिक रूपमा पुष्टि पाएको छ। क्रान्तिको आठ महिनाभित्र यस अनुत्तरदायी सरकारले बुलिगिन दुमाको ** नयाँ संस्करणमा आफ्नो ढाकछोपको साधन भेट्टाएको छ।

---

*वास्तवमा यो त्रोत्स्कीको भाषण होइन, बोल्शेभिक दलको यो विज्ञप्ति २० (७) अक्टोबर १९१७ को दिन गणतन्त्र परिषद्को बैठकमा त्रोत्स्कीले पढेर सुनाएका थिए।—**सं०**

****बुलिगिन दुमा**—जन समुदायलाई क्रान्तिबाट बिमुख तुल्याउने उद्देश्यले अगस्त १९०५ मा जारको आज्ञाअनुसार गृहमन्त्री आ० गे० बुलिगिनद्वारा प्रस्तावित परामर्शदायी सभा। तर क्रान्तिकारी घटनाहरूको विकासले गर्दा यस दुमाको चुनावचाहिँ हुन सकेन।—**सं०**

"सम्पन्न वर्गका मानिसहरूले यस अस्थायी परिषद्मा जुन अनुपातमा प्रवेश गरेका छन्, त्यसबाट र यो कुरा राष्ट्रव्यापी चुनावले पनि स्पष्ट रूपमा देखाएको छ, उनीहरूमध्ये कतिलाई यहाँ उपस्थित हुने कुनै पनि अधिकार छैन। यति हुँदाहुँदै पनि कादेत पार्टीले, जो हिजोसम्म अस्थायी सरकार राजकीय दुमाप्रति उत्तरदायी होस् भन्ने कुरा चाहन्थ्यो, त्यही कादेत पार्टीले आज सरकारलाई गणतन्त्र परिषद्प्रतिको उत्तरदायित्वबाट मुक्त तुल्याएको छ। निस्सन्देह संविधान सभामा सम्पन्न वर्गहरूको स्थिति त्यति अनुकूल हुने छैन जति यस परिषद्मा उनीहरूको छ र फेरि उनीहरू संविधान सभाप्रति अनुत्तरदायी पनि रहन सक्दैनन्।

"यदि सम्पन्न वर्गहरूले ६ सप्ताहपश्चात् भेला हुने संविधान सभाको लागि वास्तवमा नै तयारी गरेका भए, उनीहरूले अहिले सरकार अनुत्तरदायी होस् भन्ने प्रयास गर्नु पर्ने कुनै आवश्यकता थिएन। वास्तविकता के हो भने अस्थायी सरकारको नीतिको निर्देशन गर्दै आएको बुर्जुवावर्गले संविधान सभा भेला **हुन नदिने** उद्देश्य आफूसमक्ष राखेको छ। वर्तमान समयमा हाम्रो परराष्ट्र एवम् आन्तरिक—सम्पूर्ण राष्ट्रिय नीतिमाथि नियन्त्रण राख्दै आएका सम्पन्न वर्गहरूको यही प्रमुख उद्देश्य बनेको छ। उद्योग, कृषि तथा संभरणको क्षेत्रमा सरकारसँग मिलेर काम गर्ने सम्पन्न वर्गहरूको राजनीतिले युद्धजनित स्वाभाविक अस्तव्यस्ततालाई अझ चर्काइदिएको छ। ती सम्पन्न वर्गहरू, जसले किसान-विद्रोह भड्काउँदै छन्, ती सम्पन्न वर्गहरू, जसले गृहयुद्ध भड्काउँदै छन्, हाकाहाकी अकालको विभीषिकामार्फत आफ्नो नीति लागू गर्दै आएका छन्, उनीहरू यस नीतिद्वारा क्रान्तिलाई उल्टाउन चाहन्छन् र संविधान सभा भेला हुने कुनै पनि सम्भावना खतम पार्न चाहन्छन्!

"बुर्जुवावर्ग तथा यसको सरकारको अन्तर्राष्ट्रिय नीति पनि कम दोषी छैन। चालीस महिनाको युद्धपश्चात् राजधानीमाथि साङ्घातिक खतरा उत्पन्न भएको छ। यस खतराको सामना गर्न सरकारलाई मास्को सार्ने योजना बनाइन्छ। राजधानी छोड्ने विचारले बुर्जुवावर्गमा रोष उत्पन्न गर्दैन। उल्टो यस विचारलाई प्रतिक्रान्तिकारी षड्यन्त्र अगि बढाउने आम नीतिको एक सामान्य हिस्साको रूपमा स्वीकार गरिन्छ... शान्ति स्थापनामा नै राष्ट्रको मुक्ति निहित छ भन्ने कुरा स्वीकार गर्नुको साटो, कुटनीतिज्ञहरू र साम्राज्यवादीहरूको वास्ता नगरी समस्त युद्धपीडित जनताहरूसमक्ष खुल्लमखुल्ला अविलम्ब शान्तिको प्रस्ताव राख्नु र यस प्रकारले युद्ध चालू राख्ने कुरा असम्भव तुल्याउनुको साटो, अस्थायी सरकारले कादेतहरू,

प्रतिक्रान्तिकारीहरू तथा मित्रराष्ट्रहरूका साम्राज्यवादीहरूको आज्ञामुताबिक यस विनाशकारी युद्धलाई विनाकुनै तर्क, विनाकुनै आवश्यकता र विनाकुनै योजना तानतुन पार्दै छन् र यस प्रकारले लाखौंलाख सिपाहीहरू तथा नौसैनिकहरूलाई विनाकुनै अर्थ मृत्युको मुखमा घचेट्दै छन्, पेत्रोग्रादलाई शत्रुको हातमा सुम्पने र क्रान्तिलाई नष्ट पार्ने योजना रच्दै छन्। त्यस बेला, जब अर्काको गल्तीले गर्दा अन्य सिपाहीहरू तथा नौसैनिकहरूसँगसँगै बोल्शेभिक सैनिकहरू तथा नौसैनिकहरू मर्दै छन्, तथाकथित प्रधान सेनापति (केरेन्स्की) ले बोल्शेभिक समाचारपत्रहरूमाथि आफ्नो दमननीति जारी राखेका छन्। परिषद्का प्रमुख पार्टीहरूले स्वेच्छापूर्वक यस नीतिको ढाकछोप गर्ने काम गर्दै आएका छन्।

"हामी सामाजिक-जनवादी बोल्शेभिकहरूको दल घोषणा गर्दछौं, जनताप्रति गद्दारी गर्ने यस सरकार* र हामीबीच कुनै समानता छैन। सरकारको आडमा जनताको हत्या गर्ने यी मानिसहरू र हामीबीच कुनै समानता हुन सक्दैन। हामी एक दिन पनि प्रत्यक्ष अथवा परोक्ष रूपमा यस कामको ढाकछोप गर्न चाहन्नौं। यस बेला, जब विल्हेल्मको सेनाले पेत्रोग्रादलाई खतरामा पारेको छ, केरेन्की र कर्निलोभको** सरकार पेत्रोग्रादबाट भाग्ने र मास्कोमा प्रतिक्रान्तिको अखडा बनाउने तयारी गर्दै छन्!

"हामी मास्कोका मजदुरहरू तथा सिपाहीहरूलाई सावधान हुने आह्वान गर्दछौं। यस परिषद्को बहिष्कार गर्दै हामी सम्पूर्ण रसियाभरिका मजदुरहरू, किसानहरू तथा सिपाहीहरूसँग अनुरोध गर्दछौं—आफ्नो पौरुष तथा विवेक देखाउने मौका यही हो। पेत्रोग्राद खतरामा छ। क्रान्ति खतरामा छ। सरकारले यो खतरा बढाएको छ, सत्तारूढ वर्गहरूले यो खतरा चर्काएका छन्। मात्र स्वयम् जनताले आफूलाई र आफ्नो देशलाई बचाउन सक्दछन्।

"हामी जनतासँग अपिल गर्दछौं। तात्कालिक, वास्तविक जनवादी

---

*यहाँ जोन रिडले "प्रतिक्रान्तिसँग साठगाँठ गर्ने यस परिषद् र हामीबीच" शब्दहरू छोड्नुभएको छ।—सं०

**यहाँ जोन रिडले गल्तीले कनभालोभको सट्टा कर्निलोभ लेख्नुभएको हो।—सं०

शान्ति – जिन्दाबाद ! सम्पूर्ण सत्ता – सोभियतहरूलाई ! सम्पूर्ण जमिन – जनतालाई ! संविधान सभा – जिन्दाबाद ! ”

५

स्कोबेलेभलाई दिइएको “नकाज”

(सारांश)

(चेइकद्वारा पारित एवम् पेरिस सम्मेलनमा रसियाली क्रान्तिकारी जनवादका प्रतिनिधिलाई निर्देशनको रूपमा स्कोबेलेभलाई दिइएको ।) *

शान्तिसन्धि निम्न सिद्धान्तमा आधारित हुनुपर्दछ – “विनासंयोजन, विनाहर्जाना जातिहरूले आत्मनिर्णयको अधिकार पाउनुपर्दछ ” ।

क्षेत्रसम्बन्धी समस्याहरू

१) रसियाका अधिकृत भूभागहरूबाट जर्मन सेना हटाइनुपर्छ । पोल्याण्ड, लिथुआनिया तथा लात्भियालाई आत्मनिर्णयको पूर्ण अधिकार ।

२) तुर्की अर्मेनियाको लागि स्वायत्त सरकार स्थापित हुनासाथ पूर्ण आत्मनिर्णयको अधिकार ।

३) एल्जास-लोरेँको प्रश्न सबै विदेशी सेनाहरू फिर्ता डाकिएपछि जनमत सङ्ग्रहद्वारा समाधान गरिनेछ ।

४) पुराना सिमानाहरूभित्र नै बेल्जियमको पुनस्थापना । एक अन्तर्राष्ट्रिय कोषद्वारा क्षतिपूर्ति ।

---

*यहाँ जोन रिडले निम्न शब्दहरू छोड्नुभएको छ – “ जहाँसम्म युद्धका उद्देश्यहरूको प्रश्न छ, नयाँ सन्धि सार्वजनिक रूपमा घोषित हुनुपर्दछ ” । – सं०

५) सेर्बिया र मोन्टेनेग्रो पुनर्स्थापित हुनुपर्छ र तिनले अन्तर्राष्ट्रिय सहयोग कोषबाट मदत पाउनुपर्छ। सेर्बियाले एड्रियाटिक सागरमा पुग्ने बाटो पाउनुपर्छ। बोस्निया र हेर्चेगोभिनाले स्वायत्तता पाउनुपर्दछ।

६) बल्कानका विवादस्पद प्रान्तहरूले अस्थायी स्वायत्तता प्राप्त गर्नेछन् र तत्पश्चात् त्यहाँ जनमत सङ्ग्रह गरिनेछ।

७) पुरानो सीमारेखाअनुसार नै रूमानियाको पुनर्स्थापना हुनुपर्छ, तर रूमानियाले दोब्रुजालाई पूर्ण आत्मनिर्णयको अधिकार प्रदान गर्नु पर्नेछ... रूमानियालाई बर्लिन सन्धिका ती धाराहरू पालना गर्न, जुन यहुदीहरूसँग सम्बन्धित छन् र ती यहुदीहरूलाई पूर्णाधिकार प्राप्त रूमानियाली नागरिकको मान्यता दिन बाध्य तुल्याउनुपर्दछ।

८) अस्ट्रियाका इटालियाली क्षेत्रहरूमा अस्थायी रूपमा स्वायत्त शासन घोषित गरिनेछ र केही समयपश्चात् त्यहाँ राज्य व्यवस्था निर्धारण गर्न जनमत सङ्ग्रह गरिनेछ।

९) जर्मन उपानिवेशहरू फर्काउनु पर्नेछ।

१०) युनानी र फारसी राज्यहरू पुनर्स्थापित हुनेछन्।

सामुद्रिक मार्गहरूको स्वतन्त्रता

अन्तर्देशीय समुद्रहरूमा निकासी भएका सबै जलसंयोजकहरूका साथसाथै स्वेज तथा पानामा नहरहरूको तटस्थीकरण। वाणिज्य नौचालन निर्बाध हुनुपर्छ। निजी युद्धपोतहरूको उपयोगको अधिकार बदर गरिन्छ। वाणिज्य पोतहरूमाथि टरपेडोको प्रहार निषेध गरिन्छ।

हर्जाना

सबै युद्धरत राष्ट्रहरूले प्रत्यक्ष अथवा परोक्ष, कुनै पनि रूपमा हर्जानाको माग गर्न पाउँदैनन्, जस्तै कैदीहरूको निर्वाह खर्च। युद्धकालमा जुन हर्जाना अथवा जङ्गी महसुल असुल गरिएको थियो, अनिवार्यतः फर्काइनेछ।

आर्थिक शर्तहरू

वाणिज्य सन्धिहरू शान्ति शर्तहरूको हिस्सा बन्न सक्दैनन्। प्रत्येक राष्ट्र आफ्ना वाणिज्य सम्बन्धहरूको प्रश्नमा स्वतन्त्र हुन्छ, फेरि शान्ति-सन्धिद्वारा कुनै पनि राष्ट्रलाई आर्थिक सन्धि गर्न बाध्य तुल्याउन अथवा रोक्न सकिँदैन। उल्टो, शान्तिसन्धिअन्तर्गत सबै राष्ट्रहरूले युद्धपश्चात् आर्थिक नाकाबन्दी गर्ने छैनन् र बेग्लै भन्सार महसुल सन्धिहरू गर्ने छैनन् भन्ने बाध्यता स्वीकार गर्नु पर्नेछ। सबै देशहरूले विनाकुनै भेदभाव परममित्र राष्ट्र अधिकार प्राप्त गर्नुपर्छ।

शान्तिका ग्यारेन्टीहरू

प्रत्येक राष्ट्रका राष्ट्रिया प्रतिनिधि संस्थाहरूद्वारा निर्वाचित प्रतिनिधिहरूले शान्ति सम्मेलनमा शान्ति सम्झौता गर्नेछन्। यी देशहरूका संसदहरूले शान्तिसन्धिको अनुमोदन गर्नेछन्।

गुप्त कुटनीतिको अन्त्य गरिनेछ; सबै पक्षले कुनै पनि प्रकारको गुप्त सन्धि गर्ने छैनन् भन्ने वचन दिनेछन्। यस्ता सन्धिहरू अन्तर्राष्ट्रिय कानुनविरोधी घोषित गरिनेछन् र खारेज गरिनेछन्। सबै सन्धिहरू सम्बन्धित राष्ट्रहरूका संसदहरूले अनुमोदन नगरेसम्म लागू हुने छैनन्।

भूमि तथा समुद्र, सबै ठाउँमा क्रमिक निरस्त्रीकरणको कार्यान्वयन तथा एक मिलिसिया व्यवस्थाको स्थापना। राष्ट्रपति विल्सनद्वारा प्रस्तावित, 'राष्ट्र सङ्घ' ('लीग अफ नेशन्स') को प्रस्ताव अन्तर्राष्ट्रिय कानुनको एक महत्त्वपूर्ण साधन बन्न सक्दछ, यदि (क) यसमा राष्ट्रहरूले समान अधिकारसहित अनिवार्यतः भाग लिनेछन् र (ख) अन्तर्राष्ट्रिय राजनीतिलाई प्रजातान्त्रिक रूप दिइनेछ।

शान्तिको मार्ग

मित्रराष्ट्रहरूले के कुरा अविलम्ब घोषणा गर्नुपर्दछ भने शत्रु शक्तिहरूले समस्त बलात् संयोजनहरू परित्याग गर्ने आफ्नो सहमति प्रकट गर्नासाथ उनीहरू शान्ति वार्ता सुरु गर्न तयार हुनेछन्।

मित्रराष्ट्रहरूले सबै तटस्थ राष्ट्रहरूका प्रतिनिधिहरू सम्मिलित एक

ग्राम शान्ति सम्मेलनमा सिवाय अरू कतै शान्ति वार्ता सुरु नगर्ने र शान्ति सम्झौता नगर्ने वचन दिनुपर्छ।

स्टकहोम समाजवादी सम्मेलनको बाटोमा आइपरेका सबै बाधाहरू हटाइनुपर्छ र यस सम्मेलनमा भाग लिन चाहने सबै पार्टीहरू तथा सङ्गठन-हरूका प्रतिनिधिहरूले अविलम्ब पासपोर्ट पाउनुपर्छ।"

(किसान सोभियतहरूको कार्यकारिणी समितिले पनि एउटा **नकाज** जारी गरेको थियो, जुन उपर्युक्त नकाजभन्दा धेरै फरक छैन।)

६

रसियाको मूल्यमा शान्ति

अस्ट्रियाले फ्रान्ससमक्ष राखेको शान्ति प्रस्तावको सम्बन्धमा रिबोको* भण्डाफोर; सन् १९१७ को गृष्ममा स्विट्जरल्याण्डको बर्न शहरमा सम्पन्न तथाकथित 'शान्ति सम्मेलन', जसमा सबै युद्धरत राष्ट्रहरूका प्रतिनिधि-हरूले यी देशहरूका ठूलठूला वित्तीय संस्थाहरूको प्रतिनिधित्व गरेका थिए; अनि एक जना अङ्ग्रेज प्रतिनिधिद्वारा बल्गारियाली चर्चका उच्च पदाधिका-रीसँग वार्ता गर्ने प्रयत्न – यी सबै कुराले कुन तथ्यतिर इङ्गित गर्दछन् भने दुवै पक्षमा रसियाको मूल्यमा शान्ति सम्झौता गर्ने एक प्रबल प्रवृत्ति देखा परेको थियो। आफ्नो अर्को पुस्तक 'कर्निलोभ-काण्डदेखि ब्रेस्त-लितोभ्स्क सन्धिसम्म' मा यस विषयमा विस्तारपूर्वक चर्चा गर्ने मेरो ध्येय छ र त्यसै पुस्तकमा पेत्रोग्रादस्थित परराष्ट्र मन्त्रालयमा भेट्टाइएका कतिपय गुप्त कागतपत्रहरू पनि प्रकाशन गर्ने मेरो इच्छा छ।

---

* **अलेक्सान्द्र फेलिक्स जोजेफ रिबो** फ्रान्सका एक राजनीतिक नेता थिए, जो सन् १९१७ मा फ्रान्सका प्रधानमन्त्री थिए। – **सं०**

७

फ्रान्समा रूसी सिपाहीहरू

अस्थायी सरकारद्वारा प्रस्तुत औपचारिक प्रतिवेदन।*

"रूसी क्रान्तिको समाचार पेरिस पुग्नासाथ त्यहाँ अति उग्र प्रवृत्ति भएका रूसी समाचारपत्रहरू देखा पर्न थाले; आम सिपाहीहरूको बीचमा यी समाचारपत्रहरू निर्बाध रूपमा बाँड्न थालियो; कतिपय मानिसहरूले विना-कुनै रोकटोक सिपाहीहरूसँग सम्बन्ध राख्न थाले र बोल्शेभिक प्रचार गर्न थाले। उनीहरू प्रायशः फ्रान्सेली समाचारपत्रहरूमा छापिने झूटा समाचार-हरू सिपाहीहरूको बीचमा फैलाउँदथे। कुनै पनि प्रकारको सरकारी समाचार तथा यथातथ्य विवरणको अभावमा यस प्रचार आन्दोलनले सिपाहीहरूको बीचमा असन्तोषको लहर फैलायो। फलतः उनीहरूले रसिया फर्कन चाहे र आफ्ना अफिसरहरूलाई घृणाको दृष्टिले हेर्न थाले।

"अन्ततोगत्वा यस असन्तोषले विद्रोहको रूप लियो। आफ्नो एउटा सभामा सिपाहीहरूले कवाजमा नजाने आह्वान गर्दै एउटा अपिल निकाले, किनभने उनीहरूले अब लडाइँमा भाग नलिने निर्णय गरिसकेका थिए। विद्रो-हीहरूलाई अलग्याउने निर्णय गरियो र जर्नेल जाङ्केभिचले अस्थायी सर-कारप्रति वफादार सबै सिपाहीहरूलाई कुर्तिन शिविर छोड्ने र आफूसँग सम्पूर्ण गोलाबारुद लिएर जाने आदेश दिए। २५ जूनको दिन यो आदेश लागू भयो। शिविरमा तिनै सिपाहीहरू मात्रै बाँकी रहे जो "निश्चित शर्तमा" मात्रै अस्थायी सरकारको अधीनता स्वीकार गर्न तयार थिए। विदेशमा रूसी सेनाका प्रधान सेनापति, युद्ध मन्त्रालयका कमिसार राप तथा कतिपय प्रतिष्ठित भूतपूर्व प्रवासीहरू शिविरका सिपाहीहरूमाथि प्रभाव पार्ने विचारले धेरै पटक उनीहरूलाई भेट्न गएका थिए। तर यी सबै प्रयास-हरू विफल भए र अन्ततोगत्वा कमिसार रापले विद्रोहीहरूलाई आफ्नो हतियार सुम्पने र आत्मसमर्पण गर्नको लागि सुव्यवस्थित तरिकाले

---

*जोन रिडले आफ्नो अनुवादमा मूल प्रतिवेदनलाई अति सङ्क्षिप्त तथा परिवर्तित रूपमा प्रस्तुत गर्नुभएको छ।—सं०

मार्च गर्दै क्लोराभो नामक स्थानमा जाने आदेश दिए। यो आदेश केवल आंशिक रूपमा मात्र पालना गरियो; सबैभन्दा पहिले ५०० जना सिपाहीहरू निस्के, जसमध्ये २२ जना गिरफ्तार गरिए; २४ घण्टापछि, करिब ६,००० सिपाहीहरू निस्के र... करिब २,००० बाँकी रहे।

"दबाउ बढाउने निर्णय गरियो; उनीहरूको राशन घटाइयो, वेतन रोकियो र कुर्तिन गाउँ जाने बाटाहरूमा फ्रान्सेली सिपाहीहरूको पहारा राखियो। एउटा रूसी तोपखाना ब्रिगेड फ्रान्सबाट जाँदै छ भन्ने कुरा थाहा पाएपछि जर्नेल जाङकेभिचले विद्रोहीहरूको प्रभाव घटाउन पैदल सैनिकहरू र तोपखाना ब्रिगेडको एक संयुक्त टुकडी बनाए। विद्रोहीहरूकहाँ एउटा प्रतिनिधिमण्डल पठाइयो; केही घण्टापश्चात् त्यो प्रतिनिधिमण्डल कुनै पनि प्रकारको वार्ता निरर्थक छ भन्ने कुरामा विश्वस्त भएर फर्क्यो। १ सेप्टेम्बरको दिन जर्नेल जाङकेभिचले विद्रोहीहरूलाई अन्तिमेत्थम् दिँदै उनीहरूसँग हतियार सुम्पने माग गरे र यदि उनीहरूले ३ सेप्टेम्बरको १० बजेसम्ममा यो आदेश पूरा गरेनन् भने उनीहरूमाथि गोलाबारी सुरु गरिनेछ भन्ने धम्की दिए।

"यो आदेश पालना गरिएन र निर्धारित समयमा हलुका गोलाबारी सुरु गरियो। अठार वटा गोला हानियो र विद्रोहीहरूलाई गोलाबारी चर्काइनेछ भन्ने चेतावनी दिइयो। ३ सेप्टेम्बरको दिन राती १६० जना सिपाहीहरूले आत्मसमर्पण गरे। ४ सेप्टेम्बरको दिन गोलाबारी फेरि सुरु गरियो र ३६ वटा गोला हिर्काइसकेपछि विद्रोहीहरूले दुइटा सेता झण्डा देखाए र विना हतियार शिविरबाट निस्कन थाले। साँझसम्ममा ८,३०० सिपाहीहरूले आत्मसमर्पण गरे। त्यो रात शिविरमा बाँकी रहेका १५० जना सिपाहीहरूले मेसिनगनले गोली चलाए। ५ सेप्टेम्बरको दिन यो काण्ड समाप्त गर्ने उद्देश्यले शिविरमाथि कडा गोलाबारी गरियो र हाम्रा सिपाहीहरूले अलि अलि गर्दै शिविरमाथि कब्जा गर्न थाले। विद्रोही सिपाहीहरूले आफ्नो मेसिनगनबाट धुमधाम गोली चलाए। ६ सेप्टेम्बरको दिन ९ बजे सम्पूर्ण शिविरमाथि कब्जा गरियो। विद्रोहीहरूको हतियार खोसिएपछि ८१ जना मानिस गिरफ्तार भए।"

यो सरकारी प्रतिवेदन हो। परन्तु परराष्ट्र मन्त्रालयमा प्राप्त गुप्त कागतपत्रहरूबाट यो विवरण पूर्णतः सही छैन भन्ने कुरा हामीले थाहा पाएका छौं। सबैभन्दा पहिले त त्यस बेला अव्यवस्था सुरु भएको थियो, जब सिपाहीहरूले आफ्ना समितिहरू खडा गर्ने प्रयास गरेका थिए, जस्तो रसियामा

उनका साथीहरू गर्दै थिए। उनीहरूले रसिया फर्कने माग गरे, तर उनीहरूको यो माग पनि अस्वीकार गरियो। अनि फ्रान्समा उनीहरूको प्रभाव खतरनाक ठान्दै उनीहरूलाई सालोनिका जाने आदेश दिइयो। उनीहरूले यो आदेश पालना गर्न अस्वीकार गरे र लडाइँ सुरु भयो... विद्रोह सुरु हुनुभन्दा पहिले उनीहरूलाई अफिसरहरू नभएको त्यस शिविरमा दुई महिनासम्म त्यत्तिकै राखिएको थियो र उनीहरूसँग अति नराम्रो व्यवहार गरिएको थियो। जुन "रूसी तोपखाना ब्रिगेडले" उनीहरूमाथि गोलाबारी गरेको थियो, त्यसको नाम पत्ता लगाउने सम्पूर्ण प्रयास विफल भयो; मन्त्रालयमा भेट्टाइएको आकाशवाणीको आधारमा यस काममा फ्रान्सेली तोपसेनाको प्रयोग गरिएको थियो भन्ने निष्कर्ष निकाल्न सकिन्छ।

विद्रोहीहरूले आत्मसमर्पण गरिसकेपछि दुई सयभन्दा बढी विद्रोहीहरूको बडो निर्ममतापूर्वक हत्या गरियो।

८

तेरेशेन्कोको भाषण

(सारांश)

"परराष्ट्र नीतिको प्रश्न राष्ट्रिय सुरक्षाको प्रश्नसँग घनिष्ठ रूपमा सम्बन्धित हुन्छ... तसर्थ, यदि तपाईं राष्ट्रिय सुरक्षाको प्रश्नलाई लिएर गुप्त अधिवेशन गर्नु आवश्यक ठान्नुहुन्छ भने, आफ्नो परराष्ट्र नीतिको प्रश्नमा पनि हामीले कहिलेकाहिँ यस्तै गोप्यताको अनुसरण गर्नुपर्ने हुन्छ।"

"जर्मन कुटनीतिको प्रयास जनमतमाथि प्रभाव पार्ने निश्चित दिशातर्फ जाँदै छ... तसर्थ एक क्रान्तिकारी महाधिवेशनको आवश्यकता र शीत अभियानको असाध्यताबारे बृहत् प्रजातान्त्रिक सङ्गठनहरूका नेताहरूको चर्को गफ खतरनाक छ... यस्ता घोषणाहरूको लागि मानव जीवनको मूल्य तिर्नुपर्ने हुन्छ।

"म राज्यको सम्मान र प्रतिष्ठाको प्रश्नलाई नछोई केवल सरकारी तर्कबारे मात्र चर्चा गर्न चाहन्छु। तर्कको दृष्टिले हेर्ने हो भने रसियाको परराष्ट्र नीति रसियाको **हित** केमा निहित छ भन्ने कुराको वास्तविक समझ-

दारीमा आधारित हुनुपर्छ... यस्तो हितको तात्पर्य हो–हाम्रो मुलुक कदापि एक्लै रहन सक्दैन र वर्तमान शक्ति संयोजन (मित्रराष्ट्रहरूसँग हाम्रो सम्बन्ध) सन्तोषजनक छ... सम्पूर्ण मानवजातिलाई शान्तिको धोको छ, तर रसियामा कसैले पनि त्यस्तो अपमानपूर्ण शान्तिसन्धि गर्ने अनुमति दिने छैन, जसले हाम्रो पितृभूमिको राष्ट्रिय हितमा कुठाराघात गरोस्!"

वक्ताले भने, यस्तो शान्ति शताब्दीयौँसम्म नभए पनि धेरै वर्षसम्म संसारमा प्रजातान्त्रिक सिद्धान्तको विजयमा एक अवरोध बन्न पुग्नेछ र अन्ततोगत्वा नयाँ युद्धहरूको कारण बन्न जानेछ।

"सबैलाई मे महिनाका ती दिनहरूको सम्झना होला, जब हाम्रो मोर्चाको अस्तव्यस्तताले हाम्रो सामरिक कारबाई नै ठप पार्ने र देशलाई एक लज्जास्पद पृथक् शान्तितर्फ डोऱ्याउने खतरा पैदा गरेको थियो... युद्ध समाप्त गर्न र आफ्नो हितको संरक्षण गर्न यस्तो बाटो समाउन हुन्न भन्ने कुरामा त्यस बेला मोर्चाका सिपाहीहरूलाई विश्वस्त तुल्याउन रसियाली सरकारले ठूलो परिश्रम गर्नुपरेको थियो।"

तत्पश्चात् उनले जुलाई हमलाको आश्चर्यजनक प्रभावबारे, यसले विदेशमा रूसी राजदूतहरूको शब्दमा कति शक्ति थपेको थियो र रसियाको विजय अभियानले जर्मनीमा कति निराशा फैलाएको थियो, अनि फेरि रसियाको पराजयले मित्रराष्ट्रहरूको भ्रम कसरी हटाएको थियो, आदि कुराको चर्चा गरे।

"जहाँसम्म रूसी सरकारको प्रश्न छ, यसले "संयोजन तथा हर्जानाविना शान्ति" को मे सूत्रको कडाइसाथ पालना गर्दै आएको छ। हामी जातिहरूको आत्मनिर्णयको अधिकार मात्रै नभएर साम्राज्यवादी लक्ष्यहरूको परित्यागको पनि घोषणा गर्नु आवश्यक ठान्दछौँ।"

जर्मनीले शान्ति स्थापना गर्ने अविरल प्रयास गर्दै छ। जर्मनीमा शान्ति नै चर्चाको एक मात्र विषय बनेको छ; जर्मनीको विजय हुन सक्दैन भन्ने कुरा जर्मनहरूले बुझेका छन्।

"रूसी परराष्ट्र नीतिमा युद्धको लक्ष्य पर्याप्त स्पष्टतासाथ अभिव्यक्त भएको छैन भन्ने जुन आरोप सरकारमाथि लगाइएको छ, त्यो कुरा म स्वीकार गर्न सक्दिन।

"मित्रराष्ट्रहरू कस्तो लक्ष्यको अनुसरण गर्दै छन् भन्ने प्रश्न उठाइन्छ भने सबैभन्दा पहिले त मध्ययुरोपेली शक्तिहरूबीच कुन उद्देश्यहरूको आधारमा एकमत भएको थियो भन्ने प्रश्न सोध्नु आवश्यक हुन्छ।

"हामी ती सन्धिहरूको विवरण प्रकाशित गरौं, जसले मित्रराष्ट्रहरूलाई एउटै सूत्रमा बाँधेको छ भन्ने जस्ता मागहरू प्रायशः सुनिन्छन्, तर मानिसहरू बिर्सिदिन्छन्, मध्ययुरोपेली शक्तिहरू कुन सन्धिमा बाँधिएका छन् भन्ने कुरा हामीलाई अझसम्म पनि थाहा छैन।"

उनले भने, जर्मनीले बीचमा अनेक दुर्बल राज्यहरूको स्थापना गरेर रसियालाई पश्चिमा मुलुकहरूबाट अलग राख्न चाहेको छ भन्ने कुरा स्पष्ट छ।

"रसियाको अति महत्त्वपूर्ण हितमाथि कुठाराघात गर्ने यस्तो प्रवृत्ति रोक्नु आवश्यक छ।

"अनि त्यस रूसी जनवादले, जसले आफ्नो झण्डामा राष्ट्रहरूको आत्मनिर्णयको अधिकार अङ्कित गरेको छ, कसरी अस्ट्रिया-हङ्गेरीले सर्वाधिक सभ्य जनताहरूको उत्पीडन गर्दै छन् भन्ने कुरा चुपचाप हेरेर बस्ला त?

"यदि कसैले मित्रराष्ट्रहरूले हाम्रो जटिल परिस्थितिबाट फाइदा उठाएर हामीमाथि लडाइँको अत्यधिक बोझ थोपर्नेछन् र हाम्रो मूल्यमा शान्ति-सन्धिका प्रश्नहरूको समाधान गर्नेछन् भन्ने सोचेका छन् भने उनीहरू भयङ्कर गल्ती गर्दै छन्... हाम्रो शत्रुको दृष्टिमा रसिया उनीहरूकहाँ उत्पादित वस्तुहरूको लागि एउटा बजार मात्रै हो। लडाइँ समाप्त हुँदा हामी निकै कमजोर अवस्थामा पुगिसक्नेछौं, हाम्रा सिमानाहरू जर्मन सामानहरूको खुल्ला प्रवेशको शिकार बन्नेछन् र जसको फलस्वरूप धेरै वर्षसम्म हाम्रो औद्योगिक विकास ठप हुनेछ। यस्तो सम्भावना रोक्न आवश्यक कारबाई गर्नु जरूरी छ।

"म हाकाहाकी भन्न चाहन्छु—जुन शक्ति संयोजनले हामीलाई मित्रराष्ट्रहरूसँग आबद्ध तुल्याएको छ, त्यो **रसियाको हितानुकूल छ...** तसर्थ युद्ध तथा शान्तिका प्रश्नहरूमा हाम्रो विचार मित्रराष्ट्रहरूको विचारसँग यथासम्भव स्पष्ट तथा पूर्ण रूपले मेल खाओस् भन्ने कुरा महत्त्वपूर्ण छ... कुनै पनि प्रकारको गलतफहमी हटाउन मैले स्पष्ट रूपमा भन्नैपर्छ, रसियाले पेरिस सम्मेलनमा **एउटै दृष्टिकोण** प्रस्तुत गर्नुपर्दछ।"

उनले स्कोबेलेभलाई दिइएको नकाजबारे टीकाटिप्पणी गर्न चाहेनन्, तर उनले हालै मात्र स्टकहोममा प्रकाशित डच-स्केण्डेनिभियाली समितिको घोषणापत्रको चर्चा गरे, जसमा लिथुआनिया तथा लात्भियाको स्वायत्तताको समर्थन गरिएको थियो। "परन्तु यो स्पष्टतः असम्भव कुरा हो," तेरेशे-

न्कोले भने, "किनभने रसियासँग बाल्टिक सागरमा वर्षभरि चालू रहने उन्मुक्त बन्दरगाहहरू हुनैपर्दछ।

"यस बुँदामा परराष्ट्र नीतिका समस्याहरू आन्तरिक राजनीतिसँग घनिष्ठ रूपमा बाँधिएका छन्, किनभने यदि विशाल रसियाभरि जतातत्तै एकताको शक्तिशाली भावना विद्यमान भैदिएको भए, अहिले यत्रतत्र विभिन्न जनताहरूले केन्द्रीय सरकारबाट अलग्गिने जुन इच्छा प्रकट गर्दै छन्, त्यो भावना तपाईंले देख्नुहुने थिएन... यस्तो पृथक्ता रसियाको हितको प्रतिकूल छ र रूसी प्रतिनिधिहरू यस कुराको समर्थन गर्न सक्दैनन्।"

९

ब्रिटिश बेडा (इत्यादि)

रिगा उपसागरमा सामुद्रिक लडाइँ चलिरहेको बेला बोल्शेभिकहरूले मात्र नभएर अस्थायी सरकारका मन्त्रीहरूले पनि के सोचेका थिए भने ब्रिटिश बेडाले जानाजान बाल्टिक सागर छोडेको हो र यस प्रकारले त्यो दृष्टिकोण प्रकट गरेको हो, जुन सार्वजनिक रूपमा ब्रिटिश समाचारपत्रहरूले र अर्द्ध सार्वजनिक रूपमा रसियामा ब्रिटिश प्रतिनिधिहरूले निम्न शब्दमा व्यक्त गर्दै आएका हुन्—"रसिया खतम भइसकेको छ! अब रसियाको चासो लिने कुनै आवश्यकता छैन।"

हेर्नोस् केरेन्स्कीको अन्तर्वार्ता (टिप्पणी १३) पृ ३९९।

जर्नेल गुर्को जारको पालामा रूसी सेनाका स्टाफ अध्यक्ष थिए। उनी भ्रष्ट शाही दरबारमा एक महत्त्वपूर्ण व्यक्ति थिए। क्रान्तिपश्चात् राजनीतिक तथा व्यक्तिगत कर्तुतको लागि देशनिकाला गरिएका थोरै व्यक्तिहरूमध्ये उनी पनि एक थिए। त्यसै बेला, जब रिगा उपसागरमा रूसी बेडा पराजित भएको थियो, लण्डनमा सम्राट् जर्जले जर्नेल गुर्कोलाई सार्वजनिक रूपले स्वागत गरेका थिए, एक त्यस्तो व्यक्तिको स्वागत गरेका थिए, जसलाई रसियाको अस्थायी सरकारले जर्मनहरूको एक भयङ्कर शुभचिन्तक तथा प्रतिक्रियावादी ठान्दथ्यो!

१०

विद्रोहको विरुद्ध अपिल

मजदुर तथा सिपाहीहरूको नाममा

"साथीहरू, दुष्ट शक्तिहरू पेत्रोग्राद तथा अरू शहरहरूमा **अव्यवस्था तथा पाग्रोमहरू** (मारकाट) को आयोजना गराउने अधिकाधिक प्रयास गर्दै छन्। सम्पूर्ण क्रान्तिकारी आन्दोलनलाई रगतको खोलामा बगाउने सम्भावना प्राप्त गर्न नै उनीहरू यस्ता प्रयासहरू गर्दै छन्। शान्ति तथा सुव्यवस्था स्थापना गर्ने र नगरवासीहरूको रक्षा गर्ने बहानाले उनीहरू त्यही कर्निलोभ शासन स्थापना गर्न चाहन्छन्, जसलाई हालै मात्र क्रान्तिकारी जनताले दबाउन सफल भएको थियो। उनीहरूको यो कामना सफल भएको खण्डमा जनताले ठूलो विपद सहनुपर्नेछ! विजयी प्रतिक्रान्तिले सोभियतहरू तथा सैनिक समितिहरूलाई खतम पार्नेछ, संविधान सभा भताभुङ्ग पार्नेछ, भूमि समितिहरूको हातमा भूमिको अन्तरण प्रक्रिया बन्द गर्नेछ, छिटै शान्ति कायम हुनेछ भन्ने जनताको सम्पूर्ण आशा खेर जानेछ र सबै जेलहरू क्रान्तिकारी सिपाहीहरू र मजदुरहरूले भरिनेछन्।

"खाद्य संभरणको विसङ्गठन, युद्ध जारी रहनु र जीवनका सामान्य कठिनाइहरूले गर्दा जनताका अप्रबुद्ध हिस्सामा जुन गम्भीर असन्तोष फैलिएको छ, त्यसैलाई प्रतिक्रान्तिकारीहरू तथा कालासयवालाहरू प्रयोग गर्न चाहन्छन्। उनीहरू सिपाहीहरू तथा मजदुरहरूको प्रत्येक प्रदर्शनलाई पाग्रोमको रूप दिन चाहन्छन् र यस प्रकारले शान्तिप्रेमी जनतालाई भयभीत तुल्याउन चाहन्छन् र उनीहरूलाई शान्ति तथा सुव्यवस्थाका पुनर्स्थापकहरूको अँगालोभित्र फँसाउन चाहन्छन्।

"यस्तो अवस्था भएको बेला यी दिनहरूमा प्रदर्शन आयोजना गर्ने प्रत्येक प्रयास, त्यो जतिसुकै प्रशंसनीय उद्देश्यद्वारा अनुप्रेरित किन नहोस्, एक अपराध ठहरिनेछ। सरकारको नीतिबाट असन्तुष्ट चेतनशील मजदुर तथा सिपाहीहरूले यदि यस्ता प्रदर्शनहरूमा भाग लिन्छन् भने उनीहरूले यसबाट आफूलाई र क्रान्तिलाई मात्र क्षति पुऱ्याउनेछन्।

त्यसै कारणले चेइक सबै मजदुरहरूलाई प्रदर्शनहरूमा भाग लिने अपिलको अवहेलना गरुन् भन्ने आह्वान गर्दछ।

२५*

"मजदुरहरू तथा सैनिकहरू! अर्काको भड्काउमा नपर्नुहोला! अनिवार्यतः असफल हुने प्रदर्शनहरूद्वारा क्रान्तिकारी मोर्चाको एकता नखलबल्याउनुहोला!"

मजदुर तथा सैनिक प्रतिनिधिहरूका सोभियतहरूको केन्द्रीय कार्यकारिणी समिति (चेइक)

रसियाली सामाजिक-जनवादी मजदुर पार्टी
खतरा नजिक छ!

सबै मजदुरहरू तथा सैनिकहरूको नाममा

(आफैले पढ्नोस् र अरूलाई पनि पढ्न दिनोस्!)

"साथी मजदुरहरू तथा सैनिकहरू!

हाम्रो देश खतरामा छ। यस खतराले गर्दा हाम्रो स्वतन्त्रता र हाम्रो क्रान्तिले एक कठिन घडीको सामना गर्नुपरेको छ। शत्रु पेत्रोग्रादको ढोकामा उभिएको छ। अव्यवस्था घण्टैपिच्छे बढ्दै गइरहेको छ। पेत्रोग्रादको लागि आवश्यक अन्न प्राप्त गर्न झन्झन् मुश्किल पर्दै गइरहेको छ। आज सानादेखि ठूलासम्म, सबै मानिसले आफ्नो प्रयास दुई गुना – चार गुना बढाउनुपरेको छ र सुप्रबन्ध तथा सुव्यवस्थाको लागि आफ्नो देन दिनुपरेको छ... हामीले आफ्नो देश, आफ्नो स्वतन्त्रता बचाउनुपरेको छ... सेनाको लागि अरू बढी हतियार र रसदपानी उपलब्ध गराउनुपरेको छ! ठूलठूला शहरहरूको लागि अन्न चाहिएको छ! देशमा सुव्यवस्था तथा सुसङ्गठन स्थापना गर्नुपरेको छ।

"यस भयङ्कर जटिल समयमा बिस्तारैबिस्तारै के हल्ला फैलिँदै छ भने **कतै** प्रदर्शनको तयारी हुँदै छ, **कसैले** सिपाहीहरू तथा मजदुरहरूलाई क्रान्तिकारी शान्ति तथा सुव्यवस्था नष्ट पार्ने आह्वान गर्दै छ... बोल्शेभिकहरूको समाचारपत्र 'राबोची पुच' ले आगोमा घिउ थप्ने काम गर्दै छ; यसले अनभिज्ञ, चेतनाहीन मानिसहरूलाई फकाइफुलाई खुशी पार्ने प्रयास गर्दै छ, मजदुर तथा सैनिकहरूलाई लालच देखाएर, अनेक असल कुराहरू उपलब्ध गराउने बचन दिएर सरकारको विरुद्ध भड्काउँदै छन्... अनभिज्ञ

मानिसहरूले सोचविचारै नगरी उनीहरूको कुरामा विश्वास गरेका छन्... अनि अर्कोतिरबाट हल्ला सुनिँदै छ–दुष्ट शक्तिहरू, जारका मतियारहरू, जर्मन जासुसहरू खुशीले हात मल्दै छन्। उनीहरू बोल्शेभिकहरूसँग मिल्न तयार छन् र यसरी मिलेर वर्तमान सङ्कटलाई गृहयुद्धमा परिणत गर्न चाहन्छन्।

"बोल्शेभिकहरू र उनीहरूद्वारा छकाइएका अनभिज्ञ सैनिकहरू तथा मजदुरहरू वाहियात नारा लगाउँदै छन्–"सरकार मुर्दाबाद! सम्पूर्ण सत्ता सोभियतहरूलाई!" अनि जारका दुष्ट परिचारकहरू र विल्हेल्मका जासुस-हरू उनीहरूको स्वरमा स्वर मिलाउँदै चिच्च्याउँदछन्, "यहुदीहरूलाई खतम पार! पसलेहरूलाई कुट! बजारमा लुटपाट मचाऊ! पसलहरू लुट! रक्सी गोदामहरू फोडफाड पार! मारकाट गर! आगो लगाउ! लुटपाट मचाऊ!"

"अनि भयङ्कर सङ्कट पैदा हुनेछ, जनताको एक हिस्सासँग अर्को हिस्साको लडाइँ सुरु हुनेछ। सबै कुरा अझ अस्तव्यस्त हुनेछ र शायद राज-धानीका सडकहरूमा फेरि एक पटक रगतको खोला बग्नेछ। अनि त्यसपछि के? के हुने हो!

"त्यसपछि विल्हेल्मको लागि पेत्रोग्रादको बाटो खुल्नेछ। त्यसपछि पेत्रो-ग्रादमा एक गेडा अन्न आउने छैन र केटाकेटीहरू भोकभोकै मर्नेछन्। त्यस-पछि मोर्चामा हाम्रो सेना निस्सहाय अवस्थामा पर्नेछ, मोर्चामा रहेका हाम्रा दाजुभाइहरू शत्रुका तोपहरूको शिकार बन्नेछन्। त्यसपछि रसियाले अन्य देशमा आफ्नो प्रतिष्ठा गुमाउनेछ, हाम्रो मुद्राको भाउ घट्दै जानेछ, हरेक चीज कति महँगो हुनेछ भने बाँच्न नै मुश्किल हुनेछ। अनि चीरप्रतीक्षित संविधान सभाको अधिवेशन पछि सारिनेछ, निर्धारित समयमा संविधान सभाको अधिवेशन डाक्नु असम्भव हुनेछ। अनि क्रान्ति नष्ट हुनेछ, हामीले आफ्नो स्वतन्त्रता गुमाउनेछौँ।

"मजदुरहरू तथा सैनिकहरू, के तपाईंहरू यही कुरा चाहनुहुन्छ? होइन! यदि तपाईंहरू यो कुरा चाहनुहुन्न भने, जानोस्, धोकाबाजहरूद्वारा छकाइएका ती अनभिज्ञ मानिसहरूकहाँ जानोस् र उनीहरूलाई ती सम्पूर्ण सत्य कुरा बताउनोस्, जुन हामीले तपाईंलाई बताएका छौँ!

"यी भयङ्कर दिनहरूमा जसले सरकारको विरुद्ध सडकमा प्रदर्शन गर्न तपाईंहरूलाई आह्वान गर्दछ, त्यो जारको गुप्त परिचारक हो, जासुस हो, जनताका शत्रुहरूको विवेकहीन सहायक हो, विल्हेल्मको भरौटे जासुस हो भन्ने कुरा सबैले थाहा पाउनुपर्छ!

"प्रत्येक सचेत मजदुर क्रान्तिकारी, प्रत्येक सचेत कृषक, प्रत्येक क्रान्तिकारी सैनिक, ती सबै मानिसहरू, जसले सरकारको विरुद्ध प्रदर्शन अथवा विद्रोहले जनतालाई कति क्षति पुऱ्याउन सक्छ भन्ने कुरा बुझेका छन्, सबैले ऐक्यबद्ध हुनुपरेको छ र जनताका शत्रुहरूलाई हाम्रो स्वतन्त्रता नष्ट पार्नबाट रोक्नुपरेको छ।

मेन्शेभिक-आबारोनेचहरूको
पेत्रोग्राद निर्वाचन समिति।"

११

'साथीहरूको नाममा' लेनिनको पत्र

यो एउटा लेखमाला हो, जुन अक्टोबर १९१७ को उत्तरार्द्धमा 'राबोची पुच'मा क्रमशः प्रकाशित भएको थियो। यहाँ त्यस लेखमालाका दुई लेखहरूबाट केही उद्धरणहरू प्रस्तुत गरिएका छन्।

> "जनतामा हाम्रो बहुमत छैन र यस शर्तको परिपूर्तिविना विद्रोह सफल होला भन्ने आशा गर्न सकिँदैन...।"

ती मानिसहरू, जसले यस्तो कुरा गर्ने क्षमता राख्दछन्, या त साँचो कुरालाई विकृत रूपमा प्रस्तुत गर्दै छन्, या त पाण्डित्य छाँट्न खप्पिस छन्। उनीहरू क्रान्तिको वास्तविक स्थितिको वास्तै नगरी जुनसुकै हालतमा पनि कस्तो ग्यारेण्टी पाउन चाहन्छन् भने बोल्शेभिक पार्टीले सम्पूर्ण देशभरि हुने मतदानमा खसेका सबै भोटहरूको आधा भाग र एउटा अर्को बढी भोट पाउनेछ।

किसान विद्रोह वर्तमान रसियाली जीवनमा अन्तिम तर कम महत्त्वपूर्ण तथ्य होइन... ताम्बोभ गुबेर्नियामा सम्पन्न भएको किसान आन्दोलन भौतिक तथा राजनीतिक दुवै दृष्टिले विद्रोह थियो, एक त्यस्तो विद्रोह थियो, जसबाट आश्चर्यजनक राजनीतिक नतिजा प्राप्त भएको थियो, उदाहरणार्थ, सबैभन्दा पहिले त यो नतिजा किसानहरूको हातमा जमिन सुम्पने सम्झौ-

ता थियो। विद्रोह देखेर तर्सेका 'जेला नारोदा' समेत सम्पूर्ण समाजवादी-क्रान्तिकारी भीड अहिले किसानहरूको हातमा जमिन सुम्पने आवश्यकताबारे **चिच्च्याउँदै छन्...** किसान विद्रोहको अर्को शानदार राजनीतिक तथा क्रान्तिकारी नतिजा हो–ताम्बोभ गुबेर्नियाका रेलवे स्टेसनहरूमा अन्न पुऱ्याउने काम।

बुर्जुवा समाचारपत्रहरूले, कहाँसम्म भने 'रूस्काया भोल्या'ले समेत ताम्बोभ गुबेर्नियाको रेलवे स्टेसन अन्नले भरिएको छ भन्ने समाचार छापेर अन्न समस्याको **यस्तो** समाधान (एक मात्र वास्तविक समाधान) को आश्चर्यजनक परिणाम स्वीकार गर्न बाध्य भएका छन्... **किसानहरूले विद्रोह गरेपछि** यो कुरा सम्भव हुन गएको हो!!

> "सत्ता हातमा लिन हामी पर्याप्त मात्रामा शक्तिशाली छैनौं भने संविधान सभाको अधिवेशन रोक्न पनि बुर्जुवावर्ग पर्याप्त मात्रामा शक्तिशाली छैन।"

"यस तर्कको पहिलो हिस्सा पहिलो तर्ककै एक अन्विति मात्र हो। जब यस तर्कका प्रतिपादकहरू आफ्नो किंकर्तव्यविमुढता तथा बुर्जुवावर्गप्रति आफ्नो त्रासको भावनालाई मजदुरवर्गको प्रश्नमा निराशावाद र बुर्जुवावर्गको प्रश्नमा आशावादद्वारा अभिव्यक्त गर्न खोज्दछन्, यो तर्क न बढी शक्तिशाली, न त बढी विश्वासप्रद रूपमा नै प्रकट हुन्छ। जब युङ्केरहरू र कजाकहरू भन्दछन्, उनीहरू एक थोपा रगत बाँकी रहुन्जेलसम्म पनि बोल्शेभिकहरूको विरुद्ध लड्नेछन्, यस कुरामा पूरा विश्वास गर्न सकिन्छ; तर यदि मजदुरहरू तथा सैनिकहरू सयौं सभाहरूमा बोल्शेभिकहरूप्रति पूर्ण विश्वास प्रकट गर्दछन् र उनीहरू सोभियतहरूको हातमा सत्ता अन्तरण कार्यको पूर्णत: समर्थन गर्न तयार छन् भन्ने कुरामा जोड दिन्छन् भने यो कुरा स्मरण गराउन "समयोचित" हुनेछ–भोट दिनु एउटा कुरा हो, लडाइँमा भाग लिनु अर्को कुरा हो।

"निस्सन्देह, तपाईं यस्तो तर्क प्रस्तुत गर्दै हुनुहुन्छ भने तपाईं विद्रोहको राम्भावनाको "खण्डन" गर्दै हुनुहुन्छ। तर हामी सोध्न सक्दछौं, यो

विशिष्ट दिशा र विशिष्ट प्रेरणा भएको "निराशावाद" बुर्जुवावर्गको पक्षमा राजनीतिक मत-परिवर्तनबाट के कुरामा फरक पर्न गयो?

"अनि कर्निलोभ-काण्डले के कुरा प्रमाणित गऱ्यो? यसले सोभियतहरू एक वास्तविक शक्ति हुन् भन्ने कुरा प्रमाणित गरेको छ।

"संविधान सभाको अधिवेशन रोक्न बुर्जुवावर्ग पर्याप्त मात्रामा शक्तिशाली छैन भन्ने कुरा कसरी प्रमाणित हुन सक्छ?

"यदि सोभियतहरू बुर्जुवावर्गको सत्ता पल्टाउन **पर्याप्त मात्रामा शक्तिशाली छैनन्** भने यसको **अर्थ हुन जान्छ**, संविधान सभाको अधिवेशन रोक्न बुर्जुवावर्ग पर्याप्त मात्रामा शक्तिशाली छ, किनभने उनीहरूलाई रोक्ने अरू कुनै शक्ति छैन। केरेन्स्की र उनको मण्डलीको वचनमा विश्वास गर्नु, भरौटे पूर्वसंसदका प्रस्तावहरूमा विश्वास गर्नु–यो सर्वहारा पार्टीको एक सदस्य र एक क्रान्तिकारीको लागि सुहाउँदो कुरा हो त?

"यदि वर्तमान सरकारलाई नपल्टाउने हो भने बुर्जुवावर्ग संविधान सभाको अधिवेशन रोक्न मात्रै पर्याप्त **शक्तिशाली** हुने होइन, अपितु पेत्रोग्रादलाई जर्मनहरूको हातमा सुम्पेर, मोर्चालाई अरक्षित अवस्थामा छोडेर, तालाबन्दी चर्काएर र खाद्य सम्भरण कार्यमा बिघ्नबाधा उत्पन्न गरेर यसले **परोक्ष रूपमा** आफ्नो लक्ष्य पूरा गर्न सक्नेछ।

> "सोभियतहरू एक त्यस्तो रिभल्भर बन्नुपर्छ, जुन संविधान सभाको अधिवेशन डाक्न लगाउन र सम्पूर्ण कर्निलोभ षड्यन्त्र रोक्न लगाउन सरकारतिर तेर्स्याइएको हुनुपर्छ।"

"विद्रोहको विरोध गर्नु र "सम्पूर्ण सत्ता सोभियतहरूलाई" भन्ने नाराको विरोध गर्नु **एउटै कुरा हो।**

"सेप्टेम्बरदेखि नै पार्टीमा विद्रोहको प्रश्नमाथि छलफल हुँदै आएको हो।

"विद्रोहको विरोध गर्नु भनेको सोभियतहरूलाई सत्ता हस्तान्तरणको विरोध गर्नु हो र त्यस दयालु बुर्जुवावर्गको हातमा सबै आशा तथा आकाङ्क्षाहरू "सुम्पनु" हो, जसले संविधान सभाको अधिवेशन डाक्ने "वचन" दिएको छ।

"एक पटक सोभियतहरूको हातमा **सत्ता** गएपछि संविधान सभा र यसको सफलता **सुनिश्चित** हुनेछ।

"विद्रोहको विरोध गर्नु भनेको सीधै लिबेर र दानजस्ता मानिसहरूको पक्षमा मिल्न जानु हो।

"या त लिबेर र दानजस्ता मानिसहरूको पक्षमा मिल्न जानोस् र "सम्पूर्ण सत्ता सोभियतहरूलाई" भन्ने नाराको **खुल्लमखुल्ला** विरोध गर्नोस्, या त विद्रोह सुरु गर्नोस्। बीचको बाटो छैन।"

> "बुर्जुवावर्गले पेत्रोग्रादलाई जर्मनहरूको हातमा सुम्पन सक्दैनन् (हुन त रोद्ज्यान्कोले यसो गराउन खोजेका हुन्), किनभने बुर्जुवावर्ग लडाइँमा जाँदैन, लडाइँ त हाम्रा वीर नौसैनिकहरूले चलाइरहेका छन्।"

"मोर्चाका सैनिक हेडक्वार्टरहरूमा कुनै सुधार भएको छैन र जुन अफिसरहरूको हातमा कमान छ, तिनीहरू कर्निलोभपन्थी हुन् भन्ने कुरा निर्विवाद सत्य हो।

"यदि कर्निलोभपन्थीहरू (केरेन्स्कीको नेतृत्वमा, किनभने उनी पनि कर्निलोभपन्थी नै हुन्) पेत्रोग्रादलाई आत्मसमर्पण गराउन **चाहन्छन्** भने उनीहरूले यो कुरा दुई अथवा अझ तीन तरिकाले गर्न सक्दछन्।

"सबैभन्दा पहिले त उनीहरूले कर्निलोभपन्थी अफिसरहरूको गद्दारीद्वारा उत्तरी क्षेत्रको मोर्चा अरक्षित अवस्थामा छोड्न सक्दछन्।

"दोस्रो तरिका, उनीहरू जर्मन नौसेनालाई, जुन हामीभन्दा **बढी शक्तिशाली छ,** स्वतन्त्र कार्य गर्ने छुट दिन "सहमत" हुन सक्दछन्, उनीहरू जर्मन साम्राज्यवादीहरू तथा ब्रिटिश साम्राज्यवादीहरू दुवैसँग सहमत हुन सक्दछन्। यसको अतिरिक्त, "बेपत्ता भएका एडमिरलहरूले" हाम्रा **योजनाहरू** जर्मनहरूकहाँ पुऱ्याएका पनि हुन सक्छ।

"तेस्रो, उनीहरूले तालाबन्दीद्वारा र खाद्य सम्भरण व्यवस्थामा व्यवधान उत्पन्न गरेर हाम्रो सेनालाई **पूर्ण** नैराश्य तथा निस्क्रियताको अवस्थामा पुऱ्याउन सक्दछन्।

"यी तीन तरिकाहरूमध्ये कुनै पनि अस्वीकार गर्न सकिँदैन। तथ्य-

हरूबाट के कुरा प्रमाणित हुन्छ भने रसियाको बुर्जुवा-कजाक पार्टीले यी तीनै ढोका घचघच्याएको थियो र प्रत्येक ढोका जबरजस्ती खोल्ने प्रयास गरेको थियो।

"बुर्जुवावर्गले क्रान्तिको घाँटी ननिमठेसम्म **पर्खेर बस्ने** हामीलाई कुनै अधिकार छैन्।

"रोद्ज्यान्को कामकाजी मान्छे हुन्।

"**दशाब्दीयौंदेखि** रोद्ज्यान्कोले पुँजीको नीति ठूलो वफादारी र इमानदारीसाथै लागू गर्दै आएका हुन्।

"यसबाट के निष्कर्ष निकाल्न सकिन्छ? यसबाट के निष्कर्ष निकाल्न सकिन्छ भने क्रान्तिको संरक्षण गर्ने एक मात्र साधनको रूपमा विद्रोहको प्रश्नमा दुविधाग्रस्त हुनु भनेको कायरतावश बुर्जुवावर्गमाथि विश्वास गर्नु हो। यो विश्वास आधा लिबेरदान, समाजवादी-क्रान्तिकारी-मेन्शेभिक किसिमको छ भने, आधा "किसान तरिकाको" ठाडो मूक विश्वास छ, जसको विरुद्ध बोल्शेभिकहरूले सबैभन्दा बढी सङ्घर्ष गर्दै आएका छन्।

"हामी दिन प्रतिदिन बढी शक्तिशाली हुँदै गइरहेका छौं। हामी एक प्रबल विरोधी पक्षको रूपमा संविधान सभामा प्रवेश गर्न सक्दछौं, त्यसो भए किन हामीले सबै कुराको बाजी लगाउने?"

"यो एक कूपमण्डूकको तर्क हो, जसले संविधान सभा डाकिँदै छ भन्ने कुरा पढेको थियो र जो चुपचाप सबैभन्दा कानुनी, सबैभन्दा सही, सबैभन्दा वैधानिक बाटो समाउन पुग्दछ।

"तर दुःखको कुरा के छ भने संविधान सभाको **प्रतीक्षाद्वारा** न अनिकालको प्रश्न, न त पेत्रोग्रादको आत्मसमर्पणको प्रश्न नै समाधान गर्न सकिन्छ। यो "सानो" कुरा सीधासादा, भ्रममा परेका अथवा आफूलाई तर्साउने मौका दिने मानिसहरूले बुझ्दैनन्।

"अनिकालले पर्खेर बस्दैन। किसान विद्रोहले पर्खन चाहेन। युद्धले पनि पर्खने छैन। बेपत्ता भएका एडमिरलहरूले पर्खेनन्।"

अन्धा मानिसहरूचाहिँ अझै पनि आश्चर्य मान्दै छन्, किन यी भोका जनता, जर्नेलहरू र एडमिरलहरूको धोकामा परेका यी सिपाहीहरू चुनावप्रति यति उदासीन छन्। कस्तो पण्डित्याइँ त!

"यदि कर्निलोभपन्थीहरूले फेरि विद्रोह सुरु गरेका भए हामीले देखाइदिन्थ्यौँ। तर किन आफैंले सुरु गर्नुपर्‍यो र! केलाई खतरा उठाउनुपर्‍यो?"

"इतिहास दोहोरिँदैन, तर यदि हामीले इतिहासतिर **पिठिउँ** फर्काउने हो र पहिलो कर्निलोभपन्थी काण्डबारे सोच्दै यो मन्त्र जप्ने हो भने– "कर्निलोभपन्थीहरूले फेरि विद्रोह सुरु गरिदिए कति जाती हुन्थ्यो!"– यदि हामीले यसो गर्ने हो भने यो कस्तो गजबको क्रान्तिकारी राजनीति हुन्थ्यो होला।

"सर्वहारा क्रान्तिको लागि यो कस्तो आधार बन्ला त?

"अनि यदि कर्निलोभपन्थीहरूले ... भोकाहरूको विद्रोह सुरु नहुञ्जेल-सम्म, मोर्चामा पराजय नहुञ्जेलसम्म र पेत्रोग्रादले आत्मसमर्पण **नगरूञ्जेल-सम्म पर्खेर बसे भने नि?** त्यस बेला के गर्ने नि?

कर्निलोभपन्थीहरूले आफ्नो उही पुरानो गल्ती दोहोर्‍याउलान् भन्ने सम्भावनाको आधारमा हामीले सर्वहारा पार्टीको कार्यनीति निर्माण गरौँ भन्ने प्रस्ताव राखिन्छ!

बोल्शेभिकहरूले सयौँ पल्ट जुन सत्य प्रमाणित गरिसकेका छन् र बार-म्बार **प्रमाणित** गर्दै छन्, हामी त्यो कुरा बिर्सिदिऔँ, क्रान्तिको ६ महि-नाको इतिहासले जुन कुरा प्रमाणित गरेको छ अर्थात् कर्निलोभपन्थीहरूको अधिनायकवाद अथवा सर्वहारावर्गको अधिनायकवाद **सिवाय** अरू कुनै बाटो **छैन**, अरू कुनै वस्तुगत बाटो छैन र हुन पनि सक्दैन भन्ने कुरा हामी बिर्सिदिऔँ। हामी यो कुरा बिर्सिदिऔँ, हामी यी सबै कुरा अस्वीकार गरौँ र पर्खौं! तर केको लागि पर्खने? कुनै चमत्कारको लागि।"

१२

मिल्युकोभको भाषण

(सारांश)

"देशको सुरक्षा नै हाम्रो प्रमुख कर्तव्य हो र यस उद्देश्यको पूर्तिको लागि सेनामा अनुशासन र मोर्चापछाडि सुव्यवस्था आवश्यक छ भन्ने कुरा

गरेजस्तो मलाई लाग्छ। यस्तो स्थिति तयार पार्न हामीलाई एक त्यस्तो सत्ताको आवश्यकता छ, जसले सम्झाउने-बुझाउने मात्र होइन, बल प्रयोग गर्न पनि समर्थ होस्...हाम्रा सबै विपत्तिहरूको जरो परराष्ट्र नीतिसम्बन्धी त्यही मौलिक, यथार्थतः रूसी दृष्टिकोण हो, जसलाई अन्तर्राष्ट्रियतावादी दृष्टिकोण भनिन्छ।

"रसियामा त्यस नयाँ विश्वको जन्म हुनेछ, जसले पुरानो युरोपलाई समेत पुनर्जन्म दिनेछ र यस नयाँ विश्वले जडसूत्रवादी समाजवादको पुरानो झण्डा फालेर त्यसको स्थानमा भोका र नाङ्गा जनताको प्रत्यक्ष सङ्घर्षको नीति ग्रहण गर्नेछ–र यस प्रकारले मानवजातिले एकै चोटि फड्को लाउनेछ र समाजवादी स्वर्गको त्यो ढोका बलात् खोल्नेछ, जुन अहिलेसम्म हाम्रो लागि बन्द थियो आदि कुराहरू जब श्री लेनिन गर्नुहुन्छ, वास्तवमा उहाँले श्री केरेन्स्कीको अनुकरण मात्र गर्नुभएको हो।

"यी मानिसहरूले रसियामा बुर्जुवा व्यवस्थाको पतनले सम्पूर्ण बुर्जुवा विश्वको पतन गराउनेछ भन्ने कुरामा साँच्चै नै विश्वास गरेका छन्। यी मानिसहरूले यस दृष्टिकोणको आधारमा युद्धकालमा अनजानमै आफ्नो देश-प्रति गद्दारी गर्न सक्दछन् अथवा सिपाहीहरूलाई मोर्चाबाट फर्कने र शत्रुको विरुद्ध लड्नुको साटो आन्तरिक गृहयुद्ध उत्पन्न गराउने, जमिनदारहरू तथा पुँजीजीवीहरूमाथि हमला गर्ने सल्लाह विनाकुनै हिचकिचाहट दिन सक्दछन्।"

यहाँनेर वामपन्थीहरूले भयङ्कर हल्ला गर्दै मिल्युकोभको भाषणको विरोध गरे। प्रतिनिधिहरूले उनीसँग कुनचाहिँ समाजवादीले यस्तो कार्या-कलापको लागि आह्वान गरेको हो देखाउने माग गरे।

"मार्तोभ भन्दछन्, सर्वहारावर्गको क्रान्तिकारी दबाउले मात्र साम्रा-ज्यवादीहरूको दुष्टतापूर्ण दाउपेच मिच्न सक्छ र उनीहरूको अधिनायकवादको अन्त्य गर्न सक्दछ... सरकारहरूको लागि शस्त्रीकरणको सिमाना तोक्ने सम्झौताद्वारा होइन, यी सरकारहरूको निरस्त्रीकरणद्वारा र सैनिक व्यव-स्थाको आमूल प्रजातन्त्रीकरणद्वारा मात्र यो कार्य गर्न सकिन्छ।"

उनले मार्तोभको कडा आलोचना गरे र तत्पश्चात् मेन्शेभिकहरू तथा समाजवादी-क्रान्तिकारीहरूमाथि प्रहार गरे। मिल्युकोभले उनीहरूमाथि वर्गसङ्घर्ष चालू राख्नको लागि मात्र सरकारमा सम्मिलित भएको आरोप लगाए।

"जर्मनी र मित्रराष्ट्रहरूका समाजवादीहरू यी महानुभावहरूलाई उपे-

क्षाको दृष्टिले हेर्दछन् ; तर उनीहरूले ठाने, यो रसियाको आफ्नो आन्तरिक मामिला हो र हामीकहाँ "सम्पूर्ण संसारभरि आगो लगाऊ" भन्ने प्रचारकहरू पठाए।

"हाम्रो क्रान्तिकारी जनवादको मन्त्र बडो सरल छ–परराष्ट्र नीतिको आवश्यकता छैन, कुटनीतिक कलाको पनि आवश्यकता छैन, अविलम्ब प्रजातान्त्रिक शान्ति सम्झौता चाहिएको छ, मित्रराष्ट्रहरूसमक्ष घोषणा गरिन्छ–"हामीलाई केही पनि चाहिँदैन, हामीलाई कुनै कुराको लागि लड्नुपरेको छैन"। त्यसपछि त के र, हाम्रा विपक्षीहरूले पनि तुरुन्तै त्यस्तै घोषणा गर्नेछन् र यस प्रकारले विभिन्न जनताहरूबीच भाइचारा सम्बन्ध कायम भइहाल्दछ।"

मिल्युकोभले जिम्मरवाल्ड घोषणापत्रको हाँसो उडाए र भने केरेन्स्कीसमेत "यस अभागी घोषणापत्रको, जुन सदैव नै तपाईंहरूको विरुद्ध अभियोगपत्रको रूपमा रहनेछ", प्रभावबाट बच्न सकेनन्। तत्पश्चात् उनले स्कोबेलेभमाथि प्रहार गरे र भने, पेरिस सम्मेलनमा जहाँ उनी आफ्नै सरकारको परराष्ट्र नीतिसँग सहमत नहुँदा पनि एक रूसी प्रतिनिधिको हैसियतले भाग लिन जाँदै छन्, उनी कस्तो अनौठो अवस्थामा पर्नेछन् भने, सबैले सोध्नेछन्–"के चाहन्छन् यी महानुभाव र वास्तवमा हामीले के कुरा गर्ने हो यिनीसँग?" जहाँसम्म नकाजको प्रश्न छ, मिल्युकोभले भने, उनी स्वयम् एक शान्तिवादी हुन्, उनी पनि एक अन्तर्राष्ट्रिय मध्यस्थता ब्यूरोको स्थापनाका हिमायती हुन्, शस्त्रीकरण रोक्नुपर्छ र गुप्त कुटनीतिमाथि संसदीय नियन्त्रण आवश्यक छ भन्ने कुरामा उनलाई पनि विश्वास छ, परन्तु यस्तो नियन्त्रणको तात्पर्य गुप्त कुटनीति नै समाप्त गर्नु होइन।

नकाजमा निहित समाजवादी विचारधाराको उल्लेख गर्दै, ती विचारहरूको उल्लेख गर्दै, जसलाई उनले "स्टकहोम धारणा" (विजय-पराजयविना शान्ति, जातिहरूको आत्मनिर्णयको अधिकार तथा आर्थिक युद्धको परित्याग) भने, मिल्युकोभले घोषणा गरे,

"जर्मनीले प्रत्यक्षतः त्यसै अनुपातमा सफलता प्राप्त गरेको छ, जुन अनुपातमा आफूलाई क्रान्तिकारी जनवादी भन्ने मानिसहरूले सफलता प्राप्त गरेका छन्। म भन्दिन, जुन अनुपातमा क्रान्तिले सफलता प्राप्त गरेको छ, किनभने मेरो विश्वास छ, क्रान्तिकारी जनवादको पराजय नै क्रान्तिको विजय हो।

"विदेशमा सोभियत नेताहरूको महत्त्व त्यति कम छैन। परराष्ट्र मन्त्री-

को भाषण सुन्नासाथ तपाईंलाई विश्वास भइहाल्नेछ, यस सभामा परराष्ट्र नीतिमाथि क्रान्तिकारी जनवादको प्रभाव कति प्रबल रहेछ भने मन्त्री महोदयले सभासमक्ष रसियाको सम्मान र प्रतिष्ठाबारे कुरा गर्ने साहस गर्न सकेनन्।

"सोभियतहरूको नकाजबाट हामी के कुरा थाहा पाउँदछौं भने स्टकहोम घोषणापत्रको विचार दुई दिशामा विकसित भएको छ – एउटा कल्पनावादको दिशा हो भने, अर्को जर्मन हितको दिशा हो।"

वामपन्थीहरूले क्रुद्ध टिप्पणीहरूद्वारा उनको भाषण रोक्न खोजे, अध्यक्षले पनि उनलाई झपारे। तर मिल्युकोभले चाहिँ ढिपी कस्न छोडेनन् – कुटनीतिज्ञहरूले होइन, जनसभाहरूले शान्तिसन्धि सम्पन्न गरुन् र शत्रुले संयोजनको नारा छोड्नासाथ उनीहरूसँग शान्ति वार्ता सुरु गर्नुपर्छ भन्ने जस्ता प्रस्तावहरू जर्मनहरूको लागि मात्रै लाभदायक छ। हालै मात्र कुलमनले भनेका थिए, यदि कसैले व्यक्तिगत रूपमा कुनै वक्तव्य दिन्छ भने, त्यस वक्तव्यको लागि त्यही व्यक्ति मात्रै जिम्मेदार हुन्छ... "जे होस्, मजदुर तथा सैनिक प्रतिनिधिहरूका सोभियतको अनुकरण गर्नुभन्दा त हामी जर्मनहरूको अनुकरण गर्नु नै श्रेयष्कर ठान्दछौं।"

मिल्युकोभले भने, "लिथुआनिया र लात्भियाको स्वाधीनतासँग सम्बन्धित धाराहरूले रसियाका विभिन्न भागहरूमा चलिरहेको राष्ट्रवादी आन्दोलनलाई व्यक्त गरेका छन् र यो आन्दोलन जर्मन पैसाबाट चल्दै छ।"

वामपन्थी बेञ्चहरूबाट आएको भयङ्कर कोलाहलबीच उनले नकाजका एल्जास-लोरें, रूमानिया र सेर्बियासँग सम्बन्धित धाराहरूलाई जर्मनी तथा अस्ट्रियाका जातिहरूसँग सम्बन्धित धाराहरूलाई दाँजे र भने नकाजमा जर्मनी र अस्ट्रियाको दृष्टिकोण ग्रहण गरिएको छ।

तेरेशेन्कोको भाषणको चर्चा गर्दै वक्ताले उनीमाथि आफूले सोचेको कुरा खुल्लमखुल्ला भन्ने साहस नगरेको र रसियाको महानताको दृष्टिकोणले सोच्नेसम्म पनि आँट नगरेको आरोप लगाए। दरदानेल रसियाकै अधीनमा हुनुपर्छ।

"तपाईंहरू बारम्बार भन्नुहुन्छ, सिपाहीहरूलाई थाहा छैन, उनीहरू केको लागि लड्दै छन्, अनि उनीहरूलाई थाहा नै भए पनि उनीहरू लड्लान्... साँचो हो, सिपाहीहरूलाई थाहा छैन, उनीहरू केको लागि लड्दै छन्, तर अब तपाईंहरूले उनीहरूलाई भनिसक्नुभएको छ, उनी-

हरूले लडाइँमा भाग लिने कुनै आवश्यकता छैन, यसमा हाम्रो कुनै राष्ट्रिय हित छैन र हामी अर्काको लक्ष्यपूर्तिको लागि लडाइँमा भाग लिइरहेका छौं।"

मित्रराष्ट्रहरूको सराहना गर्दै र अमेरिकाको सहायताबाट "उनीहरूले आज मानवजातिको आम हितको रक्षा गर्दै छन्" भन्दै मिल्युकोभले निम्न शब्दद्वारा आफ्नो भाषण टुङ्ग्याए–

"मानवजातिको प्रकाश स्तम्भको–पश्चिमका उन्नत प्रजातान्त्रिक राष्ट्रहरूको, जो एक लामो अवधिदेखि त्यस बाटोमा हिंड्दै छन्, जसमा हामीले आज हिचकिचाउँदै, ढुलमुलाउँदै पाइला टेकिरहेका छौं, जय होस्! हाम्रा साहसी मित्रराष्ट्रहरूको जय होस्!"

१३

केरेन्स्कीसँग अन्तर्वार्ता

'एसोसियेटेड प्रेस' का सम्वाददाताले मौका छोप्न खोजे। "केरेन्स्की महोदय", उनले आफ्नो प्रश्न सुरु गरे, "बेलायत र फ्रान्समा क्रान्तिबाट सबै निराश भइसकेका छन्...।"

"हो, मलाई थाहा छ", केरेन्स्कीले उनको कुरा काट्दै व्यङ्ग्यपूर्वक भने, "विदेशमा क्रान्तिको फेसन गइसकेको छ!"

"तपाईंको विचारमा रूसीहरूले लड्न नचाहनुको कारण के होला?"

"बाहियात प्रश्न हो! केरेन्स्कीले कडकिँदै जवाफ दिए। "सबै मित्रराष्ट्रहरूमध्ये रसियाले नै सबैभन्दा पहिले लडाइँको मैदानमा प्रवेश गरेको हो र एक लामो अवधिसम्म रसियाले एक्लैले लडाइँको बोझ थाम्दै आएको हो। रसियाले जुन क्षति सहनुपर्‍यो, त्यो अरू सबै राष्ट्रहरूको सम्मिलित क्षतिभन्दा धेरै बढी छ। आज रसियालाई मित्रराष्ट्रहरूसँग उनीहरूले यस लडाइँमा बढी शक्ति खर्च गरुन् भन्ने माग गर्ने पूरा अधिकार छ।" उनी एक छिन थामिए र प्रश्नकर्तातिर एक टकले हेर्दै भने, "तपाईं सोध्नुहुन्छ, किन रूसीहरू लडाइँमा भाग लिन चाहँदैनन्, रूसीहरू पनि सोध्न चाहन्छन्, त्यस बेला, जब रिगा उपसागरमा जर्मन सामरिक

जहाजहरू घुम्दै छन्, ब्रिटिश बेडा कहाँ छ?" उनी फेरि अकस्मात् थामिए र एक्कासि बम्किए, "रूसी क्रान्ति असफल भएको होइन, न त क्रान्तिकारी सेना नै असफल भएको छ। क्रान्तिले सेनामा विश्रृङ्खलता उत्पन्न गरेको होइन, यो विश्रृङ्खलता धेरै पहिले नै सुरु भइसकेको थियो, यसको लागि पुरानो शासन दोषी छ। किन रूसीहरू लडाइँमा भाग लिन चाहँदैनन् रे? म तपाईंलाई भन्छु, सुन्नोस्! किनभने साधारण जनता आर्थिक दृष्टिले रित्तिइसकेको छ र मित्रराष्ट्रहरूबारे जनताको विचार बदलिसकेको छ!"

त्यो अन्तर्वार्ता, जसबाट मैले माथिको उद्धरण प्रस्तुत गरें, आकाशवाणीद्वारा संयुक्त राज्य अमेरिका पठाइयो र केही दिनपश्चात् अमेरिकी परराष्ट्र मन्त्रालयले "काटछाँट" गर्ने मागसहित त्यो अन्तर्वार्ता फर्कायो। केरेन्स्कीले यसो गर्न अस्वीकार गरे, तर उनको सचिव डा० दाभीद सोस्किसले त्यो अन्तर्वार्ता काटछाँट पारे र यस प्रकारले मित्रराष्ट्रहरूबारे सम्पूर्ण अप्रिय सङ्केतहरू हटाएर त्यो अन्तर्वार्ता संसारभरिका समाचारपत्रहरूमा छापियो।

तेस्रो अध्यायका टिप्पणीहरू

१

कारखाना समितिहरूको प्रस्ताव

१) राजनीतिक क्षेत्रमा निरङ्कुश जारशाही शासन उल्टाएपछि अब मजदुरवर्गले उत्पादनको क्षेत्रमा पनि प्रजातान्त्रिक व्यवस्थाको विजय सुनिश्चित तुल्याउने प्रयत्न गर्दै छ। मजदुर नियन्त्रणको सिद्धान्त यसै प्रयासको अभिव्यक्ति हो। यो सिद्धान्त स्वभावतः त्यस आर्थिक अस्तव्यस्तताको आधारमा उत्पन्न भएको हो, जुन सत्तारूढ वर्गहरूको अपराधपूर्ण नीतिको परिणाम थियो।

२) मजदुर नियन्त्रणको यो व्यवस्था औद्योगिक उत्पादनको क्षेत्रमा मजदुरहरूको क्रियाकलापको त्यस्तै स्वस्थ अभिव्यक्ति हो, जस्तो राजनीतिक क्षेत्रमा पार्टी सङ्गठन हुन्छ, रोजगारीको क्षेत्रमा व्यावसायिक सङ-

गठनहरू हुन्छन्, उपभोगको क्षेत्रमा सहकारी समितिहरू हुन्छन् र संस्कृतिको क्षेत्रमा साहित्यिक गोष्ठीहरू हुन्छन्।

३) कारखानाहरूले सही र अविरल रूपमा काम गरुन् भन्ने चाहना पुँजीजीवीहरूलाई भन्दा मजदुरहरूलाई धेरै बढी हुन्छ। यस दृष्टिकोणले हेर्ने हो भने आफ्नो भौतिक लाभ अथवा राजनीतिक विशेषाधिकारद्वारा मात्र प्रेरित भएका मालिकहरूको स्वेच्छापूर्ण निर्देशनले भन्दा मजदुर नियन्त्रणले आधुनिक समाजको हितलाई, सम्पूर्ण जनताको हितलाई कता हो कता बढी सुरक्षित तुल्याएको हुन्छ। तसर्थ मजदुर नियन्त्रण सर्वहारावर्गको माग मात्र होइन, यो सम्पूर्ण देशकै हितानुकूल छ र क्रान्तिकारी किसानहरू तथा क्रान्तिकारी सेनाले यस मागको समर्थन गर्नुपर्छ।

४) क्रान्तिप्रति बहुसङ्ख्यक पुँजीपतिहरूको नकारात्मक दृष्टिकोणले गर्दा कच्चा पदार्थ एवम् इन्धनको उचित वितरण तथा कारखानाहरूको कुशल प्रबन्ध मजदुर नियन्त्रणविना असम्भव छ र यो कुरा हाम्रो अनुभवले पर्याप्त मात्रामा देखाइसकेको छ।

५) मजदुरहरूको चेतनशील दृष्टिकोणको विकास गर्दै र यस कार्यको सामाजिक महत्त्व स्पष्ट पार्दै पुँजीपतिहरूको अधीनमा रहेका कलकारखानाहरूमाथि मजदुर नियन्त्रणद्वारा मात्र मजदुर आत्मानुशासनको विकास एवम् श्रम उत्पादन क्षमताको यथासम्भव वृद्धिको लागि अनुकूल स्थितिको सिर्जना गर्न सकिन्छ।

६) अर्थव्यवस्थाको भावी शान्तिकालमा सङ्क्रमण र यस सन्दर्भमा सम्पूर्ण राष्ट्रभरि विभिन्न कलकारखानाहरूबीच विशेष उथलपुथलविना श्रमको पुनर्वितरण स्वयम् मजदुरहरूको प्रजातान्त्रिक स्वशासनको अवस्थामा मात्र सम्भव हुन सक्दछ। तसर्थ मजदुर नियन्त्रणको कार्यान्वयन उद्योगको विसैन्यीकरणको एक अनिवार्य पूर्वावस्था हो।

७) रसियाली सर्वहारावर्गको राजनीतिक पार्टी—रसियाली सामाजिक-जनवादी मजदुर पार्टी (बोल्शेभिक)—द्वारा घोषित "राष्ट्रिय स्तरमा मजदुर नियन्त्रण" को नाराअनुसार यथासम्भव फलदायी नतिजा प्राप्त गर्नको लागि मजदुर नियन्त्रण अनुसाङ्गिक नभएर यसले सबै पुँजीवादी उद्यमहरूलाई अँगालेको हुनुपर्छ, यो अव्यवस्थित होइन, सङ्गठित हुनुपर्छ, मजदुर नियन्त्रण देशको सम्पूर्ण आर्थिक जीवनबाट पृथक् नभएर योजनाबद्ध हुनुपर्छ।

८) देशको आर्थिक जीवन—कृषि व्यवसाय तथा उद्योगधन्दा, वा-

णिज्य तथा यातायात–एउटा त्यस्तो एकीभूत योजनाको अधीन हुनुपर्छ, जुन व्यापक जनसमुदायको व्यक्तिगत तथा सामाजिक आवश्यकताहरूको परिपूर्तिको लागि तयार भएको हुनुपर्छ, जुन जनताका निर्वाचित प्रतिनिधिहरूद्वारा अनुमोदित हुनुपर्छ र जुन आर्थिक योजना कार्यान्वयनसम्बन्धी राष्ट्रिय तथा स्थानीय सङ्गठनहरूको माध्यमबाट यी प्रतिनिधिहरूको निर्देशनमा कार्यान्वित हुनुपर्दछ।

९) कृषि श्रमसँग सम्बन्धित योजनाको हिस्सा किसानहरू तथा भूमिहीन सङ्गठनहरूको निरीक्षणमा कार्यान्वित हुनुपर्छ भने उद्योग, वाणिज्य तथा यातायातमा सङ्लग्न ज्यालादारी श्रमद्वारा परिचालित उद्योगधन्दासँग सम्बन्धित योजनाको हिस्सा मजदुर नियन्त्रणअन्तर्गत कार्यान्वित हुनुपर्छ। औद्योगिक कारखानाहरूमा कारखाना समितिहरू तथा यस्तै अन्य समितिहरू र श्रम-बजारमा व्यावसायिक सङ्गठनहरू मजदुर नियन्त्रणको स्वाभाविक निकाय हुनुपर्छ।

१०) व्यावसायिक सङ्गठनहरूले श्रमको कुनै पनि शाखाका अधिकांश मजदुरहरूको लागि वेतनसम्बन्धी जुन सामूहिक सम्झौता गर्दछन्, त्यो सम्झौता सम्बन्धित क्षेत्रमा रहेका उक्त शाखाका सबै कारखानाहरूका मालिकहरूले समान रूपले पालना गर्नुपर्छ।

११) रोजगार-ब्यूरोहरू समग्र औद्योगिक योजनाअन्तर्गत तथा त्यस-योजनाअनुरूप काम गर्ने वर्ग सङ्गठनहरूको रूपमा व्यावसायिक सङ्गठनहरूको नियन्त्रण तथा प्रबन्धअन्तर्गत रहनु आवश्यक छ।

१२) व्यावसायिक सङ्गठनहरूले श्रम सम्झौता अथवा श्रम कानुनको उलङ्घन गर्ने सबै मालिकहरूको विरुद्ध र यस्तै किसिमले श्रमको कुनै पनि शाखामा कुनै पनि मजदुरको तर्फबाट आफ्नै तत्परतामा कानुनी कारबाई सुरु गर्ने अधिकार पाउनुपर्दछ।

१३) उत्पादन, वितरण तथा श्रम-नियोजनमाथि मजदुर नियन्त्रण-सम्बन्धी सबै प्रश्नहरूमा व्यावसायिक सङ्गठनहरूले प्रतिष्ठान विशेषका मजदुरहरूसँग उनीहरूको कारखाना समितिहरूको माध्यमबाट परामर्श गर्नु आवश्यक छ।

१४) नियुक्ति तथा अवकास प्रदान, बिदा, पारिश्रमिक-क्रम, काम गर्ने मनाही, उत्पादन-क्षमता तथा कौशल, सम्झौता खारेज गर्ने काम, कारखाना प्रशासनसँगको विवाद तथा कारखानाको आन्तरिक जीवनसम्बन्धी यस्तै समस्याहरू कारखाना समितिद्वारा भएको जाँचबुझको आधारमा मात्रै

समाधान गरिनुपर्छ। समितिलाई कारखाना प्रशासनका कुनै पनि सदस्यलाई छलफलमा भाग लिन मनाही गर्ने अधिकार हुन्छ।

१५) कारखानाले प्राप्त गर्ने कच्चा पदार्थ, इन्धन, अर्डर, श्रमशक्ति तथा प्राविधिक कर्मचारीहरूको (सरसामानसमेत) सप्लाइ तथा प्रबन्ध-माथि नियन्त्रण राख्नको लागि र कारखानाद्वारा सामान्य औद्योगिक योजनाको पालना गराउनको लागि समेत कारखाना समितिले एउटा आयोग गठन गर्नेछ। कारखाना प्रशासनले मजदुर नियन्त्रण निकायहरूलाई सहयोग पुऱ्याउने र सूचना प्रदान गर्ने उद्देश्यले व्यवसायसम्बन्धी सम्पूर्ण तथ्याङ्क उपलब्ध गराउनु पर्नेछ, यी तथ्याङ्कहरू जाँच्ने मौका दिनुपर्छ र कारखानाका सबै बहीखाताहरू पेस गर्नुपर्छ।

१६) यदि कारखाना समितिले कारखाना प्रशासनको कुनै गैरकानुनी कारबाईबारे चाल पायो अथवा समितिलाई त्यस्तो कारबाईबारे शङ्का लाग्यो, जसबारे मजदुरहरूले मात्रै जाँच गर्न सक्दैनन्, त्यस्तो कारबाई सच्च्याउन सक्दैनन् भने त्यस अवस्थामा यो मामिला श्रमको जुन विशेष शाखासँग सम्बन्धित हुन्छ, त्यसैका कारखाना समितिहरूका जिल्ला सङ्गठनलाई सुम्पिनेछ र त्यस सङ्गठनले सामान्य औद्योगिक योजनाको कार्यान्वयनको लागि उत्तरदायी संस्थाहरूसँग मिलेर यसबारे सोचविचार गर्नेछ र यो समस्या सुल्झाउने बाटो खोज्नेछ। यस्तो समाधानको सन्दर्भमा कारखाना जफतसमेत गर्न सकिनेछ।

१७) विभिन्न उद्यमहरूका कारखाना समितिहरू विभिन्न व्यवसायहरूको आधारमा सङ्घबद्ध हुनुपर्छ, जसले गर्दा उद्योगको सम्पूर्ण शाखामाथि नियन्त्रण राख्न सजिलो परोस् र यसलाई सामान्य औद्योगिक योजनाभित्र पार्न सकियोस्, विभिन्न कारखानाहरूबीच अर्डरहरू, कच्चा पदार्थ, इन्धन प्राविधिक सामग्री तथा श्रमशक्तिको वितरणको एक प्रभावशाली योजना तयार पार्न सकियोस् र विभिन्न व्यवसायहरूको आधारमा सङ्गठित व्यावसायिक सङ्गठनहरूसँग सहयोग स्थापना गर्ने सुविधा प्राप्त होस्।

१८) व्यावसायिक सङ्गठनहरू तथा कारखाना समितिहरूका केन्द्रीय नगर परिषद्हरूले सामान्य औद्योगिक योजना तयार पार्न र त्यस योजनालाई कार्यान्वित गर्न शहरहरू तथा गाउँहरूबीच आर्थिक सम्बन्ध कायम राख्न स्थापित तदनुरूप राजकीय तथा स्थानीय संस्थाहरूमा सर्वहारावर्गको प्रतिनिधित्व गर्दछन्। साथै जहाँसम्म आफ्नो क्षेत्रमा मजदुर नियन्त्रणको प्रश्न छ, यी परिषद्हरूलाई कारखाना समितिहरू तथा व्यावसायिक सङ्-

गठनहरूको प्रबन्धको सम्पूर्ण अधिकार प्राप्त हुनेछ र यी परिषद्हरूले उत्पादन कार्यमा मजदुरहरूको अनुशासनसँग सम्बन्धित अनिवार्य नियमहरू बनाउनेछन्, तर यी नियमहरू सार्विक मतदानद्वारा मात्रै अनुमोदित हुनेछन्।*

२

बोल्शेभिकहरूबारे बुर्जुवा समाचारपत्रहरूको भनाइ

'**रूस्काया भोल्या**', २८ अक्टोबर–"निर्णायक घडी नजिक आउँदैछ। यो बोल्शेभिकहरूको लागि निर्णायक घडी हो। या त उनीहरूले हाम्रो समक्ष... जुलाई १६-१८ का घटनाहरूको दोस्रो संस्करण प्रस्तुत गर्नेछन्, या त उनीहरूले आफ्ना योजनाहरू र प्रवृत्तिहरू, सम्पूर्ण चेतनशील राष्ट्रिय शक्तिहरूबाट आफूलाई अलग्याउने उनीहरूको धृष्टतापूर्ण नीति पूर्णतः पराजित भएको छ भन्ने कुरा स्वीकार गर्नु पर्नेछ।

"के बोल्शेभिकहरूले सफलता प्राप्त गर्ने कुनै सम्भावना छ?

"यस प्रश्नको जवाफ दिन त्यति सजिलो छैन, किनभने जनसमुदायको अज्ञानता नै बोल्शेभिकहरूको मुख्य आधार बनेको छ। उनीहरूले यस अज्ञानताबाट फाइदा उठाएका छन्, आफ्नो पाखण्डीपनको ढाकछोप गर्न यस अज्ञानतालाई निरन्तर प्रयोग गर्दै आएका छन्।

"सरकारले यस मामिलामा हस्तक्षेप गर्नुपरेको छ। गणतन्त्र परि-

---

*जोन रिडले यस प्रस्तावको १९ औं अनुच्छेद छोड्नुभएको छ, जसमा भनिएको छ–"राष्ट्रव्यापी स्तरमा मजदुर नियन्त्रणको माग गर्दै सम्मेलनले सबै कमरेडहरूलाई अहिलेदेखि नै यी प्रस्तावहरू त्यस हदसम्म कार्यान्वित गर्ने सल्लाह दिन्छ, जुन हदसम्म प्रत्येक स्थानमा शक्ति सन्तुलनले तिनलाई कार्यान्वित गर्ने सम्भावना दिन्छ। सम्मेलन के पनि घोषणा गर्दछ भने यदि मजदुरहरूले आफ्नो फाइदाको लागि कुनै कलकारखानामाथि कब्जा गर्दछन् भने त्यो कार्य मजदुर नियन्त्रणको उद्देश्यअनुरूप हुनेछैन।" –**सं०**

षद्को नैतिक समर्थनको आधारमा सरकारले बोल्शेभिकहरूप्रति एक स्पष्ट तथा निश्चित दृष्टिकोण अँगाल्नुपरेको छ।

"यदि बोल्शेभिकहरूले वैधानिक सरकारको विरुद्ध विद्रोह गराउने प्रयास गरे र यस प्रकारले जर्मनहरूलाई आक्रमण गर्न सजिलो पार्न खोजे भने उनीहरूसँग त्यस्तै व्यवहार गर्नु पर्ने हुन्छ, जस्तो विद्रोहीहरू तथा गद्दार-हरूसँग गरिन्छ।"

'बिर्झेभिये भेदमस्ती', अक्टोबर २८। "अब बोल्शेभिकहरू आफैं सम्पूर्ण प्रजातान्त्रिक शक्तिहरूबाट अलग्गिएपछि उनीहरूको विरुद्ध सङ्घर्ष गर्न धेरै सजिलो परेको छ र अब यस सङ्घर्षको लागि कहिले उनीहरूले विद्रोह सुरु गर्लान् भन्ने कुरा पर्खेर बस्ने कुनै आवश्यकता छैन। उल्टो, सरकारले यस्तो विद्रोह हुने मौकै दिनु हुँदैन।

"विद्रोह तथा अराजकताको लागि बोल्शेभिकहरू जुन प्रचार गर्दै छन्, त्यो फौजदारी अदालतद्वारा दण्डनीय कार्य हो र स्वतन्त्रभन्दा स्वतन्त्र मुलुकमा समेत यस्तो कार्य गर्दा मानिसहरूले सजाय पाउँदछन्। किनभने बोल्शेभिकहरू अहिले जुन काम गर्दै छन्, त्यो सरकारको विरुद्ध राजनीतिक सङ्घर्ष होइन र अझ सत्ताको लागि सङ्घर्ष पनि होइन, त्यो त अराजकता, मारकाट र गृहयुद्धको प्रचार हो। यस्तो प्रचार जरैदेखि उखेलेर फाल्नु आवश्यक छ; मारकाटको लागि हुने प्रचार कार्यको विरुद्ध पाइला चाल्न वास्तवमा नै मारकाट सुरु नभएसम्म पर्खेर बस्नु बडो अनौठो कुरा हो।"

'नोभये भ्रेम्या', नोभेम्बर १। "किन सरकार २ नोभेम्बरबारे (जुन दिन सोभियतहरूको महाधिवेशन डाकिएको छ) यति चिन्तित छ, तर १२ सेप्टेम्बर अथवा ३ अक्टोबरबारे कुनै चिन्ता देखाउँदैन?

"यो पहिलो पटक होइन, जब रसिया डढ्दै छ र एक खण्डहरमा परिणत हुँदै छ, जब यस भयङ्कर अग्निकाण्डको धुवाँले हाम्रा मित्रराष्ट्र-हरूको आँखा पोल्दै छ।

"सत्ता प्राप्त गरेपछि आजसम्म सरकारले अराजकता रोक्ने उद्देश्यले एउटा पनि आदेश जारी गरेको छैन, जुन लपेटामा रसिया भष्म हुँदै छ, कसैले निभाउने प्रयास गरेको छ र? अरू पनि कतिपय काम गर्नु बाँकी नै छ।

"सरकारले बढी जल्दोबल्दो समस्यातिर ध्यान दिएको छ। यसले एक त्यस्तो विद्रोह (कर्निलोभ-काण्ड) को दमन गर्‍यो, जसबारे आज प्रत्येक मानिसले सोध्दै छ, "के यस्तो विद्रोह कहिल्यै भएको थियो र?"

३

बोल्शेभिकहरूबारे नरमपन्थी समाजवादी समाचारपत्रहरूको भनाइ

'जेला नारोदा' (समाजवादी-क्रान्तिकारीहरूको समाचारपत्र), अक्टोबर २८। "क्रान्तिको विरुद्ध बोल्शेभिकहरूको सबैभन्दा भयङ्कर अपराध के हो भने जनताले जुन क्रुरतम विपदको सामना गर्नुपरेको छ, उनीहरू त्यसको एक मात्र कारण क्रान्तिकारी सरकारको खराब नियत ठान्दछन्, तर वास्तवमा यी विपदहरू वस्तुगत कारणले गर्दा उत्पन्न भएका हुन्।

"उनीहरू जनतालाई मीठामीठा वचन दिन्छन्, तर उनीहरूले कुनै पनि वचन पूरा गर्न सक्दैनन् भन्ने कुरा उनीहरूले अगिबाटै थाहा पाएका छन्, उनीहरूले जनतालाई गलत बाटोमा डोऱ्याउँदै छन् र जनताको विपदको वास्तविक कारण के हो भन्ने कुरा नबताएर उनीहरूलाई धोका दिँदै छन्।

"बोल्शेभिकहरू क्रान्तिका सबैभन्दा खतरनाक शत्रु हुन्।"

'जेन' (मेन्शेभिक समाचारपत्र), अक्टोबर ३०। "के यो वास्तवमा नै 'प्रेस स्वतन्त्रता' हो? 'नोभया रूस' र 'राबोची पुच' रातदिन खुल्लम-खुल्ला विद्रोहको लागि भड्काउँदै छन्। यी दुई पत्रिकाहरूले रातदिन आफ्ना स्तम्भहरूमार्फत वास्तविक अपराध गर्दै छन्। उनीहरू हरेक दिन मारकाटको लागि आह्वान गर्दै छन्... "प्रेस स्वतन्त्रता" भनेको यही रहेछ त?

"सरकारले आफूलाई बचाउनुपरेको छ, हामीलाई बचाउनुपरेको छ। रक्तपातमय विद्रोहहरूद्वारा नागरिकहरूको जीवन नष्ट हुने खतरा उत्पन्न भएको यस्तो बेलामा सरकार चुप लागेर नबसोस् भन्ने माग गर्ने हामीलाई अधिकार छ।"

४

'येजिन्स्तभो'

प्लेखानोभको समाचारपत्र 'येजिन्स्तभो' बोल्शेभिकहरूले सत्ता हातमा लिएको केही दिनपश्चात् निस्कन छोड्यो। व्यापक हल्लाका विपरीत 'येजिन्स्तभो' माथि सोभियत सरकारले प्रतिबन्ध लगाएको थिएन। यस समाचारपत्रको अन्तिम अङ्कमा **ग्राहकहरूको अति कम सङ्ख्याले** गर्दा समाचारपत्रको प्रकाशन बन्द गरिएको छ भन्ने सूचना छापिएको थियो।

५

के बोल्शेभिकहरू षड्यन्त्रकारी थिए?

पेत्रोग्रादबाट फ्रेन्च भाषामा प्रकाशित समाचारपत्र «Entente» ले आफ्नो १५ नोभेम्बरको अङ्कमा एउटा लेख छापेको थियो, जसको एक हिस्सा यहाँ प्रस्तुत गरिएको छ–

"केरेन्स्कीको सरकार बहस गर्दछ र हिचकिचाउँदछ। लेनिन र त्रोत्स्कीको सरकार हमला गर्दछ र काम गर्दछ।

"यस सरकारलाई षड्यन्त्रकारीहरूको सरकार भन्दछन्, तर यो गलत कुरा हो। निस्सन्देह यो बलादग्राहीहरूको सरकार हो! सबै क्रान्तिकारी सरकारहरूले जस्तै यसले पनि आफ्ना शत्रुहरूमाथि विजय प्राप्त गरेको छ। तर षड्यन्त्रकारीहरूको सरकार रे? कदापि होइन!

"होइन! उनीहरूले षड्यन्त्र रचेका थिएनन्। उल्टो, उनीहरूले खुल्लमखुल्ला, निडरतापूर्वक, कुरा नचपाई, आफ्नो उद्देश्य नलुकाई काम गर्दै गए र उनीहरूले आफ्नो आन्दोलन अगि बढाउँदै लगे, उनीहरूले कारखानाहरूमा, ब्यारेकहरूमा, मोर्चामा, देशभरि नै जताततै आफ्नो प्रचार चर्काए, कहाँसम्म भने उनीहरूले अगिबाटै हतियार हातमा लिने मिति, सत्ता हातमा लिने मिति पक्का गरिसकेका थिए।

"के **उनीहरू** षड्यन्त्रकारी थिए त? कदापि थिएनन्!"

६

विद्रोहको विरुद्ध अपिल

केन्द्रीय सैनिक समितिको तर्फबाट

"हामी सबैभन्दा पहिले त्, के कुरामा जोड दिन्छौं भने गणतन्त्र परिषद् तथा चेइकसँग मतैक्यताको आधारमा अस्थायी सरकारले एक जनसत्ता निकायको रूपमा बहुमत जनताको जुन सङ्गठित इच्छा अभिव्यक्त गरेको छ, त्यो अविचल रूपमा सम्पादन गरियोस्।

"त्यस्तो बेला, जब मन्त्रिमण्डलमा उत्पन्न हुने कुनै पनि सङ्कटले अनिवार्यतः देशमा अव्यवस्था, अनिकाल र गृहयुद्ध सुरु गर्नेछ, यस सत्तालाई बलप्रयोगद्वारा उल्टाउनको लागि गरिने कुनै पनि प्रदर्शनलाई सेनाले प्रतिक्रान्तिकारी कार्य ठान्नेछ र यस्तो प्रदर्शन हतियारको बलले दबाइनेछ।

"सबै बेग्लाबेग्लै समूहहरू तथा वर्गहरूको हित एउटै आम उद्देश्यको परिपूर्तिमा निहित छ र त्यो उद्देश्य हो—हाम्रो उद्योगधन्दाको उत्पादनशीलतामा वृद्धि र जीवनको लागि आवश्यक सबै वस्तुहरूको न्यायपूर्ण वितरण।

"तोडफोड, विसङ्गठन अथवा हुलदङ्गामा भाग लिन सक्ने सबै मानिसहरूलाई, सबै भगौटेहरू, चोरफटाहाहरू र कामचोरहरूलाई सेनाको पृष्ठभागमा सबैभन्दा फोहोर र गाह्रो काम गराउन बाध्य गराउनुपर्छ।

"जनइच्छा विपरीत काम गर्ने, क्रान्तिका शत्रु बनेका यी मानिसहरूबाट विशेष मजदुर टोलीहरू बनाएर उनीहरूलाई मोर्चापछाडि, मोर्चामा, मोर्चाका ती खाडलहरूमा, जहाँ शत्रुले गोलाबारी गर्दै छ, काम गर्न बाध्य गराइयोस् भन्ने अस्थायी सरकारसँग हाम्रो अनुरोध छ।"

७

६ नोभेम्बर राती घटेका घटनाहरू

साँझपख लाल गार्ड टोलीहरूले बुर्जुवा समाचारपत्रहरूका छापाखानाहरू कब्जा गर्न थाले र उनीहरूले ती छापाखानाहरूमा 'राबोची पुच' र 'सल्दात' समाचारपत्रहरू तथा विभिन्न घोषणापत्रहरूका लाखौं प्रति छापे।

नगर मिलिसियालाई यी ठाउँहरू खाली गराउने आदेश दिइयो, तर उनीहरूले यी कार्यालयहरूको रक्षा गर्न मोर्चाबन्दी गरिएको र हतियार लिएका मानिसहरूले पालो दिइरहेको पाए। सिपाहीहरूलाई छापाखानाहरूमाथि हमला गर्ने आदेश दिइयो, तर उनीहरूले मानेनन्।

आधा राततिर युङ्केरहरूको एउटा कम्पनी लिएर एक जना कर्नेल 'राबोची पुच' को सम्पादकलाई गिरफ्तार गर्न 'स्वतन्त्र हृदय' नामक क्लबमा आइपुगे। तुरुन्तै बाहिर सडकमा एउटा ठूलो भीड जम्मा भयो र त्यस भीडले युङ्केरहरूलाई त्यहीँ खतम पार्ने धम्की दिए। त्यसपछि कर्नेलले आफूलाई र युङ्केरहरूलाई गिरफ्तार गरेर सुरक्षाको दृष्टिले पेत्रोपाभ्लोभ्स्काया किल्ला पुऱ्याउने अनुरोध गरे। उनको यो अनुरोध स्वीकार गरियो।

राती एक बजे स्मोल्नीबाट आएका सिपाहीहरू र नौसैनिकहरूको एउटा टोलीले आकाशवाणी कार्यालय कब्जा गरे*। पैंतीस मिनेटपछि हुलाकघर कब्जा गरियो। बिहानीपख सैनिक होटेल कब्जा गरियो। बिहान पाँच बजे टेलिफोन एक्सचेन्ज कब्जा गरियो**। बिहान सबेरै राष्ट्र बैंक घेरियो र बिहान दास बजे सेनाले शिशिर प्रासाद घेऱ्यो।

चौथो अध्यायका टिप्पणीहरू

१

७ नोभेम्बरका घटनाहरू

राती ४ बजेदेखि बिहानसम्म केरेन्स्की पेत्रोग्राद सैनिक स्टाफको हेडक्वार्टरमै थिए र त्यहाँबाट कजाकहरूलाई र शहरभित्र र शहरको वरिपरि रहेका अफिसर स्कूलहरूका युङ्केरहरूलाई आदेश पठाउँदै थिए। तर सबैले आफू बसेको ठाउँबाट निस्कने असमर्थता प्रकट गरे।

नगर कमान्डेन्ट कर्नेल पल्कोभ्निकोभ कहिले शिशिर प्रासाद पुग्थे त कहिले

---

*आकाशवाणी कार्यालय राती दुई बजे कब्जा गरिएको थियो। — **सं०**

टेलिफोन एक्सचेन्ज बिहान सात बजे कब्जा गरिएको थियो — **सं०

हेडक्वार्टर, तर उनीसँग कुनै योजना थिएन भन्ने कुरा स्पष्ट थियो। केरेन्स्कीले पुल खोल्ने आदेश दिए; तीन घण्टा बित्दा पनि कुनै कारबाई चाहिँ गरिएन। त्यसपछि पाँच जना सिपाही लिएर एक जना अफिसर आफूखुसी निकोलाइ पुल पुगे र त्यहाँ पालो दिएर बसेका लाल गार्डहरूलाई धपाएर पुल खोले। उनीहरू त्यहाँबाट हिंडेको लगत्तैपछि केही नौसैनिकहरू आएर फेरि त्यो पुल खोले।

केरेन्स्कीले 'राबोची पुच' को छापाखाना कब्जा गर्ने आदेश दिए। यस कामको लागि नियुक्त अफिसरसँग सिपाहीहरूको एउटा टोली पठाउने वचन दिइयो। दुई घण्टापछि उनीसँग केही युङ्केरहरू पठाउने वचन दिइयो; त्यसपछि त्यस आदेशबारे बिर्से।

हुलाकघर र आकाशवाणी अड्डा बोल्शेभिकहरूबाट खोस्ने प्रयास गरियो। छिटपुट गोली पनि चल्यो र केही बेरपछि सरकारी सेनाले उनीहरू सोभियतहरूको अरू बढी विरोध गर्न चाहँदैनन् भन्ने घोषणा गरे।

युङ्केरहरूको एउटा प्रतिनिधिमण्डललाई सम्बोधन गर्दै केरेन्स्कीले भने, "अस्थायी सरकारको अध्यक्ष र प्रधान सेनापतिको हैसियतले मलाई केही थाहा छैन र म तपाईंहरूलाई केही सल्लाह दिन सक्दिन। परन्तु एक जना पुरानो क्रान्तिकारीको हैसियतले म तपाईंहरूसँग, तरूण क्रान्तिकारीहरूसँग अनुरोध गर्दछु, तपाईंहरू आफ्नो ठाउँमा जमेर बस्नोस् र क्रान्तिका उपलब्धिहरूको रक्षा गर्नोस्"।

* * *

किश्किनको आदेश, नोभेम्बर ७—

"अस्थायी सरकारको एक आज्ञप्तिद्वारा पेत्रोग्रादमा शान्तिसुरक्षा कायम गर्न... मलाई असाधारण अधिकार प्रदान गरिएको छ र सम्पूर्ण नागरिक तथा सैनिक सत्ता मेरो हातमा सुम्पिएको छ।

"अस्थायी सरकारले मलाई प्रदान गरेको अधिकार प्रयोग गर्दै मैले पेत्रोग्राद सैनिक क्षेत्रका प्रधान सेनापति कर्नेल पल्कोभ्निकोभलाई उनलाई सुम्पिएको अभिभाराबाट अवकाश प्रदान गरेको छु।"

* * *

उपप्रधानमन्त्री कनभालोभद्वारा हस्ताक्षरित

जनताको नाममा अपिल, नोभेम्बर ७ –

"नागरिकहरू! पितृभूमि, गणतन्त्र र आफ्नो स्वतन्त्रताको रक्षा गर्नोस्। केही पागलहरूले जनताद्वारा निर्वाचित एक मात्र राज्यसत्ता – अस्थायी सरकारको विरुद्ध विद्रोह सुरु गरेका छन्।

"अस्थायी सरकारका सदस्यहरू आफ्नो कर्तव्य पूरा गर्दै छन्, उनीहरूले आफ्नो पद छोडेका छैनन् र पितृभूमिको कल्याणको लागि, शान्ति तथा सुव्यवस्थाको पुनर्स्थापनाको लागि, रसिया र सम्पूर्ण रूसी जनताको भावी सर्वोच्च सत्ता – संविधान सभाको अधिवेशन डाक्नको लागि काम गर्दै छन्।

"नागरिकहरू, तपाईंहरूले अस्थायी सरकारलाई समर्थन गर्नुपर्छ, तपाईंहरूले यसको सत्ता सुदृढ तुल्याउनुपर्छ। तपाईंहरूले ती पागलहरूको विरोध गर्नुपर्छ, जोसँग आज स्वतन्त्रता तथा सुव्यवस्थाका सबै शत्रुहरू र जारशाही व्यवस्थाका सबै अनुयायीहरू मिल्न गएका छन् र जो संविधान सभाको अधिवेशन रोक्न, क्रान्तिका उपलब्धिहरू तथा हाम्रो प्रिय मातृभूमिको भविष्य चकनाचूर पार्न तम्सिएका छन्।

"नागरिकहरू! शान्ति तथा सुव्यवस्थाको लागि, सम्पूर्ण जनताको सुखको लागि अस्थायी सरकारका अस्थायी अधिकारहरूको संरक्षणको लागि अस्थायी सरकारको वरिपरि ऐक्यबद्ध हुनोस्।"

* * *

अस्थायी सरकारको घोषणा –

"पेत्रोग्राद सोभियतले अस्थायी सरकार अपदस्थ भएको घोषणा गरेको छ र पेत्रोपाभ्लोभ्स्काया किल्ला तथा नेभा नदीमा लङ्गरबद्ध 'आभ्रोरा' सामरिक जहाजका तोपहरूद्वारा शिशिर प्रासादमाथि गोलाबारी गर्ने धम्की दिँदै राज्यसत्ता उनीहरूको हातमा सुम्पने माग गरेका छन्।

"सरकारले संविधान सभाको हातमा मात्रै आफ्नो सत्ता सुम्पन सक्दछ; त्यसै कारणले सरकारले आत्मसमर्पण नगर्ने निर्णय गरेको छ र जनता र सेनाको सहायता माग्दै छ। स्ताभ्का (सैनिक हेडक्वार्टर) मा एउटा टेलिग्राम पठाइएको छ र सेनाको एउटा शक्तिशाली टुकडी पठाइँदै छ भन्ने जवाफ पाइएको छ।"

"सेना र जनताले मोर्चाको पछाडि विद्रोह गर्ने बोल्शेभिकहरूको गैर-जिम्मेदार प्रयासको भर्त्सना गरुन् ।"

लगभग बिहान नौ बजे केरेन्स्की मोर्चातिर लागे ।*

साँझपख दुई जना सिपाहीहरू पेत्रोपाभ्लोभ्स्काया किल्लाको गैरिसनका प्रतिनिधिहरूको हैसियतले साइकल चढेर सैनिक स्टाफको प्रधान कार्यालयमा आइपुगे । उनीहरू त्यस सभाकक्षमा पसे, जहाँ किश्किन, रूतेन्बेर्ग, पाल्चीन्स्की, जर्नेल बग्रातुनी, कर्नेल पारादेलोभ र रजौटा तल्स्तोइ भेला भएका थिए र सैनिक स्टाफलाई अविलम्ब आत्मसमर्पण गर्ने माग गरे। उनीहरूले यो माग अस्वीकार गरेको खण्डमा हेडक्वार्टरमाथि गोलाबारी गर्ने धम्की दिए... दुई वटा सङ्कटकालीन बैठकपश्चात् स्टाफ शिशिर प्रासादमा सऱ्यो र लाल गार्डले हेडक्वार्टरमाथि कब्जा गऱ्यो।

साँझपख केही बोल्शेभिक बख्तरबन्द गाडीहरू दरबारको चोकमा देखा परे र सोभियत सैनिकहरूले युङ्केरहरूसँग कुराकानी चलाउने प्रयास गरे, तर सफल भएनन् ।

साँझ ७ बजेतिर शिशिर प्रासादमाथि गोली-वर्षा सुरु भयो ।

राती दस बजे तीनतिरबाट तोपहरूद्वारा गोलाबारी सुरु गरियो, तर धेरैंजसो गोलाहरूमा बारुद थिएन र केवल तीन वटा स्रापनेल बमहरू दरबारको अघिल्लो भागमा खसे ।

२

केरेन्स्कीको पलायन

७ नोभेम्बरको दिन बिहानीपख पेत्रोग्रादबाट रवाना भएका केरेन्स्की मोटरमा गात्चिना आइपुगे, त्यहाँ उनले आफ्नो लागि एक विशेष ट्रेनको माग गरे। साँझपख उनी प्स्कोभ प्रान्तको ओस्त्रोभ नामक ठाउँमा आइपुगे। भोलिपल्ट बिहान मजदुर तथा सैनिक प्रतिनिधिहरूको स्थानीय सोभियतको असाधारण अधिवेशन बस्यो, जसमा कजाक प्रतिनिधिहरूले पनि भाग लिएका थिए—ओस्त्रोभमा ६ हजार कजाकहरू थिए।

---

*केरेन्स्की आफूले मोर्चाबाट पेत्रोग्राद आउन डाकेको सेनालाई "भेट्न" बिहान ११.३० मा पेत्रोग्रादबाट हिंडेका थिए।—सं०

केरेन्स्कीले त्यस अधिवेशनमा भाषण गरे र बोल्शेभिकहरूको विरुद्ध सङ्घर्ष गर्न सहायता मागे। उनी मात्र कजाकहरूलाई सम्बोधन गर्दै थिए। सैनिक प्रतिनिधिहरूले विरोध जनाए।

"तपाईं किन यहाँ आउनुभयो?" मानिसहरू चिच्च्याउँदै थिए। केरेन्स्कीले जवाफ दिए, "म बोल्शेभिकहरूको विद्रोह दबाउन कजाकहरूको सहायता माग्न आएको!" यस कुरामा उग्र प्रतिवाद प्रकट गरियो, जुन त्यस बेला अझ चर्कियो, जब केरेन्स्कीले निम्न कुरा भने, "मैले कर्निलोभ-विद्रोह खतम पारें, अब बोल्शेभिक विद्रोह पनि खतम पार्छु!" होहल्ला कति चर्कियो भने उनी मञ्चबाट ओर्लन बाध्य भए।

सैनिक प्रतिनिधिहरू तथा उस्सुरी प्रदेशका कजाकहरूले केरेन्स्कीलाई गिरफ्तार गर्ने निर्णय गरे, तर दोन प्रदेशका कजाकहरूले उनीहरूलाई रोके र उनलाई ट्रेनमा राखेर त्यहाँबाट पठाइदिए...। त्यसै दिन सैनिक क्रान्तिकारी समितिको स्थापना गरियो। समितिले प्स्कोभस्थित गैरिसनलाई खबर गर्ने प्रयास गर्‍यो तर टेलिफोन र टेलिग्राफका तारहरू चुँडालिएका थिए।

केरेन्स्की प्स्कोभ आइपुगेनन्। क्रान्तिकारी सिपाहीहरूले राजधानीको विरुद्ध सेना पठाउन नसकियोस् भन्ने उद्देश्यले रेलको लाइन नै भत्काइदिएका थिए। ८ नोभेम्बरको दिन राती उनी मोटरबाट लूगा आइपुगे। त्यहाँ भएको मृत्यु बटालियनले उनको धुमधाम स्वागत गर्‍यो।

भोलि पल्ट उनी रेलद्वारा दक्षिण-पश्चिमी मोर्चाको लागि रवाना भए र हेडक्वार्टरमा सैनिक समितिसँग भेट गरे। तर बोल्शेभिकहरूको सफलताको समाचार पाउँदा पाँचौं सेनाको खुसीको सीमा रहेन र सैनिक समितिले केरेन्स्कीलाई कुनै पनि प्रकारको सहायता गर्ने वचन दिन सकेन।

त्यहाँबाट उनी मगिल्योभस्थित स्ताभ्का पुगे। त्यहाँ उनले मोर्चाका विभिन्न भागहरूबाट दस वटा रेजिमेन्ट पेत्रोग्राद पठाउने आदेश दिए। सिपाहीहरूले प्राय सर्वसम्मतिद्वारा अस्वीकार गरे। रवाना भएका रेजिमेन्टहरू पनि बीच बाटोमा रोकिए। अन्त्यमा लगभग पाँच हजार कजाकहरू उनको साथ लागे।

३

शिशिर प्रासादमा लुटपाट

म भन्न चाहन्न शिशिर प्रासादमा कुनै पनि प्रकारको लुटपाट भएको थिएन। शिशिर प्रासाद कब्जा गरिनुभन्दा **पहिले** र पछि पनि निकै चोरी भएको थियो। परन्तु समाजवादी-क्रान्तिकारी समाचारपत्र 'नारोद' र नगर दुमाका सदस्यहरूले झण्डै ५० करोड रूबल मूल्यको महँगा वस्तुहरू चोरी भएको थियो भन्ने जुन अडकल लगाएका छन्, त्यो चाहिँ मात्र अतिरञ्जना हो।

दरबारको सबैभन्दा महत्त्वपूर्ण कलाभण्डार–चित्रहरू, मूर्तिहरू, टापेस्ट्रीहरू, दुर्लभ चिनिया माटोका भाँडाकुँडा र पुराना हतियारहरू सेप्टेम्बर महिनामा नै मास्को पठाइएको थियो र बोल्शेभिक सैनिकहरूले क्रेमलिन कब्जा गरेको दस दिनपश्चात् नै ठूलोचाहिँ क्रेमलिन दरबारको तहखानामा राखिएको थियो। यो कुरा मैले आफ्नै आँखाले देखेको छु।

परन्तु केही मानिसहरूले, विशेषतः जनसाधारणले, जसलाई शिशिर प्रासाद कब्जा गरिएपछि केही दिनसम्म विनारोकटोक आवतजावत गर्न दिइएको थियो, चाँदीका भाँडाकुँडा, घडीहरू, बहूमूल्य चिनिया माटो र मूल्यवान पत्थरबाट बनेका अनौठा फूलदानहरू र ओढ्ने-बिछ्यौनाहरू उठाएर लगेका थिए, जुन सबै मिलाएर लगभग ५० हजार डलर मूल्यको सामान हुनुपर्छ।

सोभियत सरकारले चोरी भएका वस्तुहरू प्राप्त गर्न अविलम्ब चित्रकारहरू तथा पुरातत्त्वविद्‌हरूको एउटा विशेष आयोग गठन गऱ्यो। नोभेम्बर १४को दिन दुइटा घोषणाहरू प्रकाशित भए–

"पेत्रोग्रादका नागरिकहरू!

"हामी सबै नागरिकहरूसँग हार्दिक अनुरोध गर्दछौं", २५-२६ अक्टोबर राती शिशिर प्रासादमा चोरिएका सबै सामानहरू पत्ता लगाउन र ती सामानहरू शिशिर प्रासादको कमान्डेन्टकहाँ फर्काउन हर सम्भव प्रयास गर्नोस्।

"चोरी भएका सामानहरू किन्ने व्यक्तिहरूमाथि र ती पुराना सामान बेच्ने मानिसहरूमाथि, जसकहाँ चोरी भएका सामानहरू भेट्टाइनेछन् कानुनी कारबाई गरिनेछ र उनीहरूले कडा सजाय पाउनेछन्।

"म्युजियम तथा कलाकृतिहरूको संरक्षणसम्बन्धी कमिसारहरू
ग० यात्मानोभ, ब० मान्देल्बाउम"

"सबै रेजिमेन्ट तथा बेडा समितिहरूलाई

२५-२६ अक्टोबर राती, शिशिर प्रासादबाट, जुन रूसी जनताको अविभाज्य सम्पदा हो, विभिन्न मूल्यवान कलाकृतिहरू चोरी भयो।

"चोरी भएका सामानहरू शिशिर प्रासादमा फर्काउन सबैलाई सम्पूर्ण शक्ति लगाउने हार्दिक अनुरोध गरिन्छ।

कमिसारहरू – **ग० यात्मानोभ**
ब० मान्देल्बाउम"

चोरी भएका लगभग आधा सामानहरू भेट्टाइए र केही सामान रसियाबाट फर्कन लागेका विदेशीहरूका बाकसहरूमा फेला परे।

स्मोल्नीको तत्परतामा भेला भएको चित्रकारहरू तथा पुरातत्त्ववेत्ताहरूको सम्मेलनमा शिशिर प्रासादको सम्पत्तिको सूची तयार पार्न एउटा आयोग गठन गरियो र यसै आयोगलाई पेत्रोग्रादका कला सङ्ग्रहालयहरू तथा राजकीय म्युजियमहरूसँग सम्बन्धित सम्पूर्ण कार्यको अभिभारा सुम्पियो। १६ (३) नोभेम्बरको दिन आयोगले सूची बनाउने काम सुरु गरेपछि शिशिर प्रासाद सामान्य जनताको लागि बन्द गरियो।

नोभेम्बरको मध्यावधिमा जन कमिसार परिषद्ले एउटा विशेष आज्ञप्ति जारी गऱ्यो, जसमा शिशिर प्रासादलाई 'जन म्युजियम' को नाम दिइयो। यसै आज्ञप्तिद्वारा शिशिर प्रासाद पूर्णतः कला तथा पुरातत्त्व आयोगको जिम्मा लगाइयो र यस दरबारभित्र कुनै पनि प्रकारको सरकारी अथवा राजनीतिक क्रियाकलापमाथि प्रतिबन्ध लगाइयो।

४

महिला बटालियनमाथि बलात्कार

शिशिर प्रासाद कब्जा भएको लगत्तैपछि प्रतिबोल्शेभिक समाचारपत्र-हरूमा दरबारको रक्षा गर्न राखिएको महिला बटालियनको दुर्दशाबारे ना-नाथरीका कथाहरू छापिए र नगर दुमाका बैठकहरूमा यस विषयमा छल-फल भएको थियो। बटालियनका केही महिलाहरूलाई झ्यालबाट सडकमा फालियो, बाँकी महिलाहरूमध्ये धेरैसँग बलात्कार गरियो र यी सबै वि-भीषिका सहन नसकेर कत्तिले त आत्महत्या पनि गरे भन्ने जस्ता हल्लाहरू व्यापक रूपमा फैलाइएका थिए।

नगर दुमाले यस मामिलाको छानबिन गर्न एउटा विशेष आयोग गठन गरेको थियो। १६ (३) नोभेम्बरको दिन उक्त आयोग लेभाशोभ-बाट फर्क्यो। त्यहाँ महिला बटालियनको ब्यारेक थियो। श्रीमती तिर्कोभाले भन्नुभयो, महिला बटालियनलाई सुरुमा त पाभलोभ्स्क ब्यारेक पुऱ्याइयो, त्यहाँ केही महिलाहरूसँग वास्तवमा नै नराम्रो व्यवहार गरिएको थियो। तर अहिले त्यस बटालियनका धेरैजसो महिलाहरू लेभाशोभमा छन् र बाँकी महिलाहरू विभिन्न निजी घरहरूमा बसेका छन्। आयोगको अर्को सदस्य डा० मान्देल्बाउमले रूखो स्वरमा भने, शिशिर प्रासादको झ्यालबाट एउटी पनि महिलालाई फ्याँकिएको **छैन**, तीन वटीसँग बलात्कार गरिएको हो, एउटीले आत्महत्या गरिन्, तर तिनले चिट छोडेर गएकी छिन्, जसमा लेखिएको छ, तिनलाई अब आफ्नो "आदर्शमाथि विश्वास छैन"।

२१ नोभेम्बरको दिन सैनिक क्रान्तिकारी समितिले स्वयम् महिला-हरूको अनुरोधमा महिला बटालियनलाई औपचारिक रूपमा विघटन गऱ्यो र ती सबै महिलाहरूले फौजी बर्दी छोडेर नागरिक पोसाक लगाउन थाले।

लुइज ब्रैआन्टको पुस्तक «Six Red Months in Russia» (रसि-यामा ६ लाल महिनाहरू) माथि महिला सैनिकहरूबारे निकै रोचक वर्णन पाउनुहुनेछ।

पाँचौं अध्यायका टिप्पणीहरू

१

अपिलहरू तथा घोषणापत्रहरू

सैनिक क्रान्तिकारी समितिको तर्फबाट

८ नोभेम्बर

"सबै सैनिक समितिहरू तथा सैनिक प्रतिनिधिहरूका सोभियतहरूको नाममा।

"पेत्रोग्राद गैरिसनले केरेन्स्कीको सरकार पल्टाइदिएको छ। यो सरकार क्रान्ति तथा जनताको विरुद्ध उभेको थियो...। मोर्चा तथा देशको नाममा यो समाचार प्रसारित गर्दै सैनिक कान्तिकारी समिति सबै सिपाहीहरूसँग आफ्ना अफिसरहरूको आचरणमाथि कडा निगरानी राख्ने अनुरोध गर्दछ। प्रत्यक्ष तथा खुल्ला रूपमा सम्पन्न यस क्रान्तिको पक्षमा नआएका अफिसर-हरूलाई शत्रुको रूपमा गिरफ्तार गर्नुपर्छ।

"पेत्रोग्राद सोभियतले नयाँ सरकारको कार्यक्रमको निम्न प्रकारले व्याख्या गरेको छ—अविलम्ब एक आम प्रजातान्त्रिक शान्तिसन्धिको प्रस्ताव, जमिनदारहरूको खेत अविलम्ब किसानहरूको हातमा अन्तरण, समस्त सत्ता सोभियतहरूको हातमा अन्तरण तथा इमानदारीपूर्वक संविधान सभाको अधिवेशन डाक्ने काम। जन-क्रान्तिकारी सेनाले ती सैनिक टुकडीहरूलाई कदापि पेत्रोग्राद जान दिनु हुँदैन, जसको इमानदारी शङ्कास्पद छ। तर्क-द्वारा, नैतिक आग्रहद्वारा काम गर्नोस्। तर यस्ता प्रयासहरू असफल भएको खण्डमा कठोर **शक्तिप्रयोगद्वारा** भए पनि यी सैनिकहरूको गतिविधि रोक्नोस्।

"प्रस्तुत आदेश सेनाका प्रत्येक शाखाका सबै सैनिक टुकडीहरूमा अविलम्ब पढेर सुनाइनुपर्छ। जसले यो आदेश आम सिपाहीहरूबाट लुकाएर राख्दछ... उसले क्रान्तिको विरुद्ध भयङ्कर अपराध गरेको ठहरिनेछ र उसले क्रान्तिकारी कानुनअनुसार कडाभन्दा कडा सजाय पाउनेछ।

सिपाहीहरू! शान्ति, रोटी, भूमि र जन-सरकारको लागि सङ्घर्ष गर्नोस्!"

* * *

"सबै मोर्चा तथा पार्श्वभागका सेनाहरूलाई, सबै कोरहरू, डिभिजन-हरू, रेजिमेन्टहरू, कम्पनीहरूका समितिहरूलाई, मजदुर, सैनिक तथा किसान प्रतिनिधिहरूका सबै सोभियतहरूलाई।

"सिपाहीहरू तथा क्रान्तिकारी अफिसरहरू!

"सैनिक क्रान्तिकारी समितिले सैनिकहरू, मजदुरहरू तथा किसान-हरूको व्यापक मागअनुसार जर्नेल कर्निलोभ तथा उनको षड्यन्त्रमा सम्मि-लित उनका सबै सहभागीहरूलाई जनता र क्रान्तिको शत्रुको रूपमा पेत्रो-पाभ्लोभ्स्काया किल्लामा थुन्न र सैनिक क्रान्तिकारी न्यायालयद्वारा अविलम्ब पूर्ण कडाइसाथ मुद्दा चलाउनको लागि तुरुन्तै पेत्रोग्राद पठाइयोस्।

"यस आज्ञप्तिको पालना नगर्ने व्यक्तिहरूलाई समिति क्रान्तिप्रति विश्वासघाती ठान्दछ र त्यस्ता व्यक्तिहरूको आदेश अवैध घोषणा गर्दै यस्तो आदेश पालना नगर्ने निर्देशन दिन्छ।

मजदुर तथा सैनिक प्रतिनिधिहरूको
पेत्रोग्राद सोभियतअन्तर्गत
सैनिक क्रान्तिकारी समिति"

* * *

"मजदुर, सैनिक तथा किसान प्रतिनिधिहरूका सबै गुबेर्निया तथा उयेज्द सोभियतहरूको नाममा।

"सोभियतहरूको अखिल रसियाली महाधिवेशनको निर्णयअनुसार भूमि समितिहरूका सबै गिरफ्तार सदस्यहरूले अविलम्ब रिहाइ प्राप्त गर्ने-छन्। उनीहरूलाई गिरफ्तार गर्ने कमिसारहरूलाई थुनाइमा राख्नुपर्छ।

"अबदेखि सम्पूर्ण सत्ता सोभियतहरूको हातमा केन्द्रित छ। अस्थायी सरकारका कमिसारहरू हटाइएका छन्। विभिन्न स्थानीय सोभियतहरूका अध्यक्षहरूले क्रान्तिकारी सरकारसँग प्रत्यक्ष सम्बन्ध राख्नेछन्।

सैनिक क्रान्तिकारी समिति"

२

नगर दुमाको विरोधपत्र

"भयङ्कर आर्थिक विश्रृङखलताको यस घडीमा सर्वाधिक प्रजातान्त्रिक सिद्धान्तको आधारमा निर्वाचित केन्द्रीय नगर दुमाले नगरपालिकाको कामकाज र खाद्य सम्भरणको प्रबन्ध आफ्नो हातमा लिएको छ। आज, जब संविधान सभाको लागि हुने चुनाव तीन हप्ता मात्रै बाँकी रहन गएको छ र बाह्य शत्रुद्वारा आक्रमणको खतरा पैदा भएको छ, हतियारको बलमा एक मात्र वैधानिक क्रान्तिकारी सरकारलाई सत्ताबाट हटाउने बोल्शेभिक पार्टीले नगरपालिका स्वायत्त शासनका अधिकारहरू तथा स्वतन्त्रता खोस्ने प्रयास गर्दै छ र आफ्ना कमिसारहरू तथा आफ्नो अवैधानिक सत्ताको अधीनता स्वीकार गर्ने माग गर्दै छ।

"यस भयङ्कर विपदको समयमा पेत्रोग्राद नगर दुमा आफ्ना निर्वाचकहरूसमक्ष, सम्पूर्ण रसियासमक्ष मुक्तकण्ठले घोषणा गर्दछ, आफ्ना अधिकारहरू तथा स्वतन्त्रताको कुनै पनि प्रकारको अतिक्रमण यसको लागि सह्य हुनेछैन र राजधानीका जनताको सङ्कल्पद्वारा यसले जुन उत्तरदायित्व ग्रहण गरेको छ, त्यसबाट कहिल्यै विमुख हुने छैन।

"पेत्रोग्रादको केन्द्रीय नगर दुमा रसियाली गणतन्त्रका सबै दुमाहरू तथा जेम्स्तभोहरूसँग उनीहरू रूसी क्रान्तिको एक महानतम उपलब्धि—जन स्वशासनको स्वाधीनता तथा अनुल्लङ्घनीयताको रक्षार्थ ऐक्यबद्ध होउन् भन्ने अपिल गर्दछ"।

३

भूमिसम्बन्धी आज्ञप्ति—किसानहरूको "नकाज"

"भूमिसम्बन्धी समस्या आफ्नो समग्र व्यापक रूपमा केवल सार्वजनिक संविधानद्वारा मात्रै समाधान हुन सक्दछ।

निम्न प्रस्तुत तरिका नै भूमिसम्बन्धी समस्याको सर्वभन्दा न्यायपूर्ण समाधान हुनेछ—

१) **भूमिमाथि निजी स्वामित्वको अधिकार सदाको लागि उन्मूलन गरिनेछ;** भूमि किनबेच गर्न पाइँदैन, बन्धकी राख्न पाइँदैन, अरू कुनै पनि तरिकाले हस्तान्तरण गर्न पाइँदैन।

सबै भूमि– **राजकीय, सम्राट्को परिवारका सदस्यहरूको अधीनमा रहेका, मठहरू, गिर्जाघरहरू तथा फैक्ट्रीहरूको अधीनमा रहेका, पुर्ख्यौली जेष्ठाधिकारद्वारा प्राप्त, निजी, सार्वजनिक तथा किसानहरूको स्वामित्वमा रहेको सबै जमिन विनामुआवजा जफत गरिनेछ** र सार्वजनिक सम्पत्तिमा परिणत गरिनेछ। खेत जोताहाले मात्रै उपयोग गर्न पाउनेछ।

सम्पत्तिको क्षेत्रमा हुने यस परिवर्तनको परिधिमा पर्ने व्यक्तिलाई केवल त्यति समयको लागि मात्रै सार्वजनिक सहायताको भागी ठानिनेछ, जति आफ्नो जीवनको नयाँ परिस्थितिअनुकूल ढाल्नको लागि उसलाई आवश्यक हुनेछ।

२) सम्पूर्ण खनिज सम्पदा– खनिज धातु, तेल, कोइला, नुन आदिका साथसाथै राज्यको लागि महत्त्वपूर्ण वनजङ्गल तथा जलस्रोतहरू पूर्णतः राज्यको अधीनमा रहनेछन्। सबै सानासाना नदीनाला, तलाउ तथा वनजङ्गल आदि स्थानीय स्वशासन संस्थाहरूको प्रबन्धअन्तर्गत सामुदायिक उपयोगको लागि उपलब्ध हुनेछन्।

३) **उच्च स्तरको वैज्ञानिक** खेतीपातीअन्तर्गतको जमिन– बगैंचाहरू, बगानहरू, बिरूवा-धरहरू, उद्यानगृहहरू, वनस्पति केन्द्रहरू आदि **बाँडफाँट गर्न पाइँदैन र तिनलाई आदर्श फारममा परिणत गरिनेछ** र आफ्नो आकार तथा महत्त्वअनुसार **राज्य अथवा समुदायलाई** उपयोग गर्न दिइनेछ।

शहरहरू तथा गाउँहरूमा लगापात जमिन तथा बगैंचाहरू आफ्ना वर्तमान मालिकहरूको उपयोगमा रहनेछन् र जमिनको टुक्राको आकार तथा तिनमाथि लगाइने करको स्तर कानुनद्वारा निर्धारित हुनेछ।

४) घोडा फारम, असल जातका पशुपालन तथा कुखुरापालन केन्द्रहरू जफत गरिनेछन् र सार्वजनिक सम्पत्तिमा परिणत गरिनेछन्, अनि आफ्नो आकार तथा महत्त्वअनुसार राज्य अथवा समुदायलाई उपयोग गर्न दिइनेछ।

उपर्युक्त सबै कुराहरूको लागि मुआवजा दिने अधिकार संविधान सभामा निहित छ।

५) जफत गरिएको जमिनमा रहेका सम्पूर्ण कृषि औजारहरू तथा

गाईवस्तु आफ्नो आकार तथा महत्त्वअनुसार विनामुआवजा राज्य अथवा समुदायलाई उपयोग गर्न दिइनेछ।

थोरै खेत भएका किसानहरूको कृषि औजार जफत गरिने छैन।

६) रसियाली राज्यका ती सबै नागरिकहरू (स्त्री-पुरुषको भेदभाव-विना) ले भूमि-उपयोगको अधिकार प्राप्त गर्नेछन्, जो आफ्नो श्रमद्वारा, आफ्नो परिवारका सदस्यहरूको सहायताद्वारा अथवा अरूसँग मिलीजुली खेती गर्न चाहन्छन्, उनीहरूले खेती गर्ने अधिकार पाउँदछन्, तर त्यतिञ्जेल-सम्म मात्र, जबसम्म उनीहरू आफै खेती गर्न सक्षम हुन्छन्। ज्यालामी राख्न पाइँदैन।

ग्राम-समुदायका कुनै सदस्य संयोगिक शारीरिक अक्षमताले गर्दा लगा-तार दुई वर्षसम्म काम गर्न असमर्थ भयो भने त्यस अवधिमा ग्राम-समुदायले उसको जमिनमा सामूहिक रूपले खेती गरेर उसलाई सहायता पुऱ्याउनेछ।

वृद्धावस्था अथवा पङ्गु अवस्थताले गर्दा आफ्नो खेतमा काम गर्न स्थायी रूपले असमर्थ हुने कृषकहरू आफ्नो जमिन उपयोग गर्ने अधिकारबाट वञ्चित हुनेछन्, तर यसको साटो उनीहरूले राज्यबाट पेन्सन पाउनेछन्।

७) समानताको आधारमा भूमिको उपयोग गरिनेछ, अर्थात् स्थानीय परिस्थितिअनुसार श्रम-कोटा अथवा उपयोग-कोटाअनुसार श्रमजीवीहरूको बीचमा भूमिको विभाजन गरिनेछ।

भूमि-उपयोगका रूपहरूमाथि कुनै बन्देज लगाइने छैन। जमिनको उपयोग पारिवारिक, फारम प्रथा, सामुदायिक अथवा सहकारी के हुने हो भन्ने कुरा प्रत्येक गाउँ अथवा बस्तीमा आफैले निर्णय गर्नेछन्।

८) जफत भएको जमिन सार्वजनिक भूमि-निधिमा गाभिनेछ। यस्तो जमिन श्रमजीवीहरूबीच बाँडफाँट गर्ने काम प्रजातान्त्रिक तरिकाले सङ्गठित वर्गोपरि ग्रामीण तथा नागरिक समुदायहरूदेखि लिएर केन्द्रीय प्रादेशिक संस्थाहरूसम्म, समस्त स्थानीय तथा केन्द्रीय स्वशासन संस्थाहरूलाई सुम्पि-नेछ।

जनसङ्ख्या-वृद्धि तथा कृषि-व्यवसायको उत्पादनशीलता एवम् वैज्ञानिक स्तरमा उन्नतिअनुसार भूनिधि बेलाबेलामा पुनर्वितरण गरिनेछ।

जग्गाको सिमाना बदल्दा खेतको मूल केन्द्रीय भाग जस्तातस्तै छो-डिनेछ।

समुदायबाट निस्केका सदस्यहरूको जग्गा भूनिधिमा फर्कनेछ र यस जग्गामा सबैभन्दा पहिले ती व्यक्तिहरूको अधिकार हुनेछ, जो समुदायबाट

निस्केका सदस्यहरूको निकट सम्बन्धी हुन्छन् अथवा उनीहरूले उत्तराधिकारी मनोनित गरेका हुन्छन्।

जग्गा फर्काएको बेला त्यस जग्गामा लगाइएको मलजल अथवा भूउद्धरण (आधारभूत सुधार) को मूल्य पूर्णतः उपयोग गरिएको छैन भने त्यस अंशको लागतको मुआवजा दिइनेछ।

यदि कुनै इलाकामा उपलब्ध भूनिधि स्थानीय जनताको आवश्यकताको लागि अपर्याप्त छ भने, त्यस अतिरिक्त जनसङ्ख्यालाई अरू कुनै ठाउँमा बसोबास गराइनेछ।

पुनर्वासको व्यवस्थाका साथसाथै बसाइँ सर्ने खर्च र कृषि औजारहरूको बन्दोबस्त गर्ने आदि कामको पूर्ण उत्तरदायित्व राज्यले वहन गर्नेछ।

निम्न क्रमले पुनर्वास लागू गरिनेछ—सबैभन्दा पहिले भूमिहीन किसानहरू, जो नयाँ ठाउँमा बसोबास गर्न चाहन्छन्, अनि समुदायका बानी खराब भएका र भगौटे सदस्यहरू, अन्त्यमा चिट्ठा अथवा आपसी सम्झौताको आधारमा।

यस नकाजको सम्पूर्ण सारलाई रसियाभरिका वर्गचेतन किसानहरूको विशाल बहुमतको अखण्डनीय सङ्कल्पको अभिव्यक्ति मान्दै अस्थायी कानुन घोषित गरिन्छ र यस नकाजलाई संविधान सभाको अधिवेशन हुञ्जेलसम्ममा यथासम्भव अविलम्ब लागू गरिनेछ र जहाँसम्म यसका केही अंशहरूको प्रश्न छ, तिनलाई किसान प्रतिनिधिहरूका उयेज्द सोभियतहरूको निर्णयअनुसार यथाक्रम शनैःशनैः लागू गरिनेछ"।

४

भूमि र भगौटे सैनिकहरू

भगौटे सैनिकहरूको भूमि-अधिकारबारे सरकारले कुनै निर्णय लिनु परेन। युद्धको अन्त्य र सेनाको वियोजनले भगौटे सैनिकहरूको समस्यालाई स्वतः समाधान गरिदियो।

५

जन कमिसार परिषद्

सुरुमा जन कमिसार परिषद्का सबै सदस्यहरू बोल्शेभिकहरू मात्र थिए। तर यसको लागि बोल्शेभिकहरू मात्र दोषी थिएनन्। ८ नोभेम्बर (२६ अक्टोबर) को दिन उनीहरूले वामपन्थी समाजवादी-क्रान्तिकारी पार्टीका सदस्यहरूलाई कतिपय मन्त्रालय सुम्पने प्रस्ताव राखेका थिए, तर वामपन्थी समाजवादी-क्रान्तिकारीहरूले मानेनन्।

छैटौँ अध्यायका टिप्पणीहरू

१

अपिलहरू तथा भर्त्सनापत्रहरू

"**समाजवादी-क्रान्तिकारी पार्टीका सबै नागरिक एवम् सैनिक सङ्गठनहरूलाई।**

"बोल्शेभिकहरूको निरर्थक प्रयास पूर्ण असफलताको सँघारमा छ। गैरिसनमा असन्तोष फैलिएको छ। मन्त्रालयहरू ठप छन्, अन्न सकिँदै छ। मुठीभर अतिवादीहरूको अतिरिक्त अरू सबैले महाधिवेशन छोडेर गएका छन्। बोल्शेभिकहरूको पार्टी एकलै परेको छ। हाम्रो केन्द्रीय समितिको छापाखानामाथि दमन, कमरेड मास्लोभ, चिग्रोन तथा अन्य कमरेडहरूको गिरफ्तारी, शिशिर प्रासाद कब्जा भएको लगत्तैपछि सुरु भएको लुटपाट र मारकाट बोल्शेभिकहरूका यी सम्पूर्ण अपराधले उनीहरूप्रति नौसैनिकहरू तथा सिपाहीहरूको रोष झन् चर्काएको छ। **चेन्त्रोफ्लोतले** बोल्शेभिकहरूको आदेश पालना गर्न अस्वीकार गरेको छ!

"हाम्रो प्रस्ताव छ—सबैभन्दा पहिले, सबै सैनिक सङ्गठनहरूलाई, कमिसारहरूलाई र कमान्डरहरूलाई यस बौलट्टीपूर्ण षड्यन्त्र खतम पार्न पूर्ण सहयोग प्रदान गरियोस् र मातृभूमि तथा क्रान्तिको उद्धार समितिवरिपरि

ऐक्यबद्ध होउन्, एक त्यस्तो कार्यक्रमको आधारमा एकरूपी क्रान्तिकारी प्रजातान्त्रिक सरकार खडा गरियोस्, जसले भूमि समितिहरूको हातमा अविलम्ब सबै जमिन सुम्पनेछ र सबै युद्धरत राष्ट्रहरूसमक्ष सर्वव्यापी प्रजातान्त्रिक शान्ति सम्झौताको प्रस्ताव राख्नेछ।

द्वितीयतः, पार्टी सङ्गठनहरूको सुरक्षाको लागि स्वतन्त्र कारबाई गरियोस्, तृतीयतः, यदि प्रतिक्रान्तिकारी तत्त्वहरूले क्रान्तिका उपलब्धिहरू नष्ट पार्नको लागि बोल्शेभिक दुस्साहसपूर्ण कार्यबाट फाइदा उठाउन खोजे भने केन्द्रीय समितिको आह्वानअनुसार यस्तो कार्यको प्रतिरोध गर्न सदा तयार भएर बसुन् र चतुर्थतः, मोर्चाको कमजोरीबाट फाइदा उठाउन खोज्ने शत्रुको विरुद्ध सदा गहन सतर्कता कायम राखुन्।

२७ अक्टोबर १९१७

समाजवादी-क्रान्तिकारी
पार्टीको केन्द्रीय समिति-
अन्तर्गत सैनिक शाखा।"

'प्राभदा' बाट एक उद्धरण

"केरेन्स्की को हो?"

एक बलाद्ग्राही हो, जसलाई कर्निलोभ र किश्किनसँगसँगै पेत्रोपाभ्लोभ्स्काया किल्लामा थुन्नुपर्छ। ऊ **एक त्यस्तो अपराधी** हो, जसले आफूमाथि विश्वास गरेका सैनिक, किसान तथा मजदुरहरूलाई धोका दिएको छ।

"केरेन्स्की – सिपाहीहरूको हत्यारा हो।

"केरेन्स्की – किसानहरूलाई फाँसीमा चढाउने मानिस हो।

"केरेन्स्की – मजदुरहरूको घाँटी निमोठ्ने व्यक्ति हो।

"यस्तै छ यो कर्निलोभको अवतार, जो यस बेला स्वतन्त्रताको हत्या गर्न चाहन्छ!"

सातौं अध्यायका टिप्पणीहरू

१

दुई आज्ञप्तिहरू

प्रेससम्बन्धी आज्ञप्ति

"क्रान्ति तथा लगत्तै त्यसपछिका दिनहरूका गम्भीर निर्णायक घडीमा अस्थायी क्रान्तिकारी समितिले बाध्यतावश: सबै किसिमका प्रतिक्रान्तिकारी समाचारपत्रहरूको विरुद्ध विभिन्न कारबाईको पूरै सिलसिला सुरु गर्नुपरेको थियो।

"नयाँ समाजवादी सत्ताले प्रेस स्वतन्त्रतामाथि प्रहार गरेर आफ्नो कार्यक्रमको मूल सिद्धान्तकै उलङ्घन गरेको छ भन्ने हल्ला तुरुन्तै चारैतिर-बाट सुनियो।

"मजदुर तथा किसानहरूको सरकार जनताको ध्यान आकर्षित गर्दछ— हाम्रो समाजमा यस उदारवादी पर्दापछाडि वास्तवमा ती सम्पन्न वर्गहरूले, जसले सम्पूर्ण प्रेसको अधिकांश हिस्सामाथि कब्जा गरेका छन्, विनारोकटोक जनताको मस्तिष्कलाई दुषित तुल्याउने र उनीहरूको चेतना धमिल्याउने स्वतन्त्रता पाएका छन्।

"बुर्जुवा प्रेस बुर्जुवावर्गको सबैभन्दा शक्तिशाली हतियार हो भन्ने कुरा सबैलाई थाहा छ। विशेषत:, यस जटिल अवस्थामा, जब नयाँ सत्ता, मजदुर तथा किसानहरूको यस सत्ताले भर्खरै बामे सर्न सुरु गरेको छ र जब यी समाचारपत्रहरू बम र मेसिनगनभन्दा कम खतरनाक छैनन्, तिन-लाई कदापि शत्रुको हातमा छोड्नु हुँदैन। यसै कारणले फोहोर मैला र झूटो प्रचारको यो बाढी रोक्न, जसमा पीत तथा नील प्रेसले जनताको नयाँ विजयलाई खुसीसाथ डुबाइदिन्थे होलान्, यी अस्थायी तथा सङ्कटका-लिक पाइलाहरू चालिएका हुन्।

"नयाँ व्यवस्था सुदृढ हुनासाथ प्रेसमाथि सबै प्रकारका प्रशासकीय कारबाईहरू बन्द गरिनेछन् र समाचारपत्रहरूलाई कानुनसमक्ष उत्तरदायित्वको सीमाभित्र रही सबैभन्दा उदार, सबैभन्दा प्रगतिशील नियमअनुसार पूर्ण स्वतन्त्रता प्राप्त गर्ने सम्भावना दिइनेछ।

"तापनि, सङ्कटावस्थामा समेत प्रेस स्वतन्त्रतामाथि प्रतिबन्ध त्यसै हदसम्म स्वीकार्य हुनसक्छ, जुन हदसम्म यो अनिवार्य हुन्छ भन्ने कुरामा ध्यान दिँदै जन कमिसार परिषद् निम्न आदेश दिन्छ–

१) निम्न उल्लिखित श्रेणीका समाचारपत्रहरूको मात्र प्रकाशन रोकिनेछ– क) ती समाचारपत्रहरू, जसले मजदुर तथा किसानहरूको सरकारको खुल्लमखुल्ला विरोध गर्न र अवज्ञा गर्न मानिसहरूलाई भड्काउँदै छन्; ख) ती समाचारपत्रहरू, जसले स्पष्ट रूपमा र जानाजान समाचारहरू विकृत रूपमा प्रस्तुत गरेर अन्यौलको वातावरण सृजना गर्न खोज्दै छन्। ग) ती समाचारपत्रहरू, जो कानुनद्वारा दण्डनीय अपराधपूर्ण कारबाईको लागि मानिसहरूलाई भड्काउँदै छन्।

२) जन कमिसार परिषद्को निर्णयद्वारा मात्रै कुनै पनि समाचारपत्र स्थायी अथवा अस्थायी रूपमा बन्द गर्न सकिन्छ।

३) प्रस्तुत आज्ञप्ति अस्थायी हो र सार्वजनिक जीवनको सामान्य स्थिति पुनर्स्थापित हुनासाथ एक विशेष **उकाज** (आदेश) द्वारा यो आज्ञप्ति बदर गरिनेछ।

जन कमिसार परिषद्का अध्यक्ष
भ्लादिमिर उल्यानोभ (लेनिन)"

मजदुर मिलिसियाबारे

"१) मजदुर तथा सैनिक प्रतिनिधिहरूका सबै सोभियतहरूले मजदुर मिलिसियाको स्थापना गर्नेछन्।

२) यस्तो मजदुर मिलिसिया पूर्णतः मजदुर तथा सैनिक प्रतिनिधिहरूका सोभियतहरूको अधीनमा रहनेछन्।

३) सैनिक तथा नागरिक अधिकारीहरूले मजदुर मिलिसियालाई हतियारहरूद्वारा सुसज्जित तुल्याउनेछन् र प्राविधिक सरसामान उपलब्ध गराउनमा र सरकारी हतियार प्राप्त गराउने कार्यमा समेत हर प्रकारले सहयोग गर्नेछन्।

४) यो आज्ञप्ति आकाशवाणीद्वारा जारी गरिएको छ।

२८ अक्टोबर १९१७
पेत्रोग्राद

आन्तरिक मामिलासम्बन्धी जन कमिसार
अ० इ० रीकोभ"

यस आज्ञप्तिको फलस्वरूप सम्पूर्ण रसियाभरि लाल गार्ड दलहरूको स्थापना सुरु भयो, जो आगामी गृहयुद्धमा सोभियत सरकारको सबैभन्दा महत्त्वपूर्ण साधन साबित भए।

२

हडताल कोष

हडतालमा संलग्न सरकारी कर्मचारीहरू तथा बैंङ्क क्लर्कहरूको लागि स्थापित कोषमा पेत्रोग्राद तथा अन्य शहरहरूका बैंङ्कहरू तथा व्यापार-गृहहरू एवम् रसियामा व्यापार गर्ने विदेशी कम्पनीहरूले पनि अनुदान गरेका थिए। बोल्शेभिकहरूको विरुद्ध हडताल गर्न सहमत सबै कामदारहरूले पूरा वेतन पाए र कहिलेकाहिँ त बढी वेतनसमेत पाउँदथे। हडताल कोषको लागि चन्दा दिने मानिसहरूले अब बोल्शेभिकहरूको सत्ता बलियो भइसकेको छ भन्ने कुरा बुझेपछि हडतालको लागि पैसा दिन अस्वीकार गरे र हडताल-हरू तुरुन्तै बन्द भए।

आठौं अध्यायका टिप्पणीहरू

१

केरेन्स्कीको अग्रगमन

९ नोभेम्बरको दिन केरेन्स्की र उनका कजाकहरू गात्चिना आइपुगे। त्यहाँको गैरिसनले जसमा नराम्ररी फुट भइसकेको थियो र जुन दुई भाग-मा विभाजित थियो, तुरुन्तै आत्मसमर्पण गऱ्यो। गात्चिना सोभियतका सदस्यहरू गिरफ्तार भए। सुरुमा त उनीहरूलाई गोली हिर्काएर मार्ने धम्की दिइयो तर पछि गएर राम्रो व्यवहारको लागि उनीहरूले रिहाइ पाए।

कजाकहरूको अग्रणी-गार्डले विना कुनै प्रतिरोध पाभ्लोभ्स्क, अलेक्सा-न्द्रोभ्स्क तथा अन्य स्टेसनहरू कब्जा गरे र भोलि पल्ट बिहान अर्थात् १० नो-

भेम्बरको दिन चास्कोंये सेलोको नजिक ग्राइपुगे। हेर्दाहेर्दै त्यहाँको गैरिसन तीन भागमा बाँडियो—अफिसरहरू, जो केरेन्स्कीप्रति वफादार थिए; सैनिकहरूको एक हिस्सा र ग्रनायुक्त अफिसरहरू, जसले ग्राफूलाई "तटस्थ" घोषित गरेका थिए; अधिकांश सामान्य सैनिकहरू, जसले बोल्शेभिकहरूको पक्ष ग्रहण गरे। नेतृत्व तथा सङ्गठनको ग्रभावमा बोल्शेभिक सैनिकहरू राजधानीतिर पछि हट्न बाध्य भए। स्थानीय सोभियत पनि पुल्कोभो गाउँमा सऱ्यो।

पुल्कोभोबाट चास्कोंये सेलो सोभियतका ६ जना सदस्यहरू एउटा मोटरमा घोषणापत्रहरू राखेर कजाकहरूको बीचमा प्रचार गर्न गात्चिना रवाना भए। उनीहरूले दिनभरि नै गात्चिनामा बिताए र एउटा कजाक ब्यारेकबाट ग्रर्को ब्यारेकमा घुम्दै कजाकहरूलाई सम्झाउने-बुझाउने, बहस गर्ने र ग्रपिल गर्ने काम गरे। साँझपख केही अफिसरहरूले उनीहरूको ग्रस्तित्वबारे चाल पाए, उनीहरू समातिए र जर्नेल क्रास्नोभसामुन्ने उपस्थित गराइए। क्रास्नोभले भने, "तपाईंहरूले कर्निलोभको विरुद्ध हतियार उठाउनुभयो र ग्रब केरेन्स्कीको विरोध गर्दै हुनुहुन्छ। म तपाईंहरू सबैलाई गोलीले उडाइदिन्छु!"

ग्राफूलाई पेत्रोग्राद इलाकाको प्रधान सेनापति मनोनित गरिएको ग्रादेश उनीहरूको सामुन्ने पढेपछि क्रास्नोभले सोधे, के उनीहरू बोल्शेभिक हुन्? उनीहरूले सकारात्मक उत्तर दिए, त्यसपछि क्रास्नोभ त्यहाँबाट निस्के। केही बेरपछि एक जना अफिसर त्यहाँ ग्राए र उनीहरूलाई रिहा गरे। उनले भने जर्नेल क्रास्नोभको ग्रादेशग्रनुसार यसो गरिएको हो।

यसबीच पेत्रोग्रादबाट एकपछि ग्रर्को प्रतिनिधिमण्डल ग्राउँदै थियो—दुमाबाट, उद्धार समितिबाट र ग्रन्त्यमा भिक्झेलबाट। गृहयुद्ध रोक्नको लागि कुनै सम्झौतामा पुगियोस्, केरेन्स्कीले बोल्शेभिकहरूसँग कुराकानी सुरु गरोस् र पेत्रोग्रादतर्फ ग्राफ्नो ग्रग्रगमन रोकोस् भन्ने रेल मजदुर युनियनको माग थियो र युनियनको माग ग्रस्वीकार गरिएको खण्डमा ११ नोभेम्बरको ग्राधा रातदेखि ग्राम हडताल सुरु गर्ने धम्की दिइयो।

केरेन्स्कीले यस प्रश्नमा समाजवादी मन्त्रीहरू तथा उद्धार समितिसँग सल्लाह लिने समय मागे। उनी ग्रन्यौलमा परेका छन् भन्ने कुरा स्पष्ट थियो।

११ नोभेम्बरको दिन कजाकहरूको ग्रग्रिम टुकडी क्रास्नोये सेलो पुग्यो र त्यहाँबाट स्थानीय सोभियत तथा सैनिक क्रान्तिकारी समितिको खिचडी

सेना हतारहतार पछि हट्यो। कतिपय सैनिकहरूले आत्मसमर्पण पनि गरे...। त्यही राती कजाकहरू पुल्कोभोको छेउमा पुगे, जहाँ पहिलो पल्ट उनीहरूको कडा प्रतिरोध गरियो।

केरेन्स्कीको सेना छोडेर आएका कजाक सिपाहीहरू छिटपुट रूपमा पेत्रोग्राद पुग्न थाले। उनीहरूले भने, केरेन्स्कीले उनीहरूलाई धोका दिए। केरेन्स्कीले मोर्चाभरि नै पेत्रोग्राद डढ्दैं छ, बोल्शेभिकहरूले जर्मनहरूलाई देशभित्र पस्न निमन्त्रणा गरेका छन्, बोल्शेभिकहरू आइमाईहरू तथा बाल-बच्चाहरूको हत्या गर्दै छन् र मनपरी तरिकाले लुटपाट मच्चाउँदै छन् भन्ने हल्ला फैलाएका थिए।

सैनिक क्रान्तिकारी समितिले कजाकहरूलाई वास्तविक स्थिति अवगत गराउन तुरुन्तै हजारौँहजार अपिलहरू छाप्न लगाए र ती अपिलहरू लिएर दर्जनौं "प्रचारकहरू" मोर्चातिर लागे।

२

सैनिक क्रान्तिकारी समितिको घोषणापत्र

"मजदुर, सैनिक तथा किसान प्रतिनिधिहरूका सबै सोभियतहरूलाई।

"मजदुर, सैनिक तथा किसान प्रतिनिधिहरूका सोभियतहरूको अखिल रसियाली महाधिवेशन सबै प्रकारका प्रतिक्रान्तिकारी तथा यहुदी-विरोधी पाग्रोमहरू र सबै हुलदङ्गाहरू, चाहे तिनीहरू जस्तो किसिमकै किन नहुन्, रोक्न स्थानीय सोभियतहरूलाई हरसम्भव प्रयास गर्ने निर्देशन दिन्छ। मजदुर, किसान तथा सैनिकहरूको क्रान्तिको प्रतिष्ठाको लागि कुनै पनि प्रकारको अव्यवस्था सह्य हुन सक्दैन।

"पेत्रोग्रादका लाल गार्डहरूले, क्रान्तिकारी गैरिसन तथा नौसैनिकहरूले राजधानीमा पूर्ण शान्ति तथा सुव्यवस्था कायम गरेका छन्।

"मजदुरहरू, सैनिकहरू तथा किसानहरू, तपाईंहरूले सर्वत्र पेत्रोग्रादका मजदुरहरू तथा सैनिकहरूको अनुकरण गर्नुपर्छ।

"कमरेड सिपाहीहरू तथा कजाकहरू, वास्तविक क्रान्तिकारी सुव्यवस्था कायम गर्ने अभिभारा तपाईंहरूको काँधमा आएको छ।

"सम्पूर्ण क्रान्तिकारी रसिया तथा सम्पूर्ण विश्वकै दृष्टि तपाईंहरूमाथि परेको छ।"

* * *

"सोभियतहरूको अखिल रसियाली महाधिवेशन आदेश दिन्छ–

"मोर्चामा मृत्युदण्ड दिने परिपाटि, जुन केरेन्स्कीले फेरि लागू गरेका थिए, बदर गरिन्छ। मोर्चामा पूर्ण प्रचार स्वतन्त्रता कायम गरिएको छ। ती सबै सिपाहीहरू तथा क्रान्तिकारी अफिसरहरूलाई, जो वर्तमान समयमा तथाकथित राजनीतिक "अपराधको" लागि जेल परेका छन्, अविलम्ब रिहा गरिन्छ।"

* * *

"भूतपूर्व प्रधानमन्त्री केरेन्स्कीले, जसको सत्ता जनताले पल्टाइदिएको छ, सोभियतहरूको महाधिवेशनको अधीनता अस्वीकार गरेका छन् र अखिल रसियाली महाधिवेशनद्वारा निर्वाचित वैधानिक सरकार–जन कमिसार परिषद्को विरुद्ध सङ्घर्ष गर्ने प्रयास गर्दै छन्। केरेन्स्कीले मोर्चाबाट सहयोग नपाउने भएका छन्। मास्कोले नयाँ सरकारको समर्थन गरेको छ। कतिपय शहरहरूमा (मिन्स्क, मगिल्योभ, खार्कोभ) सत्ता सोभियतहरूको हातमा छ। कुनै पनि पैदल टुकडी मजदुर तथा किसानहरूको सरकारको विरुद्ध आक्रमण गर्न तयार छैन, उनीहरू त्यस सरकारको विरुद्ध आक्रमण गर्न तयार छैनन्, जसले सेना र जनताको दृढ सङ्कल्पअनुसार शान्तिवार्ता सुरु गरेको छ र किसानहरूलाई जमिन दिएको छ।

"हामी सार्वजनिक रूपले चेतावनी दिन्छौं, यदि कजाकहरूले केरेन्स्कीलाई रोकेनन् भने, जसले उनीहरूलाई धोका दिएका छन् र जसले उनीहरूलाई पेत्रोग्रादमाथि हमला गराउने प्रयास गर्दै छन्, क्रान्तिको बहुमूल्य उपलब्धि–शान्ति तथा भूमि–को रक्षा गर्न क्रान्तिकारी शक्तिहरूले केही गर्न बाँकी राख्ने छैनन्।

"पेत्रोग्रादका नागरिकहरू! केरेन्स्की शहरबाट भागेका छन् र हामीलाई त्यस किश्किनको कृपामा छोडेर गएका छन्, जसले पेत्रोग्राद जर्मनहरूको हातमा सुम्पन खोजेका थिए, त्यस कालासयवाला रूतेन्बेर्गको कृपामा छोडेर गएका छन्, जसले नगरपालिकाको खाद्य सम्भरण व्यवस्थालाई भताभुङ्ग पारेका छन्, त्यस पाल्चीन्स्कीको कृपामा छोडेर गएका छन्, जसलाई सबै प्रजातन्त्रवादीहरू घृणा गर्दछन्। केरेन्स्कीले तपाईंहरूलाई जर्मनहरूको हातमा, अनिकाल र रक्तपातमय कत्लेआमको सामुन्ने निराश्रित अवस्थामा छोडेर भागेका छन्, विद्रोही जनताले केरेन्स्कीका मन्त्रीहरूलाई गिरफ्तार गरेको छ

र तपाईंहरूले देखिहाल्नुभयो, कसरी पेत्रोग्रादको सुव्यवस्था र सम्भरण प्रबन्धमा तत्काल सुधार भयो। केरेन्स्कीले अभिजात मालिकहरू, पुंजीजीवीहरू र कालाबजारियाहरूको इच्छामुताबिक भूमिपतिहरूलाई जमिन फर्काउने र यस घृणित तथा विध्वंसपूर्ण युद्धलाई चालू राख्ने उद्देश्यले तपाईंहरूको विरुद्ध अभियान सुरु गरेका छन्।

"पेत्रोग्रादका नागरिकहरू! हामीलाई थाहा छ, तपाईंहरूको प्रबल बहुमत जनताको क्रान्तिकारी सत्ताको पक्षमा छ र केरेन्स्कीको नेतृत्वमा हिँड्ने कर्निलोभपन्थीहरूको विरुद्ध छ। तपाईंहरू नपुङ्सक बुर्जुवा षड्यन्त्रकारीहरूको मिथ्या घोषणाहरूमा नफँस्नोस्। तिनीहरूलाई विना मरमोलाहिजा नष्ट पारिनेछ।

"मजदुरहरू सैनिकहरू, किसानहरू! हामी तपाईंहरूलाई क्रान्तिकारी निष्ठा र अनुशासनको लागि आह्वान गर्दछौं।

"करोडौं किसानहरू तथा सैनिकहरू हाम्रो पक्षमा छन्।

"जनक्रान्तिको विजय सुनिश्चित छ!

पेत्रोग्राद, २८ अक्टोबर १९१७

मजदुर तथा सैनिक प्रतिनिधिहरूको
पेत्रोग्राद सोभियतअन्तर्गत
सैनिक क्रान्तिकारी समिति।"

३

जन कमिसार परिषद्का आज्ञप्तिहरू

यस पुस्तकमा मैले तिनै आज्ञप्तिहरू मात्र उद्धृत गरेको छु, जुन मेरो विचारमा बोल्शेभिकहरूद्वारा सत्ता ग्रहणसँग सम्बन्धित छन्। बाँकी आज्ञप्तिहरू सोभियत राज्यको बनोटसम्बन्धी विस्तृत विवरणसँग सम्बन्धित छन् र प्रस्तुत पुस्तकमा तिनको लागि स्थान छैन। ती आज्ञप्तिहरूबारे, मेरो अर्को पुस्तक 'कर्निलोभ-काण्डदेखि ब्रेस्त-लितोभ्स्क सन्धिसम्म' मा, जुन अहिले तयार हुँदै छ, व्यापक रूपमा चर्चा गरिनेछ।

आवाससम्बन्धी आज्ञप्ति

"१) स्वाधीन, स्वायत्तशासी नगरपालिकाहरूलाई सबै खाली आवास-हरू आफ्नो अधीनमा राख्ने अधिकार छ।

२) नगरपालिकाहरूले, उनीहरूद्वारा पारित नियमहरू तथा प्रबन्ध-व्यवस्थाअनुसार सबै सुलभ आवासहरूमा ती नागरिकहरूलाई आश्रय दिन सक्दछन्, जोसँग बस्ने ठाउँ हुँदैन अथवा जो अति सङ्कुचित तथा अस्वा-स्थकर ठाउँमा बस्दछन्।

३) नगरपालिकाहरूले आवाससम्बन्धी एक निरीक्षण-सेवा खडा गर्न सक्दछन् र यस्तो सेवाका अधिकारहरू निर्धारित गर्न सक्दछन्।

४) नगरपालिकाहरूले आवास-समितिहरूको स्थापनाबारे आदेश जारी गर्न सक्दछन्, तिनको सङ्गठनको रूपरेखा तथा अधिकारहरू निश्चित गर्न सक्दछन् र तिनलाई कानुनी अधिकार प्रदान गर्न सक्दछन्।

५) नगरपालिकाहरूले आवाससम्बन्धी मामिला छिनाफाना गर्ने विशेष अदालतहरूको गठन गर्न सक्दछन् र तिनको अधिकार तथा प्रभुत्व निर्धारण गर्न सक्दछन्।

६) यो आज्ञप्ति आकाशवाणीद्वारा जारी गरिन्छ।

आन्तरिक मामिलासम्बन्धी जन कमिसार

अ० इ० रीकोभ"

* * *

सामाजिक बिमासम्बन्धी आज्ञप्ति

"रूसी सर्वहारावर्गले ज्यालामीहरू तथा गाउँका गरिबहरूको लागि पूर्ण सामाजिक बिमाको वचन आफ्नो झण्डामा अङ्कित गरिसकेको छ। जार-शाही सरकारले, जमिनदारहरू तथा पुँजीपतिहरूको सरकारले र सम्झौता-परस्तहरूको संयुक्त सरकारले समेत सामाजिक बिमाबारे मजदुरहरूको आकाङ्क्षा पूरा गर्न सकेनन्।

"मजदुर, सैनिक तथा किसान प्रतिनिधिहरूका सोभियतहरूको टेवा पाएको मजदुर तथा किसानहरूको सरकार रसियाका मजदुरवर्ग एवम् शहर

तथा गाउँका गरिबहरूसमक्ष घोषणा गर्दछ, यस सरकारले मजदुर सङ्गठनहरूद्वारा प्रस्तावित सूत्रहरूको आधारमा अविलम्ब सामाजिक बिमा कानुन तयार पार्नेछ—

१) विनाअपवाद सबै ज्यालामीहरूका साथसाथै सबै शहरिया तथा गाउँले गरिबहरूको लागि बिमाको व्यवस्था।

२) त्यस्तो बिमाव्यवस्था, जसमा रोग, निर्बलता, वृद्धास्था, प्रसव, विधवावस्था, अनाथावस्था तथा बेकारीजस्ता कार्यक्षमताको ऱ्हासका सबै श्रेणीहरू पर्दछन्।

३) बिमाको सम्पूर्ण खर्च कार्यदाताले बेहोर्नु पर्नेछ।

४) कार्यक्षमताको ऱ्हास तथा बेकारीको अवस्थामा कम्तीमा पनि पूरा वेतन मुआवजाको रूपमा दिइनुपर्छ।

५) सबै बिमा संस्थाहरूका मजदुरहरू आफैंले ती संस्थाहरूको प्रबन्ध गर्नेछन्।

रुसियाली गणतन्त्रको सरकारको नाममा
श्रम जन कमिसार
अलेक्सान्दर श्ल्याप्निकोभ"

जनशिक्षासम्बन्धी आज्ञप्ति

"रुसियाका नागरिकहरू!

७ नोभेम्बरको दिन सम्पन्न विद्रोहको परिणामस्वरूप श्रमजीवी जनताले पहिलो पल्ट वास्तविक सत्ता प्राप्त गरेको छ।

"सोभियतहरूको अखिल रुसियाली महाधिवेशनले यो सत्ता अस्थायी रूपमा सोभियतहरूको कार्यकारिणी समिति तथा जन कमिसार परिषद् दुवैको हातमा सुम्पेको छ।

"क्रान्तिकारी जनताको इच्छाअनुसार म शिक्षासम्बन्धी जन कमिसारको पदमा नियुक्त भएको छु।

"जनशिक्षा केन्द्रीय सरकारको हातमा रहुञ्जेल अर्थात् संविधान सभा नडाकियुञ्जेल जनशिक्षाको अभिभारा एक जनशिक्षा आयोगलाई सुम्पिएको छ, जसको अध्यक्ष तथा कार्यकारी अधिकारी जन कमिसार हुनेछन्।

"के कस्ता मूल प्रस्थापनाहरूमा यो राजकीय आयोग आधारित हुनेछ? यसको अधिकार-क्षेत्र कसरी निर्धारित हुनेछ?

"**शिक्षासम्बन्धी कार्यकलापको सामान्य दिशा** – एउटा त्यस्तो देशमा, जहाँ निरक्षरता तथा अज्ञानताको बोलबाला छ, प्रत्येक वास्तविक समाजवादी सत्ताले यस अभिशापको विरुद्ध सङ्घर्षलाई आफ्नो पहिलो उद्देश्य बनाउनुपर्छ। आधुनिक शिक्षाशास्त्रीको माग पूरा गर्ने स्कूलहरूको पूरै जाल बिछ्याएर यसले कमभन्दा कम समयमा **सार्विक साक्षरता** उपलब्ध गराउनुपर्छ। यसले सबैको लागि सार्विक, अनिवार्य, निःशुल्क शिक्षा प्रणाली लागू गर्नुपर्छ, साथै त्यस्ता शिक्षण संस्थानहरू तथा ट्रेनिङ स्कूलहरूको जाल बिछ्याउनुपर्छ, जसले अति कम समयभित्र जन शिक्षकहरूको एक शक्तिशाली सेना तयार पार्नेछ, जुन हाम्रो विशाल रसियाका जनताको सार्विक शिक्षाको लागि यति आवश्यक छ।

"**विकेन्द्रीकरण** – राजकीय जनशिक्षा आयोग कदापि त्यस्तो केन्द्रीय संस्था हुन सक्दैन, जसलाई शिक्षण संस्थाहरूमाथि हैकम चलाउने अधिकार हुन्छ। यसको विपरीत स्कूलहरूसम्बन्धी सम्पूर्ण कार्य स्थानीय स्वायत्तशासी निकायहरूको हातमा सारिनेछ। राज्य केन्द्र तथा नगरपालिका केन्द्र दुवैले मजदुर, सैनिक तथा किसानहरूद्वारा आफ्नै तत्परतामा सांस्कृतिक-शैक्षिक सङ्गठनहरू स्थापना गर्ने स्वतन्त्र कार्यलाई पूर्ण स्वायत्तता प्रदान गर्नुपर्छ।

"राजकीय आयोगले ती नगरपालिका संस्थाहरू तथा निजी संस्थाहरूलाई, विशेषतः मजदुरहरूद्वारा स्थापित विशिष्ट वर्गचरित्र भएका संस्थाहरूलाई एक सूत्रमा बाँध्ने काम गर्नुपर्छ र तिनको भौतिक तथा नैतिक समर्थनको लागि आवश्यक सामग्रीहरू उपलब्ध गराउन सहयोग पुऱ्याउनुपर्छ।

"**राजकीय जनशिक्षा समिति** – राजकीय जनशिक्षा समितिले, जुन आफ्नो सदस्यताको दृष्टिले पर्याप्त मात्रामा प्रजातान्त्रिक निकाय हो र जसले विभिन्न प्रकारका विशेषज्ञहरूको सेवा प्राप्त गरेको छ, क्रान्तिको सुरुदेखि नै अनेकन महत्त्वपूर्ण कानुनी योजनाहरू तयार पार्दै आएको हो। राजकीय आयोगले यस समितिको वास्तविक सहयोगको अपेक्षा गरेको छ।

"यस आयोगले समितिको ब्यूरोलाई एउटा चिठी पठाएको छ, जसमा निम्न कार्यक्रमको परिपूर्तिको लागि समितिको असाधारण अधिवेशन डाक्ने अनुरोध गरिएको छ –

१) समितिमा प्रतिनिधित्वका नियमहरूलाई बढी प्रजातान्त्रिक दिशामा संशोधन गर्ने।

२) समितिका अधिकारहरूलाई बढी प्रजातान्त्रिक रूप दिँदै संशोधन गर्ने र समितिलाई एक त्यस्तो आधारभूत राजकीय संस्थामा परिणत गर्ने,

जसले रसियामा प्रजातान्त्रिक आधारमा जनशिक्षाको पुनर्गठनको लागि कानुनी योजनाहरूको तर्जुमा गर्नेछ।

३) समितिले तयार गरिसकेका नियमहरूलाई नयाँ राजकीय आयोगसँग मिलेर संयुक्त रूपमा पुनरावलोकन गर्ने। यस्तो पुनरावलोकन किन आवश्यक छ भने यी नियमहरूको सम्पादन गर्दा समितिले अघिल्ला मन्त्रालयहरूको बुर्जुवा धारणालाई ध्यानमा राखेको थियो, जसले गर्दा त्यही सङ्कुचित रूपमा पनि यी नियमहरूको कार्यान्वयन अवरुद्ध हुन गएको थियो।

यस्तो पुनरावलोकनपश्चात् यी नियमहरू विनाकुनै नोकरशाही ढिलासुस्ती क्रान्तिकारी ढङ्गबाट लागू गरिनेछन्।

शिक्षकहरू तथा समाज – राजकीय आयोग जनतालाई – देशका यी स्वामीहरूलाई शिक्षा प्रदान गर्ने उज्जवल तथा सम्मानपूर्ण कार्यमा सङ्लग्न अध्यापकहरूको स्वागत गर्दछ।

कुनै पनि सत्ताले अध्यापक जगत्सँग गहन परामर्शविना जनशिक्षाको क्षेत्रमा कुनै पनि पाइला चाल्न हुँदैन।

अर्कोतर्फबाट, जुनसुकै अवस्थामा पनि मात्र विशेषज्ञहरूको सहयोगबाट कुनै निष्कर्षमा पुग्न सकिँदैन। सामान्य शिक्षण संस्थानहरूको सुधारमा पनि यही कुरा लागू हुन्छ।

सामाजिक शक्तिहरूसँग अध्यापकहरूको सहयोग – स्वयम् आफ्नो संरचनामा, राजकीय समितिमा तथा आफ्नो सम्पूर्ण क्रियाकलापमा – आयोगको कार्यप्रणाली यही हुनेछ।

अध्यापकहरूको, सबैभन्दा पहिले त अति गरिब परन्तु सामाजिक कार्यमा सबैभन्दा महत्त्वपूर्ण योगदान दिने यी कार्यकर्ताहरूको – प्राथमिक स्कूलहरूका अध्यापकहरूको प्रतिष्ठा बढाउनु नै आयोग आफ्नो पहिलो दायित्व ठान्दछ। उनीहरूका जायज मागहरू अविलम्ब र कुनै पनि मूल्यमा पूरा गरिनुपर्छ। स्कूलमा काम गर्ने यी सर्वहाराहरूले आफ्नो वेतन बढाएर एक सय रूबलसम्म पुऱ्याइयोस् भन्ने माग गर्दै आएका पनि धेरै भइसक्यो, तर उनीहरूको यस मागको वास्ता गरिएको छैन। रूसी जनताको विशालतम बहुसङ्ख्यक जनतालाई शिक्षा प्रदान गर्ने अध्यापकहरूलाई अब पनि गरिबीको अवस्थामा राख्नु ठूलो कलङ्क ठहरिनेछ।

परन्तु वास्तविक प्रजातन्त्र शिक्षा प्रचार र सर्वव्यापी प्राथमिक प्रशिक्षणमा मात्रै सीमित रहन सक्दैन। यसले विभिन्न तहका समान तथा असम्प्र-

दायिक स्कूलहरूको सङ्गठन गन प्रयास गर्नुपर्छ। सबै नागरिकहरूको लागि समान र सम्भव छ भने उच्च शिक्षा यसको आदर्श हुनुपर्छ। जबसम्म यो आदर्श सबैको लागि व्यवहारमा प्रयोग गर्न सकिँदैन, स्कूलका सबै कक्षाहरूदेखि लिएर विश्वविद्यालयसम्म स्वाभाविक सङ्क्रमण—एक उच्च स्तरमा सङ्क्रमण प्रशिक्षार्थीहरूको पारिवारिक औगातमा नभएर उनीहरूको प्रतिभामा निर्भर हुनुपर्छ।

एक लामो, अपराधपूर्ण साम्राज्यवादी युद्धले ग्रस्त मुलुकमा एक वास्तविक जनवादी प्रशिक्षण व्यवस्थाको तर्जुमा विशेष रूपले कठिन हुन्छ; तर सत्ता आफ्नो हातमा लिएका मजदुरहरूले एक उत्कृष्ट जीवन र बौद्धिक विकासको लागि सङ्घर्षमा शिक्षाले सबैभन्दा ठूलो हतियारको काम गर्नेछ भन्ने कुरा कदापि बिर्सनु हुँदैन। जनताको बजेटका अन्य बुँदाहरूको खर्च घटाउने जतिसुकै आवश्यकता परे तापनि शिक्षाको लागि हुने खर्च उच्च स्तरमा रहनु नितान्त आवश्यक छ। विशाल शिक्षा बजेट राष्ट्रको लागि गौरवको कुरा हो। रसियाका स्वतन्त्र तथा मताधिकारसम्पन्न जनताले यो कुरा कहिल्यै बिर्सने छैनन्।

निरक्षरता र अज्ञानताको विरुद्ध सङ्घर्ष बालबालिकाहरू तथा युवाहरूको लागि स्कूल शिक्षाको एक नियमित व्यवस्थामै सीमित रहन सक्दैन। प्रौढहरूले पनि लेखपढ गर्न नजान्ने मानिसको हिनावस्थाबाट मुक्ति पाउन खोज्नेछन्। सार्वजनिक प्रशिक्षणको सामान्य योजनामा प्रौढ पाठशालाले महत्त्वपूर्ण स्थान प्राप्त गरेको हुनुपर्छ।

प्रशिक्षण तथा शिक्षा—हामीले प्रशिक्षण तथा शिक्षाबीचको अन्तर छुट्ट्याउन सक्नुपर्छ।

प्रशिक्षण भनेको शिक्षकबाट शिष्यले तयार ज्ञान प्राप्त गर्ने प्रक्रिया हो। शिक्षा भनेको सिर्जनात्मक प्रक्रिया हो। व्यक्तिले जीवनभरि नै "शिक्षा" प्राप्त गरिरहेको हुन्छ, उसको व्यक्तित्व निर्माण प्रक्रिया निरन्तर चलिरहेको हुन्छ र यस प्रक्रियाको सार झन्झन् सम्पन्न, सशक्त तथा परिष्कृत हुँद जान्छ।

आफ्नो पसिनाको बलमा बाँचेका जनता—मजदुरहरू, किसानहरू, सैनिकहरू—प्राथमिक तथा उच्चस्तरीय प्रशिक्षणका भोका छन्। तर उनीहरूलाई उच्च शिक्षाको पनि भोक छ। न सरकारले, न बुद्धिजीवीहरूले, न त उनीहरू आफैंले सिवाय अरू नै कुनै शक्तिले उनीहरूलाई यो कुरा दिन सक्दछ। यहाँ स्कूल, पुस्तक, थियेटर, म्युजियम आदि कुरा सहायकसम्म

हुन सक्दछन्। उनीहरूको आफ्नै विचार छ, जुन उनीहरूको सामाजिक स्थितिले निर्माण गरेको हुन्छ र जुन ती सत्ताधारी वर्गहरू तथा बुद्धिजीवीहरूको दृष्टिकोणबाट पूर्णतः फरक हुन्छ, जसले अहिलेसम्म संस्कृतिको निर्माण गर्दै आएका छन्। उनीहरूको आफ्नै विचार छ, आफ्नै भावना छ, व्यक्तित्व र समाजसम्बन्धी समस्याको लेखाजोखा गर्ने आफ्नै तरिका छ। शहरिया मजदुरले र ग्रामीण श्रमजीवीले आआफ्नै तरिकाले मजदुरहरूको वर्गीय विचारमा आधारित आफ्नो सुस्पष्ट विश्व-दर्शन बनाउनेछन्। त्यस घटनाभन्दा भव्य तथा सुन्दर अरू कुनै घटना हुन सक्दैन, जसको हाम्रा भावी सन्तति साक्षी र सहभागी बन्नेछन् र त्यो घटना हो—सामूहिक श्रमद्वारा आफ्नै सर्वव्यापी, सम्पन्न तथा स्वतन्त्र आत्माको निर्माण।

प्रशिक्षण निस्सन्देह एक महत्त्वपूर्ण कार्य हो, तर यो निर्णायक हुन सक्दैन। यहाँ अरू बढी महत्त्वपूर्ण कुरा त आलोचना हो, स्वयम् जनसमुदायको सृजनशीलता हो। विज्ञान र कलाका केही अंशहरूले मात्र आम रूपमा मानवीय महत्त्व राख्दछन्। प्रत्येक दुरगामी वर्गीय उथलपुथलका साथसाथै तिनमा पनि आमूल परिवर्तनहरू हुने गर्दछन्।

सम्पूर्ण रसियाभरि, विशेषतः शहरिया मजदुरहरूको बीचमा र किसानहरूको बीचमा पनि सांस्कृतिक एवम् शैक्षिक आन्दोलनको एक शक्तिशाली लहर आएको छ; यस किसिमका मजदुर तथा सैनिक सङ्गठनहरूको सङ्ख्या तीव्र गतिले बढ्दै छ। यस्ता सङ्गठनहरूको स्वागत गर्नु, यिनको समर्थन गर्नु, यिनको लागि बाटो सफा गर्नु नै जनवादी शिक्षाको क्षेत्रमा एक क्रान्तिकारी तथा जनमुखी सरकारको प्रमुख दायित्व हो।

संविधान सभा—निस्सन्देह, संविधान सभाले छिटै आफ्नो काम सुरु गर्नेछ। मात्र संविधान सभाले हाम्रो मुलुकमा राष्ट्रिय तथा सामाजिक जीवनलाई व्यवस्थित तुल्याउन सक्नेछ र साथै जनशिक्षाको सामान्य चरित्रलाई स्थायी रूप प्रदान गर्न सक्नेछ।

अब सोभियतहरूको हातमा सत्ता आएपछि संविधान सभाको वास्तविक प्रजातान्त्रिक चरित्र सुनिश्चित भएको छ। राजकीय समितिको सहायताद्वारा राजकीय आयोगले जुन नीतिको अनुसरण गर्नेछ, त्यसमा संविधान सभाको प्रभावले शायद नै कुनै परिवर्तन ल्याउनेछ। नयाँ जन सरकार ठान्दछ, यसको पूर्वनिर्धारणविना, यस क्षेत्रमा पनि त्यस्ता कतिपय कारबाईहरूको लागि कानुन बनाएर यसले आफ्नो अधिकार-सीमाको उलङ्घन गरेको

छन र यसको एक मात्र उद्देश्य देशको बौद्धिक जीवनलाई यथाशीघ्र समृद्ध तथा प्रबुद्ध तुल्याउनु हो।

मन्त्रालय – वर्तमान कार्य यसबीच जनशिक्षा मन्त्रालयमार्फत नै यथावत् चालू रहनुपर्छ। मन्त्रालयको रूप तथा बनोटमा जे जस्ता परिवर्तनहरू आवश्यक हुन्छन्, त्यो कार्य सोभियतहरूको कार्यकारिणी समितिद्वारा निर्वाचित राजकीय आयोग तथा राजकीय समितिले सम्पन्न गर्नेछन्। जनशिक्षाको क्षेत्रमा राजकीय नेतृत्वको क्रम व्यवस्था निस्सन्देह संविधान सभाले कायम गर्नेछ। त्यतिञ्जेलसम्मको लागि मन्त्रालयले जनशिक्षासम्बन्धी राजकीय समिति तथा राजकीय आयोग दुवैको लागि कार्यकारी निकायको भूमिका पूरा गर्नेछ।

राष्ट्रिय सुरक्षाको ग्यारेन्टी देशका सबै जिवनदायी तथा वास्तविक प्रजातान्त्रिक शक्तिहरूमा निहित छ।

श्रमजीवी जनता तथा इमानदार प्रबुद्ध बुद्धिजीवीहरूको सबल प्रयासले मुलुकलाई यस कष्टप्रद सङ्कटावस्थाबाट मुक्ति दिनेछ, पूर्ण जनवादको स्थापनाद्वारा समाजवाद र राष्ट्रहरूको बन्धुत्वको युगमा प्रवेश गराउनेछ भन्ने कुरामा हामी विश्वस्त छौं।

शिक्षासम्बन्धी जन कमिसार

आ० भा० लुनाचार्स्की"

* * *

कानुनको अनुसमर्थन तथा प्रकाशनक्रमसम्बन्धी आज्ञप्ति

"१) संविधान सभाको अधिवेशन नहुञ्जेलसम्म कानुनको अधिनियमन तथा प्रकाशन मजदुर, किसान तथा सैनिक प्रतिनिधिहरूको अखिल रसियाली महाधिवेशनद्वारा निर्वाचित मजदुर तथा किसानहरूको विद्यमान अस्थायी सरकारद्वारा आदेशित क्रमानुसार सम्पन्न गरिनेछ।

२) प्रत्येक विधेयक सम्बन्धित मन्त्रालयद्वारा, नियमानुसार अधिकृत जन कमिसारको हस्ताक्षरसहित विचारार्थ सरकारसमक्ष प्रस्तुत गरिनेछ

अथवा त्यो विधेयक सरकारको अधीनस्थ विधायिका विभागद्वारा विभाग अध्यक्षको हस्ताक्षरसहित पेस गरिनेछ।

३) सरकारी अनुमोदनपश्चात् यो आज्ञप्ति अन्तिम रूपमा रसियाली गणतन्त्रको नामबाट जन कमिसार परिषद्को अध्यक्षद्वारा अथवा उनको साटो जन कमिसार परिषद्को त्यस सदस्यले हस्ताक्षर गर्नेछन्, जसले त्यो विधेयक सरकारसमक्ष विचारार्थ प्रस्तुत गरेका थिए र त्यसपछि त्यो आज्ञप्ति प्रकाशित हुनेछ।

४) 'मजदुर तथा किसानहरूको अस्थायी सरकारको गजेट' मा प्रकाशित भएको मितिदेखि त्यस आज्ञप्तिले कानुनको रूप लिनेछ।

५) आज्ञप्तिमा प्रकाशन मितिभन्दा बेग्लै कुनै त्यतो मिति तोक्न सकिनेछ, जब यस आज्ञप्तिले कानुनको रूप लिनेछ, अथवा त्यो आज्ञप्ति आकाशवाणीद्वारा प्रवर्तित हुन सक्दछ; यस अवस्थामा प्रत्येक स्थानमा त्यो आकाशवाणी प्रकाशित भएको मितिदेखि त्यसले कानुनको मान्यता प्राप्त गर्नेछ।

६) राज्य र सिनेटद्वारा सरकारको विधायिका आदेशहरूको प्रख्यापन समाप्त गरिन्छ। जन कमिसार परिषद्को अधीनस्थ विधायिका विभागले बेलाबेलामा सरकारका ती नियमहरू तथा आदेशहरूको सङ्ग्रह प्रकाशित गर्नेछ, जसले कानुनको मान्यता प्राप्त गरेको हुन्छ।

७) मजदुर, किसान तथा सैनिक प्रतिनिधिहरूका सोभियतहरूको केन्द्रीय कार्यकारिणी समिति (चेइक) लाई सरकारद्वारा पारित कुनै पनि आज्ञप्ति बदर गर्ने, हेरफेर गर्ने अथवा स्थगन गर्ने अधिकार हुन्छ।

रसियाली गणतन्त्रको नामबाट
जन कमिसार परिषद्का अध्यक्ष
ब्ला० उल्यानोभ-लेनिन"

४

रक्सीको समस्या

सैनिक क्रान्तिकारी समितिको आदेश

"१) अर्को आदेश ननिस्कुन्जेलसम्म मादक पदार्थ तथा मादक पेय पदार्थको उत्पादन मनाही गरिन्छ।

२) मादक पदार्थ तथा मादक पेय पदार्थका सबै उत्पादकहरूलाई उनीहरूले २७ तारिखभन्दा पहिले नै आफ्नो गोदाम ठीक कुन ठाउँमा छ खबर गरुन् भन्ने आदेश दिइन्छ।

३) यो आदेश उलङ्घन गर्ने सबै अपराधीहरूमाथि सैनिक क्रान्तिकारी अदालतले मुद्दा चलाउनेछ।

सैनिक क्रान्तिकारी समिति।"

* * *

५

आदेश नम्बर २

फिनल्याण्ड गार्ड रिजर्भ रेजिमेन्ट समितिद्वारा
सबै आवास-समितिहरू तथा भासीलेभ्स्को ओस्त्रभ इलाकाका नागरिकहरूको नाममा।

"बुर्जुवावर्गले सर्वहारावर्गसँग सङ्घर्ष गर्ने एक अति घृणित तरिका रोजेको छ। बुर्जुवावर्गले शहरका विभिन्न भागहरूमा रक्सीका ठूलठूला गोदामहरू राखेको छ र सिपाहीहरूको बीचमा रक्सी बाँड्ने काम गर्दै छ र यस प्रकारले क्रान्तिकारी सेनाको पङ्क्तिमा असन्तोष फैलाउने प्रयास गर्दै छ।

"सबै आवास-समितिहरूलाई आदेश दिइन्छ, यो आदेश टाँसिएको तीन घण्टाभित्र आफै आएर फिनल्याण्ड गार्ड रेजिमेन्ट समितिका अध्यक्षलाई आआफ्नो घरमा कति रक्सी राखिएको छ भन्ने कुरा गुप्त रूपमा सूचित गरुन्।

"यो आदेश पालना नगर्ने मानिसहरू **गिरफ्तार गरिनेछन् र उनीहरूमाथि विनाकुनै मरमोलाहिजा मुद्दा चलाइनेछ र उनीहरूको सम्पत्ति जफत गरिनेछ।** उनीहरूकहाँ भेट्टाइएको रक्सीको भण्डार चेतावनी दिइएको दुई घण्टापश्चात् **डाइनामाइटले उडाइनेछ**, किनभने जस्तो हामीलाई अनुभवले सिकाएको छ, यसभन्दा कम निर्णायक कारबाईबाट वाञ्छित नतिजा प्राप्त गर्न सकिँदैन।

याद राख्नुहोला, डाइनामाइट राख्नुभन्दा पहिले अर्को कुनै चेतावनी दिइने छैन।

फिनल्याण्ड गार्ड रेजिमेन्टको
रेजिमेन्ट समिति।"

नवौं अध्यायका टिप्पणीहरू

१

सैनिक क्रान्तिकारी समिति
बुलेटिन नम्बर २

"१२ नोभेम्बरको साँझपख केरेन्स्कीले क्रान्तिकारी सेनासमक्ष "आत्म-समर्पण गर्ने" प्रस्ताव राखे। केरेन्स्कीको गिरोहले गोलाबारी सुरु गऱ्यो। हाम्रा तोपहरूले यसको जवाफ दिए र शत्रुलाई गोलाबारी बन्द गर्न बाध्य तुल्याए। कजाकहरूले आक्रमण सुरु गरे। नौसैनिकहरू, लाल गार्डहरू तथा सिपाहीहरूले चलाएका भयङ्कर गोलाबारीसमक्ष कजाकहरू पनि हट्न बाध्य भए। हाम्रा बख्तरबन्द गाडीहरू शत्रु पङ्क्तिहरूभित्र घुसे। शत्रु सेनाले कुलेलम ठोक्यो। हाम्रो सेनाले उनीहरूको पिछा गरे। केरेन्स्कीलाई गिरफ्तार गर्ने आदेश दिइयो। क्रान्तिकारी सैनिकहरूले चार्स्कोये सेलो कब्जा गरे।

"**लात्भियाली राइफल सैनिकहरू**—सैनिक क्रान्तिकारी समितिले पाएको भरपर्दो समाचारअनुसार वीर लात्भियाली राइफल सैनिक टुकडी मोर्चा-बाट आइपुगेको छ र त्यसले केरेन्स्कीको गिरोहपछाडि मोर्चा बनाएको छ।"

सैनिक क्रान्तिकारी समितिको स्टाफबाट

"केरेन्स्कीका सैन्यदलहरूले गात्चिना र चार्स्कोये सेलो कब्जा गर्न समर्थ हुनुको कारण के थियो भने यी ठाउँहरूमा तोपहरू र मेसिनगनहरूको पूर्ण अभाव थियो, तर केरेन्स्कीका घोडसवारहरूले सुरुदेखि नै तोपसेनाको मदत पाएका थिए। पछिल्ला दुई दिन हाम्रो स्टाफले क्रान्तिकारी सेनालाई तोपहरू, मेसिनगनहरू तथा मैदानी टेलिफोनहरू उपलब्ध गराउन धेरै मेहनत गर्नुपऱ्यो। जब यो काम स्थानीय सोभियतहरू तथा कारखानाहरू (पुचि-लोभ कारखाना, ओबुखोभ तथा अन्य कारखानाहरू) को मदतबाट पूरा

गरियो भावी मुठभेटको परिणाम कस्तो हुनेछ भन्ने कुरामा कुनै सन्देह रहेन – क्रान्तिकारी सैनिकहरूसँग अतिरिक्त सरसामान र पेत्रोग्रादजस्तो एक शक्तिशाली भौतिक आधार मात्रै थिएन, उनीहरूको नैतिक श्रेष्ठता पनि धेरै बढी थियो। पेत्रोग्रादका सबै रेजिमेन्टहरू बडो उल्लासपूर्वक मोर्चातिर लागे। गैरिसन सम्मेलनले पाँच जना सिपाहीहरूको एउटा नियन्त्रण आयोग छाने र यस प्रकारले प्रधान सेनापति तथा गैरिसनबीच पूर्ण एकता कायम हुने भयो। गैरिसन सम्मेलनमा सर्वसम्मतिबाट निर्णायक कारबाई सुरु गर्ने निर्णय भयो।

"१२ नोभेम्बरको दिन जुन गोलाबारी सुरु भएको थियो, दिउँसो तीन बजेतिर त्यो असाधारण रूपले चर्कियो। कजाकहरू पूर्णतः हतोत्साहित भइसकेका थिए। चास्र्कोये सेलोस्थित सैन्यदलको स्टाफमा गोलाबारी रोक्ने प्रस्ताव लिएर उनीहरूको तर्फबाट दूत आइपुग्यो। उनीहरूले अन्यथा "निर्णायक" कारबाई सुरु गर्ने धम्की दिए। दूतलाई जवाफ दिइयो, त्यसै बेला गोलाबारी रोकिनेछ, जब केरेन्स्कीले आत्मसमर्पण गर्नेछन्।

"तत्पश्चात् चलेको भीषण लडाइँमा सेनाका सबै हिस्साहरू – नौसैनिकहरू, सिपाहीहरू तथा लाल गार्डहरूले असीम साहस देखाए। नौसैनिकहरू त्यतिञ्जेलसम्म अगि बढ्दै गए, जबसम्म उनीहरूले सबै कार्तोस खतम पारेनन्। यस लडाइँमा कति सैनिक मारिए भन्ने कुरा थाहा पाइएको छैन, तर यो सङ्ख्या प्रतिक्रान्तिकारी सेनाको भन्दा धेरै बढी छ भन्ने कुरामा कुनै शङ्का छैन, किनभने हाम्रो एउटा बख्तरबन्द गाडीले गर्दा उनीहरूले निकै ठूलो क्षति सहनुपरेको छ।

"केरेन्स्कीको स्टाफले घेरामा पर्ने डरले गर्दा आफ्नो सेनालाई पछि हट्ने आदेश दियो। उनीहरू अव्यवस्थित तरिकाले पछि हट्न थाले। राती १२ बजेसम्ममा सोभियत सेनाले रेडियो स्टेसनसमेत सम्पूर्ण चास्र्कोये सेलोमाथि कब्जा गऱ्यो। कजाकहरू गात्चिना र कोल्पिनोतिर भागे।

"हाम्रो सेनाले देखाएको मनोबल अति प्रशंसनीय छ। भगौटे कजाकहरूको पिछा गर्ने आदेश दिइएको छ। चास्र्कोये सेलो स्टेसनबाट तुरुन्तै एउटा रेडियो-तार मोर्चामा र रसियाभरिका सबै स्थानीय सोभियतहरूमा पठाइएको छ।

(यसपछिका घटनाहरू अविलम्ब प्रकाशित हुनेछन्)।"

२

१३ नोभेम्बरको दिन पेत्रोग्रादमा घटेका घटनाहरू

पेत्रोग्राद सोभियतको बैठकमा जिनोभ्येभले भने, "शक्तिप्रयोगद्वारा मात्रै शत्रुलाई नष्ट पार्न सकिन्छ। खतरा के छ भने, सङ्घर्ष खतम भयो भन्ने भ्रममा परेर हामी कतै चुप त लाग्ने छैनौं? कजाकहरूलाई आफ्नो पक्षमा ल्याउनको लागि सामान्य प्रयास पनि नगर्नु अपराध ठहरिनेछ। हर सम्भव प्रयास गरिनेछ, तर अर्को तर्फबाट सबै कुरा प्रतिनिधिमण्डलले नै गर्नेछ भन्ने विचारले लाल गार्डहरू तथा सैनिकहरूलाई निश्चिन्त पार्नु पनि अपराध नै ठहरिनेछ। यदि हिजो शहरमा शान्ति थियो भने यो सामरिक विजयको परिणाम हो, शहरमा युङ्केरहरूको विद्रोह दबाइनु नै यसको कारण हो।

"युद्धविरामको सम्झौता भएको छ भन्ने हल्ला गलत हो।

"शत्रुलाई निश्शक्त पारेपछि क्रान्तिकारीहरूको स्टाफ युद्धविरामको लागि तयार हुनेछ। अहिले क्रान्तिकारी सेनाको विजयको प्रभावमा हिजोभन्दा, जब दानले हामीलाई हतियार सुम्पने र केरेन्स्कीलाई शहरभित्र पस्न दिने प्रस्ताव राखेका थिए, अर्कै शर्तहरू प्रस्तुत गरिँदै छन्। समाजवादी-क्रान्तिकारी राकितनिकोभले आफ्नो समाजवादी-क्रान्तिकारी पार्टीको केन्द्रीय समितिको तर्फबाट बोल्दै उनीहरूलाई मन पर्ने केही बोल्शेभिकहरूलाई मात्र सरकारमा प्रवेश गर्न दिने उदारता देखाएका थिए। यो राती प्राप्त विजयको प्रतिध्वनि हो। पर्खेर बस्ने समूहहरू पनि छन्। उनीहरू हेर्न चाहन्छन् – केरेन्स्की विजयी हुन्छ कि क्रान्ति विजयी हुन्छ, तराजु कता ढल्किन्छ त्यतै लाग्ने मानिसहरू पनि छन्। केरेन्स्की पूर्णतः पराजित भइसकेका छन् भन्ने कुरा थाहा नभएसम्म यस्ता मानिसहरू ढुलमुलाइ नै रहनेछन्।"

नगर दुमामा सम्पूर्ण ध्यान नयाँ सरकारको गठनमा केन्द्रित थियो।

कादेत शिङ्गार्‍योभले भने, नगरपालिकाले बोल्शेभिकहरूसँग कुनै पनि प्रकारको सम्झौता गर्नु हुँदैन...। "यी उन्मादग्रस्त मानिसहरूले हतियार नछोडेसम्म र स्वतन्त्र अदालतको प्रतिष्ठा स्वीकार नगरेसम्म यिनीहरूसँग कुनै पनि प्रकारको सम्झौता असम्भव छ।"

'येजिन्स्तभो' दलको तर्फबाट यार्चेभले भने, बोल्शेभिकहरूसँग सम्झौता गर्नु भनेको बोल्शेभिकहरूको विजय स्वीकार गर्नु हो।

समाजवादी-क्रान्तिकारीहरूको तर्फबाट बोल्दै मेयर श्रेइदेरले भने, उनी बोल्शेभिकहरूसँग सम्झौता गर्ने पक्षमा छैनन्...। "जहाँसम्म सरकारको प्रश्न छ, सरकार जनताको इच्छाबाट बन्नुपर्छ र यस्तो जनइच्छा नगर-पालिका चुनावमा अभिव्यक्त भएको छ, तसर्थ वर्तमान सरकार गठन गर्ने सक्षम जन सङ्कल्प नगर दुमामा केन्द्रित छ"।

अन्य वक्ताहरूको भाषण सुनिसकेपछि जसमध्ये मेन्शेभिक-अन्तर्राष्ट्रियतावादीहरूका प्रतिनिधि मात्रै बोल्शेभिकहरूलाई नयाँ सरकारमा सम्मिलित गराउने पक्षमा थिए, दुमाले भिक्झेलको सम्मेलनमा आफ्नो प्रतिनिधिको सहभागिता कायम राख्ने निर्णय गऱ्यो र सबैभन्दा पहिले अस्थायी सरकार पुनर्स्थापना गर्ने र बोल्शेभिकहरूलाई नयाँ सरकारमा सम्मिलित नगराउने माग गऱ्यो।"

३

मातृभूमि तथा क्रान्तिको उद्धार समितिलाई क्रास्नोभको उत्तर

"तपाईंहरूले अविलम्ब युद्धविरामको प्रस्ताव राख्दै जुन आकाशवाणी पठाउनुभएको थियो, त्यसको जवाफमा प्रधान सेनापतिले अनावश्यक रक्त-पात बन्द गर्ने उद्देश्यले वार्ता सुरु गर्ने र सरकार तथा विद्रोही सेनाबीच सम्बन्ध स्थापित गर्न आफ्नो सहमति दिनुभएको छ। विद्रोहीहरूको जनरल स्टाफसमक्ष आफ्ना रेजिमेन्टहरू पेत्रोग्राद फर्काउने, लिगोभा–पुल्कोभा–कोल्पिना रेखालाई तटस्थ घोषित गर्ने र सरकारको घोडसवार सेनाको अग्रणी दललाई सुव्यवस्था स्थापित गर्ने उद्देश्यले चास्कोंये सेलो प्रवेश गर्न दिने प्रस्ताव राखिन्छ। भोलि बिहान ८ बजेसम्ममा हाम्रा दूतहरूले यस प्रस्तावको उत्तर पाउनुपर्छ।

तृतीय घोडसवार कोरका सेनापति मेजर-जर्नेल क्रास्नोभ।"

४

चार्स्कोये सेलोमा घटेका घटनाहरू

जुन साँझ केरेन्स्कीको सेना चार्स्कोये सेलोबाट पछि हटेको थियो, त्यसै दिन केही पादरीहरूले शहरका सडकहरूमा एउटा धार्मिक जुलुस निकालेका थिए र नागरिकहरूसमक्ष भाषण गरेका थिए। आफ्नो भाषणमा उनीहरूले जनतासँग वैधानिक सत्ता, अर्थात् अस्थायी सरकारलाई समर्थन गर्ने अपिल गरेका थिए। प्रत्यक्षदर्शीहरूले बताएअनुसार कजाकहरू भागेपछि जब लाल गार्डका प्राथमिक सैन्य दलहरू शहरभित्र पसे, पादरीहरूले सोभियतहरूको विरुद्ध जनतालाई भड्काए र रास्पुतिनको चिहानअगाडि, जुन राजदरबारको पछाडि थियो, भाषण गर्न थाले। रिसले चुरमुरिएका लाल गार्डहरूले एक जना पादरी, धर्मपिता इभान कुचरोभलाई गिरफ्तार गरे र गोली हिर्काएर मारे।

ठीक त्यसै बेला, जब लाल गार्डहरू शहरभित्र पस्दै थिए, कसैले बिजुलीको लाइन काटिदियो, फलतः सडकहरूमा पूर्ण अन्धकार फैलियो। सोभियत सेनाले बिजुली अड्डाका डाइरेक्टर लुबोभिचलाई गिरफ्तार गरे। उनलाई सोधियो, बत्ती निभाउने मान्छे उही त होइन? केही बेरपछि जुन कोठामा उनी थुनिएका थिए, त्यहाँ उनको लाश भेट्टाइयो। उनको हातमा रिभल्भर थियो र कन्चटमा गोली लागेको थियो।

भोलि पल्ट बिहान पेत्रोग्रादका प्रतिबोल्शेभिक समाचारपत्रहरूले निम्न समाचार छापे – "प्लेखानोभलाई ३९ डिग्री जरो छ!" प्लेखानोभ चार्स्कोये सेलोमा बस्नुहुन्थ्यो र बिरामी परेर बिछ्यौनामा पल्टनुभएको थियो। लाल गार्डहरू उहाँको घरभित्र पसे र खानतलासी लिन थाले (उनीहरू हतियार खोज्दै थिए)। उनीहरूले बूढोलाई केरकार गरे।

"तपाईं समाजको कुन वर्गबाट आउनुभएको हो?" उनीहरूले सोधे।

"म क्रान्तिकारी हुँ र गत चालीस वर्षदेखि आफ्नो सम्पूर्ण जीवन स्वतन्त्रता सङ्ग्राममा अर्पण गर्दै आएको छु," प्लेखानोभले जवाफ दिनुभयो।

"केही फरक पर्दैन", एक जना मजदुरले भने, "तपाईंले आफूलाई बुर्जुवावर्गको हातमा बेचिसक्नुभएको छ।"

मजदुरहरूले रसियाली सामाजिक-जनवादका पथप्रदर्शक तथा प्रवर्तक प्लेखानोभलाई बिर्सिसकेका थिए।

५

सोभियत सरकारको अपिल

"गात्चिनास्थित सैन्यदलले, जसलाई केरेन्स्कीले धोका दिएका थिए, आत्मसमर्पण गरेको छ र केरेन्स्कीलाई गिरफ्तार गर्ने निर्णय गरेको छ। प्रति-क्रान्तिकारी अभियानका यी अगुवा भागेका छन्। सेनाको व्यापक बहुमतले सोभियतहरूको द्वितीय अखिल रसियाली महाधिवेशन र त्यस महाधिवेशन-द्वारा मनोनित सरकारलाई समर्थन गर्ने निर्णय गरेका छन्। सोभियत सत्ता-प्रति सेनाको आस्था व्यक्त गर्न मोर्चाबाट सयौं प्रतिनिधिहरू दौड्दै पेत्रोग्राद आइपुगेका छन्। वास्तविकतालाई कति विकृत रूपमा प्रस्तुत गरियो, क्रा-न्तिकारी मजदुरहरू, सैनिकहरू तथा किसानहरूको कति बदख्वाइँ गरियो, तर जनताका शत्रुहरूलाई यी सबै कुराले मदत गर्न सकेनन्। मजदुर तथा सैनिकहरूको क्रान्ति विजयी भएको छ।

"मजदुर तथा सैनिक प्रतिनिधिहरूका सोभियतको केन्द्रीय कार्यकारिणी समिति प्रतिक्रान्तिकारी विद्रोहीहरूको पछि लाग्ने ती सैन्यदलहरूलाई अवि-लम्ब आत्मसमर्पण गर्ने र मुठीभर जमिनदारहरू तथा पुँजीपतिहरूको हितको लागि आफ्ना दाजुभाइहरूको रगत नबगाउने आह्वान गर्दछ। जनताको प्रत्येक रगतको थोपाको लागि तपाईंहरू दोषी हुनुहुनेछ। मजदुर, सैनिक तथा किसानहरूको रसियाले तिनीहरूलाई सराप्नेछ, जो अब एक छिनको लागि भए पनि शत्रुको झण्डामुनि उभिनेछ।

"कजाकहरू! विजयी जनताको पङ्क्तिमा उभिनोस्! रेल मजदुरहरू, हुलाक तथा आकाशवाणीका कर्मचारीहरू—सबैले एक भएर नयाँ जनसत्ताको समर्थन गर्नुहोस्!"

दसौँ अध्यायका टिप्पणीहरू

१

क्रेमलिनको क्षति

क्रेमलिनमाथि गोलाबारीपश्चात् म आफैं त्यहाँ पुगेको थिएँ, त्यहाँ भएको क्षति मैले आफ्नै आँखाले देखेको हुँ। सानो निकोलाइ प्रासाद, जुन युङ्केर-हरूको ब्यारेकको रूपमा प्रयोग गरिएको थियो, त्यति महत्त्वपूर्ण छैन र यो दरबार जार परिवारकी एउटी रानीले कहिलेकाहिँ स्वागत समारोहको लागि उपयोग गर्थिन्। यस दरबारमाथि गोलाबारी मात्र गरिएको होइन, यहाँ निकै लुटपाट पनि मच्चाइएको थियो। सौभाग्यवश, यहाँ ऐतिहासिक महत्त्वको कुनै खास कुरा थिएन।

उस्पेन्स्की गिर्जाघरको एउटा गुम्बजमा बम खसेर प्वाल परेको थियो, तर यसको छतको मोजेकको एउटा सानो हिस्साबाहेक त्यहाँ विशेष क्षति भएको थिएन। ब्लागभेशेन्स्की गिर्जाघरको द्वार-मण्डपमा भित्तेचित्रहरूमा एउटा बम खसेर निकै ठूलो क्षति भएको थियो। एउटा अर्को बम इभान भिलिकी घण्टाघरको एउटा कुनामा खसेको थियो। चुदोभ मठमा झण्डै तीस वटा बम खसेको थियो, तर मात्रै एउटा बम झ्यालबाट भित्र खसेको थियो, बाँकी बमले इँटाको भित्ता र छतका कर्निसहरूमा मात्र क्षति पुऱ्याए।

स्पास्काया द्वारको माथिल्लो घण्टा चकनाचूर भएको थियो। त्रोइत्स्की द्वारमा पनि गोलाबारीले क्षति पुऱ्याएको थियो, तर त्यो क्षति सजिलैसँग मरम्मत गर्न सकिन्छ। एउटा तल्लो मीनारको कलश, जुन इँटाले बनेको छ, भत्केको थियो।

भासिली ब्लाझेन्नी गिर्जाघरमा कुनै क्षति भएको छैन, त्यस्तै किसिमले विशाल क्रेमलिन प्रासादमा पनि, जसको तहखानामा मास्को र पेत्रोग्रादको सम्पूर्ण निधि राखिएको थियो र जसको ढुकुटीमा जारहरूको हीराजवाहिरात सुरक्षित थियो, कुनै क्षति भएन। यी भवनहरूमा कोही पनि भित्रसम्म पसेको थिएन।

२

जनशिक्षा कमिसारको घोषणा

"कमरेडहरू! तपाईंहरू देशका तरुण स्वामी हुनुहुन्छ। यद्यपि यस बेला तपाईंहरूले धेरै कुरा गर्नु र सोच्नु छ, तपाईंहरूले कसरी राष्ट्रिय कलाकृति तथा वैज्ञानिक निधि जोगाउन सकिन्छ भन्ने कुरा थाहा पाउनु अति आवश्यक छ।

"कमरेडहरू! मास्कोमा जे कुरा हुँदै छ, त्यो एक भयङ्कर अमार्जनीय दुर्भाग्य हो। सत्ताको लागि सङ्घर्षको सिलसिलामा जनताले हाम्रो गौरवपूर्ण राजधानीलाई छियाछिया पारिदिएको छ। गृहयुद्धको फलस्वरूप शहरका धेरै भागहरूमाथि गोलाबारी गरियो। जताततै आगलागी भएको छ। धेरै क्षति भएको छ। हिंसापूर्ण सङ्घर्ष, विध्वंसक युद्ध तथा भयङ्कर क्षतिका यी दिनहरूमा जनशिक्षा कमिसार हुनु अति दुर्भाग्यको कुरा हो। एक नयाँ तथा श्रेष्ठतर संस्कृतिको स्रोत बनेको समाजवादको विजयको आशाले मात्र मलाई सान्त्वना दिएको छ। ममाथि जनताको कला सम्पदाको संरक्षण गर्ने उत्तरदायित्व छ।

"त्यस पदमा बस्न सकिँदैन, जहाँ मेरो कुनै प्रभाव छैन। त्यसै कारणले मैले राजीनामा गरेको छु।*

"परन्तु, कमरेडहरू, म तपाईंहरूलाई अनुरोध गर्छु, मेरो समर्थन गर्नोस्, मलाई सहायता गर्नोस्। आफ्नो लागि र आफ्ना भावी पीढीहरूको लागि आफ्नो मुलुकको सौन्दर्य सुरक्षित राख्नोस्। जन सम्पदाको संरक्षक बन्नोस्।

"छिटै सबैभन्दा अज्ञानी मानिसहरू पनि, जसलाई तानाशाहीले यति धेरै लामो अवधिसम्म अज्ञानताको जालमा फँसाएर राखेको थियो, बिउँझने-छन् र उनीहरूले कला भनेको आनन्द, शक्ति र बुद्धिमत्ताको कत्रो स्रोत हो भन्ने कुरा बुझ्नेछन्।

३ नोभेम्बर १९१७

शिक्षा जन कमिसार

आ० लुनाचार्स्की"

---

*आ० भा० लुनाचार्स्कीले शिक्षा जन कमिसारको पद छोडेनन्।—सं०

३

पुँजीपतिवर्गको लागि प्रश्नावली

वार्ड . . . परिवारको नाम. . .	आवास-समिति . . .
नं०. . .	
ठेगाना . . नाम	नं० . . . . . .

पुरुष अथवा स्त्री	उमेर	के सामानहरू छन्			
		कपडा	आर्शिन	तयारी लुगा	थान
मासिक औसत				ओभरकोट :	
आय	व्यय	भित्री लुगाको लागि .	. . .	जाडोको .	. . .
				गर्मीको . .	. . .
		सूटको लागि .	. . .	शरदको . .	. . .
मासिक भाडा		ओभरकोटको लागि .	. . .	सूट र पोशाक .	. . .
फ्ल्याट	कोठा			भित्री लुगा .	. . .
				जुत्ता .	. . .
		अन्य . .	. . .	रबरको जुत्ता .	. . .

उपर्युक्त सूची सही छ र अन्य ठाउँमा रासन पाउने गरेको छैन।

मास्को . . . . . . १६१ .

हस्ताक्षर . . . . . .

आवास समितिको छाप

किरायादारको हस्ताक्षर *

---

*यो प्रश्नावली जोन रिडद्वारा प्रस्तुत फोटोबाट उल्था गरिएको हो। यो प्रश्नावली प्रस्तुत गर्दै रिड भन्नुहुन्छ, मास्को सैनिक क्रान्तिकारी समिति-को आदेशअनुसार बुर्जुवावर्गसँग खोसिएका सामानहरूबाट गरिब मजदुर तथा सैनिकहरूलाई बाँड्ने कोष तयार गर्ने व्यवस्था गरिएको थियो। —सं०

क्रान्तिकारी वित्तीय कारबाई

आदेश

मजदुर तथा सैनिक प्रतिनिधिहरूको मास्को सोभियतअन्तर्गत सैनिक क्रान्तिकारी समितिले मलाई सुम्पेको अधिकारको आधारमा म आदेश दिन्छु –

१) अर्को आदेश ननिस्केसम्म आफ्ना सबै शाखाहरूसमेत सबै बैंङ्कहरू, शाखाहरूसमेत केन्द्रीय राजकीय बचत बैंङ्क र हुलाक-तार अड्डाका बचत बैंङ्कहरू २२ नोभेम्बरदेखि बिहान ११ बजेदेखि दिउँसो १ बजेसम्म खुला रहनेछन्।

२) उपर्युक्त संस्थानहरूले चालू खाता तथा बचत बैंङ्कका खाताहरूबाट अर्को हप्तादेखि प्रत्येक सङ्ग्रहकर्तालाई १५० रूबलभन्दा बढी रकम दिने छैनन्।

३) चालू खाता तथा बचत बैंङ्कका खाताहरूबाट हप्ताको १५० रूबलभन्दा बढी रकमको निकासी तथा अरू सबै किसिमका खाताहरूबाट निकासी आगामी तीन दिन – २२, २३ र २४ नोभेम्बरमा केवल निम्नलिखित अवस्थामा मात्रै गर्न पाइन्छ –

क) सैनिक टुकडीहरूको खाताबाट तिनको आवश्यकता पूर्तिको लागि;

ख) ती तालिकाहरू तथा सूचीहरूअनुसार कर्मचारीहरूको वेतन तथा मजदुरहरूको वेतन भुक्तानीको लागि मात्रै, जुन कारखाना समितिहरू अथवा कर्मचारीहरूका सोभियतहरूद्वारा प्रमाणित हुन्छन् र कमिसारहरूको, अथवा सैनिक क्रान्तिकारी समितिका र इलाका सैनिक क्रान्तिकारी समितिका प्रतिनिधिहरूको हस्ताक्षरद्वारा प्रमाणित हुन्छन्।

४) ड्राफ्टद्वारा १५० रूबलभन्दा बढी रकम भुक्तानी गरिने छैन, बाँकी रकम चालू खातामा दाखिल गरिनेछ र त्यसको भुक्तानी वर्तमान आज्ञप्तिद्वारा निश्चित क्रमबाट गरिनेछ।

५) यी तीन दिनभित्र बैंङ्कहरूलाई कुनै पनि प्रकारको लेनदेनको काम गर्न मनाही छ।

६) सबै खाताहरूमा कुनै पनि मात्रामा पैसा जम्मा गर्न सकिन्छ।

७) तेस्रो धारामा सूचित अनुमतिपत्रहरूको प्रमाणीकरणको लागि वित्त

परिषद्का प्रतिनिधिले इलिन्का मार्गस्थित स्टक-एक्सचेन्ज भवनमा बिहान १० बजेदेखि दिउँसो २ बजेसम्म काम गर्नेछन्।

८) बैङ्क तथा बचत बैङ्कले प्रतिदिन नगद लेनदेनको कुल हिसाब साँझ पाँच बजेसम्ममा स्कोबेलेभ चोकस्थित सोभियत भवनमा सैनिक क्रान्तिकारी समितिलाई बुझाउनु पर्नेछ।

९) सबै किसिमका ऋण संस्थाहरूका सबै कर्मचारीहरू, जसले यस आज्ञप्तिको पालना गर्न अस्वीकार गर्दछन्, क्रान्ति तथा जन साधारणका शत्रुको रूपमा क्रान्तिकारी अदालतसमक्ष उपस्थित गराइनेछन्। उनीहरूको नाम सामान्य सूचनाको लागि प्रकाशित गरिनेछ।

१०) यस आज्ञप्तिअन्तर्गत बचत बैङ्क तथा बैङ्कहरूका शाखाहरूको लेनदेनको काममाथि नियन्त्रण राख्न इलाका सैनिक क्रान्तिकारी समितिहरूले तीन-तीन जना प्रतिनिधिहरू छान्नेछन् र उनीहरूले काम गर्ने ठाउँ निश्चित गर्नेछन्।

सैनिक क्रान्तिकारी समितिका
पूर्ण अधिकृत कमिसार
स० शेभेरदिन-माक्सिमेन्को"

एघारौं अध्यायका टिप्पणीहरू

१

यस अध्यायका सीमाहरू

यस अध्यायमा लगभग दुई महिनाभित्र घटेका घटनाहरूको वर्णन गरिएको छ। यस अध्यायमा मित्रराष्ट्रहरूसँगको वार्ता, जर्मनहरूसँगको वार्ता र युद्धविराम, ब्रेस्त-लितोभ्स्कमा शान्ति वार्ताको आरम्भकालका साथै त्यस समयको वर्णन गरिएको छ, जब सोभियत राज्यको जग बसालिएको थियो।

परन्तु यस पुस्तकमा ती अति महत्वपूर्ण ऐतिहासिक घटनाहरूको वर्णन र व्याख्या गर्न, जसको लागि बढी स्थान आवश्यक छ, मेरो उद्देश्य होइन। तसर्थ मैले ती घटनाहरूबारे आफ्नो अर्को पुस्तक, 'कर्निलोभ-काण्डदेखि ब्रेस्त-लितोभ्स्कसम्म'मा वर्णन गर्ने विचार गरेको छु।

तसर्थ, मैले यस अध्यायमा आफूलाई सोभियत सरकारद्वारा मुलुकभित्र आफ्नो राजनीतिक सत्ता सुदृढ तुल्याउने प्रयासहरूसम्म नै सीमित राखेको छु र देशभित्रका ती विरोधी तत्त्वहरूमाथि क्रमिक विजयको रूपरेखा प्रस्तुत गरेको छु — जुन विजयको प्रक्रियामा ब्रेस्त-लितोभ्स्कको दुर्भाग्यपूर्ण सन्धिले अस्थायी रूपमा अवरोध उत्पन्न गरेको थियो।

२

प्रस्तावना — रसियाका जनजातिहरूका अधिकारहरूसम्बन्धी घोषणा

मजदुर तथा किसानहरूको अक्टोबर क्रान्ति सर्वव्यापक मुक्तिझण्डामुनि सुरु भएको हो।

किसानहरूले जमिनदारहरूको सत्ताबाट मुक्ति प्राप्त गर्दै छन्, किनभने जमिनदारहरूले भूमिमाथिको स्वामित्व अधिकार गुमाइसकेका छन् — यस अधिकारको उन्मूलन गरिएको छ। सिपाहीहरू तथा नौसैनिकहरूले निरङ्कुश जर्नेलहरूको सत्ताबाट मुक्ति प्राप्त गर्दै छन् किनभने अबदेखि जर्नेलहरू निर्वाचित हुनेछन् र उनीहरूलाई फिर्ता डाक्न सकिनेछ। मजदुरहरूले पुँजीपतिहरूको लहड र मनमानी व्यवहारबाट मुक्ति पाउँदै छन्, किनभने अबदेखि मिल तथा कारखानाहरूमाथि मजदुरहरूको नियन्त्रण स्थापना गरिनेछ। ती सबैले, जो जीवित छन् अथवा बाँच्ने क्षमता राख्दछन्, घृणित बन्धनबाट मुक्ति पाउनेछन्।

अब केवल रसियाका जनताहरू मात्र बाँकी रहे, जसले उत्पीडन र निरङ्कुशताको मार खपे र खप्दै छन्, जसले अविलम्ब मुक्ति पाउनुपर्दछ, र जसको मुक्ति दृढ तथा निर्णायक हुनेछ।

जारशाही शासनकालमा रसियाका विभिन्न जनजातिहरूलाई नियमित रूपमा एक अर्काको विरुद्ध भड्काइयो। यस्तो नीतिको परिणाम सर्वविदित छ — एकातिर कत्लेआम र **पाग्रोमहरू** भने अर्कोतिर जातिहरूको दासता।

यस्तो लज्जापूर्ण नीतितर्फ प्रत्यागमन हुने छैन र हुन सक्दैन। अबदेखि यस्तो नीतिको स्थानमा रसियाका जनताहरूबीच स्वैच्छिक वास्तविक एकताको नीति स्थापित गरिनेछ।

साम्राज्यवादी कालमा, जब मार्च क्रान्तिपश्चात् सत्ता कादेत बुर्जुवावर्गको हातमा सऱ्यो, भड्काइको नग्न नीतिको स्थानमा रसियाका जनजातिहरू-प्रति भयपूर्ण अविश्वास र बदख्वाइँको नीति, निरर्थक "स्वतन्त्रता" तथा "समानता" को नीति लादियो। यस नीतिको परिणाम सर्वविदित छ– जातीय वैरभावमा वृद्धि र पारस्परिक विश्वासको भावनामा प्रहार।

असत्य र अविश्वास, बदख्वाइँ र भड्काइको यस अनैतिक नीतिको अन्त्य गरिनुपर्छ। अबदेखि यसको स्थानमा एउटा त्यस्तो खुला तथा इमानदार नीतिको अनुसरण गरिनुपर्छ, जसले रसियाका सबै जनजातिहरूबीच पूर्ण पारस्परिक विश्वास कायम गर्न सकोस्। यसै विश्वासको आधारमा मात्र रसियाका जनजातिहरूबीच एक सच्चा तथा शाश्वत एकताको स्थापना गर्न सकिन्छ र यसै एकताको फलस्वरूप रसियाका सबै जातिका किसान तथा मजदुरहरू एक त्यस्तो क्रान्तिकारी शक्तिमा आबद्ध हुनेछन्, जुन साम्राज्यवादी-संयोजनकारी बुर्जुवावर्गका समस्त प्रयासहरूको सामना गर्न समर्थ हुनेछ।

३

आज्ञप्तिहरू

बैंङ्कहरूको राष्ट्रियकरणबारे

राष्ट्रिय अर्थव्यवस्थाको व्यवस्थित सङ्गठनको लागि, बैंङ्क व्यवसायमा हुने कालाबजारीको पूर्ण उन्मूलनको लागि र मजदुरहरू, किसानहरू तथा सम्पूर्ण श्रमजीवी जनतामाथि बैंङ्क पुँजीले गर्ने शोषणबाट पूर्ण मुक्ति पाउनको लागि, अनि रसियाली गणतन्त्रको एक मात्र त्यस्तो राष्ट्रिय बैंङ्क स्थापना गर्ने हेतुले, जसले जनता तथा गरिब वर्गहरूको वास्तविक हित पूरा गर्नेछ, केन्द्रीय कार्यकारिणी समिति (चेइक) ले निर्णय गरेको छ–

१) बैंङ्क व्यवसायमा राजकीय एकाधिकार स्थापना गरिएको छ।

२) समस्त विद्यमान निजी मिश्रित-पुँजी बैंङ्कहरू तथा बैंङ्क कार्यालयहरू राष्ट्र बैंङ्कमा गाभिएका छन्।

३) बन्द गरिएका प्रतिष्ठानहरूको सम्पूर्ण आयव्ययको उत्तरदायित्व राष्ट्र बैंङ्कले लिनेछ।

४) राष्ट्र बैंकमा निजी बैंकहरूको विलयनको क्रम एक विशेष आज्ञप्तिद्वारा निश्चित गरिनेछ।

५) निजी बैंकहरूको कामको अस्थायी प्रबन्ध राष्ट्र बैंकको बोर्डलाई सुम्पिएको छ।

६) सानासाना सङ्ग्रहकर्ताहरूको हित सुरक्षित रहनेछ।

सेनाका सबै मानिसहरूको दर्जामा समानता ल्याउने विषयमा

अघि सेनामा विद्यमान असमानताका सबै अवशेषहरू अविलम्ब तथा निर्णायक रूपले समाप्त गर्ने क्रान्तिकारी जनताको सङ्कल्प पूरा गर्दै जन कमिसार परिषद् आदेश दिन्छ–

१) करपोरलको पददेखि लिएर जर्नेलको पदसम्म, सेनाका सबै पद तथा श्रेणीहरू हटाइएका छन्। अबदेखि रसियाली गणतन्त्रको सेना ती स्वतन्त्र तथा समान नागरिकहरूबाट बन्नेछ, जसले क्रान्तिकारी सेनाका सैनिकहरूको गौरवपूर्ण उपाधि प्राप्त गर्नेछन्।

२) पहिलेका पदहरू तथा श्रेणीहरूसँग सम्बन्धित सबै विशेषाधिकारहरू तथा विशिष्टताका बाह्य चिन्हहरू हटाइन्छ।

३) पदको नाम लिएर डाक्ने प्रथा समाप्त गरिन्छ।

४) सबै पदकहरू, तक्माहरू तथा विशिष्टताका अन्य चिन्हहरू समाप्त गरिन्छ।

५) अफिसरको पद हटाइनुको साथै सबै पृथक् अफिसर सङ्गठनहरूको पनि उन्मूलन गरिन्छ।

६) सेनामा अर्दली राख्ने विद्यमान प्रथा समाप्त गरिएको छ।

टिप्पणी–हेडक्वार्टर, चान्सरी, समितिहरू तथा अन्य सैनिक सङ्गठनहरूमा चाहिँ अर्दली राखिनेछ।

जन कमिसार परिषद्का अध्यक्ष
व्ला० उल्यानोभ (लेनिन)
सैनिक तथा नौसैनिक मामिलासम्बन्धी जन कमिसार
नि० क्रिलेन्को
सैनिक मामिलासम्बन्धी जन कमिसार
नि० पद्भोइस्की
परिषद् सचिव
नि० गर्बुनोभ।

* * *

सेनामा निर्वाचन-पद्धति र सत्ताको सङ्गठनबारे

१) श्रमजीवी जनताको इच्छा पालना गर्ने सेना जनताको सर्वोच्च प्रतिनिधि–जन कमिसार परिषद्को अधीनमा रहनेछ।

२) सैनिक युनिटहरू तथा संयोजनहरूको परिधिभित्र सम्पूर्ण अधिकार सम्बन्धित सैनिक समितिहरू तथा सोभियतहरू निहित हुन्छ।

३) सैनिक जीवन तथा क्रियाकलापहरूका शाखाहरूमाथि, जुन अहिले पनि समितिहरूको अधिकार क्षेत्रभित्र छन्, सैनिक समितिहरूको प्रत्यक्ष नियन्त्रण स्थापित हुनेछ। क्रियाकलापका त्यस्ता शाखाहरूमाथि, जसमाथि समितिले आफ्नो अधिकार स्थापना गर्न सक्दैन, सोभियतहरूको नियन्त्रण स्थापना गरिन्छ।

४) कमान स्टाफ तथा अफिसरहरूको निर्वाचन प्रथा चलाइन्छ। रेजिमेन्ट कमान्डरहरूसमेत सबै कमान्डरहरू स्क्वाड, प्लाटुन, कम्पनी, स्क्वाड्रन, बैटरी, डिभिजन (तोपखाना, २-३ बैटरी) र रेजिमेन्टहरूको सामान्य मतदानद्वारा निर्वाचित हुनेछन्। प्रधान सेनापतिसमेत रेजिमेन्ट कमान्डरभन्दा माथिल्लो तहका सबै कमान्डरहरू समितिहरूका महाधिवेशन अथवा सम्मेलनद्वारा निर्वाचित हुनेछन्।

टिप्पणी – "सम्मेलन" शब्दको अर्थ आफूभन्दा एक तह तल्लो समितिका प्रतिनिधिहरूको सहभागितामा समिति-विशेषले आयोजना गर्ने सभा हो। (जस्तै कम्पनी समितिहरूका प्रतिनिधिहरूको सहभागितामा रेजिमेन्ट समितिको सम्मेलन। – **लेखक**)

५) रेजिमेन्ट कमान्डरभन्दा माथिल्लो पदमा निर्वाचित कमान्डर निकटतम उच्च समितिद्वारा अनुमोदित हुनुपर्छ।

टिप्पणी – यदि कुनै माथिल्लो समितिले निर्वाचित कमान्डरलाई अनुमोदन गर्न अस्वीकार गर्दछ र यस्तो अस्वीकृतिको कारण देखाउँदछ भने तल्लो तहको समितिद्वारा दोस्रो पटक पनि त्यही कमान्डर निर्वाचित हुन्छ र माथिल्लो समितिले त्यसको अनुमोदन गर्नुपर्छ।

६) सेनाको कमान्डर सेनाको महाधिवेशनद्वारा निर्वाचित हुनेछ। मोर्चाको कमाण्डर मोर्चा अधिवेशनद्वारा निर्वाचित हुनेछ।

७) विशेष ज्ञान अथवा अन्य व्यावहारिक तयारी आवश्यक भएका प्राविधिक चरित्रका पदहरूमा, जस्तै – डाक्टर, इन्जिनियर, प्राविधिज्ञ, आकाशवाणी तथा रेडियो अपरेटर, विमानसम्बन्धी विशेषज्ञ, मोटर ड्राइभर

इत्यादि सम्बन्धित सेवाका युनिट समितिहरूले आवश्यक विशेष ज्ञान भएका मानिसहरूलाई मात्र छान्न सक्दछन्।

८) स्टाफ-अध्यक्ष मात्र ती व्यक्तिहरूको बीचबाट छानिनुपर्छ, जसले यस पदको लागि विशेष सैनिक प्रशिक्षण प्राप्त गरेको छ।

९) स्टाफका अन्य सबै सदस्यहरू स्टाफ-अध्यक्षद्वारा मनोनित हुनेछन् र सम्बन्धित महाधिवेशनद्वारा यी नियुक्तिहरूको अनुमोदन गरिनेछ।

टिप्पणी—विशेष प्रशिक्षण प्राप्त गरेका मानिसहरूको एउटा विशेष सूची तयार गरिनेछ।

१०) सामरिक सेवामा नियुक्त भएका सबै कमान्डरहरूले, जो सैनिक-हरूद्वारा कुनै पनि पदको लागि छानिएका छैनन् र फलतः जो सामान्य सैनिकको दर्जामा छन्, सेवाबाट अवकाश पाउने अधिकार राख्दछन्।

११) आर्थिक विभागका पदहरूबाहेक र कमानसँग सम्बन्धित पदहरूको अतिरिक्त, अन्य सबै पदहरूको पूर्ति सम्बन्धित निर्वाचित कमान्डरहरूको आदेशद्वारा गरिनेछ।

१२) कमान-स्टाफको चुनावसम्बन्धी विस्तृत निर्देशन बेग्लै प्रकाशित हुनेछ।

जन कमिसार परिषद्का अध्यक्ष
व्ला० उल्यानोभ (लेनिन)
सैनिक तथा नौसैनिक मामिलासम्बन्धी जन कमिसार
नि० क्रिलेन्को
सैनिक मामिलासम्बन्धी जन कमिसार
नि० पद्भोइस्की
परिषद् सचिव
नि० गर्बुनोभ।

* * *

सबै वर्गहरू तथा उपाधिहरूको उन्मूलनबारे

१) सबै वर्गहरू तथा वर्गीय विभाजन, सबै वर्गीय विशेषाधिकारहरू तथा प्रतिबन्धहरू, सबै वर्गीय सङ्गठनहरू तथा संस्थानहरू एवम् सबै नागरिक उपाधिहरूको उन्मूलन गरिन्छ।

२) समाजका सबै वर्गहरू (अभिजात वर्ग, व्यापारी वर्ग, निम्न-पुंजीवादी वर्ग इत्यादि) तथा सबै उपाधिहरू (राजकुमार, काउण्ट इत्यादि) तथा सबै किसिमका नागरिक उपाधिहरू (राजकीय प्रिभी काउन्सिलर इत्यादि) समाप्त गरिन्छ र रसियाली गणतन्त्रको नागरिकको सामान्य उपाधि स्थापित गरिन्छ।

३) अभिजात वर्गीय संस्थाहरू तथा सम्पत्ति तत्स्थानीय स्वायत्त जेम्स्त-भोहरूको हातमा सारिन्छ।

४) बेपारी तथा निम्न पुंजीवादी सङ्गठनहरूको सम्पत्ति अविलम्ब स्वायत्त नगरपालिकाहरूको हातमा सुम्पिन्छ।

५) आफ्नो सम्पत्ति तथा अभिलेखालयहरूसहित सबै किसिमका वर्गीय संस्थानहरू नगरपालिका तथा जेम्स्तभो प्रशासनको हातमा सारिन्छ।

६) विद्यमान कानुनहरूका यी क्षेत्रहरूमा लागू भइरहेका सबै धाराहरू यसै आज्ञप्तिद्वारा बदर गरिन्छ।

७) प्रस्तुत आज्ञप्ति प्रकाशन-मितिदेखि लागू भएको मानिनेछ र यस आज्ञप्तिलाई मजदुर, सैनिक तथा किसान प्रतिनिधिहरूका सोभियतहरूले कार्यान्वयन गर्नेछन्। प्रस्तुत आज्ञप्ति चेइकले २३ नोभेम्बर १९१७ को दिन बसेको आफ्नो बैठकमा अनुमोदन गरेको छ र निम्न व्यक्तिहरूद्वारा हस्ताक्षर गरिएको छ–

चेइकका अध्यक्ष
स्भेर्दलोभ
जन कमिसार परिषद्का अध्यक्ष
भ्ला० उल्यानोभ (लेनिन)
जन कमिसार परिषद्का कार्यकारी अधिकारी
भ्ला० बोन्च-ब्रुएभिच
परिषद् सचिव
नि० गर्बुनोभ।

* * *

३ डिसेम्बरको दिन जन कमिसार परिषद्ले "विनाअपवाद सबै सरकारी संस्थान तथा प्रतिष्ठानहरूका, चाहे ती सामान्य हुन् अथवा विशेष, कर्मचा-रीहरूको वेतन घटाउने" निर्णय गरेको छ।

सर्वप्रथम, परिषद्ले जन कमिसारको वेतन मासिक ५०० रूबल निर्धारित गरेको छ र परिवारका काम गर्न असमर्थ प्रत्येक वयस्क सदस्यको लागि अतिरिक्त १०० रूबल मासिक तोकेको छ।

कुनै पनि सरकारी कर्मचारीले पाउने यो सबैभन्दा बढी वेतन थियो।

४

काउन्टेस पानिनालाई गिरफ्तार गरियो र सर्वोच्च क्रान्तिकारी न्यायालयमा तिनीमाथि मुद्दा चलाइयो। मेरो आगामी पुस्तक 'कर्निलोभ-काण्डदेखि ब्रेस्त-लितोभ्स्क सन्धिसम्म' पुस्तकको 'क्रान्तिकारी न्याय' नामक अध्यायमा यस मुद्दाको वर्णन गरिएको छ। न्यायालयको फैसलाअनुसार कैदीले पैसा फर्काउनुपर्ने भयो र सार्वजनिक निन्दासहित स्वतन्त्रता पाउने भइन्। अर्को शब्दमा भन्ने हो भने, तिनले रिहाइ पाइन्!

५

नयाँ व्यवस्थाको उपहास

'द्रुक नारोदा' समाचारपत्र (मेन्शेभिक) को १८ नोभेम्बरको अङ्कबाट —

"बोल्शेभिकहरूको "तत्काल शान्तिसन्धि" को कथाले हामीलाई एउटा रमाइलो फिल्मको सम्झना गराउँछ...। नेरातोभ भाग्दै छन्, त्रोत्स्की उनको पिछा गर्दै छन्; नेरातोभ एउटा पर्खाल चढ्छन्, त्रोत्स्की पनि उनको पछि लाग्दछन्, नेरातोभ पानीमा हाम फाल्दछन्, त्रोत्स्की पनि हाम फाल्दछन्; नेरातोभ छानामा चढ्छन्, त्रोत्स्की पनि उनको पछिपछि लाग्दछन्; नेरातोभ बिछ्यौनाभित्र लुक्छन् र त्रोत्स्की उनलाई समात्दछन्! हो, उनलाई समात्दछन्! स्वभावतः शान्तिसन्धिमा हस्ताक्षर गरिन्छ।

"परराष्ट्र मन्त्रालयमा सबै ठाउँ खाली छन् र यत्रतत्र सन्नाटा फैलिएको छ। सन्देशवाहकहरू आदेशपूर्ण व्यवहार गर्दछन्, तर उनीहरूको अनुहारमा एक तीव्र भावना छ।

"कुन राजदूतलाई गिरफ्तार गरे र उनीसँग युद्धविराम र शान्ति-

सन्धिमा हस्ताक्षर गरे कसो होला ? तर यी राजदूतहरू पनि गजबकै हुँदा रहेछन् ! यिनीहरू यसरी चुप लागेर बसेका छन्, मानौँ यिनीहरूले केही पनि सुनेका छैनन्। हे बेलायत ! हे फ्रान्स ! हे जर्मनी ! हामीले तपाईं-हरूसँग युद्धविराम सन्धिमा हस्ताक्षर गरेका थियौँ। तपाईंहरूलाई यस विषय-मा केही थाहा छैन, के यो कुरा सम्भव छ ? तर यो सन्धि त सबै ठाउँ-मा र सबै पर्खालहरूमा टाँसिएको थियो। एक जना बोल्शेभिकको प्रति-ष्ठाको किरिया खान्छु, शान्तिसन्धि भइसकेको छ ! हामी तपाईंबाट धेरै कुरा चाहन्नौँ ; तपाईंहरूले मात्र दुई शब्द लेखिदिए पुग्छ।

"राजदूतहरू चुप लागेर बसेका छन्। राष्ट्रहरू चुप लागेर बसेका छन्। परराष्ट्र मन्त्रालय खाली छ र त्यहाँ पूर्ण सन्नाटा फैलिएको छ।

"रोबेस्प्येर अवतारी त्रोत्स्की आफ्ना सहायक मरातका आधुनिक संस्करण उरित्स्कीलाई भन्दछन्, "सुन्नोस् त, ब्रिटिस राजदूतकहाँ दौड्दै जानोस् र भन्नोस्, हामी शान्ति प्रस्ताव राख्दै छौँ !"

"आफै जानोस्", मरात-उरित्स्की भन्दछन्, "उनी कसैसँग भेट्न चाहँदैनन्।"

"त्यसो भए फोन गर्नोस्।"

"फोन पनि गरिसकेँ। टेलिफोनको रिसिभर निकालिदिएका छन्।"

"एउटा आकाशवाणी पठाउनोस्।"

"पठाइसकेको छु।"

"त्यसो भए, के जवाफ पाइयो त ?"

मरात-उरित्स्कीले सुस्केरा हाले र केही जवाफ दिएनन्। रोबेस्प्येर-त्रोत्स्कीले रिसले चुरमुरिँदै एउटा कुनामा थुके।

"मरात, सुन्नोस्," एक छिनपछि त्रोत्स्कीले भने। "हामीले सक्रिय परराष्ट्र नीतिको अनुसरण गर्दै छौँ भन्ने कुरा जसरी भएपनि देखाउनुपरेको छ। कसरी गर्न सकिएला यो कुरा ?"

"नेरातोभलाई गिरफ्तार गर्ने एउटा अर्को आज्ञप्ति निकाल्नोस्", उरित्स्कीले बडो गम्भीरतापूर्वक भने।

"मरात, तपाईं पटमूर्ख हुनुहुन्छ !" त्रोत्स्कीले झर्किंदै भने। उनी एक्कासी उठ्छन्। उनी अहिले निकै भयङ्कर र तेजस्वी देखिएका छन्। यस बेला उनी पक्का रोबेस्प्येर देखिन्छन्।

"उरित्स्की, लेख्नोस्," उनले कडकिँदै भने। "ब्रिटिस राजदूतलाई एउटा चिठी लेख्नोस् र चिठी रजिस्ट्री गर्नोस् र बिल माग्नोस्। लेख्नोस् !

म पनि लेख्छु! संसारभरिका जनताहरू एक अविलम्ब शान्तिसन्धिको प्रतीक्षा गर्दै छन्!"

विशाल, रिक्त परराष्ट्र मन्त्रालयमा जम्मा दुई वटा टाइपराइटरहरूको खटखट आवाज सुनिँदै छ। त्रोत्स्की स्वयम् आफ्नो हातले एक सक्रिय परराष्ट्र नीति चलाउँदै छन्।"

६

सम्झौताको प्रश्नमा

सबै मजदुरहरू तथा सबै सिपाहीहरूको जानकारीको लागि।

११ नोभेम्बरको दिन प्रेआब्राझेन्स्की रेजिमेन्टको क्लबमा पेत्रोग्राद गैरिसनका सबै युनिटहरूका प्रतिनिधिहरूको एउटा असाधारण सभा बसेको थियो।

यो सभा प्रेआब्राझेन्स्की तथा सेम्योनभ्स्की रेजिमेन्टहरूको तत्परतामा कुनकुन समाजवादी पार्टीहरू सोभियत सत्ताको पक्षमा छन् र कुनकुन विरोधमा, कुनकुन समाजवादी पार्टी जनताको पक्षमा छन् र कुनकुन विरोध र के यी पार्टीहरूको बीचमा सम्झौता सम्भव छ भन्ने प्रश्नमा छलफल गर्न भेला भएको थियो।

यस सभामा चेइक, नगर दुमा, आभ्सेन्त्येभपन्थी किसान सोभियतका साथसाथै बोल्शेभिकहरूदेखि जन समाजवादीसम्म सबै राजनीतिक पार्टीहरूका प्रतिनिधिहरू डाकिएका थिए।

धेरै लामो छलफलपश्चात् र सबै पार्टीहरू तथा सङ्गठनहरूको घोषणा सुनिसकेपछि सभा एक विशाल बहुमतद्वारा केवल बोल्शेभिकहरू तथा वामपन्थी समाजवादी-क्रान्तिकारीहरू मात्र जनताको पक्षमा छन् र बाँकी सबै पार्टीहरू सम्झौता गर्ने प्रयासको आडमा मजदुर तथा किसानहरूद्वारा सम्पन्न महान् नोभेम्बर क्रान्तिको समयमा प्राप्त* उपलब्धिहरूबाट जनतालाई वञ्चित तुल्याउन प्रयत्नशील छन् भन्ने निष्कर्षमा पुग्यो।

पेत्रोग्राद गैरिसनको यस सभामा ११ मतको विरुद्ध ६१ मतद्वारा र १२ जनाको तटस्थतामा पारित प्रस्तावको मूलपाठ यहाँ प्रस्तुत गरिएको छ–

---

*अर्थात् अक्टोबर क्रान्ति – अनु०

"सेम्योनभ्स्की तथा प्रेग्राब्राझेन्स्की रेजिमेन्टहरूको तत्परतामा डाकिएको गैरिसन सम्मेलन, विभिन्न राजनीतिक पार्टीहरूबीच सम्झौताको प्रश्नमा सबै समाजवादी पार्टीहरू तथा जनसङ्गठनहरूका प्रतिनिधिहरूको विचार सुनिसकेपछि निम्न निष्कर्षमा पुगेको छ—

"१) चेइकका प्रतिनिधिहरूले, बोल्शेभिक पार्टी तथा वामपन्थी समाजवादी-क्रान्तिकारीहरूका प्रतिनिधिहरूले निश्चित रूपमा घोषणा गरेका छन्, उनीहरू सोभियत सरकारलाई, भूमि तथा शान्ति आज्ञप्तिलाई, उद्योगमाथि मजदुर नियन्त्रणसम्बन्धी आज्ञप्तिलाई समर्थन गर्दछन् र यस कार्यक्रमको आधारमा उनीहरू सबै समाजवादी पार्टीहरूसँग सम्झौता गर्न तयार छन्।

"२) साथै अन्य पार्टीहरूका (मेन्शेभिकहरू, समाजवादी-क्रान्तिकारीहरू) प्रतिनिधिहरूले या त कुनै जवाफ दिएनन्, या त उनीहरू सोभियत सत्ता तथा भूमि एवम् शान्तिसम्बन्धी आज्ञप्तिहरू र मजदुर नियन्त्रणसम्बन्धी आज्ञप्तिका विरोधी छन् भन्ने कुरा स्पष्ट रूपमा भने।

"यिनै कुराहरूलाई ध्यानमा राख्दै यो सभा निर्णय गर्दछ—(क) ती सबै पार्टीहरूको कठोर निन्दा गरिन्छ, जो सम्झौताको आडमा नोभेम्बर क्रान्तिका लोकप्रिय उपलब्धिहरूलाई वस्तुतः नष्ट पार्न चाहन्छन्। (ख) यो सभा चेइक तथा जन कमिसार परिषद्प्रति पूर्ण विश्वास प्रकट गर्दछ र यिनलाई पूर्ण समर्थनको आश्वासन दिन्छ।

"साथै यो सभा वामपन्थी समाजवादी-क्रान्तिकारी साथीहरूले जन सरकारमा प्रवेश गर्नु आवश्यक ठान्दछ।"

७

रक्सी "पाग्रोमहरू"

पछि गएर थाहा पाइयो, सिपाहीहरूको बीचमा दङ्गाफसाद मच्चाउन कादेतहरूले एउटा नियमित सङ्गठन नै बनाएका रहेछन्। टेलिफोनबाट विभिन्न ब्यारेकहरूमा फलाना फलाना ठाउँमा रक्सी बाँडिदै छ भन्ने खबर दिइन्थ्यो र जब सिपाहीहरू त्यस ठाउँमा पुग्दथे, कुनै मानिसले रक्सीको तहखाना कहाँ छ भन्ने कुरा बताइदिन्थ्यो।

जन कमिसार परिषद्ले रक्सीबाजी-विरोधी सङ्घर्षको लागि एक जना

कमिसार नियुक्त गऱ्यो, जसले रक्सीबाजहरूको दङगाफसाद निर्ममतापूर्वक दबाउनुको साथै लाखौं बोतल रक्सी नष्ट पाऱ्यो। शिशिर प्रासादका तहखानाहरू, जहाँ ५० लाख डलरभन्दा बढी मूल्यको महँगो दुर्लभ अङ्गुरको रक्सीका बोतलहरू राखिएका थिए, सुरुमा पानीले भरियो र त्यसपछि ती रक्सीका बोतलहरू त्यहाँबाट क्रोन्श्ताद्त पुऱ्याइयो र नष्ट गरियो।

यस काममा क्रोन्श्ताद्तका नौसैनिकहरूले, जो त्रोत्स्कीको शब्दमा "क्रान्तिकारी सेनाका विभूति र गौरव" थिए, फलामे अनुशासनसहित आफ्नो कर्तव्य पूरा गरे।

८

कालाबजारियाहरू

यिनीहरूबारे दुइटा आदेशहरू जारी गरिएको थियो—

जन कमिसार परिषद्द्वारा सैनिक क्रान्तिकारी समितिलाई

युद्ध र अव्यवस्थाले गर्दा खाद्य सम्भरण व्यवस्थामा जुन विसङ्गठन उत्पन्न हुन गएको छ, त्यो कालाबजारियाहरू, लुटाहाहरू र रेलहरू, जहाजी अड्डाहरू र चलानी अड्डाहरूमा रहेका उनीहरूका अनुयायीहरूले गर्दा अत्यन्त विकट अवस्थामा पुगेको छ।

राष्ट्रको घोर विपदबाट फाइदा उठाएर यी अपराधी लुटेराहरूले आफ्नो निकृष्टतम स्वार्थपूर्तिको लागि करोडौं सिपाहीहरू तथा मजदुरहरूको स्वास्थ्यसँग खेलबाड गर्दै छन्।

यस्तो स्थिति अब एक दिनको लागि पनि सह्य हुन सक्दैन।

जन कमिसार परिषद् कालाबजारिया, ध्वंसात्मक कारबाई, मालसामान लुकाउने काम र मालसामानहरूको ढुवानीमा जानाजान गरिने ढिलाइ रोक्न सैनिक क्रान्तिकारी समितिले कडाभन्दा कडा पाइला चालोस् भन्ने प्रस्ताव राख्दछ।

यस्तो काम गर्ने मानिसहरू सैनिक क्रान्तिकारी समितिको विशेष आदेशद्वारा तुरुन्त गिरफ्तार हुन सक्दछन् र क्रान्तिकारी न्यायालयसमक्ष उपस्थित नगराइएसम्म उनीहरूलाई क्रोन्श्ताद्त जेलमा थुनेर राख्न सकिनेछ।

खाद्य सम्भरण कार्यमा व्यवधान उत्पन्न गर्ने मानिसहरूको विरुद्ध सङ्घर्षमा सहयोग गर्न समस्त जनसङ्गठनहरूलाई अनुरोध गरिन्छ।

जन कमिसार परिषद्का अध्यक्ष

भ्ला० उल्यानोभ (लेनिन)।

* * *

समस्त इमानदार नागरिकहरूको नाममा
सैनिक क्रान्तिकारी समितिको आदेश –

लुटाहाहरू, डाँकाहरू, कालाबजारियाहरू जनताको शत्रु घोषित गरिन्छन्।

सैनिक क्रान्तिकारी समिति सबै सार्वजनिक सङ्गठनहरूलाई, सबै इमानदार नागरिकहरूलाई लुटपाट, डाकाबाजी, कालाबजारियाका कुनै पनि घटना घटेको थाहा पाउनासाथ अविलम्ब सूचित गरून् भन्ने अनुरोध गर्दछ।

यस दुष्कर्मको विरुद्ध सङ्घर्ष सबै इमानदार मानिसहरूको कर्तव्य हो। सैनिक क्रान्तिकारी समिति ती सबै मानिसहरूको समर्थनको अपेक्षा गर्दछ, जसलाई जनहित प्यारो छ।

सैनिक क्रान्तिकारी समितिले कालाबजारियाहरू तथा डाँकाहरूको विरुद्ध निर्ममतापूर्वक सङ्घर्ष गर्नेछ।

सैनिक क्रान्तिकारी समिति

पेत्रोग्राद, २ डिसेम्बर १९१७

९

कालेदिनलाई पुरिश्केभिचको चिठी

"पेत्रोग्रादको स्थिति अति निराशाजनक छ। शहर बाह्य विश्वबाट अलग्गिएको छ र पूर्णतः बोल्शेभिकहरूको हातमा छ... मानिसहरू बाटैमा गिरफ्तार गरिन्छन्, नेभा नदीमा फ्याँकिन्छन् र डुबाइन्छन्, विनाकुनै अभि-

योग जेलमा थुनिन्छन्। बुर्चेभसमेत पेत्रोपाभ्लोभ्स्काया किल्लामा थुनिएका छन्।

"जुन सङ्गठनको म अध्यक्ष छु, त्यसले सबै अफिसरहरूलाई र बचे-खुचेका युङ्केर स्कूलहरूलाई एकताबद्ध गर्ने र उनीहरूलाई हतियारबन्द गर्ने अथक परिश्रम गर्दै छ। अफिसरहरू तथा युङ्केरहरूका रेजिमेन्टहरूको सिर्जनाविना स्थिति सुधार्न सकिँदैन। यी रेजिमेन्टहरूद्वारा हमला गरेर पहिलो सफलता प्राप्त गरिसकेपछि हामीले गैरिसनका सिपाहीहरूको मदत पाउन सक्नेछौँ। परन्तु यस्तो पहिलो सफलताविना एक जना सिपाहीमाथि पनि विश्वास गर्न सकिँदैन, किनभने हजारौँहजार सिपाहीहरू विभाजित छन् र प्रत्येक रेजिमेन्टमा नीच मानिसहरूद्वारा आतङ्कित भएका छन्। कजाकहरूचाहिँ जर्नेल दुतोभको विचित्र नीतिले गर्दा अधिकांश मात्रामा बोल्शेभिक प्रचारको शिकार बन्न पुगेका छन्। जर्नेल दुतोभले त्यो मौका गुमाए, जब निर्णायक कारबाईद्वारा केही सफलता प्राप्त गर्न सकिन्थ्यो। कुराकानी र छुटछाटको नीतिले आफ्नो फल दिन थालेको छ; जेजति गौरवका कुरा छन्, सबै नष्ट पारिँदै छन्, अपराधीहरू र गुण्डाहरूको राज छ, यिनी-हरूलाई गोलीले उडाउने र फाँसीमा झुण्ड्याउनेसिवाय अरू कुनै उपाय छैन।

"जर्नेल साहेब, हामी यहाँ तपाईंलाई पर्खेर बसेका छौँ र तपाईं आइपुग्नुहुने बेलामा हामी सम्पूर्ण उपलब्ध सेना लिएर अगि बढ्नेछौँ। तर यसको लागि हामीले तपाईंसँग कुनै किसिमको सम्पर्क जोड्नु पर्ने हुन्छ र सबैभन्दा पहिले त निम्नलिखित कुराहरू स्पष्ट पार्नु आवश्यक छ—

"१) के तपाईंलाई थाहा छ, तपाईंको नाममा ती सबै अफिसरहरू-लाई, जो लडाइँमा भाग लिन सक्दछन्, तपाईंको सेनामा सामेल गराउने बहानाले पेत्रोग्राद छोड्न आह्वान गरिँदै छ?

"२) हामी लगभग कुन बेला तपाईं पेत्रोग्राद आइपुग्नुहोला भन्ने आशा गर्न सक्दछौँ? हाम्रो गतिविधिमा सामञ्जस्यता ल्याउनको लागि हामी यो कुरा थाहा पाउन चाहन्छौँ।

"यहाँका चेतनशील मानिसहरूको त्यस अपराधपूर्ण निष्क्रियताको वि-परीत, जसले हाम्रो काँधमा बोल्शेभिकवादको जुवा लादिदिएको छ, ती अधिकांश अफिसरहरूको, जसलाई सङ्गठित तुल्याउन यति गाह्रो छ, असाधारण मुर्खताको विपरीत, यी सबै कुराको विपरीत, हामीलाई विश्वास छ, सत्य हाम्रो पक्षमा छ र हामी देशप्रेमको भावनाले प्रेरित हुँदै र राष्ट्र-लाई जोगाउनको लागि ती अनिष्टकारी तथा अपराधपूर्ण शक्तिहरूमाथि

विजय प्राप्त गरिछाड्नेछौं। जेसुकै आइपरे तापनि हामी हतोत्साहित हुने छैनौं र अन्त्यसम्म नै आफ्नो मनोबल कायम राख्नेछौं।"

पुरिश्केभिचमाथि क्रान्तिकारी न्यायालयमा मुद्दा चलाइयो र उनलाई थोरै समयको लागि कैदको सजाय दिइयो।

१०

विज्ञापन एकाधिकारितासम्बन्धी आज्ञप्ति

१) समाचारपत्रहरूमा, पुस्तकहरूमा, सूचनापाटीहरूमा, पसलहरूमा, कार्यालयहरूमा तथा अन्य प्रतिष्ठानहरूमा विज्ञापन प्रकाशन राजकीय एकाधिकार घोषित गरिन्छ।

२) विज्ञापनहरू पेत्रोग्रादमा मजदुर तथा किसानहरूको अस्थायी सरकारका मुखपत्रहरूमा र स्थानीय सोभियतहरूका मुखपत्रहरूमा मात्रै छपाउन पाइन्छ।

३) विज्ञापन व्यवसाय सरकारको हातमा नआउन्जेलसम्म समाचारपत्रहरूका र विज्ञापन कार्यालयहरूका मालिकहरूका साथसाथै यस्ता प्रतिष्ठानहरूका सबै कर्मचारीहरू आआफ्ना पदमा बसिरहनुपर्छ...। उनीहरूले आफ्ना कार्यालयहरूले विनाअवरोध काम गरून् भन्ने कुरामा ध्यान दिनुपर्छ र समस्त निजी विज्ञापनहरू तथा तिनको लागि प्राप्त रकमको साथै सबै हिसाबकिताब र बहीखाताहरू सोभियतहरूलाई सुम्पनुपर्छ।

४) सशुल्क विज्ञापन व्यवसायमा सङ्लग्न सबै प्रकाशनहरू तथा प्रतिष्ठानहरूका व्यवस्थापकहरू तथा तिनका कर्मचारीहरू एवम् मजदुरहरूले सोभियत प्रकाशनहरूमा विज्ञापन व्यवसाय बढी पूर्ण तथा उचित रूपले सङ्गठित गर्ने र विज्ञापनहरूलाई सार्वजनिक रूपले बढी लाभदायक बनाउनको लागि उत्कृष्ट नियम तयार पार्न नगर महाधिवेशनको आयोजना गर्नेछन् र सुरुमा नगर ट्रेड युनियनको रूपमा ऐक्यबद्ध हुनेछन् र पछि गएर एक अखिल रसियाली युनियनमा आबद्ध हुनेछन्।

५) कागतपत्र अथवा पैसा लुकाउने र अनुच्छेद ३ र ४ मा उल्लिखित नियमहरूको उलङ्घन गर्ने मानिसहरूले तीन वर्षसम्मको जेल सजाय पाउनेछन् र उनीहरूको सम्पूर्ण सम्पत्ति जफत गरिनेछ।

६) निजी प्रकाशनहरूमा पैसा लिएर विज्ञापन निकाल्ने अथवा अप्रत्यक्ष रूपमा त्यस्तो विज्ञापन निकाल्ने मानिसहरूले पनि कडा सजाय पाउनेछन्।

७) सरकारले विज्ञापन कार्यालयहरू जफत गर्नेछ; आवश्यकता परेको खण्डमा त्यस्ता कार्यालयहरूका मालिकहरूले मुआवजा पाउने अधिकार राख्दछन्। जफत गरिएका प्रतिष्ठानहरूका सानासाना मालिकहरू, सङ्ग्रहकर्ताहरू तथा साझेदारहरूले यस व्यवसायमा लगानी गरेका पैसा फिर्ता पाउनेछन्।

८) सबै प्रकाशनहरू तथा कार्यालयहरू र आम रूपमा विज्ञापन व्यवसायमा सङ्लग्न सबै प्रतिष्ठानहरूले मजदुर तथा सैनिक प्रतिनिधिहरूका सोभियतहरूलाई आफ्नो ठेगाना दिनुपर्छ र आफ्नो व्यवसाय बुझाउने काम सुरु गर्नुपर्छ, अन्यथा अनुच्छेद ५ मा उल्लिखित सजायको भागी हुनेछ।

जन कमिसार परिषद्का अध्यक्ष
व्ला० उल्यानोभ (लेनिन)
जनशिक्षासम्बन्धी जन कमिसार
आ० भा० लुनाचार्स्की
परिषद् सचिव
नि० गर्बुनोभ।"

११

अनिवार्य अध्यादेश

१) पेत्रोग्राद शहरमा घेराको स्थिति घोषणा गरिएको छ।

२) सडकहरू र मैदानहरूमा सबै प्रकारका सभाहरू, भेलाहरू तथा जुलुसहरूको आयोजना गर्न मनाही छ।

३) रक्सीका गोदामहरू, तहखानाहरू, कारखानाहरू, पसलहरू, व्यावसायिक कार्यालयहरू तथा निजी वासस्थान आदि, आदिमा लुटपाट गर्ने प्रयास **रोक्न विनाचेतावनी मेसिनगन चलाइनेछ।**

४) आवास समितिहरू, ढोकेहरू, चौकीदारहरू र मिलिसियालाई सबै घरहरू, आँगनहरू र सडकहरूमा कडा सुव्यवस्था कायम राख्ने जिम्मा

दिइन्छ। घरका ढोकाहरू र मूल ढोकाहरू साँझ ७ बजेदेखि बन्द गरिनुपर्छ र बिहान ८ बजेदेखि खोलिनुपर्छ। साँझ ९ बजेपछि केवल भाडावालहरू मात्रै आवास समितिको कडा निगरानीअन्तर्गत घरबाट निस्कन सक्दछन्।

५) कुनै पनि प्रकारको मादक पेय पदार्थको वितरण तथा किनबेचको अपराधमा समातिएका व्यक्तिहरूले धारा २ तथा धारा ४ को उलङ्घन गरिएको ठहरिनेछ र त्यस्तो व्यक्तिलाई तुरुन्तै गिरफ्तार गरिनेछ र कडा-भन्दा कडा सजाय दिइनेछ।

मजदुर तथा सैनिक प्रतिनिधिहरूका
सोभियतको कार्यकारिणी समितिअन्तर्गत
प्रतिपाग्रोम सङ्घर्ष समिति।

१२

दुई वक्तव्यहरू

जनताको नाममा लेनिनको वक्तव्य –

"साथी मजदुरहरू, सैनिकहरू, किसानहरू – सबै श्रमजीवीहरू!

"पेत्रोग्राद र मास्कोमा मजदुर तथा किसानहरूको क्रान्तिले विजय प्राप्त गरेको छ... प्रतिदिन, प्रतिघण्टा मोर्चाबाट र गाउँहरूबाट नयाँ सरकारको नाममा अभिनन्दन सन्देशहरू आउँदै छन्...। बहुसङ्ख्यक जनताले क्रान्तिको समर्थन गरेका छन्...। क्रान्तिको विजय सुनिश्चित छ।

"स्वाभाविक कुरा हो, मालिकहरू र पुँजीपतिहरू, बुर्जुवावर्गसँग घनिष्ठ रूपमा सम्बद्ध कर्मचारीहरू तथा कार्यकर्ताहरू, एक शब्दमा भन्ने हो ती सबै हुँदाखाँदा मानिसहरू र उनीहरूसँग साठगाँठ गर्नेहरू नयाँ क्रान्तिलाई शत्रुताको दृष्टिले हेर्दछन्, क्रान्तिका उपलब्धिहरूको विरोध गर्दछन्, बैङ्कहरूको कारोबार ठप गर्ने धम्की दिन्छन् र अन्य प्रतिष्ठानहरूमा ध्वंसात्मक कारबाई गर्ने अथवा तिनको कार्यमा अवरोध खडा गर्ने धम्की

दिन्छन्...। प्रत्येक चेतनशील मजदुरले यस्तो शत्रुतापूर्ण व्यवहार अनिवार्य छ भन्ने कुरा राम्ररी बुझेको हुनुपर्छ...। परन्तु यस्तो प्रतिरोधले मजदुर-वर्गलाई एक छिन पनि तर्साउन सक्दैन। बहुसङ्ख्यक जनता हाम्रो पक्षमा छ। सम्पूर्ण विश्वभरिका बहुसङ्ख्यक मजदूरहरू तथा पीडित जनताहरू पनि हाम्रै पक्षमा छन्। न्याय हाम्रै पक्षमा छ। हाम्रो अन्तिम विजय सुनिश्चित छ।

"पुँजीपतिहरू तथा उच्च पदस्थ कर्मचारीहरूको प्रतिरोध दबाइनेछ। बैंङकहरू तथा वित्तीच सिन्डिकेटहरूको राष्ट्रियकरणसम्बन्धी एक विशेष कानुनविना कोही पनि आफ्नो सम्पत्तिबाट वञ्चित हुने छैन। यो कानुन तयार हुँदै छ। कुनै पनि मजदुरले एक कोपेक पनि गुमाउने छैन। यसको विपरीत, उसले मदत पाउनेछ। कडा लेखाजोखा र नियन्त्रणको अतिरिक्त, पूर्व निर्धारित करहरूको असुलीसिवाय सरकार अरू कुनै पनि प्रकारको नयाँ पाइला चाल्न चाहँदैन।

"साथी मजदुरहरू! याद राख्नुहोला सरकारको बागडोर तपाईंहरूको आफ्नै हातमा छ। जबसम्म तपाईंहरू आफै सङ्गठित हुनुहुन्न र राज्य सञ्चालनको काम आफ्नो हातमा लिनु हुन्न कसैले तपाईंहरूलाई मदत गर्न सक्दैन। तपाईंहरूका सोभियतहरू अब राज्य सत्ताको निकाय बनेका छन्...। सोभियतहरूलाई सुदृढ तुल्याउनुहोस्, कठोरतम क्रान्तिकारी नियन्त्रण स्थापना गर्नोस्। रक्सीबाजहरू, लुटाहाहरू, प्रतिक्रान्तिकारी युङ्केरहरू तथा कर्निलोभपन्थीहरूद्वारा अराजकता फैलाउने प्रयासहरू निर्ममतापूर्वक दबाउनोस्।

"उत्पादनमाथि र उत्पादनको हिसाबकिताबमाथि कडा नियन्त्रण कायम गर्नुहोस्। उत्पादनमा अवरोध उत्पन्न गरेर, बचत अन्न तथा अन्य वस्तुहरूको अतिरिक्त भण्डार लुकाएर, अन्नको ढुवानीमा विघ्नबाधा उत्पन्न गरेर रेल यातायात, हुलाक तथा आकाशवाणी व्यवस्थामा व्यवधान उत्पन्न गरेर, अथवा सामान्यतः शान्ति स्थापना गर्ने र किसानहरूलाई भूमि दिने जस्ता महान् कार्यहरूको विरोध गरेर जसले जनताको सम्पत्तिमा हानि पुऱ्याउँदछ, उनीहरूलाई गिरफ्तार गर्नोस् र क्रान्तिकारी न्यायलयलाई सुम्पनोस्।

"साथी मजदुरहरू, सिपाहीहरू, किसानहरू—सबै श्रमजीवीहरू!

"सम्पूर्ण सत्ता आफ्ना सोभियतहरूको हातमा सुम्पनोस्...। हामी बहुसङ्ख्यक किसानहरूको सहमतिसहित शनैःशनैः, एकएक पाइला गर्दै दृढ तथा अनवरत रूपले समाजवादको विजयतर्फ अगि बढ्नेछौं र सबैभन्दा

सभ्य राष्ट्रहरूका मजदुरवर्गको अग्रदलले यस विजयको अनुमोदन गर्नेछन् र जनताहरूले अनन्त शान्ति प्राप्त गर्नेछन् र उनीहरूले सबै प्रकारका दासता तथा शोषणबाट मुक्ति प्राप्त गर्नेछन्।"

जन कमिसार परिषद्का अध्यक्ष

व्ला० उल्यानोभ (लेनिन)

पेत्रोग्राद, ५ नोभेम्बर, १९१७"

१३

पेत्रोग्रादका सबै मजदुरहरूको नाममा।

"कमरेडहरू! क्रान्तिले विजय प्राप्त गर्दै छ—क्रान्ति विजयी बनेको छ। सम्पूर्ण सत्ता हाम्रा सोभियतहरूको हातमा आएको छ। सुरुका हप्ताहरू नै सबैभन्दा कठिन हप्ताहरू ठहरिनेछन्। पतित प्रतिक्रियावादलाई पूर्णतः नष्ट पार्नुपरेको छ, हाम्रा प्रयासहरूको पूर्ण विजय हुनैपर्छ। नयाँ, सोभियतहरूको जन सरकारका सबै लक्ष्यहरूको परिपूर्तिमा सघाउ पुऱ्याउने उद्देश्यले यस बेला मजदुरवर्गले **सबैभन्दा बढी दृढता तथा सहनशीलता** देखाउनुपरेको छ। निकट भविष्यमा मजदुर प्रश्नसम्बन्धी आज्ञप्तिहरू जारी गरिनेछन् र औद्योगिक उत्पादन तथा नियमनमाथि मजदुर नियन्त्रणसम्बन्धी आज्ञप्ति नै यस्तो पहिलो आज्ञप्ति हुनेछ।

"**यस बेला पेत्रोग्रादमा मजदुरहरूको हडताल तथा प्रदर्शनहरूले हानि मात्रै पुऱ्याउनेछन्।**

"हामी तपाईंहरूसँग सबै प्रकारका आर्थिक एवम् राजनीतिक हडताल-हरू अविलम्ब बन्द गर्ने, आफ्नो काम सुरु गर्ने र यो काम पूर्ण व्यवस्थित रूपले गर्ने अनुरोध गर्दछौं। कारखानाहरू तथा सबै औद्योगिक संस्थानहरूमा काम नयाँ सोभियत सरकारको लागि आवश्यक छ, किनभने यस कार्यमा हुने कुनै पनि बिघ्नबाधाले हाम्रो लागि नयाँ कठिनाइहरू मात्रै उत्पन्न गर्ने-छन् र अहिले जेजति कठिनाइहरू छन्, तिनै हाम्रो लागि पर्याप्त भइसकेका छन्। सबैले आआफ्नो स्थान ग्रहण गर्नोस्।

"यस बेला नयाँ सोभियत सरकारलाई समर्थन गर्ने सबैभन्दा राम्रो तरिका हो – आफ्नो काम गर्नु।

"सर्वहारावर्गको दृढ सङ्कल्प जिन्दाबाद! क्रान्ति अमर रहोस्!

मजदुर तथा सैनिक प्रतिनिधिहरूको
पेत्रोग्राद सोभियत
ट्रेड युनियनहरूको पेत्रोग्राद परिषद्
कारखाना समितिहरूको पेत्रोग्राद परिषद्।"

१४

अपिलहरू तथा प्रति-अपिलहरू

राष्ट्र बैङ्क तथा निजी बैङ्कहरूका कर्मचारीहरूको तर्फबाट पेत्रोग्रादका जनताको नाममा अपिल

"साथी मजदुरहरू, सैनिकहरू तथा नागरिकहरू!

"सैनिक क्रान्तिकारी समितिले एक 'असाधारण सूचना' मा राष्ट्र बैङ्क तथा निजी बैङ्कहरू एवम् अन्य संस्थानहरूका कर्मचारीहरूमाथि "मोर्चाको लागि आवश्यक सम्भरण उपलब्ध गराउनतर्फ निर्देशित सरकारी कार्यमा बाधा पुऱ्याएको" आरोप लगाएको छ।

"साथीहरू तथा नागरिकहरू! हामीमाथि, जो श्रमको सामान्य सेनाकै एक अङ्ग हौं, जुन आरोप लगाइएको छ, त्यसमाथि विश्वास नगर्नुहोस्।

"हाम्रो कठोर परिश्रमी जीवनमा हिंसात्मक कार्यहरूद्वारा हस्तक्षेपको जुन निरन्तर खतरा कायम छ र यस खतराअन्तर्गत काम गर्नु हाम्रो लागि जतिसुकै कठिन किन नहोस्, हाम्रो मुलुक र क्रान्ति विनाशको सँघारमा छ भन्ने ज्ञान जतिसुकै निराशाजनक किन नहोस्, सबैभन्दा तल्लो तहदेखि सबैभन्दा माथिल्लो तहसम्मका हामी सबै कर्मचारीहरू, **आर्तेलिशकहरू**, क्लर्कहरू, मजदुरहरू, सन्देशवाहकहरू आदिले मोर्चा तथा राष्ट्रको लागि

आवश्यक रासन तथा गोलाबारुद पुऱ्याउने कामसँग सम्बद्ध आफ्नो कर्तव्य पूरा गर्दै आएका छौं।

"साथी मजदुरहरू तथा सैनिकहरू, आर्थिक मामिला र बैंक व्यवसाय-सँग सम्बन्धित प्रश्नहरूमा तपाईंहरूको अज्ञानताबाट फाइदा उठाउँदै तपाईं-हरूलाई ती मानिसहरूको विरुद्ध भड्काइँदै छ, जो तपाईंहरूजस्तै मजदुर-हरू हुन्, किनभने मोर्चामा भोकभोकै परेका र मरिरहेका हाम्रा सैनिक दाजुभाइहरूको लागि उत्तरदायित्व अपराधीहरूको काँधबाट ती निर्दोष मजदुरहरूको काँधमा सार्नुपरेको छ, जो आम गरिबी र अव्यवस्थाको बोझमुनि पिसिँदै आफ्नो कर्तव्य पूरा गर्दै छन्।

"**मजदुरहरू तथा सैनिकहरू! याद राख्नुहोला, बैंक कर्मचारीहरू स्वयम् श्रमजीवी जनताका हिस्सा हुन् र उनीहरूले सधैं श्रमजीवी जनताको हितको लागि लड्दै आएका छन् र सधैं लड्नेछन्। हामी कर्मचारीहरूले मोर्चा र मजदुरहरूको लागि आवश्यक एक कोपेक पनि न कहिल्यै रोकेका छौं न त रोक्ने नै छौं।**

"६ नोभेम्बरदेखि २३ नोभेम्बरसम्ममा, अर्थात् १७ दिनभित्र मोर्चाको लागि ५० करोड रूबल र मास्कोको लागि १२ करोड रूबल पठाइयो, अन्य शहरहरूमा पठाइएको रकम त बेग्लै छ।

"जनताको त्यस सम्पत्तिको रक्षा गर्दै, जसको मालिक सम्पूर्ण राष्ट्रको प्रतिनिधित्व गर्ने एक मात्र संविधान सभा हुनसक्दछ, बैंक कर्मचारीहरू त्यस कामको लागि पैसा निकासी गर्न अस्वीकार गर्दछन्, जसबारे उनीहरू-लाई केही कुरा थाहा छैन।

"**कानुन आफ्नो हातमा लिन जुन मिथ्या आरोपकर्ताहरू तपाईंहरूलाई आह्वान गर्दै छन्, उनीहरूमाथि विश्वास नगर्नुहोला!**

राष्ट्र बैंकका कर्मचारीहरूको अखिल रसियाली
युनियनको केन्द्रीय बोर्ड
ऋण संस्थाहरूका कर्मचारीहरूको अखिल रसियाली
ट्रेड युनियनको केन्द्रीय बोर्ड।"

* * *

"**नागरिकहरू**, यी अन्धकारमय दिनहरूमा रसियाको उद्धारको लागि कार्यरत खाद्य मन्त्रालयका कर्मचारीहरू तथा अन्य खाद्य सम्भरण सङ्गठन-हरूका कार्यकर्ताहरूको विरुद्ध भयङ्कर अभियोगहरूको प्रचार गर्ने गैरजि-म्मेदार मानिसहरूले तपाईंहरूसमक्ष जुन मिथ्या प्रचार गर्दै छन्, त्यसमा विश्वास नगर्नुहोला। नागरिकहरू, भित्ताहरू र पर्खालहरूमा टाँसिएका पोस्टरहरूमा तपाईंहरूसँग हामीलाई जिउँदै नछोड्ने अनुरोध गरिएको छ, हामीमाथि तोडफोड र हडतालहरूको आयोजना गरेको मिथ्या आरोप लगाइएको छ, जनताले भोग्नुपरेको कठिनाइ र विपदको लागि हामीलाई दोषी ठह्र्याइएको छ, यद्यपि हामीले रूसी जनतालाई भोकमरीको विभी-षिकाबाट बचाउन सतत एवम् अथक प्रयास गर्दै आएका छौं र आज पनि गर्दै छौं। अभागी रसियाका नागरिकहरूको हैसियतले आज हामीले जे जति कुरा सहनु परेको छ, त्यसको विपरीत हामीले सेना र जनताको लागि रासन उपलब्ध गराउने जटिल तथा उत्तरदायित्व कार्य एक घण्टाको लागि पनि छोडेका छैनौं।

"भोक र जाडोले काम्दै, आफ्नो रगत बगाउँदै र कठोर यातना सहँदै हाम्रो अस्तित्व रक्षा गरिरहेको सेनाको आकृति हाम्रो हृदयबाट एक छिनको लागि पनि मेटिएको छैन।

"नागरिकहरू! यदि हामीले आफ्नो जनताको जीवन तथा इतिहासका अति अन्धकारमय दिनहरूमा आफ्नो अस्तित्व जोगाउन सक्यौं भने, यदि हामीले पेत्रोग्रादमा अनिकाल हुन दिएनौं भने, यदि हामीले एक अति प्रबल, झण्डै अतिमानवीय प्रयत्नद्वारा विपदग्रस्त सेनाको लागि रासनको व्यवस्था गर्न सक्यौं भने, यसको कारण हो हामीले इमानदारीपूर्वक काम गर्दै आएका थियौं र आज पनि गर्दै छौं।

"बलजफ्ती सत्ता हत्याउने यी मानिसहरूको "अन्तिम चेतावनी" को जवाफमा हामी भन्दछौं—तपाईंहरूले, जसले मुलुकलाई विनाशको बा-टोमा डोर्‍याउँदै हुनुहुन्छ, हामीलाई, जसले मुलुकलाई सर्वनाशबाट बचाउन अथक प्रयास गर्दै छन्, यस्तो धम्की दिन सुहाउँदैन। हामीलाई धम्कीले तर्साउन सक्दैन। हाम्रो अगाडि यातनाग्रस्त रसियाको पवित्र मूर्ति छ। हामी अन्तिम सास बाँकी रहेसम्म, जबसम्म तपाईंहरूले हामीलाई आफ्नो मुलुकप्रति कर्तव्य पूरा गर्न रोक्नुहुन्न, हामी सेना तथा जनताको लागि

अन्न पुऱ्याउने काम जारी राख्दछौं। अन्यथा सेना र जनता अनिकालको विभीषिकासमक्ष उभिनु पर्नेछ, परन्तु हिंसाका समर्थकहरू नै यसको लागि उत्तरदायी हुनेछन्।"

खाद्य मन्त्रालयका कर्मचारीहरूको
कार्यकारिणी समिति।

* * *

चिनोभ्निकहरू (सरकारी कर्मचारीहरू) को लागि

यस आदेशद्वारा सूचित गरिन्छ, ती सबै अधिकारीहरू तथा व्यक्ति-हरूले, जसले सरकारी तथा सार्वजनिक संस्थाहरूको सेवा छोडेका छन्, अथवा जो ध्वंसात्मक कारबाईको लागि अथवा तोकिएको दिनमा काममा हाजिर नभएबापत खोसिएका छन् र जसले यति हुँदाहुँदै पनि आफूले काम नगरेको समयको लागि पेस्की लिएका छन्, २७ नोभेम्बर १९१७ भन्दा पहिले यो रकम ती संस्थाहरूमा फर्काउन्, जहाँ उनीहरू पहिले काम गर्दथे।

यो आदेश पालना नगरेको खण्डमा यस्ता व्यक्तिहरूले सरकारी रकम हिनामिना गरेबापत जवाफदेही हुनु पर्नेछ र उनीहरूमाथि सैनिक क्रान्ति-कारी न्यायालयमा मुद्दा चलाइनेछ।

सैनिक क्रान्तिकारी समिति।

७ डिसेम्बर, १९१७।

* * *

विशेष खाद्य सम्भरण बोर्डको तर्फबाट

"नागरिकहरू!

"पेत्रोग्रादको लागि खाद्य सामग्री पुऱ्याउने हाम्रो कामको अवस्था दिन प्रतिदिन झन्झन् कठिन हुँदै गइरहेको छ।

"हाम्रो काममा सैनिक क्रान्तिकारी समितिका कमिसारहरूको हस्तक्षेप, जुन हाम्रो कामको लागि यति हानिकारक छ, अझै कायम छ।

"**उनीहरूको मनमानीले**, उनीहरूद्वारा हाम्रा आदेशहरू खारेज गर्ने **कामले सर्वनाश गर्न सक्नेछ।**

"एउटा चिसो गोदाममा, जहाँ जनताको लागि मासु र मखन राखिएको छ, ताला लगाइएको छ र हामी यी खाद्य सामग्रीहरू नकुहिउन् भन्ने हेतुले गोदामको तापक्रम नियन्त्रण गर्न असमर्थ छौँ।

"एक व्यागन आलु र एक व्यागन बन्दाकोपी जफत गरिएको छ र यी सामानहरू कहाँ पठाइयो, कसैलाई थाहा छैन।

"यस्तो सामान पनि जुन जफत गर्न सकिँदैन (जस्तै हलुवा), कमिसारहरूले जफत गरेका छन्। एक दिन त एक जना कमिसारले आफ्नो व्यक्तिगत उपयोगको लागि पाँच बाकस हलुवा जफत गरे।

"**हामी आफ्नो गोदाममा** रहेका सामानहरू **तह लाउने स्थितिमा छैनौँ**, यहाँ स्वयम् नियुक्त कमिसारहरूले सामान बाहिर निकाल्न दिएका छैनन् र हाम्रा कर्मचारीहरूलाई गिरफ्तार गर्ने धम्की दिँदै आतङ्कित गरिरहेका छन्।

"**पेत्रोग्रादमा जे जति कुराहरू हुँदै छन्, त्यसबारे प्रान्तहरूमा जानकारी छ, र दोन प्रदेशबाट, साइबेरियाबाट, भारोनेशबाट मानिसहरू पीठो र अन्न पठाउन अस्वीकार गर्दै छन्।**

"**यो तरिका अब धेरै दिनसम्म चल्न सक्दैन।**

"हामी कुनै पनि काम गर्न असमर्थ छौँ।

"जनतालाई यसबारे जानकारी दिनु हाम्रो कर्तव्य हो।

"कुनै पनि सम्भावना रहुन्जेलसम्म हामी जनताको हित रक्षा गर्न छोड्ने छैनौँ।

"**आसन्न अनिकाल रोक्न हामी सम्पूर्ण शक्ति लगाउनेछौँ। परन्तु यदि यस जटिल स्थितिमा हामी लाचार भएर आफ्नो काम रोक्न बाध्य भयौँ भने जनताले थाहा पाउनुपर्छ यसको लागि हामी दोषी छैनौँ।**"

* * *

१५

पेत्रोग्रादमा संविधान सभाको चुनाव

पेत्रोग्रादमा १६ दलहरूको टिकेटमा चुनाव लडियो। ३० नोभेम्बरको दिन प्रकाशित चुनाव नतिजा तल प्रस्तुत गरिएको छ–

पार्टी	भोट
जन समाजवादी	१६,१०६
कादेत	२,४५,००६
इसाइ जनवादी	३,७०७
बोल्शेभिक	४,२४,०२७
समाजवादी-विश्ववादी	१५८
उक्राइनी तथा यहुदी मजदुर सामाजिक-जनवादी तथा समाजवादी-क्रान्तिकारी	४,२१६
महिला समानाधिकार सङ्घ	५,३१०
समाजवादी-क्रान्तिकारी (आबारोनेच)	४,६६६
वामपन्थी समाजवादी-क्रान्तिकारी	१,५२,२३०
जन विकास सङ्घ	३८५
चरमपन्थी जनवादी	४१३
सनातनवादी पादरी प्रदेश	२४,१३६
मातृभूमिको उद्धारको लागि नारी लिग	३१८
मजदुर, सैनिक तथा किसानहरूको स्वतन्त्र सङ्घ	४,६४२
इसाइ जनवादी (क्याथोलिक)	१४,३८२
संयुक्त सामाजिक-जनवादी	११,७४०
मेन्शेभिक	१७,४२७
'येजिन्स्तभो' समूह	१,८२३
कजाक सैनिक सङ्घ	६,७१२

१६

केन्द्रीय नगर दुमाअन्तर्गत जनशिक्षा आयोगको तर्फवाट

"कमरेड मजदुर स्त्रीहरू तथा पुरुषहरू!

"बिदा सुरु हुनुभन्दा केही दिन पहिले सार्वजनिक स्कूलहरूका अध्यापकहरूले हडताल सुरु गरेका छन्। अध्यापकहरू मजदुर तथा किसानहरूको सरकारको विरुद्ध बुर्जुवावर्गको साथ लागेका छन्।

"कमरेडहरू, अभिवाभक समितिहरू गठन गर्नोस् र अध्यापकहरूको हडतालको विरुद्ध प्रस्तावहरू पारित गर्नोस्। मजदुर तथा सैनिक प्रतिनिधिहरूका वार्ड सोभियतहरू, ट्रेड युनियनहरू, कारखाना समितिहरू तथा पार्टी समितिहरूसमक्ष विरोध प्रदर्शनहरूको आयोजना गर्ने माग गर्नोस्। केटाकेटीहरूको लागि आफ्नै साधनबाट क्रिसमस-वृक्ष तथा आमोदप्रमोदको प्रबन्ध गर्नोस् र बिदापश्चात् दुमाद्वारा निर्धारित मितिदेखि स्कूलहरूमा पढाइ चालू गर्ने माग गर्नोस्।

"कमरेडहरू, सार्वजनिक शिक्षाको प्रश्नमा आफ्नो स्थिति सुदृढ तुल्याउनोस् र स्कूलहरूमाथि सर्वहारा सङ्गठनहरूको नियन्त्रणको लागि माग गर्नोस्।"

केन्द्रीय नगर दुमाअन्तर्गत जनशिक्षा आयोग

१७

जन कमिसार परिषद्को तर्फबाट श्रमजीवी कजाकहरूको नाममा

"**कजाक दाजुभाइहरू!**

तपाईंहरूलाई धोका दिँदै छन्। तपाईंहरूलाई जनताको विरुद्ध भड्काउँदै छन्। तपाईंहरूलाई भन्दै छन्, मजदुर, सैनिक तथा किसान प्रतिनिधिहरूका सोभियतहरू तपाईंहरूका शत्रु हुन्, उनीहरू तपाईंहरूको कजाक जमिन खोस्न चाहन्छन्, तपाईंहरूको कजाक "स्वतन्त्रता" खोस्न चाहन्छन्। कजाकहरू, यस्ता कुरामा विश्वास नगर्नुहोला...। तपाईंहरूका आफ्नै जर्नेलहरू तथा जमिनदारहरू तपाईंहरूलाई अन्धकार र दासतामा राख्नको लागि तपाईंहरूलाई धोका दिँदै छन्। हामी जन कमिसार परिषद्का सदस्यहरू तपाईं कजाकहरूलाई यिनै शब्दहरूद्वारा सम्बोधन गर्दै छौं। हाम्रो कुरा ध्यान दिएर पढ्नुहोस् र आफैले निर्णय गर्नुहोस्, के सत्य हो र के क्रूर प्रवञ्चना हो। एक जना कजाकको जीवन तथा नोकरीको अर्थ

सदा नै दासता र कठोर श्रम-काराबास रहँदै आएको हो। अधिकारीहरूको पहिलो आदेशमा नै कजाकले सधैँ आफ्नो घोडाको लगाम कस्नुपर्थ्यो र अभियानको लागि निस्कनुपर्थ्यो। कजाकले आफ्नो हतियार जुटाउन आफ्नै रगत पसिनाको कमाइ खर्च गर्नुपर्थ्यो। कजाक सैनिक सेवामा हुन्छ र उसको सम्पूर्ण खेती-पाती चौपट भइरहेको हुन्छ। के यस्तो स्थिति न्यायपूर्ण मान्न सकिन्छ? होइन, सकिँदैन। यस्तो स्थिति सधैँको लागि बदल्नुपरेको छ। कजाकहरू-लाई बन्धनबाट मुक्त गर्नुपरेको छ। नयाँ, जन सोभियत सत्ता श्रमजीवी कजाकहरूलाई मदत गर्न तयार छ। मात्र के आवश्यकता छ भने कजाकहरू आफैले पुरानो व्यवस्थाको अन्त्य गर्नुपर्छ, उनीहरूले आफ्ना दास-मालिक अफिसरहरू, जमिनदारहरू, धनीहरूको अगाडि नतमस्तक हुन छोड्नुपरेको छ, उनीहरूले आफ्नो गर्दनबाट यो घीनलाग्दो जुवा हटा-उनुपरेको छ। कजाकहरू! बिउँझनोस्! एक हुनोस्! जन कमिसार परि-षद् तपाईंहरूलाई एक नयाँ, बढी सुखद जीवनमा प्रवेश गर्न आह्वान गर्दछ।

"नोभेम्बर र डिसेम्बर महिनामा पेत्रोग्रादमा सैनिक, मजदुर तथा किसान प्रतिनिधिहरूका सोभियतहरूको अखिल रसियाली महाधिवेशन सम्पन्न भएको थियो। यस महाधिवेशनले विभिन्न स्थानहरूमा समस्त सत्ता सो-भियतहरूको हातमा अर्थात् जनताले छानेका मानिसहरूको हातमा सुम्पेको थियो। अबदेखि रसियामा कदापि त्यस्तो शासक अथवा कर्मचारी हुनुहुँदैन जसले माथिबाट जनताको शासन गरोस् र उनीहरूलाई आफ्नो इशारामा नचाओस्। जनताले आफैले सत्ताको सिर्जना गर्दछ। कुनै जर्नेललाई कुनै पनि सिपाहीलाई भन्दा बढी अधिकार छैन। सबै बराबर छन्। कजाकहरू सोचेर हेर्नोस् त, यो कुरा ठीक हो कि होइन? कजाकहरू, हामी तपाईं-हरूलाई यस नयाँ व्यवस्थामा सामेल हुन र कजाक प्रतिनिधिहरूका आफ्नै सोभियतहरूको स्थापना गर्न आह्वान गर्दछौं। विभिन्न स्थानहरूमा समस्त सत्ता अनिवार्यतः यिनै सोभियतहरूको हातमा हुनुपर्छ—जर्नेलको ओहदामा बसेका **गेतमानहरूको** हातमा होइन, बरु श्रमजीवी कजाकहरूद्वारा निर्वाचित प्रतिनिधिहरूको हातमा, तपाईंहरूका विश्वासपात्र, भरपर्दा मानिसहरूको हातमा हुनुपर्छ।

"सैनिक, मजदुर एवम् किसान प्रतिनिधिहरूका सोभियतहरूका अखिल रसियाली महाधिवेशनहरूले जमिनदारहरूको सम्पूर्ण जमिन श्रमजीवी जनताको हातमा हस्तान्तरण गर्ने प्रस्ताव पारित गरेको छ। कजाकहरू भन्नोस्, यो न्यायपूर्ण कुरा होइन? कर्निलोभ, कालेदिन, दुतोभ, कराउलोभ, बर्दिझी-

जस्ता मानिसहरू ज्यानको बाजी लगाएर धनीहरूको स्वार्थ रक्षा गर्दै छन् र जमिन जमिनदारहरूको हातमा मात्रै रहोस् भन्ने उद्देश्यले रसियालाई रगतको खोलामा बगाउनसमेत तयार छन्। तर तपाईंहरू, श्रमजीवी कजाकहरू, के तपाईंहरू गरिबी, उत्पीडन र भूमिको अभावले पीडित हुनुहुन्न? कति त्यस्ता कजाक परिवारहरू छन्, जोसँग प्रतिव्यक्ति ४-५ **जिस्यातिनाभन्दा** बढी जमिन छ? तर यी जमिनदारहरू, जोसँग आफ्नै हजारौं **जिस्यातिना** जमिन छ, अझ कजाकको जमिनसमेत हात पार्न चाहन्छन्। नयाँ सोभियत कानुनअनुसार कजाक जमिनदारहरूको जमिन कजाक श्रमजीवीहरूले, गरिब कजाकहरूले विनामुआवाजा पाउनेछन्। तपाईंहरूलाई भन्दै छन्, सोभियत-हरू तपाईंहरूको जमिन खोस्न चाहन्छन्। कसले तपाईंहरूलाई तर्साउँदै छ? धनी कजाकहरूले, जसलाई सोभियत सत्ता जमिनदारहरूको जमिन तपाईंहरूलाई दिन चाहन्छ भन्ने कुरा थाहा छ। यस अवस्थामा, कजाक-हरू, तपाईंहरू कसको पक्ष लिन चाहनुहुन्छ भन्ने कुरा तपाईंहरू आफैंले रोज्नुपरेको छ—ती कर्निलोभहरू र कालेदिनहरूको, जर्नेलहरू र रइसहरूको पक्ष लिन चाहनुहुन्छ कि किसान, सैनिक, मजदुर एवम् कजाक प्रतिनिधि-हरूका सोभियतहरूको पक्ष लिन चाहनुहुन्छ?

अखिल रसियाली महाधिवेशनद्वारा निर्वाचित **जन कमिसार परिषद्ले समस्त राष्ट्रहरूसमक्ष कुनै पनि राष्ट्रलाई क्षति नपुर्‍याई, अविलम्ब युद्ध-विराम तथा एक सम्मानपूर्ण प्रजातान्त्रिक शान्तिसन्धि गर्ने प्रस्ताव राखेको छ।** सबै पुँजीपतिहरू, जमिनदारहरू, कर्निलोभपन्थी जर्नेलहरू सोभियत-हरूको शान्तिपूर्ण नीतिको विरुद्ध उभिएका छन्। युद्धले उनीहरूलाई धन, शक्ति र सम्मान दिएको छ, तर तपाईंहरूलाई, साधारण कजाकहरूलाई युद्धले के दियो? तपाईंहरू आफ्ना बन्धु सैनिकहरू तथा नौसैनिकहरूजस्तै विनाकारण, विनाउद्देश्य आफ्नो ज्यान गुमाउँदै हुनुहुन्थ्यो। झण्डै साढे तीन वर्षदेखि यो अभिशप्त युद्ध, सबै देशका पुँजीपतिहरू तथा जमिनदारहरूले आफ्नो फाइदाको लागि, विश्वव्यापी स्तरमा डकैती गर्नको लागि चलाएका यो युद्ध चल्दै आएको छ। पसिनाको बलमा जीविका चलाउने कजाकहरूको लागि यस लडाइँले बर्बादी र मृत्युसिवाय अरू केही ल्याएन। लडाइँले कजाक-हरूको घरबारी सुक्खा पारिदिएको छ। अविलम्ब वास्तविक शान्तिसन्धि नै हाम्रो सम्पूर्ण राष्ट्रको लागि र विशेषतः कजाकहरूको लागि मुक्तिको एक मात्र बाटो हुनेछ। जन कमिसार परिषद्ले सबै राष्ट्रहरू तथा जनता-हरूसमक्ष घोषणा गरेको छ—हामीलाई अन्य जनताहरूको सम्पत्ति चाहिएको

छैन र हामी आफ्नो सम्पत्ति पनि कसैलाई दिन चाहन्नौं। विनासंयोज तथा विनाहर्जाना शान्तिसन्धि! प्रत्येक राष्ट्रले आफैंले आफ्नो भाग्य रोज्नेछ। एक राष्ट्रद्वारा अर्को राष्ट्रको उत्पीडन हुनुहुँदैन। यही त्यो सत्य, प्रजातान्त्रिक एवम् जनमुखी शान्तिसन्धि हो, जुन जन कमिसार परिषद्ले सबै मित्र तथा शत्रुहरू, सबै सरकारहरू तथा सबै जनताहरूसमक्ष प्रस्तुत गरेको छ। परिणाम स्पष्ट छ—**रुसियाली मोर्चामा युद्धविराम सम्पन्न भइसकेको छ।**

"अब त्यहाँ सैनिकहरू तथा कजाकहरूको रगत बग्दैन। कजाकहरू, अब आफैंले निर्णय गर्नोस्—के तपाईंहरू यो ध्वंसात्मक, निरर्थक तथा अपराधी मारकाट जारी राख्न चाहनुहुन्छ? चाहनुहुन्छ भने कादेतहरूलाई, जनताका शत्रुहरूलाई समर्थन गर्नोस्, चेर्नोभ, चेरेतेली, स्कोबेलेभलाई समर्थन गर्नोस्, जसले तपाईंहरूलाई प्रथम जुलाईको हमलामा धकेलिदिएका थिए; कर्निलोभलाई समर्थन गर्नोस्, जसले मोर्चामा सैनिकहरू तथा कजाकहरूको लागि मृत्युदण्ड लागू गरेका थिए। **तर यदि तपाईं अविलम्ब तथा इमानदार शान्तिसन्धि चाहनुहुन्छ भने सोभियतहरूको पङ्क्तिमा प्रवेश गर्नोस् र जन कमिसार परिषद्लाई समर्थन गर्नोस्।**

कजाकहरू, तपाईंहरूको भाग्य आफ्नै हातमा छ। हाम्रा सामूहिक शत्रुहरू, भूमिपतिहरू, पुँजीपतिहरू, कर्निलोभपन्थी अफिसरहरू, बुर्जुवा समाचारपत्रहरूले तपाईंहरूलाई ठग्दै छन् र विनाशको बाटोतर्फ डोऱ्याउँदै छन्। ओरेनबुर्गमा दुतोभले सोभियतका सदस्यहरूलाई गिरफ्तार गरेका छन् र गैरिसनलाई निरस्त्र पारेका छन्। कालेदिनले दोन प्रदेशका सोभियतहरूलाई धम्की दिँदै छन्। उनले यस प्रान्तमा युद्धस्थिति घोषणा गरेका छन् र आफ्नो सेना बटुल्दै छन्। ककेशियामा कराउलोभ आदिवासीहरूलाई गोलीले भुट्दै छन्। कादेत बुर्जुवावर्गले उनीहरूको लागि आफ्नो ढुकुटी नै खोलिदिएको छ। जनताका सोभियतहरूको थिचोमिचो गर्नु, मजदुरहरू तथा किसानहरूको दमन गर्नु, सेनामा फेरि पनि कोर्राको अनुशासन लागू गर्नु र श्रमजीवी कजाकहरूको दासतालाई चिरस्थायी रूप दिनु नै उनीहरूको सामूहिक लक्ष्य हो।

"जनताको विरुद्ध चलिरहेको यो अपराधपूर्ण विद्रोह समाप्त गर्ने उद्देश्यले हाम्रा क्रान्तिकारी सेनाहरू दोन र उरालतिर अगि बढ्दै छन्। क्रान्तिकारी सेनाहरूका सेनापतिहरूलाई विद्रोही जर्नेलहरूसँग कुनै पनि प्रकारको कुराकानी नगर्ने र विनामरमोलाहिजा निर्णायक कारबाई गर्ने आदेश दिइएको छ।

"कजाकहरू, अझै पनि तपाईंका दाजुभाइहरूको रगत बग्ने हो कि होइन भन्ने कुरा अब तपाईंहरूमाथि नै भर पर्छ। हामी तपाईंहरूप्रति आफ्नो हात बढाउँदै छौं। समस्त जनतासँग उनीहरूका शत्रुहरूको विरुद्ध एक हुनोस्। कालेदिन, कर्निलोभ, दुतोभ, कराउलोभ र उनीहरूलाई मदत गर्ने र साथ दिने सबै मानिसहरूलाई जनताको शत्रु, गद्दार र धोकाबाज घोषित गर्नोस्। उनीहरूलाई आफ्नै शक्तिद्वारा गिरफ्तार गर्नोस् र सोभियत सत्ताको हातमा सुम्पनोस्। सोभियत सत्ताले खुला तथा सार्वजनिक रूपमा क्रान्तिकारी न्यायालयमा उनीहरूमाथि मुद्दा चलाउनेछ।

"कजाकहरू! कजाक प्रतिनिधिहरूका सोभियतहरूको स्थापना गर्नोस्। कजाकहरूको सम्पूर्ण कामकाजको बन्दोबस्त आफ्ना परिश्रमी हातमा लिनोस्। आफ्ना धनी जमिनदारहरूको जमिन खोस्नोस्। लडाइँले बरबाद पारेका श्रमजीवी कजाकहरूको खेत जोत्नको लागि यी जमिनदारहरूको अन्न, औजारहरू तथा गाइवस्तु खोस्नोस्।

"कजाकहरू, जनताको सामूहिक हितको लागि सङ्घर्षमा अगि बढ्नोस्!

"श्रमजीवी कजाकहरू जिन्दाबाद!

"कजाकहरू, सिपाहीहरू, किसानहरू तथा मजदुरहरूका बीचको एकता अमर रहोस्!

"कजाक, सैनिक, किसान तथा मजदुर सोभियतहरूको सत्ता अमर रहोस्!

"लडाइँ मुर्दाबाद!

"जमिनदारहरू तथा कर्निलोभपन्थी जर्नेलहरू मुर्दाबाद!

"शान्ति र जनताहरूको बीचको बन्धु सम्बन्ध अमर रहोस्!"

जन कमिसार परिषद्।"

१८

सोभियत सरकारका कुटनीतिक चिठीपत्रहरू

त्रोत्स्कीले मित्रराष्ट्रहरू र तटस्थ शक्तिहरूलाई पठाएका पत्रहरूका साथै मित्रराष्ट्रहरूका सैनिक सहचारीहरूले जर्नेल दुखोनिनलाई पठाएका

पत्रहरू कति लामा छन् भने यहाँ प्रस्तुत गर्न सकिँदैन। यसको अतिरिक्त यी पत्रहरू सोभियत गणतन्त्रको इतिहासको एक अर्को पक्षसँग सम्बन्धित छन्, जुन यस पुस्तकको सीमाभित्र पर्दैन अर्थात् ती पत्रहरू सोभियत सरकारको परराष्ट्र नीतिसँग सम्बन्धित छन्। मैले आफ्नो आगामी पुस्तक, 'कर्निलोभ-काण्डदेखि ब्रेस्त-लितोभ्स्क सन्धिसम्म' मा यस प्रश्नबारे विस्तृत रूपमा चर्चा गरेको छु।

१६

दुखोनिनको विरुद्ध मोर्चामा अपिल

"शान्ति सङ्घर्षले बुर्जुवावर्ग तथा प्रतिक्रान्तिकारी जर्नेलहरूको प्रतिरोधको सामना गर्नुपरेको छ... समाचारपत्रहरूको भनाइअनुसार बुर्जुवावर्गका दलालहरू तथा मतियारहरू, भेर्खोभ्स्की, आभ्सेन्त्येभ, चेर्नोभ, गोच, चेरेतेलीजस्ता मानिसहरू भूतपूर्व प्रधान सेनापति दुखोनिनको स्ताभ्कामा भेला हुँदै छन्। उनीहरू सोभियतहरूको विरुद्ध एउटा नयाँ सत्ता स्थापना गर्ने तरखरमा छन् जस्तो देखिन्छ।

"कमरेड सैनिकहरू! हामीले जुन व्यक्तिहरूको उल्लेख गर्यौं उनीहरू सबै मन्त्री बनिसकेका छन्। उनीहरूले केरेन्स्की र बुर्जुवावर्गको इच्छा मुताबिक काम गरे। उनीहरू १ जुलाईको आक्रमण र लडाइँ लम्ब्याउने कामको लागि उत्तरदायी छन्। उनीहरूले किसानहरूलाई जमिन दिने वचन दिए र त्यसपछि किसान समितिहरूका सदस्यहरूलाई नै गिरफ्तार गरे। उनीहरूले सिपाहीहरूको लागि फेरि मृत्युदण्ड लागू गरे। उनीहरू फ्रान्सेली, बेलायती तथा अमेरिकी वित्तपतिहरूको आदेश पालना गर्दछन्।

"जन कमिसार परिषद्को आदेश मान्न अस्वीकार गरेबापत जर्नेल दुखोनिनलाई प्रधान सेनापतिको पदबाट हटाइएको छ...। यसको उत्तरमा उनी साम्राज्यवादी मित्रशक्तिहरूका सैनिक सहाचारीहरूले पठाएको चिठी सेनामा वितरण गर्दै छन् र प्रतिक्रान्ति भड्काउने प्रयास गर्दै छन्।

"दुखोनिनको आदेश पालना नगर्नुहोला! उनको भड्काइमा नपर्नुहोला! उनी र उनका प्रतिक्रान्तिकारी जर्नेलहरूको गुटमाथि कडा निगरानी राख्नुहोला!"

२०

क्रिलेन्कोको तर्फबाट

आदेश नम्बर २

"भूतपूर्व प्रधान सेनापति जर्नेल दुखोनिनलाई आदेश पालना गर्नमा बिघ्नबाधा खडा गरेबापत र नयाँ गृहयुद्ध भड्काउन सक्ने अपराधपूर्ण कार्य गरेबापत जनताको शत्रु घोषित गरिएको छ। जसले दुखोनिनको समर्थन गर्नेछ, त्यस व्यक्तिलाई उसको सामाजिक अथवा राजनीतिक स्थिति अथवा अतीतको वास्ता नगरी गिरफ्तार गरिनेछ। विशेष अधिकार-सम्पन्न व्यक्तिहरूले यस्तो गिरफ्तारी गर्ने काम गर्नेछन्। म उपर्युक्त आदेश-को पालना गर्ने जिम्मेदारी जर्नेल मानिकोभ्स्कीलाई सुम्पदै छु।"

बाह्रौं अध्यायका टिप्पणीहरू

१

किसानहरूका प्रश्नको उत्तर

किसानहरूको तर्फबाट आएको कतिपय प्रश्नहरूको उत्तरस्वरूप स्पष्टि-करण दिइन्छ—अबदेखि देशको सम्पूर्ण सत्ता मजदुर, सैनिक तथा किसान प्रतिनिधिहरूका सोभियतहरूको हातमा छ। मजदुरहरूको क्रान्तिले पेत्रोग्राद तथा मास्कोमा विजय प्राप्त गरिसकेपछि अब रसियाका अन्य सबै केन्द्र-हरूमा विजय प्राप्त गर्दै छ। मजदुर तथा किसानहरूको सरकारले जमिन-दारहरू तथा पुँजीपतिहरूको विरुद्ध व्यापक किसान समुदाय, गरिब किसान-हरू तथा बहुसङ्ख्यक किसानहरूसँग मजदुरहरूको एकतालाई सुदृढ तुल्याउँ-दछ।

"अतएव किसान प्रतिनिधिहरूका सोभियतहरू, सर्वप्रथम त इलाका सोभियतहरू र तत्पश्चात् प्रान्तीय सोभियतहरू अबदेखि संविधानसभाको अधिवेशनसम्म आ‌आफ्नो ठाउँमा राज्य सत्ताका पूर्ण अधिकार सम्पन्न

निकाय हुन्। सोभियतहरूको द्वितीय अखिल रसियाली महाधिवेशनद्वारा भूमिमाथि जमिनदारहरूको सम्पूर्ण अधिकार खारेज गरेको छ। वर्तमान मजदुर तथा किसानहरूको अस्थायी सरकारले भूमिसम्बन्धी एउटा आज्ञप्ति जारी गरिसकेको छ। उपर्युक्त आज्ञप्तिको आधारमा समस्त भूमि, जुन अहिलेसम्म जमिनदारहरूको सम्पत्ति थियो, अब पूर्णतः र सम्पूर्ण रूपमा किसान प्रतिनिधिहरूका सोभियतहरूलाई सुम्पिएको छ। भोलस्त भूमि समितिहरूले अविलम्ब जमिनदारहरूको समस्त भूमि आफ्नो हातमा लिने-छन् र कडाइसाथ जमिनको हिसाबकिताब राख्नेछन्। उनीहरूले अबदेखि सबै जमिनदारीहरू सार्वजनिक सम्पत्ति बनिसकेका छन् र तसर्थ स्वयम् जनताले यसको संरक्षण गर्नुपर्छ भन्ने कुरालाई ध्यानमा राख्दै सुव्यवस्था कायम राख्नेछन् र सम्पूर्ण जमिनदारीको हिफाजत गर्नेछन्।

"क्रान्तिकारी सत्ताले जारी गरेका आज्ञप्तिहरूको पालनाको सिलसि-लामा किसान प्रतिनिधिहरूका जिल्ला सोभियतहरूको अनुमोदनसहित भोलस्त भूमि समितिहरूले जारी गरेका सबै आदेशहरू पूर्णतः कानुनी ठहरिनेछन् र ती आदेशहरू तत्काल अनुलङ्घनीय रूपले कार्यान्वित हुनुपर्छ।

"सोभियतहरूको द्वितीय अखिल रसियाली महाधिवेशनद्वारा नियुक्त मजदुर तथा किसानहरूको नाम जन कमिसार परिषद् राखिएको छ।

"जन कमिसार परिषद् किसानहरूलाई आआफ्नो इलाकाको समस्त सत्ता आफ्नो हातमा लिने आह्वान गर्दछ।

"मजदुरहरूले हरेक तरिकाले, पूर्ण तथा निरपेक्ष रूपले किसानहरूको समर्थन गर्नेछन्, जेजति मेसिन तथा औजारहरू उनीहरूको लागि आवश्यक हुन्छन्, तिनको व्यवस्था गर्नेछन्, र यसको बदलामा उनीहरू किसानहरूले अन्नको ढुवानीमा मजदुरहरूलाई मदत गरून् भन्ने अनुरोध गर्दछन्।"

जन कमिसार परिषद्का अध्यक्ष

भ्ला० उल्यानोभ (लेनिन)

प्रकाशकको भनाइ

अमेरिकी कम्युनिस्ट लेखक जोन रिडको पुस्तक 'संसारलाई हल्लाइदिएका ती दस दिन' सन् १९१९ मा संयुक्त राज्य अमेरिकामा प्रकाशित भएको थियो। सोभियत सङ्घमा रूसी भाषामा यो पुस्तक सन् १९२३ मा पहिलो पटक प्रकाशित भयो। त्यसपछि यस पुस्तकका धेरै संस्करणहरू निस्के। अमेरिकी संस्करणमा प्रकाशित आफ्नो प्रस्तावनामा लेनिनले यस पुस्तकको धेरै प्रशंसा गर्नुभएको छ। यस पुस्तकमा जनताद्वारा सम्पन्न एक वास्तविक जनक्रान्तिको रूपमा महान् अक्टोबर समाजवादी क्रान्तिको यथार्थ वर्णन प्रस्तुत गरिएको छ, जनताको ऐतिहासिक सृजनात्मक प्रतिभा एवम् मजदुरवर्ग, किसानहरू तथा साधारण सिपाहीहरूको सङ्कल्प-वाहक बनेका बोल्शेभिकहरूको महान् भूमिकाको ज्वलन्त चित्रण गरिएको छ।

महान् अक्टोबर समाजवादी क्रान्ति मानव इतिहासमा एक अभूतपूर्व क्रान्ति थियो। लेनिनको नेतृत्वमा बोल्शेभिक पार्टीले, यसको केन्द्रीय समितिले यस क्रान्तिलाई प्रेरित, अनुप्राणित तथा सङ्गठित तुल्याएको थियो।

महान् नेता लेनिनको नेतृत्वमा हाम्रो पार्टीले क्रान्तिको सम्पूर्ण क्रम, यसका सम्पूर्ण सम्भावित मोडहरू, क्रान्तिकारी जनसाधारण तथा यसका प्रतिगामी वर्गहरू तथा पार्टीहरूको आचरणको अति प्रतिभाशाली तरिकाले पूर्वानुमान गरेको थियो। विद्रोहको पथ-प्रदर्शन गर्ने विभिन्न निकायहरू—बोल्शेभिक पार्टीको राजनीतिक ब्यूरो तथा पार्टी केन्द्र, पेत्रोग्राद सोभियत तथा यसको सञ्चालक हेडक्वार्टर—सैनिक क्रान्तिकारी समिति, जसको हातमा विद्रोहको बागडोर थियो—को क्रियाकलाप लेनिनको विचारद्वारा आलोकित तथा अनुप्राणित थियो।

लेनिनको विचार ती अवसरवादीहरूसँग भीषण सङ्घर्षको सिलसिलामा कार्यान्वित भयो, जसलाई सर्वहारा क्रान्तिको क्षमता तथा रसियामा यस क्रान्तिको विजयको सम्भावनामा विश्वास थिएन। यी पराजयवादीहरूले या त सशस्त्र जनविद्रोहसम्बन्धी लेनिनद्वारा प्रस्तुत योजनाको विरोध गरेका थिए, या कुराले विद्रोहको विचारलाई समर्थन गर्दै वास्तवमा एक त्यस्तो

कार्यनीतिक योजना प्रस्तुत गरेका थिए, जसले क्रान्तिलाई **सर्वनाशको बाटोमा** अग्रसर गराउँथ्यो।

विद्रोहको पूर्वबेलामा (सेप्टेम्बर-अक्टोबर) लेनिनले जे जति चिठी-पत्र र लेखहरू लेख्नुभयो, ती सबै जनताको विजयमा गहनतम विश्वासले परिपूर्ण छन्। यो विश्वास क्रान्तिको र क्रान्तिका शत्रुहरूको शिविरमा विद्यमान वास्तविक स्थितिको गहन मूल्याङ्कनमा आधारित छ। तिनमा क्रान्तिको लागि जटिल समयमा शत्रुसमक्ष आत्मसमर्पण गर्ने प्रवृत्ति राख्ने डरछेरूवाहरू र गद्दारहरूमाथि प्रहार गरिएको छ र उनीहरूको पोल खोलिएको छ।

१२ अक्टोबर (२९ सेप्टेम्बर) को दिन लेखिएको 'सङ्कट परिपक्व भइसकेको छ' शीर्षक लेखमा लेनिनले बोल्शेभिक पार्टीको केन्द्रीय समितिका सदस्य जिनोभ्येभ, कामेनेभ तथा त्रोत्स्कीको र पार्टीको माथिल्लो तहमा रहेका उनीहरूका मुठीभर अनुयायीहरूको दृष्टिकोणको कडा आलोचना गर्नुभएको छ। यस्तो नीतिको फलस्वरूप क्रान्तिकारी शक्तिहरू निरस्त्र हुन्थे र विद्रोहको तयारी गर्ने कामबाट उनीहरूको ध्यान हट्थ्यो। लेनिनले त्यस्ता नेताहरूको, जसमध्ये त्रोत्स्की पनि थिए, भण्डाफोर गर्नुभएको छ, जो "सोभियतहरूको महाधिवेशन **पर्खने** आह्वान गर्दछन् र अविलम्ब सत्ता हातमा लिने कुराको **विरोध गर्दछन्**, तुरुन्तै विद्रोह सुरु गर्ने कुराको **विरोध गर्दछन्**", जुन कुरा सबै व्यावहारिक कार्यभारहरूमध्ये सबैभन्दा आवश्यक हो।

लेनिनले रूष्ट भावले लेख्नुभएको छ, "यस्तो प्रवृत्ति अथवा विचार **दबाउनुपरेको** छ, अन्यथा बोल्शेभिकहरूले सदाको लागि आफूलाई **कलङ्कित तुल्याउने छन्** र एक पार्टीको रूपमा आफ्नो **अस्तित्व गुमाउनेछन्।** किनभने यस्तो मौका गुमाउनु र सोभियतहरूको महाधिवेशन पर्खेर बस्नु **भयङ्कर मूर्खता** अथवा **सरासर गद्दारी** हो...। सोभियतहरूको महाधिवेशन पर्खनु...। यसको अर्थ हुनेछ त्यस्तो बेला **कैयौं हप्ता** गुमाउनु, जब प्रत्येक हप्ताले, अझ एक दिनले समेत **सम्पूर्ण कुराको** टुङ्गो लगाउँछ...। अहिले सत्ता आफ्नो हातमा नलिनु, चेइकमा गफ लडाउनको लागि "पर्खेर बस्नु", "कुनै निकायको (सोभियतको) लागि सङ्घर्ष", "महाधिवेशनको लागि सङ्घर्ष" मै आफूलाई सीमित राख्नु भनेको **क्रान्तिलाई चिहानमा गाड्नु** हो।" (**पूर्ण रचना सङ्ग्रह**, खण्ड ३४, पृष्ठ २८१-२८२)।

केन्द्रीय समितिभित्र पराजयवादीहरूको विरुद्ध लेनिनको अडिग सङ्घर्ष पूर्णतः सफल भयो। १० (२३) अक्टोबरको दिन लेनिनले केन्द्रीय समितिमा

वर्तमान परिस्थितिबारे प्रतिवेदन सुनाउनुभयो र लेनिनद्वारा सूत्रबद्ध प्रस्ताव पारित भयो। यस प्रस्तावमा विद्रोह अनिवार्य छ र पर्याप्त मात्रामा परिपक्व भइसकेको छ भन्ने कुरा स्वीकार गरिएको थियो र पार्टीका सबै सङ्गठनहरूले आफ्नो व्यावहारिक क्रियाकलापमा यसै धारणाद्वारा निर्देशित होउन् भन्ने आह्वान गरिएको थियो। जिनोभ्येभ र कामेनेभले यस प्रस्तावको विरुद्ध मतदान गरे। त्रोत्स्की पनि आफ्नै दृष्टिकोणमा अडे र उनले द्वितीय महाधिवेशनको उद्‌घाटनभन्दा पहिले विद्रोह सुरु नगर्ने प्रस्ताव राखे। यस्तो प्रस्तावको वास्तविक तात्पर्य आसन्न विद्रोह आलटाल गर्नु र कुन दिन विद्रोह हुन्छ भन्ने कुरा शत्रुलाई थाहा दिनु हुनजान्थ्यो।

५ नोभेम्बर (२३ अक्टोबर) को दिन बसेको पेत्रोग्राद सोभियतको विस्तारित अधिवेशनमा त्रोत्स्कीले पनि यही दृष्टिकोण प्रस्तुत गरेका थिए। जोन रिडले आफ्नो पुस्तकमा त्रोत्स्कीको यो भनाइ निम्न प्रकारले प्रस्तुत गर्नुभएको छ। बोल्शेभिकहरू विद्रोह सुरु गर्न चाहन्छन् कि चाहँदैनन् भन्ने प्रश्नको उत्तरमा त्रोत्स्कीले जवाफ दिएका थिए—

"सत्ता परिवर्तनको यो कार्य अखिल रुसियाली महाधिवेशनद्वारा गरिनेछ...। हामीलाई आशा छ, अखिल रुसियाली महाधिवेशनले त्यो सत्ता र अधिकार आफ्नो हातमा लिनेछ, जसको आधार जनताको सङ्गठित स्वतन्त्रता हो।" (हेर्नोस् प्रस्तुत संस्करणको पृष्ठ १००)

क्रान्तिको लागि घातक यस नीतिको कडा विरोध गर्दै लेनिनले ६ नोभेम्बर (२४ अक्टोबर) को दिन बेलुकीपख केन्द्रीय समितिका सदस्यहरूको नाममा एउटा चिठी लेख्नुभयो, जसमा उहाँले त्यही साँझ, त्यही राती सरकारका मन्त्रीहरूलाई कुनै पनि हालतमा गिरफ्तार गर्ने र अविलम्ब सत्ता आफ्नो हातमा लिने जोरदार अपिल गर्नुभएको छ—"पर्खनु हुँदैन!! सबै कुरा गुमाउन सकिन्छ!! ... इतिहासले ती क्रान्तिकारीहरूलाई क्षमा गर्ने छैन, जो आज विजयी बन्न सकिन्छ (र अवश्य विजयी बन्नेछन्), आलटालको नीति अनुसरण गर्ने हो भने भोलि धेरै कुरा गुमाउन सकिन्छ, सबै कुरा गुमाउन सक्दछन्। यदि हामी आज सत्ता आफ्नो हातमा लिन्छौं भने हामी त्यो सत्ता सोभियतहरूको विरोध गर्न होइन, सोभियतहरूको लागि नै लिन्छौं...। ७ नोभेम्बर (२५ अक्टोबर) को दिन हुने दुविधापूर्ण मतदानको प्रतीक्षा गर्नु मृत्युपाश ठहरिनेछ, यो ठाडो औपचारिकता हुनेछ। यस्ता प्रश्नहरूको मतदानद्वारा नभएर शक्तिप्रयोगद्वारा समाधान गर्ने जनतालाई अधिकार छ र यो उसको दायित्व पनि

हो ; क्रान्तिको लागि जटिल समयमा आफ्ना प्रतिनिधिहरूलाई यस्तो निर्देशन दिने... र पर्खेर नबस्ने जनतालाई अधिकार छ र यो उसको दायित्व पनि हो।" (**पूर्ण रचना सङ्ग्रह**, खण्ड ३४, पृष्ठ ४३५-४३६)।

६-७ नोभेम्बर (२४-२५ अक्टोबर) राती स्मोल्नी आइपुग्नुभएपछि लेनिनले विद्रोहको नेतृत्व गर्ने सम्पूर्ण अभिभारा आफ्नो हातमा लिनुभयो। ७ नोभेम्बर (२५ अक्टोबर) राती कैयौँ मजदुरहरू तथा सिपाहीहरू – लाल गार्ड टोलीहरूका अगुवाहरू र सन्देशवाहकहरू, विभिन्न इलाकाहरू, कारखानाहरू, सैनिक टुकडीहरूका प्रतिनिधिहरू स्मोल्नीमा लेनिनलाई भेट्न आए। सैनिक क्रान्तिकारी समितिको कार्यले असाधारण व्यापक रूप लियो र लेनिनद्वारा पूर्णतः प्रेरित मजदुरहरू तथा सिपाहीहरूको क्रान्तिकारी अग्रसरता एवम् क्रियाशीलताले सुदृढ आधार प्राप्त गऱ्यो।

लेनिनको आश्चर्यजनक कार्यनीति विजयी बन्यो।

लेनिनको दृढ निष्कम्प शक्ति प्रचुर बौद्धिक एवम् सैद्धान्तिक साधन तथा सङ्गठन प्रतिभाको समन्वय थियो। सेप्टेम्बर-अक्टोबरमा लेनिनले कार्यनीतिसम्बन्धी आफ्ना पत्रहरूमा जुन योजना प्रस्तुत गर्नुभएको थियो, पार्टी केन्द्र तथा सैनिक क्रान्तिकारी समितिले, जसले विद्रोहको नेतृत्व गर्दै थियो, त्यसको अक्षरशः पालना गरे।

जोन रिडले लेनिनलाई एक असाधारण नेता भन्नुभएको छ र लेनिन वास्तवमा नै एक असाधारण नेता हुनुहुन्थ्यो। पश्चिमा युरोपका सामाजिक-जनवादी नेताहरूमा भएको आडम्बरपूर्ण ढोंगप्रति लेनिनलाई घृणा थियो। उहाँको सम्पूर्ण आचरण तथा विचार असाधारण रूपले सरल हुनुको साथै आश्चर्यजनक रूपले बुद्धिमत्तापूर्ण थियो। जोन रिडको शब्दमा उहाँमा "गहन विचारलाई सीधासादा शब्दमा प्रस्तुत गर्ने र कुनै पनि निश्चित परिस्थितिको खँदिलो विश्लेषण गर्ने अपूर्व क्षमता थियो। उहाँको सोचाइमा सूक्ष्मदर्शिताका साथै बौद्धिक साहसको आश्चर्यजनक समन्वय पाइन्छ"। महान् लेनिनका यी सबै गुणहरूको स्रोत जनसमुदायसँग उहाँको घनिष्ठ सम्बन्ध नै थियो। जनतालाई नै उहाँ इतिहासको निर्माता ठान्नुहुन्थ्यो र जनताको सृजनात्मक, रचनात्मक क्षमतामा उहाँलाई अगाध विश्वास थियो।

जनविद्रोहको विजयपश्चात् आफ्नो पहिलो भाषणमा नै, जुन ७ नोभेम्बर (२५ अक्टोबर) दिउँसो पेत्रोग्राद सोभियतको विस्तारित अधिवेशनमा उहाँले दिनुभएको थियो, लेनिनले जनविजयको स्थायित्वमा आफ्नो असीम

आस्था प्रकट गर्नुभयो र नयाँ, सोभियत रसियाको भविष्यको सारगर्भित पूर्वकल्पना गर्दै बोल्शेभिकहरू, मजदुरवर्ग तथा व्यापक जनसमुदायसमक्ष विद्यमान ऐतिहासिक दायित्व सरल तथा सुस्पष्ट भाषामा व्यक्त गर्नुभयो। लेनिनले भन्नुभयो, अब समाजवादी सर्वहारा राज्यको निर्माण गर्नु र रसियामा समाजवादको विजयलाई सुनिश्चित तुल्याउनु नै उनीहरूको मुख्य काम हो।

सोभियतहरूको द्वितीय महाधिवेशनमा त्रोत्स्कीको अदूरदर्शी पराजयवादी भाषण बोल्शेभिकहरूको यस गहिरो आशावादको पूर्णतः विपरीत थियो। जोन रिडले महाधिवेशनमा त्रोत्स्कीको भाषणको यस अंशलाई आफ्नो पुस्तकमा निम्न शब्दमा प्रस्तुत गर्नुभएको छ – "यदि युरोपमा साम्राज्यवादी बुर्जुवावर्गको शासन कायम रहन्छ भने कुनै पनि अवस्थामा क्रान्तिकारी रसियाको विनाश सुनिश्चित छ...। हाम्रो समक्ष मात्र दुई विकल्प छन्! या त रूसी क्रान्तिले युरोपमा क्रान्तिकारी आन्दोलनलाई जन्म दिनेछ अथवा युरोपेली शक्तिहरूले रूसी क्रान्तिलाई नष्ट पार्नेछन्!" (हेर्नोस् प्रस्तुत संस्करणको पृष्ठ १८८)।

रसियाको विजयी सर्वहारावर्गलाई श्रमजीवी किसानहरूले क्रान्तिकारी समर्थन प्रदान गर्नेछन् र सर्वहारावर्गमा किसान समुदायलाई आफ्नो पक्षमा ल्याउने क्षमता छ भन्ने कुरामा अविश्वास नै त्रोत्स्कीको यस सोचाइको आधार थियो। त्रोत्स्कीको यस सोचाइले "स्थायी क्रान्ति" सम्बन्धी उनको मेन्शेभिक सिद्धान्तलाई प्रतिबिम्बित गर्दथ्यो, जुन सिद्धान्त उनले अझ सन् १९०५ मा नै प्रस्तुत गरिसकेका थिए। युरोपका प्रमुख राष्ट्रहरूमा सर्वहारावर्गले सत्ता प्राप्त नगरेसम्म एउटा देशमा मात्रै समाजवादी क्रान्तिको विजय असम्भव छ भन्ने धारणामा यो सिद्धान्त आधारित छ। अक्टोबर क्रान्ति सम्पन्न हुनुभन्दा मात्र केही दिन पहिले प्रकाशित आफ्नो पुस्तिका 'शान्ति कार्यक्रम' मा त्रोत्स्कीले लेखेका छन्, "जर्मनीमा क्रान्ति नभएसम्म रसियामा अथवा बेलायतमा क्रान्तिको विजयबारे सोच्नसम्म पनि सकिँदैन र फेरि यस्तै किसिमले रसिया अथवा बेलायतमा क्रान्तिविना जर्मनीमा क्रान्तिको विजय असम्भव छ।" युरोपका प्रमुख राष्ट्रहरूमा सर्वहारावर्गको संयुक्त विजयको रूपमा मात्रै समाजवादी क्रान्तिको विजय सम्भव छ भन्ने यही धारणा त्रोत्स्कीले आफ्नो त्यस अन्तर्वार्तामा पनि व्यक्त गरेका थिए, जुन उनले ३० (१७) अक्टोबरको दिन जोन रिडलाई दिएका थिए। भावी सरकारको परराष्ट्र नीतिबारे चर्चा गर्दै त्रोत्स्कीले भनेका थिए – "मेरो

दृष्टिमा यस युद्धपश्चात् युरोपको पुनर्जन्म हुनेछ—तर यो पुनर्जन्म कूटनीतिज्ञहरूबाट होइन, सर्वहारावर्गबाट हुनेछ। युरोपको सङ्घात्मक गणतन्त्र—युरोपको संयुक्त राज्य...।" (हेर्नोस् प्रस्तुत संस्करणको पृष्ठ ६०)। यहाँ त्रोत्स्कीले एउटै मात्र देशमा पनि समाजवादको विजय हुनसक्छ भन्ने लेनिनको सर्वहारा क्रान्तिसम्बन्धी सिद्धान्तको विरुद्ध संयुक्त राज्य युरोपसम्बन्धी आफ्नो विचार प्रस्तुत गरेका छन्, जुन "स्थायी क्रान्ति" सम्बन्धी उनको पराजयवादी सिद्धान्तमा आधारित छ।

ऐतिहासिक घटनाहरूको कठोर तथा निर्मम तर्क कस्तो छ भने पराजयवादी नीतिका प्रतिपादकहरू पनि कहिलेकाहिँ आफ्नो विश्वासको विरुद्ध बोल्न तथा काम गर्न बाध्य हुन्छन्। विद्रोहको समयमा, जब त्रोत्स्की पेत्रोग्राद सोभियतको अध्यक्ष थिए र क्रान्तिको वस्तुपरक क्रमले गर्दा विद्रोहको लेनिनवादी नीति अनुसरण गर्न बाध्य भए, उनको स्थिति यस्तै थियो। ७ नोभेम्बर (२५ अक्टोबर) को दिन जनविद्रोहको विजयपश्चात् भएको पेत्रोग्राद सोभियतको विस्तारित अधिवेशनमा, जब कसैले आफ्नो ठाउँबाट चिच्याउँदै भने, अधिवेशनमा क्रान्तिको विजयको घोषणा गरेर सोभियतहरूको अखिल रसियाली महाधिवेशनको इच्छाको पूर्वानुमान गर्नु गैरकानुनी कुरा हो; त्रोत्स्कीले लेनिनको कार्यनीतिअनुरूप जवाफ दिनुपरेको थियो—"पेत्रोग्रादका मजदुरहरू तथा सिपाहीहरूको विद्रोहले सोभियतहरूको अखिल रसियाली महाधिवेशनको इच्छाको पूर्वानुमान गरेको छ!" (हेर्नोस् प्रस्तुत संस्करण, पृष्ठ १२७)। यस प्रकारले उनी २ दिन अगि, ५ नोभेम्बर (२३ अक्टोबर) को दिन पेत्रोग्राद सोभियतको विस्तारित अधिवेशनमा आफूले गरेको भाषणको ठीक उल्टो कुरा गर्न बाध्य भए।

परन्तु ऐतिहासिक घटनाहरूको तर्कले त्रोत्स्कीको, उनका पक्का अनुयायीहरू तथा अन्य पराजयवादीहरूको दृष्टिकोणको सारतत्त्व फेर्न सकेन र फेर्न पनि सक्दैनथ्यो। यी मानिसहरूले रसियामा समाजवादी क्रान्ति तथा समाजवादको विजयको सम्भावना अस्वीकार गरेका थिए र वस्तुतः देशमा बुर्जुवा गणतन्त्रअन्तर्गत संसदीय व्यवस्थाको स्थापना अनिवार्य छ भन्ने कुरा स्वीकार गरेका थिए। पार्टी तथा मुलुकको जीवनमा त्यसपछिको उनीहरूको गतिविधि सोभियत राज्यको निर्माण र सोभियत सङ्घमा समाजवादी व्यवस्थाको निर्माण गर्ने लेनिनवादी नीतिको विरुद्ध कतिपय विश्वासघातपूर्ण कारबाईहरूले परिपूर्ण रह्यो। ब्रेस्त-लितोभ्स्क शान्ति वार्ताको समयमा उनीहरूले गद्दारीपूर्ण नीतिको अनुसरण गरे, उनीहरूले नयाँ आर्थिक

नीतिको माध्यमबाट समाजवादी व्यवस्थाको निर्माणसम्बन्धी लेनिनद्वारा प्रस्तुत कार्यनीतिमाथि जडसूत्रवादी दृष्टिकोणले प्रहार गरे, उनीहरूले त्यस पार्टी केन्द्रीय समितिको बदख्वाइँ गरे, जसले समाजवादी औद्योगिकरण तथा कृषि सामुहिकीकरणसम्बन्धी लेनिनवादी नीतिको अनुसरण गर्दै थियो। लेनिनवादी कार्यनीतिको विरुद्ध पराजयवादी दलहरू तथा गुटहरूको यस अनवरत सङ्घर्षको स्वाभाविक तथा अनिवार्य परिणाम के हुनगयो भने उनीहरूले पार्टीसँग पूर्णतः सम्बन्ध विच्छेद गरे र प्रतिसोभियत दृष्टिकोण लिन थाले।

जुन यथार्थ परिस्थितिमा जोन रिडले आफ्नो पुस्तकको लागि सामग्री सङ्कलन गर्नुपर्‍यो र ती सामग्रीहरूको विश्लेषण गर्नुपर्‍यो, त्यसले गर्दा उहाँले विद्रोह पूर्व र विद्रोहको सिलसिलामा बोल्शेभिक पार्टीका केन्द्रीय निकायहरूको कार्यको त्यति खँदिलो र प्रामाणिक रूपले अध्ययन गर्न सक्नुभएन, जति आवश्यक थियो, किनभने त्यस बेला, विद्रोहको विजयभन्दा पहिले बोल्शेभिक पार्टी तथा लेनिनले जे जति गर्नुभयो, त्यो अनिवार्यतः गुप्त रूपले गरिएको थियो। यसै कारणले लेनिन र उहाँका निकटतम सहयोगीहरूले पराजयवादीहरू र त्रोत्स्कीको कार्यनीतिको विरुद्ध जुन दृढ तथा अनवरत सङ्घर्ष गर्नुभयो, त्यो यस पुस्तकमा पर्याप्त मात्रामा प्रतिबिम्बित हुन सकेको छैन। यसै कारणले गर्दा रिडले अक्टोबर क्रान्तिको सुरुका दिनहरूमा त्रोत्स्कीले गरेका भाषणहरूमा विद्यमान अन्तर्विरोध देख्न सक्नुभएन।

"लेनिन, त्रोत्स्की, पेत्रोग्रादका मजदुरहरू र सीधासादा सिपाहीहरूबाहेक अरू कसैले बोल्शेभिकहरूले तीन दिनभन्दा बढी सत्ता थाम्न सक्लान् भन्ने कुरा सोचेका पनि थिएनन्" भन्ने रिडको भनाइ गलत छ। लेनिन, केन्द्रीय समिति, बोल्शेभिक पार्टीका अधिकांश स्थानीय सङ्गठनहरू प्राप्त विजयको स्थायित्वमा विश्वस्त थिए। टाट पल्टेका मेन्शेभिकहरू तथा समाजवादी-क्रान्तिकारीहरू, सत्ताच्युत शोषक वर्गका प्रतिनिधिहरू तथा उनीहरूका पिट्ठूहरू र बोल्शेभिक पार्टीभित्रका मुठीभर पराजयवादीहरूसिवाय अरू कसैले पनि विजयी क्रान्तिको अनिवार्य पतनको "भविष्यवाणी" गरेका थिएनन्। जहाँसम्म त्रोत्स्कीको प्रश्न छ, उनले यसै बेला सोभियतहरूको अखिल रसियाली महाधिवेशनमा रसियामा क्रान्तिको भविष्यबारे अति निराशापूर्ण वक्तव्य दिएका थिए। जुन परिस्थितिमा केन्द्रीय समितिले सशस्त्र विद्रोह गर्ने निर्णय लिएको थियो, त्यसबारे रिडको वर्णन (हेर्नोस् प्रस्तुत

संस्करण, पृष्ठ ७४ र तत्सम्बन्धी टिप्पणी) ऐतिहासिक वस्तुस्थितिसँग मेल खाँदैन।

तैपनि पुस्तकका यी सम्पूर्ण कमी तथा विभिन्न गल्तीहरू लाक्षणिक होइनन् र तिनले महान् अक्टोबर समाजवादी क्रान्तिको यथार्थ वर्णन गरिए-को एक अति महत्त्वपूर्ण साहित्यिक कृतिको रूपमा जोन रिडको यस पुस्तकको मूल्याङ्कन गर्न कति पनि बाधा पुऱ्याउँदैनन्।

प्रस्तुत पुस्तकका लेखक लेनिन र बोल्शेभिक पार्टीका विचारहरूबाट अति प्रभावित हुनुहुन्थ्यो। यी विचारहरू विद्रोहका वैधानिक नेतृत्वदायी केन्द्रहरूको व्यावहारिक कार्यमा, विद्रोही जनताको वीरता, साहस र क्रा-न्तिकारी सृजनात्मकतामा प्रतिबिम्बित भएका थिए। यही त्यो कुरा थियो, जसले जोशिलो क्रान्तिकारी र प्रतिभाशाली लेखकको तीक्ष्ण दृष्टिलाई त्यो क्षमता प्रदान गऱ्यो, जसले आफ्नोसामुन्ने उद्घाटित घटनाक्रममा निहित सारतत्त्व आत्मसात् गर्न सक्यो र त्यसको गहन ऐतिहासिक अर्थ ग्रहण गर्न सक्यो। यही यस पुस्तकको प्रमुख विशेषता हो। लेनिनको शब्दमा "सर्व-हारा क्रान्ति तथा सर्वहारा अधिनायकवाद भनेको के हो भन्ने कुरा बुझ्न जुन घटनाहरू यति महत्त्वपूर्ण छन्, यस पुस्तकमा तिनको यथार्थ तथा सजीव चित्रण प्रस्तुत गरिएको छ।"

रसियामा सम्पन्न महान् अक्टोबर समाजवादी क्रान्तिसम्बन्धी महान् सत्य, जसप्रति जोन रिडको यो पुस्तक समर्पित छ अमेरिकी तथा अन्य साम्राज्यवादीहरूको लागि अप्रिय थियो र उनीहरूले रूसी मजदुरहरू, किसानहरू तथा सैनिकहरूको क्रान्तिकारी निर्भयता र साहसको सङ्क्रामक आदर्शबाट आफ्नो शोषणको पासोमा फँसेका जनताहरूको ध्यान हटाउन आफ्ना समाचारपत्रहरूमा बोल्शेभिकहरूको विरुद्ध अति घृणित मिथ्याप्रचार सुरु गरे। उनीहरूले जोन रिडले जम्मा गर्नुभएको सामग्री जफत गर्ने प्रयास गरे। उहाँको पुस्तकको पाण्डुलिपि चोर्ने र नष्ट पार्ने उद्देश्यले भरौटे गुण्डा-हरूद्वारा लगातार ६ पटक प्रकाशनगृहमा हमला गर्न लगाए।

परन्तु यी सम्पूर्ण विघ्नबाधाहरू तथा कठिनाइहरूको विपरीत जोन रिडको पुस्तक 'संसारलाई हल्लाइदिएका ती दस दिन' सन् १९१९ मा अमेरिकामा प्रकाशित भयो। यो विश्व साहित्यमा पहिलो कृति थियो, जसमा मानव इतिहासको एक नयाँ युग, सर्वहारा क्रान्तिको युगको सूत्रपात गर्ने रसियाको विजयी समाजवादी क्रान्तिबारे सम्पूर्ण मानवजातिको लागि यथार्थ सत्यको वर्णन गरिएको छ।

ए. विलिएम्स

जोन रिडको जीवनी

प्रशान्त महासागरको किनारमा रहेको पोर्टल्याण्ड शहर अमेरिकाको त्यो पहिलो शहर थियो, जहाँ मजदुरहरूले कोल्चाकको सेनाको लागि फौजी सामान ओसार्न सबैभन्दा पहिले अस्वीकार गरेका थिए। यसै शहरमा २२ अक्टोबर १८८७ को दिन जोन रिडको जन्म भएको थियो।

उहाँको पिता गठिलो शरीर र उदार हृदय भएको ती पुरोगामीहरूमध्ये एक हुनुहुन्थ्यो, जसबारे ज्याक लण्डनले पश्चिम अमेरिकासम्बन्धी आफ्ना कथाहरूमा वर्णन गर्नुभएको छ। उहाँ प्रखर बुद्धि भएको व्यक्ति हुनुहुन्थ्यो, जसलाई पाखण्ड र छलकपटप्रति घृणा थियो। प्रभावशाली तथा सम्पत्तिशाली मानिसहरूको पुर्पच्छे गर्नुको साटो उहाँले तिनीहरूको विरोध गर्नुभयो, र जब ठूलठूला कम्पनीहरूले राज्यको वनजङ्गल र प्राकृतिक सम्पदालाई आफ्नो जालमा फँसाउन खोजे, उहाँले तिनीहरूको विरुद्ध डटेर सङ्घर्ष गर्नुभयो। उहाँको खेदो खनियो, उहाँलाई मारपिट गरे र बारम्बार कामबाट निकालियो, तर उहाँले शत्रुको अगाडि कहिल्यै घुँडा टेक्नुभएन।

यस प्रकारले जोन रिडले आफ्नो पिताबाट एक उत्कृष्ट उत्तरदान पाउनुभयो—एक योद्धाको रगत, उत्कृष्ट मस्तिष्क तथा एक दृढ, साहसी आत्मा। कलिलो उमेरमै जोन रिडको प्रतिभा देखा पर्‍यो। हाई स्कूल पास गरेपछि उहाँ पढ्नको लागि हरवर्ड जानुभयो। हरवर्ड विश्वविद्यालय तेलाधीशहरू, कोइलापतिहरू र इस्पातसम्राट्हरूका छोराहरूको विश्वविद्यालय थियो। उनीहरूलाई थाहा थियो, जब चार वर्षपछि खेलकुद, आमोदप्रमोद र "भावशून्य विज्ञानको भावशून्य अध्ययन" पश्चात् उनीहरूका छोराहरू घर फर्कनेछन्, उनीहरू उग्र विचारको प्रभावबाट पूर्णतः मुक्त हुनेछन्। साँच्चै पनि अमेरिकाका हजारौँहजार नवयुवकहरूले कलेजहरू र विश्व-

विद्यालयहरूमा यस्तै प्रकारले विद्यमान व्यवस्थाका हिमायतीहरूको रूपमा–प्रतिक्रियावादका स्वेत गार्डहरूको रूपमा शिक्षादीक्षा पाउँदछन्।

जोन रिडले हरवर्डमा चार वर्ष बिताउनुभयो। उहाँको व्यक्तिगत प्रतिभा र ग्राकर्षक स्वभावले गर्दा विश्वविद्यालयमा सबै उहाँलाई माया गर्दथे। धनी तथा विशेषाधिकारसम्पन्न वर्गहरूका सन्तानहरूसँग उहाँको दैनिक सम्बन्ध थियो। उहाँले समाजशास्त्रका पण्डितहरूको शब्दाडम्बरपूर्ण भाषण सुन्नुभयो। उहाँले पुँजीवादका राजपुरोहितहरूको, ग्रर्थशास्त्रका प्राध्यापकहरूको उपदेशपूर्ण व्याख्यान सुन्नुभयो। ग्रनि यी सबै कुरापछि उहाँले धनीतन्त्रको त्यस गढमा एउटा समाजवादी क्लब खोल्नुभयो। गोबरदिमाग भएका मानिसहरूको लागि यो कडा थप्पड थियो। बूढापाकाहरूले चाहिँ यो त केटाकेटीको धुन मात्र हो भनेर ग्राफूलाई सान्त्वना दिन खोजे। "उसले कलेज छोडेर संसारमा प्रवेश गर्नासाथ यी चरमपन्थी विचारहरू सेलाउँदै जानेछन्", उनीहरू भन्दथे।

जोन रिडले ग्राफ्नो पढाइ समाप्त गर्नुभयो, डिग्री प्राप्त गर्नुभयो, विशाल संसारमा प्रवेश गर्नुभयो र तुरुन्तै त्यस संसारलाई मोहित पार्नुभयो। उहाँले त्यस संसारलाई ग्राफ्नो जोश, उत्साह र कलमले मोहित तुल्याउनुभयो। ग्रझ विद्यार्थी जीवनमा नै «Lampoon» ('व्यङ्ग्यलेख') नामक एउटा सानो पत्रिकाको सम्पादकको रूपमा रिडले उहाँ हास्यपूर्ण ललित शैलीमा कति पारङ्गत हुनुहुन्छ भन्ने कुरा देखाइसक्नुभएको थियो। ग्रब उहाँको कलमबाट कविताहरू, कथाहरू, नाटकहरूको धारा प्रवाहित भयो। प्रकाशकहरूका प्रस्तावहरूको बाढी लाग्यो, सचित्र पत्रिकाहरूले उहाँका रचनाहरूको लागि जति भने पनि पारिश्रमिक दिन तयार भए र ठूलठूला समाचारपत्रहरूले उहाँसँग ग्रन्तर्राष्ट्रिय गतिविधिको पर्यवेक्षण गर्ने ग्राग्रह गरे।

यस प्रकारले उहाँ संसारको राजमार्गमा पथिक बन्नुभयो। जो मान्छे संसारको समकालीन जीवनसँग परिचित रहन चाहन्थ्यो, उसको लागि जोन रिडका लेखहरूको ग्रध्ययन नै पर्याप्त थियो, किनभने हुरीचराजस्तै उहाँ सदा त्यसै ठाउँमा पुग्नुहुन्थ्यो, जहाँ कुनै महत्त्वपूर्ण घटना घट्थ्यो।

पिटरसनमा सुती मिलका मजदुरहरूको हडताल चर्केर त्यसले एक क्रान्तिकारी हुरीको रूप लिन पुग्यो। जोन रिड त्यो हुरीको भुमरीमा हाम फाल्नुभयो।

कोलोराडोमा रकफेलरका दासहरू ग्राफ्ना "प्वालहरूबाट" निस्के र

हतियारबन्द रक्षकहरूको लाठी र गोलीको मारको विपरीत त्यहाँ फर्कन अस्वीकार गरे। विद्रोहीहरूको समर्थन गर्दै जोन रिड त्यहाँ पुग्नुभयो।

मेक्सिकोका किसानहरूले विद्रोह गरे र पान्चो भिल्लाको नेतृत्वमा राजधानीतिर अगि बढे। घोडा चढेका जोन रिड उनीहरूसँग हुनुहुन्थ्यो।

उहाँको यस यात्राको विवरण «Metropolitan» ('महानगर') मा प्रकाशित भयो र पछि गएर 'क्रान्तिकारी मेक्सिको' नामक पुस्तकमा प्रकाशित भयो। जोन रिडले राता र गेरू रङ्गका पहाडहरू र "चारैतिरबाट ठूलठूला सिउँडी र स्पेनी काँढाहरूले घेरिएको" मरुभूमिको वर्णन गर्नुभयो। टाढा टाढासम्म फैलिएका मैदानहरूले र अझ बढी त जमिनदारहरू र क्याथोलिक चर्चद्वारा निर्मम रूपले शोषित जनताले उहाँलाई मुग्ध गरे। उहाँले लेख्नुभएको छ, पहाडी चौरहरूमा आफ्ना गाईवस्तु चराउने र राती धुनीको वरिपरि बसेर गीत गाउने यी मानिसहरू स्वतन्त्रता-सेनामा सामेल हुन उत्कण्ठित थिए। जुत्ता नलगाएका, झुत्रोझाम्रो लुगा लगाएका यी मानिसहरू भोक र जाडोको पर्वाह नगरी स्वतन्त्रताको लागि, जमिनको लागि बहादुरीसाथ लड्दै थिए।

साम्राज्यवादी युद्ध पनि आइपुग्यो र जोन रिड त्यहीं पुग्नुहुन्थ्यो जहाँ तोपको गडगडाहट सुनिन्थ्यो। उहाँ फ्रान्स, जर्मनी, इटाली, टर्की, बल्कान प्रदेश र रसियासम्म पनि पुग्नुभयो। जारका अफिसरहरूको गद्दारीको भण्डाफोर गरेबापत र त्यस्ता तथ्यहरू सङ्कलन गरेबापत जसबाट यहुदीहरूको पाग्रोम (कत्लेआम) मा यी अफिसरहरूको हात थियो भन्ने कुरा प्रमाणित हुन्थ्यो, पुलिसले उहाँलाई र विख्यात कलाकार बोर्डम्यान रबिनसनलाई जेलमा थुने। तर आफ्नो तीक्ष्ण बुद्धि, चलाकी र संयोगले गर्दा सधैंजस्तो यस पटक पनि उहाँले जेलबाट छुटकारा पाउनुभयो, अनि हाँस्दै मुस्कुराउँदै उहाँ फेरि आफ्नो नयाँ साहसिलो अभियानमा लाग्नुभयो।

कुनै पनि खतराले उहाँलाई रोक्न सक्दैनथ्यो। खतराको स्थिति उहाँको लागि स्वाभाविक कुरा थियो। उहाँ सधैं कुनै न कुनै किसिमले निषिद्ध क्षेत्र अथवा मोर्चाको खाडलमा पुग्नुहुन्थ्यो।

सेप्टेम्बर १९१७ मा जोन रिड र बोरिस रेइनश्तेइनसँग रिगाको मोर्चामा गरेको आफ्नो यात्रा मैले बिर्सेको छैन। हाम्रो मोटर दक्षिणतिर, वेन्देन जाने बाटोमा गुड्दै थियो, अकस्मात् जर्मन तोपखानाले एउटा सानो गाउँमाथि गोलाबारी सुरु गर्‍यो। एक्कासि त्यो गाउँ जोन रिडको दृष्टिमा संसारको सबैभन्दा आकर्षक स्थानमा परिणत भयो! उहाँले हामीलाई

त्यता लाग्ने आग्रह गर्नुभयो। हामी सावधानीसाथ बिस्तारै कमिलाको चालले त्यतातिर लाग्यौं। अकस्मात् हाम्रो पछाडि एउटा ठूलो गोला खस्यो र सडकको त्यस भागबाट, जुन हामीले भर्खरै मात्र पार गरेका थियौं, कालो धुवाँ र धूलोको फोहरा छुट्यो।

हामी डरले थरथर काँप्दै एक अर्कासँग टाँस्सियौं, तर एक छिनपछि जोन रिडको अनुहार खुसीले चम्क्यो, मानौं भर्खरै मात्र उहाँको कुनै आन्तरिक इच्छा पूरा भएको थियो।

यस प्रकारले उहाँ संसारको एक कुनाबाट अर्को कुनासम्म पुग्नुभयो। उहाँले एक आश्चर्यजनक घटनापछि अर्को घटना पार गर्दै सबै मुलुकहरू र मोर्चाहरूको भ्रमण गर्नुभयो। तर उहाँ आफ्नो ज्यान खतरामा पार्ने कुनै मामुली मान्छे हुनुहुन्नथ्यो, न त कुनै पर्यटक पत्रकार अथवा मार्ग दर्शक हुनुहुन्थ्यो, जसले जनताका कठिनाइहरूलाई भावशून्य दृष्टिले हेर्दछ। न्याय तथा औचित्यको भावनाले परिपूर्ण उहाँको हृदय यी उथलपुथल, हिलोमैलो र रक्तपातले गर्दा छियाछिया परेको थियो। उहाँ धैर्यपूर्वक यी सबै दुष्कृतिहरूको जरासम्म पुग्ने प्रयास गर्नुहुन्थ्यो र तिनलाई नष्ट पार्न खोज्नुहुन्थ्यो।

उहाँ आफ्ना यात्राहरूबाट न्यूयोर्क आराम गर्नको लागि फर्कन हुन्नथ्यो। उहाँ फेरि नयाँ काम र नयाँ आन्दोलन सुरु गर्नुहुन्थ्यो।

मेक्सिकोबाट फर्केपछि उहाँले घोषणा गर्नुभयो, "हो मेक्सिकोमा विद्रोह चल्दै छ, उथलपुथल मच्चिएको छ, तर यसको लागि किसानहरू जवाफदेही छैनन्, यसको लागि ती मानिसहरू जिम्मेदार छन्, जसले रूपियाँको थैली र गोलाबारुद पठाएर झगडा चर्काएका छन्, अर्थात् यसको लागि अमेरिका र ब्रिटेनका प्रतिद्वन्द्वी पेट्रोल कम्पनीहरू छन्"।

पिटरसनबाट फर्केर उहाँले मैडिसन स्क्वायर उद्यानको हलमा 'पुँजीको विरुद्ध पिटरसनका सर्वहाराहरूको युद्ध' नामक एक भव्य नाटकको सङ्गठन गर्नुभयो।

कोलोराडोबाट फर्केर उहाँले लुडलो हत्याकाण्डको वर्णन गर्नुभयो, जसको विभीषिकाले लेना खानीमा भएको गोलाबारीलाई पनि मात गरिदिएको थियो। उहाँले कसरी खानी मजदुरहरूलाई गलहत्याउँदै आआफ्नो घरबाट बाहिर निकाले, कसरी उनीहरूलाई पालमा बस्न बाध्य गराइयो, कसरी ती पालहरूमा पेट्रोल छर्केर आगो लगाइयो, कसरी सिपाहीहरूले भागिरहेका मजदुरहरूलाई आफ्नो बन्दुकको निशाना बनाए र कसरी कैयौं स्त्री-

हरू र केटाकेटीहरू आगोको लपेटामा भष्म भए भन्ने कुराको वर्णन गर्नुभयो। करोडपतिहरूको अगुवा रकफेलरलाई सम्बोधन गर्दै उहाँले भन्नुभयो, "यी खानीहरू तपाईंकै हुन्, यी भाडाका हत्याराहरू पनि तपाईंकै हुन्! तपाईं हत्यारा हुनुहुन्छ!"

लडाइँको मैदानबाट फर्केपछि उहाँ यस अथवा त्यस युद्धरत देशको अत्याचारबारे खालि बकवाद मात्रै गर्नुहुन्नथ्यो, बरु घोर पाशविकताको रूपमा, प्रतिद्वन्द्वी साम्राज्यवादी शक्तिहरूद्वारा आयोजित रक्तपातको रूपमा स्वयम् युद्धकै भर्त्सना गर्नुहुन्थ्यो। उग्रपन्थी क्रान्तिकारी पत्रिका «Liberator» ('मुक्तिदाता') मा, जसलाई उहाँ आफ्ना उत्कृष्टतम रचनाहरू सित्तैमा दिने गर्नुहुन्थ्यो, उहाँले "सिपाहीको वर्दी लगाएका आफ्ना छोराहरूको हात बाँध्नोस्!" भन्ने नारा दिँदै एउटा प्रचण्ड प्रतिसाम्राज्यवादी लेख छपाउनुभयो। उहाँमाथि र अन्य सम्पादकहरूमाथि न्यूयोर्कको एउटा अदालतमा राजद्रोहको अभियोग लगाइयो। सरकारी वकिल देशभक्तिपूर्ण विचार भएको जुरीबाट उनीहरूलाई दोषी ठहऱ्याउने फैसला पाउन चाहन्थे। उनले कहाँसम्म गरे भने अदालतमा मुद्दा चलिरहेको बेला राष्ट्रिय गीतको धुन बजाउन अदालत भवनबाहिर एउटा ब्याण्ड टोली राखिदिएका थिए! यी सबै कुरा हुँदाहुँदै पनि रिड र उहाँका साथीहरूले आफ्नो आस्था छोडेनन्। जब रिडले साहसपूर्वक भन्नुभयो, म क्रान्तिकारी झण्डामुनि सामाजिक क्रान्तिको लागि काम गर्नु आफ्नो कर्तव्य ठान्दछु, सरकारी वकिलले उहाँलाई सोधे,

"के तपाईं यस युद्धमा अमेरिकी झण्डामुनि लड्न चाहनुहुन्छ?"

"अहँ, म लड्न चाहन्न!" रिडले जवाफ दिनुभयो।

"किन र?"

यस प्रश्नको उत्तर दिँदै रिडले एउटा ओजस्वी भाषण गर्नुभयो, जुन भाषणमा उहाँले आफूले मोर्चामा देखेका विभीषिकाहरूको वर्णन गर्नुभयो। यो वर्णन कति यथार्थ, सजीव तथा मर्मस्पर्शी थियो भने पूर्वाग्रहग्रस्त मध्यमवर्गीय जुरीका केही सदस्यहरूसमेत भावविह्वल भएर रोए र सम्पादकहरूले रिहाइ पाए।

जुन बेला अमेरिकाले युद्धमा प्रवेश गऱ्यो, त्यसैताका रिडलाई अपरेशन गर्नुपऱ्यो र उहाँको एउटा मिर्गौलो काटियो। डाक्टरहरूले उहाँलाई सैनिक सेवाको लागि अनुपयुक्त ठहऱ्याए।

"मिर्गौलोको अपरेशनले गर्दा म राष्ट्रहरूबीचको युद्धबाट छुटकारा

पाउन सकुँला तर वर्गयुद्धमा भाग लिने अधिकारबाट बिदा पाउन सक्दिन," उहाँले भन्नुभयो।

सन् १९१७ को गृष्ममा रिड हतारिँदै रसिया आइपुग्नुभयो। यहाँ रिडले प्रथम क्रान्तिकारी मुठभेटमा भावी महान् वर्गयुद्धको भेउ पाइसक्नुभएको थियो।

उहाँले तुरुन्तै परिस्थितिको मूल्याङ्कन गर्नुभयो र सर्वहारावर्गद्वारा सत्ताग्रहण युक्तिसङ्गत तथा अनिवार्य छ भन्ने कुरा बुझ्नुभयो। परन्तु क्रान्तिको थालनीमा भएको ढिलाइ र क्रान्ति फेरिफेरि पछि सरेको देखेर उहाँ चिन्तित हुनुभयो। प्रत्येक दिन बिहान उठ्दा क्रान्ति सुरु नभएको देखेर उहाँलाई दिक्क लाग्थ्यो। अन्ततोगत्वा स्मोल्नीले सङ्केत दियो र जनता क्रान्तिकारी सङ्घर्षको लागि अगि बढ्यो। स्वभावत: जोन रिड पनि उनीहरूसँगसँगै लाग्नुभयो। उहाँ सर्वत्र देखिनुहुन्थ्यो—पूर्वसंसद भङ्ग गरियोस् अथवा बैरिकेड बनाइयोस्, गुप्तबासबाट निस्कनुभएको लेनिन र जिनोभ्येभको स्वागत गरियोस् अथवा शिशिर प्रासादको पतन होस्—सबै ठाउँमा रिडलाई भेट्टाउन सकिन्थ्यो।

तर यी सबै घटनाहरूको त उहाँले आफ्नो पुस्तकमा वर्णन गर्नुभएकै छ।

एक ठाउँबाट अर्को ठाउँमा जाँदा, जहाँ सामग्री भेट्टाइन्छ उहाँ टिपिहाल्नुहुन्थ्यो। उहाँले 'प्राभदा' र 'इज्भेस्त्यिया' का पूरै फाइलाहरू, सबै घोषणापत्रहरू, पर्चाहरू, विज्ञप्तिहरू जम्मा गर्नुभयो। पर्चाहरूको पछाडि त उहाँ पागलजस्तै लाग्नुहुन्थ्यो। जब कुनै नयाँ पर्चा निस्कन्थ्यो र त्यो पर्चा पाउने अरू कुनै तरिका हुँदैनथ्यो उहाँ विनाकुनै हिचकिचाहट त्यो पर्चा भित्ताबाट निकाल्नुहुन्थ्यो।

त्यस बेला पर्चाहरू कति छिटो र कति धेरै निस्कन्थे भने तिनको लागि भित्ता र पर्खालहरूमा ठाउँ बाँकी रहँदैनथ्यो। कादेतहरू, समाजवादी-क्रान्तिकारीहरू, मेन्शेभिकहरू, वामपन्थी समाजवादी-क्रान्तिकारीहरू र बोल्शेभिकहरूका पर्चाहरू कसरी एकमाथि अर्को टाँसिन्थे भने पर्चाहरूको पूरै तह बन्थ्यो। एक दिन रिडले एकमाथि अर्को टाँसिएका १६ वटा पर्चाहरूको पूरै ढिक्को पर्खालबाट च्यात्नुभयो र दौड्दै मेरो कोठामा आएर कागतको यो गऱ्हौं पोको हुत्याउँदै भन्नुभयो, "हेर्नोस्, मैले एकै झोक्कामा सम्पूर्ण क्रान्ति र प्रतिक्रान्तिलाई बटुलें!"

यसरी विभिन्न तरिकाले उहाँले एउटा पूरै ठूलो सङ्ग्रह जम्मा गर्नु-

भयो, जुन कति शानदार थियो भने सन् १९१८ पश्चात् उहाँ न्यूयोर्क बन्दरगाहमा ओर्लंदा अमेरिकी एटर्नी जर्नेलका जासुसहरूले त्यो पोको जफत गरे। तर उहाँले कुनै तरिकाले त्यो पोको फेरि आफ्नो कब्जामा पार्नुभयो र न्यूयोर्कको आफ्नो कोठामा लुकाएर राख्नुभयो, जहाँ जमिनमुनि र जमिनमाथि, टाउको माथि र खुट्टामुनि गुडिरहेका ट्रेनहरूको गड-गडाहटबीच उहाँले आफ्नो पुस्तक 'संसारलाई हल्लाइदिएका ती दस दिन' लेख्नुभयो।

स्वभावत: अमेरिकी फासीवादीहरू यो पुस्तक सर्वसाधारण जनताको हातमा परेको देख्न चाहँदैनथे। पुस्तकको पाण्डुलिपि चोर्ने उद्देश्यले उनी-हरूले छ पटक प्रकाशन गृहमा हमला गरे। आफ्नो प्रकाशकलाई आफ्नो फोटो उपहार दिँदा जोन रिडले फोटोमा निम्न शब्द लेख्नुभएको थियो, "मेरो प्रकाशक होरेस लिभरराइटलाई, यस पुस्तकको प्रकाशन गर्दा जसको झण्डै टाट उल्टिएको थियो"।

यो पुस्तक रसियामा घटेका यथार्थ घटनाहरूको प्रचार गर्ने उहाँको साहित्यिक प्रयासको एक मात्र परिणाम थिएन। स्वभावत: बुर्जुवावर्गलाई यस सत्यप्रति कुनै पनि प्रकारको रूचि थिएन। रूसी क्रान्तिप्रति घृणा गर्ने र रूसी क्रान्ति देखेर थर्कमान भएको बुर्जुवावर्गले यस क्रान्तिलाई मिथ्याको भेलमा बगाउन खोज्यो। राजनीतिक मञ्चहरूबाट, सिनेमाहलका पर्दाहरूबाट, पत्रपत्रिकाहरूका कालमहरूबाट घृणित बदख्वाइँको कुत्सित धारा बग्दै थियो। यी तिनै पत्रिकाहरू थिए, जसले कुनै बेला रिडलाई आफ्ना लेखहरू दिन अनुनयविनय गरेका थिए। अब उनीहरू उहाँको एक हरफ पनि छाप्न चाहँदैनथे। तर उनीहरू उहाँको मुख थुन्न असमर्थ थिए। उहाँले असङ्ख्य जनसभाहरूमा भाषण गर्नुभयो।

उहाँले आफ्नै पत्रिका निकाल्नुभयो। उहाँ वामपन्थी समाजवादी पत्रिका 'क्रान्तिकारी युग' र पछि गएर 'कम्युनिस्ट' को सम्पादक बन्नु-भयो। उहाँले «Liberator» पत्रिकाको लागि एकपछि अर्को लेख लेख्नु-भयो; विभिन्न सम्मेलनहरूमा भाग लिँदै, आफ्ना वरिपरिका मानिस-हरूलाई अनेकन तथ्यहरूसँग परिचित गराउँदै, आफ्नो स्फूर्ति र क्रान्तिकारी उत्साहद्वारा मानिसहरूलाई अनुप्राणित गर्दै उहाँले अमेरिकाको एक छेउबाट अर्को छेउसम्म भ्रमण गर्नुभयो र अन्त्यमा, फेरि यो निकै महत्त्वपूर्ण कुरा हो, उहाँले अमेरिकी पुँजीवादको गढमा कम्युनिस्ट लेबर पार्टी गठन गर्नु-

भयो, त्यस्तै किसिमले, जसरी उहाँले हरवर्ड विश्वविद्यालयको केन्द्रमा समाजवादी क्लबको स्थापना गर्नुभएको थियो।

जस्तो प्रायशः हुने गर्दछ, "पण्डितहरू" भ्रममा परेका थिए। जोन रिडको उग्रवाद कुनै त्यस्तो धुन थिएन, जुन समयको साथसाथै बिलाउँदै जान्छ। पण्डितहरूको भविष्यवाणीको विपरीत बाह्य संसारसँगको सम्पर्कले रिडको "उद्धार" गर्न सकेन। यस सम्पर्कले त उहाँका उग्र विचारहरूलाई अझ उग्र तुल्याइदिए। यी विचारहरू कति गहन तथा प्रबल थिए भन्ने कुरा जोन रिडद्वारा सम्पादित नयाँ कम्युनिस्ट मुखपत्र 'मजदुर आवाज' पढ्दा थाहा पाइन्छ। अब अमेरिकी पुंजीवादीहरूले बुझे, उनीहरूको मुलुकमा अन्ततोगत्वा एक वास्तविक क्रान्तिकारीको जन्म भएको छ। अब उनीहरूलाई "क्रान्तिकारी" शब्दले मात्रै पनि भयभीत तुल्याउँथ्यो। सत्य हो, परापूर्वकालमा अमेरिकामा क्रान्तिकारीहरू थिए र अहिले पनि त्यहाँ 'अमेरिकी क्रान्तिका वीरबालाहरू' र 'अमेरिकी क्रान्तिका सुपुत्रहरू' जस्ता प्रतिष्ठित सामाजिक संस्थाहरू छन्, जसद्वारा प्रतिक्रियावादी बुर्जुवावर्ग सन् १७७६ को क्रान्तिप्रति आफ्नो श्रद्धाञ्जली अर्पण गर्दछन्। परन्तु ती क्रान्तिकारीहरूले त कुन जमानामा अर्को संसारमा प्रवेश गरिसके, तर जोन रिड त जीवित क्रान्तिकारी हुनुहुन्थ्यो, असाधारण रूपले जीवित, उहाँ एक चुनौती हुनुहुन्थ्यो, बुर्जुवावर्गको लागि साक्षात् यमराज!

अब उनीहरूको लागि एउटै बाटो थियो—रिडलाई जसरी भए पनि थुनेर राख्नु पर्थ्यो। उहाँ गिरफ्तार हुनुभयो—एक पटक होइन, दुई पटक होइन, बीस पटक। फिलाडेल्फियामा पुलिसले सभा-भवनमा नै ताल्चा मारिदियो र उहाँलाई बोल्न दिएनन्। तर उहाँ बाहिर राखिएको एउटा साबुनको बाकसमा चढ्नुभयो र सडकमा भेला भएको विशाल भीडको सामुन्ने भाषण गर्नुभयो। यो सभा कति सफल ठहरियो, कति धेरै मानिसहरूले उहाँप्रति सहानुभूति देखाए भने, जब "शान्ति सुरक्षा भङ्ग" गरेको आरोप लगाएर रिडलाई गिरफ्तार गरियो, जुरीले उहाँलाई अपराधी घोषित गर्न अस्वीकार गऱ्यो। अमेरिकामा कुनै त्यस्तो शहर छैन, जहाँ जोन रिडलाई कम्तीमा पनि एक पटक गिरफ्तार नगरी शान्तिको सास फेरेका होलान्। तर उहाँ सधैँ कुनै न कुनै किसिमले, धरौटी राखेर होस् अथवा मुद्दा पछि सार्न लगाएर होस्, जेलबाट निस्किहाल्नुहुन्थ्यो र तुरुन्तै कुनै नयाँ युद्धक्षेत्रमा हाम फाल्नुहुन्थ्यो।

पश्चिमी देशका बुर्जुवावर्गलाई आफ्ना सबै आपदविपद र असफलताको

दोष रूसी क्रान्तिमाथि थोपर्ने बानी परिसकेको छ। त्यस क्रान्तिको एउटा सबैभन्दा ठूलो अपराध के थियो भने त्यसले एक प्रतिभाशाली अमेरिकी युवकलाई कट्टर र जोशिलो क्रान्तिकारी बनाइदिएको थियो। बुर्जुवावर्गको सोचाइ यही छ। तर वास्तवमा कुरा यस्तो होइन।

जोन रिडलाई रसियाले क्रान्तिकारी बनाएको होइन। जन्मदेखि नै उहाँको नसानसामा अमेरिकी क्रान्तिकारी रगत प्रवाहित थियो। हुन त अमेरिकीहरूलाई सदा एक फस्टाएको, आफैंसँग मोहित, प्रतिक्रियावादी राष्ट्रको रूपमा चित्रण गरिन्छ, तथापि क्रोध र विद्रोहको भावना उनीहरूको नसानसामा व्याप्त छ। अतीतका महान् विद्रोहीहरूलाई एक पटक सम्झेर हेर्नोस्—थोमस पेन, वाल्ट ह्विटमैन, जोन ब्राउन र पार्सन्स। अनि बिल हेउड, रबर्ट माइनर, रूटेनबर्ग र फस्टरजस्ता जोन रिडका समकालिक मित्रहरू तथा सहयोगीहरूलाई सम्झेर हेर्नोस्। होमस्टेड, पालमैन र लोरेन्समा भएका रक्तपातमय औद्योगिक सङ्घर्षहरू र 'विश्वका औद्योगिक मजदुरहरू' को सङ्घर्ष सम्झेर हेर्नोस् त! यी सबै नेताहरू र जनसाधारण जन्मजात अमेरिकी थिए। आज, हुन सक्छ, यो कुरा त्यति प्रत्यक्ष रूपमा नदेखिएला, तर अमेरिकीहरूको रगतमा विद्रोहको गाढा मिसावट छ भन्ने कुरा साँचो हो।

फलतः रसियाले जोन रिडलाई क्रान्तिकारी बनायो भन्न सकिँदैन। तर रसियाले उहाँलाई **वैज्ञानिक तरिकाले सोचविचार गर्ने सुसङ्गत** क्रान्तिकारीचाहिँ अवश्य बनाएको हो। यो रसियाको महान् देन हो। रसियाले उहाँलाई आफ्नो टेबुल मार्क्स, एङ्गेल्स र लेनिनका कृतिहरूले भर्न बाध्य तुल्यायो। रसियाले उहाँलाई ऐतिहासिक प्रक्रिया र घटनाक्रम बुझ्ने क्षमता प्रदान गऱ्यो। रसियाले उहाँलाई आफ्ना किञ्चित अस्पष्ट मानवतावादी विचारहरूको स्थानमा अर्थशास्त्रका निर्मम, कठोर सत्य ग्रहण गर्न बाध्य तुल्यायो। रसियाले उहाँलाई अमेरिकी मजदुर आन्दोलनको शिक्षक बन्ने र त्यस आन्दोलनको लागि त्यही वैज्ञानिक आधार प्रस्तुत गर्न प्रयास गर्ने प्रेरणा दियो, जुन उहाँले आफ्नो आस्थाको लागि स्वीकार गर्नुभएको थियो।

उहाँका साथीहरू भन्ने गर्दथे, "जोन, राजनीति तिम्रो कार्यक्षेत्र होइन, तिमी कलाकार हौ, प्रचारक होइनौ। तिमीले आफ्नो प्रतिभा सृजनात्मक साहित्यिक कृतिमा लगाउनुपर्छ!" उहाँ यस भनाइको सत्यता प्रायशः अनुभव गर्नुहुन्थ्यो, किनभने उहाँको मस्तिष्क सदा नयाँ नयाँ कवि-

ताहरू, उपन्यासहरू र नाटकहरूको विचारले परिपूर्ण हुन्थ्यो र ती कृतिहरू अभिव्यक्ति पाउनको लागि छटपटाउँथे, निश्चित रूप पाउनको लागि आग्रह गर्थे। जब उहाँका साथीहरू उहाँसँग क्रान्तिकारी प्रचार कार्य छोडेर आफ्नो मेचमा डटेर बस्ने अनुरोध गर्थे, उहाँ मुस्कुराउँदै भन्नुहुन्थ्यो, "ठीक छ, यसै गर्नु पर्ला!"

तर उहाँले आफ्नो क्रान्तिकारी कार्य कहिल्यै रोक्नुभएन; उहाँ यसो गर्नै सक्नुहुन्नथ्यो! रूसी क्रान्तिले उहाँको हृदयमाथि पूर्ण विजय प्राप्त गरिसकेको थियो। त्यस क्रान्तिले उहाँमा दृढता ल्याएको थियो र उहाँको ढुनमुनाइरहेको अराजकतावादी भावनामा कठोर साम्यवादी अनुशासनको अङ्कुसे लगाइदिएको थियो। त्यस क्रान्तिले उहाँलाई आफ्नो अग्रदूतको रूपमा एक ज्वलन्त सन्देश दिएर अमेरिकाका शहर शहर घुम्न प्रेरित गरेको थियो। सन् १९१९ मा क्रान्तिको आह्वानमा उहाँ संयुक्त राज्य अमेरिकाका दुइटा कम्युनिस्ट पार्टीहरूलाई एउटैमा मिलाउने प्रयासको सिलसिलामा कम्युनिस्ट इन्टर्नेशनलसँग मिलेर काम गर्न मास्को आइपुग्नुभयो।

कम्युनिस्ट सिद्धान्तका नयाँ तथ्यहरूद्वारा सजिसजाउ भएर उहाँ फेरि गुप्त रूपले न्यूयोर्कतिर रवाना हुनुभयो। एक जना जहाजीले धोका दियो र उहाँको भेद खोलिदियो; उहाँलाई जहाजबाट ओरालियो र फिनल्याण्डको एउटा जेलमा एकान्त कारावासमा राखियो। त्यहाँबाट उहाँ फेरि रसिया फर्कनुभयो, 'कम्युनिस्ट इन्टर्नेशनल' को लागि लेखहरू लेख्नुभयो र एक नयाँ पुस्तकको लागि सामग्रीहरू बटुल्न थाल्नुभयो। उहाँले बाकुमा भएको पूर्वेली जनताहरूको महाधिवेशनमा एक प्रतिनिधिको हैसियतले भाग लिनुभयो। उहाँलाई टाइफाइडको जरो सऱ्यो (सम्भवतः ककेशियामा); अत्यधिक परिश्रमले उहाँको शरीर पहिले नै गलिसकेको थियो। फलतः उहाँ यस रोगको शिकार बन्नुभयो र आइतवार, १७ अक्टोबर १९२० को दिन उहाँको देहावसान भयो।

जोन रिडजस्तै अरू मानिसहरू पनि थिए, जसले अमेरिका र युरोपमा प्रतिक्रान्तिकारी मोर्चाको त्यत्तिकै वीरतापूर्वक सामना गरे, जसरी सोभियत सङ्घमा लाल सेनाले प्रतिक्रान्तिको विरुद्ध सङ्घर्ष गरेको थियो। उनीहरूमध्ये कतिपय सङ्गठित हत्याकाण्डमा मारिए भने कतिलाई जेलभित्र थुनेर सधैँको लागि मुखमा बुजो लगाइयो। एक जना फ्रान्स फर्कँदा श्वेत सागरमा डुबेर परेर मरे। एक जना अर्को क्रान्तिकारी सान-फ्रान्सिस्कोमा

शहीद भए; जुन हवाइजहाजबाट उनी हस्तक्षेपको विरोध गरिएको पर्चा छर्दै थिए, त्यसैबाट स्वयम् खसे। साम्राज्यवादले क्रान्तिमाथि प्रचण्ड आक्रमण गर्‍यो, परन्तु यी योद्धाहरू नभइदिएका भए त्यो आक्रमण अझ प्रचण्ड हुनसक्थ्यो होला। प्रतिक्रान्तिको दबाउ शिथिल पार्ने काममा उनीहरूले पनि योगदान दिएका थिए। रूसी क्रान्तिलाई रूसीहरू, उक्राइनीहरू, तातारहरू र ककेशियालीहरूले मात्र मदत गरेका होइनन्; कमै किन नहोस्, तर फ्रेन्च, जर्मन, अङ्ग्रेज र अमेरिकीहरूले पनि यस क्रान्तिलाई सहारा दिएका थिए। यी "गैररूसी विभूतिहरू" मा जोन रिडको नाम सधैं अग्र पङ्क्तिमा रहनेछ, किनभने उहाँ एक असाधारण प्रतिभाशाली व्यक्ति हुनुहुन्थ्यो, जो पूर्ण जवानी अवस्थामा कालको शिकार बन्नुभयो।

जब हेल्सिङफोर्स र रेभेलबाट उहाँको मृत्युको समाचार हामीले पायौं, हामी यो तिनै मिथ्या प्रचारहरूमध्येको एउटा मिथ्या प्रचार हो, जुन प्रतिदिन प्रतिक्रान्तिकारीहरूको मिथ्या प्रचारको कारखानामा गढिन्छ, भन्ने कुरामा विश्वस्त थियौं। परन्तु जब लुइज ब्रैयान्टले यस शोकपूर्ण समाचारको पुष्टि गर्नुभयो, तब हामीले यस समाचारको खण्डनको आशा त्याग्यौं, यद्यपि हाम्रो लागि यो कुरा अति कष्टप्रद थियो।

जोन रिडको देहावसान हुँदा उहाँ निर्वासित हुनुहुन्थ्यो र पाँच वर्ष कैद सजाय उहाँको टाउकोमाथि झुण्डिएको थियो, फेरि पनि बुर्जुवा अखबारहरूले समेत एक कलाकार एवम् मानवको रूपमा उहाँप्रति श्रद्धाञ्जली अर्पण गरे। पुंजीजीवीहरूले चैनको सास फेरे—जोन रिड, जो उनीहरूको मिथ्या आचरणको भण्डाफोर गर्न यति खप्पिस हुनुहुन्थ्यो र जसले आफ्नो कलमद्वारा उनीहरूको यति निर्मम आलोचना गर्नुभएको थियो, अब जीवित हुनुहुन्न।

अमेरिकाको क्रान्तिकारी जगत्लाई अपूरणीय क्षति भएको छ। उहाँको मृत्युले गर्दा हामीले अभावको जुन भावना अनुभव गरेका छौं, अमेरिकाबाहिर बस्ने हाम्रा कमरेडहरूले शायद नै त्यसको अन्दाज लगाउन सक्नुहोला। यो मृत्यु रूसीहरूको दृष्टिले एक स्वाभाविक बलिदान हो, किनभने यदि कसैले आफ्नो जीवन अर्पण गर्दछ भने उनीहरू यो कुरा स्वाभाविक ठान्दछन्। यहाँ भावनाको लागि कुनै स्थान छैन। सोभियत रसियामा हजारौंहजार मानिसहरूले समाजवादको लागि आफ्नो जीवन अर्पण गरेका छन्। परन्तु अमेरिकामा अपेक्षाकृत कम बलिदान भएको छ। यदि चाहनुहुन्छ भने तपाईं भन्न सक्नुहुन्छ, जोन रिड कम्युनिस्ट क्रान्तिका शहीद

हुनुहुन्थ्यो, पछि आउने हजारौं हजार शहीदहरूका पूर्वगामी। सुदूर नाकाबन्द रसियामा उल्कासमान जीवनको आकस्मिक अन्त्य अमेरिकी कम्युनिस्टहरूको लागि कठोर आघात हो।

उहाँका पुराना मित्रहरू तथा कमरेडहरूको लागि सान्त्वना दिने एउटै कुरा छ। यो के हो भने जोन रिडको लास त्यसै ठाउँमा गाडिएको छ, जुन ठाउँ उहाँको लागि संसारमा सबैभन्दा प्यारो थियो – यो ठाउँ हो क्रेमलिन पर्खाल अगाडिको मैदान।

उहाँको चरित्रअनुरूप नै उहाँको समाधिमा खस्रो ग्रेनाइटको स्मारक खडा गरिएको छ, जसमा लेखिएको छ–

"जोन रिड, तृतीय इन्टर्नेशनलका प्रतिनिधि, १९२०"

पाठकहरूमा अनुरोध

यस पुस्तकको सजावट र अनुवादसम्बन्धी आफ्ना मन्तव्य र सुझावहरू तलको ठेगानामा पठाउने अनुरोध गर्दछौं –

जुबोव्स्की बुल्भार, १७,
मास्को, सोभियत सङ्घ